


# नयाँ परित्राण निश्चय

(रित्राणको शब्दार्थ, भावार्थ, अभिप्राय तथा व्याख्या समेत)

भाग २

Downloaded from http://www.dhamma.digital

# निर्वाण कामना



स्व. विष्णुमाया बासी (कवां)

जात : २००७ भाद्र २ गते

मृत : २०७१ पौष ६ गते

Downloaded from http://www.dhamma.digital

# नयाँ परित्राण निश्रय

(परित्राणकों शब्दार्थ, भावार्थ, अभिप्राय तथा व्याख्या समेत)

भाग २

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

नयाँ परित्राण निश्चय
(परित्राणको शब्दार्थ, भावार्थ, अभिप्राय तथा व्याख्या समेत)
भाग २
परियत्तिसासनहितधम्माचरिय
सासनधज-सिरीपवर-धम्माचरिय सिरोमणि
अग्गमहापण्डित आयुष्मान वासेट्ठाभिवंस महास्थविर प्रतिपादित;
बर्मेली भाषाको ग्रन्थ
भिक्षु ज्ञानपूर्णिक महास्थविर (धम्माचरिय) द्वारा नेपालभाषामा अनुदित;
नेपालभाषाबाट
श्रीमती विद्यालक्ष्मी शाक्यद्वारा नेपालीमा अनुदित;
भिक्षु विपस्सी महास्थविरद्वारा संशोधित तथा सम्पादित;
मुनि विहार बौद्ध परियत्ति शिक्षा केन्द्रको
स्वर्ण जयन्ती (अर्धशतवार्षिकी) को उपलक्ष्यमा
मुनि विहार व्यवस्थापन समितिद्वारा प्रकाशित तथा वितरित ।
वि. स. २०७४

संस्करण : प्रथम २,००० प्रति

सर्वाधिकार प्रकाशकमा निहित

दक्षिणा : रु. ३००.०० (अन्य प्रकाशनार्थ सहयोग)

ISBN :978-9937-0-3577-4

मुद्रक : सिद्धि गणेश अफसेट प्रेस
चोर्चा, भक्तपुर-७



Downloaded from http://www.dhamma.digital

**Nayan Paritrana Nishraya**

(A Guide-Book to 12 Pali Protective Discourses)

Part 2

Originally written in Myanmar language by
Venerable Bhikshu Vasetthabhivamsa of Myanmar;
Translated into Nepal Bhasa by
Venerable Bhikshu Nyanapunnika Mahasthavira (Dhammacariya);
Translated into Nepali by
Mrs. Bidyalakshmi Shakya "Kovid";
Corrected and Edited by
Venerable Bhikshu Vipassi Mahasthavira;

Published by
Muni Vihara Management Committee
On Golden Jubilee of
Muni Vihara Buddhist Pariyatti Education Centre

First Edition: 2,000 Copies

All rights are reserved by the publisher.

Price : Rs. 300.00 (Help for puplications)

ISBN : 978-9937-0-3577-4

Printed by : Siddhi Ganesh Offset Press
Chorcha, Bhaktapur-7, Nepal.



Downloaded from http://www.dhamma.digital



# विषय सूची

## रतन सुत्त नयाँ निश्रय पादक्रम


| क.सं. | पृष्ठ |
| --- | --- |
| २५. पणिधानतो पट्ठाय | ११ |
| २६. कोटीसत सहस्सेसु | १२ |
| २७. रोगा'मनुस्स दुब्भिक्ख | १२ |
| २८. यानीध भूतानि समागतानि | २४ |
| २९. तस्मा हि भूता निसामेथ सब्बे | २८ |
| ३०. यं किञ्चि वित्तं इध वा हुरं वा | ३४ |
| ३१. खयं विरागं अमतं पणीतं | ४६ |




Downloaded from http://www.dhamma.digital

३२. यं बुद्धसेट्ठो परिवण्णयी सुचिं ५६
३३. ये पुग्गला अट्ठसतं पसत्था ६३
३४. ये सुप्पयुत्ता मनसा दल्हेन ७६
३५. यथिन्दखीलो पथविस्सितो सिया ८६
३६. ये अरियसच्चानि विभावयन्ति ९५
३७. सहावस्स दस्सनसम्पदाय १०३
३८. चतूहपायेहि च विप्पमुत्तो १०३
३९. किञ्चापि सो कम्मं करोति पापकं ११४
४०. वनप्पगुम्बे यथा फुस्सितग्गे ११९
४१. वरो वरञ्ञू वरदो वराहरो १२४
४२. खीणं पुराणं नव नत्थिसम्भवं १३३
४३-४५. यानीध भूतानि समागतानि १४१-१४२

## मेत्त सुत्त नयाँ निश्रय पादक्रम

४६. यस्सानुभावतो यक्खा १४६
४७. सुखं सुपति सुत्तो च १४६
४८. करणीय'मत्थकुसलेन १५३
४९. सन्तुस्सको च सुभरो च १५३
५०. न च खुद्द'माचरे किञ्चि १७२
५१. ये केचि पाणभूतत्थि १७५
५२. दिट्ठा वा ये व अदिट्ठा १७६
५३. न परो परं निकुब्बेथ १८३
५४. माता यथा नियं पुत्तं १८६
५५. मेत्तञ्च सब्बलोकस्मिं १८९
५६. तिट्ठं चरं निसिन्नो व १९५
५७. दिट्ठिञ्च अनुपगम्म १९९



Downloaded from http://www.dhamma.digital

५८. सब्बासीविसजातीनं २०५
५९. आणाक्खेत्तम्हि सब्बत्थ २०५
६०. विरूपक्खेहि मे मेत्तं २०९
६१. अपादकेहि मे मेत्तं २११
६२. मा मं अपादको हिंसि २१२
६३. सब्बे सत्ता सब्बे पाणा २१३
६४. अप्पमाणो बुद्धो २१४
६५. कता मे रक्खा; कतं मे परित्तं २१६

## मोर सुत्त नयाँ निश्रय पादक्रम

६६. पूरेन्तं बोधिसम्भारे २१९
६७. चिरस्सं वायमन्तापि २१९
६८. उदेत'यं चक्खुमा एकराजा २२४
६९. ये ब्राह्मणा वेदगू सब्बधम्मे २२६
७०. अपेत'यं चक्खुमा एकराजा २२९
७१. ये ब्राह्मणा वेदगू सब्बधम्मे २३०

## वट्ट सुत्त नयाँ निश्रय पादक्रम

७२. पूरेन्तं बोधिसम्भारे २३१
७३. थेरस्स सारिपुत्तस्स २३१
७४. अत्थि लोके सीलगुणो २३६
७५. आवज्जेत्वा धम्मबलं २३६
७६. सन्ति पक्खा अपतना २३७
७७. सह सच्चे कते मय्हं २३८



Downloaded from http://www.dhamma.digital

# धजग्ग सुत्त नयाँ निश्रय पादक्रम


| | |
|---|---|
| ७८. यस्सा'नुस्सरणेनापि | २४२ |
| ७९. सब्बुपद्दवजालम्हा | २४२ |
| ८०. धजग्ग सुत्त निदान- एवं मे सुतं | २४४ |
| ८१. तत्र खो भगवा भिक्खू आमन्तेसि | २४४ |
| ८२. नो चे मे धजग्गं उल्लोकेय्याथ | २५१ |
| ८३. नो चे मे पजापतिस्स देवराजस्स धजग्गं | २५२ |
| ८४. नो चे वरुणस्स देवराजस्स धजग्गं | २५२ |
| ८५. तं खो पन भिक्खवे सक्कस्स वा | २५४ |
| ८६. तं किस्स हेतु ? सक्को हि भिक्खवे | २५४ |
| ८७. अहञ्च खो भिक्खवे एवं वदामि | २५५ |
| ८८. इपि पि सो भगवा अरहं | २५६ |
| ८९. ममं हि वो भिक्खवे अनुस्सरतं | ३०४ |
| ९०. नो चे मं अनुस्सरेय्याथ | ३०५ |
| ९१. स्वाक्खातो भगवता धम्मो | ३०५ |
| ९२. धम्मं हि वो भिक्खवे अनुस्सरतं | ३२५ |
| ९३. नो चे धम्मं अनुस्सरेय्याथ | ३२६ |
| ९४. सुप्पटिपन्नो भगवतो सावकसंघो | ३२६ |
| ९५. संघं हि वो भिक्खवे अनुस्सरतं | ३४१ |
| ९६. तं किस्स हेतु ? तथागतो हि भिक्खवे | ३४२ |
| ९७. इदमवोच भगवा | ३४२ |
| ९८. अरञ्ञे रुक्खमूले वा | ३४२ |
| ९९. नो चे बुद्धं सरेय्याथ | ३४३ |
| १००. नो चे धम्मं सरेय्याथ | ३४३ |
| १०१. एवं बुद्धं सरन्तानं | ३४३ |




Downloaded from http://www.dhamma.digital

१०२. अप्पसन्नेहि नाथस्स ३४४
१०३. परिसानं चतस्सन्नं ३४४
१०४. विपस्सिस्स च नमत्थु ३४६
१०५. वेस्सभुस्स च नमत्थु ३४६
१०६. कोणागमनस्स नमत्थु ३४७
१०७. अङ्गीरसस्स नमत्थु ३४८
१०८. ये चापि निब्बुता लोके ३४८
१०९. हितं देव मनुस्सानं ३४९
११०. एते चञ्ञे च सम्बुद्धा ३५०
१११. सब्बे दसबलूपेता ३५१
११२. सीहनादं नदन्ते'ते ३५४
११३. उपेता बुद्धधम्मेहि ३५७
११४. ब्यामप्पभाय सुप्पभा- ३६४
११५. महापभा महातेजा ३६५
११६. दीपा नाथा पतिट्ठा च ३६६
११७. सदेवकस्स लोकस्स ३६७
११८. वचसा मनसा चेव ३६७
११९. सदा सुखेन रक्खन्तु ३६८
१२०. सब्बरोगा विनीमुत्तो ३६८
१२१. तेसं सच्चेन सीलेन ३६८
१२२. पुरत्थिमस्मिं दिसाभागे ३६९
१२३. दक्खिणस्मिं दिसाभागे ३६९
१२४. पच्छिमस्मिं दिसाभागे ३७०
१२५. उत्तरस्मिं दिसाभागे ३७०



Dhamma.Digital
Downloaded from http://www.dhamma.digital

१२६. पुरत्थिमेन धतरट्ठो ३७०
१२७. चत्तारो ते महाराजा ३७०
१२८. आकासट्ठा च भूमट्ठा ३७१
१२९. इद्धिमन्तो च ये देवा ३७१
१३०. सब्बीतियो विवज्जन्तु ३७६
१३१. अभिवादन-सीलिस्स ३७६

## अंगुलिमाल सुत्त नयाँ निश्रय पादक्रम

१३२. परित्तं यं भणन्तस्स ३८१
१३३. सोत्थिना गब्भवुट्ठानं ३८१
१३४. यतो'हं भगिनि अरियाय जातिया जातो ३८४

## बोज्झङ्ग सुत्त नयाँ निश्रय पादक्रम

१३५. संसारे संसरन्तानं ३८७
१३६. बुज्झित्वा येचि'मे सत्ता ३८७
१३७. एवमादिगुणूपेतं ३८७
१३८. बोज्झङ्गो सतिसङ्खातो ३८८
१३९. समाधु'पेक्खा बोज्झङ्गा ३८८
१४०. संवत्तन्ति अभिञ्ञाय ३८८
१४१. एकस्मिं समय नाथो ३८९
१४२. ते च तं अभिनन्दित्वा ३८९
१४३. एकदा धम्मराजापि ३९०
१४४. सम्मोदित्वान आबाधा ३९०
१४५. पहीना ते च आबाधा ३९१



Downloaded from http://www.dhamma.digital

## पुब्बण्ह सुत्त नयाँ निश्रय पादक्रम


| | |
|---|---|
| १४६-८. यं दुन्निमित्तं अवमङ्गलञ्च | ३९२ |
| १४९. दुक्खप्पत्ता च निद्दुक्खा | ३९४ |
| १५०. एत्तावता च अम्हेहि | ३९४ |
| १५१. दानं ददन्तु सद्धाय | ३९५ |
| १५२. सब्बे बुद्धा बलप्पत्ता | ३९५ |
| १५३-५. यंकिञ्चि वित्तं इध वा हुरं वा | ३९६ |
| १५६-८. भवतु सब्बमङ्गलं | ३९७ |
| १५९. महाकारुणिको नाथो | ३९७ |
| १६०. जयन्तो बोधिया मूले | ३९८ |
| १६१. अपराजितपल्लङ्के | ३९९ |
| १६२. सुनक्खत्तं सुमङ्गलं | ४०० |
| १६३. पदक्खिणं कायकम्मं | ४०२ |
| १६४. पदक्खिणानि कत्वान | ४०३ |


*नयाँ परित्राण निश्रय*को निगमन

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# रत्न सूत्र नयाँ निश्चय

(२५) पणिधानतो पट्ठाय, तथागतस्स दसपारमियो,
दस उपपारमियो, दस परमत्थपारमियो'ति
समत्तिंस पारमियो, पञ्चमहापरिच्चागे,
लोकत्थचरियं ञातत्थचरियं बुद्धत्थचरियन्ति
तिस्सो चरियायो पच्छिमभवे गब्भवोक्कन्तिं
जातिं अभिनिक्खमनं पधानचरियं बोधिपल्लङ्के
मारविजयं सब्बञ्ञुतञ्ञाणप्पटिवेधं
धम्मचक्कप्पवत्तनं नवलोकुत्तरधम्मेति
सब्बेपि'मे बुद्धगुणे आवज्जेत्वा
वेसालिया तीसु पाकारन्तरेसु
तियामरत्तिं परित्तं करोन्तो
आयस्मा आनन्दत्थेरो विय
कारुञ्ञचित्तं उपट्ठपेत्वा-

(२५) **हे**=हे...सत्पुरुषहरू; **पणिधानतो**=दीपंकर तथागतसँग बुद्धत्व प्रार्थना कार्य गरेदेखि; **पट्ठाय**=शुरु गरेर; **तथागतस्स**=तथागतका; **दस पारमियो**=दसवटा पारिमितालाई र; **दस उपपारमियो**=दसवटा उपपारमितालाई र; **दस परमत्थपारमियो**=दसवटा परमार्थ पारमितालाई; **इति**=यसरी; **समत्तिंस पारमियो**=तीसवटा पारमितालाई; **पञ्च**



Downloaded from http://www.dhamma.digital

**महापरिच्चागे**=पाँचवटा महान परित्यागलाई; **लोकत्थचरियं**=धेरै सत्वहरूका निम्ति आचरण गर्नु; **ञातत्थचरियं**=आफन्तहरूको निम्ति आचरण गर्नु; **बुद्धत्थचरियं**=बुद्ध हुनको निम्ति आचरण गर्नु; **इति**=यसरी; **तिस्सो**=तीसवटा; **चरियायो**=आचरणलाई, **पच्छिमभवे**=बुद्ध हुने अन्तिम जन्ममा; **गब्भवोक्कन्तिं**=आमाको गर्भमा प्रवेश भइ प्रतिसन्धि ग्रहण गर्नुलाई; **पधानचरियं**=दुष्कर चर्या आचरण गर्नुलाई; **बोधिपल्लङ्के**=बोधिवृक्षको पल्लंकमा; **मारविजयं**=पञ्चमार विजय गर्नुलाई; **सब्बञ्ञुतञ्ञाणप्पटिवेधं**=सर्वज्ञता ज्ञानलाई प्रतिवेध ज्ञानद्वारा जानीलिनुलाई; **धम्मचक्कप्पवत्तनं**=धर्मचक्र देशना गर्नुलाई; **नव**=नौवटा; **लोकुत्तरधम्मं**=लोकुत्तरधर्मलाई; **इति**=यसरी; **सब्बेपि**=सम्पूर्ण; **इमे बुद्धगुणे**=यी बुद्धका गुणहरूलाई; **आवज्जेत्वा**=निरीक्षण गरी; **वेसालिया**=वैशाली नगरका; **तीसु पाकारन्तरेसु**=तीनतह पर्खालका बीचमा; **तियामरत्तिं**=रातको तीनप्रहरसम्म; **परित्तं**=रत्न सूत्र आरक्षा परित्राणलाई; **करोन्तो**=पाठ गर्नुभएका; **आनन्दत्थेरो विय**=आयुष्मान आनन्द स्थविरले जस्तै; **कारुञ्ञचित्तं**=करुणा चित्त; **उपट्ठपेत्वा**=उत्पन्न गरेर; (भणामसँग सम्बन्ध जोड्ने)

(२६) **कोटीसतसहस्सेसु; चक्कवालेसु देवता ।**
**यस्सा'णं पटिग्गण्हन्ति; यञ्च वेसालिया पुरे ।**
(२७) **रोगा मनुस्स दुब्भिक्ख-सम्भूतं तिविधं भयं ।**
**खिप्पमन्तरधापेसि; परित्तं तं भणाम हे ।**

(२६-२७)**कोटीसतसहस्सेसु**=एकलाख करोड; **चक्कवालेसु**=चक्रवालमा; **देवता**=देव ब्रह्माहरूले; **यस्स**=जुन रत्नसूत्र परित्राणको; **आणं**=ऋद्धि आणा प्रभावलाई; **पटिग्गण्हन्ति**=ग्रहण गरिरहन्छन्; **यं**=जुन रत्नसूत्र परित्राणद्वारा; **वेसालिया**=वैशाली नामको; **पुरे**=नगरमा; **रोगामनुस्सदुब्भिक्खसम्भूतं**=विभिन्न रोग, अमनुष्य र दुर्भिक्षका कारणले उत्पन्न भएको; **तिविधं**=तीन थरीका; **भयं च**=भयलाई पनि; **खिप्पं**=तुरुन्त;



Downloaded from http://www.dhamma.digital

**अन्तरधापेसि**=लोप गरिदिएको थियो; **तं परित्तं**=उक्त रत्नसूत्र परित्राणलाई; (**मयं**=मैले वा हामीले) **भणाम**=पाठ गरौं ।

## भावार्थ

हे सत्पुरुषहरू हो..., दीपंकर तथागतसँग बुद्धत्व प्रार्थना गरेदेखि शुरु गरेर तथागतका दशवटा पारमिता, दशवटा उपपारमिता, दशवटा परमार्थ पारमिता भन्ने समान रहेका तीसवटा पारमिता, पाँचवटा महान परित्याग, धेरै सत्वहरूको निम्ति आचरण गर्नु, आफन्तहरूको निम्ति आचरण गर्नु, बुद्धत्वको निम्ति आचरण गर्नु, यसरी तीनवटा चर्या; बुद्ध हुने अन्तिम जन्ममा प्रतिसन्धि ग्रहण गर्नु, जन्म हुनु, गृहत्याग गर्नु, दुष्करचर्या आचरण गर्नु, बोधिवृक्षको पल्लंकमा पाँचवटा मार विजय गर्नु, सर्वज्ञता ज्ञान प्रतिवेध गरी जान्नु, धर्मचक्र देशना गर्नु, नौवटा लोकुत्तर धर्म भनिने यी सम्पूर्ण बुद्धवचनलाई निरीक्षण गरिसकेपछि वैशाली नगरको तीन तह पर्खालको बिचमा रातको तीन यामसम्म पनि आरक्षा परित्राण पाठ गर्ने आयुष्मान आनन्दले जस्तै करुणा चित्त उत्पन्न गरेर जुन रत्नसूत्र परित्राणको ऋद्धि प्रभाव आणालाई एकलाख करोड चक्रवालमा बस्ने देव-ब्रह्माहरू ग्रहण गर्दछन्; जुन रत्नसूत्र परित्राणले वैशाली नगरमा विभिन्न रोग, अमनुष्य भय र दुर्भिक्षका कारणले उत्पन्न भएका तीन प्रकारका भयलाई पनि तुरुन्त लोप गरी हटाइदिएको थियो; त्यस रत्नसूत्र परित्राणलाई हामी पाठ गरौं ।

## रत्नसूत्र स्तुति

यो **'पणिधानतो'** आदि पाठ पनि बुद्ध भाषित होइन । रत्नसूत्रलाई अध्ययन गर्ने, पाठ गर्ने, पाठ सुन्ने धेरैलाई अध्ययन गर्ने इच्छा जागृत गरी, पाठ गर्ने इच्छा जागृत गरी, सुन्ने इच्छा जागृत गरी उत्साहित गर्न (पौराणिक आचार्यहरूले) गुणवृद्धि गरी स्तुति गरिराखेको मात्र हो ।



Downloaded from http://www.dhamma.digital

## पारमीको अर्थ

**पारमी** -भनेको आफ्नो अर्थ र हितको इच्छा नगरी अपेक्षा नगरी बहुजनको हितको निम्ति र संसारबाट मुक्तिको निम्ति गर्नुपर्ने दानादि कुशल कर्महरू नै हुन् । त्यस्ता कुशल कर्महरूद्वारा श्रेष्ठ र उत्तम भनेर चिनिने हुनाले श्रेष्ठ र उत्तम हुने कारण भनी अर्थ वर्णन गरिराखेको छ । (**परमानं भावो पारमी । परमानं**=परम उत्तमहरूको; **भावो**=उत्पत्तिका कारण उत्पत्ति स्थल हो; **पारमी**=उत्तम श्रेष्ठहरूको उत्पत्तिका कारण र स्थल ।)

नीचहरूले कुशल-कर्म नै भए पनि आफूलाई लाभ भए मात्र गर्न मन पराउँछन् । संसारबाट मुक्तिभन्दा पनि जीवन मन पराउनु, यशकीर्ति फिजाउनुलाई मात्र महत्व दिने गर्न सक्दछन् । त्यसैले पारमी सिद्ध हुने कामकाजहरू ती नीचहरूको क्षेत्र नभएको हुनुपर्दछ । ती कामकाजहरू जीवनको दोष देखेर बहुजनप्रति करुणा, मैत्री प्रबल भएका सत्पुरुष श्रेष्ठ व्यक्तिहरूको काम काज मात्र भएकोले पारमी अर्थलाई सर्वश्रेष्ठ उत्तम व्यक्तिहरूको कामकाज भनेर पनि वर्णन गरिएको छ । (**परमानं कम्म पारमी । परमानं**=श्रेष्ठ उत्तमव्यक्तिहरूको; **कम्म**=कामकाज; **पारमी**=सर्वश्रेष्ठ व्यक्तिहरूको कामकाज हो ।)

## तीसवटा पारमी

त्यसमा दश पारमी भनेको दान, शील, नैष्क्रम्य, प्रज्ञा, वीर्य, क्षान्ति, सत्य, अधिष्ठान, मैत्री र उपेक्षा पारमी हुन् । बाह्य चीजवस्तुहरू दान गर्नु पारमी हो । आँखा, हात, खुट्टा आदि शारीरिक अंग-प्रत्यंगहरू दान दिनु उपपारमी हो । जीवन दान गर्नु त परमार्थ पारमिता भयो । दानमा तीनओटा भेद भएजस्तै बाह्य-सम्पत्ति परित्याग गरेर शील रक्षा गर्नु, शारीरिक अंगहरू विनाश हुने गरी शील रक्षा गर्नु, प्राण समेत त्याग गरी शील रक्षा गर्नु आदि द्वारा शीलादि अरु अरु **पारमी**-मा पनि उप र परमार्थ पारमी छुट्याउनु पर्दछ । यी पारमी, उपपारमी र परमार्थ पारमी छुट्याउनुमा विभिन्न विधिहरू



Downloaded from http://www.dhamma.digital

रहेकामा अहिले छुट्याएको यो विधि ती विधिहरू मध्येमा एउटा मात्र हो ।

**दान, शील र नैष्कम्य; प्रज्ञा, वीर्य, क्षान्ति फेरी ।**
**सत्याधिष्ठान र मैत्री; उपेक्षा दश पारमी ।**
**बाह्य वस्तु, थरी थरी अंग, छैन अपेक्षा प्राणको ।**
**गर्ने क्रमिक त्याग यी; पारमी, उप अनि परमार्थ ।**
**यसरी तीनतह छन् पारमी; जान विभेद राम्ररी ।**

आयुष्मान आनन्दले पूर्वेनिवास ज्ञानद्वारा पारमीहरू निरीक्षण गरेका त होइनन्; जातक, चरियापिटक आदिमा तथागत सम्यक्सम्बुद्धले पारमी पूर्ण गर्नुभएको स्पष्ट रूपमा रहेकोले श्रद्धायुक्त प्रज्ञावानहरूले तथागतको अति दुष्कर आचरण गर्नुभएको पारमी क्रियाहरू देख्न-सुन्न पाउने अवस्थामा उहाँ तथागतप्रति मन सन्तुष्ट भई प्रसन्न प्रफुल्लित भई असीमितरूपमा श्रद्धा-विभोर हुने गर्दछन् । आयुष्मान आनन्द स्थविरले पनि उक्त देशनाअनुसार निरीक्षण गर्नुभएको मात्र हो ।

## महान पाँचवटा परित्याग

शारीरिक अंग, सम्पत्ति, देश, स्वास्नी छोरा-छोरी त्याग गर्नुलाई महान पाँचवटा परित्याग भन्दछन् । यी पाँचवटा परित्याग दानपारमीमा समावेश भएकै हुन् । विशिष्टस्तरको परित्याग देखाउनलाई र सामान्य जनले विचार नै गर्न नसकिने अति दुष्कर कार्यहरू भएको देखाउनको लागि विशेष रूपले अलग्ग उल्लेख गरी प्रशंसा गरिराखिएको हो । यी पाँच महान परित्यागको विषयमा पनि ग्रन्थहरूमा भनाइ फरक-फरक रहेका छन् । माथि उल्लिखित भनाईहरू *सीलक्खन्धट्ठकथा (६०)* अनुरूप हो ।

**सबै अंग शरीरका; आँखा र धन वैभव,**
**देश अनि स्वास्नी, छोरा-छोरी; महान पाँच त्याग हुन् ।**



Downloaded from http://www.dhamma.digital

## तीनवटा चर्या

**लोक** शब्दले सत्व (प्राणी) भन्ने अर्थ व्यक्त गर्दछ। धेरै सत्वहरूको भय हटाउनु, श्री सम्पत्ति वृद्धि गर्नु, ज्ञानबुद्धि विकास गर्नु आदिलाई आफ्नो प्रज्ञा, वीर्य आदिद्वारा आचरण गरिरहनुलाई लोकार्थ चर्या भन्दछन्। ज्ञात्यार्थ चर्यामा ज्ञाति बन्धुहरू हुन्। ती आफन्त ज्ञाति बन्धुहरूको भय उपद्रव हटाउनु, उनीहरूलाई उद्धार गर्ने काम गर्नु हो। बुद्धार्थ चर्यामा बुद्ध, श्रावक बुद्ध, प्रत्येक बुद्धहरूभन्दा परम उत्तम सम्यकसम्बुद्ध हुन्। त्यस सम्यकसम्बुद्धत्वसम्म आचरण गर्नु हो। यी चर्याहरू तीनैवटा **पारमी**-मा समावेश भइसकेका छन्। उत्साहित गर्ने, प्रसन्न बनाउने, अति विशिष्टस्तरका आचरणहरू भएकाले अलग प्रशंसा गर्ने रूपमा छुट्याएर देखाइ राखिएको हो। उक्त तीन चर्यालाई पनि *जातक, चरियापिटक* आदि अनुरूपले निरिक्षण मात्र गरेको हो।

## प्रतिसन्धि ग्रहण

अन्तिम जन्ममा आमाको गर्भमा प्रतिसन्धि ग्रहण गर्नुलाई प्रत्यवेक्षण गर्नुभयो भन्नुमा प्रतिसन्धि ग्रहणलाई मात्र प्रत्यवेक्षण गरेको होइन, प्रतिसन्धि बस्नुहुँदाको अवस्थामा उत्पन्न भएका अद्‌भूत घटनाहरू र विशिष्ट प्रकारका क्रियाकलापहरू प्रत्यवेक्षण गर्नुभएको थियो। उक्त अद्‌भूत घटनाहरू बोधिसत्व तुषित देवलोकबाट स्मृति सम्प्रजन्ययुक्त भई आमाको गर्भमा प्रवेश भएको, प्रतिसन्धि बस्नुहुँदा विश्वमा देवताहरूको आनुभाव प्रभावलाई समेत नाघ्ने अति बिशिष्ट तेज प्रकाशहरू प्रकाशमान भएको र दशहजार चक्रवाल विभिन्न रूपले कम्प भएको, बोधिसत्व र वहाँकी आमालाई चारजना देवताहरूले चारैदिशामा बसी आरक्षा गर्न आएको, बोधिसत्वले प्रतिसन्धि ग्रहण गर्नुभएदेखि नै आमामा स्वाभाविकरूपले शीलसम्पन्न भएको, परपुरुषहरूप्रति काम चित्त उत्पन्न नभएको, र अरु पुरुष जातिबाट अतिक्रमण गर्न नसकिनु, चीज वस्तु आरम्मणहरू कमी नहुने गरी पूर्ण भइ रमाइलो अनुभव हुनु, आमामा रोग बिल्कल रहित भएको, गल्नु, गऱ्हौं हुनु



Downloaded from http://www.dhamma.digital

जस्ता कष्टहरू रहित भइ सुखयुक्त भई आफ्नो शरीरभित्रका बोधिसत्व बालक बाहिरबाट देखिने भएको, आदि नै हुन् ।

## जन्म

जन्म भएकोलाई प्रत्यवेक्षण गरे भनेकोमा जन्म भएको अवस्थामा उत्पन्न भएका आश्चर्य र अद्भूत घटनाहरूलाई निरीक्षण गर्नु नै हो । बोधिसत्व जन्मेको सातदिनमै उहाँकी आमा तुषित देवलोकमा उत्पन्न हुनपुगेको, अरु स्त्रीहरूले नौ, दस महिनासम्म गर्भ भार बोकेर जन्म दिनुपरे पनि बोधिसत्वकी आमाले दसमहिना पूर्णगरी धारण गरी जन्म दिनुपर्ने, अरु अरु स्त्रीहरूले जस्तै बसेर लेटेर जन्म दिनुपर्ने होइन कि उभिएर नै जन्म दिनुपर्ने, आमाको गर्भबाट निस्कँदा बोधिसत्वलाई प्रथमतः देवताहरूले ग्रहण गरी मनुष्यहरूले पछि मात्र ग्रहण गरेको, बोधिसत्व आमाको गर्भबाट निस्कँदा भुइँमा पुग्नुभन्दा पहिले चारजना देवताहरूले थापेर लिई आमाको अगाडि राखी 'महारानी, ... प्रसन्न हुनुहोस् । ... हजुरलाई अतिव भाग्यवान र प्रभावशाली पुत्र रत्न लाभ भयो' भनी निवेदन गरेको, मलमूत्र केही नलागी शुद्ध स्वच्छरूपले जन्म भएको, बोधिसत्व र आमाबाट प्रयोग गर्नको लागि तातो, चिसो पानीका दुइटा धारा आकाशबाट बगेर आएको, सद्यजातः बोधिसत्वले उत्तर आदि दिशातर्फ फर्की सातपाइला चालेर 'म लोकमा अग्र हुँ, जेष्ठ हुँ, श्रेष्ठ हुँ' भनी तीनवटा वाक्य निर्भिक रूपले उद्घोषण गर्नुभएको, अतिविशिष्ट तेज प्रकाशहरू उत्पन्न भएको र दशहजार लोकधातु कम्प भएको आदि आश्चर्य अद्भूत घटनाहरू बोधिसत्व जन्म भएको अवस्थामा प्रकट भएका थिए ।

## गृहत्याग

साधारण जनहरूमा वृद्ध, रोगी, मृतकहरू बारम्बार देखिरहे पनि संवेग उत्पन्न हुँदैन । बोधिसत्वले एकचोटी मात्र देख्दा नै अतिव बिशिष्ट र



Downloaded from http://www.dhamma.digital

श्रेष्ठ भएको आफ्नो राजकीय सुख-ऐश्वर्यमा रमाइलो मान्नुभएन; भयको रूपमा देखेर गृहत्याग गर्नको लागि उद्योग गर्नुभयो। बाटोमा मारदेवले सातदिनपछि चक्ररत्न आइपुग्दैछ भन्ने कुरा बोलेर रोक्न खोज्दा पनि मनुष्यलोकका सर्वोत्तम सुख रहेको चक्रवर्ती सम्पत्तिप्रति नै आशक्त नभइकन त्याग गर्नुभयो। यस्तो भएको धेरै धेरै जन्ममा अभ्यास गरिआएको नैष्क्रम्य धातु स्वभावले गर्दा नै हो। त्यसैले बोधिसत्वको गृहत्यागदेखि श्रमणत्व ग्रहणसम्मको गृहत्याग काण्ड आयुष्मान आनन्द स्थविरका प्रियकर, श्रद्धा उत्पादक स्मरण र प्रत्यवेक्षण गर्ने एउटा विषय रहेको छ।

## दुष्करचर्या

**पधानचरियं** -मा **पधान** भनेको वीर्य हो। तर सामान्य वीर्यलाई मात्र व्यक्त गरेको होइन, कर्मस्थान कार्य अभ्यास र उद्योग गर्नुलाई समेत व्यक्त गरिराखेको हो। **दुक्करचरिया** भनेको साधारण व्यक्तिहरूले आचरण गर्न गाह्रो दुःख कष्ट सहेर आचरण गरिएका बुद्ध हुनुभन्दा पहिलेका छवर्षसम्मका बोधिसत्वका आचरणहरू नै हुन्। ती आचरणहरू त म तथागतले निरर्थक दुष्करचर्याबाट मुक्त भएँ भनी बताउनुभएको पाइनाले सहीमार्ग नभेटाई भुलेको मार्गमा नै परेको थियो। त्यसबेला रूप-लक्षण हरिएर, बल शक्ति नै भ्याइने गरी अति कष्टपूर्वक उद्योग र अभ्यास गरेको कुरा तथागतले प्रसंग अनुसार बारम्बार नै बताउनुभएको देशनाहरूमा प्रसिद्ध नै छन्।

वेस्सन्तर जातकमा जूजक ब्राह्मणले जाली, कृष्णजिनी राजकुमार राजकुमारीहरूलाई दुःख कष्ट दिई शासना गरेका घटनाहरू प्रत्यक्षरूपमा भइरहेको भए हेर्न पनि सक्दैनथे होला। तर जातक देशनाको रूपमा हेर्ने सुन्ने अवस्थामा राजकुमार राजकुमारीहरूको त्यो करुणा जगाउने भाव, जूजकको भयानक भाव, करुणारस र रौद्ररस एक किसिमले हेर्न लायक छ। त्यस्तै नै तथागतको उक्त आचरणहरू ऐतिहासिक नभए पनि देशनाअनुसा उत्तम र श्रेष्ठ सम्पत्ति र वैभवशाली जीवन पाएका अति नै सुखी तथा अतिव



Downloaded from http://www.dhamma.digital

कोमल व्यक्तिले शरीर र प्राणलाई वास्ता नराखी उद्योग गरेको ढंग अचम्भित किसिमको भएकोले एक किसिमले लोकप्रिय घटना हुनुपर्दछ। त्यसैले आयुष्मान आनन्द स्थविरले उक्त देशनाअनुसार पनि निरीक्षण गर्नुभएको थियो।

## बोधिपल्लङ्कमा मार विजय

**पल्लङ्क**-शब्दले बस्नमिल्ने ठाउँ, सुत्ने खाट, पलेटी मार्नु आदि अर्थमा प्रयोग भएकोले यहाँ बस्नलायक स्थान भन्ने अर्थमा हो। उक्त ठाउँ पनि सोत्थियले दान दिएको आठमुट्ठी घाँस फिजाएर बनाइएको तृणासन हो। (**बोधिमूले पल्लङ्को बोधिपल्लङ्को। बोधिमूले**=बोधिवृक्षको मुनि रहेको; **पल्लङ्को**=ठाउँ पल्लंक हो। साकपत्थिवादी गण भएकोले अगाडिको **बोधिमूल** -मा पछाडि रहेको **'मूल'** पद लोप रहेको छ। समीप अर्थमा भुम्म अर्थ चिन्तन गरी **बोधियापल्लङ्को** भनेर पनि भन्न सकिन्छ।

बुद्ध हुने दिनमा सूर्य नअस्ताउँदै मारदेवले आफ्ना सैन्यहरू सहित गिरिमेखल हात्ती चढेर बोधिसत्वलाई हुरी-बतास आदि सृष्टि गरी, चक्र अस्त्रहरूले हानेर, अनेक तरिकाले आक्रमण गरी युद्ध गरे पनि उहाँलाई केही असर नपरेको अवस्थामा पल्लङ्कबाट उठेर जाऊ भनी माग गरे। त्यसबेला बोधिसत्वले पृथ्वीलाई साक्षीको रूपमा हात पसारी निर्देशन गर्नुभएपछि तीब्ररूपले भूकम्प भइ मारदेव पनि गिरिमेखल हात्तीको पिठ्युबाट खसेर, उनका सैन्यहरू पनि भाग्नुपर्‍यो। यसरी सैन्यबिना एक्लैले नै पारमी सामर्थ्यद्वारा घाम अस्ताउनुअगावै मार सैन्यमाथि विजयी भइ रातको प्रथम याममा पूर्वेनिवास ज्ञान लाभ गरी पश्चिम याममा दिव्यचक्षु ज्ञान र अन्तिम याममा आश्रवक्षय ज्ञान लाभ गरी क्लेश अभिसंस्कारहरू बिल्कुल अन्त गर्नुभयो। क्लेश संस्कारहरू रहेमा सधैं उत्पन्न हुने स्कन्ध, मृत्यु, क्लेश र संस्कारहरू नाश भएपछि एकैचोटी निरोध र शान्त हुनु सिद्ध भइसकेको हुनाले सबै पञ्चमारलाई बोधिपल्लंकमा नै एकैसाथ विजय गर्नुभयो। यो पञ्चमार



Downloaded from http://www.dhamma.digital

विजय भएको ढंग पनि आयुष्मान आनन्दको निम्ति श्रद्धा राख्न लायक, स्मरण र निरीक्षण गर्न लायक एउटा अंग रहेको छ ।

## सर्वज्ञता ज्ञान लाभ

**मग्गपटिवेध, अञ्ञापटिवेध** आदिमा मार्गलाई प्रतिवेध गरी जान्नु, अरहत्त मार्गलाई प्रतिवेध गरी जान्नु भनेको मार्ग, अरहत्त मार्गलाई आरम्मण गरी जानेको त होइन; आफ्नो सन्तानमा मार्ग उत्पत्ति हुनथालेको अवस्थामा त्यसरी हुने गरी मार्गसम्म घुसेर भित्र पस्नसकेकोलाई नै **मग्गपटिवेध** भन्नुपर्दछ । त्यस्तै अरहत्त मार्गद्वारा पूर्णरूपमा पुगेको अरहत्त मार्ग क्षणमा नै सिद्ध भइसकेको सर्वज्ञता-ज्ञान प्राप्त भएकोलाई पनि त्यसरी गहिराईमा पसेको हुनाले **सब्बञ्ञुतञ्ञाणपटिवेध** (=सर्वज्ञता ज्ञानलाई प्रतिवेध गरी जान्नु) भनी भनेको हो ।

सर्वज्ञता ज्ञान प्राप्त भएकोलाई आयुष्मान आनन्दले सिधा जान्न सकेको त होइन; अनुमानले श्रद्धा प्रकट गरेको मात्र हो । अति गम्भीर र विचित्र भएकोले साधारण मानिसहरूले बताउन नसकिएका उपदेशहरू सुन्न, हेर्न पाएको कारणले उक्त सम्पूर्ण धर्मलाई जान्नसक्ने ज्ञानलाई अनुमान गर्न सकिन्छ ।

## धर्मचक्र र लोकुत्तर

धर्मचक्र उपदेश बताउनुभएकोलाई निरीक्षण गरिएकोमा उपदेश उत्तम र गम्भीर भएको, उक्त अवस्थामा देव ब्रह्माहरू धेरै जम्मा हुनआएको, अति तृप्त र खुशी, प्रसन्न भई एकपछि अर्कोले तह-तह उद्घोष गरेको, दशहजार लोकधातु हल्लिने गरी भूकम्प भएको, अति विशिष्ट अवभास प्रकाश उत्पन्न भएको, जंगल पर्वत सबैतिर अकाल फूलहरू फक्रेर रुखहरू फूल बिरुवाहरूबाट छोपिएर झकिझकाउ भइरहेको ढंग, आदि दर्शनीय रहेको हुनुपर्दछ ।



Downloaded from http://www.dhamma.digital

लोकुत्तर धर्म नौवटालाई उहाँले निरीक्षण गर्नुभएको पनि अनुमानले मात्र हो। उहाँ **चेतोपरिय** ज्ञान भएका भए पनि अरुको उच्चस्तरका विशिष्ट मार्ग फललाई त जान्न सक्दैनन् होला; आफूले प्राप्त नगरेको मार्ग फल जान्दैनन्, तर आफूहरू स्रोतापन्न भएकोले लोकुत्तर धर्मलाई अनुमान गर्नमा पृथग्जनहरूको अनुमानभन्दा बढी गम्भीर रूपले अनुमान गरी श्रद्धा राख्नसक्ने तथ्य त सुनिश्चित नै भयो।

## सम्पूर्ण बुद्धगुण

तथागतका गुणहरू त अझै धेरै छन्। त्यसो भएपछि **'सब्बेपिमे बुद्धगुणे आवज्जेत्वा'** भनी किन भनेको होला त ? यस **सब्ब पदेस सब्ब** भनेको आंशिक रूपमा भएको **सब्ब** हो। एकजना बुद्धका गुणलाई अर्को बुद्धले नै पनि अरु अरु उपदेश नगरिकन एककल्पसम्म बताइरहनु भए पनि कल्प मात्र बितेर जाला गुण त सिद्धिन्न भनी बताइराखेको हुनाले आयुष्मान आनन्द स्थविरले त्यस क्षणसम्ममा त कुरा नै नगरौं, जीवनभर स्मरण गरे पनि भ्याउन सक्दैन होला। **'समुद्दो मया दिट्ठो'** (=मैले समुद्र देखें) भन्नुजस्तै **समुदाय वोहार** (अंशलाई समूह व्यवहारद्वारा प्रयोग गरी बोल्नु) भनेर पनि भन्न सकिन्छ।

## आयुष्मान आनन्दले जस्तै

आयुष्मान आनन्दले परित्राण पाठ गर्नुभन्दा अगावै बुद्धगुणलाई धेरै धेरै पूरा हुनेगरी निरीक्षण गर्नुभएथ्यो भनेको हुनाले अरु अरु परित्राण पाठ गर्नेहरूले पनि यस तथ्यलाई गम्भीर रूपमा स्मरण गरी अनुशरण गर्न लायक छ। परित्राण पाठगर्दा मात्र होइन कि जस्तोसुकै कुशल कर्म गरेको भए पनि सबभन्दा पहिले तथागत स्मरण गर्नु, सदा गर्न योग्य एक प्रकारको कर्तव्य नै रहेको छ।

'आयुष्मान आनन्दले जस्तै करुणा चित्त राख्नुपर्दछ भनिएको र



Downloaded from http://www.dhamma.digital

परित्राण पाठ गर्ने व्यक्तिले पूर्ण गर्नुपर्ने अंग करुणा चित्त वृत्ति त्यही हो। परित्राण पाठ गर्दा शब्द, अर्थ भंग भएमा, राम्ररी अभ्यास गरी नराखिनाले पद व्यञ्जन छुट्यो भने, अपुग हुनगयो भने परित्राण प्रभावहीन हुन्छ। राम्ररी अभ्यास गरी कण्ठ पारी याद गरेर छुट्ने, अपुरो हुने नभई शब्द, अर्थ पनि सही हुने गरी पाठ गर्ने व्यक्तिको परित्राण मात्र प्रभावकारी हुने गर्दछ। लाभ सत्कारको लागि सिकी जानी पाठ गर्ने व्यक्तिको परित्राणले पनि अर्थ सिद्ध नहुन सक्छ। मैत्री पूर्वांगम गरी पाठ गर्नेको परित्राणले मात्र अर्थ-सिद्ध गरिदिन्छ। त्यसैले परित्राण पाठगर्ने व्यक्तिसँग तीनवटा अंग पूर्ण हुनुपर्दछ। ती तीन अंग हुन्-

(१) शब्द र अर्थ शुद्ध गरी राम्ररी अध्ययन गरिएको;

(२) पद व्यञ्जनहरू टूटफूट नपार्नु, पूर्ण हुनेगरी अभ्यास गरी कण्ठस्थ गरिराख्नु; र

(३)लाभ-सत्कारको विचार नराखी मैत्री पूर्वांगम गरी पाठ गर्नु,

परित्राण पाठ गर्नेसँग हुनुपर्ने अंगहरू अनेक प्रकारले देखाइएका छन्। यो त *पाथिक अट्ठकथा आटानाटिय सुत्त (१४९)* अनुसार हो।

परित्राण पाठ गर्नेसँग तीनओटा अंग सम्पन्न हुनुपर्ने जस्तै सुन्नेसँग पनि तीनओटा अंग सम्पन्न भएमा मात्र परित्राणको फल अनुभव गर्न पाइन्छ। ती अंगहरू हुन्-

(१) पञ्च-अनन्तरिय कर्म रहित हुनु;

(२) नियत मिथ्यादृष्टि नहुनु; र

(३) परित्राणको प्रभावलाई विश्वास गर्नु,

(*मिलिन्द पञ्हो १५५*)

**शब्द, अर्थ सही गरी; गर्नू अभ्यास राम्ररी।**
**मैत्री अगाडि राखी पढ्नू; परित्राण लाभकारक।**
**पञ्च-अनन्तरिय कर्मी; नियत-मिथ्यादृष्टिक।**
**छैन श्रद्धा परित्राणमा; निरर्थक हुन्छ त्यो पाठ।**



Downloaded from http://www.dhamma.digital

यो **'पणिधानतो पट्ठाय'** आदि *धम्मपद अट्ठकथा* (*दु. पकिण्णकवग्ग; अत्तनोपुब्बकम्मवत्थु* २७५) -मा रहेको आयुष्मान आनन्द स्थविरले निरीक्षण गर्नुभएको ढंग भयो ।

## रत्न सूत्र निदान

एकलाख-कोटी चक्रवालमा रहेका देव ब्रह्माहरूले रत्न सूत्रको आणा प्रभाव आनुभावलाई ग्रहण गर्ने रहेछ भनिएकोले रत्न सूत्रको आनुभाव र प्रभाव मात्र एकलाख कोटी चक्रवालमा फैलिन्छन् भनी सोच्नुहुँदैन; अरु-अरु परित्राणको प्रभावलाई पनि उक्त क्षेत्र भित्र बस्ने देव ब्रह्माहरूले ग्रहण गर्दछन् नै । यसरी परित्राणको शक्ति सामर्थ्य फैलिरहेको तथागतको आनुभाव प्रभावले गर्दा नै हो ।

यस रत्न सूत्रद्वारा वैशाली नगरमा त्रिविध भयहरू हटाइदिएको थियो भन्ने शब्दले रत्न सूत्र उत्पत्ति भएको कारण निदानलाई निर्देशन गरिराखेको छ । वैशाली नगरमा अनावृष्टि भएर बालिनालि विनाश भएको कारणले अन्न-पान दुर्लभ भइ दुर्भिक्ष भयको सामना गर्नुपर्दा दुःखी दरिद्रहरू धेरैजना मरण र विनाश हुनुपुगे । लाशहरू बस्तिबाट बाहिर फालिराखिनाले त्यसको दुर्गन्धले गर्दा शहरभित्र यक्ष राक्षसहरू प्रवेश गर्नाले झन थप मानिसहरू मर्न पुगे । खराब दुर्गन्धका कारणले महामारी आदि जस्ता सरुवा रोग अहिवातक रोग समेत थपिंदा धेरै नै विनाश हुन पुग्यो । त्यसबेला धेरै मानिसहरूले हाम्रो देशमा राजाका सातवटा पुस्ताहरूमा यस्ता भयहरू सामना गर्नुपरेको थिएन । राजाले धर्म धारण नगरेको कारणले यस्तो भएको हो कि भनी राजाकहाँ बिन्ती चढाएपछि राजाले पनि परिषद जम्मा गराई आफूमा दोष खोज्नलगाए । राजामा केही पनि दोष नदेखिएपछि के र कसो गर्नुपर्ला भनी सल्लाह साहुति गर्दा कसैले छजना तीर्थंकराचार्यहरूलाई निमन्त्रणा गर्ने सुझाव दिएका थिए भने कसैले तथागतलाई निमन्त्रणा गर्ने सल्लाह दिए । बुद्धलाई निमन्त्रणा गर्नको लागि सबैको राय मिलेपछि दुईजना लिच्छविराजाहरूलाई  अनुचर परिषद सहित



Downloaded from http://www.dhamma.digital

पठाई निवेदन गराउँदा तथागत वैशाली नगरमा आउनुभयो। तथागत आइपुग्नुभएको अवस्थामा शक्र देवेन्द्र सहित प्रभावशाली महर्द्धिक देवताहरू पनि आइपुगेको हुनाले यक्ष राक्षसहरू धेरै भागेर गए।

तथागतले आयुष्मान आनन्दलाई रत्न सूत्र सिकाई पाठ गराउनुभएपछि वैशाली नगरको तीनतह पर्खालको बिचमा रातको तीनयामसम्म नै आयुष्मान आनन्दका पाठका कारणले यक्ष राक्षस सबै भागेर गए। यक्ष राक्षसहरू नरहनासाथ मानिसहरू सबैजना रोग शान्त भएकोले घरघरबाट निस्की शहरको बिचमा रहेको सभा मण्डपलाई जीर्णोद्धार गर्ने सजाउने काम सिध्याई तथागतलाई विराजमान गराए। तथागतले पनि उक्त सभा मण्डपमा जम्मा हुन आएका देव, मनुष्य परिषदहरूलाई रत्न सूत्र परित्राण नै देशना गर्नुभयो।

(२८) यानीध भूतानि समागतानि;
भुम्मानि वा यानिव अन्तलिक्खे।
सब्बेव भूता सुमना भवन्तु;
अथोपि सक्कच्च च सुणन्तु भासितं।

(२८) **इध**=यस ठाउँमा; **भुम्मानि**=भूमिमा उत्पन्न भएकाहरू; **यानि भूतानि वा**=जो देवताहरू र; **अन्तलिक्खे**=अन्तरिक्षमा; **यानि भूतानि वा**=जो देवताहरू; **समागतानि**=जम्मा भएका छन्। **सब्बेव**=सम्पूर्ण जनहरू; **ते भूता**=ती देवताहरू; **सुमना**=खुशी प्रसन्न प्रफुल्लित भएकाहरू; **भवन्तु**=होउन्। **अथो पि**=त्यसपछि फेरि; **भासितं**=म तथागतका उपदेशलाई; **सक्कच्च**=आदर गौरव राखेर; **सुणन्तु**=श्रवण गरुन्।

## भावार्थ

यस ठाउँमा भेला हुन आएका देवताहरू र आकाशष्ठ देवताहरू सबै सुन्दर प्रसन्न प्रफुल्लित होउन्। अनि फेरि म तथागतका उपदेशलाई आदर-गौरवपूर्वक श्रवण गरुन्।



Downloaded from http://www.dhamma.digital

## रत्न सूत्रको प्रारम्भ

**'यानीध भूतानि'** आदि बुद्धभाषित रत्न सूत्रको प्रारम्भिक गाथा हो। त्रिरत्नको गुणद्वारा सत्य क्रिया गर्ने ढंग बताउन लाग्नुभएको हुनाले सबभन्दा पहिले देवताहरूलाई उपेदश सुन्नलाई प्रेरणा दिनुभयो।

## व्याकरण स्पष्टीकरण

(**भूत**-शब्द प्रकट भएको अर्थ, स्कन्ध पाँचवटा, महाभूत चारवटा, अरहन्त, सत्व, रुख आदि भूतगाम, चतुर्महाराजदेखि तलका सत्वसमूह भन्ने अर्थमा प्रयोग भएको देखिन्छ। यो **'यानीघ भूतानि'** मा **भूत**-शब्द त सामान्यतया अमनुष्य (देव ब्रह्माहरू) भन्ने अर्थमा प्रयोग भइरहेको भनी सम्झनु पर्दछ।

मेरु पर्वत पनि पृथ्वी नै हो, वा भूमि नै हो। त्यसैले मेरु पर्वतको मास्तिर रहेको त्रयस्त्रिंशत् देवलोकबाट तलको भूमि, रुख, वन, पर्वत आदिमा उत्पन्न भएका देवताहरूलाई भुम्म (=भूमिष्ठ देवताहरू) भनी भन्नुपर्दछ। (**भूमियं निब्बत्तानि भुम्मानि। भूमियं=भूमिमा; निब्बत्तानि**=उत्पन्न भएका देवताहरू; **भुम्मानि**=भूमिमा उत्पन्न भएका देवताहरू)

**अन्तलिक्खे भूतानि**-को स्वरूप यामा देखि लिएर अकनिष्ठसम्म माथि आकाशमा उत्पन्न भएका देव ब्रह्माहरू हुन्। अरूप, असंज्ञासत्वहरूलाई त आकाशमा उत्पन्न भएका भए पनि उपदेश सुन्न आउन नसक्नेहरू हुनाले ग्रहण गर्नु परेन।)

## वा शब्द विकल्पन

(वा ति विकप्पने=अर्थकथा वर्णनअनुसार **भुम्मानि वा यानिव अन्तलिक्खे** -मा **वा-** विकल्पन अर्थमा भयो। **विकप्पन** (=विकल्पन) -मा भएको छ भनी भने पनि कुनै कुनै ठाउँमा देखाइएको विकल्पन जस्ता त होइन। उक्त कुरालाई स्पष्ट गर्नेछु; **वा-** शब्दको अर्थ समुच्चय, विकल्प भन्ने रहेकामा **'राजतो वा चोरतो वा...आरक्खं गण्हन्तु'** परित्राण आदिमा जस्तै राजा, चोर आदि सबै बोल्नुपर्ने वा -जस्तोलाई समुच्चय भन्नुपर्दछ। **'गामा वा अरञ्ञा वा अदिन्नं थेय्यसङ्खातं आदियेय्य'** आदिमा जस्तै दुवै नलिई कुनै न कुनै एउटालाई मात्र लिए हुने त्यो एउटा पनि कुन क्षेत्र भनी सुनिश्चित नभएको वा-जस्तोलाई विकल्प भन्दछन्। त्यसरी समुच्चय जस्तै दुवैमा नभई एउटा पनि निश्चित नभइ **विविध कप्पन** (



Downloaded from http://www.dhamma.digital

=अनेक प्रकारले, नाना प्रकारले गर्नु) भन्ने अर्थ अनुसार विकप्प नामकरण रहेको छ। **'भुम्मानि वा यानिव अन्तलिक्खे'**-मा **वा**-त ती दुईथरी मध्येमा समुच्चय नै भयो। समुच्चय वा- लाई **हे** उद्देश्य अर्थ एक थरी अनुसार विकप्पन भनिएको हुनाले विकल्प एक थरी नै भयो। कुनै ठाउँमा अर्थ दुईतीन थरी आदि अनुसार विभिन्न विधि देखाउने बेलामा ती विधिहरू विकल्प नामले जानिन्छ। त्यसैले प्रथम विकल्प, द्वितीय विकल्प आदि प्रयोग पनि हुनुपर्‍यो। दुई तीन थरी विधि हुने **विविध कप्पन** (=अनेक ढंगले, नाना प्रकारले गर्नु, विभिन्न कप्पन=विभेद हुनेगरी गर्नु हुनाले विकल्प नाम भयो। **विसेसकप्पन**=विशेषता हुनेगरी गर्नु, विशेष रूपले कल्पना गर्नु भन्ने अर्थहरू पनि हुन सक्छन्। यसमा पनि **सब्बेव भूता**- को स्वरूप अनुसार भूत-लाई अनियत पक्षमा **भुम्मभूत**, **अन्तलिक्खभूत** भनी दुईथरी गरी छुट्ट्याई अनेक ढंगले गर्नु, विभेद हुने गरी गर्नु, विशेषता हुनेगरी गर्नुले वा- लाई विकल्पन अर्थमा रहेको हो भनी भनिएको हो।

## दुईथरीका प्रेरणाहरू

**'तं सुणाथ साधुकं मनसि करोथ भासिस्सामि**=उक्त धर्मलाई सुन्नुहोस्, राम्ररी हृदयंगम गर्नुहोस्, म (तथागत) बताउनेछु' आदिद्वारा कहिलेकाहीं तथागतले उपदेश दिनुभन्दा पहिले प्रेरणा दिने बानी रहेछ। त्यसरी प्रेरणा दिनु उपदेशमा ध्यान आकर्षित गरी स्मृतिमा गाड्नको निम्ति हो। त्यसैले देवताहरूलाई स्मृति उत्पन्न गराउनको निम्ति **'सक्कच्च सुणन्तु भासितं'** भनी उपदेश सुन्नलाई प्रेरणा दिनुभयो।

## पयोग सम्पत्ति

**सम्मापयोग** (=असल प्रयास) लाई **पयोग** (=प्रयोग) भन्दछन्। खराब नराम्रो काम गर्‍यो भने उक्त प्रयोग बिग्रनगई **पयोगविपत्ति** (प्रयोगको विनाश वा विपत्ति) हुन्छ। उपदेश सुन्नु असल राम्रो प्रयास प्रयोग हुनाले **पयोगसम्पत्ति** (=प्रयोगको सम्पन्नता) नै हो। उपदेश सुन्न प्रेरणा दिनु उक्त प्रयोग सम्पत्ति उत्पन्न गर्नलाई हो। त्यसरी प्रयोग सम्पत्ति उत्पन्न



Downloaded from http://www.dhamma.digital

गर्ने क्षेत्रमा स्वभावत: प्रफुल्लित र उत्साहित भएको मन भए, बानी भए मात्र धर्मलाई सत्कारपूर्वक सुन्न सक्नेछ । अल्छी मान्ने, हीन चित्तवृत्तिको; आदर सत्कार नभएको, अनेच्छुक व्यक्ति आदिले त उपदेश सुन्न इच्छा गर्दैनन् । सुनिहाले पनि ध्यान राखी सत्कारपूर्वक सुन्न सक्दैन । त्यसरी प्रसन्न प्रफुल्लित र उत्साहित भएको बानी भएमा मात्र उपदेश सुन्नसक्ने भएकोले उक्त बानीले (वासना) सम्पन्न हुनुलाई **आसयसम्पत्ति** (=इच्छा, वासनाले सम्पन्न हुनु) भन्दछन् । उक्त आशयबाट सम्पन्न हुनको निम्ति प्रेरणा दिन चाहेकोले **'सब्बेव भूता सुमना भवन्तु'** भनी आज्ञा हुनुभयो ।

## अरूअरू सम्पत्तिहरू

उपदेश सुन्नुलाई प्रयोग सम्पत्ति भनी भनेको छ । उक्त उपदेश सुन्नु अरुबाट आएको धर्मका शब्द सुनिनु भएकोले **परतोघोस सम्पत्ति** (=अरुहरूबाट आएको धर्मका शब्द सुनिनुद्वारा सम्पन्न हुनु) भनी, सत्पुरुषहरूको आधार पाएमा मात्र उपदेश सुन्नपाइने हुनाले उपदेश सुन्नुलाई **सप्पुरिसूपनिस्सय सम्पत्ति**(=सत्पुरुषको आधार सम्पन्न हुनु) भन्ने र उपदेश सुन्नपाउँदा प्रज्ञा ज्ञान लाभ हुने हुनाले **पञ्ञाहेतुसम्पत्ति** (=प्रज्ञा उत्पन्न गर्नाको लागि कारण सम्पन्न हुनु) भनी भन्नुपर्दछ । चित्त प्रसन्न प्रफुल्लित हुनुलाई **आसयसम्पत्ति** भनी भनेको छ । उपदेश सुन्ने क्षेत्रमा चित्त प्रसन्न प्रफुल्लित पार्नु उचित र अनुकूल ढंगले मनन गर्ने स्वभाव हुनेसँग मात्र पाइने भएकोले चित्त प्रसन्न हुनुलाई **योनिसो मनसिकारसम्पत्ति** (=सही मार्गमा परेर उचित चिन्तन मननले सम्पन्न हुनु) भनी, मनोवृत्ति असल बनाईबस्नेसँग मात्र उपदेश सुन्ने क्षेत्रमा चित्त प्रसन्न प्रफुल्लित हुनु पाइनु सम्भव भएकोले **अत्तसम्मापणिधिसम्पत्ति** (=मनोवृत्ति असलखालेद्वारा सम्पन्न हुनु) भन्ने र प्रीति प्रश्रब्धि समाधि उत्पत्तिका कारण हुनाले उपदेश सुन्ने क्षेत्रमा चित्त प्रसन्न प्रफुल्लित गर्नुलाई **समाधिहेतुसम्पत्ति** (=समाधि उत्पत्तिका कारणले सम्पन्न हुनु)



Downloaded from http://www.dhamma.digital

भनी फेरि भनिएको छ। त्यसैले **'सब्बेव भूता सुमना भवन्तु'** द्वारा **आसय, योनिसो मनसिकार, अत्तसम्माणिधि, समाधिहेतु सम्पत्तिहरू** उत्पन्न गर्नको लागि प्रेरणा दिने हुनाले **'सक्कच्च सुणन्तु भासितं'** द्वारा **पयोग, परतोघोस, सप्पुरिसूपनिस्सय, पञ्ञाहेतुसम्पत्ति-हरू** उत्पन्न गर्नको निम्ति प्रेरणा दिनु हो, भनी बुझ्नु पर्दछ।

## अथोपि अर्थ

(**अथोपि**-लाई **किच्चन्तरसन्नियोजनत्थं** (=कृत्य एउटालाई प्रेरणा दिनको लागि) **वाक्योपादाने** (=वाक्य एउटालाई ग्रहण गर्नुमा) **निपातद्वयं** (निपात दुई समूह हुन्) भनी अर्थकथामा वर्णन गरिराखेको छ। **'अथो**-त्यसपछि फेरि' भन्दाखेरी बाक्य बाकी रहेको थाहापाइने हुनाले 'त्यसपछि फेरि' द्वारा वाक्य एउटालाई निर्देशित गरिरहेको हुनाले **अथोपि** लाई **वाक्योपादान** (=वाक्य एउटालाई लिनु भन्नु) लाई निपात भनेको हो। **अथ**-लाई कुनैकुनै ठाउँमा अञ्ञाधिकार **वचनारम्भ** (=क्षेत्र एउटा वाक्य एउटालाई उद्योग गर्नु) भनी भन्ने बेलामा वचनारम्भ भन्ने वाक्योपादानसँग समान नै भयो। **न तस्स अद्दिट्ठमिधत्थि किञ्चि; अथो अविञ्ञात-मजानितब्बं;** *पटिसम्भिदामग्ग (१२७* -मा **अथोति वचनोपादाने निपातो** भनी अर्थकथामा वर्णन गरिएको छ। **वचनोपादान** र **वाक्योपादान** समान नै भयो। एउटा वाक्यलाई ग्रहण गर्नको निम्ति **अथो** -राख्नुपर्दछ। *अभिधान*मा **संसय**=संशय, **आरम्भ**=शुरुमा उद्योग गर्नु, **पञ्ह**=प्रश्न, **विकप्प**=विकल्प, **पकरण**=प्रकरण, **समुच्चय**=समुच्चय, **पक्खन्तर**=पक्षन्तर, **पच्छा**=पश्चात्, **मङ्गल**=मंगल भनी **अथ, अथो** अर्थहरू आइरहेको हुनाले यहाँ पक्षन्तर भनी पनि भन्न सकिन्छ। दुवै निपात वाक्योपादान अर्थमा हो भनी भनिएकोले **पि**- को समुच्चय अर्थ आवश्यक नरहेको हुनाले त्यसपछि भनेर मात्र अनुवाद गर्नुपर्दछ।

२९) **तस्मा हि भूता निसामेथ सब्बे;**
**मेत्तं करोथ मानुसिया पजाय।**
**दिवा च रत्तो च हरन्ति ये बलिं;**
**तस्मा हि ने रक्खथ अप्पमत्ता।**



Downloaded from http://www.dhamma.digital

(२९) **भूता**=धेरै देवताहरू; **तस्मा हि**=त्यसरी उपदेश सुन्नको निम्ति म तथागतले प्रेरणा दिइआएको कारणले गर्दा नै; (**तुम्हे**=तिमीहरूले) **निसामेथ**=कान दिएर सुन्नुपर्‍यो । **सब्बे**=सबैजना; (**तुम्हे**=तिमीहरू) **मानुसिया पजाय**=मनुष्य मात्रप्रति; **मेत्तं**=मैत्री र स्नेह; **करोथ**=राख्नू । **ये**=जो मानिसहरूले; **दिवा च**=दिनमा पनि; **रत्तो च**=रातमा पनि; **बलिं**=पूजा गर्न लायक वस्तु; **हरन्ति**=ल्याएर पूजा गरिरहन्छन्; **तस्माहि**=त्यस कारणले गर्दा नै; **ने**=उनीहरू प्रति; **अप्पमत्ता**=अप्रमादी भएर; बेहोशी नभइकन नै; **रक्खथ**=रक्षा गर्नू ।

## भावार्थ

हे देवगणहरू, म तथागतले उपदेश सुन्नको लागि प्रेरणा दिइसकेको हुनाले तिमीहरूले कान लगाएर सुन्नू । तिमीहरू सबैजनाले मनुष्य मात्रप्रति मैत्री र स्नेह राख्नू । मनुष्यहरूले दिन र रात पूजा गर्न लायक भेटी ल्याएर तिमीहरूको पूजा गरिरहने हुनाले उनीहरूलाई तिमीहरू बेहोशी नभइकन रक्षा गर्नू ।

## प्रेरणात्मक उपदेश

**'तस्मा हि'** आदि मुनष्यहरूले देवताहरूप्रति सधैं गरिरहेका उपकारलाई उल्लेख गरी प्रत्युत्पकारद्वारा मनुष्यहरूप्रति मैत्री र स्नेह राख्नको लागि र रक्षा गर्नको लागि प्रेरणात्मक उपदेश हो ।

## तस्मा हि निर्धारण

**तस्मा** उपरोक्त सबै कुरालाई संग्रह गरी निर्धारण गर्ने शब्द हो । त्यहाँ पहिले पनि **'सुणन्तु**=सुन्नू' भनी फेरि **'निसामेथ**=सुन्नू' भनिरहेको दोहरिएकोले सबै संग्रह गरीलिन नमिल्ने भइसकेको हुनाले **तस्मा** निर्धारण एउटा कठिन विषय भएको हुनाले अर्थकथामा यस **तस्मा** निर्धारण ढंगलाई विभिन्न रूपमा वर्णन गरिआएका छन् । पहिलो विधिमा **समागतानि**-लाई निर्धारण गरी देखाइयो । **यस्मा समागतानि तस्मा**=समागम हुन आएको कारणले भनी अर्थ दिनुपर्‍यो । अर्थकथा



Downloaded from http://www.dhamma.digital

मा अन्वय व्यतिरेक वर्णन गरी **तस्मा हि**=तिमीहरू देवभूमिमा दिब्य सुख, ऐश्वर्यहरू त्याग गरी आइपुगेको नाचगान आदि हेर्नलाई होइन, उपदेश सुन्नको निम्ति मात्र समागम हुन आएको कारणले गर्दा भनी भारी किसिमले निर्धारण गरिराखिएको छ ।

दोस्रो विधिमा **सुमना भवन्तु सुणन्तु भासितं**-लाई हेरेर निर्धारण गरेको हो । तथागतले हर्ष प्रसन्न प्रफुल्लित होऊ, सत्कारपूर्वक सुन भनी प्रेरणा दिनुभएकोले देवताहरूमा प्रसन्न प्रफुल्लितता र सुन्ने इच्छा भएकोले उक्त भावलाई नै **'तस्मा हि**=त्यसरी चित्त हर्ष प्रसन्न प्रफुल्लित भइरहेकोले, सत्कारपूर्वक उपदेश सुन्ने इच्छा रहेको कारणले गर्दा नै' भनी निर्धारण गरिराखिएको हो । यस तथ्यमा पनि अर्थकथामा विस्तृतरूपले निर्धारण गरिराखेको- त्यसरी मन प्रसन्न प्रफुल्लित भइ **अत्तसम्मापणिधि, योनिसो मनसिकार, आसय** -को पारिशुद्धिसँग सम्प्रयुक्त भएको भाव, सत्कारपूर्वक सुन्ने इच्छा भएको भावको कारणले गर्दा **सप्पुरिसूपनिस्सय, परतोघोस** उत्पत्ति कारण राम्रो प्रयोगको पारिशुद्धिसँग सम्प्रयुक्त भएको कारणले हो ।

तेस्रो विधिमा **'तस्मा हि**=म तथागतको उपदेश सुन्न पनि गाह्रो, फल पनि धेरै पाइने भएकोले उपदेश सुन भनी म तथागतले आज्ञा दिई प्रेरणा दिइसकेको कारणले गर्दा' भनी निर्धारण गरिएको छ । यस तेस्रो विधिअनुसार मुख्य सारांश लिई **'तस्मा हि**=उपदेश सुन्नको निम्ति म तथागतले प्रेरणा दिइसकेको कारणले गर्दा' भनी अर्थ दिएको हुँ ।

Dhamma.Digital

## कान दिनुपर्ने उपदेश

उपदेशमा कान दिनको लागि प्रेरणा दिइसकेपछि सुन्नुपर्ने उपदेशलाई **'मेत्तं करोथ मानुसिया पजाय'** भनी धेरै मनुष्यहरूप्रति मैत्री राख्नको निम्ति बोल्नुभयो । मनोवृत्ति उत्तम भएका प्रज्ञावानहरूले बहुजनलाई लाभ हुने क्रियाकलापलाई मात्र नित्य निर्देशन दिने गर्दछन् । त्यस्ता व्यक्तिहरूमध्ये तथागत सम्यकसम्बुद्ध विशिष्ट रूपले विशेषता भएका हुनाले महाकरुणावान तथागतका निर्देशनहरू त साँच्चै नै बहुजनलाई लाभ मात्र हुने सुनिश्चित नै भयो । यहाँ मैत्री राख्नलाई धेरै देवताहरूलाई बोल्नुभएको देव सहित मनुष्य दुवै पक्षलाई धेरै लाभ प्राप्त हुने भएकोले हो ।



Downloaded from http://www.dhamma.digital

मैत्री वृद्धि गर्ने देवताहरूले पनि मैत्रीका प्रतिफल एघारवटा अनुभव गर्न पाउँदछन् । देवताहरूबाट रक्षा पाएका मनुष्यहरूले पनि उत्तम किसिमका आरम्मणहरू भेटाउँछन् । दुवै पक्षलाई नै धेरै लाभ प्राप्त हुने विचार गरी प्रेरणा दिनुभएको हो ।

## उपकार उल्लेख

लोकमा कसैप्रति अर्को कसैले कसरी उपकार गरेको छ आदि भनी उसको उपकारलाई उल्लेख गरी बोल्यो भने झन बढी नित्य मैत्रीभाव हुन्छ । मनुष्यहरूप्रति मैत्री राख्नको निम्ति प्रेरणा दिनुभएका तथागतले ती मनुष्यहरूले तिमी देवताहरूप्रति कति उपकार गरेका छन् भनी उपकार देखाए भने मैत्री झन वृद्धि हुन थाल्छ भनी देख्नुभइ **'दिवा च रत्तो च हरन्ति ये बलिं'** भनी मनुष्यहरूले दिन रात पूजा सत्कार गरिरहेको भावलाई उल्लेख गरी रक्षा गर्नको निम्ति प्रेरणा दिनुभयो । त्यस अवस्थामा वैशाली नगरमा उदेन चैत्य आदि **चेतिय** भनिने धेरै मानिसहरूबाट पूजा गरिने देवस्थान देव मन्दिर रुखहरू थिए । अरु अरु आआफैले अलग-अलग पूजा गरिने क्षेत्रहरू पनि धेरै थिए । त्यसबेला मनुष्यहरूले आआफैले देवरूपहरू बनाई ती देवताहरू भएको रुख आदि ठाउँमा गएर देवताहरूलाई उद्देश्य गरी पूजा गर्दथे । कृष्णपक्ष आदि समयमा रातमा पूजा गर्दथे । दिउँसो साँझ कुशल-पुण्यकर्म गरी पुण्यानुमोदन गर्दथे । यी तथ्यहरूलाई निर्देशित गरी 'यतिसम्म पनि तिमीहरूलाई पूजा गरी गौरव मान राखी बसेकाहरूलाई कसरी रक्षा नगरी बस्न मिल्ला र' भनी **'तस्मा हि'** आदिद्वारा प्रेरणा दिनुभएको हो ।

## बलि स्वरूप

बलि भनेको पूजा गर्न लायक दिन योग्य चीज वस्तुहरू हुन् । *अङ्गुत्तर (प. ३७९)* -मा

१) **ञातिबलि**=आफन्तहरूलाई दिन योग्य;



Downloaded from http://www.dhamma.digital

२) **अतिथिबलि**=अतिथि पाहुनाहरूलाई दिन योग्य;

३) **पुब्बपेत बलि**=परलोक भइसकेका आफन्तहरूलाई दिन योग्य;

४) **राजबलि**=राजालाई दिनुपर्ने कर उपहार आदि दिन योग्य र

५) **देवताबलि**=देवताहरूको लागि गर्नुपर्ने पूजा दान भेटी हुन्; भनी पाँच प्रकारका बलिको उल्लेख छ। **बलि**- भनेको ती-ती आफन्त आदिहरूलाई उचित रूपले दिनुपर्ने दानको नाम भएको कुरा *अङ्गुत्तरट्ठकथा* मा वर्णन गरिएको छ। यहाँ बलिको स्वरूप देवताहरूलाई पूजा गर्न योग्य चीजवस्तु भनेका देवता बलिलाई मान्नुपर्छ। त्यसलाई नै **देवबलि** भनिन्छ।

**ज्ञाति, अतिथि, परलोकी; राज देव बलि पाँचथरी।**
**सम्झनु पर्छ यिनीहरूलाई; पात्र हुन् पूजा दानका।**

## देवताहरू पूजनीय हुन् र ?

*चतुक्कपञ्चक अङ्गुत्तर*मा आफूले उद्योग गरी लाभ गरिएका चीज पदार्थहरूद्वारा पाँचथरी बलि पूजा गर्नुलाई धन वैभव सम्पत्ति लाभ हुने एउटा कारणको रूपमा बताईराख्नुभएको छ। *पञ्चङ्गुत्तर*मा कुलपुत्रहरूको उन्नति वृद्धि हुने कारण, परिहानी नहुने कारण पाँचवटा बताउनुभएकोमा देवताहरूलाई पूजा सन्मान गर्नु पनि एउटा समावेश भएको छ। *(पञ्चक ६८)* देवताहरू पूजा गर्नुलाई लोकको विकासको एउटा कारणको रूपमा तथागतले इच्छा गर्नुभएको स्पष्ट भएको छ। 'देवताहरू छन्' भनी विश्वास हुनेहरूको निम्ति देवताहरू पनि एक प्रकारका सत्वहरू नै भए। मनुष्यहरूका बीचमा वन्दना प्रणाम गर्न योग्य, अयोग्य भए जस्तै देवताहरूको समूहमा पनि वन्दना प्रणाम गर्न योग्य र अयोग्य दुईप्रकारका हुनु पर्दछ। उनीहरूलाई सम्झेर खाने-लाउने आदि दान दिनु, सत्कार गर्नु, पुण्य बाँडिदिनु आदि गर्न योग्य नै छ। मानिसहरू परस्पर आदान-प्रदान गरी सहयोग गर्नाले सधैं सहयोग गर्न नसके पनि उनीहरूले सक्ने बेलामा मद्दत दिने जस्तै देवताहरूले पनि सधैं जुनसुकै क्षेत्रमा सहयोग दिने सामर्थ्य नभए पनि उनीहरूले सक्ने क्षेत्रमा त



Downloaded from http://www.dhamma.digital

सहयोग र संरक्षण गर्न सक्दछन्। कुनैकुनै सहयोग पाउने व्यक्तिहरूलाई *जातक निपात*हरू अनुसार र लोकको अनुभव अनुसार जान्न सकिन्छ।

**यस्मिं पदेसे कप्पेति; वासं पण्डितजातियो।**
**सीलवन्तेत्थ भोजेत्वा; सञ्ञते ब्रह्मचारयो।**
**या तत्थ देवता आसुं; तासं दक्खिणमादिसे।**
**ता पूजिता पूजयन्ति; मानिता मानयन्ति नं।**
**ततो नं अनुकम्पन्ति; माता पुत्तं व ओरसं।**
**देवतानुकम्पितो पोसो; सदा भद्रानि पस्सति।**

*(विनय महावग्ग, भेसज्जक्खन्धक ३२४)*

**पण्डितजातियो**=प्रज्ञावान जातको व्यक्ति; **यस्मिं पदेसे**=जुन प्रदेशमा; **वासं**=बास, **कप्पेति**=बस्ने गर्दछ; **एत्थ**=त्यहाँ आफ्नो वासस्थानमा; **ब्रह्मचारयो**=उत्तम आचरण गरेर बस्नेहरू; **सञ्ञते**=इन्द्रीयहरूलाई प्रभावहीन हुने गरी हनन गरी रक्षा गरिसकिएका; **सीलवन्ते**=शीलवान आयुष्मानहरूलाई; **भोजेत्वा**=भोजन आदि गराई; **तत्थ**=उक्त ठाउँमा; **या देवता**=जो देवताहरू; **आसुं**=रहेका छन्; **तासं**=ती देवताहरूलाई; **दक्खिणं**=दान-दक्षिणा; **आदिसे**=उद्देश्य राखेर उल्लेख गरेर पुण्य बाँडी दिनुपर्दछ; **पूजिता**=पूजा गरिएका; **ता**=ती देवताहरूले; **नं**=ती आफूहरूलाई पूजा गर्नेहरूलाई; **पूजेन्ति**=प्रतिपूजा गर्दछन्; **मानिता**=मान सम्मान पाएकाहरूले; **ता**=ती देवताहरूले; **नं**=ती आफूहरूलाई मान्नेहरूलाई; **मानेन्ति**=फेरि मान मर्यादा राख्दछन्; **ततो**=त्यसले गर्दा; **नं**=ती आफूलाई पूजा मान गर्नेहरूलाई; **माता**=आमाले; **ओरसं पुत्तं**=आफ्नो कोखबाट जन्मेको आफ्नै छोरोलाई; **अनुकम्पन्ति इव**=सदा रक्षा गरी अनुकम्पा राखी बस्ने झैं; **अनुकम्पन्ति**=सदा रक्षा गरी अनुकम्पा राखी रहन्छन्; **देवतानुकम्पितो**=देवताहरूको अनुकम्पा प्राप्त भएको; **पोसो**=व्यक्तिले; **सदा**=सधैं; **भद्रानि**=असल असल आरम्मणहरूलाई; **पस्सति**=देखिरहन पाउँदछन्।



Downloaded from http://www.dhamma.digital

## अतिक्रमण हुनु हुँदैन

जुनसुकैमा पनि कर्मलाई मात्र विश्वास गरी ढुक्क हुने गरेझैं देवताहरूप्रति मात्र पनि विश्वास गरी ढुक्क भइ समर्पण गरी बसीराख्नु हुँदैन । त्रिरत्नप्रति जति-जति बढी आरम्मण गर्न सकियो उति-उति नै राम्रो भए पनि देवताहरूप्रति सिमाना नाघ्नेगरी समर्पण गरी विश्वास गर्नु जस्तो देवभक्त आस्तिक भनिने गरी हिंड्नु अपेक्षित छैन । कतिपय व्यक्तिहरू भगवान् बुद्धलाई भोजन अर्पण गर्न भने याद गर्दैनन्, देवतालाई पूजा गर्ने काम भने केरा ओइलाउन नपाउने गरी खुब हेर-विचार रेखदेख गरिरहन्छन् । बुद्धलाई भन्दा बढी आदर-सत्कार र पूजा गर्नु त आफूहरू बुद्धानुयायी भएको स्पष्ट नहुने स्थिति देखाउने काम भएको हुनाले त्यस्ता काम-कुरा हटाउनमा ध्यान दिनु आवश्यक छ ।

(३०) **यं किञ्चि वित्तं इध वा हुरं वा;**
**सग्गेसु वा यं रतनं पणीतं ।**
**न नो समं अत्थि तथागतेन;**
**इदम्पि बुद्धे रतनं पणीतं ।**
**एतेन सच्चेन सुवत्थि होतु ।**

(३०) **इध वा**=यस मनुष्य-लोकमा वा; **हुरं वा**=नाग, गरुड आदि लोकमा; **सग्गेसु वा**=देवलोक, ब्रह्मलोकमा पनि; **यंकिञ्चि**=सम्पूर्ण, **वित्तं**=धन रत्न सम्पत्ति; **अत्थि**= रहेका छन्; **सग्गेसु वा**=देवलोक ब्रह्मलोकमा समेत; **पणीतं**=प्रणीत भएका; **यं रतनं**=जुन रत्नहरू; **अत्थि=छन्;** (**एत्थ**=ती रत्नहरूमध्ये); **तथागतेन**=तथागतसँग; **समं**=समान भएका रत्न त; **न नो अत्थि**=छँदै छैन; **बुद्धे**=बुद्धमा; **इदम्पि रतनं**=यस रत्नको रूपमा भएको सुन्दर गुण पनि; **पणीतं**=प्रणीत छन् । **एतेन सच्चेन**=यस सत्य वचनको कारणले; **सुवत्थि होतु**=सत्वहरू सुखी स्वस्ति होउन् ।



Downloaded from http://www.dhamma.digital

## भावार्थ

मनुष्यलोक, नाग गरुड आदि लोक, देवलोक ब्रह्मलोकमा भएका जति सबै उत्तम प्रणीत रत्नहरूमध्ये तथागत समान भएको रत्न त कतै कुनै हुनै सक्दैन । बुद्धप्रतिको यस रत्नको भाव सुन्दर गुण विशिष्ट प्रणीत भएको गुण हो । यस सत्य वचनको कारणले सत्वहरू सुखी स्वस्ति होउन् ।

## बुद्ध रत्न

रत्न सूत्र बुद्ध, धर्म, संघलाई रत्नको रूपमा बताइएको देशना हो । यस सूत्रले बुद्ध, धर्म, संघ असली रत्न भएको तथ्य, सत्य वचन बोली सत्वहरू सुखी पार्नको लागि प्रार्थना गर्दछ । **'यं किञ्चि वित्तं'** आदि गाथा तथागत साँच्चैको रत्न भएको तथ्य व्यक्त गरी सत्य-क्रिया गरिएको गाथा हो ।

## ब्याकरण स्पष्टीकरण

(**वित्तं**=सुन्दरतालाई उत्पन्न गर्ने; **रतनं**=रत्न भनी **वित्तं** लाई **रतनं**-को विशेषणको रूपमा अर्थ दिने चलन रहेको छ । अर्थकथामा **'वित्तन्ति धनं'** भनी वर्णन गरिएको र **यं किञ्चि वित्तं**-लाई **'इध वा हुरं वा'** को **आधेय्य** को रूपमा वर्णन गरेर **'यं रतनं'**-लाई **'सग्गेसु वा'** -को **आधेय्य** रूपमा वर्णन गरी राखेकोलाई अनि **'यं एतं वित्तञ्च रतनञ्च पकासितं'** भनी **वित्त** र **रतन**-लाई अलग्ग देखाइएकोलाई आधार गरी **वित्तं**=धन रत्न सम्पत्ति भनी अर्थ दिएको छ ।

**इध वा**=.... मा पनि; **हुरं वा**=... मा पनि; **यंकिञ्चि**=सम्पूर्ण; **वित्तं**=...सम्पत्ति; **अत्थि**=रहेका छन्; **सग्गेसु वा**=...मा पनि; **पणीतं**=...भएको; **यं रतनं**=...रत्न; **अत्थि**=...छन्; **तथागतेन**=...सँग; **समं**=समान भएको; **तं वित्तं च**=...पनि; **तं रतनञ्च**=....पनि; **न नो अत्थि**=नरहेको पक्का भयो; यसरी पनि (अर्थ) दिन मिल्छ । तर अर्थकथामा; **पिण्डार्थ**=देखाइराखेको **'किं वित्तं होति; यं एतं वित्तञ्च रतनञ्च पकासितं एत्थ एकम्पि बुद्धरतनेन सदिसं रतनं नेवत्थि'** लाई आधार लिएर **एत्थ** भनी नियत थप्ने अर्थ अभिप्राय सबभन्दा सुहाउँछ भनी विचार गरी **एत्थ**=यी रत्नहरूमध्येमा भनेर अर्थ दिएको छ ।



Downloaded from http://www.dhamma.digital

**इध**-मा शासन, लोक, देश, पदपूरण भनी चारथरी अभिप्राय रहेकामा यहाँ मनुष्य लोकमा भन्ने अभिप्राय हो। हुरं=इतर अर्थवाची निपात हो। मनुष्य लोकबाट अलग्ग भन्दा बाकी रहेका सबै लोकलाई लिनुपर्ने भए जस्तो भए पनि सग्गेसु-लाई पछि बोलिने भएकोले देव-ब्रह्मादेखि अलग्ग रहेका नाग, गरुडलोक आदिलाई मात्र पारिसेस नय अनुसार लिनुपर्दछ। **सग्ग**-शब्द देवलोकलाई मात्र व्यक्त गर्ने स्वभाव रहेको भए पनि **'सोभनेन कम्मेन**=शोभा भइ उत्तम भएको कर्म; **अजीयन्तीति**=पुग्नुपर्ने हुनाले; **सग्गा**=सग्ग भन्दछन्' भन्ने अर्थ चिन्तन गरी ब्रह्मलोकलाई पनि फेरि लिनु पर्दछ। तर भूमि विमान नभएको अरूप भूमिमा रत्न उपलब्ध हुन नसक्ने हुनाले **सग्ग** -को स्वरूपमा रूपावचर ब्रह्महरूलाई मात्र लिनुपर्दछ।

**'यं किञ्चि वित्तं** -को स्वरूप अनुसार मनुष्यलोकमा ब्यापार लेनदेनको लागि वा अलंकार प्रयोगको लागि व्यवहार गरिने सुन चाँदी मोती, माणिक, पत्थर, नीर आदि रत्न जडित भूमि विमानमा उत्पन्न भइरहने नाग, गरुड आदिहरूका रत्नहरू हुन्। **सग्गेसु वा रतनं**-द्वारा देव, ब्रह्म भूमि विमानमा उत्पन्न भइरहनेहरू, अधिकारी हकवाला सम्पन्न भएका, नभएका रत्नहरू भए। **'न इति पटिसेधे नो इति अवधारणे'** भन्ने अर्थकथा अनुसार **न नो समं** -मा **नो** कुनै ठाउँमा प्रतिवेध अर्थमा लागे पनि यहाँ **न**- ले प्रतिषेध अर्थ व्यक्त गरिसकेको भएर **नो** -अवधारण अर्थमा लगाउनुपर्दछ।)

## बुद्धको अर्थ

(**इदम्पि बुद्धे रतनं** -मा **रतनं** -लाई अर्थकथा मा भावपद चिन्तन गरिराखेको छ। रतनं -भावपद भयो भने **बुद्धे** सम्बन्ध हुन योग्य छ भनी **बुद्धे बुद्धस्स**=...को **इदम्पि रतनं**=... रत्न पनि भनी सम्बन्ध अर्थ दिने चलन छ। **बुद्धे**-को सम्बन्ध अर्थ उचित रहेको त सही हो। तर एउटा पद त्यसको प्रकृति अर्थ अनुकूल नभएको अवस्थामा मात्र अर्को अर्थसँग परिवर्तन गरी अर्थ दिनु स्वाभाविक हुनेछ। यहाँ **बुद्धे** -र **रतनं**-आधार आधेय्यको रूपमा उचित र अनुकूल रहेकै छ। त्यसैले अर्थकथामा **बुद्धे रतनं पणीतं**-भनी बुद्धको आधार रूपमा मात्र वर्णन गरिएको छ। **बुद्धे रतनं** -लाई अभिप्राय व्यक्त गरिएकोमा पनि **'न हि यत्थ रतनं अत्थि; तं रतनन्ति सिज्झति'** आदि भनी आधार रूपमा मात्र व्यक्त गरिएको छ। त्यसैले यहाँ **बुद्धस्स**-भनी नसच्याइकन नै **बुद्धे**=बुद्धसँग भनी अर्थकथाकारका रुचिअनुसार (अर्थ) दिएको छु।



Downloaded from http://www.dhamma.digital

## अर्को अर्थ एउटा

(*अर्थकथा* मा **रतनं** -लाई भाव लोप चिन्तन नगरी अझ अर्को एकथरीले अर्थ वर्णन गरिएको छ। उक्त अर्थ अनुसार **इदम्पि**-लाई कारण चिन्तन गरी **बुद्धे**-लाई पनि **वनप्पगुम्बे** आदिमा जस्तै प्रथम अर्थमा सप्तमी चिन्तन गरी **इदम्पि**=यस कारणले गर्दा, **बुद्धे-बुद्धो**=तथागत बुद्ध, **पणीतं**=प्रणीत भएको, **रतनं**=रत्न रहेछ भनी (अर्थ) दिइएको छ।

## रत्नलाई भाव चिन्तन ढंग

(*अर्थकथा* मा **रतनं**-को भाव रूपमा वर्णन गरिराखेकोले **'रतनस्स भावो रतनत्तं'** गरी **लोपो** -भन्ने *मोग्गल्लान सुत्त* (४-५९-१२३) द्वारा त्त -लाई लोप गर्नुपर्दछ। भाव लोप चिन्तन गर्न पर्नुको कारण अर्थकथाको वर्णन क्रमैसित बताउँदछु। **'चक्खु सुञ्ञं अत्तेन वा अत्तनियेन वा'** मा बाहिरकहरूको छन्द अनुसार **चक्खु** नै **अत्त, अत्तनिय** भई **चक्खु अत्त**, **अत्तनिय** स्थितिबाट शून्य भइरहेको अवस्थामा **चक्खु चक्खुं** द्वारा शून्य रहेको छ भन्ने अर्थ हुन जाने भएकोले हटाई पठाएको भन्ने हुँदैन। **चक्खु अत्त** भइरहेको कुरा (**सामि, निवासी, कारक, वेदक, अधिट्ठायक सभाव**) बाट शून्य रहेको छ भनी भाव अर्थलाई व्यक्त गरी बताएमा मात्र **चक्खु अत्त** होइन भनी हटाइदिएको हुन जान्छ। त्यस्तै भने जस्तै **बुद्धे रतनं** -मा **रतनं** -लाई भाव चिन्तन गरेन भने आधार स्थल र आधारित वस्तु भेद हुनुपर्ने भएकोले बुद्ध र रत्न भेद नभई बुद्ध नै रत्न भई बुद्धमा रतन प्रणीत भएको छ भनी आधार, आधेय्यको भाव घट्दैन। कुन ठाउँमा रत्न छ भन्दा उक्त क्षेत्र रत्न नभएको हुनाले बुद्ध रत्न होइन; बुद्ध अलग, रत्न अलग भन्ने अर्थ लाग्न जान्छ। त्यसैले रत्न भाव लोप भइ बुद्धसँग रत्नको भाव (**चित्तीकत** आदि गुणहरू) रहेका छन् भनेमा मात्र अभिप्राययुक्त भई उचित हुने हुनाले **रतन** -लाई भावपद -को रूपमा अर्थकथाचार्यले चिन्तन गरिराखेको हो। **भावप्पधान**-पनि भन्न मिल्छ।)

## सुन्दर बनाइदिन सक्छ

**'रतिं जनेतीति रतनं'**=मनमोहक हुनुलाई उत्पन्न गर्नसक्ने हुनाले 'रत्न' भन्दछन्। तथागतको रूपाकृति पनि शोभायमान भइ दर्शनीय प्रासादिक



Downloaded from http://www.dhamma.digital

छ । आवाज पनि रमाइलो छ । उपदेश पनि वाक्य राम्रो भई अर्थ अभिप्रायले पूर्ण छ । त्यसो हुनाले तथागत दर्शन गर्न पाउँदा वा उपदेश सुन्न पाउँदा हर्षले असीमित गद्‌गद् हुन्छन् । बुद्ध तथागतका गुणहरू धेरै भएकोले पनि सबभन्दा विशिष्ट रूपले प्रकट भइरहने हुनाले उक्त सम्बन्धित गुणहरूमा ध्यान दिँदा, आरम्मण गर्दा पृथग्जनहरूलाई नै अति प्रीति उत्पन्न हुने गर्दछ । तथागतको धर्मलाई जानेर आर्य भएका व्यक्तिहरूको सन्तोष र उल्लास त वर्णन गरेर नै साध्य छैन । यसरी बहुजनलाई हर्षित गर्ने हुनाले तथागत **'रतन'** नामधारी हुनुभयो ।

## रमाइलो हुने

त्यसपछि फेरि रमाइलो गरिदिने कारणले गर्दा पनि 'रत्न' भनी भन्नुपर्दछ । तथागतको उपदेश सुनेर अध्ययन मनन र पूजा पाठ गरिबसेमा धर्म जान्नेहरू, धर्म बुझ्नेहरूले मनमा रमाइलो अनुभव गरिबस्न पाउँदछन् । तथागतको अनुशासन अनुसार धारण पालन आचरण गरिरहेकाहरू कतिपयले ध्यान सुख प्राप्त गरी 'ध्यानरति' द्वारा रमाइलो अनुभव गर्न पाउँदछन् । कतिले विपश्यना उद्योग र अभ्यास गरी नाम-रूप उत्पत्ति विनाशलाई देख्न पाउनुद्वारा उत्पन्न हुने प्रीति मनुष्यहरूका रमाइलो कुराहरू मध्येमा कुनैसँग पनि तुलना गर्न नमिल्ने गरी विशिष्ट किसिमको रमाइलो हो भनी भनिएको छ । देवताहरूका रमाइलोसँग पनि तुलना गर्न सुहाउँदैन । मार्गफल लाभ भई फलसमापत्ति सुख अनुभव गर्नपाउँदा त बेजोड किसिमको सुखले प्रफुल्लित भएको जस्तो भइ लोकमा कुनै किसिमका रमाइलोसँग समेत दाँज्न नमिल्ने अतुलनीय रमाइलो अवश्य हुन्छ। इत्यादि ढंगले विभिन्न किसिमका रमाइलो उत्पन्न गर्ने हुनाले पनि बुद्ध तथागत 'रत्न' भन्ने नामधारी हुनुभयो ।



Downloaded from http://www.dhamma.digital

## रत्नको अर्थ पाँचथरी

अनि फेरि जुन क्षेत्र आदर गौरव सत्कार सम्मान गर्न लायक छ; धेरै मूल्यवान छ; अतुल्य छ; भेटाउन देख्न पनि गाऱ्हो; उत्तम व्यक्तिहरूले मात्र प्रयोग गर्न सकिने हो; त्यस्ता क्षेत्रलाई 'रत्न' भन्दछन् भनी रत्नको अर्थ पाँच थरी देखाइएका छन् ।

**चित्तीकतं महग्घञ्च; अतुलं दुल्लभदस्सनं ।**
**अनोमसत्तपरिभोगं; रतनं तेन वुच्चति ।**

**चित्तिकतं**=मनमा दरो गरी सङ्गालेर राखी सन्मान पनि गर्नुपर्ने; **महग्घञ्च**=धेरै मूल्य पनि पर्ने; **अतुलञ्च**=तुलना गर्न नसकिने; **दुल्लभदस्सनं**=देख्न पनि गाह्रो भएको; **अनोसत्तपरिभोगञ्च**=हीन नभएका श्रेष्ठ उत्तम व्यक्तिहरूबाट मात्र उपभोग्य पनि भएको; **तेन**=ती कारणहरूले गर्दा; **रतनं**='रत्न' भनी; **वुच्चति**=भन्दछन् ।

**गौरव सन्मान योग्य छ; हो यो बहुमूल्य पनि ।**
**अतुल्य, दुर्लभदर्शन छ; श्रेष्ठद्वारा उपभोग्य पनि ।**
**अर्थ पाँचथरी रत्नको; बुझ्नु सकल जनले ।**

Dhamma.Digital

## गौरव राख्न योग्य

लोकमा गौरवनीय भएका, सम्माननीय भएका धेरै रत्नहरू रहेकाले ती रत्नहरूप्रति गौरव राख्नुभन्दा त तथागतलाई बढी गौरव राख्ने गरिन्छ । बुद्धकालीन अवस्थामा मानिसहरूले गौरव राखेर पूजा गर्नुपर्ने आचार्यहरू थरी-थरी थिए । तथागतले गौरव र पूजा-सत्कार पाएजति अरु आचार्यहरूले पाउँदैनथे । तथागतलाई त मनुष्यहरूबाट मात्र नभई देव ब्रह्माहरूबाट समेत गौरव र सम्मान राख्ने पूजा गर्ने गरिआएकै छन्, होइन र ? त्यसैले नै देवता पूजा गर्नेहरू, ब्रह्मा पूजा गर्नेहरू उनीहरूको आधार-भरोसा लिने व्यक्तिहरू जब बुद्धको विषयमा थाहा पाउँछन् तब देव ब्रह्माहरूलाई छाडी तथागतलाई मन पराई मान्य ठानेर पूजा गर्दछन् ।



Downloaded from http://www.dhamma.digital

जंगली मानिसहरू र घाँस खाने मृगजातिक चौपायाहरूले माणिक रत्न देखे पनि असल-खराब, मूल्यवान हो वा होइन जान्नु पर्दछ भन्ने कुरा जान्दैनन् । असल, खराब जानेर मूल्यवान हो-होइन जानेकाहरूले मात्र खुशी प्रसन्न भइ सन्तुष्ट भई बुझ्न सक्दछन् । तथागतसँग सबभन्दा विशिष्ट गुणांगहरू प्रकट रूपमा रहेकोले उक्त गुणांगहरूलाई बुझ्ने प्रज्ञा ज्ञानयुक्त मानिसहरूले 'तथागतभन्दा उच्चस्तरका पूजनीयहरू सम्माननीयहरू भेटाउन सक्दैनथे । तथागतका गुणांगहरूलाई अनुमान गर्ने काममा मार्गज्ञान, फलज्ञानसम्म ज्ञान भएकाहरूले त बुद्धरत्नको गुणांगलाई उच्चकोटी भएको अनुमान गरी निर्णय गर्दथे । त्यसैले स्रोतापन्न भयो भने **बुद्धे अवेच्चप्पसादेन समन्नागतो**=(तथागतप्रति दृढ र अटल रूपमा श्रद्धा र प्रसन्नता सम्पन्न भएका) हुन पुग्दछन् । त्यसो हुनाले गौरव सम्मान राख्नलायक भएकोले रत्न भन्यो भने उक्त अर्थ सबभन्दा गौरवनीय तथागतसँग मात्र अनुकूल हुनाले तथागत नै साँच्चैको रत्न भयो ।

**बहुमूल्य**

लोकमा मूल्य नै तोक्न नसकिने गरी धेरै मानिसहरूबाट अतिव लोभ गरिने रत्नहरू रहेका छन् । ती रत्नहरूसँग तथागतलाई दाँजेर तथागतमा नै आधार लिउँ कि; रत्न नै लिउँ कि भनी कुनै एकलाई रोज्न लगाए भने तथागतको विषयमा राम्ररी जान्नेहरूले रत्नलाई एकातिर पन्छाई तथागतलाई नै मात्र मन पराई (लोभ गरी) खुसीसाथ रोजेर लिनेछन् ।

जोतिक, जटिल आदि महाजनहरूसँग अमूल्य अनर्घ रत्नहरू भएकामा ती रत्नहरूलाई छाडेर तथागतको समिपमा आएको कारणले तथागतका अमूल्य अनर्घ भाव बुझ्न सकिन्छ । अझ भन्ने कुरा बाँकी छ; लोकमा थोरै मात्र मूल्य पर्ने रत्नद्वारा (चीजवस्तु) साटेर लिएमा थोरै-थोरै मात्र चीजवस्तु प्राप्त भई जति-जति रत्न मूल्य बढी पर्ने हुन्छ उत्ति-उत्ति नै बढी चीज बस्तुहरू लाभ हुन्छन् । एकचोटी मात्र बुद्ध वन्दना गर्नु एक थुँगो फूल (पुष्प) मात्र दान गर्नुद्वारा



Downloaded from http://www.dhamma.digital

नै बयान नै गर्न नसकिने गरी प्रतिफल प्राप्त हुनु पनि बुद्ध रत्नको अनर्घ भावलाई देखाइरहेको दसि प्रमाण नै भयो। त्यसैले अमूल्य र अनर्घ अर्थ अनुसार रत्न भन्ने हो भने तथागतभन्दा उच्च भएको अमूल्य भएको रत्न भन्ने नरहेको कारणले गर्दा तथागत नै मात्र साँच्चैको रत्न सिद्ध हुन्छ।

## बेजोडको

लोकमा प्रज्ञा महान हुनु; रूप-लावण्य राम्रो हुनु, आदि गुणमा पहिले पहिलेका कारण कुशल कर्महरू पनि रहेकै हुन्छन्। कारण कर्म विशिष्ट र श्रेष्ठ भएका व्यक्तिसँग लाभ गुणहरू पनि धेरै भई विशिष्टतायुक्त हुन्छन्। चारअसंख्य, एकलाख कल्पभन्दा बढी अवधिमा अरुले भन्दा धेरै कुशल पारमिता पूर्ण गर्नु पर्ने; अरुसँग बेजोड हुने गरी सम्पन्न गरिआएको हुनुपर्ने भएको कारणले कर्म अरुको भन्दा उच्चस्तरको बनाइआएको अनुसार परिणाम र गुणांग पनि फरक हुनैपर्छ। सर्वज्ञता ज्ञान एउटाद्वारा नै अतुल पद धारण गर्न योग्य भइसके। अरु-अरु रूपकाय, धर्मकाय सबैसँग दाँजोमा आउनसक्ने कोही बाकी नरहेकोले गर्दा बुद्धकालीन अवस्थामा नै अनुत्तर (=जोडा नभएको/बेजोड) पुद्गल नै भयो भनी बारम्बार प्रशंसा प्राप्त गर्न पाउनुभयो। लोकका रत्नहरू सम्बन्धित देशमा मात्र अतुलनीय हुने भए पनि अन्यत्र कतै न कतै त्यससँग समान भएको अथवा त्योभन्दा पनि उच्चस्तरका रत्नहरू रहेकै हुन्छ। चक्ररत्न भनेको त्यसको युगमा अतुलनीय भन्नुपरे पनि तथागत नभएको अवस्थाले मात्र हो; यदि बुद्धसँग दाँज्नुपरेमा चक्ररत्नलाई बुद्धभन्दा बढी मान्न कहाँ सकिएला र! त्यसैले अतुलनीय अर्थअनुसार तथागत मात्र रत्न भन्न लायक हुन्छ। तथागत उच्चस्तरका नै भएकालाई छाडौं तथागतसँग समानस्तरका पनि अरु हुन नसक्ने तथ्यले आश्चर्य अद्भूत भएको विशिष्ट रत्न नै भएको छ, होइन र?



Downloaded from http://www.dhamma.digital

## दर्शन दुर्लभ

उ जस्ता, म जस्ता सामान्य देव मनुष्य ब्रह्माहरू दुर्लभ नभई सधैंजसो देखिने हुन्छन्। आश्चर्यजनक विशिष्ट पुरुषजाति उत्तम पुद्गल तथागत कहिलेकाहीं मात्र अद्भूतरूपले उत्पन्न हुने हुनाले दर्शन दुर्लभ हुन्छ। शासनभन्दा बाहिर उत्पन्न हुनुहुने प्रत्येक बुद्धहरू धेरै-धेरैजना उत्पन्न भइरहने हुनाले दर्शन दुर्लभ भन्नुपर्दैन। बुद्ध हुनलाई चार असंख्य, आठ असंख्य, सोह्रअसंख्य समय बित्नेगरी पारमी पूर्ण गर्नुपर्ने, जो कसैले पनि इच्छा गर्ने आँट नगर्ने, रक्त संचार नै रोकिएला जस्तो गरी वीरता देखाई बुद्धत्व प्रार्थना गरी बस्न चाहनेहरू दुर्लभ नै हुन्छन्। बुद्धत्व प्रार्थना गर्नेहरूमा पनि कोही कोही नियत-व्याकरण प्राप्त गर्न अगावै नै पछि हट्नुपर्नेहरू पनि छन्। नियत-व्याकरण लाभ हुनेहरू एक-दुईजना मात्र हुन्छन्। ती एकदुईजना मध्येमा पनि असंख्य कल्पानकल्पसम्म पारमी पूर्ण गर्नुपर्ने हुनाले कति-कति समय बितेपछि मात्र बुद्धको रूपमा उत्पन्न हुने हुन्छ।

यसरी बुद्ध-दर्शन पाउनु दुर्लभ छ। त्यसो हुनाले प्रज्ञावानहरूले नै पनि बुद्धोत्पन्न समय लाभ गर्न गाह्रो छ। एक चोटी चुकेपछि पछि भेउ पाउन न नसकिने गरी चिप्लिन पुग्ने हुन्छ। यस्तो मुश्किलले पाइने बेलामा अवसर चुक्न दिनहुन्न, उचित छैन भनी मार्ग फल लाभ गर्नको लागि जोडतोडले उद्योग र प्रयास गर्ने गर्दछन्। त्यसैले दुर्लभ दर्शन अर्थअनुसार रत्न भनेमा बुद्धभन्दा दर्शन दुर्लभ हुने व्यक्ति हुनै नसक्ने हुनाले बुद्धलाई मात्र रत्न भन्नुपर्छ।

## श्रेष्ठ उत्तम व्यक्तिहरूबाट मात्र उपभोग्य

सेवन गर्नु भन्नुमा उपभोग गर्नु, सत्संगत गर्नु, अनुशासनलाई पालन गर्नु, अनुशासन अनुसार आचरण र अनुशासन गर्नुद्वारा बोधिपक्षीय रत्न, मार्ग फल रत्न लाभ गर्नु नै हो। लौकिक रत्नहरू त हीन जातिक, तल्ला स्तरका मानिसहरूबाट समेत उपभोग गरिरहन पाइने भएको स्पष्ट



Downloaded from http://www.dhamma.digital

नै छ । बुद्ध-रत्न त हीन पुरुषहरूको क्षेत्र होइन । परिशुद्ध उत्तम आर्यहरू र उत्तम आर्य हुनको लागि पहिलेका कुशल कर्म उपनिश्रय भएकाहरू भाग्यवानहरू श्रेष्ठ उत्तम व्यक्तिहरूद्वारा मात्र सेवनीय क्षेत्र हो । परिशुद्ध व्यक्तिहरू मात्र बुद्धसँग नजिकका भएर अपरिशुद्धहरू हीनहरू बुद्धबाट टाढाका भएको कुरा बताउनुभएको आधार लिनु पर्दछ । (रतन सुत्त, ये पुग्गला गाथा वर्णन हेर्नुस् ।) त्यसैले उत्तम व्यक्तिहरूको मात्र सेवनीय क्षेत्र भएकोले रत्न भन्नाले बुद्ध-रत्न मात्र साँच्चै उत्तम व्यक्तिहरूको सेवनीय सही रत्न भन्न मिल्छ । उत्तमहरूका मात्र सेवनीय भएकोले रत्न भन्ने बेलामा तथागत बुद्ध मात्र नै असली रत्न भयो । बुद्ध-रत्न त मिथ्यादृष्टिकहरू, श्रद्धारहित हीन व्यक्तिहरूका सेवनीय होइन । तथागतका मूल्य नजान्ने साधारण मनुष्यहरूको क्षेत्र होइन । साँच्चै उपनिश्रय सम्पन्न, मार्ग-फल लाभ गर्न योग्यहरू श्रावक, महाश्रावकहरूका मात्र सेवनीय क्षेत्र भएकोले **अनोमसत्तपरिभोग** अनुसार साँच्चैको रत्न नै रहेछ । बुद्धको शरणमा गइरहेछु भने पनि तथागतको धर्म लाभ नभएकाहरूका लागि सर्वोत्तम सेवन भइसकेको हुँदैन । धर्मलाई अधिनस्थ गर्नुद्वारा मात्र बुद्ध-रत्नलाई उच्चस्तरले असल तरिकाबाट सेवन गरेको बन्ने गरी उद्योग गर्नु उचित छ ।

## परित्राण प्रभाव वृद्धि गर्नको लागि

लोकमा रत्न भनी भन्दा साह्रै नै मान्यता गर्दछन् । अत्यन्त राम्ररी हेरविचार गरी सुरक्षित गरी राख्ने गर्दछन् । बुद्धप्रति रत्नको रूपमा कतिसम्म गहिरोसित मन लगाई विश्वास र श्रद्धा राखी मन पराइरहेका छन् नि ? बुद्धारम्मणलाई आदर गौरवपूर्वक हेरविचार गरी कतिसम्म मनभित्र घुसारी राखिएको छ नि ? बुद्ध-गुण जान्नेहरूका निम्ति अतिव सन्माननीय भएको असली रत्न हुन्छ । उनीहरूका निम्ति यो **'यंकिञ्चि वित्तं'** गाथा जति पाठ गरे पनि नपुग भइरहन्छ; जति आकर्षक माने पनि नपुग मानिरहन्छन् ।



Downloaded from http://www.dhamma.digital

त्यस्तो हुनेको परित्राण मात्र अति प्रभाव र आनुभावयुक्त हुने हुनाले अन्तरायबाट साँच्चै मुक्त बनाउनेछ। आयुष्मान आनन्द स्थविरले त बुद्ध-गुणलाई धेरै-धेरै विचार र निरीक्षण गरेर मात्र परित्राण पाठ गर्नुभयो। स्रोतापन्न भएर **अवेच्चप्पसाद** युक्त भएको मात्र होइन बुद्ध-गुणमा बहुश्रुत पनि धेरै नै भएको हुनाले जति सन्तुष्ट माने पनि अझै-अझै इच्छा लाग्छ; श्रद्धा प्रसन्न अनुभव जति गर्दा पनि अझै इच्छा लाग्ने चित्त भएका उहाँको परित्राण अति नै प्रभावकारी हुन्छन्। परित्राणको अर्थ नबुझे पनि आस्था र विश्वास प्रबल भएकाहरूलाई परित्राणको प्रभावको फल योग्यता अनुसार लाभ नै हुन्छ। तर परित्राणको अर्थ जानेर गुणलाई आरम्मण गर्नपाइनाले गर्दा प्रीति, प्रश्रब्धि उत्पन्न गर्न पाइने अति विशिष्ट भएको श्रीशोभा र मंगल रहेछ। त्यसरी श्रीशोभा मंगल हुने व्यक्तिप्रति अमंगलहरू हटेर गई असल परिणामहरू वृद्धि भइआउने सुनिश्चित भइराखेकोले परित्राणको अर्थ अभिप्राय क्रमशः जानिने किसिमले प्रयास र प्रयत्न गर्नुपर्दछ।

## सत्य वचन

कुनै कुनै क्षेत्रमा सही कुरा बोल्नु, बताउनुलाई सत्य भन्दछन्। उक्त सत्यलाई वचीसत्य भन्दछन्। झुठो, असत्य कुरा गर्नुबाट विरत हुनुलाई पनि सत्य नै भन्दछन्। उक्त सत्य त विरति सत्य हो। दुःख, समुदय, निरोध, मार्ग यी चारवटालाई पनि यथार्थ भइरहेको स्वभावहरू हुनाले सत्य नै भनी भन्नु पर्दछ। आर्य सत्य हो। त्यसमध्येमा साँच्चै प्रकट रूपमा अस्तित्वमा रहेकोले विनाश नहुने उत्तम स्वभाव भएकोले निर्वाणलाई परमार्थ सत्य भन्नुपर्दछ। वास्तविक नभए पनि आफूले सत्य भनी बलियोसित ग्रहण गरिएको अनुसार सत्य भन्नुपर्ने दृष्टिसत्य पनि अझै छँदैछ। यी सत्यहरू मध्यमा **'एतेन सच्चेन'** अनुसार सत्य त वचीसत्य नै भयो। वचीसत्य वास्तविक घटनालाई वास्तविक रूपमा बोल्नु भन्नु एक प्रकारको स्वभाव नै भयो। उक्त स्वभाव धर्ममा त विषलाई हटाउन सक्ने, आगोलाई शान्त पार्न



Downloaded from http://www.dhamma.digital

सक्ने, पानी पार्न सक्ने, आकाशमा आफूलाई स्थीर पार्न सक्ने आदि विभिन्न अद्‌भूत घटनाहरूलाई उत्पन्न गराउन सक्ने शक्ति छ ।

## सुवर्ण साम

बोधिसत्व सुवर्णसाम वाण लागेर वाणको विषको प्रभावले मूर्च्छित परिरहँदा 'यो साम धर्माचरण गरिरहेका, उत्तम आचरण गरिरहेका, सत्य वचन बोल्ने, आमा बुबाको उपस्थान गर्ने, ज्ञाति बन्धुको समूहमा वयस्क वृद्धहरूलाई आदर-गौरव गर्ने भएकोले सामलाई आफ्नो प्राणभन्दा पनि बढी मनपर्ने भएकोले यस सत्यको स्वभाव अनुसार सामको विष घटेर जाओस्' भनी आमा बुबा दुवैले सत्य कराल गरे ।

देव अप्सराले पनि 'साम आफ्नो प्राणभन्दा पनि बढी प्यारो लागेको कुरा; यस गन्धमादन पर्वतमा सबै रुखहरू सुगन्धयुक्त रहेको कुरा; यी सत्य अनुसार सामको विष घटेर जाओस्' भनी सत्य कराल गरिन् । उक्त सत्यको प्रभावले विष घटेर वाणको घाउको दाग समेत पनि हराउने गरी प्रकृति रूपमा नै स्वस्थ र निरोगी भए ।

## कृष्ण द्वैपायन

सत्य स्वभाव धर्म एउटै भएकोले सत्य बोल्नु नै मुख्य कुरो भएको हुनाले असल विषय मात्र बोल्नाले होइन कि यथार्थ घटनालाई व्यक्त गरियो भने खराब विषय नै व्यक्त गरिए पनि त्यसमा शक्ति सामर्थ्य हुने गर्दछ । कृष्ण द्वैपायन जातकमा मन्दव्य गृहपति दम्पति कृष्णद्वैपायनकहाँ दर्शनार्थ आइरहेको बेलामा प्वालमा भकुण्डो झिक्नगएका यज्ञदत्त नामका छोरालाई सर्पले टोक्दा सत्य कराल गरे । ऋषिले 'म ऋषि व्रताचरणमा सात दिनमात्र रमाएँ; त्यसपछि पचासवर्षभन्दा बढी समयसम्म मन नपराइकनै आचरण गरिआएको छु । यस सत्यको कारणले यज्ञदत्त सुखी होस्; विष घटेर गई जीवित होस्' भनी बोले । विष दूधको मुन्टोसम्म झऱ्यो । त्यसपछि बच्चाको



Downloaded from http://www.dhamma.digital

बुबाले 'म दान दिन रुचाउँदिनँ, अरुले निन्दा गर्लान् भनेर मात्र दिन मन नलागे पनि दान दिई आएको छु। यस सत्यद्वारा विष घटोस्' भनी बोले। विष कम्मरमाथिसम्म झऱ्यो। त्यसपछि आमा चाहीँले 'ममा मेरो प्यारो छोरोलाई वैरभाव राख्ने सर्प र छोरोको बुबाप्रति अप्रियभाव समान नै रहेको छ; यस सत्यद्वारा विष घटोस्' भनी बोलिन्। त्यसबेला विष बिल्कुलै झरेर गई बच्चा स्वस्थ भयो। (*जातक प्र. २०८*)

सत्यको कारणले पानीको फाँटलाई खेतको फाँटलाई झैं पार गरेर जानसक्ने शक्तिलाई र आकाशमा पृथ्वीमा झैं बसिराख्नसक्नुलाई *महाकप्पिन कथावत्थु, काष्ठवाहन जातक* आदि अनुसार जान्न सकिन्छ। यस परित्राणमा नै सुगाराजको सत्यद्वारा आगो हटेर गएको र अंगुलीमाल स्थविरको सत्यको कारणले गर्भ उत्थान भएको विवरण पछि पढिने छ। यसमा तथागतका गुणहरू सुनिश्चित-रूपले निस्सन्देह सही तथ्य भएकोले उक्त तथ्यद्वारा सत्य वचन बोल्नुले अन्तराय निवारण भई सुख हुने प्रतिफल सिद्ध नगरी बस्न सक्दैन; त्यसो हुनाले **'एतेन सच्चेन सुवत्थि होतु'** भनी सत्य कराल गरिएको छ।

## सुवत्थि

(**'सुवत्थि आसिद्धत्थम्हि'** भन्ने *अभिधान*अनुसार **सुवद्धि आसिद्ध** (=प्रार्थना गर्नु) अर्थवाची हो। सुखी होस् आदि भनी प्रार्थना गर्नु हो। *अर्थकथा* मा सु-शब्द शोभन अर्थवाची हो। **अत्थि-अत्थिभाववाची** -भनी बुझाउने मनसाय राखी **'सोभनानं अत्थिता होतु अरोगता निरूपद्दवता'** भनी वर्णन गरिएको छ। उत्तम विषय भएको भाव भन्दाखेरी सुख हुने प्रार्थना सबै सिद्ध हुन सकेता पनि यहाँ क्षेत्र अनुसार रोग निवारण, अन्तराय निवारण आवश्यक भइरहेकोले गर्दा **अरोगता निरूपद्दवता'** भनी भनियो। यस वर्णन अनुसार **सुवत्थि** नामपद भनी भन्नुपर्ने जस्तो अवस्था छ। तर विभक्तिको कारणले विशिष्ट रूपहरू उत्पत्ति हुने अवस्था नभएकोले **सोत्थि**-जस्तै अव्यय पद भनेर नै *सद्दनीति (सुत्त ३८८*) -मा भनिएको छ।

(३१) **खयं विरागं अमतं पणीतं;**
**यदज्झगा सक्यमुनी समाहितो।**



Downloaded from http://www.dhamma.digital

**न तेन धम्मेन समत्थि किञ्चि;**
**इदम्पि धम्मे रतनं पणीतं ।**
**एतेन सच्चेन सुवत्थि होतु ।**

(३१) **समाहितो**=आर्य मार्ग समाधिद्वारा स्थीर चित्तवाला हुनुभएका; **सक्यमुनी**=उहाँ शाक्य वंशमा जन्मिनुभएका तथागतले; **खयं**=क्लेश क्षय हुने विषय भएको; **विरागं**=राग आशक्ति हराई निवारण भएको; **अमतं**=मृत्युरहित भएको; **पणीतं**=सन्तोष नमानिकन प्रणीत भएको; **यं**=जुन निर्वाणधातु धर्मलाई; **अज्झगा**=प्राप्त गरिलिइसक्नुभयो । **तेन धम्मेन**=उक्त निर्वाणधातु उत्तम धर्मसँग; **समं**=समान भएको; **किञ्चि**=कुनै एउटा धर्म पनि; **न अत्थि**= छैनन्; **धम्मे**=निर्वाण धर्ममा; **इदम्पि रतनं**=यस रत्न भनी चिन्न योग्य हुनुको कारण गुण समूह पनि; **पणीतं**=अति प्रणीत भएको हो; **एतेन सच्चेन**=यस सत्य वचनको कारणले; **सुवत्थि होतु**=सत्वहरू सुखी होउन् ।

## भावार्थ

आर्य मार्ग समाधियुक्त हुनुभएका; शाक्य कुलमा जन्मिनुभएका तथागतले क्लेश क्षय भएको राग आशक्ति हरण भई, सिद्धिई, निवारण भइराखेको मृत्यु रहित उत्तम जुन निर्वाण धर्मलाई जानेर, देखेर, भेटाइ लिइसक्नुभयो उक्त निर्वाण धर्मसँग गुणांगमा समान भएको धर्म भन्ने अर्को कुनै एउटा पनि छैन । निर्वाण धर्ममा यसलाई रत्न भनी जान्न बुझ्न सकिने कारण गुणसमूह पनि श्रेष्ठ प्रणीत छ । यस सत्य वचनको कारणले सत्वहरू सबै सुखी होउन् ।

## निर्वाण धर्म

निर्वाण धातुलाई नदेखेसम्म नजानेसम्म कोही बुद्ध बन्न सक्छ भन्ने छैन । प्रत्येकबुद्ध, आर्यश्रावक भाव सबै यही निर्वाण धातुको दर्शनबाट मात्र हुने हुन्छ । यस शासनमा निर्वाण लाभ नभएसम्म कहाँ छोड्छु र भनी अति



Downloaded from http://www.dhamma.digital

इष्ट भई मन पराई प्रार्थना गर्न योग्य उत्तम धर्म हो। त्यसैले बुद्धगुणलाई प्रशंसा गरिसकेपछि बुद्ध हुने कारण परमोत्तम धर्म निर्वाणलाई गौरव राख्ने इच्छा भएकोले **'खयं विरागं'** आदि भनी बताउनुभयो।

## खयं विरागं

निर्वाण भनेको शान्ति धातु नै हो। क्लेशहरू शान्त र शीतल हुने स्वभाव रूप, नाम, संस्कारहरू निरोध र शान्त हुने स्वभाव भएर 'सन्तिलक्खणं निब्बानं' (=निर्वाण भनी जानकारी दिने कारण लक्षण चिन्ह शमन स्वभाव नै हो) भनिएको छ। लोकमा रोग निको भइ शान्त हुनु आदि शान्त स्वभाव भन्ने रहेकोले उक्त शान्त हुनु कुन ढंगले कसरी भनी द्रव्य पदार्थ आकारको रूपमा देखाउन सकिने नभए पनि स्वभावअनुसार त अस्तित्व भएका धातुहरू नै हुन्। त्यस्तै नै रूप, नाम, संस्कारहरू उत्पन्न नहुने गरी निरोध र शान्त हुनु भनेको शमन धातु प्रकट भइरहेको भए पनि शान्त शीतल स्वभावअनुसार द्रव्य पदार्थ आकार संस्थान निमित्त अनुसार के कसरी भनी देखाउनु बताउनु त हुन सक्दैन; त्यसैले निर्वाणलाई प्रत्यक्ष रूपमा पुगेर बुझ्नुभएका आर्यहरूले संस्कारहरू जस्तै निमित्त आकार-प्रकारहरूलाई नदेखे पनि संस्कारहरू नहुनु, निवारण हुनु, हराएर जानु, शान्त हुनुलाई मात्र जानकारी हुने भएकोले 'अनिमित्तपच्चुपट्ठानं (=निमित्त आकार-प्रकार नभएको धर्म भनी योगी ज्ञानमा देखिने प्रकट हुनेछ) भनी भनिएको छ।

क्लेश संस्कारहरू निरोध र शान्त हुनु नाश भएर हराएर जाने स्वभाव भएकोले नै निर्वाणलाई व्यक्त गरिएकोमा तृष्णाको निरोध र शान्त हुनु, क्षय हुनु; राग, द्वेष, मोह सिद्धिनु आदि भनी क्लेश शान्त हुनुको रूपमा पनि व्यक्त गरिएका छन्। कुनै-कुनै ठाउँमा चक्षु आदि आयतन छवटा निरोध र शान्त हुनुको रूपमा बताइएका छन्। रूप, नाम संस्कारहरू निरोध र शान्त हुनुको रूपमा पनि बताइएका छन्।

कुनै-कुनै ठाउँमा पृथ्वी आदि महाभूत, आकासानञ्चायतन आदि



Downloaded from http://www.dhamma.digital

अरूप नामहरू नभएको यो जन्म, पछिको जन्म, सूर्य, चन्द्र आदि नरहेको रूपमा संस्कारहरूसँग एउटा भिन्न तिरको विपरिणत विरोधी पक्षको रूपमा बताइएको छ । त्यसैले संस्कारहरू जस्तै नै रहेको भावको रूपमा विशेषता बनाई देखाउन नसकिने हुनाले नरहेको रूपले मात्र गुण विशेषता बनाई देखाउन चाहेकोले **'खयं विरागं'** भनी बताउनुभयो ।

निर्वाण साक्षात्कार गर्नुद्वारा राग आदि क्लेशहरू सिद्धिएर हराएर जानु पर्ने भएकोले क्लेशहरू क्षय हुनुको कारण हुनाले निर्वाणलाई खय -भनी भन्नुपर्दछ । निर्वाणको शमन अर्थ ग्रहण गरी राग आदि क्लेशहरू **अनुप्पादनिरोध** (=फेरि दोहरो उत्पन्न नहुने गरी निरोध हुनु) हराएर सिद्धिएर नाश भई जानु मात्रलाई **खय** -भनी *अर्थकथा*मा फरक किसिमले वर्णन गरिराखेको छ। निरोध हुनुलाई नै निरोधावस्थाको रूपमा आधार अनुसार व्यक्त गरिराखेका देशनाहरू अनुसार यहाँ सिद्धिनु, हराउनुको अवस्था भनी अर्थ्याइ आएको हुँ ।

निर्वाणमा राग आदि बिल्कुल हुँदैन; निर्वाणलाई क्लेशहरूले आरम्मण गर्न सक्ने अवसर पनि छैन; त्यसैले सम्प्रयुक्त अनुसार हेरे पनि, आरम्मण अनुसार हेरे पनि क्लेशहरूसँग विप्रयुक्त भई बिल्कुल विमुक्त भइरहेको मात्र देखिने हुनाले **विराग** -भनिएको हो । त्यसपछि फेरि निर्वाण साक्षात्कार गर्दा राग आदि क्लेशहरू हराएर, सिद्धिएर, निवारण भएको हुनाले राग रहित हुनुको अर्थ अनुसार विराग भनिएको हो । **खय विराग** दुई पद शब्द फरक भई ब्युत्पत्ति फरक भइरहेको भए पनि क्लेश निरोध हुनु नै गुण विशेष छ । दुवै पद सम्पूर्ण क्लेश नाश हुनु भन्ने *अर्थकथा* मा वर्णन गरिराखे पनि अर्थभेद देखिने गरी भनी **विराग** -लाई राग आशक्ति सिद्धिएर नाश भएर निवारण भइरहेको भनी अर्थ दिएको छु । **तण्हक्खय** (=तृष्णा क्षय भएको निर्वाण) भनी भन्दा तृष्णा मात्र होइन अरु-अरु सबै क्लेशहरू सिद्धिएकोलाई समेत जान्नपाइनु जस्तै हो भनी जान्नुपर्दछ । **खय** (=सम्पूर्ण दुःख निरोध र क्षय भएको) आदि भनेर पनि अर्थ दिन सकिन्छ ।



Downloaded from http://www.dhamma.digital

लोकमा अति तीव्र रोग अनुभव गरिसकेका व्यक्तिले जब त्यो हराएर शान्त भइसक्छ, अनि उसले रोग भनेको अति नै खराब, नराम्रो र दुःखदायी विषय हो र यसबाट छुट्कारा पाउनु अति-विशिष्ट र उत्तम भएको कुरा प्रत्यक्ष अनुभव गर्दछ । त्यस्तै नै क्लेशहरू दुःखको कारण भएकोले खराब ढंग भएको सुइरो घोचेको जस्तै बिझ्ने र कट् कट् दुख्ने घाउ-खटिरा रोग जस्तै कष्टकर भएको ढंग देख्ने अवस्थामा ती क्लेशहरू निरर्थक भएको, गुणहीन भएको स्वभाव राम्ररी प्रकट हुनेछ । त्यसरी क्लेशहरू निरर्थक र गुणहीन रहेको स्वभाव जान्न पाउँदा क्लेशहरू निरोध र शान्त भएको निर्वाण साँच्चै अर्थ हितयुक्त भएको रूपमा साँच्चैको श्रीशोभा गुणले युक्त भएको स्वभावको रूपमा प्रकट हुन थाल्दछ । त्यसैले **खय विराग** क्लेशहरू निरर्थक र गुणहीन भएको स्वभाव देखिरहेकाहरूको लागि साँच्चैको आधार भरोसा लिन योग्य मन पराउन योग्य गुणहरू हुनाले त्यस **खय विराग** गुणद्वारा प्रशंसा गरिएको हो ।

**अमत (=अमृत) धातु उप्पादो सङ्खारा, अनुप्पादो निब्बानं**

(=उत्पन्न हुने धर्महरू संस्कार, उत्पन्न नहुने धर्महरू निर्वाण हो ।) इत्यादि पालि अनुसार निर्वाण र संस्कारहरू सिधासिधा विरोधी पक्षहरू हुन् । विरोधी-पक्ष भएकोले नै उत्पत्ति धर्म भएको संस्कारमा शान्ति धातु खोजेर भेटिन नसकिने झैं अनुत्पत्ति धर्म भएको निर्वाण-धातुमा पनि संस्कारहरूको उत्पत्ति स्वभावहरू खोजेर बिल्कुल भेटिँदैन । संस्कारहरू उत्पत्ति-धर्म भएकोले उत्पन्न हुने उत्पाद रहेका छन् । उत्पन्न हुने हुनाले निरोध, भंग पनि रहेका छन् । उत्पन्न भइसकेपछि निरोध हुनु स्वाभाविक भएकोले ती **मत** (=मृत) धातु मात्र हुन् । निर्वाण त अनुत्पाद धर्म भएकोले उत्पन्न हुने उत्पाद छैन । उत्पादन नभएकोले निरोध धर्म भंग पनि छैन । सदा विनाश नभइकन नै स्थीर भइरहेको स्थावर धातु, नित्य धातु भएकोले **अमत** (=अमृत) धातु भन्दछन् । त्यसपछि फेरि यसरी निर्वाण प्राप्त भइसकेपछि मृत्यु हुन नपर्ने भयो । त्यसो भएपछि निर्वाण मरण नहुनाका कारण भयो । त्यसैले नै



Downloaded from http://www.dhamma.digital

**'अमतहेतुताय भङ्गाभावतो च अमतं** (=मरण नहुनुको कारण भएको हुनाले र भंग नरहेको हुनाले अमृत भन्दछन्) भनी *नेतिअट्ठकथा (११९)* -मा वर्णन गरिएको छ।

## अभाव हो कि ?

निर्वाण उत्पन्न पनि नहुने, निरोध पनि नहुने रूप र नामहरूको निरोध र शान्त भएको अभाव अवस्था भनी भन्दा र परमार्थ हिसाबले अभाव रहेको बिल्कुलै अभाव रहेको प्रज्ञप्ति मात्र हुनुपर्ने जस्तो छ भनी दोहरो भन्नुपर्ला जस्तो छ। लोकमा स्वभाव धर्महरू छन्। ती स्वभाव धर्महरू ज्ञानका विषय हुनाले **सच्छिकरण** (=सिधा साक्षात्कार गर्नु) **अत्तपच्चक्ख** (=आत्म प्रत्यक्षीकरण हुनु) द्वारा जान्न देख्न सकिने धर्महरू हुन्। प्रज्ञप्ति भनेको स्वभाव अनुसार छैन; रुढि र भनाई मात्र हुनाले त्यसरी जान्नाले देख्नसकिने, जान्न सकिने धर्म होइन; निर्वाण त मार्ग ज्ञान, फल ज्ञानको आरम्मण भएकोले आर्यहरूबाट दृष्टान्त समेत पनि प्रत्यक्ष बुझ्न सकिने धातु स्वभाव भएकोले परमार्थअनुसार प्रकट नभइकन कहाँ पो बस्ला र ! यहाँ तथागत सम्यक्सम्बुद्धले देखाइराख्नुभएको युक्ति नमुना देखाउने छु।

**अजात** (=उत्पन्न नहुने स्वभाव निर्वाण) परमार्थ अनुसार प्रकट भइरहेको छ। **अजात** स्वभाव रहेन भने **जात** स्वभाव युक्त भएको नाम-रूप धर्महरू निरोध र शान्त हुनु भनेको विमुक्ति भन्ने हुन सक्दैन। वास्तवमा त **अजात** स्वभाव साँच्चै नै प्रकट रूपमा रहेको छ। प्रकट रूपमा रहेको हुनाले नै जात रूप, नामहरू निरोध र शान्त हुनु भनेको वर्त दुःखबाट विमुक्त हुनु **निस्सरण** स्वभाव प्रकट रूपमा हुनुपर्छ।

भनाईको मुख्य तात्पर्य मार्ग भावना वृद्धि गरिएको छैन भने क्लेशहरू यथावत उत्पन्न भई नै रहन्छन्। क्लेश उत्पन्न भइरहे भने स्कन्धहरू पनि यथावत उत्पन्न भई नै रहन्छन्। मार्ग भावना वृद्धि गरिरहनेहरू मार्ग क्षणमा शान्ति धातुमा पुगी अनुभव गरिरहन पाउने हुन्छन्। उक्त क्षणमा नै स्कन्ध



Downloaded from http://www.dhamma.digital

निरोध र शान्त हुनु, स्कन्धलाई उत्पन्न गर्ने अभिसंस्कार विज्ञानहरूको निरोध र शान्त हुनु पनि सिद्ध हुन्छ। उक्त शान्ति धातु हराउँछ भन्ने छैन; सधैं स्थीर रहन्छ। त्यसैले नै अरहन्तहरूमा च्युतिको अनन्तरमा वर्त दुःख संस्कारहरू बिल्कुल निरोध र शान्त हुनु प्रकट हुनथाल्नु पर्दछ।

## प्रणीत

रूप र नाम संस्कारहरू निरोध र शान्त हुनुलाई निर्वाण भन्यो भने उक्त निरोध र शान्त हुनुलाई सुख भनेर कसरी भन्न सकिएला नि ? 'आवुसहरू हो, यो निर्वाण सुख नै हो' भनी आज्ञा गर्नुभएका आयुष्मान सारिपुत्र स्थविरलाई आयुष्मान उदायिले 'अनुभव गर्न नपाइने निर्वाण कसरी सुख हुन सक्छ नि ? भनी सोध्दा 'यो अनुभव गरिने वेदयित नहुनु नै सुख हो' भनी आज्ञा हुनुभयो।

उद्योग व्यापार गर्नपर्नु, दुःखसँग मिश्रित भएको, नित्य स्थिर नभई विनाश हुनु, विनाश हुँदा शारीरिक र मानसिक दुःख हुनु आदिद्वारा धेरै दोषयुक्त भएको यस **वेदयित सुख** -शान्तिकामी प्रज्ञावानहरूका निम्ति दिक्दारी अनुभव हुनुले भरिएको मात्र भयो। भयंकर दुःखको रूपमा मात्र देखिने हुन्छ। जति-जति शान्ति-स्वस्ति हुन्छ उति-उति दुःखभाव झन-झन प्रकट हुँदै आउने हुन्छ। सुख भनेको जति-जति बारम्बार उखेलेर पठाइन्छ, उति-उति बढेर आउनु स्वभाविक हुन्छ। कामसुख बाँकी नरहने गरी हटाइएपछि प्रथमध्यान सुख प्राप्त हुन्छ। उक्त प्रथमध्यान कामसुखभन्दा बढी सुख भएको हुन्छ। वितर्क विचारलाई उखेली पठाउनाले लाभ हुनथाल्ने द्वितीय ध्यान सुख त्योभन्दा बढी सुख भएको हुनथाल्छ। प्रीति उखेली पठाउनाले लाभ हुनथाल्ने तृतीयध्यान, सुख उखेली पठाउँदा लाभहुने चतुर्थध्यान, रूप उखेली पठाई फालेर लाभ हुने अरूपध्यान सुखहरू त क्रमैसित बढी सुखयुक्त छ। त्योभन्दा बढी नाम र कुनै-कुनै रूपहरू उखेलेर निरोध - शान्त हुने निरोध समापत्ति सुख त भन्नैपर्दैन। नाम र रूप सबै निरोध र



Downloaded from http://www.dhamma.digital

शान्त रहेको निर्वाण-सुख सम्पूर्ण सुखभन्दा उच्चस्थ स्थितिमा पुगेको हुन्छ। परम सुख भएकोले निर्वाणको उत्तम धर्म भावलाई जान्न पाइन्छ। असल उत्तम विषय भन्नु नै त्यसमा निर्दोष हुनु, गुणयुक्त हुनु कारणले गर्दा नै हो। क्लेशहरू साँच्चैका दोषहरू हुन्। स्कन्धहरू पनि दुःख हुनाले दोषहरू नै हुन्। ती दोषहरूबाट रहित भएको निर्वाण अतिव गुण-वृद्धि भएको हुनाले प्रणीत भनी भन्नु पर्दछ।

**पणीत** -भनेको उत्तम अर्थका कारणले मात्र प्रणीत भनिएको होइन; **अतप्पक** (=अतृप्त गर्ने सम्भावना भएको) अर्थको कारणले गर्दा पनि **पणीत** भन्नुपर्ने तथ्यलाई अर्थकथामा **'उत्तमट्ठेन पन अतप्पकट्ठेन च पणीतं'** भनी वर्णन गरिएको छ। लोकमा उत्तम वर्ण भाण्ड (वस्तु) रत्न भनेपछि त्यसको अधिकारीको मनलाई जति हेरे पनि पुग्दैन; तृप्त हुँदैन, सजाउँदै बस्छ, पुग्यो भन्ने हुँदैन, सन्तोष नहुने जस्तै निर्वाण धातु लाभ भएका व्यक्तिहरू उक्त निर्वाण आरम्मण ग्रहण गरी बस्नुमा तृप्त र सन्तोष अनुभव भयो भन्ने नभई अतृप्त बनाउन सक्ने हो भनी भनिएको छ।

## निर्वाण लाभ

**यदज्झगा**-मा **अज्झगा** लाई **विन्दि पटिलभि** (=लाभ भएको) भनी वर्णन गरिएको छ। आफ्नो सन्तानमा मार्गफल उत्पन्न हुनुलाई मार्ग लाभ भयो, फल लाभ भयो' भनी भन्दछन्। निर्वाण त्यसरी उत्पन्न हुने त होइन; मार्ग ज्ञान, फल ज्ञानद्वारा साक्षात्कार गर्नु भनेको प्रत्यक्ष जानीरहन्छ। त्यसैले **व्रिन्दि पटिलभि** -लाई नै **अत्तनो ञाणबलेन सच्छाकासि** ( =आआफ्ना ज्ञान सामर्थ्यद्वारा साक्षात्कार गरे) भनी अर्थकथामा वर्णन गरिएको छ।

'यो साढेचारहात अग्लो स्कन्ध कायमा नै दुःखलाई पनि म तथागत प्रज्ञप्त गर्दैछु। दुःख उत्पत्तिको कारण समुदय, दुःख निरोध र शान्त भइरहेको निरोध, दुःखको निरोध निर्वाणतिर पुग्ने कारण आचरण मार्गलाई पनि म



Downloaded from http://www.dhamma.digital

तथागत प्रज्ञप्त गर्दैछु' भनी *सगाथावग्ग संयुक्त (६१)* मा बताउनुभएको छ। यस देशना अनुसार निरोध भनेको यस स्कन्धमा नै रहेको उत्पन्न भइरहेको होइन र भनी फेरि भन्न सकिन्छ। निर्वाणलाई **बहिद्धधम्म** (बाहिरिक धर्म) को रूपमा बताइराख्नुभएकोले स्कन्धकायमा त भइरहेको, उत्पन्न भइरहेको होइन; तर स्कन्धकायमा भइरहेको, उत्पन्न भइरहेको रूप नामहरूलाई भावना गरी देखिरहने व्यक्तिको चित्तले उक्त उत्पन्न भइरहेको रूप नामहरू देखिरहेको स्थितिद्वारा उत्पन्न नभएको, निरोध र शान्त भइरहेको निर्वाणधातुमा पुगिरहेको हुनाले स्कन्धकायमा उत्पन्न भइरहेको भनेजस्तै आरुढ गरी देशना गरिराख्नुभयो। त्यसरी उत्पाद धर्महरूलाई देखिरहेकोबाट अनुत्पाद धर्मको रूपमा निरोध र शान्त भइरहेको धातुको रूपमा पुगिसकेको हुनाले नै निर्वाण नजिक सँगै भइराख्दा पनि देख्न नसकिरहने तथ्यलाई **'सन्तिके न विजानन्ति, मगा धम्मस्स कोविदा'** भनी बताउनुभएको *सुत्तनिपात (३९७)* मा समुल्लेख छ। **धम्मस्स**=मार्ग-धर्मलाई; **अकोविदा**=दक्षता नहुनाले नदेख्ने नजान्नेहरू; **मगा**=जीव जन्तु समान रहेका पृथग्जनहरूले; **सन्तिके**=नजिकै छेउमा नै रहँदा पनि; **न विजानन्ति**=जान्न सक्दैनन्।

## शाक्यमुनी समाहितो

निर्वाण बाहिरिक भएकोले पुद्गलबाट अलग्ग भनी भन्नुपरे पनि पुद्गलको क्लेश रूप नामहरू अनुत्पाद निरोधद्वारा निरोध र शान्त हुने स्वभाव, पुद्गलको मार्गज्ञान, फलज्ञानद्वारा देखिने स्वभाव हुनाले पुद्गलबाट अलग्ग भई उत्पन्न हुन्न। त्यसैले निर्वाण लाभी व्यक्तिलाई सक्यमुनि भनी निर्देशित गर्नुभयो। निर्वाणलाई तथागत बाहेक आर्यहरूले पनि जानेकै हुन्छन्। तर **परोपदेस** (अर्काको निर्देशनबाट) अलग्ग भई सबभन्दा पहिले स्वयं आफैले जान्नुभएका पुद्गल विशेषलाई निर्देशित गर्न चाहेकोले तथागतलाई निर्वाण जान्नुहुने पुद्गलको रूपमा देखाइएको हो।

यहाँ शाक्य कुलवंशबाट जन्मेर अभिवृद्धि हुनुभएका हुनाले शाक्य र



Downloaded from http://www.dhamma.digital

**मोनेय्यधम्मं** (=मुनि हुनुका कारण धर्महरू) सम्पन्न भएका हुनाले **मुनि** भन्ने नामधारी हुनुभयो । **मोनेय्यधम्म कायमोनेय्य वचीमोनेय्य मनोमोनेय्य** भनी *महानिद्देश* (४४) मा उल्लिखित तीनथरी **मोनेय्य** नै हुन् ।

**समाहितो** -मा रूप, अरूप समाधिहरू समेत तथागतसँग रहेको भए पनि उक्त समाधिद्वारा निर्वाण लाभ हुँदैन; मार्ग समाधि, फल समाधिबाट मात्र निर्वाण लाभ हुन्छ । पहिलो पटक पाउनुलाई लाभ भएको भनिन्छ । लाभ भइसकेपछि त्यो निरन्तर स्थीर भइरहनुलाई अधिनमा छ, संरक्षण गरिराखिएको छ भनी भन्न सकिन्छ । फल समाधि हस्तगत भएको स्वभाव मात्र भयो । त्यसैले **अरियमग्गसमाधिना समाहितचित्तो** भनी फल समाधिलाई नलिई मार्ग समाधि मात्र अर्थकथामा वर्णन गरिएको छ ।

## अतुलनीय धर्म

जात (स्वभाव भएको) रूप नामहरूका सम्बन्धित स्वभावहरू र अनित्य लक्षण आदिलाई बुझ्न अति गाऱ्हो रहेछ । सामान्य ज्ञान भएका व्यक्तिहरू ती स्वभावहरू बुझ्नको लागि आधारहीन भइरहन्छन् । विपश्यना-ज्ञानको मात्र क्षेत्र रहेछ । **अजात** स्वभाव भएको निर्वाणलाई देख्नको लागि त अत्याधिक रूपले नै गाऱ्हो छ । मार्गज्ञान फलज्ञानबाट अलग्ग अरु अरु लौकिक ज्ञानले आधार लिने अवस्था नै नरहने गरी गम्भीर रहेछ । त्यसरी गम्भीर रहेको कारणले जान्न र देख्न गाऱ्हो रहेछ । **अजात** (=उत्पन्न नहुने) धर्म भएको हुनाले नै स्वभावतः पनि शुक्ष्म रहेछ, कोमल रहेछ । क्लेश, रूप, नाम विपरिणत हुने धर्मबाट मुक्त रहेको हुनाले अतिव शान्त, अतिव उत्तम रहेछ । इत्यादि कारणहरूले गर्दा न **'तेन धम्मेन समत्थि किञ्चि'** (=निर्वाणसँग समान धर्म कुनै एउटा पनि छैन) भनेर गुण वर्णन गरिएको हो ।



Downloaded from http://www.dhamma.digital

## उद्योग गर्न लायक

निर्वाण धातु अति विशिष्ट किसिमको उत्तम धर्म हो । उत्तम विशिष्ट भएको निर्वाण धातुलाई लाभ गर्ने अवसर रहेको शासनको एक विशिष्ट गुण हो । निर्वाणमा पुग्नको लागि सही रहेको असल आचरण पनि रहेकोले आचरण गरेको अनुसार निर्वाण धातुमा पुग्नसक्यो भने शासनसँग समागम हुनपाएको यस्तो समय निर्वाण लाभको क्षेत्रमा आदर गौरवपूर्वक प्रयत्न नगरी बस्नु नै हुँदैन । तर अति गम्भीर, दुष्कर, शुक्ष्म धर्म हुनाले सामान्य बल वीर्यद्वारा त लाभ गर्न सकिएला जस्तो छैन; अत्याधिक प्रयत्नद्वारा निर्वाण धातुमा पुग्नसक्ने हुनुपर्‍यो ।

**नयिदं सिथिलमारब्भ; नयिदं अप्पेन थामसा ।**
**निब्बानं अधिगन्तब्बं; सब्बगन्थप्पमोचनं ।**

(छट्ठसंगायनको पुस्तकमा सब्बदुक्खप्पमोचनं भनी छ । )

**सब्बगन्थप्पमोचनं**=गाँठो सबैबाट मुक्त-प्रमुक्त भएको; **इदं निब्बानं**=देख्न गाह्रो भई गम्भीर रहेको यस निर्वाणलाई; **सिथिलं आरब्भ**=वीर्य सिथिल गरी उद्योग गरी; **न अधिगन्तब्बं**=लाभ गरी लिन सकिंदैन । **इदं निब्बानं**=बल वीर्य प्रबल भएका विशिष्टरूपले तीक्ष्ण व्यक्तिले मात्र साँच्चै प्राप्त गर्नुपर्ने निर्वाण नगरलाई; **अप्पेन थामसा**=बल वीर्य सिथिल गरी हलुका किसिमले सामान्य शक्ति सामर्थ्यद्वारा; **न अधिगन्तब्बं**=शूक्ष्म गम्भीर र दुष्कर भएको हुनाले सुनिश्चितरूपले लाभ गर्न बिल्कुल सकिंदैन ।

(३२) **यं बुद्धसेट्ठो परिवण्णयी सुचिं;**
**समाधि' मानन्तरिकञ्ञमाहु ।**
**समाधिना तेन समो न विज्जति;**
**इदम्पि धम्मे रतनं पणीतं ।**
**एतेन सच्चेन सुवत्थि होतु ।**



Downloaded from http://www.dhamma.digital

(३२) **बुद्धसेट्ठो**=श्रेष्ठ बुद्धले; **सुचिं**=क्लेशरहित भई अतिव परिशुद्ध भएको; **यं समाधिं**=जुन आर्य मार्ग समाधिलाई; **परिवण्णयी**=विभिन्न तरिकाले उल्लेख गरी प्रशंसा गर्नुभयो; **यं समाधिं**=जुन आर्यमार्ग समाधिलाई नै; **आनन्तरिकं**=आफ्नो अनन्तरमा प्रतिफल दिने आनन्तरिक समाधि भनेर पनि; **आहु**=सकल बुद्धहरूले आज्ञा गर्नुभएका छन्; **तेन समाधिना**=उक्त आर्यमार्ग समाधिसँग; **समो**=समान भएको समाधि त; **न विज्जति**=विद्यमान छैन; **धम्मे**=आर्य मार्ग धर्ममा; **इदम्पि रतनं**=यस रत्नको रूपमा आकर्षक गुण समूह पनि; **पणीतं**=प्रणीत छ; **एतेन सच्चेन**=यस सत्यवचनको कारणले; **सुवत्थि होतु**=सत्वहरू सुखी स्वस्ति होउन् ।

## भावार्थ

तथागत बुद्धले क्लेशरहित भई अतिव परिशुद्ध रहेको आर्य मार्ग समाधिलाई विभिन्न तरिकाबाट उल्लेख गरी प्रशंसा गर्नुभयो । उक्त आर्य मार्ग समाधिलाई नै आफ्नो अनन्तरमा फल दिने **आनन्तरिक समाधि** भनेर पनि बुद्धहरूले आज्ञा गर्नुभयो । उक्त आर्य मार्ग समाधिसँग समान भएको समाधि त छैन । आर्य मार्ग धर्ममा रत्नको रूपमा आकर्षक रहेको यो गुणांग पनि प्रणीत रहेछ । यस सत्य वचनको कारणले गर्दा सत्वहरू सुखी होउन् ।

## आर्य मार्गको गुण विशेषण

**'यं बुद्धसेट्ठो'** आदि आर्य मार्गका गुणलाई व्यक्त गरेर सत्य कराल गर्नु हो । **मग्ग भावना** (=मार्गलाई आफ्नो सन्तानमा उत्पन्न गराउनु) बाट अलग्ग भएर निर्वाण प्राप्त गर्न सकिँदैन । सकल बुद्ध, प्रत्येकबुद्ध र श्रावकहरू मार्ग धर्मद्वारा मात्र निर्वाण धातुमा पुग्न पाउँदछन् । त्यसैले निर्वाण धर्मको गुण वर्णन गरिसकेपछि निर्वाण जस्तै यथाशीघ्र लाभ गर्नुपर्ने, अधिनस्थ गर्नयोग्य, मन पराउन योग्य, इच्छा गर्नुपर्ने मार्ग धर्मको गुण वर्णन गरी फेरि सत्य वचन व्यक्त गर्नुभयो ।



Downloaded from http://www.dhamma.digital

## बुद्धसेट्ठो

**'बुज्झिता सच्चानीति बुद्धो'** अनुसार चार सत्यलाई बुझिसक्नुभएको हुनाले बुद्ध भन्दछन् । तथागत बुद्ध अरहत्त मार्गद्वारा सर्वज्ञता ज्ञानमा पनि एकसाथ सिद्ध हुने गरी पुग्नुभयो । त्यसैले चारसत्यलाई नै जानेर अरहत्त मार्ग प्राप्त गरिसकेपछि अरहन्त, प्रत्येक बुद्धहरू यस बुद्ध नामकरणसँग सम्बन्धित रहेनन् । उहाँ बुद्ध नै **'पसत्थानं**=प्रशंसा गर्नलायकहरू मध्यमा; **विसेसो**=विशेषतायुक्त भइ श्रेष्ठोत्तम हो' भन्ने अर्थअनुसार **सेट्ठ** पनि नाम रहेको छ । (**बुद्धो च सो सेट्ठो चाति बुद्धसेट्ठो**)

अर्को तरिकाबाट बुज्झतीति **बुद्धो** (=जान्ने बुझ्ने ज्ञानी) भन्ने सामान्य अर्थअनुसार बुद्धको रूपमा एक एक विधि अनुसार व्यवहार गर्नुपर्नेहरू **अनुबुद्ध** (=तथागतबाट तदनन्तर सत्य बुझेका श्रावक), **पच्चेकबुद्ध** (=मार्ग प्रदर्शन गर्नेहरू बिना नै आआफैले नै सत्य जान्ने प्रत्येक बुद्ध), **सुतबुद्ध** (=परियत्ति बहुश्रुत भएका प्रज्ञावान भिक्षुहरू) मध्यमा तीक्ष्ण विशिष्ट प्रशंसनीय सर्वोत्तम बुद्ध भएको हुनाले **बुद्धसेट्ठ** नाम रहेको छ । (**बुद्धेसु**=बुद्धहरूमध्ये; **सेट्ठो**=श्रेष्ठ हुन्; **बुद्धसेट्ठो**=सर्वश्रेष्ठ बुद्ध)

यस **'बुद्धसेट्ठो'** -द्वारा सर्वज्ञता भाव देखाई यथार्थ रूपले सम्पूर्ण धर्मलाई जानेकोलाई; यथार्थ धर्मलाई जान्ने बुद्धको निर्देशित पद्धति सही पद्धति सही मार्ग हुनुलाई र उक्त पद्धतिअनुसार अनुशरण गर्नेहरू साँच्चै नै लाभकारीहरू हुनुलाई बताइरहेको हुनाले त्यसरी अतुलनीय बुद्धबाट प्रशंसनीय मार्ग धर्म अति उत्तम भएको धर्म हुनु सुनिश्चित हो भनी मार्ग लाभका कारण आचरणहरू अनुशरण र आचरण गर्नको निम्ति बहुजनलाई उत्साहित बनाइरहेको छ ।

## परिवण्णयी सुचिं

**'परिवण्णयी'** द्वारा सम्बन्धित पालिमा आर्य मार्गलाई प्रशंसा गरिएको देखाई निर्वाणमा पुग्नको निम्ति उपलब्ध मार्गहरूमध्येमा यस अष्टांगिक आर्य मार्ग भय उपद्रव रहित भई शान्त शीतल रमणीय भएको मार्ग हो भनी ती



Downloaded from http://www.dhamma.digital

मार्गहरू मध्येमा अष्टांगिक मार्ग सर्वश्रेष्ठ हो भनी इत्यादि किसिमले प्रशंसा गरी राख्नुभएकोलाई उद्देश्य गरिएको छ।

**सुचि** -भनेको सामान्य शब्दले साधारण रूपले परिशुद्ध हुनु, साँच्चै सही रूपमा परिशुद्ध हुनु दुइटैसँग सम्बन्धित भएको हुनाले मार्गलाई प्रशंसा गरिराखेको **सुचि** भएको र तथागतबाट प्रशंसा गर्न योग्य हुनेगरी परिशुद्ध भएको **सुचि** हुनाले साँच्चैको परिशुद्धिलाई मान्नुपर्दछ भनी **'किलेसमल समुच्छेद करणतो**=क्लेश मललाई समुच्छेद गरी हटाउने हुनाले; **अच्चन्तवोदानं**=अतिव सुनिश्चित रूपले परिशुद्ध भएको' भनी सुचिलाई *अर्थकथा*मा वर्णन गरिराखेको छ।

लौकिक कुशलहरूले क्लेशलाई उच्छेद गर्ने **तदंग**=क्षणिक मात्र हुन्छ। त्यसमा **अनुसय** भनेको घुसेको जरा धातुलाई निर्मूल हुनेगरी हनन गर्न अझै असमर्थ भएको हुनाले फेरि-फेरि उत्पन्न हुनु स्वाभाविक नै हुन्छ। मार्ग त एकैसाथ मूल जरा धातुलाई समेत निर्मूल हुनेगरी हनन गर्न सक्ने हुनाले साँच्चै विशुद्ध भएको धर्म रहेछ।

यसमा **'सुचीति परिवण्णयी'** भनेर वर्णन गरिएको *परित्राण टीका* अनुसार **'सुचिं**=सुचि भएको' भनी यसरी **परिवण्णयी** -को प्रशंसाको ढंग आकारको रूपमा **सुचिं** -लाई अर्थ दिने गरिन्छ। अर्थकथा मा **परिवण्णयी** अनुसार प्रशंसा गर्ने तरिका पहिले देखाइसकेको पालिमा आएको मार्गको गुण विशेषलाई मात्र वर्णन गरिएको छ। **सुचिं** -लाई त **'यं-समाधिं'** को विशेषणको रूपमा **'तेन सुचिना बुद्धसेट्ठपरिवण्णितेन आनन्तरिकसमाधिना'** -द्वारा जानकारी दिइरहेको छ। तसर्थ 'सुचिं -अतिव शुद्ध, परिशुद्ध भएको; **यं समाधिं**=....लाई भनी यं-को विशेषणको रूपमा (अर्थ) दिएको हुँ।

## आन्तरिक

**आनन्तरिकञ्ञमाहु** -मा **आनन्तरिकं+यं+आहु** भनी पदच्छेद गर्नुपर्दछ। **निग्गहीत** -बिन्दु) **य** -सँग ञ -भइ द्वे भाव आगमन भएको हो।



Downloaded from http://www.dhamma.digital

अनन्तर फल पछाडिको फल पद लोप भई अनन्तर हुने गर्दछ। **अनन्तरं अस्स अत्थीति आनन्तरिको। अस्स**=उक्त मार्गको; **अनन्तरं**=अनन्तरमा उत्पन्न भइरहेको फल; **अत्थि**=रहेको छ; **इति**=त्यसैले; **आनन्तरिको**=....क भन्दछन्। 'आफ्नो अनन्तरमा उत्पन्न भइरहेको फल भनेको परिणाम रहेको छ भनेर' यसरी **आनन्तरिकं** - को शब्दार्थ दिन सकिन्छ।

अरु अरु कुशलहरूले उत्पन्न भइसकेपछि अर्को एक समयमा पुगेर मात्र फल दिने गर्दछन्। **दिट्ठधम्म** (=दृष्टधर्म) कर्म जस्तोले पनि वर्ष, महिना, दिन, घडी, मिनेट आदि बिताएर पर्खेर मात्र फल दिने गर्दछ। यो मार्गले त आफूहरू उत्पन्न भइसक्नासाथ समय बित्न नपाउँदै फल दिने विशिष्ट गुण एउटा हो। यस **आनन्तरिक गुण** नै धर्म गुण छवटामा **अकालिक** (=समयसँग सापेक्षता नराखी फल दिने धर्म) भनेर मार्गको निम्ति अलग्ग एउटा गुणको रूपमा समावेश रहेको हो। यसरी फल दिनसक्नु पनि मार्गको प्रभाव आनुभाव महान भएकोले गर्दा नै हो। त्यसैले नै क्लेशलाई हनन गर्नुमा उसले एकै खेपमा एकैचोटीमा सिद्ध हुनेगरी निरवशेष रूपले हटाउन सक्दछ।

मार्गले हटाउने कारणले उत्पन्न भएर आउने शान्तिधातु रसलाई फलले अनुभव गर्नुपर्दछ। कारण असल भएमा फल पनि सधैं असल हुने कारण मार्गलाई प्रशंसा गरेपछि परिणाम फललाई पनि छुटेर नजाने विधि अनुसार प्रशंसा गरिसकिएको हुन्छ।

## कल्पलाई रोकिराख्नसक्ने व्यक्ति

आफ्नो अनन्तरमा सुनिश्चितरूपले फल दिने हुनाले मार्ग उत्पन्न हुने बेलामा फल उत्पन्न हुनबाट रोक्नको लागि बाधक हुनसक्ने अन्तराय भनेको केही पनि हुनै सक्दैन। त्यसैले मार्ग पुद्गललाई **ठितकप्पो** (=स्थीर भएको कल्प भएको व्यक्ति, विनाश हुन लागेको कल्पलाई विनाश हुनुभन्दा पहिले नै रोकिराख्नसक्ने व्यक्ति) भनेर बताइराख्नुभयो।



Downloaded from http://www.dhamma.digital

पुद्गल पनि मार्गमा पुग्ने कल्प पनि आगोले विनाश हुने अवस्थामा पुगिरहेको भए फलमा नपुगुञ्जेलसम्म कल्प विनाश नभइ कुरिरहनु पर्दछ । त्यसैले **ठितकप्पी** (कल्पलाई रोक्नसक्ने व्यक्ति) भनेको हो । (*पुग्गलपञ्ञत्ति ११६, अभि.ट्ठ. ३-३८*) कल्प बिल्कुल विनाश नहुनेगरी रोकिराख्नसकिने त होइन; मार्ग, विथी र प्रत्यवेक्षण ज्ञान पाँचवटासम्म रोकिराख्नसक्नुलाई भनेको हो । (बुद्ध) शासन रहेको बेलामा कल्प विनाश हुन्छ भन्ने त छैन; तर त्यस्तो स्थिति रहेकै खण्डमा पनि मार्ग पुद्गललाई अन्तराय हुनसक्दैन भनी अन्तराय नभएको भाव देखाउन चाहेकोले ब्यक्त गरिराखेको हो ।

## अतुलनीय समाधि

आफूहरू अतिव शुद्ध भई रहनु, आफू जस्तै अति शुद्धभएको परिणाम फल दिनु, त्यसरी दिनुमा समय अन्तर नरहिकन तत्काल नै फल उत्पन्न गर्न सक्नु आदि कारणहरूले गर्दा यस आर्य मार्ग अतुलनीय समाधि भएकोले **'समाधिना तेन समो न विज्जति'** भनेर गुण वर्णन गरिएको छ । यस आर्य मार्ग समाधिसँग परिणाम गुणांग समान भएको रूपावचर, अरूपावचर समाधि छैन; कारण किन भने उक्त रूप समाधि अरूप समाधि बृद्धि गर्नाले ब्रह्मलोकमा जन्म हुनपाएका भए पनि पछि अझै नर्क आदिमा उत्पन्न हुनजान सक्ने भएकोले र यस अरहत्त मार्ग समाधिलाई वृद्धि गर्नाले आर्य पुद्गलले सम्पूर्ण प्रतिसन्धिलाई बिल्कुल हटाउनसक्ने हुनाले यो मार्ग समाधिसँग समान भएको समाधि छैन भनी अर्थकथामा कारण देखाइराखेको छ ।

## मार्ग सबै लिनुपर्छ

यस अर्थकथामा भएको कारण निदर्शनमा अरहत्त मार्गको सामर्थ्यलाई उल्लेख गरी देखाइएका चार मार्गमध्येमा सबभन्दा उत्तम मार्गलाई देखाउने



Downloaded from http://www.dhamma.digital

इच्छा भएकोले **उक्कट्ठनिद्देस** (उत्कृष्ट निर्देशन) अनुसार तुलनात्मक तथ्य देखाइयो। यस तथ्यलाई हेरेर **'यं बुद्धसेट्ठो'** मा **यं**-द्वारा अरहत्त मार्ग समाधिलाई मात्र परित्राण टीकाचार्यले ग्रहण गरिराखेको छ। सुचि, आनन्तरिक आदि गुणांग विशेषणहरू तल तलका मार्गहरूमा पनि छुँदैछन्। रूप, अरूप समाधिहरूले स्रोतापत्ति मार्गलाई नै गुणअनुसार भेटाउन सक्दैनन्। उक्त मार्ग क्षणमा दृष्टि आदि क्लेशहरूलाई हनन गर्नसक्नु, स्कन्ध अभिसंस्कारहरूलाई परित्याग गर्न सक्नु, त्यसद्वारा नै उक्त मार्ग लाभ भइसकेका व्यक्ति अपायबाट मुक्त हुनु आदि गुणहरू रूपावचर र अरूपावचर समाधिहरूमा नभएका गुणहरू नै हुन्। संस्कृत धर्महरूमध्ये अष्टांगिक मार्ग सर्वोत्तम भएको अनुसार व्यक्त गरिएका देशनामा अष्टांगिक मार्ग चारैवटा मार्गहरूमा अष्टांगिक मात्र भएका छन्। यस कारणले गर्दा **'यं=जुन आर्य मार्ग समाधिलाई'** भनी मार्ग समाधि सबैलाई समेटेर अर्थ उल्लेख गरिराखेको हुँ।

## उत्तम रथ

यस शासनमा निर्वाण धातु भन्दा पत्यार लाग्दैन अनुभवद्वारा मात्र जानिने छ भनिए जस्तै भेटाइसकेकाहरूले मात्र अतिव विशिष्ट र प्रणीत भएको स्वभाव धर्मको रूपमा जानिने छ। उक्त निर्वाणमा पुगेर देख्नुमा आर्य मार्ग अतिव प्रणीत भएको रथ हुनाले उक्त रथ आफ्नो अधिनस्थ हुनेगरी उद्योग र प्रयत्न गर्नको निम्ति तथागतले बारम्बार आज्ञा हुनुभएको छ।

उक्त मार्ग रथमा पुग्नको लागि **विपस्सना (पुब्बभाग पटिपदा)** भन्ने रथलाई पनि सजावट गरी तयार पारी क्रमशः गईरहनको लागि तथागतले बाटो देखाउनुभयो। उक्त रथलाई शारीरिक र मानसिक बल वीर्य दुवैद्वारा प्रयत्नपूर्वक अटुटरूपले हाँक्दै गइरहेमा निर्वाण पुग्न टाढा नहुने कुरा तथागतले स्वीकार गर्नुभएको छ। त्यसो हुनाले उक्त रथद्वारा निर्वाण पुगी संसारबाट मुक्त हुनुभएका आर्य आयुष्मानहरूलाई हेरेर सधैं थुक निल्दै मार्ग रथ ठिकठाक पारी सदैव गइरहन सक्नाले निर्वाण धातुमा पुग्नसक्ने होस्।



Downloaded from http://www.dhamma.digital

**एतदत्तानि सम्भूतं; ब्रह्मयानं अनुत्तरं ।**
**निय्यन्ति घोरा लोकम्हा; अञ्ञदत्थु जयं जयं ।**

*महावग्ग संयुत्त (६)*

(**येसं धीरानं**=आर्य मार्गाङ्गरूपी स्वचालित यन्त्र जडान गरिएको उत्तम रथ मन पराई रमाइबसेका धीर प्रज्ञावानहरूलाई), **अत्तनि सम्भूतं**=आफ्नो शक्ति सामर्थ्य वीर्य प्रयोग गरी बिल्कुल पूर्णरूपमा आफूमा उत्पन्न भइआएको; **अनुत्तरं**=सर्वश्रेष्ठ निर्वाणमा पुग्नको लागि सही कारण भएकोले तुलना गर्नको लागि अरु एउटा रथ भनी जोडा नभेटिने सर्वोत्तम भएको; एतं **ब्रह्मयानं**=आर्य मार्गाङ्गरूपी स्वचालित यन्त्र जडान गरिएको यस उत्तम रथ; **अत्थि**=आफ्नै दर्शन शक्तिले देख्नसकिने गरी प्रकट रूपमा रहेको छ; **ते धीरा**=यी आर्यमार्गाङ्गरूपी स्वचालित यन्त्र जडान गरिएका धीर प्रज्ञावानहरू धेरैजना; **अञ्ञदत्थु**=निस्सन्देह साँच्चै नै; **जयं जयं**=सम्पूर्ण क्लेश शत्रु लडाकुहरूलाई आक्रमण गरी, विनाश गरी सकेपछि निरन्तर विजयी भएर नै; **लोकम्हा**=सधैं सामना गर्नुपर्ने भय दुःखद्वारा शोकले मुक्त नभएको लोकबाट; **निय्यन्ति**=दुःखतिर फर्केर नै नहेरी सधैं शान्त भई आश्वस्त हुन पाउने गरी विमुक्त भएर गइसके ।

Dhamma.Digital

३३) **ये पुग्गला अट्ठसतं पसत्था;**
**चत्तारि एतानि युगानि होन्ति ।**
**ते दक्खिणेय्या सुगतस्स सावका;**
**एतेसु दिन्नानि महप्फलानि ।**
**इदम्पि संघे रतनं पणीतं;**
**एतेन सच्चेन सुवत्थि होतु ।**

(३३) **सतं**=बुद्ध आदि सत्पुरुषहरूबाट; **पसत्था**=प्रशंसितहरू; **ये पुग्गला**=जो आर्य पुद्गलहरू; **अट्ठ**=आठजना; **होन्ति**=रहेका छन् । **एतानि**=यी आर्य पुद्गलहरू; **चत्तारि युगानि**=मार्ग फल दुईथरीलाई समान रूपले



Downloaded from http://www.dhamma.digital

जोडेर चारजोडी; **होन्ति**=हुन्छन् । **सुगतस्स**=तथागत सुगतका; **सावका**=शिष्य श्रावकहरू; **ते पुग्गला**=ती आर्यपुद्गलहरू; **दक्खिणेय्या**=कर्म र फल आशा, उद्देश्य र विश्वास गरी उत्तम दान, असल दानलाई ग्रहण गरिलिन योग्यहरू हुनुहुन्छ; **एतेसु**=यी आर्य पुद्गलहरूलाई; **दिन्नानि**=गरिने सबै दानहरू; **महप्फलानि**=विस्तृत, व्यापक र महान फलदायी हुन्छन् । **संघे**=आर्य-संघमा, **इदम्पि रतनं**=यस रत्नको भाव आकर्षक गुण पनि; **पणीतं**=विशेष रूपले प्रणीत छ । **एतेन सच्चेन**=यस सत्य वचनको कारणले; **सुवत्थि होतु**=सत्वहरू सुखी होउन् ।

## भावार्थ

बुद्धादि सत्पुरुषहरूबाट प्रशंसित सत्पुरुषहरू आठजना भएकामा (ती आर्यहरू) जोडा हिसाबले चारजोड हुन्छन् । तथागत सुगतका शिष्य श्रावक रहेका ती आर्यहरू त उत्तम दान, यथार्थ दानलाई ग्रहण गरिलिन योग्य भएका पुद्गलहरू नै हुन् । ती आर्यहरूलाई गरिएका सबै दानपुण्यहरू महान फलदायी हुन्छन् । आर्य संघमा रहेका यी रत्नको भाव आकर्षक यो गुणांग पनि विशेषरूपले प्रणीत रहेको छ । यस सत्य-वचनद्वारा सत्वहरू सुखी होउन् ।

## आर्यसंघ गुण

मार्गफल निर्वाण धर्महरू व्यक्तिलाई आरम्मण गरी तथा अगाडि सारेर उत्पन्न हुने धर्महरू हुन् । त्यसैले यी धर्महरूको आधार संघको गुणलाई उल्लेख गरी फेरि एकचोटी सत्य कराल गर्न चाहेकोले 'ये पुग्गला' आदि आज्ञा हुनुभयो ।

## आर्य भाव

**'ये पुग्गला'** मा पुद्गल सामान्य भए पनि **अट्ठ चत्तारि युगानि-दक्खिणेय्या** आदि पदहरू अनुसार आर्य भन्ने विशिष्ट व्यक्तिलाई व्यक्त



Downloaded from http://www.dhamma.digital

गर्दछ। **अरिय**=को अर्थ **परिसुद्ध** (=परिशुद्ध हुनु) अर्थ भएकोले परिशुद्ध व्यक्तिहरू भन्ने नै हुन्छ। **'पुथु+जन'**। **पुथु**=धेरै क्लेशहरू, **जन**=उत्पन्न गर्ने। क्लेश बाक्लो भएको पृथग्जन भावले क्लेशहरू निवारण गर्नसक्नुको कारण परिशुद्ध आर्यभाव एउटामा पुगेको भन्ने भाव भयो। उक्त आर्यत्वमा पुग्न क्लेशहरूलाई निवारण गर्नसक्ने कारण क्रिया गर्नुपर्दछ। नाम-रूप स्कन्धहरूको अस्तिभावलाई देख्दैन, नरहेको चिन्तना कल्पना चित्तका सृजनाहरूलाई देखिरहने हुनाले क्लेशहरू उत्पन्न भइरहन्छन्। साँच्चै भएको नाम र रूपलाई मात्र भाविता गरी चाल पाई निरीक्षण गरिरह्यो भने क्लेश उत्पन्नहुने अवसर हुँदैन। सम्बन्धित नाम र रूपहरूलाई यथार्थ रूपले भाविता गरिरहेको ज्ञानले क्लेशहरूलाई उखेलेर फालिरहेको हुन्छ। उक्त ज्ञानलाई **विपस्सना** (=अनित्यादि आकार प्रकारले विभिन्न तरिकाबाट भाविता गरिरहेको) ज्ञान भनी भन्दछन्। उक्त **विपस्सना** द्वारा क्लेशहरूलाई हटाइ रहने हुनाले क्रमैसित ज्ञानस्तर वृद्धि भइ बल शक्ति सम्पन्न भएपछि संस्कारहरू भाविता गरी देखिरहेको ज्ञानबाट संस्कारहरू निरोध र शान्त भएको निर्वाणमा पुग्ने मार्ग ज्ञानमा पुग्न पाउँछन्। सबभन्दा पहिले पुगिने मार्ग स्रोतापत्ति मार्ग हो। (**सोतापत्ति+मग्ग**। **सोत**=आर्य मार्गमा; **आपत्ति**=सर्वप्रथम पुगेको; **मग्ग**=मार्ग।)

यस मार्ग क्षण चित्त एउटा जतिमात्र हुने हुनाले धेरै छोटो र द्रुतगतियुक्त हुन्छ। उक्त क्षणलाई एकजना व्यक्तिको रूपमा परिमित गरिराखेको उक्त चित्तको विशेषता अनुसार नै भयो। स्रोतापत्ति मार्गको अगाडि गोत्रभू उत्पन्न हुन्छ। उक्त गोत्रभू त विपश्यनाको अन्तिम चरण भएकोले त्यस चित्तले अगाडिका विपश्यनाहरूले प्रकृति अनुसार ग्रहण गरिरहेको संस्कार आरम्मणहरूलाई छोडेर निर्वाण आरम्मणलाई पहिले ग्रहण गर्दछ। त्यसरी पहिले ग्रहण गर्नुद्वारा पृथग्जनभाव यहाँदेखि रुकीबस भनी सीमित गरी आफूले ग्रहण गरिराखेको निर्वाण आरम्मणलाई मार्गबाट फेरिदिन्छ। मार्गले उक्त निर्वाण आरम्मणलाई ग्रहण गरी दृष्टि विचिकित्सा आदि कुनै-कुनै



Downloaded from http://www.dhamma.digital

क्लेशहरूलाई हनन गर्दछ। यसरी उक्त क्षणमा धेरै क्लेश भएको भाव (=पृथग्जन भावले) क्लेश परिशुद्ध भएको भाव (आर्यत्वमा) पुगिसकेको हुने हुनाले उसलाई **सोतापत्तिमग्गट्ठ** (=स्रोतापत्ति मार्गस्थ) व्यक्ति भनी भन्नुपर्दछ।

## अरूअरू आर्यहरू

मार्गले सधैं तुरुन्त फल दिने हुनाले मार्ग उत्पन्न भई सक्नासाथ फल दुई तीनपटक लगातार उत्पन्न हुने गर्दछ। उक्त फल पाएदेखि **सोतापत्तिफलट्ठ** (=स्रोतापत्ति फलमा प्रतिष्ठित भएको) व्यक्ति भन्नुपर्दछ। उक्त फलयुक्त पुद्गललाई नै स्रोतापन्न भन्ने गरिन्छ। मार्ग क्षण केही भन्न नमिल्ने क्षण मात्र भएकोले फलसँग जोडेर एकजना व्यक्तिको बोल्न मिल्दैन र ? भनी सोध्न मिल्छ। मार्ग क्षण मात्र उत्पन्न हुने भए पनि उक्त क्षणभित्र उत्पन्न हुने मार्गको आनुभाव प्रभाव भने अति नै विशाल रहेको छ। त्यसपछि फेरि मार्ग र फल परिस्थिति उस्तै नभई फरक रहेको छ।

मार्गको जस्तै क्लेशलाई हटाउन सक्ने शक्ति फलमा छैन। मार्गले क्लेशलाई हटाउने भएकोले सम्बन्धित क्लेशहरू शान्त र निरोध हुनु, निर्वाण रस अनुभव गर्न पाइनु फलद्वारा भोग गर्न पाउनाले अधीनस्थ गर्ने मात्र हुन्छ। लोकमा कुशल कर्म गर्ने क्षणमा कुशल कर्म गरेका व्यक्ति भएकोले पछि फल भोग्न पाउनेको रूपमा कारण र कार्य अनुसार अलग्ग अलग्ग व्यक्ति फरक भइरहे जस्तै यहाँ पनि कारण मार्ग र कार्य फल अनुसार व्यक्ति फरक हुने गर्दछ।

स्रोतापत्ति मार्ग फल लाभ भइसकेको स्रोतापन्नले उक्त एउटै आसनमा अथवा पछि कामराग, व्यापादहरूलाई पातलो पार्दै लानको लागि द्वितीय भूमिमा (सकृदागामि फलमा) पुग्नको लागि उद्योग गरी मार्ग प्राप्त गऱ्यो भने उक्त मार्ग सकृदागामि मार्ग भएकोले उक्त व्यक्ति स्रोतापन्न भावबाट **सकदागामिमग्गट्ठ** (=सकृदागामि मार्गमा प्रतिष्ठित भएको) पुद्गलको भावमा पुग्न पाउँदछन्।
**'सकदागामि मग्ग'=सकिं**=एकपटक मात्र; **आगामि**=काम भूमिमा प्रतिसन्धि



Downloaded from http://www.dhamma.digital

बस्ने गरी आउने व्यक्तिको; **मग्ग**=मार्ग ।) उक्त मार्गले नयाँ क्लेशलाई हटाउने नगरे पनि राग, द्वेष, मोहहरूलाई पातलो बनाइदिन्छ। त्यसपछि फल लाभ भएदेखि **सकदागामिफलट्ठ** (=सकृदागामि फलमा प्रतिष्ठित भएको व्यक्ति) हुन पाउँदछ। उसलाई नै सकृदागामि भनी भन्नु पर्दछ।

उक्त सकृदागामि व्यक्तिले पहिले जस्तै विपश्यना अभ्यास र उद्योग गरी पछि फेरि एकचोटी मार्ग लाभ गरिलियो भने उक्त मार्ग अनागामि मार्ग भएकोले उक्त मार्गले सम्पन्न भएका व्यक्तिलाई **अनागामिमग्गट्ठ** (=अनागामि मार्गमा प्रतिष्ठित भएको व्यक्ति) भनी भन्नुपर्दछ। फलमा पुग्ने अवस्थामा **अनागामिफलट्ठ** (=अनागामि फलमा प्रतिष्ठित भएको व्यक्ति) भनी भन्नुपर्दछ। उक्त व्यक्तिलाई नै अनागामि भनी भनिन्छ। **न आगामि**=काम भूमिमा प्रतिसन्धि बस्ने गरी नआउने भइसकेको व्यक्ति)। कामराग र द्वेषलाई निरवशेष रूपले हनन गर्न समर्थ भएर अब काम भूमिमा उत्पन्न हुनेछैन। यस जन्मबाट च्यूत भएपछि शुद्धावास भूमिमा उत्पन्न हुन पाइन्छ। इच्छा भएमा अरु अरु ब्रह्मभूमिमा पनि उत्पन्न हुनसक्छ।

त्यस्तै निरन्तर उद्योग र अभ्यास गर्ने व्यक्ति मार्ग लाभ भयो भने उक्त मार्ग अरहत्त मार्ग भएकोले अनागामि भावबाट **अरहत्तमग्गट्ठ** (=अरहत्त मार्गमा प्रतिष्ठित भएको व्यक्ति) को रूपमा पुग्न पाउँदछन्। यस मार्गले सबै क्लेशलाई बाकी नरहनेगरी हनन गर्नसक्ने हुनाले त्यसको फलदेखि **अरहत्तफलट्ठ** (=अरहत्त फलमा प्रतिष्ठित भएको व्यक्ति) भनी भन्नुपर्दछ। अरहन्त व्यक्ति नै भयो। (**अरहत्त-अरह**=अरहन्त; **त्त**=उत्पत्ति कारण मार्ग फल) यो व्यक्ति आचरण क्षेत्रमा अन्तिम मार्गमा सबभन्दा उत्तमत्वमा, लक्ष्य ग्रहण गरिसकेको भएको हुनाले शासनकृत्य अन्तिम चरणमा पुगिसकेको **अग्गदक्खिणेय्य** (=अग्र दक्षिणेय्य) उत्तम पुद्गल भयो। यसरी अलग्ग अलग्ग व्यक्ति अनुसार आठजना; मार्ग फल युगल अनुसार चारयुगल भएकोले **'पुग्गल अट्ठ, चत्तारि युगानि'** भनी भनेको हो।



Downloaded from http://www.dhamma.digital

## सतं पसत्था

आफू गुणवान भएमा अरुको गुणलाई बढी बुझ्नसक्नेछ । संघको गुणलाई संघले लाभ गरिराखेको जस्तो धर्म लाभ गरिराखेकाहरूले निर्णायक रूपले , गहिरो किसिमले बुझेको हुनु सुनिश्चित भई सत्पुरुषको स्वरूपलाई बुद्ध, प्रत्येक बुद्ध, श्रावकहरूलाई लिने गरिन्छ । अरु अरु देव मनुष्यहरू पनि प्रशंसनीयहरू नै हुन् । आफूमा मार्ग फल लाभ भइसकेको नभए पनि लाभ भएका व्यक्तिहरूको आकार प्रकार देखी अनुमानले श्रद्धा र प्रसन्न हुनसक्छ । भावी आयुष्मान सारिपुत्रले आयुष्मान अस्सजिलाई देख्दा इन्द्रीय प्रसन्नता, आएको, गएको, हेरेको आदि हाउभाउ अरुसँग समान नभइ विशेष रूपले फरक रहेको सरलता कोमलता भएको देखेर यस व्यक्तिको सन्तानमा विशिष्ट-धर्म हुनुपर्दछ भनी बुझिन्थ्यो । भावी आयुष्मान सारिपुत्र विशिष्ट धर्म लाभ गरी फर्की आएको देख्दा उनको इन्द्रीय रूप लावण्य विशेषता देख्ने भावी आयुष्मान मौद्गल्यायनले अमृत धर्म भेटाएर आइसकेको कुरा अनुमानले जान्न सकिन्छ । तथागत सम्यकसम्बुद्ध धर्मचक्र देशनाको लागि गइरहनुहुँदा बाटोको बीचमा उपकसँग भेट भएको अवस्थामा तथागतको प्रसन्न इन्द्रीय देखेका उपकले उहाँको पुद्गल विशिष्ट भावलाई जानीलिए ।

लंकाद्वीपमा कस्सक लेणमा विहार गर्नुभएका आर्यमित्र स्थविरलाई एकजना उपासिकाले आफ्नै छोरा जस्तो गरी भोजन द्वारा सेवा गरिरह्यो । एकदिन स्थविर भिक्षाटन जानुहुँदा बनमा जान लागेकी आमाले आफ्नो लागि कनिका र साग मिसाइ जाउला पकाई राख्न तथा आयुष्मान (स्थविर) को निम्ति घिउ, दूध, सखर राखी भोजन दान गर्न छोरीलाई अह्राउ-पह्राउ गरिरहेको स्वर सुन्दा उहाँमा संवेग उत्पन्न भएर 'अरहन्त नहुन्जेलसम्म यो भोजन सेवन गर्दिनँ' भनी फर्केर गई भावना उद्योग र अभ्यास गरी धेरै बेर नबित्दै अरहन्त भई भिक्षाटन गर्न जानुभयो । आमाचाहीं बनबाट फर्किंदा छोरीले 'आज आयुष्मान (स्थविर) को इन्द्रीय रूप लावण्य अति शुद्ध, प्रसन्न रहेको कुरा' बताएपछि आमाले श्रमण कृत्य सम्पन्न भएको जानेर 'अँ, तिम्रो



Downloaded from http://www.dhamma.digital

दाजु भन्ते शासनमा रमाउने भए, नरमाइलो मान्ने हुनेछैनन्' भनी बोलेको कुरा व्यक्त गरिराखेको छ । (*दीघनिकाय महावग्गट्ठकथा महासतिपट्ठान सुत्त - ३७९*)

## कसै-कसैले जान्दैन

क्लेश शुद्ध भइसकेकाहरूको चित्त **दन्त** (=अतिव दान्त भइसकेको हुनु) भएकोले शारीरिक हाउभाउ इन्द्रीयहरू विशिष्ट शूक्ष्म भएको हुनाले ती इन्द्रीयहरू नै देख्नेहरूबाट प्रशंसाका भागी भइरहन्छन् । तर कहिलेकाहीं आफूहरू होशियार नभएको कारणले अथवा उक्त अरहन्तको सामान्य व्यक्तिहरूभन्दा अन्तर नहुने हाउभाउ आदिका कारणले सामान्य व्यक्तिका रूपमा देखिइरहेको पनि हुनसक्दछ ।

एकजना स्थविरसँग भिक्षाटन गर्न गएका एकजना नवयुवक भिक्षुले वायुरोग भएकोले आफूलाई अनुकूल हुने जाउलो (यागु) नसेलाउँदै खाउँला भनी एउटा काठको मुढामा बसी खानुहुँदा स्थविरलाई उपहास गरे । विहारमा फर्कीआएपछि स्थविरले 'आवुस (नवयुवक भिक्षु), यस शासनमा कतिसम्म आधार भरोसा प्राप्त भयो नि' भनेर सोध्नुभयो । आफू स्रोतापन्न भइसकेको कुरा निवेदन गरेपछि 'त्यसो भए माथि माथिको मार्गको निम्ति उद्योग र अभ्यास गर्नु परेन' भनी आज्ञा हुनुभयो । 'किन भन्ते' भनी निवेदन गरेपछि 'आवुसो, तिमीले अरहन्तलाई दोषारोपण गर्न पुगेछौ' भनी भनेपछि मात्र होश आई क्षमा प्रार्थना गरे । (*विशुद्धिमार्ग द्वि.. ५५*)

त्यसपछि फेरि अरहन्त महास्थविरसँगै भिक्षाटन गर्न जाँदा उहाँ अरहन्तका उपस्थापक दुर्बल दुर्लभ वृद्ध भिक्षुले 'भन्ते, आर्य पुद्गल भनेका कस्ता पुद्गलहरू हुन् नि' भनेर सोधे । 'यस लोकमा कुनै कुनै बृद्धहरूले आर्यहरूको पात्र चीवर बोक्ने जस्ता ठूला साना सेवा कार्य गर्दै सँग सँगै हिंडी रहन पाए पनि आर्य भनेर चिन्दैनन्, यतिसम्म चिन्न गाह्रो छ' भनी आज्ञा हुनुभयो । त्यस्तो भन्दा पनि उक्त बृद्ध प्रव्रजितले वहाँलाई अरहन्त भनेर जान्न सकेनन् रे । यी तथ्यहरूद्वारा



Downloaded from http://www.dhamma.digital

चेतोपरिय ज्ञान लाभ भएर अथवा छलफलद्वारा आर्यभाव जान्ने अवसर प्राप्त भए पनि सामान्य व्यक्तिहरूले आर्यभावलाई अनुमान गर्नुमा सहि पनि हुनसक्छ, गलत पनि हुन सक्छ। (*म..ट्ठ. १-२३*)

## १०८ जना आर्यहरू

*अर्थकथा* मा **'ये पुग्गला अट्ठसतं'** मा **अट्ठ** र **सतं** -जोडेर एकसयआठजना आर्यभाव प्राप्त व्यक्तिहरूको फेरि वर्णन गरिराखेको छ। उक्त वर्णन अनुसार **'पसत्था**=प्रशंसनीयहरू; **ये पुग्गला**=जो आर्यपुद्‌गलहरू; **अट्ठसतं**=एकसय आठजना; **होन्ति**=हुनुहुन्छ' भनेर अर्थ लगाउनु पर्दछ। एकसय आठजना पुग्ने गरी गनेर हिसाब गर्ने ढंग *खुद्दकपाठ ट्ठ. १५२; सुत्तनिपात ट्ठ. २८१* -मा हेर्नुस्।

यहाँ शब्द अर्थहरूको विचित्रतालाई जानेर शब्द कौशल्य ज्ञान, अर्थ कौशल्य ज्ञान लाभलाई उद्देश्य गरेर वर्णन गरिरहेको मात्र हुँ। उक्त अवस्थाको उपदेश श्रोता देव मनुष्यहरूले यतिसम्म विभाजन गरेर गुणेर बृद्धि गरेर एकसय आठजना भएको भाव जानेका हुन् भनी भन्न खोजेको होइन। सत्पुरुषहरूद्वारा प्रशंसनीय छ भन्ने अर्थलाई मात्र बुझिरहेको हुनसक्छ।

## प्रशंसाभागी

सत्पुरुषहरूको प्रशंसा ग्रहण गर्नपाउनु ती व्यक्तिहरूसँग रहेका शीलादि गुणहरूका कारणले नै हो। चम्पा, चमेली, गुलाफ फूलहरूमा वर्ण र गन्धहरू भएझैं आर्यहरूमा शील, समाधि र प्रज्ञा शिक्षाहरू रहने हुनाले वर्ण गन्ध सम्पन्न भएको फूललाई मानिसहरूले मान्यता दिएझैं उक्त शीलादि गुण धर्म युक्त भएका आर्य आयुष्मानहरू पनि देव मनुष्यहरूको मान्यता ग्रहण गरी लिन पाउँदछन्।



Downloaded from http://www.dhamma.digital

## दक्षिणेय्य पुद्गल

'यसले मलाई औषधि गरिदिने छ, मैले अह्राए जस्तो गर्ने छ' भन्ने कुनै एउटा कामनाद्वारा दिइने दानलाई दक्षिणा भनिँदैन । कर्म र कर्मफललाई विश्वास गरेर दिइने दानलाई मात्र दक्षिणा भनिन्छ। यस कथनअनुसार दक्षिणा भनेको यथार्थ दान असल दान भन्ने अर्थ भयो । कर्म र कर्मफललाई आस्था र विश्वास राखी दिनुपर्ने दान हुनाले आस्था र विश्वास राखेको अनुपात अनुसार फल महान हुनुमा व्यक्ति शीलादिले सम्पन्न भएमात्र सम्भव छ । त्यसैले शील आदि नभएका व्यक्तिलाई उत्तम दान ग्रहण गर्नलायक व्यक्ति भन्न मिल्दैन । यी आर्यहरू त फल महान र उत्तम गर्न सक्ने शीलादि गुणहरूले सम्पन्न भएका हुनाले **'दक्खिणं अरहतीति दक्खिणेय्यो'** अनुसार असल दान यथार्थ दान ग्रहण गर्नयोग्य व्यक्तिहरू हुनेछन् । (**दक्खिणं**=उत्तम दान यथार्थ दानलाई; **अरहति**=ग्रहण गर्न योग्य रहेका छन्; **इति**=त्यसैले; **दक्खिणेय्यो**=दक्षिणेय्य भन्दछन् ।

## सम्मुति, परमार्थ

कस्ता संघ-कर्मलाई **चतुवग्ग** (=चारजनाको समूह), कस्ता संघ-कर्मलाई **पञ्चवग्ग** (=पाँचजनाको समूह) द्वारा गर्नुपर्दछ आदि भनी संघ-कर्म विशेषहरू सफल बनाउनको लागि नियमित गरी प्रज्ञप्त गरिराखिएका संघहरू भएको हुनाले, ती संघहरू तथागत-सम्मत प्रज्ञप्तिअनुसार उत्पन्न हुनुभएका संघहरू भएको हुनाले **सम्मुतिसंघ** भनिन्छन् । (**सम्मुति**=सम्मत प्रज्ञप्तिद्वारा उत्पन्न भएको; **संघ**=संघ ।) यहाँ **दक्खिणेय्या** द्वारा ती सम्मुतिसंघ होइनन् भन्ने जनाउँदछ ।

दाक्षिणेय्य संघलाई नै परमार्थ पनि भन्ने गरिन्छ। **परमत्थ** (=परमार्थ) भनेको वास्तविक रूपमा भएका स्वभाव भन्ने अर्थ रहेको हुनाले संघ अर्थ अनुसार वास्तविकरूपले भइरहेका संघहरू भन्ने भाव भयो । **संघ** भनेको **सुट्ठु किलेसे हनतीति संघो**=क्लेशहरूलाई राम्ररी हनन गर्ने हुनाले



Downloaded from http://www.dhamma.digital

संघ भन्दछन्। **दिट्ठिसीलसामञ्ञेन संहतोति संघो**=प्रज्ञा र शील समान हुनाले समूह बन्न योग्य भएकोले संघ भनिन्छ। जुनसुकै रूपमा भेद भएको भए पनि, जतिसुकै टाढा भएको भए पनि, मार्ग-प्रज्ञा, मार्ग-शील आदि समानता भयो भने सामूहिक रूपमा समावेश भइरहेको छ भन्ने भनाई हो। यस संघको अर्थ दुई थरीका आर्यहरूमा भएको हुनाले आर्यसंघलाई **परमत्थ** (वास्तविक स्वभाव अनुसार रहेका), **संघ** (=संघहरू) भनी भन्नुपर्दछ। **दक्खिणेय्य** (=उत्तम भएको दानलाई ग्रहण गर्न योग्य भएका) भन्दा उहाँ आयुष्मान **सुपटिपन्नता** (=राम्ररी आचरण गर्नु भएको भाव) आदि अरु अरु गुणहरू पनि भएका भनी जान्न पाइनाले **दक्खिणेय्य**द्वारा संघगुण सबै एकमुष्ठ पारी संग्रह गरी लिने काम भइसक्ने कुरा थाहापाउन योग्य छ।

## असल गुरूका श्रावक

लोकमा गुरू असल भएर पनि गुरूको वचन नमान्नेलाई असल गुरूको शिष्य भनी भन्न चाहँदैनन। गुरू-वचनलाई गौरव-पूर्वक सुन्नेलाई मात्र असल गुरूका शिष्य भनी प्रशंसा गर्न चाहन्छन्। यहाँ **'सुगतस्स सावका'** द्वारा असल गुरूका शिष्य भनेर प्रशंसा गरिएकै छ। **'वचनं सुणन्तीति सावका।'** वचन श्रवण गर्नु कारणले श्रावक भन्दछन्। यस अनुसार तथागतका वचनलाई सुन्नु मात्र त आर्यबाट अलग्ग रहेकाहरू सामान्य पृथग्जनहरूले पनि गरिरहेकै हुन्छन्। तर सामान्य पृथग्जनहरूले उपदेश सुनेर उपदेश अनुसार आचरण गर्ने कार्यलाई अभ्यास र उद्योग गर्दैनन्, काम गर्दैनन्। आर्यहरूले मात्र उपदेश सुनेर उपदेश अनुसार आचरण गर्नुपर्ने प्रतिपत्ति आचरण गर्ने हुनाले मार्ग फलसम्म पनि पुगिरहन्छन्। त्यसैले यहाँ आर्यहरूलाई मात्र **सुगत सावका** (=तथागतका शिष्य) भनी भन्नुपर्दछ।

आर्य मात्र भएका श्रावक नभएका व्यक्ति (=बुद्ध, प्रत्येक बुद्ध); श्रावक मात्र भएका आर्य नभएका व्यक्ति (=फल प्राप्त नभएका व्यक्ति); आर्य पनि नभएका, श्रावक पनि नभएका व्यक्ति (=तीर्थंकरहरू); आर्य पनि



Downloaded from http://www.dhamma.digital

भएका श्रावक पनि भएका व्यक्ति (=फल-लाभी भिक्षुहरू); भनी पुद्गलहरू चारथरि *एकङ्गुत्तर अच्छरसंघातवग्ग अट्ठकथा (४८)* मा उल्लेख भएकामा यहाँ चौथो व्यक्तिलाई ग्रहण गर्नु हो । फल-लाभी गृहस्थीहरू पनि उपरोक्त **सावक** अर्थसँग मिल्ने हुनाले कुनै-कुनै पालिमा आर्य श्रावकको रूपमा बताइएको भए पनि यहाँ त संघको क्षेत्र हुनाले गृहस्थीहरूलाई ग्रहण गर्न मिल्दैन ।

## बुद्धसँग नजिकका, टाढाका

यो **'सुगतस्स सावका'** द्वारा नै आर्यहरू त बुद्धबाट टाढा बसेका भए पनि बुद्धको नजिकिएकाहरू भएको कुरा र सामान्य पृथग्जनहरू बुद्धको नजिक बसेपनि बुद्धबाट टाढिएकाहरू भएको कुरा जनाइरहेको छ ।

म तथागतको चीवरको फेरो समाई प्रत्येक पदचिन्हमा पाइला टेकी एकपाइला पनि नबिराइकन पछ्यार्ई सँग-सँगै हिंडिरहे पनि राग, द्वेष रहित नभई स्मृति, प्रज्ञा, समाधि रहित भइरह्यो भने उक्त भिक्षु म तथागतबाट टाढा रहेको हुने भएकोले म तथागत पनि उक्त भिक्षुबाट टाढिएकै हुन्छु; कारण किनभने धर्मलाई उक्त भिक्षुले देख्दैन । धर्मलाई नदेख्नेले म तथागतलाई पनि देख्दैन । सययोजन टाढा बसिरहेका भए पनि राग द्वेषले रहित भई स्मृति, प्रज्ञा, समाधियुक्त भएमा उक्त भिक्षु म तथागतको नजिकिएको हुन्छ । म तथागत पनि उक्त भिक्षुसँग नजिकिएकै हुन्छु । किनभने धर्मलाई देखेको भिक्षु भएकोले नै हो । धर्मलाई देख्नेले मात्र म तथागतलाई देख्दछ । ( *इतिवुत्तक -संघाटिकण्णसुत्त २५६ ।*)

## दानको महान फल

**'एतेसु दिन्नानि महप्फलानि' दक्खिणेय्य** हुने कारण भएजस्तै **दक्खिणेय्य** पनि **एतेसु** आदिका कारणले आपसमा सम्बन्धित भइरहेको छ । **दक्खिणेय्य** हुनुले गर्दा दान फल महान हुने गर्दछ । ती व्यक्तिहरूलाई



Downloaded from http://www.dhamma.digital

दिइने दान फल महान भएकोले **दक्खिणेय्य** हुनुपर्दछ । यी व्यक्तिहरूलाई अलिकति मात्र दान दिएको भए पनि फल महान हुन्छ । कारण किन नि ? शीलादि गुणले दानलाई महान फल हुनेगरी गर्नुद्वारा दानलाई परिशुद्ध हुने गरी निर्मल बनाउने भएकोले दाता र प्रतिग्राहकहरूको शीलादि सम्पन्न हुनु **दक्खिणविसुद्धि** (=दानको विशुद्धि) हुने हुन्छ । यहाँ प्रतिग्राहकबाट दक्षिणा विशुद्धितिर पुगेको कारणले दान फल महान हुनुपर्दछ । **दक्खिणविसुद्धि** चारवटा बताउनुभएको *उपरिपण्णास दक्खिणाविभङ्ग सुत्त (२९९)* मा उल्लेख छ । दाता-पक्ष परिशुद्ध भए पनि प्रतिग्राहक-पक्ष परिशुद्ध नभएको दान (दाता शीलवान्, प्रतिग्राहक दुःशील), दाता अपरिशुद्ध प्रतिग्राहक परिशुद्ध दान (दाता दुःशील प्रतिग्रहक शीलवान), दुवै पक्ष अपरिशुद्ध (दुवै दुःशील), दुवै पक्ष परिशुद्ध (दुवै पक्ष शीलवान्) ।

## सांघिक होइन

आर्यसंघलाई दान दिने सांघिक, पुद्गलिक भनी उल्लेख भएको क्षेत्रमा संघलाई दिने जस्तो होइन; ती दुईथरि भएमा एक न एकजना आर्यसंघलाई दान दिनु पुद्गलिक दान मात्र हो । सांधिक दान भनेको एकजना दुईजना आदि भनेर उद्देश्य राखेर दान दिनु जस्तो नभइ संघसमूहलाई दान गर्नु हुनाले उक्त समूह सामान्य भई आर्यसंघ पनि सम्मिलित भएको हुनाले सम्मुति संघ पनि सम्मिलित रहेको छ । त्यसो हुनाले कुनै एकजना आर्यलाई दान दिनु पुद्गलिक दानभन्दा उक्त संघ समूहलाई दिइने सांघिक दान सबभन्दा महान फल दायक हुन्छ । पुद्गलिक भए पनि तथागतलाई दिइने दान भएमा भने उक्त सांघिक दानभन्दा बढी महान फल दायक हुन्छ भन्ने अपवाद बाकी छ । त्यसैले सांघिक दान दिने बखतमा सम्मुति संघमा दान दिने भए पनि आर्यसंघहरूलाई उद्देश्य राखेर दान दिनु सुहाउँछ ।



Downloaded from http://www.dhamma.digital

**तेसं सुदिन्नं सुहुतं सुयिट्ठं,**
**ये संघमुद्दिस्स ददन्ति दानं ।**
**महप्फला लोकविदूनं वण्णिता ।**

*विमानवत्थु (६२)*

**ये**=जो व्यक्तिहरू; **संघं**=आर्यसंघलाई; **उद्दिस्स**=उद्देश्य राखी; **दानं**=दान; **ददन्ति**=सम्मुति संघमा दिन्छन्; **तेसं**=ती व्यक्तिहरूले; **सुदिन्नं**=राम्रोसँग दान दिएको भन्दछन् । **सुहुतं**=राम्ररी पूजा गरेको भन्दछन् । **सुयिट्ठं**=राम्ररी द्रान दिएको महान दान भन्दछन् । **संघगता**=संघमा पुगेर; **पतिट्ठा**=प्रतिष्ठित भएको; **सा दक्खिणा**=उक्त दक्षिणालाई; **महप्फला**=महान उत्तम फल भएको भनी; **लोकविदूनं**=लोकलाई जान्ने तथागतहरूबाट; **वण्णिता**=वर्णन गरिएको छ ।

## मार्ग पुद्गल दान

आर्य पुद्गलहरूलाई दिइने दान महान फलदायी हुन्छ भनी भन्दछन्; फल पुद्गललाई दिइएको दानमा भन्ने ठाउँ नै छैन । मार्ग पुद्गल भनेका एक चित्त क्षण मात्र हुने हुनाले अतिव छोटो क्षण मात्र हुने भएकोले उक्त पुद्गललाई कसरी दान गर्न सकिएला नि ? भनेर प्रश्न गर्ने ठाउँ छ । दान गर्न सकिने ढंग *उपरिपण्णास अर्थकथा (२२४)* मा यसरी देखाइएको छ ।

**आरद्धविपस्सक** (=उद्योग गर्ने विपश्यना भएको) भन्ने जुनसुकै ठाउँमा, जुनसुकै बेलामा भए पनि मार्गमा पुग्नको लागि पूर्वगामी भइरहने हुनाले उक्त व्यक्ति भिक्षाटन जाने अवस्थामा दाताले उभिएर नै पात्र लिई खाद्य भोजन राखी दान दिन्छ । उक्त क्षणमा मार्ग पूर्ण भयो भने यो दान मार्ग पुद्गललाई दिएको दान भनिन्छ । अथवा भोजन शालामा बस्दाबस्दै मानिसहरूले पात्रमा खाद्य भोजन राख्न ल्याउँछन् । उक्त क्षणमा मार्ग पूर्ण भयोभने उक्त दान पनि मार्ग पुद्गललाई दिइएको दान नै हुन्छ । अथवा विहारमा वा भोजनशालामा, बसिरहेका भिक्षुको पात्र दाताहरूले लिएर आफ्नो



Downloaded from http://www.dhamma.digital

घरमा लगी खाद्य भोजन राखीरहन्छ; उक्त क्षणमा मार्ग पूर्ण भयो भने यो दान पनि **मग्गसमङ्गि** (=मार्ग सम्पन्न व्यक्ति) लाई दिइएको दान नै भयो।

## एतेसु अर्थ

(**एतेसु**-लाई सम्प्रदानमा सप्तमी रूपमा अर्थ दिने गरिन्छ। 'सम्पदाने च' कच्चायन सूत्र अनुसार भयो। दा-धातुको क्षेत्रमा सम्प्रदान प्रयोग रहे जस्तै **'संघे देहि; संघे दिन्नं महप्फलं; यत्थ च दिन्नमहप्फलमाहु। चतूसु सुचीसु पुरिसयुगेसु'** आदिद्वारा आधार पनि धेरै नै देखिइरहेका छन्; त्यसैले कारक वक्तृच्छा नै कारण रहेकोले सम्प्रदानलाई व्यक्त गर्ने इच्छा नभई, आधार भावलाई मात्र व्यक्त गर्ने इच्छा भयो भने सप्तमी पनि हुन सक्ने कुरा **'आधारविवक्खायं सत्तमीपि सिया संघे देहि'** भनी *मोग्गल्लान* (२२४) -मा भनिएको छ। त्यसैले यहाँ आधार अनुसार अर्थ दिएको हुँ।)

(३४) **ये सुप्पयुत्ता मनसा दल्हेन;**
**निक्कामिनो गोतमसासनम्हि।**
**ते पत्तिपत्ता अमतं विगह्य;**
**लद्धा मुधा निब्बुतिं भुञ्जमाना।**
**इदम्पि संघे रतनं पणीतं;**
**एतेन सच्चेन सुवत्थि होतु।**

(३४) **ये**=जो अरहन्त आर्य पुद्गलहरू; **दल्हेन**=दरो भई स्थिर भएको; **मनसा**=समाधिले सम्प्रयुक्त भएको मनोवृत्ति द्वारा; **सुप्पयुत्ता**=अतिव प्रयास गरी उद्योग र अभ्यास गरिरहेका भएकोले; **गोतमसासनम्हि**=गौतम तथागतको शासनमा; **निक्कामिनो**=क्लेशबाट अलग्ग भई निस्कीसकेका छन्। **ते**=वहाँ अरहन्त आर्य पुद्गलहरू; **अमतं**=निर्वाण धातुमा; **विगह्य**=आरम्मण ग्रहण गरी पुगेपछि; **मुधा**=कुनै सम्पत्ति मूल्य खर्च नगरी; **लद्धा**=चाहिने क्षणमा सजिलै प्राप्त गरी लिई; **निब्बुतिं**=फल समापत्ति शान्तिधातु रसलाई; **भुञ्जमाना**=सेवन गरी; **पत्तिपत्ता**=अरहत फलमा पुगी



Downloaded from http://www.dhamma.digital

सके। **संघे**=अरहन्त संघमा; **इदम्पि रतनं**=यस रतनको भाव आकर्षक गुणांग पनि; **पणीतं**=प्रणीत रहेको छ; **एतेन सच्चेन**=यस सत्य वचनका कारणले गर्दा; **सुवत्थि होतु**=सत्वहरू सुखी स्वस्ति होउन्।

## भावार्थ

दरो भई स्थीर भएको समाधिद्वारा प्रबलरूपमा उद्योग र अभ्यास गरी गौतम तथागतको शासनमा क्लेशबाट उन्मुक्त हुनुभएका अरहन्त आर्यहरूले निर्वाण धातुमा आरम्मण ग्रहण गरी आई पुग्नुभएपछि सम्पत्ति केही खर्च नै गर्न नपर्ने गरिकन सजिलै सुविस्तापूर्वक लाभ गरी फलसमापत्ति शान्तधातु रस सेवन गरी अरहत्त फलमा प्रवेश गर्नुभयो। अरहन्त संघमा रहेको यस रत्नको भाव आकर्षक गुणांग पनि प्रणीत रहेको छ। यस सत्यवचनको कारणले सत्वहरू सुखी स्वस्ति होउन्।

## अरहन्त संघ

**फलसमापत्ति सुख**-भनेको क्लेश-दाह दूर भइ सितल, रमाइलो भएको आर्यवैभव एउटै रहेछ। उक्त सुखलाई अनुभव गर्न पाउने अरहन्त आर्यहरूको निम्ति अति प्रणीत भएको गुण श्रीशोभा नै हो। त्यसैले अरहन्त संघलाई फलसमापत्ति गुणद्वारा प्रशंसा गरेर सत्यवचन प्रकट गर्ने ढंग देखाउने इच्छा भएर **'ये सुप्पयुत्ता'** आदि देशना गर्नुभयो।

## आचरण पनि गुण नै हो

यसमा **निक्कामिनो**-को स्वरूप क्लेशबाट उन्मुक्त भएर जानु भनेको अरहन्त मार्ग नै हो; उक्त मार्ग प्राप्त गर्नको लागि अरहन्त आर्यहरूले कसरी आचरण गरिआएको हुनुपर्छ; भन्नुलाई **'सुप्पयुत्ता'** आदिद्वारा देखाएको छ। फल समापत्ति गुणलाई देखाउनु मुख्य भए पनि उक्त गुण लाभको कारण आचरण पनि प्रणीत भएको गुण एउटै हो। लोकमा काम नभएका वा काममा दिलचस्पी



Downloaded from http://www.dhamma.digital

नभएका ठगाहा गुण श्रीशोभा हीन व्यक्ति नै हुन्छ। आफ्नो कामकाजमा दिलचस्पी राखी उद्योग र अभ्यास गरिरहने व्यक्तिमा गुण वृद्धि भइरहन्छ नै। त्यस्तै नै शासनमा पनि अल्छी प्रमादी भई हलुका छाँटले समय बिताई आफ्नो साँच्चैको काम एकातिर पन्छाई बस्नेहरू पनि गुण श्री शोभाहीन भएकाहरू हुने भएकोले भावना कार्य उद्योगपूर्वक अभ्यास गरी बस्नेसँग मात्र गुण श्रीशोभा दिन परदिन वृद्धि भइरहन्छ। मार्ग-फल लाभ हुनेगरी प्रयास गर्दै लानुमा सामान्य प्रयासले उद्योग गरिरहनु होइन; अति नै उद्योग गर्नु पर्दछ। अरहन्त हुनुअगाडि पूर्व भाग अवस्थामा उक्त उद्योगले विजय लक्ष्य झ्वाट्ट हस्तगत गरी लिनसक्नु अतिव राम्रो क्रिया भएकोले **'सुप्पयुत्ता'** -द्वारा प्रशंसा गरिएको नै हो। यस **'सुप्पयुत्ता'** -द्वारा भावना कार्यमा पछि नहटी प्रयत्न गर्नु सम्यक्प्रधान जस्तो वीर्य युक्त व्यक्तिको भाव देखाइरहेको हो।

## समाधि ग्रहण गर्नुपर्छ

**दल्हेन मनसा**-अनुसार दृढस्थिर भएको चित्त भनेको समाधिले सम्प्रयुक्त भएको चित्तलाई नै भनिन्छ। शमथको क्षेत्रमा उपचार, अर्पणासम्म क्रमशः उच्च हुँदै जाने समाधिलाई अभिलक्षित भएजस्तै विपश्यनाको क्षेत्रमा मार्ग फल समाधि सम्म क्रमशः वृद्धि हुँदै आउने **'खणिक-चित्तेकग्गता'** भन्ने विपश्यनासँग सम्बन्धित समाधि अभिलक्षित हो।

**यथाभूतञाण** (=वास्तविक धर्मलाई जानेको ज्ञान) लाभ भएमा मात्र मार्ग फल लाभ सुनिश्चित हुने हुनाले समाधि उक्त यथाभूतज्ञान उत्पत्तिको कारण भएकोले मार्ग फल लाभको कारण देखाउनमा **'दल्हेन मनसा'** भनेर समाधिलाई व्यक्त गरिएको हो।

## दल्हेन र दलेन

(**'ये सुप्पयुत्ता मनसा दल्हेन'** मा **दहिस्स लो**; **दहतीति दल्हं**' भन्ने *मोग्गल्लान व्याकरणाचार्य* -को धारणा अनुसार 'तण्हादयो' सूत्रानुरूप ह-प्रत्यय



Downloaded from http://www.dhamma.digital

द्वारा त्यो ह-लाई ल -गरेर सिद्ध रहेको कारणले गर्दा **दल्हेन** भनेर ह -सहितद्वारा मात्र हुनुपर्दछ। (ण्वादि-२२३) संस्कृतमा त **ह** -नभएको **दल** -भन्ने मात्र रहेको छ। त्यसैले आचार्यहरूले यस क्षेत्रमा **ह** -नभएको **दलेन** भनेर मात्र प्रयोग गर्न रुचाउँछन्। गाथाबन्धनमा छन्दको लागि कुनै-कुनै ठाउँमा **दल** -भनेर मात्र प्रयोग गर्न चाहेको **'न तं दलं बन्धनमाहु धीरा, एतं दलं बन्धनमाहु धीरा'** (*सगाथावग्ग कोसलसंयुत्त* ७७) आदि उपेन्दवजिरा इन्दवजिरा छन्द गाथा पदमा दल -मा **द** -लाई लहु क्षेत्रमा राखेर बताइ राख्नुभएकोले नै यस्तो प्रयोग भएको रहेछ। **'हन्द ते नं पवक्खामि; सन्थम्भस्सु दलो भाव'** (*सुत्तनिपात महावग्ग नालकसुत्त* ३८८) इत्यादिमा पनि पथ्यावत्त ज -गण क्षेत्रमा दलो भव -भनेर **द** -लाई लहु (लघु) क्षेत्रमा राखेर बताइएको देखिन्छ। इत्यादि अनुसार दल-मा द -लाई लहु क्षेत्रमा राखी बताइएको धेरै-धेरै देखिन्छ। रत्न, पद्म, चैत्य आदि शब्दहरू संस्कृतमा धेरै धेरै देखिए पनि मागधमा चुण्णिय (गद्य) पालिमा देखिंदैन (गाथामा मात्र देखिन्छ।) त्यस्ता पदमा *सद्दनीति* ले रतनलाई रत्न, पदुम लाई पद्म, चेतिय -लाई चैत्य रूपान्तरण गर्नको निम्ति निर्देशन गरिराखिएको छ। त्यस्तै कुनै कुनै गाथामा दल्ह -लाई दल गरिराखेको छ भनेर ग्रहण गरेमा उचित हुने थियो। धेरै जसो ठाउँमा त दल्ह -भनेर नै मात्र रहेका छन्।

विपश्यनाको क्षेत्रमा स्मृति, प्रज्ञाहरू पनि नभइ नहुने भएकोले समाधि, वीर्य रहित भई उत्पन्न हुने धर्महरू नभएकोले यहाँ अविनाभाव अनुसार ती धर्महरूलाई पनि ग्रहण गरिसकेको तथ्य बुझ्नु पर्‍यो। त्यसरी आचरणीय धर्महरू सबै समावेश पार्ने इच्छा भएकोले नै अर्थकथाले **सुप्पयुत्ता** -को स्वरूप अतिव परिशुद्ध भएको काय, वची प्रयोग युक्त भएका भन्ने अर्थ ग्रहण गरी उक्त पदद्वारा शीलस्कन्धलाई निर्देश गरिराखेको कुरालाई त्यस **'दलेन मनसा'** -द्वारा समाधिसँग सम्प्रयुक्त रहेको चित्त भन्ने अर्थ ग्रहण गरी समाधिस्कन्धलाई निर्देश गरिराखेको कुरालाई **'निक्कामिनो'** द्वारा प्राण र शरीरप्रति आशक्त नहुने प्रज्ञा पूर्वगामी भएको वीर्यद्वारा क्लेशबाट उन्मुक्त हुनु अर्थ ग्रहण गरी वीर्य सम्पन्न भएको प्रज्ञास्कन्धलाई निर्देश गरिराखिएको कुरा वर्णन गरेको हो।



Downloaded from http://www.dhamma.digital

## राम्रो युग र समय

**गोतमसासनम्हि** -मा **एव** नभए तापनि **एव** -अर्थ हुनयोग्य भएकोले गौतम तथागतको शासनमा मात्र भनेर अर्थ ग्रहण गर्नको लागि अर्थकथा आचार्यले उद्धृत गरिराखेका छन् । 'एव फल, हुनु योग्य भएमा; एव पनि राख्ने बानी छ एव पनि' भनिए जस्तै हो ।' गौतम तथागतको शासनमा मात्र **सुप्पयुत्तं** (=यथार्थ विधि सत्य मार्गलाई प्रयास गर्नु) रहकोले -क्लेशबाट मुक्त हुन पाइन्छ । उक्त शासनबाट अलग्ग रहेको तीर्थंकर शासनमा त्यसरी मुक्त हुनु छैन भनेर निषेध गरिएको छ । **अञ्ञत्थापोहन नय** अनुसार पनि अर्थ ग्रहण गर्नुपर्दछ । (**अञ्ञत्थ**=अर्को अर्थलाई; **अपोहन**=निषेध गर्नु)

बुद्ध शासनको बाहिर अमरतप (=मरणबाट मुक्तिको लागि प्रार्थना गरी शरीरलाई सास्ति दिएर, कष्ट सहेर गर्नुपर्ने आचरण) भनिने विभिन्न आचरणलाई पालना गरेपनि सुप्पयोग (=यथार्थ विधि सही मार्ग अनुसार प्रयास गर्नु) नभएको कारणले गर्दा क्लेशबाट मुक्त हुनु, उनीहरूको प्रार्थना अनुसार अमर (=मरण हुन नपर्ने) लाभ जस्ता कुरा त प्राप्त हुँदैन, दुःख भोग्नु नै मात्र बाँकी हुन्छ । यस शासनमा त यथार्थ विधि, सही मार्ग आचरणहरू पनि रहेका छन् । आचरण गर्नेहरू पनि क्लेशबाट मुक्त हुनुलाई साँच्चै नै स्वानुभूतिद्वारा अनुभव गर्न पाउनेहरू हुन्छन् ।

बुद्ध-शासन भनेको असल युग, असल अवसर हो । उक्त असल अवसर एकचोटी चुक्यो भने फेरि दोहरो पाउनु भनेको धेरै गाह्रो भएकोले तथागत निर्देशित साँच्चैको आत्मलाभलाई नछुट्ने गरी हस्तगत गरी लिन बिर्सन नहुने, बिर्सन अयोग्य भएको तथ्य पनि जनाउ दिइरहेको छ ।

## पतिपत्ता

**'पत्तब्बाति पत्ति'** लाभ गर्नलायक भएकोले **पत्ति** भन्दछन् । लोकमा गर्न हुँदैन भनियो भने लाभ नहुने, हानी हुने काम भनी जानेर; गर्न हुन्छ भन्यो भने लाभ हुने भएकोले साँच्चै नै गर्नुपर्ने काम भएको जान्न सकिन्छ ।



Downloaded from http://www.dhamma.digital

यहाँ लाभ गर्न योग्य छ भनिएको हुनाले साँच्चै लाभकारी साँच्चैको अर्थ हितकारी भएको जानिन्छ। अरहत्त-फल लाभ गर्न पायो भने निस्सन्देह रूपले साँच्चै नै संसार दुःखसँग जोड्ने योगबाट अलग्ग भई शान्त, सीतल भई बस्न पाइने भएकोले **अरहत्त फल पत्तब्ब** (=प्राप्त गरिलिन योग्य धर्म) हो। तसर्थ **'पत्तब्बा नाम पत्तुं अरहा : यं पत्वा अच्चन्तयोगक्खेमिनो'** भनेर अर्थकथा मा वर्णन गरिएको छ। यस कथनद्वारा पत्ति -को पुग्नु, जानु, पद सैन्य, कुशल भाग आदि अर्थहरूलाई निषेध गरिरहेको छ। **पत्ति पत्ता पत्तिपत्ता**। अरहत्त फलमा पुगेका भने पनि **मग्गान्तर** (=मार्गको अनन्तरमा उत्पन्न हुने) फल अभिप्रेत होइन; फलसमापत्ति मात्र अभिप्रेत हो भनी स्पष्ट भएको छ।

## अरहत्त फल मात्र

**पत्तिपत्ता** फलमा मात्र पुगिने, फल समापत्तिमा प्रवेश हुनु हो। फल समापत्तिको क्षेत्रमा तल्लो स्तरका फल पुद्‌गलहरूले माथि-माथिका फललाई आआफूले प्राप्त गरी नसकेको हुनाले प्रवेश गर्न सक्दैन। माथि-माथिका फल पुद्‌गलहरूले पनि तल-तलका फलमा प्रवेश गर्न सक्दैनन्। कारण, अर्को पुद्‌गलको रूपमा पुग्नुद्वारा तल-तलका फलहरूलाई समाप्त गरी नाश गरी शान्त पारी आइसकेको हुनाले हो। स्रोतापत्ति मार्ग क्षणमा कुनै-कुनै कर्म क्लेशहरूलाई निरवशेषरूपले हटाउन सक्नुद्वारा पृथग्जनभावबाट अर्को एउटा भावमा परिवर्तन भई आर्य स्रोतापन्न हुन पुगेजस्तै सकृदागामि मार्ग-फल लाभ हुँदा स्रोतापन्न भावबाट परिवर्तन भई सकृदागामि भावमा पुग्ने गर्दछ। त्यस्तै नै अनागामि, अरहन्त भावमा परिवर्तन हुन जानुलाई पनि जान्नु पर्दछ। त्यसरी परिवर्तन हुनजानुपर्ने माथि माथिका मार्ग धर्महरूले निषेध गरेको हुनाले तल तलका फलहरू उत्पन्न हुनसक्ने अवसर बाकी नरहेको हुनाले नै हो।

अरु अरु लौकिक कुशलहरू दोस्रो जन्ममा मात्र नयाँ विपाक स्कन्ध



Downloaded from http://www.dhamma.digital

उत्पन्न भइ नयाँ जन्म भाव एकथरी परिवर्तन हुनुपर्छ। मार्ग धर्महरूले आफ्नो अनन्तरमा नै फल उत्पन्न गर्ने हुनाले सम्बन्धित मार्ग फल लाभ हुनासाथ जन्म परिवर्तन भए जस्तै हुनुपर्दछ। त्यसरी माथि माथिका फल व्यक्तिहरूमा तल तलका फलहरू खत्तम भइसकेको हुनाले अरहन्तको फल समापत्तिलाई देखाइएको **पत्तिपत्ता** -मा **'पत्तिचरियाति चतूसु सामञ्ञफलेसु'** आदिमा जस्तै चारवटै फललाई नलिइकन नै अरहत्त फललाई मात्र लिनु पर्दछ। (*पटिसम्भिदामग्ग* २१५)

## निर्वाणमा पुग्नु

आर्यहरूको विपश्यना उदयब्यय ज्ञानबाट सुरुहुनु स्वभाविक हुन्छ। तसर्थ फल समापत्तिमा प्रवेश गर्न इच्छुक आर्य पुद्गलले कुनै सुनसान भएको एकान्त स्थानमा गएर उदयब्यय ज्ञानदेखि सुरु गरेर संस्कारहरूलाई भाविता गर्दछन्। ज्ञान क्रमशः माथि माथि उक्लेर अनुलोम ज्ञानको अन्तमा फलमा पुगेर उक्त फलचित्त क्रमले निर्वाणतिर आरम्मण गरी पुग्नुपर्दछ। नियमित गरिराखेको समय अनुसार फलचित्त निरन्तर बारम्बार उत्पन्न भइरहनुलाई नै **फलसमापत्ति** भन्ने गरिन्छ। तसर्थ फलसमापत्ति मा प्रवेश गर्ने विषय बताउनु भएकोमा सम्पूर्ण संस्कार निमित्तहरूलाई हृदयंगम नगर्नु, **अनिमित्त** भनेको निर्वाणधातुलाई हृदयंगम गर्नु भनी दुईटा कारण बताउनुभयो।

उदयब्यय ज्ञान आदि ज्ञान क्रमद्वारा संस्कारबाट बिल्कुल निराशक्त भएको चित्त हुने आर्यको फल-चित्त संस्कारबाट उन्मुक्त रहेको निर्वाण आरम्मणमा उत्पन्न भइरहन्छ। त्यसरी फलको निर्वाण आरम्मण भइरहनुलाई नै संस्कार निमित्तलाई हृदयंगम नगर्नु निर्वाणलाई हृदयंगम गर्नु भनी भन्नुपर्दछ।

फलसमापत्तिमा स्थीर हुने कारण बताउनुभएकोमा पनि संस्कार निमित्तहरूलाई हृदयंगम नगर्नु, निर्वाण-धातुलाई हृदयंगम गर्नु, पूर्व भागमा व्यवस्था गर्नु भन्ने तीनवटा कारण बताउनुभयो। यहाँ पूर्व भागमा व्यवस्था



Downloaded from http://www.dhamma.digital

गर्नु भनेको फल-समापत्तिमा प्रवेश गर्नुभन्दा पहिले यो समय भयो कि ( समापत्तिबाट) उठ्नेछु भनी समय निर्धारण गर्नुलाई भनिएको हो । यसरी निर्धारण गरिएको भएपछि निर्धारित समयको भित्र समापत्ति स्थीर भइ बस्न सक्ने हुन्छ । समापत्तिबाट उठ्ने कारण बताइएकोमा पनि संस्कार निमित्तहरूलाई हृदयंगम गर्नु, अनिमित्त भन्ने निर्वाणधातुलाई हृदयंगम नगर्नु भनी कारण दुइटा उल्लेख भएका छन् । निर्वाण आरम्मण भंग भएर संस्कारमा आरम्मण पर्नजाँदा फलसमापत्ति खत्तम भइसक्यो भन्नाको मतलब हो । यी तथ्यहरू अनुसार फलसमापत्ति संस्कारबाट सम्बन्ध टुटेर निर्वाण धातुमा पुगिरहेको छ भन्ने स्पष्ट भइरहेको छ । तसर्थ त्यसरी निर्वाण धातुमा पुगेर आरम्मण गरिरहेको फल-समापत्तिको उत्पत्ति ढंग देखाउन चाहेकोले **'अमतं विगह्य'** भनी बताउनुभयो ।

## सम्पत्ति खर्चनु पर्दैन

आर्य आयुष्मानहरू फल समापत्तिमा प्रवेश हुने वर्तमान जन्ममा नै सुखपूर्वक विहार गर्नको निम्ति हो । क्लेश-दाहरहित भई अतिव शान्त सीतल भएको फल-समापत्ति सुख द्वारा बस्नु भनेको यो शासनमा एक थरी साह्रै प्रणीत भएको सुख ऐश्वर्य नै हो । तसर्थ राजाहरूले राज सुख-ऐश्वर्य अनुभव गरिरहे जस्तै देवताहरूले दिव्य सुख-ऐश्वर्य अनुभव गरिरहे जस्तै नै आर्यहरूले सर्वोत्तम लोकुत्तर आर्य-सुख अनुभव गर्छु भन्ने इच्छा छन्दद्वारा प्रवेश गरिरहनुहुन्छ ।

लौकिक सुख ऐश्वर्य, सम्पत्ति खर्च गर्न सके मात्र लाभ हुने सुख ऐश्वर्य भए । जति-जति सुख ऐश्वर्य विशाल हुँदै जान्छ त्यति-त्यति खर्च गर्नुपर्ने मूल्य पनि धेरै-धेरै हुन्छ । यस फल-समापत्ति सुख अनुभव गर्नुहुने आर्य आयुष्मानहरूले सम्पत्ति खर्च गर्न नपर्ने गरी सजिलै सहजरूपमा अनुभव गर्न सक्नुहुन्छ । त्यसरी सम्पत्ति खर्च गर्न नपर्ने, मूल्य तिर्नु नपर्ने, स्वतन्त्र रूपले हलुका किसिमले सजिलै इच्छा लागेको समयमा अनुभव



Downloaded from http://www.dhamma.digital

गर्न सकिने भावलाई **'लद्धा मुधा'** भनी आज्ञा हुनुभयो । यस पालि पाठले लागत धेरै लगाएर धेरै उद्योग, व्यापार गरेर मात्र प्राप्त हुनसक्ने उक्त लौकिक सुख-ऐश्वर्यमा साँच्चैको शान्ति शीतल सुख भन्ने पाउन नसकिने र चाहेको बेलामा चाहेको ठाउँमा केही पनि उद्योग व्यापार गर्नु नपर्ने गरी सजिलै अनुभव गर्न पाइने यस फल-समापत्ति सुखमा मात्र नै साँच्चैको शान्त सीतल भएको वास्तविक सुख अनुभव गर्न पाईने कुरा अवगत गराई राखेको छ ।

## मुधा-को यथार्थ अर्थ

(**'मुधाति अव्ययेन'** भनी वर्णन गरिराखेको अर्थकथामा **ब्यय**-लाई विनाश हुनु अर्थ वाची भनी मानेर **मुधा**-को स्वरूप अभिप्रायलाई विभिन्न रूपले धारण गरिएको छ । **ब्यय**-को अर्थलाई **'विगमे**=रहित हुनुमा; **धनादिनो चागे**=धन आदि त्याग गर्नुमा; **जोतिसोत्थे**=जोतिष ग्रन्थमा (शास्त्रमा) बताइएको; **लग्गा**=लग्नद्वारा; **द्वादसट्ठाने च**=बाह्रौं स्थानमा रहेको छ' भनी *थोमनिधि* मा अर्थ तीनथरी देखाइएका छन् । रहित हुनु भनेको सिद्धिनु, विनाश हुनु नै हो; धन त्याग भनेको धन खर्च गर्नु नै हो । **अब्ययेन** -मा **ब्यय**-लाई विनाश हुनु भन्ने अर्थ ग्रहण गराउन चाहन्नँ । धन खर्च गर्नुलाई ग्रहण गराउन चाहेकोले **काकणिकामत्तम्पि ब्ययं अकत्वा** (=काना कौडी सम्म पनि खर्च गर्न नपर्ने गरी) भनी अर्थकथा मा सँगै जोडेर वर्णन गरेको हो ।

**'सयं आयं व्ययं जञ्ञा; सयं जञ्ञा कताकतं'** (*जातक-दु-तेसकुण जातक*-६) मा **ब्यय** र **बि+इ+अ** धातु प्रत्यय समान भएको **वय** -देखिन्छ । अर्थकथामा **दातब्बधन** (=फलाना फलाना व्यक्तिहरूलाई दिनुपर्ने धन) भनेर वर्णन गरिएको छ । उक्त **वय** पनि सिद्धिनु, विनाश हुनु, खर्च गर्नु, उमेर आदिमा व्यक्त भइरहेको हुनाले कुनै-कुनै अर्थ **ब्यय** सँग समान नै भयो । **मुधा वा देति** (*वि..टृ.* २-५४) मा **मुधा**-लाई **'मुधाति अमूलेन** (=मूल्य छैन, सित्तैं) भनी विमती वर्णन गरिराख्यो ।

त्यसो हुनाले उपरोक्त अर्थअनुसार मुधा-लाई धन प्रयोग गर्नु नपर्ने गरी भनी र सम्पत्ति सिद्ध्याउनु नपर्ने गरी सित्तैं मात्र भनेर अर्थ दिन योग्य छ । त्यसपछि



Downloaded from http://www.dhamma.digital

फेरि लौकिक सुख ऐश्वर्यहरू परिवार साथी भाइहरू भेला भएर अनुभव गर्नुपर्दछ। फल समापत्ति त साथीबिना एक्लै स्वतन्त्र रूपले लाभ हुने सुख भएकोले यो **मुधा**-को स्वरूपले साथी रहित भन्ने अर्थ पनि व्यक्त गर्न सक्दछ। तसर्थ **मुधा** =साथी पनि छैन, धन पनि खर्च गर्नु नपर्ने गरिकन नै भनी र साथी पनि चाहिँदैन, धन पनि प्रयोग गर्नु पर्दैन भनी अर्थ दियो भने पूरै अर्थयुक्त हुन्छ।

## फलसमापत्ति सुखानुभव

कुनै कुनै ठाउँमा **निब्बुति**-शब्दले निर्वाणलाई व्यक्त गरिन्छ। यहाँ त क्लेश दाह शान्त हुनु अर्थ अनुसार फलसमापत्तिलाई व्यक्त गरिरहेको छ। क्लेश दाह शान्त भएको कारणले र अति शान्त भएको निर्वाणलाई आरम्मण गरिरहनपाइनुले फल अतिव शान्त-दान्त हुने गर्दछ। सार-युक्त भएकोले अतिव शुद्ध भएको अतुलनीय सुखले खुब दलिराखेका जस्ता हुन्छन्। ध्यान मार्ग सुखहरू भन्दा अतिव रमाइलो उत्तम सुख भएको यस फल-सुखलाई अनुभव गर्न पाउने आर्यहरू तृप्त भयो सन्तोष भयो भन्ने नहुने गरी **निब्बुतिं भुञ्जमाना**-द्वारा देखाइ राखिएको अर्हन्त आर्यहरूको फलसमापत्ति सुख लोभलाग्दो, प्रसन्न हुन लायक, आकर्षित पार्न सक्ने भएकोले उक्त गुणले सम्पन्न भएकाहरू अरहन्त आर्यहरू साँच्चैका रत्न हुनपाए।

## प्रेरणा

**पटिपत्तिया लद्धब्ब-रसस्सादमनुत्तरं।**
**विन्तितुं पदहे नो चे; क्वत्थो ते जिनसासनं।**

**अनुत्तर**=लौकिक सुखहरू मध्यमा अतुलनीय सर्वोत्तम भएको; **पतिपत्तिया**=सुखकामि व्यक्तिहरूले प्रयत्न पूर्वक आचरण गर्नुपर्ने प्रतिपत्ति द्वारा; **लद्धब्बरसस्सादं**=साँच्चै प्राप्त गर्न योग्य भएको रमाइलो सर्वोत्तम रसास्वादलाई; **विन्दितुं**=कहिल्यै नभेटिएको अति विशिष्ट भएको हुनाले प्रीति



Downloaded from http://www.dhamma.digital

जनक भएको, तेलले छोएको कपास समान अनुभवको लागि; **पदहे**=साँच्चैको आत्मलाभ भनेर भित्री हृदयदेखि प्रयत्न गर्नुपर्‍यो। **नो चे**=जन्म-जन्मको निम्ति मात्र आशक्ति बनाई दुर्बल श्रद्धा हुनाले छन्द हरिई प्रयास गरेन भने; **ते**=असल युग साँच्चैको अवसर मिलेको तिम्रो जीवन भरमा; **जिनसासनं**=गुणांगको खानी, सारको थुप्रो भएको, अतुलनीय, अति विशिष्ट भएको जिन शासन; **क्वत्थो**=जंगली जनावर मृगले रत्न देखेको जस्तै गुणांगहरू भेटिएर पनि के लाभ हुन सक्ला त !

(३५) **यथिन्दखीलो पथविस्सितो सिया;**
**चतुब्भि वातेहि असम्पकम्पियो।**
**तथूपमं सप्पुरिसं वदामि;**
**यो अरियसच्चानि अवेच्च पस्सति।**
**इदम्पि संघे रतनं पणीतं;**
**एतेन सच्चेन सुवत्थि होतु।**

(३५) **पथविस्सितो**=पृथ्वीमा धसिएर स्थिर रहेको; **इन्दखीलो**=अति दृढ भएको इन्द्रकील खम्बा; **वा**=लाई; **चतुब्भि**=चारै दिशाबाट; **वातेहि**=(आउने) वर्षात तथा हुरी बतासले; **असम्पकम्पियो**=अलिकति पनि हल्लाउन नसकिने; **सिया यथा**= भइरहे जस्तै; **यो सप्पुरिसो**=जो स्रोतापन्न सत्पुरुषले; **अरियसच्चानि**=आर्य सत्यलाई; **अवेच्च**=मार्ग ज्ञानले घुसेर; **पस्सति**=जान्ने देख्ने गर्दछ; **तं सप्पुरिसं**=उक्त स्रोतापन्न सत्पुरुषलाई; **तथूपमं**=उक्त इन्द्रकील खम्बा समान तुलना गर्न मिल्ने भनेर; (**अहं**=म तथागत) **वदामि**=भन्दछु। **संघे**=स्रोतापन्न संघप्रति; **इदम्पि रतनं**=यस रत्नको भाव आकर्षक भएको गुणांग पनि; **पणीतं**=प्रणीत रहेको छ; **एतेन सच्चेन**=यस सत्य वचनको कारणले; **सुवत्थि होतु**=सत्वहरू सुखी होउन्।



Downloaded from http://www.dhamma.digital

## भावार्थ

पृथ्वीको गहिराईसम्म गडिएर दरिलोसँग धसिएर स्थीर रहेको इन्द्रकील खम्बा चारै दिशाबाट आउने वर्षात हुरि बतासद्वारा हल्लाउन नसकिए जस्तै मार्ग-ज्ञानद्वारा आर्यसत्यलाई जानी-बुझी सकेको स्रोतापन्न सत्पुरुषलाई उक्त इन्द्रकील खम्बा जस्तै दुढ भएका सत्पुरुष भनी म तथागत भन्दछु। स्रोतापन्न संघमा यस रत्नको भाव आकर्षक भएको गुणांगहरू पनि प्रणीत छन्। यस सत्यवचनको कारणले सत्वहरू सुखी होउन्।

## स्रोतापन्न गुणांग

बुद्धकालीन अवस्थामा स्रोतापन्न व्यक्तिहरू धेरै-धेरै भइसकेकाले स्रोतापन्न भावलाई प्रत्यक्षानुभूति भएकाहरू पनि धेरै भइसके। फलाना व्यक्ति स्रोतापन्न हो भनी सुनेको आधारमा जान्ने मौका पनि थियो। स्रोतापन्न भाव धेरै व्यक्तिहरूबाट सुनेर तथा अनुभवबाट प्रकट रहेकोले त्यसरी प्रकट भई धेरै प्रसिद्ध भएका स्रोतापन्न संघहरूको गुणद्वारा सत्य वचन बोल्ने ढंग देखाउन चाहनुभएकोले **'यथिन्द खीलो'** आदि आज्ञा हुनुभयो।

## ब्याकरण अनुसार स्पष्टीकरण

(**इन्दखील** शब्द ढोकाको संघार र ढोकाको खम्बालाई व्यक्त गरिने हुनाले यहाँ ढोकाको खम्बालाई जनाउँदछ। **'पथविस्सितो** -पृथ्वीमा धंस्सिएको इन्द्रकील-खम्बा' भनेर शब्द सामान्य भए पनि चारै दिशाबाट आउने वर्षात र हुरीबतासले हल्लाउन नसकिने खम्बा भनेको हुनाले र स्रोतापन्न व्यक्ति इन्द्रकील खम्बा समान भएको भनी उपमा देखाइएको पालिमा **'गम्भीरनेमो**=गहिरो खाल्डो भएको; **सुनिखातो**=राम्ररी गाडिराखिएको' भनी भनिएको हुनाले अतिव दरिलो भई दृढतापूर्वक गाडिराखिएको अति नै जब्बर भएको खम्बा विशेषलाई लिनु पर्दछ। तसर्थ अर्थकथा मा **इन्दखील** भनेको नगरद्वारलाई जब्बर हुनेगरी खडा राख्नको लागि आठ दश



Downloaded from http://www.dhamma.digital

हात गहिराईसम्म भूमिमा खाल्डो खनेर गाडिराखिएको काठको खम्बा भएको तथ्य वर्णन गरिएको छ।

अर्थकथामा **'पथविन्ति भूमिं; सितोति अन्तो पविसित्वा निस्सितो'** भनेर वर्णन गरिएको हुनाले अर्थकथाचार्यहरूका पालाको पालिमा **पथविं सितो**-भनेर मात्र छ कि भनेर विचार गर्न सकिन्छ। *नेत्ति अट्ठकथा*-मा त **'पथविस्सितो सिया ति गम्भीर नेमिताय अन्तो पविसित्वा भूमिन्निस्सितो सिया भवेय्य'** भनेर नै उल्लेख रहेको छ। **चतुब्भिवातेहि**=....हावाले; वा=....कारणले, **असम्पकम्पियो**=हल्लाउन नसकिएको भनेर पनि अर्थ दिने गर्दछन्। **'कम्पेतुं वा चालेतुं वा असक्कुनेय्यो'** वर्णन अनुसार **असम्पकम्पियो**-मा ण्य प्रत्ययको कर्ममा **सक्क** अर्थ प्रकाश गरिराखिएको र कारित प्रत्ययभित्र घुसिरहेको जान्न पाइन्छ। तसर्थ **चतुब्भिवातेहि असम्पकम्पियो**-को कर्ता हो। **इन्दखीलो**-कर्म हो। 'कर्मवाची, कित क्रियाले; पछि अर्को, आख्यात रहेर; फेरी कर्ता हुने भयो; त्यही कर्म फेरि कर्ता पनि हो' भन्ने नियाम अनुसार **'सिया'** क्रियाको कारणले गर्दा कर्ता पनि भएर... हावाले भनेर पनि अर्थ लगाउनु पर्दछ।)

## सत्य दर्शन ढंग

आर्यसत्यलाई जानेकोमा **अनुबोध** (=लौकिक ज्ञानले जानेको), **पटिवेध** (=मार्ग ज्ञानले घुसेर जानेको) भनेर जानेको तरिका दुइवटा रहेकोले यहाँ **पटिवेध** ज्ञान भन्ने मार्ग ज्ञानले जानेको अपेक्षित भएकोले **अवेच्च पस्सति**-भनेर भनिएको हो। **मग्गभावना** भनेको आफ्नो सन्तानमा मार्गलाई उत्पन्न गर्नु हो। उक्त मार्ग पूर्वभाग विपस्सनामा पनि उत्पन्न भइरहेको पाइने भएकोले त्यो आर्य मार्गमा पुग्नको निम्ति हुन्छ। त्यसो भएकोले मग्ग भावना भनेको आर्य मार्ग पुग्ने अवस्थामा सर्वोच्च अन्तिम स्थितिमा पुगिनु हो। दुःखलाई छुट्याएर जान्ने बुझ्ने परिज्ञान कृत्य पनि विपश्यनामा रहिरहेकै छ; तर अन्तिम चरणमा पुगेको छैन; जान्नुको अन्त भएको छैन; मार्ग क्षणमा भने अन्तिम चरणको रूपमा भित्रसम्म घुसेर सबभन्दा स्पष्ट भएको स्थितिमा पुग्न जान्छ। त्यस्तै नै विपश्यना क्षणदेखि क्रमशः उत्पन्न भइरहेको समुदय



Downloaded from http://www.dhamma.digital

सत्यलाई प्रहाण गर्ने कृत्य पनि मार्गमा पुगेपछि मात्र पूर्णत्वमा पुग्ने हुन्छ। त्यसैले मार्गले निर्वाणलाई आरम्मण गरेपनि अरु अरु सत्यलाई समेत एकातिरबाट छिराई जान्नु बुझ्नु क्रिया सँगै सिद्ध हुने गर्दछ। यहाँ निर्वाणलाई जानेको **आरम्मण** (=आरम्मण गरेर जानेको) ज्ञान हो। दुःख आदिलाई जानेको ज्ञान त **असम्मोह** (=झुक्किनुबाट रहित भई जानीसकेको स्पष्ट भइसकेको) ज्ञान हो।

यो विषयमा तेलको बत्तीको उपमाद्वारा देखाइएको छ। तेल बत्तीद्वारा सलेदो बालिनु; अन्धकार हटाउनु; प्रकाश फैलाउनु; तेल सुकाउनु चारैवटा काम सँगसँगै गर्दै लाने जस्तै मार्ग पनि दुःखलाई जान्नु, समुदयलाई हटाउनु, मार्गलाई बृद्धि गर्नु, निरोधलाई साक्षात्कार गर्नु भन्ने कृत्य चारवटालाई एकैपाखमा सिद्ध गरिदिन्छ।

## इन्द्रकील खम्बा समान

मार्ग-कृत्य चारवटा प्रत्यक्ष रूपमा विभाजन गरिरहेका आर्य प्रति-मार्ग द्वारा निर्वाणलाई साक्षात्कार गर्नु, अकालिक मार्गको गुण अनुसार आर्य फलमा दक्षता बनाउनु, त्यसरी प्रत्यक्ष सांदृष्टिक मार्ग, फल अनुसार मैले मार्ग फल प्राप्त गरिसकें भनेर **पच्चत्तं वेदितब्ब**-अनुसार स्वयम् आफूले बुझ्नपाइने हुनाले उक्त आर्य **अपरपच्चय** (=तथागत बाहेक अरुमा आधार भरोसा र विश्वास गर्न योग्य नरहेका) **वेसारज्जपत्त** (=विभिन्न संशयका कारणले चिन्ता लिइरहनुपर्ने जन्मबाट संशय रहित भइ निर्भीक हुनु) भावमा पुगिसकेका त्यस्ता व्यक्ति अरु-अरु धारणा वा सिद्धान्तका कारणले कहिले पो प्रकम्पित हुनसक्ला र ? अतिव दरो गरी गाडिराखिएको ढोकाको खम्बा चारै दिशाबाट आउने वर्षात हुरी बतासले हल्लाउन नसकिने जस्तै उक्त स्रोतापन्न व्यक्तिलाई जस्तोसुकै तैर्थिक-सिद्धान्तले पनि हल्लाउन सक्दैन; आफ्नो दृष्टिबाट दगाई सर्ने गरी परिवर्तन कसैले गर्न सक्दैन। यो तथ्य बताउनुभएको *संयुत्तनिकाय (३-३८८)*-मा उल्लेख छ। बताउनुभएको संक्षिप्तमा कसरी



Downloaded from http://www.dhamma.digital

भने 'गहिरो खाडल भएको नसर्ने, नहल्लिने गरी, राम्ररी दरिलो पारी दृढतापूर्वक गाडिराखेको खम्बालाई पूर्व, पश्चिम, दक्षिण, उत्तर चार दिशाबाट आउने अति तीब्र भएको वर्षात र हुरीले हल्लाउन सक्दैन; कारण किन भने खाडल पनि गहिरो भएको, राम्ररी दरिलो गरी, दृढता पूर्वक गाडिराखिएको पनि हुनाले हो । त्यस्तै नै श्रमण ब्राह्मण नामधारी जो व्यक्तिहरूले दुःख, समुदय, मार्ग, निरोध सत्य धर्मलाई जान्दछन्; उक्त सत्यलाई जान्ने भइसकेको कारणले गर्दा नै ती श्रमण ब्राह्मणहरूले यिनी विशिष्ट धर्म जान्ने बुझ्ने नै हुन् भनी तथागत बाहेक अरुको अनुहार जिज्ञासापूर्वक हेर्ने छैन ।'

यस तथ्यद्वारा सत्य नदेखेका पृथग्जनहरूसँग विरोधी-भाव देखाइएको छ। ती पृथग्जनहरूले त **'पुथु सत्थारानं मुखुल्लोकिका ति पुथुज्जना'** अनुसार जिज्ञासापूर्वक विभिन्न आचार्यहरूको मुख हेर्न सक्छन् । यो आचार्यले एक थरी बोल्यो भने स्वीकार गरी गुरू स्थापना गर्नसक्छ । अर्को एकजना गुरूले भिन्नै कुरा बोल्यो भने फेरि तुरन्त नै उसलाई विश्वास गर्न पुग्नसक्छ ।

यसरी विभिन्न आचार्य, विभिन्न दृष्टिमा परिवर्तन हुन सक्छ । यस्तो हुनजानुको कारण सत्यलाई नदेखेर निश्चित गरी निर्णय गर्नसक्ने धर्म नभेटेर हो । निर्णय गरी, निश्चित गर्न सक्नेगरी प्रत्यक्षीकृत सत्य धर्मका धनी स्रोतापन्नहरूलाई कसैले पनि फकाई फुलाई, छलेर, डर धम्की देखाई ठगेर उक्त निर्णय बदलिने किसिमले गर्न सकिने छैन ।

## ढाँटेर छल्न सकिंदैन

एकचोटी तथागतले उपदेश गर्नुहुँदा परिषदको पछाडि बसेर उपदेश सुनिरहेका सुप्पबुद्ध भन्ने कोढी एकजना स्रोतापन्न हुन पुगे । परिषदहरू फर्की गएपछि आफूलाई प्राप्त भएको गुण तथागतलाई निवेदन गर्न आउँदा शक्र देवेन्द्रले परीक्षा गर्ने इच्छाले आकाशमा बसेर 'हे सुप्पबुद्ध, तिमी गरीब हौ, तिमीलाई मैले कहिल्यै नसिद्धिने गरी धन सम्पत्ति दिन्छु; तिमीले मात्र एकचोटी बुद्धलाई बुद्ध होइन; धर्मलाई धर्म होइन; संघलाई संघ होइन; बुद्ध,



Downloaded from http://www.dhamma.digital

धर्म, संघ मलाई चाहिँदैन भनी भन्नुपर्छ' भने । त्यसबेला 'तिमी को हौ' भनी सुप्पबुद्धले सोधे । आफू शक्र देवेन्द्र भएको बताएपछि 'लज्जा नभएको मुर्ख देवराज; तिमीसँग त मैले बोल्नु पनि उचित छैन; तिमीले मलाई दुःखी दरिद्र भन्यौ । मसँग श्रद्धा, शील आदि सत्पुरुष धनहरू भएकोले म धनी हुँ' भनी भने । शक्र देवेन्द्रले यो कुरा तथागतलाई निवेदन गर्दा तथागतले 'देवराज, तिमीजस्ता शक्र सयौं, हजारौं आएर सुप्पबुद्धलाई बुद्ध होइन आदि भन्न लगाए पनि सफल हुन नसक्ने कुरा आज्ञा हुनुभयो । सुप्पबुद्ध पनि तथागतकहाँ आफूले प्राप्तगरेको आर्य गुण विशेष निवेदन गरी फर्कदा लैनो गाईबाट हानिएर मरी च्यूत भएर देवलोकमा पुगे । (*धम्मपदट्ठकथा १-३०२*)

## तर्साएर सकिन्न

भारद्वाज गोत्रका एकजना ब्राह्मणकी धनञ्जानी भन्ने ब्राह्मणी पत्नी थिइन् । ब्राह्मण भने ब्राह्मणहरूमा श्रद्धा राख्ने, ब्राह्मणी भने बुद्ध श्राविका स्रोतापन्न थिइन् । ब्राह्मणले ब्राह्मणहरूलाई भोजन खिलाई-पिलाई गर्ने बेलामा ब्राह्मणीले सेवा टहल गरिदिए पनि ब्राह्मणीले बुद्ध प्रमुख संघलाई भोजन दानगर्दा भने ब्राह्मण घरबाट छलेर बाहिर जान्थे । एकदिन ब्राह्मणले पाँचसय ब्राह्मणहरूलाई भोजन निमन्त्रणा गरेर आई ब्राह्मणीलाई 'ए गृहिणी, भोलि पाँचसय ब्राह्मणहरू भोजन सेवन गर्न आउने छन्; तिमीमा भने बसिरहे पनि, उभिइ रहेपनि, खोके पनि, हाछ्यूँ आउँदा पनि 'नमो बुद्धस्स' भनेर श्रमण गौतमलाई वन्दना गर्ने बानी छ; भोलि एकदिन त यो वन्दना गर्ने काम नगर; यो शब्द सुनेभने ब्राह्मणहरूका मन अशान्त हुन्छन्; म र ब्राह्मणहरूमा फाटो आउने गरी काम नगर है' भनी भने । 'भो गृहपति .....चाहे तपाँई ब्राह्मणहरूबाट फाटोस्, चाहे देव-ब्रह्माहरूबाट फाटोस्, मैले त बुद्धलाई अनुस्मरण गरेपछि वन्दना नगरी त बस्न नै सक्दिनँ' भनेर ढिपि गरिन् । 'ए गृहिणी... सयौं घर भएको गाउँको ढोकालाई त बन्द गर्नसकिन्छ भने दुई औंलाले थुन्न मिल्ने जाबो मुखलाई भोजन गरुन्जेलसम्मको



Downloaded from http://www.dhamma.digital

लागि थुन्न सक्दिनस्' आदि भनी विभिन्न तरिकाबाट सम्भाउँदा पनि ब्राह्मणीले ढिपी गरि नै रहेकीले सिरानमा राखिएको खड्ग उठाएर 'ए गृहिणी, भोलि (तिमीले) मुण्डक श्रमणलाई वन्दना गऱ्यौ भने म तिमीलाई यो खड्गले पाउदेखि शिरसम्म नै काटेर टुक्रा-टुक्रा गरिदिनेछु' भनेर धम्की दिए । बुद्ध-श्राविका आर्य भनेका बुद्धसँग सम्बन्धित भयो कि कम्पित नहुने स्वभाव अनुसार 'मेरो अंग-प्रत्यंगलाई छिनाल्न मनलागे छिनाल, काट्न मनलागे काट, बुद्धोपदेशलाई भने छोड्न सक्दिन; बुद्धबाट छुटिएर बस्न सक्दिनँ' भनेर भनेपछि ब्राह्मण केही गर्न नसकी 'तिम्रो मनपरी गरीबस्' भनी हार मान्नुपऱ्यो ।

भोलिपल्ट ब्राह्मणहरू भोजन सेवन गरिरहँदा सेवा गरिरहेकी ब्राह्मणी चिप्लेर लड्दा बुद्ध स्मरण भएकोले **'नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स'** भनी तीनपल्टसम्म उदान व्यक्त गरिन् । ब्राह्मणहरू रिसाई ब्राह्मणलाई गाली गर्दै भोजन गर्न नसिद्धिँदै उठेर फर्केर गए । ब्राह्मणले ब्राह्मणीलाई अनेक किसिमले गाली गरिसकेपछि बुद्धलाई प्रश्नद्वारा नाजवाफ बनाई शास्ति गर्नको निम्ति बुद्धकहाँ गएर प्रश्न गर्दा बुद्धको उत्तर सुनेर सन्तुष्ट र उत्साहित भई भिक्षु बनी धेरै समय नबित्दै अरहत्तत्वमा पुगे । *(सं.टु. १-सगाथावग्ग २०७)*

## छल्न सकिंदैन

सूरम्बट्ठ तैर्थिकहरूका शिष्य दायक थिए । एकदिन सूरम्बट्ठमा स्रोतापत्ति मार्ग लाभको निम्ति उपनिश्रय देख्नुभएका तथागत भिक्षाटनको समयमा उनको घरको ढोका अगाडि पुग्नुभयो । सूरम्बट्ठले पनि तथागतलाई घरमा आमन्त्रण गरेर भोजन दान गरिसकेपछि बुद्ध-देशित उपदेश अनुसार स्रोतापन्न भए । तथागत फर्किसक्नुभएपछि मारले सूरम्बट्ठ आफ्नो क्षेत्रबाट मुक्त भए, नभएको परिक्षा गर्ने मनसायले बुद्ध जस्तै आफूलाई निर्माण गरी सूरम्बट्ठको घरको ढोकामा पुगे । तथागत फेरि फर्किनुभयो भन्ने सम्भेर सूरम्बट्ठले



Downloaded from http://www.dhamma.digital

नजिक गई फर्कनु परेको कारण सोध्दा बुद्ध भेषधारी मारले 'सूरम्बट्ठ ! मैले उपदेश दिंदा एउटा उपदेश होश नभएर बिर्सेर गल्ती उपदेश दिन पुगेछु; पाँचवटै स्कन्धलाई अनित्य, दुःख र अनात्म भनी उपदेश दिनपुगेछु। तर सबै स्कन्धहरू यस्तै मात्र स्वभावका होइनन्; विनाश नभई स्थीर भइरहने कुनै-कुनै स्कन्धहरू पनि छन्' भनी भने। साक्षात्कृत धर्म नभएकाहरू भएको भए बुद्ध नै हुन् भनेर निश्चय गरी यस मारको कुरालाई स्वीकार गर्थे होला। धर्मलाई प्रत्यक्षरूपले जानिसकेका विश्वास र निर्णय गरिसकेका सूरम्बट्ठले त यो विषय स्वीकार गर्न सक्दैनन्। त्यसैले विचार गरेको कस्तो हो भने 'यो कुरा अति भार भएको कुरो हो; बुद्धहरूले कहिल्यै बिर्सेर उपदेश दिने भनेको हुन सक्दैन; बुद्धका विरोधी पक्ष मार भएकोले यो व्यक्ति मार हुनुपर्छ' भनी विचार गरी 'तिमी मार देव पुत्र होइनौ र' भनी भने। मारले आफूलाई छोपेर छोप्न नसकी यथार्थ कुरा स्वीकार गरे। 'तिमी जस्ता मार देव पुत्रहरू सयौं हजारौं आएर बिगार्न खोजे पनि मेरो श्रद्धालाई बिगार्न सक्दैन; उनी महान गौतम तथागतले **'सब्बे सङ्खारा अनिच्चा'** लाई सुन्ने मात्र होइन, साक्षात जान्न सक्नेगरी आज्ञा भइसकेको हुनाले तिमीले छलेर छल्न सक्दैनौ; मेरो ढोकामा नबस्, गइहाल' भनी निकाल्दा मार लोप भएर गए। यो कुरा तथागतसँग निवेदन गर्दा यस अर्थोत्पत्ति अनुसार नै सूरम्बट्ठलाई **अवेच्चप्पस्सन्न एतदग्ग** (=कम्पित नभइ भित्रसम्म घुसेर आस्था र श्रद्धा राख्नेहरूमा अग्र र श्रेष्ठ व्यक्ति) पदद्वारा सम्मानित गरी प्रशंसा गर्नुभयो। (*अंगुत्तर ट्ठ. १-३०५ -६*)

## सोतापत्तियङ्ग

स्रोतापन्न व्यक्तिले धर्मलाई साक्षात्कार गरिसकेको हुने भएकोले, धर्ममा निश्चित गरी निर्णय गर्नसक्ने भइसकेको हुनाले नै बुद्धप्रति अकम्पित भई भित्रसम्म पसेर विश्वास र श्रद्धा राख्नु; धर्म संघप्रति अकम्पित भई गहिराईसम्म पसेर विश्वास र श्रद्धा राख्नु, **अरियकन्त सील** (=पञ्चशील) ले



Downloaded from http://www.dhamma.digital

सम्पन्न हुनु, यी चारवटा धर्म उनीसँग स्पष्टतः प्रकट हुन्छन्। यी धर्महरू स्रोतापन्नहरूले सधैं लाभ गर्ने गुणांगहरू हुन्। यी चारवटा मार्गद्वारा सिद्ध भइरहेको हुनाले **सोतापत्तियङ्ग** (=स्रोतापत्ति मार्गको अंग प्रत्यंग) भनी भनिन्छ। यी चारवटा धर्मलाई **धम्मादास** (=धर्मको ऐना) भनेर पनि बताउनुभयो। लोकमा ऐना हेर्दा आफ्नो आकार-प्रकार, रंगढंगलाई जस्ताको तस्तै वास्तविक रूपमा जानिने जस्तै यो धर्मको ऐनाद्वारा म अपायगामी हुने छैन, मार्ग भन्ने नियामबाट स्थीर भइसकें, माथि-माथिको मार्ग नै मात्र लाभ गर्न बाँकी छ भनेर जान्न सक्दछन्।

त्यसपछि फेरि **सप्पुरिससंसेव** (=सत्पुरुषहरूको सत्संगत गर्नु), **सद्धम्मस्सवन** (=उपदेश सुन्नु), **योनिसो मनसिकार** (=योग्य भएको असल मनोवृत्ति बनाई राख्नु), **धम्मानुधम्म पटिपत्ति** (=मार्ग फल धर्म अनुकूल आचरणको आचरण गर्नु) भनेर उल्लेख गरिराखेको **सोतापत्तियंग** धर्म चारवटा बाँकी छन्। उक्त सोतापत्तियंग चारवटा धर्म स्रोतापत्ति मार्ग प्राप्तिको लागि पहिले पूर्ण गर्नुपर्ने कारण अंगहरू भए। शासनमा निर्णय गरी निश्चित गर्न सक्नेगरी कसैले छल्न नसक्नेगरी दृढ भएको, आधार-भरोसा भएको स्रोतापन्नका यी गुणांगहरू धेरैबाट मन पराइएको, आकर्षक भएको हुनाले उक्त गुणधारी व्यक्ति आकर्षक भएको साच्चैको रत्न हुने गर्दछ।

**आस्था बुद्ध, धर्म, संघमा; हुँदैन कम्प अल्प पनि।**
**आर्यकान्त पञ्चशीलले; हुनु सम्पन्न राम्ररी।**
**भनिन्छ स्रोतापत्तियंग; पूर्ण छ गुणांग चारथरी।**
**गर्नु संगत सत्पुरुषको; सुन्नु उपदेश धर्मको।**
**राख्नु विचार समुचित; गर्नु आचरण धर्मको।**
**यी हुन् स्रोतापत्तियंग; पूर्ण छ गुणांग चारथरी।**



Downloaded from http://www.dhamma.digital

**वदामि स्वरूप**

**'तथूपमं सप्पुरिसं वदामि ।'** मा **वदामिको** स्वरूप कर्ता **अहं** मा आयुष्मान आनन्द भनेर र तथागत भनेर दुइटा भेद छन् । खम्बाको उपमा दिएर भन्नुभएका देशनाहरू बुद्धभाषितको रूपमा स्पष्ट प्रकट भएको हुनाले यहाँ बुद्धभाषित नै भन्नु पर्दछ । आयुष्मान आनन्दलाई कर्ता भएको ग्रहण गर्ने अर्थकथामा आएको अपरेवादसँग मिल्दछ । अपरे आचार्यहरूले त *रत्न सूत्र*मा **'यानीध भूतानि'** आदि अगाडिका पाँचवटा गाथाहरू मात्र बुद्ध-भाषित हुन् । बाकि गाथाहरू सबै परित्राण पाठ गर्दा आयुष्मान आनन्द स्थविरले बताउनुभएका गाथाहरू भएको तथ्य व्यक्त गरिराखेका छन् ।

अति पौराणिक कालदेखि चलिआएका यी देशनाहरू अर्थकथाचार्यहरूको युगमा नै बुद्धभाषित हो वा होइन भन्ने कुरामा मतभेद आइसकेकोले पछिका युगका व्यक्तिहरूको निम्ति बुद्धभाषित हो वा होइन निश्चित गरी निर्णय गर्नु सजिलो विषय होइन । तर बुद्धभाषित अरुअरु देशनाहरूसँग मिल्छ-मिल्दैन स्वभाव यथार्थ हुन्छ-हुँदैन भन्ने मात्र मुख्य भएकोले आदर गौरवपूर्वक स्वाध्याय गर्न सुहाउँछ ।

(३६) **ये अरियसच्चानि विभावयन्ति;**
**गम्भीरपञ्ञेन सुदेसितानि ।**
**किञ्चापि ते होन्ति भुसं पमत्ता;**
**न ते भवं अट्ठम'मादियन्ति ।**
**इदम्पि संघे रतनं पणीतं;**
**एतेन सच्चेन सुवत्थि होतु ।**

(३६) **ये**=जो सत्तक्खत्तुपरम सोतापन्न व्यक्तिहरूले; **गम्भीरपञ्ञेन**=गम्भीर प्रज्ञावान हुनुभएका सर्वज्ञ तथागतद्वारा; **सुदेसितानि**=राम्ररी बताइएको; **अरियसच्चानि**=आर्य सत्यलाई; **विभावयन्ति**=आफ्नो सन्तानमा मार्गज्ञान उत्पत्ति, वृद्धि र प्रकट हुनेगरी



Downloaded from http://www.dhamma.digital

कोसिस गरिरहनुभएका छन् । **ते**=ती सत्तक्खत्तुपरम स्रोतापन्न पुद्‌गलहरू; **भुसं**=तीब्र रूपले; **पमत्ता**=सुख ऐश्वर्यमा मत्त भई प्रमादी भइरहेकाहरू; **किञ्चापि होन्ति**=हुनसक्ने सम्भावना रहेको छ; **तथापि**=त्यसरी प्रमादी भएर नै बसे पनि; **ते**=ती सत्तक्खत्तुपरम स्रोतापन्न पुद्‌गलहरूले; **अट्ठमं**=आठौं; **भवं**=जन्मस्कन्धलाई; **न आदियन्ति**=ग्रहण गर्ने स्वभाव रहेका छैनन्; **संघे**=स्रोतापन्न संघप्रति; **इदम्पि रतनं**=रत्न भनी जान्नपाइने यो गुणांग पनि; **पणीतं**=प्रणीत हो; **एतेन सच्चेन**=यस सत्य वचनको कारणले; **सुवत्थि होतु**=सत्वहरू सुखी स्वस्ति होउन् ।

## भावार्थ

गम्भीर प्रज्ञावान हुनुभएका सर्वज्ञ तथागतले सर्वोत्तम रूपले बताइराख्नुभएको आर्यसत्यलाई मार्ग-ज्ञान लाभ भई प्रकट-रूपले जानि सक्नुभएका सत्तक्खत्तुपरम स्रोतापन्न पुद्‌गलहरू सुख-ऐश्वर्यले मत्त भई तीब्र रूपले प्रमादी भई रहे पनि आठौं जन्म ग्रहण गर्ने स्वभाव रहेनन् । स्रोतापन्न संघको रत्न भनी जानिने भाव यो गुणांग पनि प्रणीत रहेको छ; यस सत्यवचनका कारणले सत्वहरू सुखी स्वस्ति होउन् ।

## सत्तक्खत्तुपरम स्रोतापन्न गुण

**'यथिन्दखीलो'** आदि द्वारा स्रोतापन्न सबैसँग सम्बन्धित भएका गुणद्वारा प्रशंसा गरेर सत्यवचन बोल्ने ढंग देखाइसक्नुभएपछि **'ये अरियसच्चानि'** आदिद्वारा स्रोतापन्नहरू मध्येमा सर्वान्तिम गुण भएका सत्तक्खत्तुपरम स्रोतापन्नको गुणलाई उल्लेख गरी सत्यवचन बोल्ने ढंग आज्ञा हुनुभएको हो ।

## सत्य जान्नु नै हो

**'विभावयन्ति'** कुनै-कुनै ठाउँमा सबैले जान्ने देख्ने गरी व्यक्त गर्ने अर्थमा उत्पन्न हुनु हो । यहाँ त आफ्नो सन्तानमा स्पष्टरूपमा प्रकट हुने गरी



Downloaded from http://www.dhamma.digital

देखाउनेलाई व्यक्त गरिएको छ। **'अरियसच्चानि विभावयन्ति'** मार्ग क्षणमा चार सत्यलाई एकै खेपमा जानेको देखाइरहेको छ। मार्ग प्राप्ति भन्दा पहिले आफूले सत्यधर्म जानेको थिएन, आफूमा सत्यधर्म धूमिल भइरहेको थियो। मार्ग उत्पत्ति भएपछि मात्र उज्यालो भई स्पष्ट रूपले प्रकट भइआएको हुनाले **'पञ्ञा ओभासेन**=प्रज्ञारूपी उज्यालोले; **सच्चपटिच्छादकं**=सत्यलाई छोपी राख्ने; **किलेसन्धकारं**=क्लेश अन्धकारलाई; **विधमित्वा**=विनाश गरी, समाप्त पारी; **अत्तनो**=आफ्नो; **पकासानि पाकटानि**=स्पष्टरूपले प्रकट गर्नुलाई; **करोन्ति**=गर्ने गर्दछन्;' भनी **विभावयन्ति**-लाई अर्थकथाचार्यले वर्णन गरी देखाएका हुन्।

## सर्वज्ञ धर्म

सत्य-धर्म चारवटालाई सामान्य व्यक्तिहरूको प्रकृति ज्ञानले छिराई जान्नु-देख्नु भनेको साह्रै टाढाको भेट्नै नसकिने गरी गम्भीर रहेछ। प्रतिपत्ति मार्गक्रमले अगाडि बढ्नेहरूले मात्र जान्न सकिने हो। उक्त मार्गक्रम अनुसार गई सत्य जान्नपाइने अवस्थामा अतीव गम्भीर रहेछ; अतीव देख्न गहारो हुने गरी शूक्ष्म रहेछ, अतीव शान्त प्रणीत रहेछ; तर्क भनेको चिन्तन ज्ञानले भ्याउन नसकिने धर्म रहेछ; यथार्थ मार्ग अनुरूप आचरण गर्ने प्रज्ञावानहरूले मात्र जान्नसकिने धर्म रहेछ भनी बुझ्न पाइन्छ।

उक्त गम्भीर सत्य धर्म बुद्धभाषित अनुसार जान्नसकिने भए पनि सर्वप्रथम उत्पादन गरी जान्न बुझ्न सकिने गरी अरुलाई बताउनु, देखाउनु भनेको सामान्य मानिसहरूको क्षेत्र होइन। साँच्चैको प्रज्ञावानको मात्र क्षेत्र रहेछ। अनेक व्यवहार, विभिन्न पर्याय, नाना अर्थ, अभिप्राय, सम्पूर्ण विधि अनुसार बताउन र देखाउन सकिने त सर्वज्ञ ज्ञानका कारणले मात्र हुने रहेछ। सत्यलाई गुरू बिना आफ्नो आत्म ज्ञानले जानेर स्वयम्भू नामधारी प्रत्येक बुद्धहरूले त्यस्तो प्रकारका व्यवहार कुशलता नरहेकोले, पर्याय (वचन) मा दक्षता नरहेकोले आफूहरूले जानेको धर्म अरुलाई बताउन समर्थ नहुनुलाई बाधक कारण मान्नुपर्दछ। त्यसो हुनाले अतुलनीय प्रज्ञावानले स्वयं देखेर बताइराख्नुभएको



Downloaded from http://www.dhamma.digital

सत्य-धर्म अति दुष्कर र गम्भीर रहेको हुनुलाई, उक्त प्रज्ञावानले निर्देश गर्नुभएको विधि अनुसार आचरण गरे भने उक्त सत्यलाई भेटाउन सक्नुको निम्ति साँच्चैको ज्ञानलाभ हुनुलाई आधार लिई विश्वास गरी आधारित हुनको लागि **'गम्भीरपञ्ञेन सुदेसितानि'** भनी सत्यधर्मको दृढता भएको भाव देखाउनुभयो। **गम्भीरा पञ्ञा एतस्साति गम्भीरपञ्ञो**=गम्भीर प्रज्ञावान व्यक्ति, अतुलनीय प्रज्ञावान भएको हुनाले देवसहित सम्पूर्ण लोकका ज्ञानले भेटाउन नसकिएको प्रज्ञा भएका पुद्गल रहेछ भन्ने अर्थयुक्त भएकोले **गम्भीरपञ्ञ** द्वारा **सब्बञ्ञू** (=सम्पूर्ण धर्मलाई जानेका तथागत) भावलाई देखाइरहेको हो।

## सात जन्म मात्र

'भिक्षुहरूहो,..., चार सत्य यथार्थ धर्मलाई नजानेकोले गर्दा म तथागत सहित तिमीहरू सबै लामो संसार पर्यन्तसम्म घुमी-घुमी भौंतारिएर दौड लगाएर आइसक्यौं' भन्ने तथागतको वचन अनुसार चार सत्य नजान्नु संसार लामो हुनुको कारण भएकोले सत्य जान्नु संसार टुट्नुको कारण रहेको तथ्य स्पष्ट रहेको छ। सत्य जान्नको निम्ति प्रयत्न गरिरहने योगीको विपश्यनाले क्लेशलाई हटाइरहेको हुन्छ। क्लेशहरूलाई मात्र होइन स्कन्ध अभिसंस्कारहरूलाई समेत हटाइरहेकै हुन्छ। त्यसरी विपश्यनाद्वारा क्लेश अभिसंस्कारहरूलाई अटूटरूपले हटाइरहेको हुनाले नै मार्गमा पुग्नासाथ ती क्लेश संस्कारहरूलाई उत्तमस्तरले स्पष्ट हुनेगरी भाँचेर हटाउन सकिने स्थितिमा पुग्न पाउँदछन्। त्यसो हुनाले स्रोतापत्ति मार्गले अभिसंस्कार विज्ञान भनिने कर्म विज्ञानको निरोध र शान्त हुने कारणले गर्दा बढीभन्दा बढी सात जन्म संसारमा रूप, नामस्कन्धहरूको उत्पत्ति अवसर रहेन। तसर्थ **'न ते भवं अट्ठम'मादियन्ति'** भनी आज्ञा हुनुभएको हो।

स्रोतापन्नले त मार्ग फल निर्वाण लाभ गरिसकेको देखिसकेको हुन्छ। सत्व जीव भन्ने संज्ञा हराएर धातु स्वभाव पनि दक्षतापूर्वक बुझिसकेको हुन्छ। भय, आदीनव, निर्विदा, मुञ्चितुकम्यता-आदि ज्ञानले संस्कारमा विरोधी



Downloaded from http://www.dhamma.digital

नरमाइलो मान्ने ज्ञानहरू पनि उत्पन्न गरिसकेको हुन्छ। इत्यादि ढंगका प्रारम्भिक ज्ञानहरूको कारणले गर्दा नै उक्त व्यक्ति काम राग छुटी नसकेको हुने हुनाले मनुष्य सुख-ऐश्वर्य, दिब्य सुख-ऐश्वर्यद्वारा हुनेजत्ति प्रमादी भइरहेपनि उक्त प्रारम्भिक ज्ञानहरूलाई दोहरो उल्लेख गर्ने इच्छा हुने अवस्थामा सजिलै उल्लेख गर्न सक्दछन्। कण्ठ गरिसकेको पाठ बिर्सदा फेरि कण्ठ गर्ने बेलामा सजिलो हुनु जस्तै त्यो कुनै एउटा कारणबस ध्यान भङ्ग हुन पुगेका व्यक्तिले फेरि उद्योग गऱ्यो भने सजिलै लाभगरी लिनु जस्तै हो भनी अनुभूति गर्नुपऱ्यो। सातौं जन्ममा अरहन्त हुनुभन्दा पहिले बिर्सेर तरवार आदिबाट काटिएर मारिएर अचानक च्युत हुनु परेपनि त्यतिसम्म छोटो अवधिको भित्रै भए पनि अरहन्त हुनपाउने हुन्छ। अरहन्त नभइ च्युत हुनु भन्ने रीति छैन भनेर *ञाणविभङ्गट्ठकथा अट्ठान विभङ्गको वर्णन (४११)* -मा उल्लेख भएको छ।

## तीनथरी स्रोतापन्न

यसमा आठौं जन्म ग्रहण गर्दैनन् भनेको स्रोतापन्नहरू मध्येमा सबैभन्दा हीन स्तरको सत्तक्खत्तुपरम स्रोतापन्नलाई उद्देश्य गरिएको हो। स्रोतापन्न भइसकेपछि माथि-माथिका मार्ग प्राप्त हुन्छ, हुँदैन भन्ने कुरो श्रद्धा, प्रज्ञा आदि इन्द्रीयहरू तीक्ष्ण भए नभएकोमा आधारित हुन्छ। तीक्ष्ण इन्द्रीय भएका स्रोतापन्न व्यक्ति एउटा मात्र जन्ममा प्रतिसन्धि बसेर अरहन्त हुन्छन्। त्यस्तालाई एकबीजी (=एउटा प्रतिसन्धि बिउ भएको स्रोतापन्न) भनी भन्दछन्। दुइवटादेखि ६ वटा जन्मसम्म प्रतिसन्धि बस्ने स्रोतापन्न त मध्यम स्तरको इन्द्रीय भएको भयो। उसलाई कोलंकोल (=एउटा राम्रो कुलबाट अर्को राम्रो कुलमा जाने स्रोतापन्न) भनी भन्दछन्। सात जन्म प्रतिसन्धि बस्ने स्रोतापन्न त चुत्थो स्तरको इन्द्रीय भएको भयो। उसलाई सत्तक्खत्तुपरम (=बढीसे बढी सात जन्म प्रतिसन्धि बस्ने) स्रोतापन्न भनी भन्नुपर्दछ। यी स्रोतापन्नहरूको जन्मको संख्या निर्धारण कामभूमिको लागि मात्र हो। रूप, अरूप भूमिमा रहेका स्रोतापन्नहरू



Downloaded from http://www.dhamma.digital

त धेरैपल्ट पनि प्रतिसन्धि ग्रहण गर्नसक्ने कुरा *पटिसम्भिदामग्गट्ठकथा (दु. ६७)* -मा उल्लेख गरिएको छ ।

## उपनिश्रय

स्रोतापन्न भइसकेपछि माथि-माथिको मार्ग लाभ हुनु चाँडो वा ढीलो भन्नुमा उपनिश्रय पनि कारण नै हो । एकजना भिक्षु भावना धर्म उद्योग र अभ्यास गरिरहँदा रहँदै च्यूत भई त्रयस्त्रिशत् देवलोकको एउटा विमानमा उत्पन्न हुनपुगे । भावना अभ्यास र उद्योग गर्दागर्दै च्यूत भएर आएका हुनाले देवलोकमा पुगिसकेको भए पनि आफू देवता भइसकेको समेत थाहा भएन; भिक्षु हूँ भन्ने संज्ञा मात्र भएर चक्षु आदि इन्द्रीय संयम गरी बसिरहे ।

देव-अप्सराहरूले वाद्यबाजाहरू बजाई देखाउँदा सुनाउँदा पनि वास्ता गरेनन्; उक्त देवपुत्रको परिस्थिति देखेर देव-अप्सराहरूले भिक्षुभावबाट च्यूत भईआएको कुरा जानेर पूरै जिउ देखिने ऐना ठड्याई देखाएपछि मात्र आफ्नो यथार्थ घटना बुझिलिएको उक्त देवपुत्रले अत्यन्त मानसिक अशान्ति भएकोले तथागतकहाँ गई देव-अप्सराहरूको हुलकुल हुनाले कोलाहल मच्चिरहेको भूत-पिसाचहरूबाट बास भएको कामगुणबाट छोपिएको नन्दन वन-उद्यानलाई कसरी पार गरेर जान सकिएला भनेर निवेदन गरे । मार्गाङ्ग आठवटालाई रथको उपमाद्वारा बताउनुभएको अवस्थामा स्रोतापन्न हुन पुगे । यहाँ तथागतले अरहन्त फलसम्म पनि पार गर्नसक्ने गरी उपदेश दिनुभएको भए पनि स्रोतापन्न मात्र हुनसकेको उनको स्रोतापन्न हुनलाई मात्र उपनिश्रय भएको हुनाले हो भनी *सगाथावग्ग देवता संयुत्त अट्ठकथा* मा बताइएको छ । *(सं. ट्ठ. १-८१)*

## विभिन्नवाद

'स्रोतापन्न तीनथरि भेद रहेकामा त्यसरी भेद हुनलाई कुन धर्मले निश्चय गरी नियमित पारी राखेको हुन्छ भन्ने कुरामा आचार्यहरूको बिचमा



Downloaded from http://www.dhamma.digital

मतभेद रहेको ढंग *पुग्गलपञ्ञत्ति अट्ठकथा (४७)* -मा उल्लेख गरिएको छ। कसैकसैले त्यसरी नियमित गरी राखिएको विषय **पुब्बहेतु** (=पहिलेको कर्मको कारण) भनी, कसैकसैले प्रथम मार्ग, कसैकसैले माथिल्ला तीनवटा मार्ग, कसैकसैले भने माथिल्ला मार्ग तीनवटाको विपश्यना भनी भन्दछन्। ती मध्येमा माथिल्ला मार्ग तीनवटालाई विपश्यनाद्वारा नियमित गरी दिइएको पाइन्छ भन्ने अन्तिम सिद्धान्त मात्र उचित भएको कुरा निश्चय गरिराखेको छ। माथिल्ला मार्ग तीन वटाको विपश्यना बलवान भयो भने **एकबीजी** हुन पाउँछ। त्योभन्दा कमसल भयो भने **कोलंकोल**, त्योभन्दा पनि कमसल भयो भने त **सत्तक्खत्तु परम** हुने हुन्छ। *पटिसम्भिदामग्गट्ठकथा* मा त यी स्रोतापन्न तीनजनाका इन्द्रीय तीक्ष्ण हुनु र हीन हुनु **पुब्बहेतु** (=पहिलेको कारण कर्मले) नियमित गरिदिने तथ्य बताइराख्यो। उपरोक्त पहिलो आचार्यको सिद्धान्तसँग समान छ।

## सन्तुष्टि

त्यसपछि फेरि माथि माथिका मार्ग प्राप्तिको निम्ति उद्योग र अभ्यास गर्ने इच्छा नगरिकन नै स्रोतापन्न हुनुले मात्रै सन्तोष भइबस्नु पनि एउटा कारण हुनसक्छ। कोही कोही यसै जन्ममा नै अरहत्त मार्ग प्राप्त हुनु सुनिश्चित भए पनि झ्वात्त प्राप्त भई नसकेका व्यक्तिहरूमा अरु-अरु कारणहरू रहनसक्ने भए पनि यो कारण पनि हुनसक्छ। आयुष्मान आनन्द स्थविर पुण्ण स्थविरको उपदेशबाट स्रोतापन्न भइसकेर पछि तथागत परिनिर्वाण हुनुहुँदासम्म अरहन्त भएनन्। यस्तो हुनगएको स्रोतापन्न भावले सन्तोष मानेर विशेष रूपले भावना धर्म उद्योग र अभ्यास नगरेको कारणले गर्दा पो हो कि भनेर पनि विचार गर्ने ठाउँ रहेको छ। भावना धर्म उद्योग र अभ्यास गर्ने विषयमा भन्दा पनि धर्म बहुश्रुतको लागि महत्व दिई उद्योग गरिरहेको हुनाले पो हो कि भनेर पनि विचार गर्ने ठाउँ छ। तथागत परिनिर्वाण हुनलाग्दा आफू शैक्ष मात्र भएर कृत्य सिद्ध भई नसकेको मनमा सोची शोक-



Downloaded from http://www.dhamma.digital

सन्ताप मनाउ गरिरहेका उहाँ आयुष्मानलाई तथागतले **'कतपुञ्ञोसि त्वं आनन्द; पधानमनुयुञ्ज; खिप्पं होहिसि अनासवो**=आनन्द, तिमी पुण्यवान हौ; कर्मस्थान उद्योग गर; चाँडै नै अरहन्त हुनेछौ' भनी उत्साहजनक कुरा आज्ञा हुनुभयो । पछि प्रथम संगायना गर्ने बेला हुँदा साँच्चै उद्योग र अभ्यास गर्दै लगेको अवस्थामा सजिलै सरलरूपले नै अरहन्त हुन पाए । (*दी. २-११९*)

## रत्नको भाव

पृथग्जन संसारको अन्त छैन; कहिले अन्त हुन्छ भन्ने पनि सीमाना छैन; संसार जति लामो हुन्छ, उति नै अपाय भय दुःख, जाति जरा मरण आदि दुःखहरूलाई महन्त किसिमले धेरै-धेरै भोग गर्नुपर्ने हुन्छ । त्यसो हुनाले सातवटा जन्ममा संसार दुःख अन्त गरी समेटी साँच्चैको शान्तिले शान्त भएको यस हीन प्रकारको स्रोतापन्नको गुण नै कतिसम्म उत्साहवर्द्धक, आकर्षक रहेको छ भन्ने कुरा स्पष्ट रूपमा प्रकट भएको छ । तसर्थ आकर्षक गुण सम्पन्न स्रोतापन्न व्यक्ति रत्न हुन पाएको छ ।

## स्रोतापन्नको विशेषता

**पथब्या एकरज्जेन; सग्गस्स गमनेन वा ।**
**सब्बलोकाधिपच्चेन; सोतापत्तिफलं वरं ।**

**पथब्या**=सिङ्गै भूमण्डल पृथ्वीमा; **एकरज्जेन वा**=एक मात्र अधिकारी एकराज महाराज हुनुभन्दा पनि; **सग्गस्स**=सुखपूर्ण शान्त छाया भएको अनेक सुख ऐश्वर्यको खानी देवभूमिमा; **गमनेन वा**=कुशल कर्म निर्माण गरी भूमि विमान सबै तयार भइ उच्च गुणले लबालब भरिएको भई पुग्नुभन्दा पनि; **सब्बलोकाधिपच्चेन वा**=सम्पूर्ण लोक अधीनस्थ गरी आधिपत्य जमाउन पाउनुभन्दा पनि; **सोतापत्तिफलं**=स्रोतापत्ति नामधारी विशिष्ट फल धर्म, **वरं**=गुण तत्वले भेटाउन गाह्रो धेरै टाढा रहेको सर्वोत्तम छ । ( *धम्मपद ४०*)



Downloaded from http://www.dhamma.digital

(३७) **सहावस्स दस्सनसम्पदाय;**
**तयस्सु धम्मा जहिता भवन्ति ।**
**सक्कायदिट्ठि विचिकिच्छितञ्च;**
**सीलब्बतं वापि यदत्थि किञ्चि ।**

(३७) **अस्स**=उनी स्रोतापन्न उत्तम पुद्गलले; **दस्सनसम्पदाय**=स्रोतापत्ति मार्ग ज्ञानको सम्पन्नताले; **सहाव**=एकैचोटी सँगै; **सक्कायदिट्ठि च**=सत्कायदृष्टि र; **विचिकिच्छितञ्च**=विचिकित्सा पनि; **सीलब्बतं वापि**=शीलव्रत पनि; **इति**=यसरी; **तयो**=तीनवटा; **धम्मा**=धर्महरूलाई; **जहिता**=टुक्रा टुक्रा पारी हटाइसकेको हुनु; **भवन्ति**=हुन्छन् । **किञ्चि**=केही-केही; **यं**=जुन क्लेश; **अत्थि**=रहेका छन्; (**तम्पि**=ती कुनै-कुनै क्लेशलाई पनि; **जहितं**=हटाएर फालिसकिएका हुन्छन् ।)

३८) **चतूहपायेहि च विप्पमुत्तो;**
**छ चाभिठानानि अभब्ब कातुं ।**
**इदम्पि संघे रतनं पणीतं;**
**एतेन सच्चेन सुवत्थि होतु ।**

३८) **सो**=उक्त स्रोतापन्न उत्तम पुद्गल; **चतूहपायेहि च**=चार अपाय भूमिबाट पनि; **विप्पमुत्तो**=प्रमुक्त भइसके; **छ**=छ वटा; **अभिठानानि च**=हीन स्तरका कारण समूह दोषकर्महरूलाई पनि; **कातुं**=गर्नको निम्ति; **अभब्बो**=अयोग्य भइसके; **संघे**=स्रोतापन्न संघप्रति; **इदम्पि रतनं**=यस रत्नको भाव आकर्षक भएको गुणांग पनि; **पणीतं**=प्रणीत हो; **एतेन सच्चेन**=यस सत्य वचनका कारणले; **सुवत्थि होतु**=सत्वहरू सुखी स्वस्ति होउन् ।

**भावार्थ**

स्रोतापन्न पवित्र पुद्गलले स्रोतापत्ति मार्ग-ज्ञानले सम्पन्न भइसकेपछि एकैचोटी सत्कायदृष्टि, विचिकित्सा, शीलव्रत-धर्म तीनवटा समेत कुनै-कुनै



Downloaded from http://www.dhamma.digital

क्लेशहरूलाई हटाई फालिसकेको हुन्छ । उक्त स्रोतापन्न पवित्र व्यक्ति चार अपायबाट पनि प्रमुक्त भइसकेको हुन्छ । उनी **'अभिठानं'** भनेको हीन, स्थूल कारण समूह दोषकर्म पनि गर्न अयोग्य भइसके । स्रोतापन्न संघमा रत्नको भाव यो आकर्षक गुणांग पनि प्रणीत रहेछ । यस सत्यवचनको कारणले सत्वहरू सुखी स्वस्ति होउन् ।

## स्रोतापन्न गुण एकथरी

**'सहावस्स'** आदि पनि स्रोतापन्नको गुणांग नै हो । संसारमा सातवटा जन्मसम्म घुमिरहनु परे पनि कुनै केही क्लेश-भावलाई सम्म हटाउन नसकीरहेका पृथग्जनहरूसँग समान नभई एकैप्रकारले विशेषण भएको गुणद्वारा प्रशंसा गरी सत्य वचन बोल्ने ढंग देखाइ रहनुभएको हो ।

## व्याकरण दृष्टिबाट स्पष्टीकरण

(**'पठमं निब्बानं पस्सतीति दस्सनं'**=सबभन्दा पहिले निर्वाणलाई देख्नु हुनाले **दस्सन** (दर्शन) भन्दछन् । स्रोतापत्ति मार्ग हो । गोत्रभू-ले निर्वाणलाई सबभन्दा पहिले देखेको भए पनि क्लेश हटाउने कृत्य सिद्ध भइनसकेको हुनाले **दस्सन** भन्न मिल्दैन; लोकमा आफूले भेट्न चाहेकोलाई देखेपनि काम कुरा सिद्ध नभएसम्म भेट भएन भन्ने चलन छ । राजाकहाँ काम कुरा परेर गएका व्यक्तिले राजालाई देखेपनि आफ्नो काम कुरा निवदेन गर्न पाएको छैन भने भेट भएको छैन भन्नु जस्तै मान्नुपर्‍यो । त्यसैले क्लेशलाई हटाउने कृत्य (सिद्ध) गर्नु अनुसार सबभन्दा पहिले निर्वाण भेटिएको स्रोतापत्ति-मार्गलाई मात्र 'दस्सन' भन्न मिल्छ । उक्त स्रोतापत्ति मार्गले आफ्नो चित्त सन्ततिमा उत्पन्न भई आउनुलाई **दस्सनसम्पदा** भनिन्छ ।

**तयस्सु**-मा **अस्सु-'इदंसु मे सारिपुत्त महाविकटभोजनस्मिं होति'** मा जस्तै पदपूरण निपात भएकोले अर्थ छैन । **'सन्तो कायो सक्कायो' सन्तो**=प्रकट रूपमा रहेको; कायो=उपादानस्कन्ध समूह भनिने काय हो; **सक्कायो**=प्रकटरूपमा रहेको उपादान स्कन्ध समूह भन्ने काय । प्रकट रूपमा रहेको उपादानस्कन्ध भन्ने संकेत शब्दद्वारा प्रकट रूपमा नरहेको आत्मालाई निषेध गरिरहेको छ । दृष्टिद्वारा आशक्त हुनयोग्य आत्मा त छैन । उक्त दृष्टिको आशक्ति क्षेत्र उपादानस्कन्ध मात्र



Downloaded from http://www.dhamma.digital

प्रकट रूपमा रहेको छ। तसर्थ **'सन्तो कायो'** द्वारा आत्मा प्रकटरूपमा नभएको र रूपादि स्वभाव धर्म मात्र प्रकट रूपमा रहिरहेको भाव जनाइरहेको हो। दृष्टिले आरम्मण गर्न नसकेको लोकुत्तर धर्महरू त दृष्टिको आशक्ति क्षेत्र नभएको कारणले गर्दा लोकुत्तर धर्महरूलाई दृष्टिले निषेध गर्नुको निम्ति **सन्तकाय** भनेर विशेषण 'दिनु' आवश्यकता छैन। त्यसो हुनाले सक्काय-को स्वरूप दृष्टिको आशक्ति क्षेत्र उपादानस्कन्ध मात्र प्राप्त भइरहने हो भनेर बुझ्नु पर्‍यो। **सक्काये दिट्ठि सक्कायदिट्ठि**=प्रकट रूपमा रहेको उपादानस्कन्ध समूह भनेको कायमा भुलेको दृष्टि, गलत धारणा भएको दृष्टि।

## अर्को तरिकाबाट

**काये दिट्ठि कायदिट्ठि। काये**=उपादानस्कन्ध समूह भनिने कायमा; **दिट्ठि**=भ्रामक दृष्टि, भ्रामक धारणा भएको दृष्टि हो; **कायदिट्ठि**=उपादानस्कन्ध समूह भनेको कायमा उत्पन्न हुने भ्रामक दृष्टि, मिथ्या धारणा भनिने दृष्टि। उपादानस्कन्धमा आत्म भनेर भ्रममा परेर समातिने धारणा हो। आत्म प्रकटरूपमा नभए पनि आत्म भनी भ्रममा परेर देख्नु गलत धारणा त परमार्थ हिसाबले प्रकट रूपमा रहेको स्वभाव धर्म नै हुन्।

त्यसैले **'सति**=प्रकट रूपमा रहेको; **कायदिट्ठि**=स्कन्धमा आत्म भनेर भ्रम भएकोले मान्ने धारणा हो' भनेर एकथरी भन्न मिल्छ। उक्त सत्कायदृष्टि त रूपलाई आत्म भनेर, रूप भएको आत्म भनेर, रूपमा आत्म छ भनेर, र आत्ममा रूप छ भनेर विचार गरिनुद्वारा रूपमा चारथरी भेद रहे जस्तै वेदना आदिमा पनि चार-चारथरी भेद रहेकोले (२०) बीसवटा रहेका छन्।

क्लेशरूपी घाउ निको पारी शान्त गर्ने हुनाले प्रज्ञालाई **चिकिच्छित** (चिकित्सा गर्नु) भन्दछन्। उक्त प्रज्ञा भनेको चिकित्सारहित रहेको धर्म **विचिकिच्छा** (=विचिकित्सा) भयो। प्रज्ञारहित हुनाले निर्णय गर्न नसकी संशय पालेर बस्नु हो। बुद्धप्रति संशय पालेर बस्नु आदि संशयहरूलाई भनिएको हो। **'चिकिच्छितं इतो विगतं चिकिच्छिता वा इदं विगतन्ति विचिकिच्छितं।' चिकिच्छितं**=प्रज्ञा रुपि चिकित्सा; **इतो**=यस धर्मले; **विगतं**=रहित भएको रहेछ। **वा**=वा, **इदं**=यस धर्म, **चिकिच्छिता**=प्रज्ञारुपि चिकित्साद्वारा; **विगतं**=रहित भएको हो; **इति**=त्यसो हुनाले; **विचिकिच्छितं** =विचिकिच्छिहरू भन्दछन्। आफ्नो तर्फबाट प्रज्ञारहित भई आफू पनि



Downloaded from http://www.dhamma.digital

प्रज्ञाबाट रहित भएको भयो। प्रज्ञासँग बिल्कुल सम्प्रयुक्त नभएको भन्ने मतलब हो।

क्लेश परिशुद्ध पारिदिने कारण भनेर शासन बाहिरका तैर्थिकहरूले धारण गरिरहेको गाई, गोरु, कुकुर आदिहरूका व्रत आचरणलाई शीलब्रत भन्दछन्। **सीलञ्च वतञ्च सीलब्बतं**। गाई, गोरु आदिले जस्तै आचरण गर्नको लागि समादान गरिने शील, उक्त समादान अनुरूप गाई-गोरुले जस्तै बाटोमा हिंड्दै खानु आदिलाई **वत** (व्रत) भनी भन्दछन्।

फेरि अर्को तरिकाबाट उल्लंघन गरिनसकिएको भावलाई शील भनेर उक्त शील अनुसार सेवन गर्नुको रूपमा सधैं आचरणीय भावलाई वत (व्रत)) भन्दछन्। गाई गोरुको जस्तो आचरणलाई स्वीकार गरिराखे भने उक्त व्यक्तिसँग उक्त आचरणलाई उल्लंघन नगर्ने स्वभाव रहिरहन्छ। उक्त स्वभाव अनुसार नै गाई गोरुको आचरणबाट हटेर अलग्गिएर नगइकन नै गाई गोरुले जस्तै आचरण गरिरहन्छ। यहाँ बानी आचरण भने पनि त्यस बानी आचरणलाई परिशुद्धिका कारण हो भनी भ्रममा परेर धारणा बनाइरहेको दृष्टिलाई मात्र मार्गले हटाउने गर्दछ। तैपनि दृष्टिलाई हटाएपछि उक्त दृष्टिको विषय रहेका आचरणलाई पनि हटाउँछ भनेर नै भन्नुपर्दछ। **सीलब्बतपरामास** भनी भन्न चाहेर पनि परामास लोप रहेको छ भनेर पनि चिन्तन गर्नुपर्दछ।

**'यदत्थि किञ्चि'** लाई **'यं+अत्थि किञ्चि'** पदच्छेद गरिन्छ। उपरोक्त तीनवटै धर्मले अरु हटाउनु पर्ने क्लेश समूहलाई लिइन्छ।

## सक्कायदिट्ठि

रूप, नामहरूलाई नदेखेका सामान्य पृथग्जनहरू यस स्कन्धलाई एउटै एकै डल्लो, एउटै पिण्ड जस्तै नै ठानी रहन्छन्। त्यसरी एकै डल्लो, एकै पिण्ड देखिरहेको दृष्टि नै आत्म आशक्तिको निम्ति कारण रहेछन्। विशेषतः विज्ञान अथवा नामलाई एउटै जस्तो देखिरहेको व्यक्तिले आत्म आशक्ति बनाउनु सुनिश्चित हुन्छ। स्कन्ध शरीरका व्यापारहरू अति नै विचित्र छ। चित्तले छोड्नासाथै चित्तवृत्ति अनुसार चित्तज रूपहरू उत्पन्न हुन थाली, उत्पन्न भई क्रियाशील भई काम गरिरहने ढंग अतिव विचित्र छ। ती तथ्यहरू अनुसार नै चित्तलाई विनाश नभइकनै सधैं स्थीर भइरहेको एक



Downloaded from http://www.dhamma.digital

मात्र प्राण, पुतली (हंस), जीवात्मा भनेर आशक्त भई व्यवहार गरिरहन्छन् । त्यसैले नै रूप विनाशशील हो; विज्ञान विनाश हुँदैन; एउटा जन्मबाट सरेर नयाँ स्कन्धमा उत्पन्न हुने गर्दछ भनेर आशक्त भइरहन्छन् । उक्त आशक्ति उपादान बुद्धकालीन अवस्थामा साति भिक्षु नै **'तदेव विञ्ञाणं सन्धावति संसरति; नाञ्ञं**=उक्त विज्ञान नै दगुरी दगुरी सर्दछ; अरु होइन' भनी आशक्त भइरहेको देखिन्छ । ***(म. १-३२३)***

त्यसरी नामधातुले उत्थान गरिने अनुसार उत्पन्न भइरहने स्कन्धको व्यापारलाई विचार गरेका तार्किकहरूले यस स्कन्ध शरीरभित्र स्कन्ध शरीरलाई चाहिए अनुसार व्यवस्था र अह्राउ-पह्राउ गरिरहने अधिकारी आत्म छ भनी धारण गरी त्यसलाई विनाश नभइकन सधैं स्थिर भइरहेको सारतत्व ठानेर त्यसको शक्ति आकार-प्रकारलाई पनि अनेक प्रकारले चिन्तन-मनन गरी भन्ने गरेका हुन् । बन्चरोले मार हानीरहेको छ भन्नुमा मार हान्नु क्रियालाई व्यक्ति कर्ताले सिद्ध गरिरहे जस्तै आखाँले वर्ण देख्दा, कानले शब्द सुन्दा आदि अवस्थामा देख्नु, सुन्नु क्रियालाई आत्माले सिद्ध गरिरहेको छ भनेर कारक स्वभावलाई पनि चिन्तन गरिरहन्छन् । सुख-दुःख हुँदा वेदनाको स्वभाव प्रकट हुन्छ । उक्त सुख अनुभव गर्नु, दुःख अनुभव गर्नुलाई पनि आत्मको शक्तिको रूपमा लिएर आत्मले अनुभव गरिरह्यो भनी आत्मको वेदक स्वभावलाई पनि कल्पना गरिरहन्छन् । स्कन्ध शरीरले आत्माको इच्छा मुताविक पछ्याउँदै काम गरिरहनु पर्ने हुनाले स्कन्धगृहको मालिक पनि रहेछ; आफू स्कन्धको इच्छालाई पछ्याउँदै नगइकन स्कन्ध मात्र आफ्नो इच्छा मुताविक उत्पन्न भइरहनुपर्ने हुन्छ; यसरी **सामी** (=स्वामी), **सयंवसी** (=आफ्नो इच्छा मुताविक बसमा राख्ने) भावलाई पनि कल्पना गरिरहन्छन् । आत्मा स्कन्धगृहमा सधैं बसिरहन्छ; स्कन्ध विनाश भए पनि उक्त (आत्म) त विनाश हुँदैन; नयाँ स्कन्ध खोजेर स्थीर नै भइरहन्छ । यसरी **निवासी** (=सधैं रहिरहने) भावलाई पनि कल्पना गरिरहन्छन् । यसरी स्कन्ध शरीरलाई इच्छा भएअनुसार गर्नसक्ने मालिक भएकोले नै **अधिट्ठायक** (=स्कन्धलाई अह्राउ-पह्राउ गर्नेको) भावलाई पनि कल्पना गरिरहेको छ ।



Downloaded from http://www.dhamma.digital

रूप, नामलाई देख्ने अवस्थामा मात्र यस आत्माशक्ति उखेलिन्छ। विशेषतः रूप, नामको उत्पत्ति विनाशलाई देखेर एउटै भन्ने भाव हरिएर द्रुतगतिले उत्पत्ति-विनाश भइरहेको ढंग जानेपछि आत्म भनेको खोजेर बिल्कुल भेटिंदैन। त्यसो हुनाले विपश्यना ज्ञानले नै मात्र आत्मलाई हटाउन सक्दछ भन्ने मतलब भयो। तर तदङ्ग मात्र; पछि बिल्कुल उत्पन्न हुन नसक्ने गरी पूर्ण रूपले जरैदेखि उखेलेर हटाउन अझै सक्दैन। मार्गले मात्र निरवशेषरूपले छुटाएर काटेर फ्याक्न सकेकोले **जहित**-अनुसार **समुच्छेद पहान** (=बिल्कुल उच्छेद हुनेगरी हटाउनु) लाई मात्र लिनुपर्दछ।

### विचिकिच्छा

संशय भनेको अनुभव नहुनेसँग मात्र उत्पन्न हुनु स्वाभाविक हो। मार्ग, फल, निर्वाण लाभ भएर अनुभव भइसकेको व्यक्तिसँग धर्ममा संशय कहाँ उत्पन्न हुन्छ र ! धर्म स्पष्ट भइसके भने उक्त धर्मले गुण उल्लेख गर्नयोग्य बुद्धप्रति र उक्त धर्मले युक्त संघप्रति संशय हुनुपर्ने अवस्था रहेन। धर्म स्वभावहरू अटुटरूपमा उत्पत्ति विनाश भइरहने ढंग बारम्बार देखिई भेटिई रहँदा पहिले पनि यस्तै भई आइसकिएको छ, पछि पनि यस्तै भइरहनेछ भनी बुझिसक्ने हुनाले संसारको पूर्वान्त, अपरान्त, पूर्वान्त-अपरान्त दुवैमा नै संशय रहनेछैन। रूप, नामहरूको सम्बन्धित कारणहरूलाई कारण गरी बारम्बार उत्पन्न हुँदै आईरहने ढंग बारम्बार देखेर प्रतीत्यसमुत्पाद स्वभावलाई पनि तोडिसकेको हुन्छ। तसर्थ विचिकित्सालाई उखेली हटाइसकेको कुरा बताउनुभएको हो।

### सीलब्बत

गाई, गोरु, कुकुर आदिहरूका आचरण बानीप्रति आकर्षित हुनु, आकर्षक मान्नु, आचरण गर्नु त यथार्थ धर्म प्रकट रूपमा नबुझ्ने व्यक्तिहरूमा



Downloaded from http://www.dhamma.digital

मात्र उत्पन्न हुनु स्वभाविक हुन्छ । मार्ग, फल, निर्वाण भनेको साँच्चैको शुद्धि, विशुद्धिलाई देखिसकेको हुनाले योभन्दा बढी विशुद्ध भएको धर्म बाकी छैन भनी निरवशेषरूपले निश्चय गरी विश्वास र आस्था भइसकेको स्रोतापन्न व्यक्तिले शासन बाहिरका बाहिरिकहरूको संसार शुद्धि-कारण आचरण बानीलाई कहिले पो स्वीकार गर्न सक्ला र ?

## यदत्थि किञ्चि

(*परित्राण टीकाले* **यदत्थि किञ्चि**-लाई **यं+अत्थि-किञ्चि** पदच्छेद गरी **'किञ्चि**=स्वल्प रहेको; **यं किलेसजातं**=जुन क्लेश समूह; **अत्थि**=रहेको छ; **तम्पि**=उक्त क्लेश समुहलाई पनि; **जहितं**=त्याग गरिसकियो' भनेर अर्थ लगाइएको छ। आचार्यहरूले त **यदि+अत्थि किञ्चि**-भनेर पदच्छेद गरी **'किञ्चि**=किंचित् मात्रको क्लेश; **यदि अत्थि**=यदि बाकी नै रहेपनि; **तथापि**=त्यसरी बाकी भइ नै रहेपनि'; भनेर अर्थ दिई **'चतूहपायेहि च विप्पमुत्तो'** द्वारा गाँसेर सम्प्रयुक्त गरी देखाइराखेको छ।

**'इदानि जहितधम्मदस्सनत्थमाह सक्कायदिट्ठि विचिकिच्छितञ्च सीलब्बतं वापि; यदत्थि किञ्ची'ति'** भनेर अनुसन्धि सम्बन्ध देखाइराखेको अर्थकथा आचार्यको भनाईमा **यदत्थि किञ्चि, जहिता भवन्ति** अनुसार **जहितधम्म** (=त्याग गर्नुपर्ने धर्म) नै भएको स्पष्ट छ। **यदत्थि किञ्चि** सँग सम्बन्ध राखेर अर्थकथा आचार्यद्वारा वर्णन गरिएको ढंग अझै विचार योग्य छ। **सक्कायदिट्ठि** सम्पूर्ण दृष्टिका मूल जरा हुनाले **सक्कायदिट्ठि**-लाई हटाउनासाथ अरु-अरु सबै दृष्टिहरू हटाइसकिएको हुने तथ्य; **विचिकिच्छा** बुद्ध प्रति संशय हुनु आदि आठ प्रकारका संशयहरू (भएकामा) ती संशय हुनुको मूल पृष्ठभूमि भएकोले त्यसलाई हटाउनाले अरु अरु सारा संशयहरू हटाइसकिएको हुने तथ्य; **सीलब्बत** आचरण बानी सबैको मूल जरा भएकोले त्यसलाई हटाइसक्नासाथ अरु-अरु **नग्गिय** (=लुगा नलगाइकन नाङ्गै बस्ने विधि); **मुण्डिय** (=केश नरहने गरी मुण्डा हुने विधि); आदि **अमरतप** (=मरण नहुनुको कारण भनी धारणा बनाई आचरण गरिने आचरणहरू) सबै हटाइसकिने भएको तथ्य बताइ राख्यो। तसर्थ ती तीनका अन्तमा **यदत्थि किञ्चि** भनी बताउनुभएको वर्णन गरिएको छ। मतलब हो, सत्कायदृष्टिबाट अलग्ग रहेका सबै दृष्टिहरू, विचिकिच्छाको स्वरूप आठैवटा संशयबाट अलग्ग



Downloaded from http://www.dhamma.digital

रहेका सबै संशयहरू, सीलब्बतबाट अलग्ग रहेका आचरण बानी व्यवहार सबै हटाउनुमा सामेल गर्नको लागि **'यदत्थि किञ्चि**-द्वारा सोहरेर भेला गरीलिनुपर्दछ।

स्रोतापन्न व्यक्तिसँग यी तीनवटाका अतिरिक्त **अपायगमनीय** (=अपायमा पतन गर्ने कारण भएका राग, द्वेष, मोहहरू र ईर्ष्या मात्सर्य आदि अरु-अरु क्लेशहरू पनि हटिसकेको हुनाले ती क्लेशहरूलाई समेत सोहरेर एकत्रित गरिलिन खोजेकोले **यदत्थि किञ्चि** भनिएको हो भनी मानिलिएमा परिपूर्ण हुन्छ। तसर्थ **'किञ्चि**=केही-केही; **यं**=जुन क्लेश समूहहरू; **अत्थि**=रहेका छन्; **तं च**=उक्त केही-केही क्लेश समूहहरूलाई पनि; **जहितं**=त्याग गरिसके' भनी अर्थ दिएको हुँ। (*अं.* २-२८२; *पहीन सुत्त, अभब्ब सुत्त*-हरू हेर्नुस्)

कसैकसैले **'सीलब्बतं वापि**-लाई **यदत्थि किञ्चि'** सँग जोडेर **'यं किञ्चि**=सम्पूर्ण; **सीलब्बतं वापि**=आचरण व्यवहारहरू; **अत्थि**=रहेका छन्; **तं च**=उक्त आचरण व्यवहार सबै र; **तयो धम्मा जहिता भवन्ति'** भनेर अर्को तरिकाबाट पनि एकथरी अर्थ लगाउन खोजेका छन्।

## थप भन्नुपर्ने

**यदत्थि किञ्चि**-द्वारा दृष्टि संशय, अनेक आचरण व्यवहार, सबै ग्रहण गर्नको निम्ति वर्णन गरिसकेको अर्थकथा अनुसार भएमा **'सक्कायदिट्ठि**=...र; **विचिकिच्छितञ्च**=... र; **सीलब्बतं वा पि**=...र; **किञ्चि**=कुनै एउटा; **यं**=जुन धारणा; संशय, आचरण व्यवहार; **अत्थि**=रहेका छन्, **तं च**=उक्त धारणा, संशय, आचरण व्यवहार; **तयो**=तीनवटा, तीनथरी रहेका; **ते धम्मा**=ती धर्महरूलाई; **जहिता**=हटाउनु पर्ने; **होन्ति**=भएका छन्' भनी अर्थ दिइयो भने अर्थकथाचार्यको भनाई झन सहि हुने सम्भावना छ।)

## अपायबाट मुक्त भयो

क्लेशवर्त (घेरा) बाकी रहेमा भने संसार दुःख भनेको विपाक वर्त रही नै रहने हुनाले क्लेशहरू दुःख उत्पत्तिका कारणहरू नै भए। उक्त क्लेशवर्तलाई भाँच्नसकेमा मात्र संसार दुःखबाट मुक्त भएर जानपाउनेछ। त्यसैले नै क्लेशवर्त सबै नाश भइसकेका अरहन्तहरूमा पछि विपाकवर्त उत्पन्न नहुने



Downloaded from http://www.dhamma.digital

भइसकेको हुनाले नै शमन स्थितिमा पुग्ने हुन्छ। स्रोतापन्न व्यक्तिसँग त क्लेश अझै नसिद्धिएको हुनाले भवबाट अलग्ग भइनसके पनि अपायमा पतन गर्ने क्लेश सबै नै सिद्धिइसकेको हुनाले बाँकी बचेका क्लेशहरूमा पनि अपायमा पतन गराउने शक्ति सामर्थ्य रहेनन्। त्यसैले गर्दा **'चतूहपायेहि विप्पमुत्तो'** भनी प्रशंसा पाउने भए। अपायगमनीय क्लेशहरू चुताउन सकेको हुनाले प्राप्त भएको एक प्रकारको गुण विशेष नै भयो। चार अपायमा पतन नहुने मात्र होइन कि मनुष्य जन्ममा पनि नीच-हीन कुलमा जन्महुनु नपर्ने भइ उच्चस्थ स्थिति रहेको उच्च-कुलमा मात्र उत्पन्न हुन पाउने हुन्छ।

क्लेशको तह बाक्लो भएर कडा रहेका पृथग्जनहरूको निम्ति चारअपाय आफ्नै घर जस्तो हुन्छ। तसर्थ कोही-कोही क्लेश हटाउन सक्नाले अपायबाट मुक्त हुनपाएका स्रोतापन्नहरूको गुण आकर्षक नै रहेको हुनाले गुणवान स्रोतापन्न रत्नको रूपमा प्रशंसनीय रहेको छ।

## छवटा अभिठान

क्लेश रहिरह्यो भने कर्म उत्पत्ति हुनु स्वाभाविक नै भयो। कर्म उत्पन्न भएमा पनि परिणाम रूप, नाम भनिने विपाक उत्पन्न हुनुपर्ने नै भयो। त्यसो हुँदा कर्मवर्त, विपाकवर्तको मूल पृष्ठभूमि भयो। विपाक वर्त मुक्त हुनुमा कर्मवर्तलाई हटाउन सकेमा मात्र हुन्छ। तसर्थ स्रोतापन्नको उक्त कर्मवर्तलाई हटाउन सकेकोलाई प्रशंसनीयको रूपमा प्रस्तुत गरी देखाउने इच्छा भएकोले **'छ चाभिठानानि अभब्ब कातुं'** भनी आज्ञा हुनुभएको हो।

**ठान** कारणवाची हो। यहाँ कारण कर्मलाई नै **ठान** भनिएको हो। अकुशल कर्महरूमध्ये सामान्य कर्म दोषहरूभन्दा ठूलो गह्रौं कर्मदोषहरू भएकोले **अभि**=अति विशाल भएको; **ठान**=कारण कर्महरू भनेर भनिएको हो। त्यसो हुनाले अर्थकथा आचार्यले **'ओलारिकट्ठानानि**=कोरा स्थूल स्थानहरू' भनेर उद्घृत गरेका हुन्।



Downloaded from http://www.dhamma.digital

**'अट्ठानमेतं भिक्खवे अनाकासो यं दिट्ठिसम्पन्नो पुग्गलो मातरं जीविता वोरोपेय्य**=(स्रोतापत्ति मार्ग ज्ञानले सम्पन्न व्यक्तिबाट मातृघात कर्म हुन्छ भन्ने कहिल्यै हुँदैन)' आदि भनेर बताइराख्नुभएको ठाउँमा **ठान अठान** व्यवहार अनुसार यहाँ ठान-लाई अभिसँग जोडेर **अभिठान** भनिएको नै हो ।

उपरोक्त पालि अनुसार अठान विभंग आदिमा बताइराख्नुभएको **मातुघात**=मातृघात गर्नु; **पितुघात**=पितृघात गर्नु; **अरहन्तघात**=अरहन्तघात गर्नु; **लोहितुप्पाद**=बुद्धलाई रक्तपात गर्नु; **संघभेद**=संघभेद हुने गरी काम गर्नु; **अञ्ञसत्थारुद्देस**=बुद्ध बाहेक अरु आचार्यहरूलाई निर्देशित गर्नु (शास्ता ग्रहण गर्नु) भन्ने कर्महरूलाई नै छवटा अभिठान भनिन्छ ।
*(विभङ्ग -३४९)*

## पृथग्जन भाव निन्दनीय

स्रोतापन्न व्यक्ति पाणातिपात आदि पाँचवटा कुकर्म पनि नगर्ने हुनाले (उसँग) कीट पतंगहरू मार्ने समेत बानी नभएको हुन्छ । यी भयंकर कुकर्महरू गर्नु भनेको त टाढाको कुरा भयो । त्यसो भए पनि **अभिठान** भनेको यी भयंकर कुकर्महरू गर्दैनन् भनिरहेको पृथग्जन भावलाई निन्दा र उपहास गर्न चाहेकोले हो । पृथग्जनभाव निन्दनीय भएमा उक्त भावबाट मुक्त भइसकेको आर्यभाव पूर्णतः प्रशंसनीय हो भनी प्रशंसा गरिएको नै हुन्छ । पृथग्जनभाव अतिव दोषयुक्त रहेछ । मातृघात आदि आनन्तरिय भयंकर कुकर्महरू समेत गर्न सक्दछ । स्रोतापन्नले त मार्ग हटाई (पारगरी) सकिएको हुनाले (त्यो) अति परिशुद्ध दोषरहित जन्मको रूपमा मन पराउन योग्य रहेको छ ।

यहाँ **अभब्बकातुं**=(गर्ने सम्भावना हुँदैन) भनिएको हुनाले कहिल्यै नगर्ने भइसकेको तथ्य जनाइरहेको छ । त्यसो हुनाले अर्को जन्ममा समेत गर्नेछैन । स्रोतापन्न व्यक्तिले पछि अर्को जन्ममा आफू स्रोतापन्न रहेको भाव नजाने पनि मार्गको **नियाम** (=परिवर्तन नभई स्थीर रहनु) स्वभाव अनुसार



Downloaded from http://www.dhamma.digital

नै उपरोक्त छवटा **अभिठानहरू** पनि गर्नेछैन । प्रकृति पाणातिपात आदि पाँच कुकर्म तथा **अञ्ञसत्थारुद्देस**- भन्ने यी छ स्थानहरू पनि गर्नेछैन । यसरी छ स्थानलाई अन्यथा नगर्ने भइसकेकोलाई उद्देश्य गरी कसैकसैले **'छ छाभिठानानि'** भनेर पाठ पढ्ने गर्ने कुरा अर्थकथामा उल्लेख गरिएको छ ।

कुनै-कुनै बच्चाहरू पर-प्राण हनन गर्नुमा साह्रै घृणा मानी अलग्ग भइ बस्दछन् । अर्काको सम्पत्ति चोरी लिनमा पनि घृणा मानेर गर्दैनन् । खानामा जीवित र मृत माछाहरू मिसिएको पाइएमा जीवित माछाहरूलाई अभय दान दिई मृत माछाहरू मात्र रोजी लिने गर्दछन् । आर्य-श्रावक नै हो भनी मनमा लाग्ने गरी परिस्थिति पैदा हुन सक्छ । तसर्थ **'मतमच्छगाहादयो चेत्थ अरियसावकगामदारकानं निदस्सनं**=यस विषयमा आर्यश्रावक भएका गाउँका बच्चाहरूद्वारा मृत माछाहरू मात्र छानेर लिनु आदि साक्षी प्रमाण भयो' भनेर अर्थकथामा भनिएको हो ।

## छ चाभिठानानि मात्र

(**छच्चाभिठानानि**-भनेर सर्वत्र पालिमा एउटै रूपमा रहेको छ । **छच्चाभि**-मा छन्दानुरक्षणको निम्ति द्वेभाव भनेर भन्नुपर्ला । यहाँ द्वेभाव नभए पनि छन्द भंग छ भनी भन्नमिल्दैन । यो गाथा उपजाति गाथा भएकोले **छचाभि**-भनी उल्लेख भए पनि उपजाति नै हो । तसर्थ द्वेभाव भनेको छन्द गण हुन नसकेको, मिल्न नसकेको क्षेत्रमा मात्र सधैं उत्पन्न हुने हुनाले यहाँ द्वेभाव उत्पन्न नभए पनि हुनसक्ने हुनाले द्वेभाव नभएको **छ चाभिठानानि**- भन्ने पालि मात्र शुद्ध रूप भएको उचित हो भन्न मिल्छ ।

यहाँ **'चतु छ**- को पछाडि द्वेभाव वा' अनुसार छ-को पछाडि रहेकोले द्वेभाव आएको होइन र भनी फेरि भन्ने ठाउँ छ । **छ**-को पछाडि द्वेभाव आउनुपर्दछ भनेर निर्धारित गरिएको रहेको त अवश्य नै हो; तर **छ**-को पछाडि आएको उक्त द्वेभाव एक पद भइराखेको **छब्बण्ण, छद्दो**-आदि वृत्तिपद अनुसार मात्र हेर्ने स्वभाव रहेको छ । कुनै-कुनै **'दसेत्थ कालियो छच्च'** *(जा. २-२८४)* आदि छन्दानुरक्षण स्थानभन्दा अन्यत्र पालिमा नाना पद भइराखेको वाक्यमा द्वेभाव स्थान रूपमा अवतरण भइराखेको देखेको छैन ।



Downloaded from http://www.dhamma.digital

अझै पनि भन्नुपर्ने कुरा छ। अट्ठकथामा उल्लिखित पाठान्तर- मा **'छच्चाभिठानानि'** नभएर **'छ छाभिठानानि'** भनेर उल्लिखित भएको पनि सद्भावनापूर्वक विचारणीय विषय भएको छ।

३९) **किञ्चापि सो कम्मं करोति पापकं;**
**कायेन वाचा उद चेतसा वा।**
**अभब्ब सो तस्स पटिच्छदाय;**
**अभब्बता दिट्ठपदस्स वुत्ता।**
**इदम्पि संघे रतनं पणीतं;**
**एतेन सच्चेन सुवत्थि होतु।**

३९) **सो**=उक्त स्रोतापन्न उत्तम पुद्गलले; **कायेन वा**=शरीरले वा; **वाचाय वा**=वचनले वा; **उद**=त्यसपछि फेरि; **चेतसा वा**=मनले; **पापकं कम्मं**=खराब पाप कर्मलाई, **किञ्चापि करोति**=थाहा नपाएर प्रमादवश गर्न पुग्यो भने पनि; **सो**=उनी स्रोतापन्न उत्तम पुद्गल; **तस्स**=उक्त गर्न पुगिएको पापकर्मलाई; **पटिच्छदाय**=लुकाएर छोपेर राख्नको निम्ति; **अभब्बो**=अयोग्य भइसक्यो; **दिट्ठपदस्स**=मार्गद्वारा देखिएको जानिएको निर्वाणका मालिक आर्य स्रोतापन्न पुद्गलको; **अभब्बता**=खराब पापकर्म गर्न पुग्ने अवस्थामा त्यसलाई लुकाई छोपीराख्न अयोग्य भइसकेको भावलाई; **वुत्ता**=तथागत सम्यकसम्बुद्धबाट बताइएको छ। **संघे**=स्रोतापन्न संघमा; **इदम्पि रतनं**=रत्न भनेर स्पष्ट भइराखेको यो गुण पनि; **पणीतं**=प्रणीत हो; **एतेन सच्चेन**=यस सत्य वचनको कारणले; **सुवत्थि होतु**=सत्वहरू सुखी स्वस्ति होउन्।

## भावार्थ

स्रोतापन्न पुद्गलले शरीरद्वारा, वचनद्वारा अथवा मनद्वारा खराब पापकर्म उल्लंघन गर्न पुग्यो भने पनि उक्त स्रोतापन्न व्यक्तिले उक्त गर्न पुगेको पापकर्मलाई लुकाइ छोपेर राख्ने हुन सक्दैन। मार्ग-ज्ञानद्वारा निर्वाण



Downloaded from http://www.dhamma.digital

देखिसकेका आर्य स्रोतापन्नको आफूले गरेको पापकर्मलाई लुकाई राख्न अयोग्य भइसकेको कुरा उहाँ तथागतले आज्ञा हुनुभयो । स्रोतापन्न संघमा यो रत्न भनी चिन्नसक्नुको कारण गुण पनि प्रणीत हो । यस सत्य-वचनको कारणले सत्वहरू सुखी स्वस्ति होउन् ।

## स्रोतापन्न गुण एकथरी

स्रोतापन्नले छवटा **अभिठानलाई** मात्र गर्न असम्भव होइन; स्वल्प मात्र रहेको उल्लेख गर्न नपर्ने वा केही पनि भन्ने ठाउँ नभएको सानो पापकर्म भए पनि गर्न पुगियो भने पनि उक्त पाप कर्मलाई छोपीराख्न अयोग्य हुन्छ । बिर्सने बानी भएका स्रोतापन्न भए पनि दोषलाई लुकाई छोपिराख्नु नगर्ने हुनु सामान्य पृथग्जनहरूसँग समान नभइ विशिष्ट भएको एउटा गुण नै हो । तसर्थ उक्त गुणद्वारा सम्मान गरी सत्य-वचन बोल्ने इच्छा भएकोले **'किञ्चापि सो'** आदि दोहरो बताउनुभएको हो ।

## गर्न पुगेको पापकर्म

कोही-कोही खराब पापकर्मदेखि लाज मान्ने, तथागतप्रति श्रद्धा विश्वास आस्था धेरै हुनेहरू, तथागतका उपदेशलाई आदर-गौरव राख्नजान्ने सत्पुरुष पृथग्जन भिक्षुहरूले समेत त तथागतबाट गर्नु हुँदैन, गर्न सुहाउँदैन भनी प्रज्ञप्त गरिरख्नुभएका शिक्षापदहरूलाई जानी-जानी उल्लंघन गर्दैनन् । स्रोतापन्न भिक्षुले उल्लंघन गर्नु त हुनै सक्दैन । यस तथ्यलाई उद्देश्य गरेर 'म तथागतले शिष्य-श्रावकहरूको निम्ति शिक्षापद प्रज्ञप्त गर्नुपऱ्यो । उक्त शिक्षापदलाई हाम्रा शिष्य-श्रावकहरूले प्राण बचाउनको लागि पनि उल्लंघन गर्दैनन्' भनी आज्ञा हुनुभयो ।

**'लोकवज्ज पञ्ञत्तिवज्ज'**-भनी शिक्षापद दुईथरी रहेकामा पाणातिपात आदि कार्य लोकमा पनि दोषयुक्त रहेको छ; उल्लंघन गर्ने भिक्षुलाई पनि प्रज्ञप्त दोष लाग्ने हुन्छ । त्यस्ता शिक्षापदलाई **लोकवज्ज** भन्दछन् । त्यस्ता



Downloaded from http://www.dhamma.digital

**लोकवज्ज** (लोकवद्य) लाई स्रोतापन्नहरूले कहिल्यै उल्लंघन गर्दैनन्; रुख काट्नु आदि कार्य लोकमा दोष छैन; प्रज्ञप्तिका कारणले दोष (आपत्ति) लाग्ने हुन्छ। कुनै-कुनै **कुटिकार** (=कुटी बनाउनु), **सञ्चरित्त** (=लँमि काम गर्नु) आदि जस्ता गरुक आपत्ति, **सहसेय्य**=गृहस्थ, श्रामणेर, स्त्रीहरूसँग एउटै छत (छानो) को मुनि सँगै सुत्नु) आदि जस्ता लहुक आपत्ति, **अचित्तक** (=मन नलगाएपनि लाग्ने आपत्ति) आदि पनि रहेको हुनाले त्यस्ता आपत्ति त प्रज्ञप्तिलाई नबुझेको कारणले गर्दा कुनै-कुनै अरहन्तहरूलाई समेत (आपत्ति) लाग्ने सम्भावना रहेको हुनाले **पञ्ञत्तिवज्जहरू**मा त स्मृति नभई बेहोशमा परी लाग्ने सम्भावना रहन्छ। त्यसरी हुनसक्ने दोषलाई उद्देश्य गरेर **'किञ्चापि सो कम्मं करोति पापकं'** भनी बताउनुभएको हो। यहाँ शरीरबाट कुटिकार, सहसेय्य आदि खराब काम गर्न पुग्नु हुनसक्छ। वचनले 'पदसोधम्मं, उत्तरि छप्पञ्चवाचा, धम्मदेसन, सम्फप्पलाप, फरुसवाचा आदि बोल्न पुग्नु हुनसक्छ। मनद्वारा लोभ, द्वेष उत्पन्न हुनु, सुन चाँदीमा खुशी मान्नु, चीवर इत्यादि प्रत्यवेक्षण निरीक्षण नगर्नु आदि खराब काम गर्नु हुन जानसक्छ।

## छोप्न अयोग्य व्यक्ति

पृथग्जनहरूले त दोष लागेपनि कुनै-कुनै आफ्नो दोषहरूलाई लुकाएर राख्नसक्छन्। यस्तो हुनु भनेको सिधा सोझा नहुनु भइहाल्यो। **उजुप्पटिपन्न** गुण युक्त भइसकेका स्रोतापन्नहरूमा त त्यसरी सिधा सोझा नहुनु छैन; आफूले गर्न पुगेको काम अयोग्य भनेर जान्ने बितिकै सहधर्मीहरूकहाँ गएर आफ्नो दोष बताई उपचार (आपत्ति देशना) गर्दछन्। पछि गर्ने छुइनँ भनी संयम गर्दछन्।

**भब्ब** भन्दा अवश्य पनि हुनेछ; निश्चितरूपले हुनेछ भनी जान्न पाइन्छ। **अभब्ब** भनेपछि कुनै अवस्थामा पनि हुन सक्दैन। आर्य हुन योग्यलाई **भब्ब** भनिएको हुनाले साँच्चै नै सहि रूपले हुनेवाला भएकोले भनिएको हो। **अभब्ब** भन्ने बेलामा पनि कुनै प्रकारले पनि मार्गफल लाभ हुन अयोग्य व्यक्ति भयो। तसर्थ यहाँ **अभब्ब** पनि कुनै पनि हालतमा



Downloaded from http://www.dhamma.digital

नलुकाउने, साँच्चै नछुपाउने भइसके भन्ने मतलब भयो। त्यसरी छोप्न अयोग्य हुनुको कारण देखाउन चाहेकोले **'अभब्बता दिट्ठपदस्स वुत्ता'** भनी बताउनुभएको हो। निर्वाण देखिसकेका स्रोतापन्न व्यक्तिको त्यसरी छोप्न अयोग्य भइसकेको भावलाई तथागतले बताउनुभएको हुनाले उक्त बुद्ध-वचन अनुसार छोप्न अयोग्य भएको तथ्य जान्न सकिन्छ भन्ने अभिप्राय हो।

## बुद्ध देशना

यो तथ्य *मूलपण्णास कोसम्बीसुत्त* मा बताउनु भएको छ। उक्त सूत्रमा स्रोतापन्नको **महापच्चवेक्खणा** सातवटा उल्लेख भएकोमा यो दोष नलुकाउनु चौथो प्रत्यवेक्षणा हो। बताउनुभएको संक्षिप्तमा कस्तो हो भने- उत्तानो परेर मात्र सुत्ने, उमेरले अझै कलिलो दूधे बालक हात वा खुट्टाले गोलको आगोमा थिच्न (वा कुल्चन) पुग्यो भने झट्ट हट्न जाने जस्तै नै उपचार गरी सिद्ध हुन सक्ने एक न एक आपत्ति लाग्यो भने उक्त आपत्तिलाई तथागतकहाँ, अथवा कुनै जान्ने बुझ्ने दक्ष सहधर्मीहरूकहाँ प्रकट हुने गरी उल्लेख गरी बताउनु, बोल्नु मार्ग ज्ञानले सम्पन्न आर्य पुद्गलको **धम्मता** (=मूल स्वभाव) नै हुन्छ। यस्तो स्वभाव मसँग छ भनेर जानेको ज्ञान पृथग्जनहरूसँग सम्बन्धित होइन। आर्यहरूसँग मात्र सम्बन्धित ज्ञान हो। यो चौथो प्रत्यवेक्षण ज्ञानले स्रोतापन्नको गुणलाई उल्लेख गरिराखेको जस्तै अरु-अरु प्रत्यवेक्षणहरूलाई पनि उल्लेख गरिराखिएको हुनाले ती सम्बन्धित प्रत्यवेक्षणहरू पनि संक्षिप्तमा व्यक्त गरी देखाउनेछु।

## अरू अरू गुणहरू

१) स्रोतापन्नले ('यथार्थ धर्महरूलाई) यथार्थ रूपमा जान्न-बुझ्न नसक्ने गरी बाटो थुनेर रोक्ने काम-राग आदि **परियुट्ठान** क्लेशहरू आफूसँग छ, कि छैन भनेर निरीक्षण प्रत्यवेक्षण गरेमा त्यस्ता क्लेशहरू हटाई नसकिएको आफूमा छैन; आफ्नो चित्त सत्यलाई जान्नु-देख्नुको लागि राम्ररी स्थित



Downloaded from http://www.dhamma.digital

गरिसकेको कुरा जान्दछ। यो ज्ञान पृथग्जनहरूसँग सम्बन्धित होइन तथा आर्यहरूसँग मात्र सम्बन्धित भएको लोकुत्तर अनुसार उत्पन्न भई आउने प्रज्ञा ज्ञान नै हो।

२) फेरि-फेरि यो प्रज्ञा-ज्ञान सेवन गरी, बृद्धि गरी धेरैपल्ट अभ्यास गरिबस्ने मैले आफ्नो चित्तमा शान्त स्थिरता भएकोलाई प्राप्त गरिरहेको छ कि, क्लेश शान्त र शीतल हुनुलाई प्राप्त गरिरहेको छ कि भनेर प्रत्यवेक्षण (निरीक्षण) गरियो भने आर्य श्रावकले त्यस्तो स्थिरता, शान्त शीतलता प्राप्त भइरहेको छ भनेर जान्न पाइन्छ। यो ज्ञान पनि पृथग्जनहरूसँग सम्बन्धित होइन; आर्यहरूले मात्र प्राप्त गर्ने अधिकार भएको प्रज्ञा ज्ञान नै हो।

३) आफूले प्राप्त गरेको जस्तो मार्ग-ज्ञान, दृष्टि प्राप्त गरिराखेका शासन बाहिरका श्रमण-ब्राह्मण नामधारी पुद्गलहरू अझै छन् कि भनी चिन्तन र मनन गर्ने आर्यश्रावकले आफूले प्राप्त गरिराखेको जस्तो मार्ग-ज्ञान प्राप्त गरिराखेका शासनको बाहिरका अरु-अरु श्रमण ब्राह्मणहरू छैनन् भनी निर्णायक रूपले जानिनु पनि पृथग्जनहरूसँग सम्बन्धित नभएको, आर्यहरूले मात्र प्राप्त गर्ने अधिकार भएको प्रज्ञा ज्ञान नै हो।

४) माथि उल्लेख गरिसकेको छु।

५) भर्खर ब्याएकी गाई बाध्य भइ घाँस खानमा ब्यस्त हुन परे पनि आफ्नो सन्तान बाछाबाछीलाई बारम्बार नजर लगाई हेरीबस्ने जस्तै नै सहधर्मीहरूको कुनै ठूलो-सानो काममा मजबूर भएर ब्यस्त हुनु परे पनि आफ्नो चित्त त्रिविध शिक्षा आचरण गर्नुमा मात्र लागी इच्छा भइरहनु आर्यहरूको एउटा स्वभाव नै हुन्छ। त्यस्तो स्वभाव मसँग छ भनी जान्नु पनि पृथग्जनहरूसँग सम्बन्धित छैन; आर्यहरूले मात्र प्राप्त गर्ने अधिकार भएको प्रज्ञा-ज्ञान नै हो।

६) तथागतले उपदेश गर्ने अवस्थामा अतिव प्यारो गरी आदर गौरबपूर्वक एकचित्तले ध्यान दिई सुन्नु आर्यहरूको एक प्रकारको बलशक्ति हो। त्यस्तो बलशक्ति मसँग छ भनेर जान्ने ज्ञान आर्यहरूले मात्र प्राप्त गर्ने अधिकार भएको पृथग्जनहरूसँग सम्बन्ध नभएको प्रज्ञाज्ञान नै हो।



Downloaded from http://www.dhamma.digital

७) बुद्धोपदेश सुनाउने अवस्थामा अर्थ अभिप्राय बुझी प्रीति प्रामोद्य उत्पन्न हुनु, धर्म देशना जान्नु, बुझ्नु, (त्यसरी जानेर) धर्म-सम्बन्धी प्रीति प्रामोद्य उत्पन्न भइरहनु आर्यहरूको एउटा सामर्थ्य हो। त्यस्तो सामर्थ्य मसँग छ भनेर जान्नु ज्ञान पृथग्जनहरूसँग सम्बन्धित नभएको आर्यहरूले मात्र प्राप्त गर्ने अधिकार भएको लोकुत्तर अनुसार उत्पन्न हुने प्रज्ञा-ज्ञान नै हो। *(मूल पण्णास ३९८)*

४०) **वनप्पगुम्बे यथा फुस्सितग्गे;**
**गिम्हान मासे पठमस्मिं गिम्हे।**
**तथूपमं धम्मवरं अदेसयि;**
**निब्बानगामिं परमं हिताय।**
**इदम्पि बुद्धे रतनं पणीतं;**
**एतेन सच्चेन सुवत्थि होतु।**

४०) **गिम्हानं**=गृष्मऋतु मध्यमा; **पठमस्मिं गिम्हे**=गृष्मऋतुको आदि भएको; **मासे**=चैत्र महिनामा, **फुस्सितग्गे**=राम्ररी फुलेको हाँगा बिंगाले भरिएको; **वनप्पगुम्बे**=घना जंगल (**ससिरिको यथा**=शोभायुक्त भइरहनु जस्तै) **तथूपमं**=शब्द र अर्थ दुवै पूर्ण भई उक्त घना जंगल उपमा भएको; **निब्बानगामिं**=निर्वाण पुगिने कारण रहेको; **धम्मवरं**=त्रिपिटक उत्तम धर्मलाई; **परमं हिताय**=निर्वाणधातु सर्वोत्तम हित र अर्थको निम्ति; **अदेसयि**=देशना गर्नुभएको छ; **बुद्धे**=तथागतमा; **इदम्पि रतनं**=रत्न भनेर जान्न पाइने यो गुण पनि; **पणीतं**=प्रणीत हो; **एतेन सच्चेन**=यस सत्य वचनको कारणले; **सुवत्थि होतु**=सत्वहरू सुखी स्वस्ति होउन्।

**भावार्थ**

गृष्मऋतु मध्येमा गृष्मऋतुको आदि रहेको चैत्र महिनामा राम्ररी फूलेका हाँगा बिंगाले पूर्ण भएको घना जंगल शोभायमान भए जस्तै शब्द र अर्थ झ्वाम्म परेर उक्त घना जंगल समान भएको निर्वाण प्राप्ति कारण उत्तम



Downloaded from http://www.dhamma.digital

उपदेश पिटकलाई निर्वाण धातु सर्वोत्तम हित र अर्थको निम्ति तथागतबाट देशना भएको छ। तथागतमा रत्न भनेर जानिने कारण भएको यो गुण पनि प्रणीत हो। यस सत्य-वचनको कारणले सत्वहरू सुखी स्वस्ति होउन्।

## बुद्ध गुण

तथागतको रूपकाय आदिसँग सम्बन्धित गुणहरू सुनेको भरमा अनुमानले प्रसन्न हुनुपर्दछ। तथागतका ज्ञान सामर्थ्यलाई त पिटकमा देखाइ राखिएको पाइनाले परियत्ति-धर्म द्वारा बुद्ध-ज्ञान सामर्थ्यलाई साक्षात् जानिरहेको जस्तो हुने भयो। तसर्थ परियत्ति-धर्मले तथागतलाई गुण अनुसार सम्मान गरिरहेको पाइनाले उक्त धर्मद्वारा बुद्धगुण उल्लेख गरी सत्य वचन बोल्ने ढंगलाई **वनप्पगुम्बे** आदि द्वारा फेरि देखाउनुभएको हो।

## ब्याकरण अनुसार स्पष्टीकरण

(**वनसण्ड**-मा **सण्ड** सब्दले भेला, समूह व्यक्त गरे जस्तै **वनप्पगुम्बे**- मा **पगुम्ब** पनि भेला-समूह वाची भनेर **वनप्पगुम्ब**-घना जंगल भनी अनुवाद गरिदिएको हुँ। मान्छेको भेला भन्नाले मानिसको बथान, मानिसहरूको समूहलाई व्यक्त गरिएजस्तै जंगलको समूह भन्ने भाव हुन्छ।

अर्थकथा आचार्यको मत अनुसार घना जंगल भनेको भाव व्यक्त गर्न खोजेको जस्तो देखिंदैन; **'वनस्स वने वा पगुम्बो वनप्पगुम्बो** भनेर वचनार्थ (शब्दार्थ) गर्दा **वनस्सपगुम्बो**-द्वारा जंगलको समूह घना जंगल भन्न खोजेमा भन्न मिले पनि **वने पगुम्बो**-द्वारा घना जंगल भनी भन्न सकिंदैन। वनमा **पगुम्ब** भनिएको हुनाले **पगुम्ब** वनमा रहेको कुनै एउटा भाग मात्र हुनु पर्दछ; सिँगै वन हुन सक्दैन। तसर्थ अर्थकथा आचार्यको मत अनुसार वनमा रहेका फूलको झुप्पा फूलको झुण्डलाई मात्र लिनुपर्ला। **'नानाविधरुक्खगहने**=अनेक प्रकारका रुखहरूको जंगल भएको; **वने**=वनमा; **सुपुप्फितग्गसाखो**=राम्रोसँग फूलहरू फक्रेको, हाँगा बिँगाले पूर्ण भएको; **तरुण रुक्खगच्छपरियायनामो**=साना-साना रुखहरूको झार भनेको पर्याय नाम भएको; **पगुम्बो**=पगुम्ब' भनी भनिएको अर्थकथा आचार्यको मतको आधार लिनुपर्दछ। यस कथन अनुसार **वनप्पगुम्बे**=वन जंगलमा वृद्धि भइरहेको फूलको झुप्पा भनी अर्थ दिनुपर्ला।



Downloaded from http://www.dhamma.digital

यहाँ त घना जंगल भनेको अर्थ धेरै गहन रहेको छ भनी सोची धेरैजसोले सधैं दिने गरेको अर्थ अनुसार घना जंगल भनेर नै अनुवाद गरिदिएको छु। चैत्र महिनामा आफ्नो ऋतु अनुसार कुनै-कुनै फूल मात्र फूल्ने कुनै-कुनै नफूले पनि **समुदायवोहार** (=आंशिकलाई सामूहिक प्रयोग द्वारा प्रयोग गर्नु) अनुसार फूल फूलेको घना जंगल भनेर भन्न सकिन्छ।

**'फुस्सितानि अग्गानि अस्साति फुस्सितग्गो-अस्स**=उक्त घना जंगलको; **फुस्सितानि**=फूलेको; **अग्गानि**=हाँगाहरू; **सन्ति**=रहेका छन्; **इति**=तसर्थ; **फुस्सितग्गो**=फुस्सितग्ग भन्दछन्। **फुस्सित**=फुल्ने अर्थ अरु ठाउँमा नदेखिएको पद बिशेष हो। **'अनेकत्था हि धातवो'** अनुसार **फुस**-धातु फक्रनु अर्थवाची भनी लिनुपर्‍यो। धातु शास्त्रमा फुस- को फूल्नु अर्थ व्यक्त नभइ **फुल्लित** -शब्दले निपातन नय-अनुसार **फुस्सित** हुन आएको हो भनेर पनि चिन्तन गर्नुपर्‍यो। छुनु अर्थलाई लिएर छोइरहेको हाँगा भएको घना जंगल भन्दा पनि अर्थ लाग्न सक्छ। फूलका झुप्पाहरू, कलिला पातहरू, पालुवाहरू फिजिएर झ्वाम्म परेर टुप्पा टुप्पाहरू जेलिएको वन भन्ने मतलब भयो।

**गुम्बे फुस्सितग्गे**-हरू **'अत्थि सवितक्क सविचारे, अत्थि अवितक्क अविचारे सुखे दुक्खे जीवे'** आदिहरू झैं प्रथम अर्थमा सप्तमी विभक्ति हो। 'क्वचे वा' *मोग्गल्लानसुत्त (२-११०)* द्वारा **सि**- लाई **ए** गर्नु हो। यहाँ अर्थकथा वर्णन अनुरूप **ससिरिको** भन्ने पाठसेस दिएको छु। त्यसरी नराखिकन मूल पाठमा भए अनुसार अर्थ दिएपनि घना जंगल झ्वाम्म परेर शोभायमान भए जस्तै बुद्धोपदेश पनि झ्वाम्म परेर शोभायमान छ भन्ने अर्थ अभिप्राय हुन सक्छ। **'गिम्हानं**=गृष्म ऋतुहरू मध्यमा; **पठमस्मिं गिम्हे**=गृष्म ऋतुको आदि भएको; **मासे**=चैत्र महिनामा; **वनप्पगुम्बे**=घना जंगल; **फुस्सितग्गे यथा**=राम्ररी फक्रेका फूल तथा पालुवा हाँगाहरूले युक्त भएजस्तै; **तथूपमं**=शब्द-अर्थले झ्वाम्म परेको उक्त वन जंगल नै उपमा भएको' आदि भनेर अर्थ दिनु पर्दछ।

गृष्म ऋतुको सबभन्दा पहिलो महिना चैत्र महिना नै हो। चन्द्रमास अनुसार चैत्र महिनालाई भनेको हुनाले फागुन कृष्णपक्ष परेवादेखि चैत्र पूर्णिमासम्मको दिनलाई भनिएको हो। छ वटै ऋतु छुट्याइयो भने वसन्त ऋतु भएकोले वसन्त ऋतु दुई महिना रहेकोमा पहिलो महिना भएको हुनाले **'सो पठमगिम्होति च बालवसन्तोति च वुच्चति'** भनेर अर्थकथा मा भनिएको छ।



Downloaded from http://www.dhamma.digital

## घना जंगलको उपमा

तथागत बुद्धको देशना क्लेश विशुद्ध भएको निर्वाणको लागि हो। उक्त निर्वाणमा पुग्ने कारण मार्ग त **एकायनो मग्गो** अनुरूप एउटै मात्र मार्ग हो। उक्त मार्गमा जाने विषयमा वेनेय्यहरूको अध्याशय अनुसार विभिन्न विधि सृजना गरी स्कन्ध, आयतन, धातु, सत्य, स्मृतिप्रस्थान, सम्यक् प्रधान आदि अनेक अर्थद्वारा बताइराख्नुभएको अतिव झकिझकाउ रहेको छ। एक मात्र देशनामा नै (उपमा) स्कन्ध देशना गर्नुभएको अवस्थामा अनेक अर्थ विभिन्न नयद्वारा फरक गरी बताइराख्नुभएको नपुग अपूरो भन्न नपर्ने गरी परिपूर्ण भई चिटिक्क परेको छ। यसैलाई नै सात्थ (=अर्थ पूर्ण भएको) भनेर प्रशंसा गरिनुपर्ने हो। उक्त अनेक अर्थ बताउनुभएकोमा वेनेय्यहरूले बुझ्न सजिलो भएकोले आकर्षक हुने तरिकाले शब्द, वाक्य प्रयोग फरक-फरक पारी प्रयोग गरी बताइराख्नुभएको पनि पूर्ण भई झकिझकाउ छ। यसैलाई नै सब्यञ्जन (=शब्दले परिपूर्ण भएको) भनेर भन्नुपर्ने हो। यतिसम्म अर्थ र शब्दले झकिझकाउ भएको देशनालाई गृष्मऋतुको आदि चैत्र मासमा कोपिला, पात पलाई फूलेका फूलहरूद्वारा झकिझकाउ भएको घना जंगलसँग तुलना गरिराखिएको द्वारा विद्वानहरूको हृदयलाई प्रफुल्लित गर्न सक्दछ। तसर्थ पिटकमा अन्वेषण गरिसकेकाहरूले यो गाथा पाठ गर्दा प्रत्येक पटक प्रसन्नता अनुभव गर्दै जति गरे पनि नपुग अनुभव गरिरहन्छन्।

## उपमा दिनुपर्नाको कारण

तथागतले कुनै-कुनै सूत्र देशनाहरूलाई उपमा, उपचारहरूद्वारा सजाई देशनाको आकर्षक शोभायमान भाव उत्पत्ति हुने गरी बताउनुहुने बानी रहेको छ। *धम्मपद पुप्फवग्ग* मा उल्लिखित पुष्प-वर्णन देशना आदिहरू, *फेणपिण्डोपम, आसीविसोपम* आदि सूत्रहरू यस्तै खालका देशनाहरू हुन्।

त्यसरी देशनालाई आकर्षक पारी सजाई देशना गर्नुपरेको उपदेशलाई



Downloaded from http://www.dhamma.digital

स्रोताहरूमा प्रीति उत्पन्न हुनेगरी आकर्षक बनाउनलाई नै हो। देशनामा अति प्रीति भइरहँदा शरीर र मन दुवैमा अति शान्त शीतल हुने प्रश्रब्धि उत्पन्न हुने गर्दछ। उक्त शान्त शीतल हुनु, स्कन्धमा दरिलोसँग ध्यान गई शान्त स्थीर भएको समाधि उत्पन्न गर्नलाई कारण रहेको छ। समाधि उत्पन्न हुनेसँग रूप, नाम, स्कन्धहरूलाई यथाभूत रूपमा जानेको यथाभूत ज्ञान उत्पति हुनु निक्कै सुनिश्चित रहेको छ। उक्त यथाभूत ज्ञानद्वारा मार्ग, फल, निर्वाणसम्म पुग्न पाइन्छ। तसर्थ देशनामा अति प्रसन्नता उत्पत्ति गराउनु अत्यावश्यक भएको हुनाले बुद्ध धर्मलाई गुण अनुसार प्रशंसा गरिएको यस वन वर्णन देशना बताइराख्नुभएको छ।

## निर्वाणको लागि मात्र

लोकमा मैत्री, करुणा कम हुनाले धेरै प्राणीहरूप्रति चेतना राख्न नजान्नेहरू आत्म स्वार्थलाई अतिव कामना गर्दछन्। यस्ता व्यक्तिहरूले धर्मग्रन्थ लेख्दा होस्, धर्म उपदेश दिँदा होस्, ख्याति, यशकीर्ति र लाभ सत्कारको कामना गर्दछन्। तथागत बुद्धले दुःख शान्तहुनुको कारण असल धर्म विशिष्ट धर्म आधिकारिकरूपमा प्राप्त गरी राख्नुभएको छ। सत्वहरूलाई हेर्नुहुने अवस्थामा अन्त नहुने गरी भोग्नुपर्ने संसार दुःखलाई देखेर अतिव करुणा उत्पन्न गरी पार तारीदिने इच्छा लागेको छन्द उत्पन्न गर्नुहुन्छ। सत्वहरूप्रति साँच्चै असल गर्ने सुख दिलाउने इच्छा हुने महाकरुणावान् हुनुभएका प्रज्ञावान हुनुभएका तथागतले कहिले पो लाभ सत्कार यशकीर्ति आदिको कामना गर्नुहुन्छ र ! सत्वहरूको निमित्त सर्वोत्तम रहेको हित र अर्थ सिद्ध गरिदिने इच्छा मात्र उत्पन्न गर्नुहुन्छ। निर्वाणभन्दा बढी उत्तम अर्थ र हित भन्ने पनि छैन। तसर्थ तथागतले उपदेश गर्नुपर्ने निर्वाणधातु सर्वोत्तम अर्थ र हितको निम्ति मात्र भएको कुरा **'परमं हिताय'** द्वारा पुनः गुणको रूपमा प्रशंसा गर्नु परेको छ।



Downloaded from http://www.dhamma.digital

## बुद्धको रत्न भाव

वन वर्णन काव्य एउटा भेटिंदा काव्य रस अनुभव गर्न जान्ने व्यक्तिका निम्ति सुन्दर-सुन्दर शब्द रचना, अनुप्रासहरू पनि प्रसन्न र आकर्षक पार्ने कारक बन्दछ। अर्थ रसलाई पनि रमाईलो मानी आशक्त भइरहन्छन्। काव्य नबुझ्नेकाको निम्ति पऱ्यो भने उक्त काव्य कुनै हालतमा पनि मूल्यवान् हुँदैन। त्यस्तै नै देशनामा अर्थरस, शब्दरस अनुभव गर्न जान्ने व्यक्तिको निम्ति बुद्ध देशनामा असीम आकर्षकता, असीम प्रसन्नता हुन्छन्। लोकमा कुनै एउटा ग्रन्थ अध्ययन गर्नपाउने व्यक्तिहरूले ग्रन्थ जति राम्रो हुन्छ त्यति ग्रन्थकारक व्यक्तिलाई श्रद्धा राख्ने गौरव राख्ने सन्तोष मान्ने गर्ने जस्तै अर्थरस अनुभव गर्न पाएका व्यक्तिहरूले तथागत सम्यक्सम्बुद्धप्रति जति श्रद्धा प्रसन्नता व्यक्त गरे पनि नपुग भइरहन्छ। त्यसैले पौराणिक शास्त्रविद् धेरै-धेरै महास्थविरहरूले बुद्धपद प्रार्थना गर्दा रहेछन्। अर्थ जानेर जानेको अनुरूप आचरण गर्नुद्वारा मार्गफल सम्म सिद्ध गरेका व्यक्तिहरूको श्रद्धा, प्रसन्नता र सन्तोषको कुरा त भन्नै परेन। तसर्थ बुद्धोपदेश तथागतप्रति आकर्षक मान्नु, श्रद्धा प्रसन्न पार्ने कारण भएकोले उक्त धर्म अनुसार तथागतको रत्न भावलाई **'इदम्पि बुद्धे रतनं पणीतं'** भनेर फेरि प्रशंसा गर्नु परेको हो।

(४१) **वरो वरञ्ञू वरदो वराहरो;**
**अनुत्तरो धम्मवरं अदेसयि।**
**इदम्पि बुद्धे रतनं पणीतं;**
**एतेन सच्चेन सुवत्थि होतु।**

४१) **वरो**=उत्तम मनोवृत्तियुक्त भई देव-मनुष्यहरू धेरैबाट मन पराइनुभएका, कामना गर्न योग्य र पवित्र हुनुभएका; **वरञ्ञू**=साँच्चै सर्वोत्तम निर्वाणलाई समेत जान्नुभएका; **वरदो**=उत्तम-धर्म निर्वाण दिनुभएका; **वराहरो**=असल र पुरानो आचरण क्रम उत्तम-मार्ग ल्याउनुभएका; **अनुत्तरो**=जोडा नभएका सर्वोत्तम तथागतले; **धम्मवरं**=उत्तम धर्म; **अदेसयि**=देशना गर्नुभयो। **बुद्धे**=तथागत बुद्धमा रहेको; **इदम्पि रतनं**=यस



Downloaded from http://www.dhamma.digital

रत्नको भाव आकर्षक गुणांग पनि; **पणीतं**=प्रणीत हो; **एतेन सच्चेन**=यस सत्य-वचनको कारणले गर्दा; **सुवत्थि होतु**=सत्वहरू सुखी-स्वस्ति होउन् ।

## भावार्थ

देव-मनुष्यहरू धेरैबाट मन पराई कामना गर्न योग्य भई पवित्र पुद्गल हुनुभएका, सर्वोत्तम निर्वाण जानेर उत्तम धर्म दिनुभएका, पुरानो आचरण क्रम उत्तम-मार्ग ल्याइदिनुभएका सर्वोत्तम तथागतले नानाविध-धर्म बताउनुभएको छ । तथागतमा रहेको रत्न भनेर जानिने कारण यो गुण समूह पनि प्रणीत हो । यस सत्य-वचनको कारणले सत्वहरू सुखी-स्वस्ति होउन् ।

## बुद्धगुण

**'वनप्पगुम्बे'** आदिद्वारा परियत्ति धर्मले उहाँ तथागतका गुणलाई उल्लेख गरी देखाइसकेपछि **'वरो वरञ्ञू'** आदि यो गाथा देशना अनुसार लोकुत्तर धर्मले तथागतका गुणलाई उद्धृत गरी फेरि सत्य-वचन बोल्नुभएको हो ।

Dhamma.Digital

## वर-उत्तम पुद्गल

**वर**-इच्छा=कामना वाची हो । मनोवृत्ति उच्च र विशाल भएका उत्तम व्यक्तिहरूले आकर्षक मानी कामना गर्न योग्य हुनाले तथागतलाई **वर** भन्दछन् । अवश्यमेव हो; तथागतको प्रसन्न हुनयोग्य, शोभायमान भएको रूप कायलाई र सर्वज्ञता ज्ञानलाई अनि अरु-अरु ज्ञान पनि अरुसँग असमान रहेका विशिष्ट गुणलाई जान्ने बुझ्नेहरूले हामी पनि यस्तो हुन पाए कति जाति हुनेथियो भनी  कामना गर्दा रहेछन् । (यस तथ्यलाई स्पष्ट पार्न) तथागत वर्षावास तीनमहिनासम्म अभिधर्म देशना गरिसक्नुभएपछि त्रयस्त्रिंशत् देवलोकबाट संकाश्य नगरमा तीनवटा भऱ्याङ्बाट देव ब्रह्माहरुलाई पछाडि राखी (देव ब्रह्माहरुको अगुवाई गरी) ओर्लनुहुँदा उहाँको श्री शोभा देख्नेहरूमा



Downloaded from http://www.dhamma.digital

बुद्धवर प्रार्थना नगर्नेहरू कोही नरहेको कुरा आज्ञा गर्नुभएको *धम्मपद अट्ठकथा (दु. १४७)* -मा उल्लेख भएकोलाई पनि आधार लिनुपर्दछ।

## अर्को तरिका

तथागतलाई आफ्ना गुरु मान्नको लागि र उत्तम धर्म लाभको लागि मन पराई कामना गर्न योग्य भनेर पनि उल्लेख गर्न सकिन्छ। यहाँ पनि उच्च मनोवृत्तियुक्त भएका उत्तम व्यक्ति मात्र अपरिहार्य भएको कुरा बुझ्नु पर्दछ। नीच मनोवृत्तियुक्त भएका हीन व्यक्तिहरू आफूहरू- गुरु भइरहेकामा आफूभन्दा जान्नेहरूलाई गुरु मान्न मन पराउँदैनन्। शिष्य भए पनि आफ्नै गुरु मात्र ठूलो भनेर दरो गरी मानिरहन्छन्। आफ्नो सिद्धान्त मात्र राम्रो, सत्य भनी दरो गरी समातेर बस्दछन्, छोड्न चाहँदैनन्। उच्च मनोवृत्तियुक्त भएका उत्तम व्यक्तिहरूले त गुरु आशक्ति, व्यक्ति आशक्ति राख्दैनन्। असल धर्म मात्र खोजिरहन्छन्। यस क्षेत्रमा भावी आयुष्मान सारिपुत्र सञ्जय परिव्राजकको दाहिने हात जस्ता शिष्यको रूपमा उच्च तहमा पुगे पनि सञ्जय जस्तै सन्तोष भएर नबसी आफ्नो सिद्धान्तमा सार तत्वयुक्त भइनसकेको जान्नासाथ नै असल धर्म खोजी नै रहे। आयुष्मान अस्सजि स्थविरलाई देखेको अवस्थामा यो व्यक्ति अन्य सम्प्रदायका हुन् भनी भेदभाव नराखिकन, व्यक्तिको विशिष्ट हाउभाउ देखेर विशेष धर्मले सम्पन्न हुनुपर्दछ' भनी अनुमान गरिसकेपछि नजिक गई सोधेर परीक्षण गरे। यस प्रकार विशिष्ट धर्म लाभ गरी तथागतकहाँ आइपुगे। सञ्जयाचार्यलाई आफूहरूसँगै नै तथागतकहाँ जानको लागि आमन्त्रण गर्दा आफू ठूलो घैंटो भएर बसिसकेपछि अब पानी उगाउने सानो घैंटो (लोटा) बन्न सक्दिनँ भनी अस्वीकार गरे। यहाँ **पणीताधिमुत्तिक** (=मनोवृत्ति उत्तम र प्रणीत भएका), र **हीनाधिमुत्तिक** (=मनोवृत्ति हीन भएका) भनी दुईथरी भेद भइरहेको स्पष्ट छ।



Downloaded from http://www.dhamma.digital

## उत्तम गुणले गर्दा

लोकमा असल क्रियाकलाप र आचरण भएकालाई असल मानिस र उत्तम व्यक्ति भनी, तथा खराब क्रियाकलाप र आचरण भएकालाई हीन मानिस, नीच व्यक्ति भनी भन्नुपर्दछ। प्रज्ञा-सम्पत्ति आदि गुणहरूले युक्त भएपनि आचरण नराम्रो भयो भने उत्तम भन्न मिल्दैन; त्यसो हुनाले क्लेशबाट बिल्कुल रहित भई परिशुद्ध भई साँच्चैको **दन्त** (=संस्कृत भएको व्यक्ति); **सन्त** (=शान्त-दान्त व्यक्ति) हुनुभएका तथागत उत्तम व्यक्ति हुनुहुन्छ। त्योभन्दा अतुलनीय भएका बुद्धगुणहरूद्वारा विभूषित हुनुभएका हुनाले लोकमा सर्वोत्तम हुनुहुन्छ। शब्द भनेको उक्त शब्दद्वारा व्यक्त गरिएका चीज वस्तु अनुसार त्यसको अर्थलाई स्तर तल माथि पार्नु स्वभाविक नै हुँदा सामान्य रूपले उत्तम व्यक्तिहरूप्रति सामान्य उत्तम अर्थ लिनुपर्ने भए पनि बुद्धप्रति प्रयुक्त उत्पन्न हुने यो **'वर'** शब्दको त सबैभन्दा सर्वोत्तम भनी अर्थ लिनुपर्दछ। उपरोक्त अभिप्राय अनुसार **'वर'** उत्तम गुणले संयुक्त भइराखेको हुनाले **'वर'** नाम भएको हो। नाम भनेको संयुक्त गुणअनुसार पनि लाभ हुने गर्दछ। नीलो रंगको वस्त्रलाई नीलो छ भनी भन्नुपरे जस्तै उत्तम गुणहरूले युक्त हुनुभएका बुद्धलाई उत्तम भनी भन्नुपर्दछ।

## वरञ्ञू

**विरागो सेट्ठो धम्मानं**-अनुसार निर्वाणलाई सम्पूर्ण धर्मभन्दा पनि उत्तम भएकोले **'वर'** भनिन्छ। चार मार्गद्वारा निर्वाणलाई जाने मात्र बुद्ध भएको सुनिश्चित हुनाले उक्त सर्वोत्तम निर्वाणलाई बोधिवृक्षको पादमूलमा रहेको पल्लंकदेखि नै जानी देखीसक्नुभएका हुनाले **'वरं निब्बानं**=निर्वाणलाई; **जानाति**=जान्नुभएका हुनुहुन्छ' भन्ने अर्थ अनुसार **वरञ्ञू** नाम भयो। निर्वाणलाई जान्नुभयो भनिएकोमा अरु अरु धर्महरू जान्नुहुन्न र भनी प्रश्न गर्ने ठाउँ छैन। 'निर्वाणलाई जान्दछन् भनेपछि उक्त निर्वाणलाई देख्ने मार्ग, फललाई र उक्त मार्ग, फल प्राप्ति कारण विपश्यना, समाधि, शील आदि



Downloaded from http://www.dhamma.digital

धर्महरू पनि जानिसके' भन्ने अभिप्राय सिद्ध भइरहेको छ। मार्ग-फल आदि धर्महरू पनि **वर**=शुद्ध उत्तम धर्महरू मात्र भएकोले **उक्कट्ठनिद्देस** (=सर्वश्रेष्ठलाई निर्देश गर्ने) नय अनुसार निर्वाणलाई मात्र व्यक्त गरिआएको हुनाले अरु अरु मार्ग आदि धर्महरूलाई पनि समावेश गरिसकिएको छ। अन्यत्र प्रधान नय भनिएकोलाई नै कुनै-कुनै अर्थकथामा **उक्कट्ठनिद्देस** भनिएको हो।

प्रत्येकबुद्ध र श्रावकहरूले पनि निर्वाणलाई जानेको हुँदा **वरञ्ञू** अरु अरु व्यक्तिहरूसँग केही विशेषता छैन होइन र भनी दोहरो भन्ने ठाउँ रहेको छ। प्रतिवेध ज्ञानको क्षेत्रमा गुरुबिना स्वयम् आफैले अनुभव गरी व्याप्त भई जान्नु-देख्नु, देशना ज्ञानको क्षेत्रमा पनि तथागतले जस्तै जान्न नसकिने आदि कारणले गर्दा अरु-अरु प्रत्येकबुद्ध श्रावकहरूलाई निर्वाण जानेका व्यक्तिहरूको रूपमा भन्न सकिए पनि तथागतलाई प्रशंसा गरिएको **वरञ्ञू** भावमा त पुग्दैनन्, भेटाउन सक्दैनन्।

## वरदो

**वरं ददातीति वरदो। वरं**=उत्तम धर्म; **ददाति**=दिन्छन्; **इति**= त्यसैले; **वरदो**=वरद भनिन्छ। सर्वोत्तम निर्वाण-धर्म हस्तगत गरिराख्नुभएका तथागतले आफूसँग सम्पूर्ण दुःखलाई केही पनि बाँकी नरहने गरी सोहरेर जम्मा गरी पूर्णरूपले शान्त भइसकेको र जानिसकेको हुनाले उक्त सम्पूर्ण निर्वाण-धर्म सत्वहरूलाई प्राप्त गराउने इच्छा गर्ने नै भयो। तसर्थ **वरदो**-उत्तम वस्तु दिइरहेका छन् भन्नुमा निर्वाण प्राप्ति कारण उत्तम धर्म, असल-धर्म दिएको हुनाले **वर**-को स्वरूप मार्ग-फलसम्मको उत्तम धर्मलाई बुझी लिनुपर्दछ। उक्त असल धर्म दिइयो भने निर्वाण पनि दिइएको हुन्छ। ती धर्महरू आफूहरूले आचरण गरी प्राप्त भएको भएपनि तथागतले विधि सिकाई बाटो देखाई निर्देशन दिनुभएको अनुरूप आचरण गर्नुपरेको हुनाले तथागतले दिनुभयो भनेर नै भन्नुपर्दछ।



Downloaded from http://www.dhamma.digital

लोकमा खराब व्यक्तिले खराब आचरणको अभ्यास गरेर र बुझेर अरुलाई पनि खराब विषयमा निर्देशन दिइरहन्छ। असल व्यक्ति असल आचरणको अभ्यास गरिरहेका व्यक्तिद्वारा मात्र असल विषयमा निर्देशन दिने काम हुन्छ। सर्वोत्तम पनि भएका सर्वोत्तम धर्म पनि जानेका तथागतले वेनेय्यहरूलाई सर्वोत्तम धर्म र सर्वोत्तम धर्म प्राप्त गर्न सकिने कारण भएको असल विधि, असल यथार्थ मार्ग दिनुहुने सुनिश्चित हुन्छ। तसर्थ **वरो वरञ्ञू वरदो** शब्दहरू अति सिलसिला मिलेको, सहि भएको हुनाले औचित्यता गुणले परिपूर्ण भएका गुणपदहरू हुन्।

## महत्वपूर्ण गुण

**वरदो**- भन्ने गुणपद भगवान् बुद्धको अतिव महत्वपूर्ण भएको एउटा गुण नै हो; यस गुणको अनुरूप देव-मनुष्यहरूको सन्तुष्टि, श्रद्धा, प्रसन्नता, आदर-गौरव विशेष रूपले ग्रहण गर्न पाएको हुनाले उक्त गुणले गर्दा नै बुद्धकालीन अवस्थामा देवमनुष्यहरूद्वारा प्रशंसाका स्वरहरू रुकेनन्। आजसम्म पनि उक्त प्रशंसाका स्वरहरू रोकिएका छैनन्; त्यसरी विशेष रूपले प्रशंसा गरिएका घटनाहरूमध्येमा एउटा प्रशंसा शब्द *(पञ्चङ्गुत्तर २०६ नं)* उद्धृत गरी देखाउँछु।

कारणपाली भन्ने एकजना ब्राह्मणले बैशाली देशमा लिच्छवी राजाहरूका काम-धाम गरिरहँदा टाढाबाट आएका पिंगियानी भन्ने ब्राह्मणलाई देख्दा 'तपाँई कहाँबाट आउनुभएको हो' भनी सोधे। श्रमण गौतमकहाँबाट आएको कुरा बताएपछि 'श्रमण गौतमको प्रज्ञा-शक्तिलाई तपाँई के ठान्नुहुन्छ नि, प्रज्ञावान भनेका त सबै एकैप्रकारका हुन्छन् होला नि, होइन र' भनी भने। त्यसबेला पिंगियानिले 'मैले कस्ता मानिस हुन्, कति क्षमता वाला हुन् भनी श्रमण गौतमको प्रज्ञा-शक्ति जान्नलाई, श्रमण गौतमको प्रज्ञा-शक्ति जानेका हुनलाई त श्रमण गौतम जस्ता व्यक्ति नै हुनु पर्दछ' भनी भने।

'तपाँईले त श्रमण गौतमलाई श्रेष्ठ, पवित्र र प्रणीत भएको तर्कद्वारा



Downloaded from http://www.dhamma.digital

प्रशंसा गरिरहनुभएको छ। कस्ता विशिष्ट फल देखेर श्रमण गौतमप्रति यति धेरै श्रद्धा र प्रसन्नता अनुभव गरी बसेका हौ नि त' भनी फेरि सोधेपछि पिंगियानीले तथागतका गुणहरू उल्लेख गरी सुनाए।

'भो ब्राह्मण,... जस्तै कि सर्वोत्तम रसले हृष्टपुष्ट भएका व्यक्तिले अर्को निक्ति र तुच्छ रसहरू लोभ गरी मन पराई बस्ने छैनन्; त्यस्तै नै श्रमण गौतमले जस्तोसुकै गरी बताएको होस्, त्यो सुन्न पायो भने उक्त धर्म बाहेक अन्य श्रमण ब्राह्मणहरूका धारणा सिद्धान्तलाई लोभिई मन पराउने छैनन्।

भो ब्राह्मण, ... जस्तै कि भोकले दुर्बल भएका व्यक्तिले महमा चोपिएको लड्डु खानपायो भने जताबाट चाटोस् त्यतैबाट मिठो गुलियो रस मात्र प्राप्त गरिरहन्छ; त्यस्तै नै श्रमण गौतमको धर्मलाई जसरी सुनेपनि उक्त धर्ममा आकर्षकता प्राप्त भइरहन्छ नै; चित्त निर्मल हुने प्राप्त भई रहन्छ नै। भो ब्राह्मण, ...जस्तै कि पीत चन्दन नै किन नहोस्, रक्त चन्दन नै किन नहोस्, चन्दन एकटुक्रा पाएका व्यक्तिले त्यसलाई टुप्पो, फेद र बीच तीन मध्यमा जहाँबाट सुँघे पनि त्यसको सुगन्ध प्राप्त गरि नै रहन्छ; त्यस्तै नै श्रमण गौतमको धर्म जसरी सुनेपनि उक्त धर्ममा प्रसन्न हुने प्रीति प्राप्त भई नै रहन्छ।

भो ब्राह्मण, ...तीब्र रोग लागेर दुःख भोगिरहेको व्यक्तिलाई दक्ष बैद्यराजले तुरुन्त तत्क्षणमा नै रोग निको पारी शमन गरिदिए जस्तै नै श्रमण गौतमले जताबाट बताए पनि त्यो धर्म सुन्न पाए भने उक्त धर्मका कारणले शोक-सन्ताप, विलाप-प्रलाप, शारीरिक दुःख र मानसिक दुःखहरू हराएर शान्त हुन जान्छ नै।

भो ब्राह्मण, ...सफा सीतल स्वादिलो पानी पाइने रमाइलो रमणीय घाट भएको पोखरीमा घामको प्रकाशले पोलेर, दण्ड भोगेर क्लिष्ट र क्लान्त भएको पानीको प्यास लागेको व्यक्ति आएर त्यस पोखरीमा ओर्लेर नुहायो, पानी खायो भने दुःख-कष्ट र शास्ति सबै नै सित्तल शान्त हुन जानु जस्तो हो त्यस्तै नै श्रमण गौतमले जुन सुकै प्रकारले उपदेश गरेको होस्, सुन्न



Downloaded from http://www.dhamma.digital

पाएका व्यक्तिले उक्त धर्मका कारणले दु:ख-कष्ट र शास्ति सबै नै शान्त पारेर बस्दछन् नै ।'

पिंगियानीबाट तथागत बुद्धका गुणहरू सुन्नपाएको अवस्थामा कारणपाली आसनबाट उठेर देब्रे काँधमा खास्टो लर्काई दाहिने घुँडाले भुईंमा टेकी तथागत भएतिर हात जोडेर **'नमो तस्स'** प्रणामद्वारा तीनपल्टसम्म उदान व्यक्त गरी अभिवादन गरे । (नमो तस्स अभिप्राय अन्यत्र हेर्नू ।)

## वराहर

**'वरं आहरतीति वराहरो'-वरं**=आठवटा मार्गाङ्ग पुरानो उत्तम मार्गलाई; **आहरति**=ल्याउँदछ; **इति**=तसर्थ; **वराहरो**=वराहर भनिन्छ । **'कतमो च भिक्खवे पुराणमग्गो, पुराणअञ्जसो पुब्बकेहि सम्मासम्बुद्धेहि अनुयातो; अयमेव अरियो अट्ठङ्गिको मग्गो**=भिक्षुहरू हो, पहिले पहिलेका एकपछि अर्को आएका बुद्धहरूले क्रमशः अनुगमन गर्नुभएको सिधा बाटो, पुरानो महामार्ग कुन हो ? आठ अंग भएको यही आर्य मार्ग नै हो' भन्ने *निदानवग्ग संयुत्त नगर सुत्त (३२९)* अनुसार एक बुद्धपछि अर्को बुद्धहरूले अनुगमन गर्नुभएको एक मात्र मार्ग भएको पुरानो महामार्ग, आर्य मार्गलाई नै **वराहर**-मा **वर**=असल उत्तम मार्ग भनी भनिएको छ ।

दीपंकर तथागतको पालादेखि शुरु गरी पारमी परिपूर्ण गर्नुभई उक्त मार्गलाई हस्तगत गरी ल्याउनुभयो । तथागतले निर्देशन गर्नुभएको अनुसार उक्त मार्ग पार हुने गरी गमन गरी सम्पूर्ण दु:ख निरोध र शान्त पारी बसेका देव, मनुष्य र ब्रह्माहरू अनगिन्ति नै छन् । आज उक्त महामार्ग प्रकटरूपमा रहेको छ । उक्त मार्गमा पुग्नुको कारण असल विधि र असल मार्गहरू तथागतको निर्देशन अनुरूप नै स्वरुप नबिग्रनेगरी सुरक्षित रहेको छ; उक्त मार्गमा जानेहरूले साँच्चैको सुख अनुभव गर्नपाउने हुन्छन् भने अनुगमन नगर्नेहरूले संसार दु:खसँग निश्चित रूपले कुश्चित लड्दै गइरहनुपर्ने हुन्छ ।



Downloaded from http://www.dhamma.digital

## गणक मोग्गल्लान

यस विषयमा *उपरिपण्णास गणक मोग्गल्लान सुत्त (५२)* पनि याद गर्न योग्य भएकोले सारांश उद्धृत गरी देखाउनेछु। गणकमोग्गल्लान ब्राह्मणले तथागतसँग निवेदन गरेको कस्तो हो भने- 'भो गौतम... हजुरका अववाद उपदेश सुन्नपाएका शिष्य-श्रावकहरू सबैले नै निर्वाण प्राप्त गर्दछन् र ? कसैकसैलाई प्राप्त नभएको पनि छ कि ? 'सबैले गर्दैनन्, कसैले प्राप्त गर्दछन्, कसैले प्राप्त गर्दैनन्' भनी आज्ञा भएपछि 'भो गौतम,..निर्वाण पनि प्रकटरूपमा नै रहेको छ, निर्वाणगामी मार्ग पनि प्रकटरूपमा नै रहेको छ; विधि सिकाइदिएर बाटो देखाउनजान्ने हजुर गौतम पनि रहेकै छन्; त्यसो हुँदा पनि के कारणले हो, कसैले प्राप्त गरेका र कसैले प्राप्त नगरेका ? भनी फेरि निवेदन गरे।

'ब्राह्मण,...यस विषयमा तिमीसँग नै सोध्नेछु। तिमीलाई जस्तो लाग्छ त्यस्तो जवाफ देऊ; राजगृह नगर जाने बाटो तिमीलाई थाहा छ कि' भनी सोध्नुभएपछि 'जानेको छु' भनी जवाफ दिए। 'एकजना मानिसले तिमीसँग राजगृह जाने बाटो देखाइदिन अनुरोध गर्दा तिमीले फलानो ठाउँबाट फलानो ठाउँ जाऊ, फलाना ठाउँमा पुग्नेछौ भनी बाटो बताएपछि उक्त व्यक्ति तिमीले निर्देशन दिएको अनुसार नगई गल्ती बाटोमा गई फेरि फर्केर आउन सक्छ। अर्को व्यक्ति भने तिमीले निर्देशन दिएको अनुसार नै गई राजगृह नगरमा पुग्नसक्छ। ब्राह्मण,..राजगृह पनि प्रकट रूपमा रहेको छ; राजगृह जाने बाटो पनि प्रकट रूपमा रहेकै छ। बाटो देखाउनजान्ने तिमी पनि रहेकै छौ। त्यस्तो भएता पनि एकजना भने राजगृहमा पुग्यो, अर्को भने राजगृहमा नपुगेको किन नि' भनी सोध्नुभयो। 'भो गौतम, ...म के गर्न सक्छु र; म त बाटो देखाउने मात्र हुँ' भनेर बिन्ती गरेपछि 'ब्राह्मण,...त्यस्तै हो, निर्वाण पनि रहेकै छ; निर्वाणगामी मार्ग पनि रहेकै छ; विधि सिकाई बाटो देखाउने म तथागत पनि रहेकै छु; तर पनि कसैले निर्वाण प्राप्त गरेका छन्; कसैले प्राप्त गरेका छैनन्; यस विषयमा म तथागत के गर्न सक्छु र; म



Downloaded from http://www.dhamma.digital

तथागत त विधि सिकाई बाटो देखाउने मात्र हूँ' भनी आज्ञा हुनुभयो। तथागतप्रति सम्मान र मर्यादा भएको व्यक्ति भयो भने तथागतको मार्ग निर्देशन सुनेर मात्रले, जानेर मात्रले सन्तोष भई नबसिकन त्यहाँ नपुगुन्जेलसम्म सिद्ध हुने अवस्थासम्म अगाडि बढिरहेको हुन मात्र सुहाउँछ।

## औचित्यता गुण

उत्तम धर्म धारण गरी हिंड्न सकेमा मात्र सर्वोत्तम निर्वाण जान्न पाइन्छ; निर्वाणगामी असल मार्ग दिनसक्ने बन्न पाइन्छ। त्यसरी सर्वोत्तम धर्म दिनसक्नाले **वर**=उत्तम व्यक्ति बन्न पाइन्छ। सर्वोत्तम धर्म पनि जान्दछन्, सर्वश्रेष्ठ धर्म पनि दिने भएकोले वर भयो भने उक्त वरत्व सामान्य वर मात्र होइन; कसैले उछिन्न नसकिने वर नै भयो भनी **अनुत्तरं-वर**-लाई गरुत्व गौरव हुनेगरी फेरि दोहरो वर्णन गरी देखाएको जस्तो भएको छ। सबै पूर्णरूपले सर्वश्रेष्ठ भए भने उक्त उत्तम तथागतले बताउनुभएको धर्म साँच्चै नै सत्य भएको सर्वश्रेष्ठ भएको हुनै पर्ने भयो भनी **'धम्मवरं अदेसयि'** लाई फेरि जोड दिएको हो। यी गुणहरू अनुरूप नै तथागत बुद्ध धेरैका आकर्षक रत्न हुनपुग्नुभयो। यो सिंगै गाथाको तालमेल अतिव अनुकूल र उपयुक्त भएकोले यो देशना औचित्य गुणले सम्पन्न रहेको छ।

४२) **खीणं पुराणं नवं नत्थि सम्भवं;**
**विरत्तचित्ता' यतिके भवस्मिं।**
**ते खीणबीजा अविरुल्हि छन्दा;**
**निब्वन्ति धीरा यथायं पदीपो।**
**इदम्पि संघे रतनं पणीतं;**
**एतेन सच्चेन सुवत्थि होतु।**

४२) (**येसं खीणासवानं**=जो उत्तम अरहन्त आर्यहरूका); **पुराणं**=पुरानो कर्म समूह; कुशल अकुशल; **खीणं**=शक्ति हीन भई क्षीण भइसक्यो। **नवं**=नयाँ कर्म पनि; **नत्थि सम्भवं**=प्रकट रूपमा उत्पन्न हुनु



Downloaded from http://www.dhamma.digital

बिल्कुल रहेन। **आयतिके भवस्मिं**=पछि उत्पन्न हुनेवाला नयाँ जन्ममा; **विरत्तचित्ता**=मदमस्त भई प्यारो अनुभव गर्नु आशक्ति रहित भएको चित्त उपलब्ध भईसके; **ते खीणासवा**=उहाँ अरहन्त उत्तम आर्यहरू; **खीणबीजा**=प्रतिसन्धि बीज खतम भइसकेका व्यक्तिहरू; **अविरुल्हि छन्दा**=जन्म जोडेर स्थीर र वृद्धि गर्नमा टाँसिएको छन्द खत्तम भइसके; **अयं पदीपो**=यो तेल बत्ती; **निब्बाति यथा**=निभेर शान्त हुन जाने जस्तै; **धीरा**=असली प्रज्ञावान् धीरजनहरू; **ते खीणासवा**=उहाँ अरहन्त उत्तम आर्यहरू; **निब्बन्ति**=संसार चक्र घुम्ने सम्बन्ध फुस्केर सम्पूर्ण जाति निरवशेषरूपले निरोध र शान्त भइसके; **संघे**=अरहन्त संघमा; **इदम्पि रतनं**=यस रत्नको भाव आकर्षक गुण पनि; **पणीतं**=प्रणीत हो; **एतेन सच्चेन**=यस सत्यवचनको कारणले; **सुवत्थि होतु**=सत्वहरू सुखी स्वस्ति होउन्।

## भावार्थ

अरहन्त उत्तम आर्यहरूसँग पहिलेका पुराना अतीत कर्म पनि सिद्धिसके; नयाँ कर्म उत्पन्न हुने पनि रहेन; पछि उत्पन्न हुने नयाँ जन्मप्रतिको आशक्त भएको चित्त पनि रहेन। उहाँ अरहन्त उत्तम आर्यहरू प्रतिसन्धि बीज पनि सिद्धिसकेका भईसके; नयाँ जन्मसँगै जोडिएर उत्पन्न हुनु वृद्धि हुनुमा आशक्त भएको छन्द पनि खतम भएका भइसके। उहाँ अरहन्त प्रज्ञावान धीरहरू यो तेल बत्ती शान्त भएर जाने जस्तै वर्तजाति सबै निरवशेष रूपले निरोध र शान्त भएका भइसके। अरहन्त संघमा यस रत्नको भाव आकर्षक गुणांग पनि प्रणीत रहेछ। यस सत्यवचनको कारणले सत्वहरू सुखी स्वस्ति होउन्।

## अरहन्त गुणांग

अरहन्त आर्यहरूको अनुपादिसेस निर्वाण प्रवेश अतिव विशिष्ट र उत्तम भएको एक प्रकारको गुण विशेष, एक थरीको फलानिशंस नै हो।



Downloaded from http://www.dhamma.digital

कारण- जाति रहित नहुन्जेसम्म साँच्चै नै उत्पन्न हुनेवाला सम्पूर्ण वर्त दुःख, निरोध र शान्त हुनु कारणले नै हो । तसर्थ उक्त गुणद्वारा अरहन्त आर्यलाई प्रशंसा गरी सत्यवचन बोल्न चाहेकोले **'खीणं पुराणं'** आदि भनी दोहरो बताउनुभएको हो ।

## पुरानो कर्म पनि सिद्धिन्छ

कर्ममा फल, विपाक उत्पन्न गर्नसक्ने बीजधातु शक्ति रहेको छ । ती कर्महरू उत्पन्न भइसकेपछि निरोध हुनगएपनि बीजधातु शक्तिलाई त पुद्गलको सन्तानमा गाडेर छोडिजानु स्वाभाविक भइरहन्छ । तृष्णाले भिजेको धातु रहिरहेमा ती शक्तिहरूको प्रभाव सामर्थ्य रहि नै रहने हुनाले पछिका प्रतिसन्धिलाई उत्पन्न गराउने भएर अझै नसिद्धिने रहेछ । टाँसिने धातु, भिजेको धातुयुक्त फलको बिउबाट बिरुवा उम्रनु जस्तै तृष्णानुशय बाकिरहेका व्यक्तिहरूको कर्म पनि तृष्णा टाँसिने धातुबाट अलग्ग भइनसकेको हुनाले प्रतिसन्धि उत्पन्न गराउने रहेछ । आगोले छोएको, आगोमा पोलिएको बिउबाट भने भिजेको धातु सुक्नाले बिरुवा नउम्रने भएजस्तै अरहन्तहरूमा तृष्णा हटाइसकिएको कारणले तृष्णाले टाँसिने तत्व सुकिसकेको हुनाले प्रतिसन्धि उत्पन्न हुनदिने छैन । त्यसरी प्रतिसन्धि उत्पन्न गराउने बीजधातु शक्ति बाकी नरहेकोलाई उद्देश्य गरेर **'खीणं पुराणं'** भनी बताउनुभएको हो । **(पुरा भवं पुराणंपुरा**=पहिले; **भवं**=उत्पन्न भएको हो; **पुराणं**=पहिले उत्पन्न भएको; 'पुरातो णो च' *मोग्गल्लान सूत्र (४-२२)* द्वारा भव अर्थमा ण प्रत्यय लगाउनु हो ।)

## नयाँ कर्म उत्पन्न हुँदैन

अरहन्तहरूले बुद्ध-पूजा गर्नु, दान दिनु आदि रूपले अझै कुशल कर्म गर्दछन् । तर उक्त कुशल कर्ममा उपरोक्त धातु शक्ति नभएकोले कर्म भावमा नपुगिकन नै **करणमत्तं क्रिया**=गर्नु मात्र, कुनै पनि परिणाम



Downloaded from http://www.dhamma.digital

उत्पन्न नगर्ने क्रिया मात्र भन्नुपर्दछ। तृष्णा क्षय भइसकेका पुद्गलका कुशल कर्महरूले मूल जराबाट टुक्रिइसकेको रुखबाट फूल फल उत्पन्न नगरिकन झरेर जाने जस्तै प्रतिसन्धि उत्पन्न नगरिकन **'नवं नत्थिसम्भवं**=नयाँ कर्महरू पनि प्रकट हुनु बिल्कुल रहेन' भनेर बताउनुभएको हो।

## नत्थि सम्भवं अर्थ

(**सम्भव**- लाई परित्राण टीकाले- कर्मवाचीको रूपमा व्यक्त गरिएको छ। **'तुल मतुलञ्च सम्भवं'** आदिमा कर्म-वाची रहेको हुनाले हुन सुहाउने त हो। तर अट्ठकथाको भाव त होइन। **'अत्थि खीरा गावी, अत्थि खीरा ब्राह्मणी'** आदि द्वारा **'अत्थि खीरा'** भनेको बहुब्रीही समास व्याकरणमा देखिन्छ। **अत्थि**- लाई **विभत्ति पटिरूपक अब्यय** (=विभक्ति आकारको निपात) भनेर र **विभत्यन्त पटिरूपक** (=विभक्ति अन्त रहेको पद जस्ता अब्यय) भनी भनिएको छ। तसर्थ **'विज्जमानं खीरं अस्साति अत्थिखीरा'** भनेर (विग्रह) गरिएको छ। **अस्सा**= उक्त ब्राह्मणी (गाई) सँग; **विज्जमानं**=रहेको छ; **खीरं**=दूध; **अत्थि**=रहेको छ; **इति**=तसर्थ; **अत्थिखीरा**=अत्थिखीर भनिन्छ।

उक्त अत्थिखीरा जस्तै नै नक्कली विभक्ति निपात भएको **नत्थि** पद र **सम्भव** बहुब्रीही समास भइरहेको जनाउन खोजेकोले **'नत्थि-सम्भवन्ति अविज्जामान पातुभावं'** भनेर अर्थकथामा उल्लेख गरिएको हो। **नत्थि अविज्जमान** (=नरहेको) अर्थवाची हो। **सम्भव-पातुभाव** (=प्रकट हुनु) अर्थवाची भयो। **अविज्जमानो सम्भवो अस्साति नत्थि सम्भवं-अस्स**=उक्त कर्मको; **अविज्जमानो**=विद्यमान नरहेको; **सम्भवो**=प्रकट रूपमा उत्पन्न भई आउनु; **अत्थि**=रहेको छ; **इति**=त्यसैले; **नत्थिसम्भवं**=नत्थिसम्भव भनिन्छ।

## नयाँ जन्ममा टाँसिंदैन

सत्वहरू आआफ्ना जन्ममा अति नै टाँसिएर बस्ने गर्दछन्। जन्म (आयु) सिध्दिंदै जानुलाई चिन्ता लिएर डराई बस्दछन्, जुनसुकै वस्तुले पनि साटेर रोक्न चाहन्छन्। बाध्य भएर यो जन्म त्याग गर्नु परे पनि तदनन्तर



Downloaded from http://www.dhamma.digital

अर्को नयाँ जन्ममा उत्पन्न हुनलाई, असल जन्म पाउनको लागि कामना गरिरहन्छन् । यो धेरै धेरै जन्मदेखि पछ्याउँदै आइरहेको तृष्णाको सामर्थ्य नै हो । उक्त तृष्णालाई हटाइसक्नुभएका अरहन्तहरू यो जन्म खत्तम हुनुदेखि पनि डराउँदैनन्; नयाँ जन्म लिनलाई पनि इच्छा रहेनन् । तसर्थ **'आयतिके भवस्मिं विरत्तचित्ता'**=पछिको नयाँ जन्ममा टाँसिने चित्त रहेन' भनी बताउनुभएको हो ।

यहाँ जन्म अन्त हुनुदेखि डराउँदैन; भावी जन्मको पनि इच्छा हुँदैन भनिएकोले मरण हुनु रूच्दछ आकर्षक लाग्दछ; यस वर्तमान जन्ममा जिउनुमा प्रफुल्लित र सन्तुष्ट भइबसेको छ भनी ठान्नु हुँदैन । ज्यामीले ज्यालाको इच्छा गरी उक्त ज्याला प्राप्त हुने समय कुरी बस्ने जस्तै साँच्चै निरोध र शान्त हुने सुख लाभ प्राप्त हुने समयलाई प्रतीक्षा गरिरहन्छन् ।

## प्रतिसन्धि बीज छैन

माटो छैन भने रुख बिरुवा उम्रन सक्दैन भन्ने अर्थ सिद्ध हुन्छ । कर्महरू अन्त भयो भने प्रतिसन्धि उत्पन्न हुनेछैन भन्ने अर्थ पनि सिद्ध हुने नै भयो । यो तथ्य चिन्तन मनन गरेमा मात्र बुझिने अर्थ भएकोले सिधा बुझेर श्रद्धा प्रसन्न अनुभव गर्नको निम्ति कर्म क्लेश अन्त हुने कारणले प्राप्त हुने गुणानिशंसको रूपमा **खीणबीजा** भनेर दोहरो प्रशंसा गर्नुपरेको हो । कर्मलाई कारण गरी प्रतिसन्धि उत्पन्न हुने हुनाले कर्मलाई खेत र प्रतिसन्धिलाई बिउ भनी उपमा दिएर **'कम्मं खेत्तं विञ्ञाणं बीजं'** भनी बताउनुभयो । प्रतिसन्धिको उत्पत्ति भएपछि अनेक दुःख वृद्धि र अभिवृद्धि हुन नै थाल्ने हुँदा **बीज** भनियो । प्रतिसन्धिको कारणले विभिन्न संसार दुःख, अनेक दोषहरू उत्पन्न भइआउनु कतिसम्म अनर्थ हुने रहेछ त, कतिसम्म गुणहीन र श्रीशोभाहीन भइरहने हो त भनी विचार गर्दा अनि प्रतिसन्धि अन्त हुनु भनेको कतिको भव्य गुणविशेष हुने कुरा बुझ्न सकिन्छ । तसर्थ अरहन्त आर्यहरूको



Downloaded from http://www.dhamma.digital

यस **खीण बीज** भाव गुण प्यारो गर्न योग्य, आकर्षक भएको, कामना गर्न योग्य सम्मान गर्न योग्य भएको गुण नै रहेछ।

## जन्म विपुलता अनावश्यक

सत्वहरू आफूहरू उत्पन्न भइरहेको जन्मबाट अन्त होस् भन्दा रुचाउँदैनन्। बस्न नपाएर मरण हुन लाग्यो भने नयाँ जन्मको त इच्छा भइरहनु स्वाभाविक नै भयो। एउटा जन्म मात्र होइन जन्मैपिच्छे फलानो जन्म, फलानो सम्पत्ति ऐश्वर्य प्राप्त गर्न पाउँ भनी अझ जन्म विपुलताको कामना गरिरहन्छन्। यो छन्द तृष्णाको हात नै हो। तृष्णा रहित हुनुभन्दा अगावै अरहन्तहरूसँग यस्तो छन्द रहेको भएपनि तृष्णा हटाइसकेको अहिलेको अवस्थामा त **'खीणा जाति**=ममा प्रतिसन्धि अन्त भइसक्यो' भनी निरीक्षण गर्दा प्रत्येकबार सन्तोष र तृप्त भई रहने हुनाले अविछिन्न रूपले जन्म अभिवृद्धिको इच्छा कहाँबाट होला र! तसर्थ **'अविरुल्हि छन्दा'** भनेर दोहरो प्रशंसा गर्नु परेको हो। नयाँ जन्मको कामना गर्नु छन्दतृष्णा दुःख उत्पत्तिको कारण खराब अमंगल मात्र रहेको छ।

उक्त तृष्णा छन्दलाई जिउँदै हटाएर घात गर्नसक्ने अरहत्त मार्ग भन्ने **अविरुल्हि छन्द** भाव साँच्चैको श्रीशोभा र मंगल नै भएकोले अतिव कामना र प्रार्थना गर्न योग्य एउटा गुणविशेष नै रहेछ।

## तेलबत्ति शान्त हुनु झैं

च्युतिपछि प्रतिसन्धि जोडिएर नै उत्पन्न हुने हुनाले जन्म नछुटेका पृथग्जन शैक्षहरूमा पछि देव-ब्रह्मा सेतो, कालो आदि प्रज्ञप्तिहरू फेरि उत्पन्न हुनेछ। अरहन्तहरूसँग च्युति विज्ञान निरोध भइसक्नासाथ एकसाथ सम्बन्ध खत्तम भइसक्ने भएकोले शान्त हुनजानेछ। तेलबत्ती शान्त भयो भने (निभेपछि) कहाँ गयो भनी भन्ने ठाउँ छैन; आगो भनी नाम बोलाउनु पनि



Downloaded from http://www.dhamma.digital

रहँदैन; शान्त भयो भनी भन्नु मात्र हुने झैं अरहन्तहरू पनि परिनिर्वाण च्युतिको अनन्तरमा पूर्णतः शान्त भइसक्ने हुनाले कुन ठाउँमा पुगे; अझै उत्पन्न भयो; उत्पन्न भएन- आदि भनी भन्ने अवसर छैन; मनुष्य, देव, ब्रह्मा आदि भनेर प्रज्ञप्त गरिने वस्तुहरू बाँकी नरहनाले प्रज्ञप्त गर्ने कारण पनि पार गरिआइसकेको हुन्छ ।

## सत्यलाई नदेखेर मात्र

आयुष्मान सारिपुत्रले चक्षु-आदि छवटा द्वार, चक्षु-विज्ञान आदि छवटा विज्ञान, थरी-थरी छुट्याएर सम्बन्धित द्वार विज्ञानमा मेरो सम्पत्ति भनी, म भनी, आत्म भनी अनुभूति गर्दछौं र, देख्दछौं र भनी आयुष्मान छन्नसँग सोध्नुभयो । त्यसरी अनुभूति नभएको नदेखेको कुरा निवेदन गरेपछि केलाई देखेर कसरी जानेर त्यसरी अनुभूति नभएको, नदेखेको हो नि भनी फेरि सोध्नुभयो । त्यसबेला आयुष्मान छन्नले उक्त धर्ममा विनाश र निरोधलाई देखेर निरोध र अन्तको भावलाई जानेर त्यसरी अनुभूति नभएको नजानेको तथ्य निवेदन गरे *(सं. २-२८३)*

यस तथ्यद्वारा स्वभाव धर्महरूको अन्त हुने निरोधलाई देख्ने व्यक्तिसँग तृष्णा मान दृष्टि उपादान स्थीर रहनेवाला छैन भन्ने कुरा बुझ्न सकिन्छ । स्वभाव धर्महरूलाई र सम्बन्धित स्वभाव धर्महरूलाई निरोध हुनु अन्त हुँदै जानुलाई अनि स्वभाव-धर्महरू शान्त रहेको निरोध धातुलाई देखिसकेका व्यक्तिले वास्तविक सत्य धर्मलाई प्रकट रूपमा देखी जानी बसेको हुनाले आत्म भनी, उच्छेद भयो, स्थीर भई बस्यो भनी अरहन्तहरू च्यूत भएपछि अझै उत्पन्न हुन्छ कि, हुँदैन कि भनी चिन्तन गर्ने अवसर बचन बोलीले व्यवहार गर्ने अवसर रहेन । साँच्चै नै हो; मृगतृष्णा भनेर राम्ररी नजान्नेले मात्र मृगतृष्णालाई पानी सम्झेर बस्दछ; चटकलाई साँच्चैको सत्य सम्झी बसेको मात्र छल गरिरहेको भनी नजानेको व्यक्ति मात्र भयो । जान्नेले त छल गरिरहेको मात्र भएकोले सत्य होइन भन्ने तथ्य बुझेको हुन्छ ।



Downloaded from http://www.dhamma.digital

## उल्टो दृष्टि

सम्पूर्ण त्रिपिटक जानेका बुझेका व्यक्तिलाई केही पनि नजान्ने व्यक्तिले कुनै तरिकाले पनि बुझ्न सक्दैन । यदि कल्पनावादी भएर कल्पना गरे भने पनि उक्त व्यक्तिको ज्ञान शक्तिलाई भेट्ने गरी कल्पना गर्न त बिल्कुल सक्दैन । जे पायो त्यही मनमा कल्पना मात्र भइरहने हुनाले यथार्थ कुराको कल्पना त हुनै सक्दैन । समुदय अन्त हुनाले रूप, नाम स्कन्धबाट बिल्कुल मुक्त रहेको भाव **गम्भीर**=गहिरो; **अप्पमेय्य**=परिमाण गर्न नसकिने; **दुप्परियोगाह**=भित्र घुस्न गाऱ्हो भएको भनी भनिएको हुनाले निरोधलाई साक्षात् अनुभव छैन, अज्ञानी, अबुझहरूले उक्त स्थितिलाई ज्ञानले देख्नसक्नु त टाढाको कुरो हो, अनुमान मात्र गर्नु पनि सजिलो छैन । निरोधसम्म प्रत्यक्ष रूपले पुगिसकेका जानिसकेकाहरूले मात्र बुझ्न सक्लान् । तसर्थ अरहन्तहरूसँग भएका साँच्चै नै आकर्षक निरोध सामान्य पृथग्जनहरूको लागि भयंकर दुःख भएको हुनसक्छ । अरहन्तहरूको घृणाजनक रहेका वस्तु आरम्मणहरू भने उनीहरूका लागि सबभन्दा उपयोगी सुख आकर्षक मान्न योग्य विषय भएर पारस्परिक दृष्टि उल्टो र विरोधी भइरहन्छ ।

**सदेवकस्स लोकस्स; एते वो सुखसम्मता ।**
**यत्थ चेते निरुज्झन्ति; तं तेसं दुक्खसम्मतं ।**
**सुखं दिट्ठमरियेहि; सक्कायस्स निरोधनं ।**
**पच्चनीकमिदं होति; सब्बलोकेन पस्सतं ।**

**सदेवकस्स लोकस्स**=निर्वाणधातु देख्न नजान्ने देव सहित सम्पूर्ण लोकले; **एते**=यी रूप, शब्द आदि आरम्मण कामगुणहरूलाई; **सुखसम्मता**=सुख भनेर नै दृष्टि भुलेर सम्मत गरिरहन्छन् । **यत्थ**=जुन निर्वाणधातु उत्तम धर्ममा; **एते**=ती वस्तु आरम्मण कामगुणहरू; **निरुज्झन्ति**=बिल्कुल सोहरेर निरोध र शान्त हुने गर्दछ । **तं च**=साँच्चैको शान्त धातु उक्त निर्वाणलाई भने; **तेसं**=तृष्णा व्याप्त पृथग्जन भनिने ज्ञान दृष्टि नहुने ती देव मनुष्यहरूले;



Downloaded from http://www.dhamma.digital

**दुक्खसम्मतं**=भयानक देखेर असल नठानी धेरै नै नीच सम्भेर निक्ति मानी दु:ख भनी सम्मत गरिरहने हुन्छ ।

**सक्कायस्स**=उपादानको क्षेत्र आशक्ति कारण पाँच स्कन्ध समूहको; **निरोधनं**=बिल्कुल सोहरेर साँच्चै निरोध र शान्त हुने उत्तम निर्वाणलाई; **सुखं**=साँच्चैको सुख अवश्य रहेछ भनी; **अरियेहि**=निर्मल विशुद्ध आर्यहरूले; **दिट्ठं**=साक्षात् पुगी बुझिसकेका छन् । **इदं**=देव मनुष्य सामान्यहरूले देख्न अयोग्य भएको उत्तम निर्वाणधर्म यस शान्ति धातुलाई; **पस्सतं**=मार्ग ज्ञान, फल ज्ञान दृष्टि भएकाहरू उत्तम आर्यहरूको निम्ति; **सब्बलोकेन**=क्लेश भनिने चप्राले छोपिएर बसेका सम्पूर्ण लोकसँग; **पच्चनीकं**=दुईटा दृष्टि जोड्न नमिली बिल्कुल विरोधी र उल्टो नै हुने; **होति**=सत्य असत्य देख्ने ढंग वा धारणा नमिल्ने भइरहन्छ । *(सल्लायतनवग्ग संयुत्त ३४२)*

(४३) **यानीध भूतानि समागतानि;**
**भुम्मानि वा यानिव अन्तलिक्खे ।**
**तथागतं देवमनुस्सपूजितं;**
**बुद्धं नमस्साम सुवत्थि होतु ।**

(४३) **इध**=यहाँ; **भुम्मानि**=भूमिमा उत्पन्न भएका; **यानि भूतानि वा**=जो देवताहरू छन् र; **अन्तलिक्खे**=आकाशमा; **यानि भूतानि वा**=जो देवताहरू; **समागतानि**=समागम हुन आएका छन्; ( **ते/मयं**=उनीहरू/हामीहरूले); **देवमुनस्सपूजितं**=देव मनुष्य धेरैबाट गौरव र पूजा गर्न योग्य; **तथागतं**=तथागत भनिने; **बुद्धं**=भगवान् बुद्धलाई; **नमस्साम**=वन्दना गर्दछौं; **सुवत्थि होतु**=सत्वहरू सुखी स्वस्ति होउन् ।

(४४) **यानीध भूतानि समागतानि;**
**भुम्मानि वा यानिव अन्तलिक्खे ।**
**तथागतं देवमनुस्सपूजितं;**



Downloaded from http://www.dhamma.digital

**धम्मं नमस्साम सुवत्थि होतु ।**

(४४) **इध**=यस ठाउँमा; **भुम्मानि**=भूमिमा उत्पन्न भएका; **यानि भूतानि वा**=जो देवताहरू छन् र; **अन्तलिक्खे**=आकाशमा; **यानि भूतानि वा**=जो देवताहरू; **समागतानि**=समागम हुन आएका छन्; ( **ते/मयं**=उनीहरू/हामीहरूले); **देवमनुस्सपूजितं**=देव मनुष्य धेरैबाट गौरव र पूजा गर्न योग्य; **तथागतं**=तथागत भनिने; **धम्मं**=धर्मलाई; **नमस्साम**=वन्दना गर्दछौं; **सुवत्थि होतु**=सत्वहरू सुखी स्वस्ति होउन् ।

(४५) **यानीध भूतानि समागतानि;**
**भुम्मानि वा यानिव अन्तलिक्खे ।**
**तथागतं देवमनुस्सपूजितं;**
**संघं नमस्साम सुवत्थि होतु ।**

(४५) **इध**=यस ठाउँमा; **भुम्मानि**=भूमिमा उत्पन्न भएका; **यानि भूतानि वा**=जो देवताहरू छन् र; **अन्तलिक्खे**=आकाशमा; **यानि भूतानि वा**=जो देवताहरू; **समागतानि**=समागम हुन आएका छन्; ( **ते/मयं**=उनीहरू/हामीहरूले); **देवमनुस्सपूजितं**=देव मनुष्य धेरैबाट गौरव र पूजा गर्न योग्य; **तथागतं**=तथागत भनिने; **संघं**=संघलाई; **नमस्साम**=वन्दना गर्दछौं; **सुवत्थि होतु**=सत्वहरू सुखी स्वस्ति होउन् ।

## भावार्थ

भूमिमा उत्पन्न देवताहरू, आकाशमा उत्पन्न देवताहरू यस ठाउँमा समागम हुन आएका छन् । ती धेरै देवताहरू हामीले देव-मनुष्य धेरैबाट गौरव र पूजा गर्न लायक तथागत नामधारी बुद्धलाई नमस्कार गर्दछौं । सत्वप्राणीहरू सुखी-स्वस्ति होउन् । (पछिल्ला दुइटा गाथामा धम्म,संघ मात्र फरक छ । विशेष केही छैन ।)



Downloaded from http://www.dhamma.digital

## देवराजको वचन

**'यानीध भूतानि'** आदि तीनवटा गाथाहरू शक्र देवेन्द्रले उच्चारण गरेको गाथा भनिन्छ । तथागतले त्रिरत्नका गुण उद्धृत गरी सत्य वचन बोलेर शहर निवासी नागरिकहरू सुखी बनाउने उपाय गरिसक्नुभयो । म पनि नागरिकहरू सुखी बनाउनको लागी त्रिरत्नका गुणको आधार लिएर केही कुरा बोल्नु उचित हुन्छ भन्ने मनमा कल्पना गरी यी तीनवटा गाथाहरू व्यक्त गरेका हुन् ।

## तथागत

**तथागत** शब्द अरु क्षेत्रमा बुद्धलाई मात्र सदा व्यक्त गरिने शब्द हो । यहाँ धर्म तथा संघलाई पनि तथागत शब्दले प्रशंसा गरिएका छन् ।

**तथा**=पहिलेका तथागतहरू आउनुभएको विधि अनुरूप; **आगत**=आगमन हुनुभएका बुद्ध । सम्पूर्ण लोकका हित र अर्थका निम्ति प्रयत्न गर्नुभएका पहिले पहिलेका बुद्धहरूले दशपारमी, भेदअनुसार तीसवटा, पाँचवटा महान परित्याग, तीनवटा चर्या आदि बुद्धकारक सर्वोत्तम धर्मलाई परिपूर्ण रूपले आचरण गर्नुभई बुद्धत्वमा पुग्नुभएको पद्धति अनुसार यिनी तथागत पनि ती धर्महरू पूरा गर्नुभई बुद्धत्वमा पुग्न सकेका हुनुहुन्छ ।

## अर्को तरिका

अर्को तरिकाले **तथा+गत**=भनी पद छुट्याएर **तथा**=पहिलेका तथागतहरू आउनुभएको विधि अनुसार; **गत**=आउनुभएका बुद्ध । पहिलेका तथागतहरू जन्मनासाथ सातपाइला चाल्नु भएजस्तै अहिलेको तथागत पनि त्यही विधिअनुसार आउनुभएको हो । त्यसपछि फेरि गमु **गमू** (धातु) भनेको जानु मात्र होइन जान्नु समेतलाई व्यक्त गर्ने भएकोले **तथा**=पहिलेका तथागतहरूले जान्नुभएको ढंगले **गत**=जान्नुभएका बुद्ध भनी बुझ्नुपर्दछ ।



Downloaded from http://www.dhamma.digital

पहिलेका तथागतहरूले चार आर्यसत्य जान्नुभयो; सर्वज्ञता ज्ञानद्वारा सम्पूर्ण जान्नुभयो; त्यही ज्ञान अनुरूप अहिलेको तथागतले पनि जान्नुभएका हो ।

**गद-गत**-भएको हो भनी अर्को तरिकाले विचार गरे भने **तथा**=पहिलेका तथागतहरूले सत्य वचन, सत्य धर्मलाई व्यक्त गर्नुभए जस्तै; **गत**=व्यक्त गर्नुभएका तथागत भनेर पनि अर्थ बुझ्नुपर्दछ ।

## धर्मको तथागत नाम

**तथा**=त्यस्तो गति अनुसार; **गत**=पुग्नु पर्ने धर्म । त्यस्तो गति भनेको शमथ विपश्यना एकबद्ध भई क्लेश पक्षलाई फारेर सफा गरेर पुग्नुपर्ने जस्तो गति रहेछ । शमथ विपश्यना सामर्थ्य क्लेशहरूलाई घात गर्ने हटाउने गरी पुग्नुपर्ने धर्म भनेको मार्ग हुनाले यस अर्थअनुसार मार्ग धर्म लाभ हुने हुन्छ ।

निर्वाणको निम्ति त **तथा**=त्यस्तो प्रज्ञा ज्ञानद्वारा; **गत**=जान्नुपर्ने धर्म भनी अर्थ बताउनुपर्दछ । सम्पूर्ण दुःख नाश भई शान्त हुनसक्ने मार्ग ज्ञान जस्तोले जान्नुपर्ने धर्म हो भन्ने मतलब हो । अर्थकथामा धर्मको स्वरूप मार्ग र निर्वाण धर्म दुईथरी मात्र वर्णन गरिएका छन् । *खुद्दकपाठट्ठकथा* का आचार्यले त **'धम्मं सरणं गच्छामि'** वर्णनमा पनि एके आचार्यहरूले मार्ग फल निर्वाणलाई व्यक्त गरिएको तथ्य देखाई आफ्नो मति अनुसार धर्मको स्वरूप मार्ग र निर्वाण मात्र भएको तथ्य उल्लेख गरिएको छ ।

**सरण गमन**को वर्णन भएको अरुअरु अर्थकथामा **धम्म**को स्वरूप मुख्य र पर्याय अनुसार सबै धर्मलाई लिइएको छ । **'रागविराग मनेजम सोकं'** आदि *छत्तमाणवक विमानवत्थु पालि*मा त्यसरी सबै धर्मको शरण लिनको लागि बताइराख्नुभएको तथ्य पनि प्रमाण दिइएको छ । तसर्थ यस विषयमा पनि सबै धर्म ग्रहण गर्न अनुकूल रहेको छ । सम्पूर्ण धर्म जति सबै नै पूजनीय रहेका छन् । त्यसो भएपछि **तथागत**-शब्दमा फल धर्मको निम्ति **तथा**=उक्त मार्ग धर्म आरम्मण गरेअनुसार निर्वाणमा पुगेको ढंग अनुसार;



Downloaded from http://www.dhamma.digital

**गत**=पुगेको धर्म भनेर र परियत्तिको निम्ति भयो भने **तथा**=ती पहिलेका तथागतहरूले जान्नुभएको ढंग अनुसार; **गत**=अहिलेको तथागतले जान्नुभएको धर्म भनेर पनि चिन्तन गर्नुपर्‍यो ।

## संघको तथागत नाम

**तथा**=त्यो देखाएको ढंगले; **गत**=पुगेका व्यक्ति; उक्त पुगेको ढंग भनेको आफ्नो अर्थ र हितको निम्ति आचरण पालन गरिरहेका व्यक्तिहरू सम्बन्धित मार्गद्वारा पुगेको हुनाले संघ-लाई **तथागत** भनिन्छ ।

## प्रेरणा

**सदा मानं करे जानं; रतनं रतनत्तये ।**
**किं अन्धो रतनं लद्धा; विजानेय्य अनग्घतं ।**

**रतनत्तये**=एक युगमा एकचोटी दुर्लभ ढंगले विशेषरूपले उत्पन्न भएको उत्तम त्रिरत्न प्रति; **रतनं**=आकर्षित हुन योग्य सबै गुणांगद्वारा जाज्वल्यमान भई सधैं नयाँ भइरहेको रत्नको भावलाई; **जानं**=धर्मको ऐनालाई बारबार अगाडि राखेर चिन्तन मनन निरीक्षण गरी जानेर; **मानं**=स्मृतियुक्त प्रतिपत्तिद्वारा खोली दिनुपर्ने सत्कार सन्मानलाई; **सदा करे**=जुन अवस्थामा भए पनि जीवित चर्या जन्माई आचरण गर्नुपर्दछ । **अन्धो**=प्रतिसन्धि अवस्थादेखि अन्धो भएको व्यक्तिले; **रतनं**=अमूल्य रहेको आकर्षक असल रत्नलाई; **लद्धा**=अवसर मिली लाभ भयो भने; **अनग्घतं**=मूल्य निर्धारण गर्न नसकिने भएकोले अनर्ध भएको भावलाई; **किं विजानेय्य**=(लेश मात्र पनि दृष्टि नहुनाले) कसरी पो जान्न सकिएला र ?

स्मरणीय अभिप्राय सहित रतन सुत्त नयाँ निश्चय समाप्त भयो ।



Downloaded from http://www.dhamma.digital

# मेत्त सुत्त नयाँ निश्रय

(४६) **यस्सा'नुभावतो यक्खा; नेव दस्सेन्ति भीसनं ।**
**यम्हि चेवा'नुयुञ्जन्तो; रत्तिन्दिव' मतन्दितो ।**
(४७) **सुखं सुपति सुत्तो च; पापं किञ्चि न पस्सति ।**
**एवमादिगुणूपेतं; परित्तं तं भणाम हे ।**

४६) **हे**=हे सत्पुरुषहरू हो; **यस्स परित्तस्स**=जुन मैत्री सूत्र परित्राणको; **अनुभावतो**=प्रभाव सामर्थ्य आनुभावको कारणले; **यक्खा**=धेरै देवताहरूले; **भीसनं**=भयानक आरम्मणहरू; **नेव दस्सेन्ति**=देखाउन सक्दैनन्; **यम्हि चेव**=जुन मैत्री सूत्र परित्राणमा नै मात्र; **रत्तिन्दिवं**=रात दिन सधैं नै; **अतन्दितो**=अलसी नमानिकन; **अनुयुञ्जन्तो**=बारम्बार दरो गरी पाठ गरी वृद्धि गरी अभ्यास र उद्योग गरिरहने व्यक्ति;

४७) **सुखं**=सुख पूर्वक; **सुपति**=सुत्न पाइने हुन्छ; **सुत्तो**=निदाइरहेमा; **किञ्चि**=कुनै पनि; **पापं च**=डर लाग्ने खराब सपना पनि; **न पस्सति**=देख्दैनन् । **एवमादिगुणूपेतं**=इत्यादि परिणाम गुणांग आनिशंसले सम्पन्न भएको; **तं परित्तं**=उक्त मैत्री सूत्र परित्राणलाई; **मयं**=हामी; **भणाम**=पाठ गरौं ।

### भावार्थ

हे सत्पुरुषहरू हो, जुन मैत्री सूत्र परित्राणको अनुभावले गर्दा धेरै देवयक्षहरूले भयानक आरम्मण देखाउन सक्दैनन् । उक्त मैत्री सूत्र परित्राण रात दिन अटूट रुपले बारम्बार दरिलोसँग पाठ गरी वृद्धि गरी उद्योग र अभ्यास गरिरहने व्यक्ति सुख-पूर्वक सुत्न पाउँदछ । निदाएमा पनि नराम्रा सपनाहरू पनि देख्दैन । इत्यादि परिणाम अनिशंसले परिपूर्ण भएको मैत्री सूत्र परित्राण हामी पाठ गरौं ।



Downloaded from http://www.dhamma.digital

## प्रशंसा

**'यस्सानुभावतो'** आदि मैत्री सूत्र पढ्नु वृद्धि गर्नुमा बल लगाएर उद्योग गर्न इच्छा जगाउन परिणाम गुणांग आनिशंस देखाई आदर गरी प्रशंसा गरिएको गाथा नै हो । बुद्ध भाषित त होइन । पौराणिक आचार्यहरूको भनाई हो ।

## निदान अर्थोत्पत्ति

मैत्री सूत्रको आनुभावले गर्दा धेरै देवयक्षहरूले भयानक आरम्मण देखाउन सक्दैनन् भन्ने फल त मैत्री सूत्र व्याख्या अर्थकथामा उल्लिखित रहेको कथावस्तु अनुसारको नै परिणाम निदर्शन हो । एक समय पाँचसय भिक्षुहरू तथागतकहाँबाट कर्मस्थान ग्रहण गरिसकेपछि हिमवन्तसँग जोडिएको एउटा घना जंगलमा पसेर अलग्ग अलग्ग रुखमुनि भावना धर्म उद्योग र अभ्यास गरिरहेका थिए । ती भिक्षुहरूको शीलानुभावले गर्दा ती रुखहरूमा बसिरहेका देवताहरू त्यहाँ बस्न संकोच मानी आफ्ना बाल बच्चाहरूको हात डोऱ्याई जंगलमा यताउति घुमिरहेका थिए । भिक्षुहरू आज फर्कलान्, भोलि फर्कलान् भनी कुर्दा-कुर्दा उहाँहरू नफर्कने भएको थाहापाएपछि त्यहाँ बस्ने आँट नलाग्ने गरी राती भयानक रुप-वर्ण आवाजहरू निकाली देखाई तर्साएका थिए । उक्त कारणले गर्दा भिक्षुहरू थर्कमान भई नाना प्रकारका रोग लागेर समाधि प्राप्त नभएकोले आआफैले यस ठाउँमा बस्न अयोग्य छ भनी निर्णय गरेर तथागतकहाँ गई यो कारण निवेदन गरे । अनि तथागतले यी भिक्षुहरूलाई उक्त मूल ठाउँ बाहेक अनुकूल भएको अरु ठाउँ छैन भनी देख्नुभई त्यही ठाउँमा नै फर्केर जान आज्ञा गर्नु भइसकेपछि यो मैत्री सूत्रलाई कर्मस्थानको निम्ति र त्राण र आरक्षाको निम्ति सिकाइदिनुभयो ।

भिक्षुहरू फर्केर आई तथागतले निर्देशन दिनुभए अनुरूप मैत्री सूत्र पाठ गरी मैत्री भावना वृद्धि गरेको अवस्थामा धेरै देव-यक्षहरूले श्रद्धा प्रसन्न अनुभव गरी साना ठूला सेवा समेत गरी रक्षा गरी बसे । ती भिक्षुहरू मैत्री



Downloaded from http://www.dhamma.digital

भावना वृद्धि गरी उक्त मैत्री सूत्रलाई पृष्ठभूमि गरी विपश्यना गरी उद्योग र अभ्यास गर्दा-गर्दा वर्षावासभित्र नै अरहन्तत्वमा सबैजना पुगेर महापवारणाको दिनमा विशुद्धि पवारणा गर्न पाए । (विस्तृत *सुत्तनिपात १९१, खुद्दकपाठ २१५, अर्थकथा*मा हेर्नुस् ।)

## ब्याकरण अनुसार स्पष्टीकरण

(यक्ख-शब्दले शक्र, देव यक्षहरूलाई ठाउँअनुसार व्यक्त गरिएको हुँदा यहाँ अर्थोत्पत्ति अनुसार देवताहरूलाई मात्र लिएका हौं । देवताहरूले देखाउन सक्दैनन् भनेकोले यक्षहरूले पनि देखाउन सक्दैनन् भन्ने अर्थ सिद्ध रहेको छ ।

**भीसनं**-मा *सद्दनीति* भनाई अनुसार **भिसि** धातु रुघादि (गणिक) भएर निग्गहीत (सिरोबिन्दू) सहित भिंसनं हुनु उपयुक्त छ । संस्कृतमा त भी धातुले सिद्ध भएर भीसनं रहेको छ ।

**यम्हि**-मा **यं हि** पदच्छेद गरी मदासरे-मा मदा भनेको योगविभागद्वारा निग्गहीत लाई 'म' गरी कर्मभाव इच्छित भयो वाञ्छनीय छ । उद्योग गर्नु अर्थवाची 'अनुयुञ्ज युञ्ज आयोग' आदि क्षेत्रमा 'पमादं मनुयुञ्जन्ति; मा **'पमादमनुयुञ्जेथ'** *( धम्मपद १७)* आदि द्वारा कर्म देखिए जस्तै **'इध तुम्हे आनन्द सारत्थे घटथ अनुयुञ्जथ'** *(दी-२-महापरिनिब्बान सुत्त ११७),* **युञ्जथ बुद्ध सासनं** *(सगाथावग्ग ब्रह्मसंयुत्त १५९),* **'अधिचित्तं च आयोगो** *(धम्मपद ४१-१-७)* आदि द्वारा आधार पनि देखिन्छ । तसर्थ आधार इच्छित भएकोले यम्हि-भनेर व्यक्त गरिएको नै भएकोले **यं हि** -भनी पदच्छेद गरी कर्म चिन्तन गर्नु गाथाभाणक आचार्यको मत अनुरूप नहुने भयो ।

**रतिन्दिवं**-द्वन्दसमास पद हो; **'रत्तो च दिवा च रत्तिन्दिवं'** भनी र **'रत्ति च दिवा च रत्तिन्दिवं'** भनेर आधेय्यलाई जोड दिने काम गर्नु नगर्नु दुवै गर्न सकिन्छ । **'रत्तिन्दिवदारगव चतुरस्सा'** *मोग्गल्लान सुत्त (३-४७)* द्वारा अ-प्रत्यय लगाई नुम् (अगाडिको पदको अन्तमा न-आगम) भएर सिद्ध हुने हुन्छ । समाहार द्वन्द भएकोले नपुंसक लिङ्गले उत्पन्न भएको हो । रातो दिन सधैं भनेर र रातभर दिनभर लगातार भनी अर्थ दिन सकिन्छ । समास पद भएकोले **रत्तिं च**=रातमा पनि; **दिवं च**=दिनमा पनि भनेर (अर्थ) दिनु आवश्यक छैन ।

**अतन्दितो**-मा **तन्दा** (=अल्सी मान्नु) तारकादि गण युक्त भएकोले **'सञ्जात तारकादित्वितो'** *मोग्गल्लान सुत्त (४-४५)* द्वारा इत प्रत्यय लगाएर सिद्ध हुने



Downloaded from http://www.dhamma.digital

गर्दछ। **सञ्जाता तन्दा अस्साति तन्दितो। अस्स**=उक्त व्यक्तिलाई; **सञ्जाता**=उत्पन्न भइरहेको; **तन्दा**=अल्सी मान्नु; **अत्थि**=रहेको छ। **न तन्दितो**=उत्पन्न भइरहेको अल्सी मान्ने भाव नभएका व्यक्ति; **अतन्दितो**=...नभएको व्यक्ति।

**अनुयुञ्जन्तो**-भन्दाखेरी अल्सी नमानीकन नै भनी अर्थ सिद्ध भइरहेकै अवस्थामा **अतन्दितो**- भनेर विशेषण उचाली भनिएको विशिष्ट उद्देश्य अनुरूप भयो। भावना कार्य सबैमा यो अल्सीभाव अति विशाल भएको बलवान् भएको बिघ्न बाधा एउटै रहेछ। सबभन्दा नजिक बसेर शास्ति गरिरहेको शत्रु भनी पनि भन्नुपर्‍यो। यो अल्सीभाव हुनेसँग भावना कार्य गर्ने इच्छा छैन। गरी नै हाले पनि दृढतापूर्वक दरिलोसँग प्रयास र प्रयत्नपूर्वक गर्न नसकिने हुनाले मार्गफल लाभ हुने अवस्थासम्म अगाडि बढी सिद्ध हुनुमा रोकावट बिघ्न बाधा एउटा भइरहने हुन्छ। तसर्थ उक्त बिघ्न बाधालाई विशेष रूपले आक्रमण गरी विनाश गरिपठाउने इच्छा भएकोले अतन्दितो भनेर विशेष रूपले व्यक्त गर्नुपरेको हो।)

## मैत्रीको प्रतिफल ११ वटा

यहाँ **'सुखं सुपति; पापं किञ्चि न पस्सति'** भन्ने मैत्री प्रतिफल ११ वटामा रहेका प्रतिफलहरू नै हुन्। ती दुईटा प्रतिफलका अतिरिक्त अरु अरु प्रतिफलहरू समेत ग्रहण गराउन चाहेकोले **'एवमादिगुणूपेतं'** भनेर आज्ञा गरियो। तसर्थ मैत्रीका प्रतिफलहरू क्रमशः देखाउँछु।

मैत्री वृद्धि गर्नेसँग शान्त प्रसन्न प्रफुल्लित स्थीर भएको चित्त रहने हुनाले उक्त चित्तको कारणले नै मैत्री वृद्धि नगर्ने सामान्य व्यक्तिहरूले जस्तै निद्रामा घुर्नु; कोल्टो फेरि फेरि सुत्नु नगरी (जिउ जोरसित पछारिनु आदि नभई) समापत्तिमा समावेश भइरहेका व्यक्ति जस्तै शान्त स्थिर हलुका किसिमले सुखपूर्वक सुत्नपाउने हुन्छ। सुत्ने अवस्थामा सुखपूर्वक सुत्नपाएको कारणले जाग्ने बेलामा उँ उँ कराउनु जिउ बटारिनु आदि विपरीत स्वभाव नभई, प्रकृति रूपले हलुकासाथ सुखपूर्वक जाग्न पाइन्छ। शान्त, स्थीर, सीतल शरीर र मनयुक्त भएका सो मैत्री वृद्धि गर्ने व्यक्तिमा धातुक्षोभ आदि विपरीत स्वभावरहित



Downloaded from http://www.dhamma.digital

हुनाले खराब नराम्रा स्वप्नहरू पनि उसले देख्नेछैन। सत्वहरूप्रति मान स्नेहयुक्त भएका मैत्री वृद्धि गर्ने व्यक्तिको मैत्री धातुले प्रभावित गरिरहने हुनाले उसलाई मनुष्यहरूले पनि स्नेह राख्दछन्। देवताहरूले पनि सम्मान र स्नेह राख्ने गर्दछन्। सम्मान र स्नेह राख्ने कारणले देवताहरूले रक्षा गर्दछन्।

मैत्री रक्षा एउटा बलियो अवरोधक हुनाले मैत्री वृद्धि गर्नेलाई विष, शस्त्र, अस्त्र, आगोले हानी गर्न सक्दैन। मैत्री वृद्धि गर्नेसँग शरीर र मन शान्त र शीतल हुने प्रश्रब्धि उत्पन्न भईरहने हुन्छ। उक्त प्रश्रब्धि, समाधि उत्पत्ति कारण हुनाले चित्त चाँडै स्थिर र स्वच्छ हुन्छ। मैत्रीधातु सदैव फिजिएर रहने हुनाले अनुहारको लावण्य अतिव स्वच्छ, सुन्दर भइरहन्छ। उक्त शान्त, शीतल, स्थिर र स्वच्छ भएको शरीर र मन भइरहनाले मरण अवस्थामा बेहोशी प्रमादी नभई निदाउनु जस्तै गरी मरण हुन्छ। अरहत्त फलसम्म पुग्न नसकेको भए पनि ध्यानको स्थितिमा पुगिसकेको यो मैत्री वृद्धि गर्ने व्यक्ति ब्रह्मलोकमा जान पाउँछ। यो *एकादसङ्गुत्तर*ले देखाइराखेको मैत्री प्रतिफल ११ वटा नै हुन्। *(अं. ३-५४२)*

**सुखपूर्वक सुत्न, उठ्न पाइनु; नराम्रो स्वप्न नदेखिनु।**
**देव, मनुष्यले मन पराउनु; देवताले रक्षा गर्नु।**
**शस्त्र, विष, आगोले नछुनु; हुने चित्त स्थिर पनि।**
**निर्मल, राम्रो-लावण्य; मरणमा होश हुनु पनि।**
**ब्रह्मलोकगामी हुनु; हुन् यी ११ वटा फल मैत्रीका।**

## अरू अरू प्रतिफलहरू

एउटा मानिसले बिहान सय कसौंडी भात भोजन दान गर्दथे; दिउँसो सय कसौंरी, साँझ सय कसौंरी भोजन दान गर्दथे। अर्को एक जनाले बिहान गाइको दूध दुहुने जति समय मैत्री वृद्धि गर्ने गर्दथे। दिउँसो र राति पनि गाईको दूध दुहुने जति समय मैत्री वृद्धि गर्ने गर्दथे। दिनको तीनपटक सय सय कसौंडी भात भोजन दान गर्ने व्यक्तिको भन्दा पनि दिनको तीनपटक



Downloaded from http://www.dhamma.digital

गाईको दूध दुहने जति समय मैत्री वृद्धि गर्नेको कुशल अत्याधिक लाभदायक रहेछ। यो तथ्य बताउनुभएको *निदानवग्ग ओपम्म संयुत्त (४५५)* -मा उल्लेख गरिएको छ। यो देशनाद्वारा मैत्रीधर्म अति नै लाभकारी भएकोले आफ्ना शिष्य श्रावकहरूबाट मैत्री वृद्धि गरिनुलाई तथागतले विशेष अभिलाषा राख्ने गर्नुभएको कुरा जान्न पाइन्छ। तथागतले राख्नुभएको अभिलाषा भएको र लाभ पनि महान रहेको यस मैत्रीलाई प्रत्येकबुद्ध र श्रावकहरूले वृद्धि नगरी बस्नुहुन्न भनी जानकारी दिइरहेको छ। *(निदानवग्ग ओक्खा सुत्त-४५५)*

## फेरी अर्को थरी

स्त्री जाति बढी भएर पुरुष जाति कम भएको घरमा चोर डाँकाहरूले सजिलै आक्रमण गरी बिनाश गर्नसक्नु जस्तै मैत्री वृद्धि नगर्नेलाई देव यक्षहरूले सजिलै विनाश गर्न सक्दछन्। पुरुष जाति बढी भएर स्त्री जाति कम भएको घरलाई त चोर डाँकाहरूले आक्रमण गरी बिनाश गर्न सजिलो नहुने जस्तै मैत्री वृद्धि गर्नेलाई देव यक्षहरूले विनाश गर्न सक्दैनन्। यस कारण बताउनुभएको पनि *निदानवग्ग ओपम्म संयुत्त कुल सुत्त (४५५-५)*-मा उल्लेख भएको छ। ऋद्धिवान देव यक्षहरूले समेत बिगार्न सकेन भने ऋद्धि विहीन मनुष्यहरूले कहाँ बिगार्न सक्लान् र ? यसरी कसैले बिगार्न सक्नेछैन भनिएकोले मैत्री भावना साँच्चैको गतिलो आरक्षा अवरोधक भाव भएको जानिन्छ। भय उपद्रव सबैलाई रोक्ने उक्त मैत्री आरक्षा (तारण) लाई कसले पो वृद्धि नगरिकन बस्नु उचित होला र ?

## विशेष प्रतिफल एउटा

एक चुट्कीभर जति मात्र मैत्री वृद्धि गर्नेलाई ध्यान-शून्य नभएको, तथागतको अववाद उपदेशलाई पालन गर्ने भएर राष्ट्रको पिण्ड (भोजन) लाई निरर्थक नहुने गरी सेवन गर्ने हुने तथ्य आज्ञा भएको *एकङ्गुत्तर (९)*-मा उल्लेख छ। मैत्री वृद्धि गर्ने भिक्षुको भोजन सेवन **सामिपरिभोग** (=आधिकारिक



Downloaded from http://www.dhamma.digital

रूपले सेवन गर्नु), **आणण्यपरिभोग** (=ऋण नलाग्ने गरी सेवन गर्नु), **दायज्जपरिभोग** (=अंशभागीको रूपमा सेवन गर्नु) हुनाले फलदायक सेवन गर्नु अनुसारको सेवन गर्नु भनिन्छ। भोजन दातालाई महान फल दिलाउने भएर पनि फलदायक भएको सेवन गर्नु हुनुपर्‍यो। यस बचनद्वारा मैत्री वृद्धि गर्ने व्यक्तिमा गुणांग प्रभाव आनुभाव वृद्धि भई आउने तथ्य जान्न पाइन्छ। गृहस्थ नै भए पनि मैत्री वृद्धि गर्ने र नगर्ने प्रभाव अनुसार समान नभई राखेको हुनसक्ने हुनाले समानरूपले दान गरेपनि मैत्री वृद्धि गर्नेलाई दिइने दानले बढी फल पाइन सक्छ। यहाँ मैत्री सम्बन्धी क्षेत्र भएकोले मैत्रीलाई उल्लेख गर्नुपर्ने भयो।

यसरी गुणांगको प्रभाव वृद्धि हुँदै आउने अरु अरु मार्गफल प्राप्ति कारण स्मृतिप्रस्थान आदि भावना कर्मद्वारा पनि वृद्धि भएर आउनसक्ने तथ्य उक्त अंगुत्तर अनुसार नै जान्नसकिने हुँदा सम्पूर्ण भावना कार्यबाट व्यक्तिको प्रभाव विकास गराउने हो भनी जान्न सकिन्छ। त्यसरी प्रभाव वृद्धि र विकास भई आउनसक्ने भयो भने आफ्नो प्रभाव शक्तिलाई मैत्री भावनाद्वारा उच्च नपारी बस्न योग्य होला र ? मैत्री वृद्धि गर्नेमा गुण, श्रीशोभा वृद्धि भइरहन्छ। श्रीशोभा हुनेसँग अकुशल, भय, उपद्रव अन्तरायहरू नजिक आउन नसकी असल लाभ सत्कार, सुख ऐश्वर्यहरू मात्र भित्रिन्छन् भनी आस्था र विश्वास राख्यो भने उक्त आस्था र विश्वास साँच्चै नै सम्भव भएको आस्था र विश्वास हुन्छ।

मैत्रीचित्त हुनेसँग अरु अरु करुणा, मुदिता, उपेक्षा ब्रह्मविहारहरू उत्पत्ति र वृद्धि हुन सक्छ। दान, शील आदि पारमीहरू पूर्ण हुनलाई पनि सजिलो हुन्छ। वेलाम सुत्तन्त अनुसार भनियो भने सारा दानहरूसँग सारा शरणागमन शीलसँग गाईको दुध दुहुने जति समयको मैत्री बढी फल महान भएको तथ्य जान्न पाइन्छ। यस मैत्री सूत्रलाई अर्थ थाहा नगरिकन पालि मात्र पाठ गर्नाले पनि अनेक भय विभिन्न अन्तरायहरूबाट मुक्त भएकाहरू कम छैनन्; त्योभन्दा पनि अर्थ जानेर पाठ गर्नपाएका, त्योभन्दा



Downloaded from http://www.dhamma.digital

पनि मैत्री सूत्रमा उल्लेख भएको मैत्री भावना वृद्धि गर्नेहरूको निम्ति त भन्ने ठाउँ नै छैन । श्रद्धा, वीर्य मात्र मुख्य भई साँच्चै नै आस्था र विश्वास राखेर प्रयत्न गर्नाले मैत्री सूत्रको सामर्थ्य आनुभाव अनुभव गर्न पाउने होउन् ।

(४८) **करणीय' मत्थकुसलेन;**
**यन्त सन्तं पदं अभिसमेच्च ।**
**सक्को उजू च सुहुजू च;**
**सुवचो चस्स मुदु अनतिमानी ।**

(४८) **सन्तं**=शान्त शीतल भएको; **पदं**=निर्वाणलाई; **अभिसमेच्च**=आरम्मण ग्रहण गरेर छिरेर देखेर जानेर; ( **विहरितुकामेन**=बस्ने कामना भएका); **अत्थकुसलेन**=अनेक आचरण अर्थ र हितमा दक्षता हुनेले; **यं करणीयं**=जुन आचरण गर्नुपर्ने त्रिविध शिक्षा उत्तम आचरण; **अत्थि**= रहेको छ; **तं**=उक्त त्रिविध शिक्षा उत्तमाचरणलाई; **करणीयं**=आचरण गर्नु योग्य छ । **सक्को च**=सामर्थ्य भएका पनि; **अस्स**= हुनुपर्दछ । **उजू च**= सोझो पनि; **अस्स**=हुनुपर्दछ । **उजू च**=सिधा भएका पनि; **अस्स**=हुनुपर्दछ । **सुहुजू च**=अत्यन्त सिधा भएका पनि; **अस्स**=हुनुपर्दछ । **सुवचो च**=अनुशासन गर्न सजिलो पनि; **अस्स**=हुनुपर्दछ । **मुदु च**=नरम र कलिलो पनि; **अस्स**=हुनुपर्दछ । **अनतिमानी च**=अभिमान बढेका चढेका नभएको; **अस्स**=हुनुपर्दछ ।

(४९) **सन्तुस्सको च सुभरो च;**
**अप्पकिच्चो च सल्लहुकवुत्ति ।**
**सन्तिन्द्रियो च निपको च;**
**अप्पगब्भो कुलेस्व' ननुगिद्धो ।**

(४९) **सन्तुस्सको च**=सन्तुष्ट पार्न सजिलो पनि; **अस्स**=हुनुपर्दछ । **सुभरो च**=लालन पालन गर्न सजिलो पनि; **अस्स**=हुनुपर्दछ । **अप्पकिच्चो च**=अल्पकृत्य (काम थोरै भएको) पनि भएको; **अस्स**=हुनुपर्दछ । **सल्लहुकवुत्ति**



Downloaded from http://www.dhamma.digital

**च**=हलुका सजिलो भाव वृत्ति भएका पनि; **अस्स**=हुनुपर्दछ। **सन्तिद्रियो**=इन्द्रीयहरू शान्त दान्त भएका पनि; **अस्स**=हुनुपर्दछ। **च निपको च**=परिपक्व भएको प्रज्ञा भएका पनि; **अस्स**=हुनुपर्दछ। **अप्पगब्भो च**=कडा जंगली स्वभाव नभएका पनि; **अस्स**=हुनुपर्दछ। **कुलेसु**=कुल गृहस्थीमा; **अननुगिद्धो च**=टाँसिनु, आशक्त हुनुबाट रहित भएका; **अस्स**=हुनुपर्दछ।

## भावार्थ

शान्त, सीतल निर्वाणलाई प्रतिवेध गरी जानी बुझी बस्नचाहने अर्थ र हितमा दक्षता भएका व्यक्तिले आचरण गर्नुपर्ने त्रिविध शिक्षा आचरणहरूलाई आचरण गर्नुपर्दछ। उक्त व्यक्ति सामर्थ्यवान् हुनु पर्दछ; सिधा सोझा हुनुपर्दछ; अत्यन्त सिधा सोझा हुनुपर्दछ; अनुशासन गर्न सजिलो हुनुपर्दछ; कलिलो नरम कोमल हुनुपर्दछ; निराभिमानी हुनुपर्दछ; सन्तोषी हुनुपर्दछ; भरण पोषण गर्न सजिलो हुनुपर्दछ; अल्पकृत्य हुनुपर्दछ; सजिलो हलुका वृत्ति भएको हुनुपर्दछ; शान्त-दान्त इन्द्रिय भएको हुनुपर्दछ; परिपक्व भएको बुद्धि भएको हुनुपर्दछ; कडा नभएको, जंगली-स्वभाव रहित भएको सभ्य हुनुपर्दछ; कुल गृहस्थीमा ममता आशक्ति नभएको हुनुपर्दछ।

## मैत्री उत्पत्ति कारण आचरणहरू

निर्वाणलाई प्रत्यक्ष देख्ने बुझ्ने चाहना राख्नेहरू सबैले त्रिविध शिक्षा आचरण गर्नलाई प्रेरणा दिइसक्नुभएपछि उक्त आचरण गर्नुपर्ने आचरणहरू पनि उल्लेख गरी निर्देशित गरी देखाउनको लागि **'करणीयमत्थकुसलेन'** आदि आज्ञा गर्नुभएको हो।

## करणीयादि

**कत्तब्बन्ति करणीयं**=गर्न योग्य, गर्न सुहाउने, गर्नुपर्ने निश्चित भएका आचरणहरू हुन्। यस शासनमा आचरण गर्नुपर्ने आचरणहरू त्रिविध



Downloaded from http://www.dhamma.digital

शिक्षाबाहेक अलग्ग अर्को आचरण छैन । तसर्थ **'सङ्खेपतो**=संक्षिप्त रूपमा; **सिक्खत्तयं**=त्रिविध शिक्षा समूहलाई; **करणीयं**=करणीय भनिन्छ' भनी अर्थकथामा बताइएको छ ।

उक्त त्रिविध शिक्षा भंग हुनुको कारण **सीलविपत्ति** (=शील भंग हुनु) आदि खराब भनिने सबैलाई **अकरणीय** (=गर्न नहुने गर्न अयोग्य आचरण) भनी भनिन्छ ।

**अत्थकुसलेन**- मा **अरियतेति अत्थो**=नजिक पुग्नुपर्ने कारणले **अत्थ** (अर्थ) भनिन्छ । उक्त वचनार्थ अनुसार आचरण र पालन गरी ग्रहण गर्नुपर्ने, सधैं पुगिराख्नुपर्ने आचरण प्रतिपत्तिलाई वा आफ्नो अर्थ-हित सबैलाई **अत्थ** भनी भनिन्छ । यस शासनमा आफ्नो साँच्चैको अर्थ-हित भनेको मार्ग, फल र निर्वाण हो । उक्त मार्ग, फल र निर्वाण प्राप्तिको कारण असल आचरण प्रतिपत्तिहरू नै हुन् । ती आचरणहरूलाई जानीबुझी बुझेको अनुरुप आचरण, उद्योग र अभ्यास गर्ने व्यक्तिलाई आचरण गरी मार्ग, फल र निर्वाण प्राप्त व्यक्तिलाई **अत्थकुसल** (=अर्थ हितमा दक्षता भएको व्यक्ति)भनी भनिन्छ । विभिन्न आचरण अर्थलाई बुझ्दैन र बुझेपनि आचरण नगर्नेलाई **अनत्थकुसल** (=अर्थ हितमा दक्षता नभएको) भनिन्छ ।

## करणीयं आदि अर्थ

गाथामा अर्थ दिइआएको अर्थकथा पहिलो विधि अनुरूप हो । उक्त विधि अनुसार **अभिसमेच्च** भनेको लौकिक ज्ञानद्वारा **अनुमान** (=अड्कलले मात्र जानेको) होइन; मार्ग ज्ञानले जानेको **पटिवेध** (=छिरेर जानेको असली सोझो प्रतिवेध ज्ञान) हो । त्यस्तो भएपछि **'सन्तं पदं अभिसमेच्च करणीयं**=निर्वाणलाई जानेर आचरण गर्नुपर्दछ' भनेको सम्बन्ध सोझिएन; ठीक भएन; कारण निर्वाणलाई जानेर आचरण गर्नु होइन; आचरण गर्नुद्वारा मात्र निर्वाणलाई जान्नुपर्ने भएकोले हो । तसर्थ यी दुइटा भनाईका सम्बन्ध सोझो पार्नलाई पाठसेस आवश्यक भइरहेकोले 'निर्वाणलाई जानी राख्न



Downloaded from http://www.dhamma.digital

चाहने व्यक्तिले आचरण गर्नुपर्दछ' भनेर अर्थ लगाउनको लागि **'विहरितुकामेन'** भनेर अर्थकथा मा पाठसेस थप्ने गरेको हो; **अभिसमेच्च विहरितुकामेन**-मा मार्गले छिरेर जानिसकेपछि फल पुद्गलको रूपमा बस्न खोज्ने व्यक्ति भनी भन्नचाहेको कुरा जान्नुपर्‍यो ।

## दोस्रो विधि

दोस्रो विधि-**करणीय** भन्ने आचरणलाई आचरण गर्ने व्यक्तिले निर्वाण इच्छा गरी (आचरण गर्ने) गर्दछ । त्यसरी इच्छा गर्नु पनि क्लेश शान्त भई दुःख रहित भई शान्त सीतल भएको भन्ने बुद्ध देशना अनुसार सुनेर, जानेर वा आफूहरू ज्ञानयुक्त भएकोले आफ्नो ज्ञान मुताविक चिन्तन मनन गरेर अनुमानले अड्कल गरेर जानेको देखेको कारणले नै हो । उक्त अनुमान लौकिक ज्ञानलाई लिएर **सन्तं**-लाई **अभिसमेच्च**-को आकारको रूपमा र तं **अधिगन्तुकामेन**-भनेर पाठसेस राखेर फेरि अर्को एकथरी (अर्थ) दिइएको हो । उक्त विधि अनुसार **'पदं**=निर्वाणलाई; **सन्तं**=शान्त सीतल छ भनेर; **अभिसमेच्च**=लौकिक ज्ञान अनुरुप अनुमानले जानेर बुझेर; **तं अधिगन्तुकामेन**=उक्त निर्वाणलाई प्राप्त गर्ने कामना भएका व्यक्तिले; **अत्थकुसलेन**=अनेक आचरण अर्थ हितमा दक्षता भएका व्यक्ति; **यन्तं करणीयं**=जुन गर्न योग्य भएका, आचरण गर्नुपर्ने आचरण शिक्षाहरु; **अत्थि**=छन्; **तं करणीयं**=उक्त आचरण शिक्षालाई; **करणीयं**=आचरण गर्नु पर्दछ भनी (अर्थ) दिनुपर्दछ ।

## तेस्रो विधि

तेस्रो विधिमा **करणीय** आचरणहरू आचरण गर्ने व्यक्तिले कसरी आचरण गरिरहेको छ त ? किन आचरण गरिरह्यो त ? भनेर सोध्यो भने निर्वाणलाई सुनेअनुसार अनुमानले जानेर देखेर आचरण गरिरह्यो; जानेकोले आचरण गरिरहेको छ भनी भन्दा अभिप्राययुक्त हुने नै भएको कारणले; **सन्तं**-



Downloaded from http://www.dhamma.digital

लाई आकार अर्थ नदिई पाठसेस पनि नराखिकन फेरि सोझै (अर्थ) दिएको हो। यस विधि अनुसार **'सन्तं**=शान्त सीतल भएको; **पदं**=निर्वाणलाई; **अभिसमेच्च**=लौकिक ज्ञान अनुरूप अनुमानले जानी देखी; **अत्थकुसलेन**=...युक्त व्यक्तिले; **यं करणीयं**=...शिक्षा; **अत्थि**=रहेको छ; **तं करणीयं**=...लाई; **करणीयं**=आचरण गर्न योग्य छ' भनेर अर्थ दिनुपर्दछ। यी तीनवटै विधिहरूमा शुरुको **करणीयं**-लाई **यन्तं** मा अधिकार नय अनुसार गई (अर्थ) दिइराखिएको हो। आवृत्ति नय अनुसार दुई तह दिनुपर्दछ भनेर पनि भन्नु पर्दछ। यहाँ निर्वाणलाई जानेर आचरण गर्नुपर्दछ भन्दा उक्त आचरण गर्नुपर्ने विषय निर्वाण प्राप्ति कारण आचरणबाट अलग्ग अर्को छैन; तसर्थ **'किं पन तन्ति**=उक्त निर्वाणलाई जानेर आचरण गर्नुपर्ने आचरण के हो त ? **किमञ्ञं सिया अञ्ञत्र तदधिगमूपायतो**=उक्त निर्वाण प्राप्ति कारण आचरण बाहेक अर्को आचरण हुनु सम्भावना छैन' भनेर अर्थकथामा वर्णन गरिराखेको हो। **यन्तं**-लाई **सन्तं पदं**-सँग जोडेर पनि (अर्थ) दिने गर्दछन्। अभिप्राय रहेको छ; तर अर्थकथा आचार्यको मत अनुरूप त भएन।

### मेत्ता पुब्बभाग पटिपदा

**'सक्को उजू च'** आदि मैत्रीको पूर्व भागमा आचरण गर्नुपर्ने आचरण हुन्। **'करणीयं अत्थकुसलेन'** भनी बताउनुहुने बेलामा संक्षिप्त मात्र भएर त्रिविध शिक्षा आचरण गर्नुपर्ने भावलाई कसैले बुझेको र कसैले नबुझेको हुनाले ती नबुझेका भिक्षुहरूलाई बुझाउनको लागि विस्तृत रूपले बताउनुभएको हो।

यहाँ **सक्को** आदिद्वारा **करणीय** (=आचरण गर्नुपर्ने) धर्महरू देखाउनु मुख्य भए पनि कस्तो धर्मलाई आचरण गर्नुपर्दछ भनी बताउनु मुख्य भए पनि कस्तो धर्मको आचरण गर्नुपर्दछ भनी बताउनुभन्दा कस्तो आचरणयुक्त भएको हुनुपर्दछ भनी बताउनु सबभन्दा बढी बुझिने भएकोले र प्रकट स्पष्ट नै हुने भएकोले, रोचक हुने हुनाले पुद्गल-अधिष्ठानको रूपमा धर्मलाई



Downloaded from http://www.dhamma.digital

निर्देशित गरिएको हो। यी धर्महरू पूर्ण भइरहेमा मात्र मैत्री उत्पन्न र वृद्धि हुनसक्छ। यी  आचरण धर्महरू पूर्ण नहुनेसँग मैत्री वृद्धि हुनु त छोडौं उत्पन्न सम्म पनि हुनसक्ने अवसर छैन। तसर्थ ती आचरणहरूलाई **मेत्ता पुब्ब भाग पटिपदा** (= मैत्रीको पूर्वभागमा गर्नुपर्ने आचरणहरू) भनी उल्लेख गरिएको हो।

वास्तविक रूपले त यी आचरणहरू पूर्ण नहुने गरी भंग पारिबसेको व्यक्तिसँग मैत्री मात्र होइन कुनै पनि भावना कर्म पनि उत्पत्ति वृद्धि हुनसक्ने अवसर छैन; अरु अरु भावना कर्महरू पनि यी आचरणहरू पूर्ण भएकाहरूमा मात्र उत्पन्न हुनसक्ने हुनाले भावना कर्म सबैको पूर्वभाग प्रतिपदाहरू नै भनी भन्न योग्य छ।

## सामर्थ्य भएका

लोकमा अर्थ उन्नति र वृद्धि हुनेछ भन्ने आस्था र विश्वास नभएकाहरू, रोगीहरू, अल्सीहरू, अज्ञानीहरूले ज्ञानले गर्नुपर्ने कामहरू गर्दैनन्; गरी नै हाले पनि सिद्ध हुने गरी गर्ने सामर्थ्य हुनसक्दैन। आस्था र विश्वास भएकाहरू, स्वस्थहरू, वीर्य भएकाहरू, ज्ञान भएकाहरूले मात्र त्यस्ता कामहरूलाई सिद्ध हुने गरी गर्न सक्दछन्। धर्मको क्षेत्रमा पनि यस्तै हुने गर्दछ। यस तथ्यलाई *मज्झिमपण्णास बोधि राजकुमार सुत्त (२९७)* द्वारा बुझ्नुपर्दछ। उक्त सूत्रमा बोधि राजकुमारले- 'भन्ते, तथागत भन्ने उपदेशक, अनुशासक, निर्देशक व्यक्ति प्राप्त भएका भिक्षुले कति समयसम्ममा अर्हत्त मार्गफल प्राप्त गर्दा रहेछन् नि' भनेर निवेदन गर्दा 'राजकुमार, यस विषयमा तिमीसँगै सोध्नुपर्ला; 'तिमी हात्ती चढ्नु, अंकुश समात्नु जस्ता शिल्प जानेका छौ, होइन र' भनेर सोध्नुहुँदा 'जानेको छु' भनी निवेदन गरे। 'एक जना व्यक्ति तिमीकहाँ हात्ती चढ्ने, अंकुश समात्ने जस्ता शिल्प सिक्छु भनी आयो। उक्त व्यक्ति भने आस्था र विश्वास पनि नभएको रहेछ, रोगी पनि रहेछ; छली र कपटी पनि रहेछ, अलसी पनि रहेछ, अज्ञानी पनि रहेछ; सो



Downloaded from http://www.dhamma.digital

व्यक्तिले सिद्ध हुने गरी सिकीलिन सक्ला र' भनी सोध्नुभयो ।

'यी अंगहरूमध्येमा एउटा मात्र युक्त भयो भने पनि सिकी लिन सक्दैन; पाँचैवटा नै युक्त भयो भने त के कुरा' भनी निवेदन गरे । 'एकजना भने आस्था र विश्वास भएको; निरोगी; सिधा, अलसी नमानिकन उद्योग गर्न जान्ने; ज्ञानी रहेछ । उक्त व्यक्तिले सिकेर सिद्ध गरिलिन सक्ला त' भनी सोध्दा 'त्यस्ता व्यक्ति एउटा मात्र अंग पूर्ण भए पनि सिद्ध गर्न सक्दछ, पाँचवटै पूर्ण भयो भने त भन्नै पर्दैन' भनेर निवेदन गरे । 'राजकुमार, त्यस्तै भावना धर्म उद्योग र अभ्यास गर्ने हुनुको कारण अंग (प्रधानीयंग)हरू पाँच वटा रहेका छन् । तथागतप्रति आस्था र विश्वास भएको श्रद्धायुक्त हुनु, निरोगी हुनु, छल कपटी नभई आफ्नो वास्तविकतालाई देखाउन जान्नु, प्रयत्नवान् र उद्योगी हुनु, प्रज्ञा सम्पन्न हुनु । यी पाँचअंगले पूर्ण भयो भने भावना धर्म द्रुतगतिले प्राप्त गर्न सकिन्छ' भनी बताउनुभएको थियो । तसर्थ **सक्को**=सामर्थ्य भएको भनेको यी प्रधानीयंग धर्म पाँचवटा पूर्ण भएका व्यक्ति हुनुपर्दछ भनी जान्नुपर्दछ ।

**आस्थायुक्त पूर्ण श्रद्धा; निरोगी, सोझोपना अनि ।**
**उद्योगी, प्रज्ञावान् हुनु; प्रधानियंग यी पाँच हुन् ।**

## सोझा, अति सोझा

**उजु, सुहुजु**-प्रधानीयंग पाँचवटामध्येमा एउटामा समावेश रहेको छलकपट नगर्ने हुनु, आफ्नो वास्तविकतालाई तथागतकहाँ, सहधर्मीहरूकहाँ उल्लेख गर्न जान्ने हुनुपर्दछ भन्ने अंगअनुसार नै हो । छलकपट व्यवहार भएकाहरूले अरुप्रति मैत्री राख्न सक्दैनन्; मैत्री मात्र होइन, त्यस्ता सिधा सोझा नहुनेहरूमा अरु अरु असल आचरणहरू उत्पत्ति वृद्धि गर्न सजिलो छैन । सफा कपडामा मात्र चित्रकारको रंग रोगन स्पष्टरूपले उज्यालो भएर प्रकट हुनसक्ने भएकोले फोहर कपडा वा क्यानभासमा रंग रोगन स्पष्टरूपले प्रकट हुन नसक्नु जस्तै उत्तम  धर्महरू सफा सुकिलो मनोवृत्तिमा मात्र



Downloaded from http://www.dhamma.digital

दरिलो किसिमले स्पष्ट हुनसकेर स्थीर भइरहन सक्ने भएर मनोवृत्ति सफा सुकिला नभएकाहरूमा स्थिर हुनसक्ने अवसर छैन। त्यसो हुनाले ऋजु, सुऋजु हुनु अत्यावश्यक रहेको हुनाले **उजू, सुहुजू**-भनेर दुईतह खप्ट्याएर बताई राख्नुभएको हो।

अर्थकथामा यी दुई पदलाई विभिन्न नयद्वारा देखाइएका छन्। पटके रूपमा अथवा बालखकालमा सिधा सोझा हुनु 'उजु' द्वारा सन्तोष भई नबसिकन जीवनभरी नै बारम्बार निरन्तर (काम) गर्नुद्वारा अतिव सोझो **'सुहुजु'** हुने गरी काम गर्नु पर्दछ भनेको हो। त्यसपछि फेरि शरीर र वचन कुटिल हुनुलाई हटाउनुद्वारा **उजु** हुने गरी कुटिल मनोवृत्ति हटाउनुद्वारा सुहुजु हुने गरी गर्नु पर्दछ। अधिशील, अधिचित्त शिक्षाद्वारा **उजु** हुनलाई र अधिप्रज्ञा शिक्षाद्वारा **सुहुजु** हुनलाई प्रयत्न गर्नुपर्दछ आदि भनी वर्णन गरिएको छ। यस अर्थकथाको मनोभावलाई निर्णय गरी हेर्‍यो भने आचरणलाई प्रयास गर्नुद्वारा अरहत्त मार्ग प्राप्त भई क्लेश सिद्धिएमा मात्र पूर्णरुपले **उजु, सुहुजु** हुनु हो भनी जान्नुपर्दछ। त्यस्तो स्थितिमा पुग्ने गरी आफ्नो मनोवृत्तिलाई प्रतिपत्तिद्वारा सधैं सिधा पारिरहनु पर्ने भाव पनि जनाइरहेको छ।

Dhamma.Digital

## अनुशासन गर्न सजिलो

अनुशासन गर्न गाह्रो व्यक्तिलाई **'दुब्बच'** (दुर्वच) भनिन्छ। ती व्यक्तिहरूले यो काम गर्नुहुँदैन भनेर सम्झाउने अवस्थामा 'तिमीले देखेको छ र ? सुनेको छ र ? कसले भन्यो नि' आदि भनेर भनेकोलाई नसहेर बारम्बार जवाफ दिई कराई रहन्छ। वास्ता किस्ता नगरिकन चुपचाप पनि बसिरहन सक्छ। कुरा स्वीकार गरे पनि तदनुसार आचरण नगरिकन आफ्नो गर्नुपर्ने गरी नै रहन सक्छ। यस्ता व्यक्तिहरू विशिष्ट-धर्म लाभबाट टाढा नै परिरहने हुन्छन्। **सुवच** (=अनुशासन गर्न सजिलोहरू) व्यक्तिहरू त कोही कसैले अनुशासन गरे भने अति हर्ष र उल्लास मानी स्वीकार गर्दछ। पछि पनि



Downloaded from http://www.dhamma.digital

अनुशासन गर्नको निम्ति आमन्त्रण गर्दछ। अनुशासन गरिए अनुसार आचरण गर्दछ। त्यस्ता व्यक्तिहरू विशिष्ट धर्म प्राप्तिको निम्ति अतिव नजिक परिरहेका नै हुन्छन्।

अनुशासन गर्न सजिलो नभएको व्यक्तिले यो व्यक्ति मेरो अर्थ र हितकामी हुन् भनी बुझ्दैन। गुरु बन्न आयो भनेर सोचेर बेखुश हुन्छ। त्यस्ता व्यक्ति **थद्धमन** (=अनुशासन र अनुशासकको पक्षमा नलागी कस्सिएको मन भएको) व्यक्ति भएकोले मैत्री उत्पन्न गर्न सजिलो नभएको मात्र नभई अरु अरु आचरण धर्महरू उत्पन्न हुनलाई समेत टाढा परेको व्यक्ति हुन्छ। सुवच भएका अनुशासन प्रिय व्यक्तिले त अनुशासन गर्ने व्यक्तिलाई सम्मान र गौरव राख्दछन्। अनुशासन र अनुशासक पक्षमा अनुकूल पार्नलाई उपयुक्त हुने गरी नरम कोमल भएको चित्त युक्त हुने हुनाले त्यस्तो चित्त मैत्रीसँग **सहजात** (मिलिजुली भएको) भएको मनोवृत्ति नै हुनाले जानाजान मैत्री वृद्धि नगरे पनि मैत्री उत्पन्न भइरहन्छ। त्यस्ता व्यक्ति अर्थ र हितलाई साँच्चै कामना गर्ने हुनाले **'यथाभूतं ञाणाय सत्था परियेसितब्बो**=यथाभूत धर्म जान्नलाई शास्ता खोज्नुपर्दछ' भन्ने *निदानवग्ग निदान सुत्त (३४९)*-मा उल्लेख रहेको बुद्धोपदेश अनुशरण गर्नका निम्ति गहारो नमान्ने हुनाले मार्ग, फल र निर्वाणसँग अवश्यमेव नजिक भएको व्यक्ति भन्नुपर्दछ।

## नरम कोमल व्यक्ति

यहाँ **मुदु**=मृदु, कोमल व्यक्ति भन्नाले **फरुस**=कडा हुनुको विपरीत नरम कोमल हुनु भन्ने जस्तो नरम होइन; **थद्ध**=खस्रो हुनु, थिंग्रिनु, कस्सिनु, गमक्क पर्नुको विपरीत नरम, कोमल हुनु अभिप्रेत हो। प्रतिपत्तिमा आचरण गर्न अलसी मानी हतोत्साहित भई बस्नेहरू श्रद्धा कम हुनेहरू इत्यादि स्वभाव भएकाहरू सम्बन्धित आचरणहरूमा पुग्न नसकिकन नै गमक्क भई बसी स्तब्ध भई बसेकाहरू नै हुन्। श्रद्धा छन्द भएकाहरू, उत्साहित चित्तयुक्त भई वीर्य हुनेहरू त सम्बन्धित



Downloaded from http://www.dhamma.digital

आचरण धर्ममा खुरु खुरु अगाडि बढ्ने गरी नरम र कोमल भएका व्यक्तिहरू नै हुन् ।

यसबाट **अमुदु**=थिंग्रिएर कडा भएकाहरू गमक्क परी स्तब्ध भई बसेकाहरू, परिकर्म (=मरम्मत र व्यवस्था) अझै नगरिएका हुनाले आवश्यक रूपले निर्णय गर्न तयार भई नसकेका अझै कडा रहेको सुनको टुक्रा जस्तै यो मैत्री भावना आदि कार्यमा अनुकूल रूपले अझै पछ्याउँदै आउने छैन । **मुदु**=नरम कोमल व्यक्ति त सुधार गरी व्यवस्थित रूपले तयार पारी आवश्यकता अनुसार गरगहना बनाउनको लागि तयार हुने गरी नरम र कलिलो भइसकेको सुनको टुक्रा जस्तै मैत्री भावना आदि प्रतिपत्ति कार्य सम्पादन गर्नलाई चाहिने जस्तो अनुकूल हुने गरी काम परेको अवस्थामा काम लिन सकिने गरी मृदु कोमल भइरहन्छ ।

**मुदु**-को मृदु कोमल हुनु अर्थलाई पनि अर्थकथामा अझ भिन्नै किसिमले वर्णन गरिएको पाइन्छ । शारीरिक क्रियाकलाप, वाचसिक क्रियाकलाप कोमल भएका यस्ता व्यक्ति अनुकूल भएर नरम भई मन पराउनयोग्य र सम्मान गर्न योग्य स्वभाव पाइनाले असल घाट जस्तै धेरैका लागि सजिलै सुविस्तापूर्वक शरण आश्रय लिनजाने विश्राम स्थल भइरहन्छ । त्यस्ता व्यक्तिका न्हातिका नखुम्चिएर फराकिलो, सफा, हँसिलो मुहार भइरहनु, गुलियो मिठो कर्णप्रिय वचन हुनु; प्रसन्न प्रफुल्लित अनुहारले वार्तालाप गर्न जान्नु आदि गुणका कारणले नै मैत्रीको स्वभाव पहिले नै उपलब्ध भइरहने हुनाले मैत्री भावना उत्पन्न हुनलाई अतिव सजिलो भइरहन्छ ।

## अभिमान रहित व्यक्ति

कुल, गोत्र आदि मान उत्पत्तिका कारण वस्तुद्वारा अरुप्रति अपमान नगर्ने व्यक्तिलाई **अनतिमानी** भनिन्छ । अभिमान चढेको व्यक्तिले अरुलाई आफूसँग दाँज्न सुहाउँदैन; मिल्दैन भनी मनमा राखेर वास्ताकिस्ता नगरी ध्यान नदिई बसिरहने हुनाले त्यो स्वभाव मैत्री रहित हुनुको लक्षण भएकोले



Downloaded from http://www.dhamma.digital

त्यस्तो स्वभाव हुने व्यक्ति मैत्रीको आधार कहाँ बन्न सक्ला र ? अभिमान रहित व्यक्तिले आफूभन्दा जेठाहरूलाई उत्तमहरूलाई गौरव राखी मान गर्ने हुनाले आफूभन्दा सानाहरू कनिष्ठ कान्छाहरूलाई पनि सहयोग मद्दत गर्ने, हेरविचार गर्ने आदि द्वारा उनीहरूप्रति मनोवृत्ति नरम भइरहने हुनाले त्यस्ता व्यक्तिहरूले जानाजान मैत्री वृद्धि नगरे तापनि मैत्री चित्त आफसे आफ उत्पन्न भइरहन्छ ।

अभिमानी व्यक्तिले अरुहरूभन्दा आफू श्रेष्ठ भएको हाउभाउ देखाउने चाहना हुनु, प्रतिस्पर्धा गर्ने इच्छा जाग्नु, आदि खराब स्वभावहरू हुने हुनाले उसले भावना धर्म अभ्यास र उद्योग गरी नै हाले पनि प्रतिस्पर्धा गर्ने इच्छा हुनु, बढीचढी हुने इच्छा लाग्ने चित्तले अभ्यास र उद्योग गरिने हुनाले कहाँबाट पो विशेष धर्म प्राप्त गरी लिन सक्ला र ? अति शूक्ष्म भएको अभिमानहरू नै पनि भावना धर्मको क्षेत्रमा बिघ्न बाधा हुनसक्ने भएकोले **अतिमान** भयो भने त भन्नै पर्दैन । तसर्थ मैत्री भावनाको क्षेत्रमा बिघ्न बाधा, रोकावट बाधक रहेको हुनाले नै **अनतिमानी**=अतिमानी नभएको हुनुपर्दछ भनी निर्देशन दिनुभएको हो ।

## सन्तोष हुन सजिलो

लाभ भएकोबाट, उपलब्ध रहेकोबाट, काम चल्नुबाट तृप्त र सन्तोष हुने व्यक्तिलाई **सन्तुस्सक** (=सन्तोष हुन सजिलो) भनिन्छ । लाभ भएकोबाट सन्तोष हुन नजान्नेलाई खोजी हिंड्नपर्नु, चिन्ता लिई हिंड्नपर्नुद्वारा धेरै व्यापार झंझटहरू भइरहनु, खोजेर भेटिएन भने मन अशान्त हुनु, रिस उठ्नु, लाभ भए पनि बढी पाउनलाई खोज्दै हिंड्नु, खोजी गरेजस्तो नपाइँदा मन गह्रौं भईरहनु, मन बेखुश हुनु आदि उत्पन्न हुने हुनाले मैत्री उत्पत्ति हुनुबाट टाढा भइरहन्छ । लाभ भएकोबाट, काम चल्नुबाट तृप्त भई सन्तोष मानेर बस्ने व्यक्तिलाई चीज बस्तुहरू प्राप्त नहुनुसँग सम्बन्ध राखी र अरु व्यक्तिहरूसँग सम्बन्ध राखी मन अशान्त पारी बस्न पर्नु, रिस उठाई बस्न



Downloaded from http://www.dhamma.digital

पर्नु अवस्था नरही चित्तसन्तति सितल शान्त भइरहने हुनाले उक्त व्यक्तिको मनोवृत्ति मैत्रीसँग अनुरूप भई सहजात हुनलाई धेरै अनुकूल भइरहन्छ। तसर्थ मैत्री भावना उत्पन्न हुनलाई प्राथमिक आचरणको रूपमा बताउनुभएको हो।

**सन्तुस्सक**-मा **सं**-लाई **सक, सन्त, सम** अर्थ ग्रहण गरेर **'सकेन तुस्सको**=आफ्नो सम्पत्तिद्वारा खुशी अनुभव गरी तृप्त हुने; **सन्तेन तुस्सको**=उपलब्ध सम्पत्तिले खुशी अनुभव गरी तृप्त हुने; **समेन तुस्सको**=समताको रूपमा खुशी र तृप्त हुनजान्ने' भनेर तीनथरी अर्थ अर्थकर्थामा छुट्याई उल्लेख गरिएको छ। तिनमध्ये भिक्षुहरूको लागि भिक्षुव्रत प्रदान गरिने सीमा प्रांगणमा 'घुँडा (खुट्टा) घोटेर प्राप्त हुने भोजन, पांशुकूल चीवर, वृक्ष मूल सयनासन, गोमूत्रमा खल्पेको औषधि यी चारवटाका आधारमा तिमी भिक्षु भएका हौ। ती चार आधार उपभोग गर्नुमा तिमीले उद्योग गर्नुपर्दछ। लाभ सत्कार धेरै पाउने भयौ भने अरु अरु भोजन, चीवर, विहार र औषधिहरू पनि उपभोग गर्न मिल्छ' भनेर निर्देशन दिइएको हो। त्यस निर्देशनलाई आफूले पनि स्वीकार गरिएको छ। तसर्थ चतुप्रत्ययलाई आफ्नो सम्पत्ति (=**सक**) भन्नुपर्दछ। उक्त चतुप्रत्ययद्वारा राम्रो भए पनि, नराम्रो भए पनि राम्ररी व्यवस्था गरी दान गरे पनि, राम्ररी व्यवस्था नगरी दान गरे पनि दान ग्रहण गर्दा र उपभोग गर्दा विपरीत स्वभाव नदेखाइकन समभाव राख्नेलाई **सकतुस्सक** (=आफ्नो सम्पत्तिमा सन्तोष मान्ने) भनेर भन्नुपर्दछ। जुन चीजवस्तु आफूले प्राप्त गरिएको हो; आफूसँग प्रकट रूपमा रहेको हो; उक्त उपलब्ध रहेका चीजवस्तुद्वारा समभावले यापन गरिरहेकोलाई **सन्तुस्सक** (=आफ्नो उपलब्ध रहेको चीजवस्तुद्वारा सन्तोष मान्ने) भनी भनिन्छ। असल खराब दुवै आरम्मणमा खुशी मान्नु, रिस उत्पन्न नहुनुलाई **सम** भनिन्छ। उक्त **सम** (=चित्तलाई सन्तुलित बनाइराख्नु) द्वारा आरम्मण सबैमा सन्तोष मान्ने व्यक्तिलाई **समतुस्सक** (=सन्तुलित रूपमा सन्तोष मान्ने) भनेर भनिन्छ।



Downloaded from http://www.dhamma.digital

## भरण पोषण गर्न सजिलो व्यक्ति

अर्काको भरमा बस्नु पर्ने भएकोले अरुले खुवाएको, पिलाएकोमा सन्तुष्ट हुन नसक्नेलाई **दुब्भर** (=भरण-पोषण गर्न गाऱ्हो) भनेर भनिन्छ। त्यस्तो नभई खुवाएकोमा पिलाएकोमा दिएकोमा सन्तोष हुने व्यक्तिलाई **सुभर** (=भरण पोषण गर्न सजिलो) भनिन्छ। आफूले आफूलाई पाल्न गाऱ्हो, सजिलो, अरुले आफूलाई पाल्न गाऱ्हो, सजिलो गरी चार थरी रहेका छन्। तिनमध्ये गुलियो पाए अमिलो खोज्नु, अमिलो पाए गुलियो खोज्नु आदि अनुसार खोजी गर्नेलाई आफूले आफैलाई पाल्न गाऱ्हो भनिन्छ। त्यस्तो नभई राम्रो र मिठो होस्, नराम्रो र नमिठो होस् लाभ भएकोबाट सन्तोष पूर्वक खाई-पिई आफ्नो काम उद्योग र अभ्यास गर्नेलाई आफूले आफूलाई पाल्न सजिलो भनी भनिन्छ।

जो भिक्षु असल दान गरेपनि अनुहार उज्यालो हुँदैन, खुशी भएको भाव देखाउँदैन; दाताको अगाडि नै के कस्ता चीजहरू दान गर्न ल्याएको हो भनी हप्काई श्रामणेर, गृहस्थीहरूलाई दिई पठाउँछ। त्यस्ता भिक्षुहरू अरुले पालन पोषण गर्न गाऱ्हो हुन्। अर्को भिक्षु एकजना भने असल होस् वा खराब, थोरै होस् वा धेरै दाताले दिएको लाभ भएकोमा प्रसन्न र सन्तोष भई उज्यालो मुख पार्ने गर्दा रहेछन्। यस भिक्षु त सेवक दाताहरूका तर्फबाट पाल्न सजिलो भिक्षु भए। यी दुईथरी भिक्षुहरूमध्येमा पाल्न गाऱ्होसँग मैत्री उत्पन्न हुन साऱ्है गाऱ्हो देखिन्छ। अरु अरु प्रतिपत्तिहरू पनि उत्पन्न हुन सजिलो हुनेछैन। तसर्थ मैत्री उत्पन्न हुनलाई र अरु अरु प्रतिपत्तिहरू उत्पन्न हुनको लागि सजिलो पार्ने **सुभर** (=पाल्न सजिलो) हुनु विषयलाई भगवान् बुद्धले निर्देशन गर्नुभएको हो।

## कस्सप संयुत्त

गृहस्थीहरूबाट प्राप्त हुनु, नहुनुका सम्बन्धमा मनमा आघात नराख्नको लागि र मनोवृत्ति सहि गर्नको लागि कस्सप संयुत्तमा उल्लिखित तथागतबाट देशना गरिएको उक्त तथ्य सन्तोष हुन सजिलो, पाल्न सजिलो हुने विषयसँग



Downloaded from http://www.dhamma.digital

सम्बन्धित भएको हुनाले सारांश मात्र उल्लेख गरी देखाउनेछु । 'मलाई दान नगरी नबसोस्; दान देओस् नै; थोरै थारै मात्र दान नगरोस्; धेरै धेरै नै दान गरोस्; कमसल दान नगरोस्; असल असल वस्तु मात्र दान गरोस्; विस्तारै ढिला गरेर दान नगरोस्; चाँडै चाँडै दान गरोस्; राम्ररी व्यवस्था नगरी दान नगरोस्; राम्रोसँग व्यवस्था गरी दान गरोस्' यस्तो मनोवृत्ति राखेर घर घरमा उपसंक्रमण गर्ने भिक्षु आफूले कामना गरेअनुसार प्राप्त भएन भने मनमा आघात गरी मन अशान्त, शरीर क्लान्त पारी बस्नुपर्नेछ ।

एकजना भिक्षु भने 'दान नदिई नबसोस्; दान गरोस् नै आदि माथि उल्लिखित कामना अनुसार नगरी बाहिरका अपरिचितहरूका घर-घरबाट कहाँ प्राप्त गर्न सकिएला र' भनेर यस्तो मनोवृत्ति राखी घर-घरमा उपसंक्रमण गर्दा रहेछन् । उक्त भिक्षु प्राप्त नहुनु आदि कारणले मनमा आघात पारेर बस्दैनन् । दुखी भएर बस्नु पर्दैन । काश्यप यस्तो मनोवृत्ति राखी घर-घरमा उपसंक्रमण गर्ने भएकोले प्राप्त नहुनु आदि कारणले मनमा आघात पारेर बस्नु पर्दैन । दुखी हुनु पर्दैन । काश्यपको नमूना लिएर तिमीहरूलाई अनुशासन गर्नचाहन्छु । उक्त नमूनाअनुरूप आचरण गरोस्' भनेर तथागतले बोल्नुभएको थियो । *(निदान वग्ग-कस्सप संयुक्त -४०३)*

## अल्पकृत्य

आफूले गर्नुपर्ने काम बाहेक अरु अरु असम्बन्धित अनर्थकारी काममा व्यापार झन्झट बनाइबस्ने व्यक्तिलाई काम धेरै भएको (बहुकृत्य) भनिन्छ । त्यस्ता व्यक्तिहरूका आफ्नो काम गर्ने समय खेर गएर अर्थ हित भंग हुनु हानी हुनु मात्र भइरहन्छ; धर्मको क्षेत्रमा त उक्त अल्पकृत्य भाव अति नै वाञ्छनीय छ । नवकर्म आदि कामकाजमा रमाइलो मानी बस्न मन पराउनु, धेरै बोल्नमा रमाइलो मानी बस्न मन पराउनु, साथीभाइ बनाई बस्नमा रमाइलो मानी मन पराउनु आदि द्वारा निरर्थक कामकाजमा रमाइलो मानी बस्न मन पराउनेहरू त काम धेरै हुनेहरू भई भावना धर्म उद्योग र अभ्यास गर्न नसक्नेहरू भए ।



Downloaded from http://www.dhamma.digital

आफूले उद्योग र अभ्यास गर्नुपर्ने धर्म बाहेक अरु अरु कुनै पनि बढी भएको कामकाज समेत नगर्ने व्यक्तिलाई **अप्पकिच्च** (अल्पकृत्य भएका व्यक्ति) भनिन्छ। त्यसो हुनाले भावना धर्म उद्योग र अभ्यास गर्नेहरूले **पलिबोध** ( =बाधा) दसवटालाई तोडेर हटाई राख्नुपर्ने भाव *विशुद्धिमार्ग*मा व्यक्त गरिएको हो। अल्पकृत्य व्यक्तिले मात्र प्रतिपत्ति काम सिद्ध हुनेगरी उद्योग र अभ्यास गर्न सक्ने हुनाले यस मैत्रीको पूर्वभाग आचरणमा अल्पकृत्य व्यक्ति हुनुपर्ने विषयलाई एउटा मुख्य आचरणको रूपमा बताइएको हो।

## हलुका भाव भएको व्यक्ति

लोकमा आफूले आवश्यकताभन्दा पनि बढी हुने गरी परिभोग गरिन्छ भने ती वस्तुहरू भित्र्याउनुपर्नु, रेखदेख गर्नपर्नु; मरम्मत गर्नपर्नु, व्यवस्था गर्नपर्नु रूपमा कामकाजहरू धेरै धेरै भई ती सम्बन्धित विषयका निम्ति उक्त व्यक्ति अति भार भएको भयो। धार्मिक क्षेत्रमा उक्त अभिभार झनै अवाञ्छनीय छ। तसर्थ शुद्धरुपले धर्म मात्र उद्योग र अभ्यास गरिरहनु पर्ने भिक्षुहरूसँग आफूलाई आवश्यकता जति परिष्कार धारण गरिराख्नुको रूपमा यात्रामा जाने बेलामा पंक्षीहरूका अरु केही साथमा हुँदैन; आफ्नो पखेटाहरू मात्र द्वारा चाहेको ठाउँमा आवत जावत गरिरहे जस्तै आफ्नो आठ-परिष्कार मात्र धारण गरी अभिभार हलुका गरी बस्नुपर्ने कुरा बताउनु भएको हो। चीज वस्तुहरू धेरै भयो भने अभिभार बढेर भावना धर्मलाई राम्ररी उद्योग र अभ्यास गर्ने फुर्सद नपाइने हुनाले **सल्लहुकवुत्ति** (=हलुका किसिमले सजिलोसँग जीवन यापन गर्नु) भाव पनि भावना धर्म उद्योग र अभ्यास गर्ने क्षेत्रमा अति वांछनीय भएको एउटा आचरण रहेको छ।

## इन्द्रिय शान्त दान्त भएका व्यक्ति

इन्द्रिय भनेको आँखा, कान, नाक, जिब्रो, शरीर र मन छ वटा हुन्। ती इन्द्रीयहरू शान्त दान्त हुनेगरी गर्नुपर्दछ भनेको इष्टारम्मण (मनपर्ने आरम्मण)



Downloaded from http://www.dhamma.digital

सँग भेट हुँदा राग उत्पन्न नहुने गरी अनिष्टारम्मण (मन नपर्ने आरम्मण) सँग भेट हुँदा द्वेष उत्पन्न नहुने गरी संयम गर्नु नै हो । आरम्मणमा राग द्वेष आदि उत्पन्न हुने गरी बस्ने शान्त दान्त नभई विक्षिप्त परी उडिरहेको इन्द्रीय भएका व्यक्ति हुन्छ । इन्द्रीयहरूलाई आफ्नो बशमा राख्न सक्ने गरी तानी लिन नसकी आफूहरू इन्द्रीयको चाहना अनुसार पछ्याउँदै हिंड्ने मात्र हुन्छ । त्यस्ता व्यक्तिमा भावना धर्म उद्योग र अभ्यास गर्नको लागि रुचि हुँदैन; उद्योग र अभ्यास नै गरीहाले पनि भावना सिद्ध गर्न सजिलो हुँदैन । राग द्वेष आदि उत्पन्न नहुने गरी संयम गरी प्वाल थुनी बस्ने व्यक्तिले मात्र विक्षिप्त चंचल नभएको इन्द्रीययुक्त भएका, इन्द्रीयहरूलाई आफ्नो इच्छाको अधिनमा आउने गरी आकर्षण दिनसक्ने बलवान भएर आफूहरू इन्द्रीयहरूको बसमा जान नपर्ने हुनेछ । त्यस्ता व्यक्तिले मात्र अन्तसम्म भावन सिद्ध गर्न सक्नेछ । यहाँ इन्द्रीयहरूलाई शान्त हुनेगरी गर्नुपर्ने विषयमा भावना कार्यमध्ये एउटा न एउटा भावना कार्यसँग जोडिएर बसेको हुन्छ, अलग्गिएर बस्ने हुनसक्दैन; भावना-कार्यमा उद्योग र अभ्यास गरिरहनाले मात्र साँच्चै इन्द्रीयहरू शान्त दान्त हुनसक्ने भएकोले शान्त दान्त भएका इन्द्रीयहरू हुनुपर्दछ भन्नुमा एउटा न एउटा भावना हुनैपर्दछ भन्ने मतलब भयो ।

## प्रज्ञावान

लौकिक काम काजमा उक्त कार्यलाई जान्ने, बुझ्ने दक्षता भएका; गर्न हुने, गर्न नहुने समय, देश आदि बिचार गरी हेर्न जान्ने; फल विचार गरी हेर्न जान्नेहरूले मात्र उक्त काम सिद्ध हुने गरी काम गर्न सक्ने हुन्छ; त्यसरी दक्षतायुक्त भएर विचार गरी हेर्न जान्ने, फललाई विचार गरी देख्नसक्ने क्षमता नहुनेहरूले त उक्त काम काज गर्न सक्दैन । गरिहाले पनि फल निस्कने गरी सिद्ध हुनेगरी गर्ने सामर्थ्ययुक्त हुनसक्दैन । त्यस्तै नै धार्मिक क्षेत्रमा पनि आफूहरूले आचरण गर्नुपर्ने आचरण प्रतिपत्तिमा बुझ्ने, जान्ने; आचरण सहि हो होइन विचार गरी हेर्न जान्ने; फललाई विचार गरी निरीक्षण



Downloaded from http://www.dhamma.digital

गरी हेर्न जान्नेहरूले मात्र उक्त प्रतिपत्तिलाई आचरण गर्न सक्दछन् । त्यसरी नबुझ्नेलेहरू त उक्त आचरणलाई आचरण गर्नको निम्ति छन्द वीर्य आदि प्रबल नहुने हुनाले गर्दैन पनि; गरी हाले पनि सिद्ध हुँदैन । त्यसो भयो भने मार्ग र फल लाभ हुने अवस्थासम्म प्रज्ञाद्वारा मात्र निरन्तर जान्नुपर्ने प्रतिपत्तिको क्षेत्रमा प्रज्ञा अति आवश्यक छ। त्यसैले नै 'मैत्री पूर्वगामी भएका यी आचरणमा **निपको**=प्रज्ञावान हुनुपर्दछ भनी निर्देशन दिनुभएको हो ।

**प्रचण्ड असभ्य नभएका**

**पगब्भ**-मन, वचन र शरीर तीनवटै प्रचण्ड असभ्य हुन् । **न पगब्भो अपगब्भो**=शरीर, वचन र मन प्रचण्ड नभएका सभ्य व्यक्ति हुन् । **कायपागब्भिय** (=शारीरिक क्रियाकलाप प्रचण्ड असभ्य हुनु) **वचीपागब्भिय** (=वाचसिक क्रियाकलाप प्रचण्ड असभ्य हुनु) **मनोपागब्भिय** (= मनोवृत्ति प्रचण्ड असभ्य हुनु) भनी तीनथरी रहेकोले यी तीनवटैबाट अलग्ग भएकालाई **अप्पगब्भ** (=असभ्य नभएका सभ्य भएका) भनिन्छ ।

संघको बिचमा, परिषदको बिचमा, जेष्ठहरूको अगाडि गोडा पसारी, उत्तानो परी बस्नु  जेष्ठहरूलाई ठाउँ नछोड्नु, कनिष्ठहरूलाई प्रवेशबाट रोकतोक गर्नु, असल स्थान र असल भोजन प्राप्तिको निम्ति जेष्ठहरूलाई नाघेर जानु, ग्राम प्रवेश गर्दा स्थविरहरूलाई पछाडि पारी आफू अगाडि जानु, कनिष्ठहरूसँग चिमोटेर ख्याल-ठट्टा गरी खेलीहिंड्नु आदि काम कुरा शारीरिक असभ्यता, प्रचण्डता हुन् ।

स्थविरको अनुमतिबिना उपदेश दिनु, कसैले प्रश्न गर्दा स्थविरहरूबाट अनुमति नलिइकनै उत्तर दिनु, गाउँभित्र हुँदा 'ए उपासिका... ,के हालखबर छ; यागु हो कि, भोजन हो कि, मिठाई हो कि, दान दिने हो कि, आज खाने हो कि' आदि श्रमणत्वलाई नसुहाउँदो वचनद्वारा कुरा गर्नु आदि बोलीवचनहरू वाचसिक चण्डता र असभ्यता हुन् ।

शरीर र वचनद्वारा नगरे पनि नबोले पनि मनमा काम विर्तक आदि



Downloaded from http://www.dhamma.digital

जस्ता नराम्रा चिन्तना चिन्तन गर्नु चित्तको प्रचण्डता, असभ्यता हो। यस विधिलाई आधार बनाएर धेरै मानिसहरूप्रति मानिस हेरी प्रचण्ड हुनु, सभ्य हुनु जान्नु पर्दछ। मैत्री स्वाभाविक रूपमा सभ्य र कोमल स्वभाव हुनाले असभ्य व्यक्तिसँग स्थीर हुँदैन; सभ्य व्यक्ति नै मात्र मैत्रीको आधार हुनसक्ने भएकोले यस **अप्पगब्भ** (=सभ्यता भएका) हुन पर्नुलाई मैत्री पूर्वभाग प्रतिपदाको रूपमा निर्देशन दिनुभएको हो।

## गृहस्थीप्रति अनाशक्त व्यक्ति

धेरै मानिसहरू आमा बाबुप्रति, अति स्नेह भएका आफन्तहरूप्रति, अति स्नेह भएका व्यक्तिहरू आमा बुबा आफन्तहरूबाट छुटिएर बस्न नसक्नाले देश विदेशतिर शिक्षा, आर्थिक विकासको निम्ति बाहिर जान सकेनन् भने हानी मात्र खप्नुपर्ने हुन्छ। उन्नति र वृद्धिका लागि सहायक नहुने हुन्छ। श्रमणहरूको निम्ति पनि गृहस्थी दायक दायिकाहरूप्रति आशक्त भई बस्नु लाभबाट परिहानी हुनुको कारण, अवन्नति, अववृद्धि हुनुको कारण नै हुने गर्दछ।

चीज वस्तुमा लुब्ध र आशक्त भिक्षु दायक दायिकाहरूमा टाँसेर बस्न सक्दछ। अनुचित व्यक्तिहरूसँग सम्मिश्रण घुलमिल हुन सक्दछ। गृहस्थीहरू शोकग्रस्त भएभने आफू पनि शोकग्रस्त हुनु, गृहस्थीहरू खुशी हुँदा आफू पनि खुशी हुनु, दाता सुखी हुँदा आफू पनि सुखी भई दाता दुःखी भयो भने आफू पनि दुःखी हुनु, गृहस्थीहरूको काम कुरामा आफूलाई ब्यस्त बनाई ब्यापार धेरै बनाई हिंड्नु नै हो। त्यसकारण चन्द्रमा समान भई सदा नयाँ आगन्तुक जस्तै भई शारीरिक तौरले पनि टाढिई, मानसिक तौरले पनि टाढिई घरगृहस्थीहरूका घर-घरमा उपसंक्रमण गर्नुपर्ने कुरा तथागतले अनुशासन गर्नुभएको हो।

जसरी चन्द्रमा आकाशमा हिंड्दा कोहीसँग पनि संगम गर्दैन; कोहीसँग पनि आशक्त हुनु, कसैलाई पनि मन पराउने गर्दैनन्; त्यसो नगर्नाको



Downloaded from http://www.dhamma.digital

कारणले गर्दा धेरै मानिसहरुले मन पराउँदैन, सन्मान गर्दैन भन्ने छैन। त्यसरी नै तिमीहरूले पनि चन्द्रमा समान भई धेरै मानिसहरूबाट सन्मान गरी मन पराउनुलाई ग्रहण गरी धेरै मानिसहरूकहाँ उपसंक्रमण गर्ने गर्नुपर्दछ भन्ने मुख्य आज्ञा हो। आगन्तुक (पाहुना) भनेकाले त घरपतिले ख्वायो भने खाई घरपतिसँग संगम गर्नु, उनीहरूको कामकाज गरिदिनु नगरिकन नै घरबाट बाहिरिने जस्तै घर घरमा चारिका गरी दायक दायिकाहरूले दान दिएमा ग्रहण गरी उनीहरूसँग सम्पर्क राख्नु, संगम गरी बस्नु नगरिकन उनीहरूको कामकाजमा ब्यापार अलमल नरहने गरी काम नगरिकन नै निस्कनु पर्दछ भन्ने आज्ञा नै मुख्य रहेको छ।

'भिक्षुहरू... , कस्ता भिक्षुहरू गृहस्थी दायक दायिकाहरूकहाँ उपसंक्रमण गर्न लायक छन् नि' भनी सोध्नुहँदा 'हजुरबाट नै आज्ञा होस्' भनेर भिक्षुहरूले निवेदन गरे। त्यसबेला तथागतले हात आकाशमा हल्लाई देखाउनुभयो। जसरी यो हात आकाशमा टाँसिंदैन, आशक्त हुँदैन, त्यसरी नै जो भिक्षु गृहस्थी दायक दायिकाहरूकहाँ जाँदा उनीहरूसँग नटाँसिकन, आशक्त नभई 'चीजबस्तु चाहनेहरूलाई पनि प्राप्त होस्; कुशल कर्म चाहनेहरूले दान कुशल कर्म गर्न सकुन्' भनेर आशिका गर्दछन्। आफूलाई प्राप्त भएको कारणले प्रसन्न भए झैं अरुले प्राप्त गर्दा पनि प्रसन्न हुन्छन्। यस्ता भिक्षुहरू मात्र गृहस्थी दायक दायिकाहरूकहाँ उपसंक्रमण गर्न योग्य भएको कुरा आज्ञा गर्नु भई काश्यप जस्ता भिक्षु भई काश्यपले जस्तै आचरण गर्नुपर्दछ भन्नुभएको कुरा *निदानवग्ग कस्सप संयुत्त (४०२)* मा उल्लेख भएको छ। दायक-दायिकाहरूप्रति मुग्ध र आशक्त हुने भिक्षुले त धर्ममा उद्योग व्यापार गर्दैन; चीज वस्तुलाई मात्र महत्व दिई बस्ने हुन्छ। तसर्थ यस्तो नहुनको लागि मैत्री पूर्वगामी भएको आचरणमा यो कुलमा आशक्त नहुनु भएका ब्यक्तिको भावलाई पनि एउटा आचरणको रूपमा निर्देशन दिनुभएको हो।



Downloaded from http://www.dhamma.digital

(५०) **न च खुद्द'माचरे किञ्चि;**
**येन विञ्ञू परे उपदेय्युं।**
**सुखिनो व खेमिनो होन्तु;**
**सब्बेसत्ता भवन्तु सुखितत्ता।**

(५०) **येन**=जुन दुश्चरित्र समूह हीन कर्मको कारणले; **विञ्ञू**=विज्ञ जनहरु; **परे**=अरुले; **उपवदेय्युं**=उपहास र निन्दा गर्ने गर्दछन्; **खुद्दं**=क्षुद्र भएको, **तं**=त्यस्ता दुश्चरित्र कर्मलाई; **किञ्चि**=थोरै भएपनि, सानो भएपनि; **न आचरे**=आचरण गर्नहुँदैन। **सब्बेसत्ता**=सबै सत्वहरू; **सुखिनो वा**=शारीरिक सुख भएकाहरू र; **खेमिनो वा**=भय उपद्रव रहित भई टाढा भई सीत्तल शान्त रमाइलो मानी बस्न पाउनेहरू; **होन्तु**=होउन्। **सुखितत्ता वा**=सुखपूर्ण भएको उदार चित्त भएका पनि; **भवन्तु**=भइरहुन्।

## भावार्थ

प्रज्ञावानहरूले अरुले निन्दा उपहास गर्ने दुश्चरित्र हीनकर्महरू सानो र थोरै मात्र भए पनि गर्न हुन्न। (त्यसपछि मैत्री वृद्धि गर्ने कसरी भने) सम्पूर्ण सत्वहरू शारीरिक सुखयुक्त होउन्; भय उपद्रव रहित भई टाढा भई सीतल, शान्त र रमाइलो भइरहुन्; चित्त पनि सुखी होउन्।

## अकरणीय र मैत्री वृद्धि

**'सक्को'** आदि द्वारा **करणीय** (=आचरण गर्नुपर्ने) धर्मलाई निर्देशित गरिसक्नु भएपछि **'न च खुद्दमाचरे किञ्चि'** आदि द्वारा **अकरणीय** (=गर्न नसुहाउने नहुने) धर्म निर्देशन दिनुभई आचरण गर्नको निम्ति र नगर्नको निम्ति धर्महरूलाई पूर्णरूपमा देखाइसकेपछि फेरि सँगै जोडिएर नै मैत्री भावना गर्ने विधिलाई **'सुखिनो वा'** आदि द्वारा विधि दिनुभएको हो।



Downloaded from http://www.dhamma.digital

## अकरणीयमा बुझ्नुपर्ने

**सक्को**-आदि अनुसार सामर्थ्य भएका हुनुको भाव आदि आचरणहरू परिपूर्ण भएपछि खराब कर्महरू गर्नेछैन भनी भन्ने ठाउँ भएपनि कहिलेकाँही सर्वश्रेष्ठ ढंगले आचरण गर्ने भए पनि 'यो कर्म त दोष लगाउने ठाउँ छैन' भन्दै भूल गर्न सक्ने अवस्था अझै रहेको हुनसक्ने हुनाले त्यस्तो हुन नदिनको निम्ति होश दिनको निम्ति रहेको छ । **खुद्द**- शब्द सानो, अलिकति, रौद्र, हीन, नीच, दु:खी आदि अर्थहरू अभिधानमा देखाइएको हुनाले यहाँ नीच हीन अर्थवाची भयो । नीच हीन सामान्य भए पनि **न आचरे**=आचरण गर्नु हुँदैन भनी भनिएकोलाई आधार मानी हीन नीच आचरण भनेर जान्न सकिन्छ । तसर्थ अर्थकथाले **'यं तं काय वची मनोदुच्चरितं खुद्दं लामकन्ति वुच्चति'** भनी भनिएको हो । **किञ्चि** शब्द अप्पक (=अलिकति) अर्थ वाची हो । कडा कडा महाअपराधहरू त कुरा नै गर्नु पर्दैन, अणु मात्रको अलिकतिको सानो अकुशल कर्म नै पनि गर्नुहुँदैन भन्ने अर्थ भयो ।

उक्त अकुशल कर्म आचरण गर्नुमा प्रत्यक्ष प्राप्त हुने दोष देखाउने इच्छा भएकोले **'येन विञ्ञू परे उपवदेय्युं** (=उक्त अपराध कर्मका लागि प्रज्ञावानहरूले अरुबाट निन्दा उपहास गरिने पात्र बनिनु हुने गर्दछ ।' भनी आज्ञा हुनु भएको हो । यहाँ प्रज्ञाहीनहरू त प्रमाण होइन; त्यस्ताहरूले त दोष नभएकालाई पनि दोषयुक्त भन्न सक्दछ । यहाँ प्रज्ञावानहरू मात्र प्रमाण हुन् । प्रज्ञावानहरूमा राम्ररी प्रवेश गरी, परीक्षण गरी साँच्चैको निन्दनीयलाई मात्र निन्दा गरी साँच्चैको प्रशंसा गर्न योग्य व्यक्ति भएमा मात्र प्रशंसा गर्ने बानि हुने गर्दछ । त्यसरी प्रज्ञावानहरू मात्र प्रमाण भएकोले प्रज्ञावानहरू मात्र प्रमाण हुनाले प्रज्ञावानहरूले निन्दनीय कर्महरू गर्न हुँदैन भनी बताउनुभएको हो ।

## मैत्री वृद्धिमा जान्नुपर्ने

**'सक्को उजू च'** आदि उपरोक्त अढाईवटा गाथाले मैत्री भावनाको पूर्व भागमा पूर्ण गरी राख्नुपर्ने **'मेत्ता पुब्बभाग पटिपदा'** (=मैत्रीको



Downloaded from http://www.dhamma.digital

पूर्वभागमा आचरण गर्नुपर्ने आचरणहरू) लाई देखाइएको हो । त्यसैलाई नै **'कम्मट्ठानुपचार** (=मैत्री कर्मस्थानको उपचार) भनेर पनि भन्दछन् । घरको उपचारभन्दा घरको आसपासका ठाउँ भनेर जान्न पाइनु जस्तै मैत्री भावना गर्नुभन्दा अगावै वा गर्नलाग्दा मैत्रीको अगाडि नजिकै उत्पन्न भइरहेको आचरणहरू भएकोले मैत्री भावनाको उपचार भनी भनेको हो ।

उक्त उपचार देखाइसकेपछि ती भिक्षुहरूले वृक्षदेवताहरूको भय उपद्रवलाई हटाउनको लागि परित्राण आरक्षाको निम्ति मैत्री र विपश्यनाको पादक मैत्री ध्यान कर्मस्थान लाभको निम्ति मैत्री भावना गर्ने ढंग र विधिलाई **'सुखिनो वा'** आदि द्वारा आज्ञा गर्नुभएको हो ।

**सुखं एतेसं अत्थीति सुखिनो**-सुख युक्त भएकाहरू हुनाले सुखीहरू भन्दछन् । यस अर्थद्वारा **सुख**-को स्वरूप कायिक सुख, मानिसक सुख दुवैसँग सम्बन्धित रहेको भए पनि **सुखितत्ता**-भनेर मानसिक सुखयुक्त हुनुलाई अलग्ग भनिने हुनाले यहाँ कायिक सुखलाई मात्र लिनुपर्दछ ।

**सुखं सञ्जातं अस्साति सुखितो**=उत्पन्न भइरहेको सुखयुक्त भएको चित्त हो । **सुखितो अत्ता एतेसन्ति सुखितत्ता**=उत्पन्न भइरहेको सुखयुक्त भएको चित्त भएकाहरू । **खेम** शब्द भयउपद्रव नहुनु, सीतल शान्त हुनु अर्थयुक्त रहेको हुन्छ । काय र मन सुखी हुनुको कारणले सीतल शान्त हुनु अर्थ हुन्छ; सम्पूर्ण भय उपद्रव शान्त र दान्त हुने कारणले गर्दा सीतल शान्त भई रमाइलो हुने हुन्छ । **खेमं ऐतेसं अत्थीति खेमिनो**=सीतल शान्त भएकाहरू ।

यस **'सुखिनो वा'** आदि कुरा किन बताइएको हो ? मैत्री वृद्धि गर्ने ढंग देखाउनको लागि बताइराखिएको हो । मैत्रीलाई **'सब्बे सत्ता सुखिनो होन्तु**=सकल सत्वहरू शारीरिक सुखयुक्त भएकाहरु होउन् । **खेमिनो होन्तु**=सीतल, शान्त र रमाइलो होस् । **सुखितत्ता होन्तु**=मानसिक सुखयुक्त भएका होउन् । यसरी वृद्धि गर्नुपर्दछ भन्ने अभिप्राय हो ।



Downloaded from http://www.dhamma.digital

## चोदना गर्न अयोग्य

'प्रज्ञावानहरूले निन्दा गरिने कर्म सबै नै लेश मात्र भए पनि गर्नहुँदैन' भन्ने कुराको अनन्तरमा 'सबै सत्वहरू सुखी होउन्' आदि कुरा बताइएको छ। मैत्री यसरी वृद्धि गरिनुपर्दछ आदि जस्ता कुरा अभाव हुनाले अनुसन्धि वाक्य नजोडिएको जस्तो भएको छैन र, भनी भन्ने ठाउँ छ। यो व्यवस्था तथागतका उपदेश जान्ने बुझ्नेहरूको लागि हो। त्यसरी जान्नेबुझ्नेहरूले त **'सुखिनो वा'** आदि द्वारा र **'ये केचि**...' आदि द्वारा बताउनुभएको उपदेश सुन्न मात्र पाउने बित्तिकै मैत्री वृद्धि गर्ने विधि तरिका दिइरहेको छ भनी बुझेकै हुन्छन्।

कुनै एउटा विषयवस्तु बोल्नु, भन्नु, लेख्नुको अन्तमा 'सबै सुखी होउन्' भनी अन्त गर्‍यो भने उक्त वाक्य त्यस व्यक्तिको प्रार्थना हुने जस्तै यहाँ तथागतले मैत्री वृद्धि गर्नुभएको हो भनी मान्न सकिँदैन र ? अझ यस्तो भन्न चाहनेहरू पनि छन्। **धम्मपटिगाहक** (=धर्म-श्रोता भिक्षुहरूको निम्ति बताइरहनुभएको देशनाको रूपमा प्रकट भइराखेको हुनाले ती भिक्षुहरूले पनि आफूले आचरण गर्नको निम्ति बताइरहनु भएको भाव जानी बुझिसकेको हुनाले त्यसरी सोच्नमिल्दैन।

उक्त तथ्य **'माता यथा नियंपुत्तमायुसा'** आदि द्वारा आमाले आफ्नो एक्लो छोरोलाई रक्षा गर्ने जस्तै मैत्री वृद्धि गर्नुपर्दछ आदि पछि बताउनुभई प्रेरणा दिनुहुने वचनको पनि आधार लिएर जान्न सकिने हुनाले चोदना गर्न अयोग्य भएको अवस्थामा पनि चोदना गर्नु मात्र भयो।

(५१) **ये केचि पाणभूतत्थि;**
**तसा वा थावरा व'नवसेसा।**
**दीघा वा ये व महन्ता;**
**मज्झिमा रस्सका अणुक थूला।**

(५२) **दिट्ठा वा ये व अदिट्ठा;**



Downloaded from http://www.dhamma.digital

**ये व दूरे वसन्ति अविदूरे।**
**भूता वा सम्भवेसी वा;**
**सब्बेसत्ता भवन्तु सुखितत्ता।**

(५१-५२) **अनवसेसा**=बाकी नरहने गरी सबै; **ये तसा वा**=जो तर्सने पृथग्जन शैक्षहरू र; **ये थावरा वा**=नथर्कने, स्थिर र दृढ (चित्त भएका) अरहन्तहरू र; **ये दीघा वा**=जो लामो शरीर भएका सत्वहरू र; **ये महन्ता वा**=जो ठूलो शरीर भएका सत्वहरू र; **ये मज्झिमा वा**=जो साना पनि होइनन्, ठूला पनि होइनन् पातला पनि होइनन्, मोटाहरू पनि होइनन् मध्यम खालको शरीर भएका सत्वहरू र; **ये रस्सका वा**=जो सानो दुब्लो पातलो शरीर भएका सत्वहरू र; **ये अणुका वा**=जो अतिव सानो भई अणु मात्रको शरीर भएका सत्वहरू; **ये थूला वा**=जो डल्लो भई स्थूल भई मोटो शरीर भएका सत्वहरू र; **ये दिट्ठा वा**=जो देखिने सत्वहरू र; **ये अदिट्ठा वा**=जो नदेखिने सत्वहरू र; **ये दूरे वसन्ति**=जो टाढा बसिरहेका सत्वहरू र; **ये अविदूरे वसन्ति**=जो नजिक बसिरहेका सत्वहरू र; **ये भूता वा**=जो पछि उत्पन्न हुनु नपर्ने भइसकेका अहिले उत्पन्न भइसकेका अरहन्तहरू र; **ये सम्भवेसी वा**=पछि उत्पन्न हुनुपर्ने जन्म खोजी रहेका जो पृथग्जन शैक्ष सत्वहरु र; **ये केचि**=सम्पूर्ण; **पाणभूता**=सत्वप्राणीहरू; **अत्थि**=छन्। **इमेपि सब्बसत्ता**=यी सबै सत्वहरू; **सुखितत्ता**=शरीर र मन दुवै सीतल, शान्त र सुखयुक्त भएकाहरू; **भवन्तु**=होउन्।

## भावार्थ

सम्पूर्ण थर्कने पृथग्जन शैक्षहरू, नथर्कने अरहन्त पुद्गलहरू, शरीर लामा सत्वहरू, शरीर मोटा सत्वहरू, शरीर मध्यस्थ सत्वहरू, शरीर डल्ला भई छोटा सत्वहरू, शरीर अति सानो भई अणु मात्रका सत्वहरू, शरीर मोटाएर बाटुला भएका सत्वहरू, देखिने सत्वहरू, नदेखिने सत्वहरू, टाढा बस्ने सत्वहरू, नजिक बस्ने सत्वहरू, पछि उत्पन्न नहुने, अहिले उत्पन्न



Downloaded from http://www.dhamma.digital

भइसकेका अरहन्तहरू, पछि नयाँ जन्म हुनुपर्ने शैक्ष पृथग्जनहरू, लोकमा भएका यी सत्वहरू सबै शरीर र मन दुवै सुखी होउन् ।

## विस्तृत मैत्री वृद्धि गर्ने तरिका

**'सुखिनो वा'** आदि द्वारा सत्वहरू सबैलाई एकीकृतरुपमा मैत्री वृद्धि गर्ने तरिका संक्षिप्त देखाइसक्नु भएपछि पछि ती सत्वहरूलाई **'तस, थावर'** आदि द्वारा वर्गीकृत गरी विस्तृतरूपले मैत्री वृद्धि गर्ने तरिकालाई **'ये केचि पाणभूता'** आदि द्वारा फेरि निर्देशित गर्नुभएको हो । अर्को तरिकाबाट भन्ने हो भने-सत्वहरूको चित्त अनेक प्रकारका आरम्मणहरूमा विचरण गरेर आइसकेको हुनाले शुरु गर्नासाथ नै एउटै आरम्मणमा (चित्त) दरिलोसँग गडिनेगरी अझै स्थिर हुन सक्दैन । विभिन्न आरम्मणहरूलाई बृद्धि गर्न, मनन गर्न दिइराखियो भने ती सम्बन्धित आरम्मणहरूमा क्रमशः अनुगमन गर्दै गइरहनुमा क्रमैसित वृद्धि भई दरिलो र स्थिर हुनसक्ने बन्छ । तसर्थ तस, थावर आदि विभिन्न आरम्मणमा अनुगमन गर्दै गई चित्त राम्ररी स्थीर बनाउनको लागि विस्तृत रूपमा मैत्री वृद्धि गर्ने तरिका आज्ञा गर्नुभएको हो ।

फेरि अर्को तरिकाले भन्नु बाँकी छ । चित्त भनेको जुन-जुन आरम्मणमा प्रकट हुन्छ, त्यही त्यही आरम्मणमा मात्र सजिलै सुविस्तासाथ स्थीर भई बस्दछ । त्यसैले उपदेश सुनिरहेका भिक्षुहरूका लागि जुन जुन आरम्मणमा स्पष्ट हुन्छ त्यसैमा चित्त राम्ररी स्थिर पार्नको लागि (=समाधि उत्पन्न गर्नका निम्ति) तस, थावर आदि मैत्रीका विभिन्न आरम्मणहरूलाई देखाउने **'ये केचि पाणभूता'** आदि दुईटा गाथा आज्ञा गर्नुभएको हो ।

## अर्थ दिने तरिका

**'ये केचि पाणभूता'** आदिमा **'ये केचि'**-शब्द **'अनवसेस'** (=बाँकी नहुने गरी सम्पूर्ण) अर्थ वाची हो । सम्पूर्णलाई पनि अनियम अनुसार व्यक्त गरिने हुनाले त्यसको नियम त **'सब्बसत्ता भवन्तु सुखितत्ता**-मा **सब्बसत्ता** भयो । **'तसा वा**



Downloaded from http://www.dhamma.digital

**थावरा वा**-आदि **ये केचि**-को स्वरूप सत्वहरू भयो। साँच्चै हो; **'ये केचि पाणभूता'** अनियम सामान्य भएकोले तसा वा **थावरा वा**-आदि उक्त अनियम सामान्यको स्वरूप भइरहेको अनियम विशेषहरू रहेछन्। तसर्थ **ये केचि**=... सबै अस्तित्वमा रहेका; **पाणभूता**=सत्वहरू; **ये तसा वा**=...हरू र; **ये सम्भवेसी वा**=...हरू; **अत्थि**=रहेका छन्; **इमेपि सब्बसत्ता**=... हरू; **सुखितत्ता**=.... युक्त भएकाहरू; **भवन्तु**=होउन्; यसरी पनि सम्बन्ध जोड्नुपर्‍यो। अथवा गाथामा अर्थ दिइआएको अनुरूप **तसा वा**-आदिदेखि शुरु गरेर अर्थ दिएर **ये केचि**-लाई फेरी जोड्नु पर्दछ। **वा तसा वा**=थर्कने सत्वहरू र...; **सम्भवेसी वा**=... हरू; **इति**=यसरी; **ये केचि**=....हरू; **पाणभूता**=...हरू; **अत्थि इमेपि सब्बसत्ता** आदि भनेर भएपनि सम्बन्ध राख्नुपर्दछ। यसरी तीनथरी सम्बन्ध राख्न सकिने भावलाई **'ये केचि पाणभूतत्थि तसा वा थावरा वा अनवसेसा; इमेपि सब्बसत्ता-भवन्तु सुखितत्ता'** भन्ने अर्थकथा योजना दर्शनबाट जान्न पाइन्छ।

## पाणभूता स्वरूप

**पाण, भूता** दुवै पद सत्व वाची भएकोले ती दुइटा पदमा विशेष फरक अर्थ छैन। तसर्थ **'पाणा एव भूता**=पाण लाई नै भूत भनिन्छ' भनी भनिएको हो। **'पाणन्तीति पाणा**=स्वास फेर्नेलाई **पाण** भनिन्छ' भनेर (विग्रह) गरी आश्वास प्रश्वाससँग सम्बन्ध भएको पञ्चवोकार सत्वहरूलाई ग्रहण गर्नको निम्ति र **भवन्तीति भूता**=उत्पन्न हुने भएकोले **भूत** भनिन्छ' भनी (विग्रह) गरी एकवोकार र चतुवोकार सत्वहरू ग्रहण गर्नको निम्ति अर्थकथा मा **पाण** सँग विशेषता हुनेगरी देखाई फेरि एकथरी वर्णन गरीराखिएको छ। **'पाण'**-को स्वरूप आश्वास प्रश्वाससँग सम्बन्ध भएकाहरू पञ्चवोकार (सत्व) भनी भनिएकोले भन्नुपर्ने कुरा उत्पन्न भयो। कारण के हो भने- रूपावचर (सत्वहरू) आश्वास प्रश्वास नभएका सत्वहरूमा समावेश भएका हुनाले नै हो। तसर्थ **पाण**-को स्वरूप कामावचर; **भूत**-को स्वरूप रूप, अरूपलाई लिइयो भने झन स्पष्ट हुने ठाउँ छ।

अर्थकथाको भनाईमा मिल्ने गरी यसरी पनि चिन्तन गर्न मिल्छ।



Downloaded from http://www.dhamma.digital

**आयत्त पटिबद्ध** आदिमा सम्बन्ध रहेको छ भन्नुको मतलब उत्पन्न भइसकेपछि अस्तित्वमा आइसकेपछि मात्र होइन कारण कर्मको रूपमा उत्पन्न हुनुलाई पनि सम्बन्ध रहेको छ भनेर नै भन्नुपर्दछ। असंज्ञा सत्व, अरूपहरू आश्वास प्रश्वास ध्यानका कारणले उत्पन्न हुनसक्ने अवसर नपाएर अश्वास प्रश्वाससँग सम्बन्धित छैन भनी भन्न मिल्छ। रूपावचर (हरूसँग) आश्वास प्रश्वास चारवटा ध्यानका कारणले उत्पन्न हुनसक्ने हुनाले आश्वास प्रश्वाससँग सम्बन्धित रहेको छ भनी भन्न सुहाउँछ। यस भाव अनुसार **अस्सास-पस्सास पटिबद्धे-मा अस्सास पस्सास**-को स्वरूप आश्वास प्रश्वासलाई र ध्यान दुइटैलाई लिनुपर्दछ। त्यस्तो भयो भने आश्वास प्रश्वास ध्यानद्वारा बाहेक अरु अरु ध्यानका कारणले उत्पन्न हुने ब्रह्माहरूसँग **'पाणन्तीति पाणा'** भन्ने वचनार्थलाई कसरी बोल्नु नि ? सबैको निम्ति रुढि भाव मात्र हो भन्न मिल्छ।

त्यसपछि फेरि **'सञ्जन्तीति सत्ता; पाणन्तीति पाणा'** भन्ने मत अनुसार टाँसिने, आशक्त हुने पृथग्जन सत्वहरू र आश्वास प्रश्वास गर्नेहरू पञ्चवोकार सत्वहरूलाई ग्रहण गर्नसकिने हुनाले अर्थकथामा राग रहित अरहन्तहरू, श्वास नफेर्नेहरू रूपा-रूप सत्वहरूमा पनि उत्पन्न हुनसक्ने **सत्तपाणहरूलाई** रुढि शब्दको रूपमा भनिएको हो। ताडपत्रबाट बाहेक अरु अरु माला पंखा आदिमा पनि उत्पन्न हुनसक्ने **तालवण्ट**-लाई रुढि भनी भनिएको जस्तै नै भयो।

यहाँ पनि सास फेर्ने कामावचर बाहेक सास फेर्न नपर्ने रूप-मा पनि उत्पन्न भइरहेको यस **पाण**-लाई रुढि भावमा लिएमा मात्र अर्थकथाको कथन निर्दोष हुन्छ। तर **पाण**-को स्वरूप काम सत्व, **भूत**-को स्वरूप बाँकी सत्वहरूलाई लिने विधि जति त स्वच्छ र स्पष्ट हुँदैन होला।

## तस आदि सत्वहरू

**तसन्तीति तसा**=तर्सने हुनाले **तस** भनिन्छ (भनिएको) अनुसार



Downloaded from http://www.dhamma.digital

**तस** भनेको तृष्णा-रहित भई नसकिएको हुनाले डराउने, थर्कने पृथग्जन शैक्ष पुद्गल हो । **'तिट्ठन्तीति थावरा**=नडराई, नथर्की, नचलिकन नै स्थिर र दृढ रहेको हुनाले थावर भनिन्छ' (भनिएको) अनुसार तृष्णालाई हटाइसकिएको हुनाले डर नभएका अरहन्तहरूलाई **थावर** भनिन्छ ।

**दीघ**-शब्द शरीरको आकार प्रकार लामो हुने सर्प, माछा, गोही आदि सत्वहरू हुन् । **महन्त**-त ठूलो शरीर भएकाहरू माछा, कछुवा आदि जल ( चर) सत्व, हात्ती आदि स्थलचर सत्व राहु आदि देवताहरू नै हुन् । घोडा, गाई, बैल, राँगो, सुँगुर आदि शरीरको गठन मध्यस्थ रूपमा रहेका सत्वहरूलाई **मज्झिम**-भनिन्छ । **रस्स**= पुड्के सत्वहरू भनेका विभिन्न सत्वहरूमा दीर्घ मज्झिम-हरू भन्दा होचा रहेका साना साना सत्वहरू हुन् ।

**अणुक**- त प्रकृति आँखाको क्षेत्र होइन; दिव्य चक्षुको क्षेत्र भएकाहरू अतिव साना साना अणु प्रमाणका सत्वहरू हुन् । अथवा महन्त, मज्झिम र थूल मज्झिमहरू भन्दा साना प्रमाणका प्राणीहरूलाई लिनुपर्दछ । **थूल**-बाटुलो शरीर भएका प्राणीहरू चिप्लेकीरा, शंख कीरा, कछुवा आदि जस्ता सत्वहरू हुन् । आफ्नो आँखाले भ्याउनेगरी देखिने प्राणीहरूलाई **दिट्ठ**-भनिन्छ । समुद्र पारी, पर्वत पारी, चक्रवाल पारी आदि ठाउँमा बस्ने आँखाले नभेटिने नदेखिने सत्वहरू त **अदिट्ठहरू** भए । **विदूर**-लाई **अतिदूर** (=धेरै टाढा) भनी अर्थ दिइएको छ । त्यसो हुनाले अविदूरलाई टाढा पनि नपर्ने र नजिक पनि नपर्ने भनी अर्थ दिइएको छ । यहाँ दूर-को उल्टो भएकोले नजिक भनेर मात्र अर्थ दिनु पर्दछ । तसर्थ आफ्नो शरीरमा भएका सत्वहरूलाई **अविदूर** भनेर र आफ्नो शरीरभन्दा बाहिर रहेका सत्वहरूलाई दूर भनी भन्नुपर्दछ । अर्को ढंगले- आफ्नो घर विहारको उपचारको भित्र र बाहिर र आफ्नो विहार, गाउँ जनपद, द्वीप, चक्रवाल भित्र बाहिर अविदूर-दूर छुट्याउनु पर्दछ ।

**भूत**-भनेकाहरु उत्पन्न भइसकेकाहरू भएकोले पछि उत्पन्न नहुने भएका अरहन्त पुदगलहरू नै हुन् । **सम्भवं एसन्तीति सम्भवेसिनो**=आगामी जन्ममा उत्पन्न हुनलाई कारण कर्म खोज्ने बानी रहेको हुनाले **सम्भवेसी**



Downloaded from http://www.dhamma.digital

भनिन्छ । संयोजन रहित भई नसकेको हुनाले पछिको जन्मको सम्बन्धलाई खोज्न जान्ने पृथग्जन शैक्षलाई **सम्भवेसी** भनिन्छ । यस **भूत, सम्भवेसी**लाई प्रतिसन्धि अनुसार अर्को तरिकाबाट पनि छुट्याई राखिएको छ । **अण्डज** (=अण्डामा जन्म हुने सत्व), **जलाबुज** (=पाठेघरमा उत्पन्न हुने सत्व) हरू अण्डाबाट र पाठेघरबाट ननिस्केसम्मलाई **सम्भवेसी** भन्नुपर्दछ । अण्डाबाट वा पाठेघरबाट निस्केपछि मात्र **भूत** हुन्छ ।

**संसेदज** (=सडे-गलेका फूल, कोपिला, रुखका बोक्रा आदिमा उत्पन्न हुने सत्व), **ओपपातिक** (शरीर प्रकट रूपमा उत्पन्न हुने सत्व), प्रथम चित्तक्षणमा **सम्भवेसी** भनेर तथा दोस्रो चित्त-क्षणदेखि पछि **भूत** भनेर छुटाउनु पर्दछ । जुन ईर्यापथबाट उत्पन्न हुने हो; त्यस ईर्यापथ परिवर्तन नभएसम्म **सम्भवेसी** हुन्छ । परिवर्तन भई गएको अवस्थादेखि **भूत** रूपमा पुग्नेछ भनेर पनि एकथरी छुट्याउनु पर्दछ ।

## दुक, तिक

यी गाथाहरू अनुसार दुक चारवटा दुक, तिक तीनवटा तिक अनुसार मैत्री वृद्धि गर्ने तरिका सातथरी छन् ।

Dhamma.Digital

## चार दुक

(१) तस, थावर दुक; (२) दिट्ठा, दिट्ठ दुक; (३) दूर, सन्तिक दुक; (४) भूत, सम्भवेसी दुकहरू नै हुन् ।

## तीन तिक

(१) दीघ, रस्स, मज्झिम तिक; (२) महन्त, अणुक, मज्झिम तिक (३) थूल, अणुक, मज्झिम तिकहरू हुन् ।

यी दुक तिकहरू अनुसार मैत्री भावना वृद्धि गर्ने तरिका अर्थकथाले सम्बन्ध जोडेर देखाइएको विधि अनुरूप **'ये केचि पाणभूतत्थि'** लाई र



Downloaded from http://www.dhamma.digital

**'इमेपि सब्बसत्ता भवन्तु सुखितत्ता'** लाई प्रत्येक दुक र प्रत्येक तिक मा जोडेर मैत्री भावना सातथरी उद्धृत गरी लिनुपर्दछ।

**१- ये केचि पाणभूतत्थि तसा वा थावरा वा इमेपि सब्बसत्ता भवन्तु सुखितत्ता।**

**२- ,, दिट्ठा वा आदिट्ठा वा ,, ,, ।**

**३- ,, दूरे वा सन्तिके वा वसन्ता ,, ,, ।**

**४- ,, भूता वा सम्भवेसी वा ,, ,, ।**

**५- ,, दीघा वा रस्सा वा मज्झिमा वा ,, ,, ।**

**६- ,, महन्ता वा अणुका वा मज्झिमा वा,, ,, ।**

**७- ,, थूला वा अणुका वा मज्झिमा वा,, ,, ।**

अर्थ

(१) डरले थर्कने पृथग्जन शैक्ष र नथर्कने अरहन्त यी पुद्गलहरू सबै शरीर र मन दुवै सुखी भएका होउन्।

(२) देखिने सत्वहरू, नदेखिने सत्वहरू यी सत्वहरू सबैजना शरीर र मन दुवै सुखी होउन्।

(३) नजिक रहेका सत्वहरू, टाढा रहेका सत्वहरू;

(४) उत्पन्न भइसकेका अरहन्तहरू र उत्पन्न हुनका लागि कर्म खोजिरहने पृथग्जन शैक्षहरू;

(५) शरीर लामो हुने सत्वहरू, छोटो हुने सत्वहरू, लामो पनि होइन छोटो पनि होइन मध्यस्थ हुने सत्वहरू;

(६) शरीर ठूला सत्वहरू, साना सत्वहरू, ठूला पनि नभएका साना पनि नभएका मध्यस्थ आकारका सत्वहरू;



Downloaded from http://www.dhamma.digital

७) शरीर मोटाएर डल्लो परेका सत्वहरू, साना सत्वहरू, मध्यस्थ सत्वहरू, यी सत्वहरू सबै नै शरीर र मन दुबै सुखी होउन् ।

## टिप्पणी

उपरोक्त **सुखितत्ता**-मा पछाडि **सुखिनो** रहेको हुनाले **अत्त**-शब्दले चित्तलाई मात्र व्यक्त गर्दछ । यहाँ अत्तलाई स्कन्ध शरीर सिंगै समावेश गरी शरीर र मन व्यक्त गरिने भनी मानेर **सुखितत्ता**= सीतल शान्त सुखयुक्त शरीर र मन दुईथरी भएकाहरू भनी अर्थ दिएको छु । तसर्थ यहाँ शरीर र मन दुइथरी सुखी होउन् भनी अनुवाद गरेको हुँ ।

(५३) **न परो परं निकुब्बेथ;**
**नातिमञ्ञेथ कत्थचि न कञ्चि ।**
**ब्यारोसना पटिघसञ्ञा;**
**नाञ्ञमञ्ञस्स दुक्ख'मिच्छेय्य ।**

(५३) **परो**=कसैले पनि; **परं**=कसैलाई; **न निकुब्बेथ**=छल कपट गर्न हुन्न; **कत्थचि**=कुनै ठाउँमा पनि (कतै पनि); **कञ्चि**=कसैले; **नं**=अरुलाई; **नातिमञ्ञेथ**=अभिमान प्रकट गरी अवहेलना र अपमान गर्न हुन्न; **ब्यारोसनाय**=शरीर र वचनद्वारा अपमान र अवहेलना गरी शास्ति गर्नुद्वारा; **पटिघसञ्ञाय**=द्वेष चित्तद्वारा; **अञ्ञमञ्ञस्स**=परस्पर (एकले अर्काको); **दुक्खं**=दुःख दिने; **न इच्छेय्य**=इच्छा गर्न हुन्न ।

## भावार्थ

कसैले पनि कसैलाई छलकपट गर्न हुन्न; जस्तोसुकै ठाउँमा होस् कसैलाई पनि अपमान र अवहेलना गर्न हुन्न; शरीर र वचनद्वारा कष्ट दिएर शास्ति गर्नुद्वारा र द्वेष चित्तद्वारा परस्परमा एकले अर्कालाई दुःख दिने इच्छा गर्न हुन्न ।



Downloaded from http://www.dhamma.digital

## मैत्री वृद्धि तरिका अर्को थरि

मैत्री भावना भनेको सत्वहरूप्रति सुख सुविधा प्राप्तिको निम्ति कामना गर्नुद्वारा मात्र वृद्धि गर्ने होइन; अनर्थ हुने दुःखमा नपर्नको लागि कामना गर्नुको सामर्थ्य अनुसार पनि वृद्धि गर्नु पर्ने नै रहेछ । तसर्थ **'सुखिनो वा'** आदि द्वारा सत्वहरू सुखी बनाउने कामना र वृद्धि गर्ने तरिका देखाइसकेपछि अब **'न परो परं'** आदि द्वारा दुःख कष्ट पर्नबाट रक्षा गर्नको निम्ति कामना गर्ने तरिकाले वृद्धि गर्ने ढंग दोहरो निर्देशित गर्नुभएको हो ।

## ब्याकरण अनुसार स्पष्टीकरण

(**'न निकुप्पेथाति न कोपेय्य, न वञ्चेय्य वा'** भन्ने परित्राण टीकाको छन्द (मति) अनुसार **'न निकुप्पेथ'** हुनुपर्दछ। रिस नउठाउनु अर्थहरू **'ब्यारोसना पटिघसञ्ञा नाञ्ञमञ्ञस्स दुक्खमिच्छेय्य'** भन्ने तथ्यद्वारा नै सिद्ध भइरहेको हुनाले अनावश्यक भनी भन्न योग्य छ। **'न वञ्चेय्य'** वर्णनसँग **'न निकुब्बेथ'** पनि सान्दर्भिक छैन । **'न निकुब्बेथा' ति न वञ्चेय्य'** भन्ने अर्थकथाको विचारसँग पनि मिल्दैन । नि+कर-द्वारा सिद्ध रहेको निकति-शब्दले छलकपट गर्नु अर्थ व्यक्त गरिने जस्तै नि+कर द्वारा नै सिद्ध भइरहेको **निकुब्बेथं** ले पनि छलकपट गर्नु अर्थ व्यक्त गर्दछ भनी **'न वञ्चेय्य'** द्वारा जनाइरहेको छ ।

कुनै कुनै क्षेत्रमा **निकति** सँग वञ्चना फरक रहेको तरिका देखाइराखेको छ। **'वञ्चना'** भन्नाले सम्बन्धित कारण उपायद्वारा छल्नु भएकोले **'निकति'**-यन्त्र-मन्त्र, इन्द्रजालद्वारा सुन नभएकोलाई सुन, आदि बनाई छल्नु भनी भनिन्छ। यहाँ त दुबै थरी नै **वञ्चेय्य-** को स्वरूप भएका छन् । त्यति मात्र होइन; **'तुलाकूट**=ढकले छल्नु, **कंसकूट**=मानाले छल्नु, **मानकूट**=पाथीले छल्नु आदि विभिन्न किसिमले छल्नुलाई पनि लिनु नै पर्दछ। **वञ्चना**-लाई **'अञ्ञथा ठितस्स**=एक प्रकारको भएको; **वत्थुनो**=चीज वस्तुलाई; **अञ्ञथारूपेन**=अर्को तरिका आकारबाट; **कथनादिना**=बोल्नु बताउनु आदिद्वारा; **अञ्ञमोहोप्पादनं**=अरुलाई मोह उत्पन्न हुने गरी गर्नु हो' भनेर वर्णन गरिराखेको *थोमनिधि (स्तोमनिधि)* अनुसार यस **वञ्चेय्य-**मा **वञ्चना-**ले पनि उक्त स्वभाव अनुसार-सम्पूर्ण किसिमका छलकपट गर्नुलाई लिनसकिन्छ ।)



Downloaded from http://www.dhamma.digital

## कामना गर्नु

छल गर्नु, ठग्नु, कपट व्यवहार गर्नु उक्त व्यक्तिप्रति मैत्री नहुनुको कारणले नै उत्पन्न हुन्छ । त्यस्तै नै छलकपटमा पर्ने व्यक्तिले पनि रिस गर्छ नै । यसरी दुवै पक्षलाई नै खराब फलहरू उत्पत्ति वृद्धि हुनसक्ने हुनाले यो छलकपट गर्न हुन्न भन्ने मैत्रीलाई वृद्धि गर्नु पर्दछ ।

अभिमान बढाई चढाई गर्नु पनि मैत्री नराखिनेहरूप्रति मात्र हुन्छ । आफूलाई धेरै मन पर्ने सम्मान राखिने व्यक्ति भयो भने उक्त व्यक्तिप्रति चित्त कोमल भइरहने हुँदा मान भन्ने रहिरहन सक्दैन । तसर्थ मान मैत्री अभावको लक्षण चिन्ह नै हो । अभिमान चढेको व्यक्तिलाई देख्ने बित्तिकै हेर्न मन नपर्ने हुन्छ । झन यदि अपमान गरियो भने त नरिसाइकन कहाँ पो बसिरहन सक्लान् र । त्यसो हुनाले मान पनि मान चढेको र अपमानित भएको दुवै पक्षलाई खराब फल उत्पन्न गराउने कारण भएको हुनाले सत्वहरूप्रति चेतना भएका सबैले यस 'नातिमञ्ञेथ' अपमान गर्न हुन्न भन्ने कामना गर्नु पर्ने नै भयो ।

**(ब्यारोसना पटिघसञ्ञा**-भन्ने पदमा **'निन्दा ब्यारोस उपारम्भभया'** *उपरिपण्णास (१२२)* -मा **'ब्यारोस**-लाई घट्टन (=घोट्नु, छुनु) भनेर त्यसको अर्थकथामा वर्णन गरिएको छ । **'रोसेहि रोसक'** आदिमा रोस-लाई पनि घट्टन भनेर नै सम्बन्धित अर्थकथामा वर्णन गरिएको छ । कुनै कुनै ठाउँमा रोसक-लाई कोधजनक (=रिस, क्रोध उत्पन्न गराउने) भनेर वर्णन गरिराखेको देखिन्छ ।

रुस-धातुलाई हिंसा (=शास्ति गर्नु), **कोध** (=क्रोध (रिस) गर्नु) भनेर *धातु-ग्रन्थ*मा अर्थ दुईथरी देखिएको हुनाले हिंसा भनेको घट्टन नै हो । **घट्टन**=घोट्नु-छुनु भनेको शरीरले कुट्नु, पिट्नु, वचनले गाली गर्नु आदि शास्ति गर्नु, अवहेलना गरी कष्ट दिनु नै हो । कोधजनक-क्रोध उठ्ने गरी गर्नु भनेको पनि कुट्नु, लात्ता हान्नु, गाली गर्नु आदि कार्यहरू नै भएको हुनाले अर्थ फरक रहे पनि घट्टन स्वभावसँग स्वभावतः फरक छैन । तसर्थ **'ब्यारोसना'** भनेको शरीरले कुट्नु, लात्ता हान्नु आदि र वचनले गाली गर्नु आदिद्वारा छुनु, अवहेलना गर्नु, कष्ट दिनु नै हो भनी अनुभूति गर्नु पर्दछ । **'ब्यारोसनाय'** भनी भन्न खोजेको हुनाले पनि **'सम्मदञ्ञा विमुत्तो'**



Downloaded from http://www.dhamma.digital

**'पटिसङ्घा योनिसो'** आदि आदिमा जस्तै य लोप भइराखेको हो। **'सुत्ते सुखुच्चारणत्थमक्खरलोपो'** भन्ने *सद्दनीति (सुत्त ४१)* अनुसार पालिमा सुखुच्चारणको लागि य-लोप भएको व्यक्त गरिराखे पनि यहाँ छन्द गण रक्षणको लागी भनी भन्नुपर्दछ। **पटिघसञ्ञा** पनि यस्तै नै हो; **पटिघसञ्ञा**-मा **सञ्ञा**-लाई प्रमुख गरेर द्वेष चित्तलाई भनिएको हो भनी जान्नुपर्दछ।)

**'ब्यारोसना पटिघसञ्ञा'** लाई **'नातिमञ्ञेथ'** सँग जोडिएर रहेको हुन सक्छ। अर्थकथामा **'नाञ्ञमञ्ञस्स दुक्खमिच्छेय्य'** सँग सम्बन्ध जोड्नको निम्ति वर्णन गरिराखिएको हुनाले उक्त सम्बन्धलाई होश गर्नु उचित हुनेछ। द्वेष भन्ने उत्पन्न भयो भने आफूलाई पनि प्रतिकूल हुन्छ, खराब हुन्छ, त्यो भोग्नु पर्नेको निम्ति पनि मानसिक दुःख र शारीरिक दुःख हुने कारण, परस्पर एकले अर्कोलाई द्वेष उत्पन्न हुनुको कारण मात्र बन्दछ। तसर्थ सत्वहरूलाई शुभमंगल गर्ने चेतना भएका साराले त्यस्ता दोष उत्पन्न हुन नदिनको लागि, स्नेहपूर्ण भएर बस्नको लागि कामना गर्ने गर्दछन् नै। तसर्थ पारस्परिक दुःख कर्म नगरुन् भनेर मैत्री राख्नको लागि आज्ञा हुनुभएको हो।

(५४) **माता यथा नियं पुत्त'-**
**मायुसा एकपुत्त'मनुरक्खे।**
**एवम्पि सब्बभूतेसु;**
**मानसं भावये अपरिमाणं।**

(५४) **माता**=जन्मदाता उपकारक आमाले; **नियं पुत्तं**=आफ्नो औरस पुत्र; **एकपुत्तं**=एक्लो छोरोलाई; **आयुसा**=आफ्नो प्राण समान नै; **अनुरक्खे यथा**=निरन्तर रक्षा गरिरहे जस्तै; **एवम्पि**=यसरी नै; **सब्बभूतेसु**=सम्पूर्ण सत्वहरूप्रति; **अपरिमाणं**=परिमाणरहित भएको; **मानसं**=मैत्री चित्तलाई; **भावये**=बार बार धेरै पटक भाविता र वृद्धि गर्नुपर्दछ।



Downloaded from http://www.dhamma.digital

## भावार्थ

जन्मदाता आमाले आफ्नो औरस पुत्र एक्लो छोरोलाई आफ्नो प्राण बाजी राखेर पनि सधैं रक्षा गरिरहने जस्तै नै सम्पूर्ण सत्वहरूप्रति परिमाण रहित भएको मैत्रीचित्त भाविता र वृद्धि गर्नुपर्दछ।

## आमाले झैं मैत्री राख्नुपर्दछ

सत्वहरूप्रति सर्वाधिक असल भएको सबभन्दा दरिलो किसिमले राख्नुपर्ने मैत्री भावनाको क्षेत्रमा वाञ्छनीय रहेको छ। लोकमा छोरा छोरीहरूप्रति राखिने आमाको मैत्री सर्वाधिक सर्वोत्तम मैत्री हुनाले उक्त आमाको जस्तो मैत्री सत्वहरूप्रति राख्नुपर्ने भावलाई **'माता यथा'** आदिद्वारा प्रेरणा दिनुभएको हो।

## माथामा जान्नुपर्ने

यहाँ आमाले स्वयम् नौ दश महिनासम्म (गर्भमा राखेर) बोकेर जन्मदिनु पर्ने कारणले गर्दा र सदैव नजिक राखेर शरीरबाट नछुटाई काखमा च्यापीच्यापी दूध ख्वाई भरण पोषण गरिआएको हुनाले बुबाको भन्दा आमाको मैत्री चित्त प्रबल रहेछ। तसर्थ अत्यधिक भएको मैत्रीलाई उपमा दिइएको यस अवस्थामा आमाको मैत्रीलाई लिइएको हो। धर्मपुत्रलाई पनि पाल्ने आमाहरूले अतिव स्नेह राख्ने गर्दछन्। तर स्वयम् आफूले जन्म दिएको औरस-पुत्रलाई गरिने स्नेह जति त उच्च हुन सक्दैन। औरस पुत्रलाई मात्र सर्वाधिकरूपले माया लागीरहन्छ। त्यसो हुनाले **नियं पुत्तं**=आफ्नो औरस पुत्र भनेर विशेष 'प्रयोग' गर्नुभएको हो।

औरस पुत्रहरूमध्येमा पनि छोरा-छोरीहरू धेरै भएकी आमाले स्नेह गर्नुपर्ने धेरै हुनाले सर्वाधिक स्नेह भनी बताउन गाऱ्हो हुनसक्छ। एक्लो मात्र छोरो हुने आमाले एक्लो पुत्रप्रति सबै एकत्र गरी हृदयमा प्रवेश गराई स्नेह राखीरहने हुनाले अत्याधिक भएको मैत्रीलाई लिनचाहेको यस ठाउँमा



Downloaded from http://www.dhamma.digital

**एकपुत्त**=एक्लो छोरोको भाव (पुत्रत्व) देखाई बताइएको छ।

यतिसम्म स्नेह शक्ति प्रबल रहेकोलाई **आयुसा**-द्वारा देखाइएको हो। प्राणले समेत रक्षा गर्दछिन् भनिएकोमा प्राण नै त्याग गरेर रक्षा गर्दछिन् भन्ने मतलब भयो। यहाँ **अपि**-नभए पनि अर्थ्याउँदा **अपि**- अर्थ लगाउनु योग्य छ। प्राणद्वारा समेत पनि रक्षा गरिरहन्छे। अरु अरु शरीर स्कन्ध वा चीजबस्तु भयो भने भन्ने ठाउँ नै छैन भनी सम्भावनालाई प्रदिप्त गरी देखाउनुभएको हो। तसर्थ **'आयुसा**=आफ्नो प्राणद्वारा समेत पनि' भनी अर्थ दिएको छु। त्यस्तो अर्थ ग्रहण गराउन चाहेकोले **'अत्तनो आयुम्पि चजित्वा'** भनेर **आयुसा**-लाई अर्थकथामा उल्लेख गरिएको छ।

*परित्राण टीका* मा **'आयुसा जीवितेन समं जीवितहेतु वा'** भनी वर्णन गरिएको छ। **'जीवितेन समं'** द्वारा आयुसा-लाई प्राणसँग समान रूपले भनी ( अर्थ) दिनुपर्दछ, भन्ने अभिप्राय रहेको भए पनि **'अत्तनो आयुम्पि चजित्वा'** भन्ने अर्थकथाको अर्थ जति उम्दा छैन। आफ्नो प्राण समेत त्याग गरेर रक्षा गर्छे भनेको आफ्नो प्राणभन्दा पनि बढी प्यार गर्छे भन्ने अभिप्राय भएकोले यही अर्थ पो बढी गहिरो छ। **जीवितहेतु वा** अनुसार प्राणको कारणले, प्राण भनिने कारणले भन्ने यो पछिल्लो अर्थमा अभिप्राय राम्ररी प्रकट हुँदैन।

## अभिप्रेत अभिप्राय

आफ्नो एक्लो औरस पुत्रलाई प्राणको बाजी राखेर रक्षा गरिरहने आमाको जस्तो मैत्री सत्वहरूप्रति राखेर मैत्री वृद्धि गर्नुपर्दछ; त्यसरी वृद्धि गर्दा पनि कुनै-कुनै सत्वहरूलाई आरम्मण नगरिकन बाँकी छोड्यो भने कुनै कुनै सत्वहरूप्रति मात्र पुग्नाले त्यो प्रमाण **सिमाना** (=परिमाण) युक्त भएको मैत्री भनी भन्नुपर्दछ। त्यसरी नगरी कसैलाई नछुटाई सम्पूर्णलाई आरम्मण गरेर सम्पूर्णप्रति पुऱ्याइएको मैत्रीलाई **अपरिमाण**=सिमाना वा परिमाणरहित भएको मैत्री भनिन्छ। त्यस्तो **अपरिमाण** (=अपरिमाण) मैत्री वृद्धि गर्न पर्नुलाई अपरिमाणं-द्वारा देखाइ राखिएको हो। एक्लोको लागि मात्र भए पनि यस क्षेत्रमा मात्र छुटाई वृद्धि गर्छु



Downloaded from http://www.dhamma.digital

यस क्षेत्रलाई त वृद्धि गर्दिनँ भनी स्कन्ध शरीरमा सिमाना राखी वृद्धि गऱ्यो भने त्यो प्रमाण सिमाना भएको मैत्री हुन्छ। त्यसो नभई फलानो एकजनाप्रति पनि कुनै क्षेत्र, कुनै भागलाई पनि बाकी नछाडी निरवशेष रूपले साराप्रति वृद्धि गरियो भने **अपरिमाण** भनेर नै भन्नुपर्दछ। तसर्थ **'अपरिमाण सत्तारम्मणवसेन वा**=परिमाण सिमाना नहुने गरी सत्वहरू सबैप्रति आरम्मण भएको प्रभावले अथवा **एकस्मिं सत्ते**=एउटा सत्वप्रति पनि; **अनवसेस फरणेन वा**=निरवशेष रूपले फैलाउनुको प्रभावले' भनेर अपरिमाण-को अनुसार प्रमाण सिमाना नभएको ढंग अर्थकथाले वर्णन गरेको हो।

**भावये**-लाई **पुनप्पुनं जनये वड्ढये**=बारबार उत्पन्न गराउनु, वृद्धि गर्ने गर्नु पर्दछ भनेर अर्थकथामा वर्णन गरिएको छ। त्यस अर्थ अनुसार वृद्धि गर्नु पर्दछ भनेर पनि (अर्थ) दिन सकिन्छ। आफ्नो भाषामा **'भावेति, भावेन्तो'** आदि उक्त सम्बन्धित क्षेत्रमा वृद्धि गराउनुलाई वृद्धि गरिरह्यो भनेर नै व्यवहार गर्ने चलन रहेको छ। भावना वृद्धि गरिरह्यो आदि उक्त सम्बन्धित प्रयोगअनुसार यहाँ वृद्धि गर्नु पर्दछ भनेर मात्र अर्थ अनुवाद दिएको छु।

(५५) **मेत्तञ्च सब्बलोकस्मिं**
**मानसं भावये अपरिमाणं।**
**उद्धं अधो च तिरियञ्च;**
**असम्बाधं अवेर'मसपत्तं।**

(५५) **उद्धं**=माथिको लोक अरूप भूमिमा र; **अधो**=तलको लोक काम भूमिमा र; **तिरियं**=बिचको लोक रूप भूमिमा; **सब्बलोकस्मिं**=सम्पूर्ण लोकमा; **अपरिमाणं**=परिमाणरहित भएको; **मेत्तं**=मैत्रीयुक्त भएको; **मानसं**=चित्तलाई; **असम्बाधं**=परिमाणरहित भई संकीर्णतारहित भएकोलाई; **अवेरं**=द्वेष भनिने आन्तरिक शत्रुता पनि नभएकोलाई; **असपत्तं**=दु:ख कष्ट दिएर शत्रुभाव राख्ने बाह्य शत्रु पनि नरहेकोलाई (**कत्वा**=गरेर); **भावये**=भावना वृद्धि गर्नुपर्दछ।



Downloaded from http://www.dhamma.digital

### भावार्थ

माथि अरूप भूमिमा, तल कामभूमिमा, बिचमा रूप भूमिमा सम्पूर्ण लोकमा परिमाण सिमाना नभएको मैत्री चित्तलाई सिमाना नहुनेगरी संकर्णता नहुने गरी, द्वेष भनिने आन्तरिक शत्रु नहुने गरी, बाह्य शत्रु पनि नहुने गरी भाविता र वृद्धि गर्नुपर्दछ ।

### मैत्री फिजाउने तरिका

उपरोक्त गाथामा मैत्रीलाई सिमाना परिमाण नराखिकन वृद्धि गर्नुपर्ने कुरा बताइसकेको छु । नाप परिमाण नराखी वृद्धि गर्नु पर्दछ भनेको सबैतिर फिजिने गरी वृद्धि र भाविता गर्नुपर्दछ भन्ने मतलब हो । तसर्थ मैत्रीलाई लोकको सारा ठाउँमा फिजाई वृद्धि गर्ने ढंगलाई **'मेत्तञ्च'** आदिद्वारा देखाउनुभएको हो ।

### सिंगै लोक

यहाँ **सब्बलोक**-को स्वरूपलाई नियमित गरी देखाउन चाहेकोले **'उद्धं अधो तिरियं'** भनी भनिएको छ । **उद्धं**-को स्वरूप अरूपभूमि, **अधो**-को कामभूमि **तिरियं**-को रूपभूमि मान्नुपर्ने वर्णन गरिसकेपछि अर्को तरिकाबाट **उद्धं**-को स्वरूपमाथि भवाग्रसम्म, **अधो**-को तल अवीचि नर्क सम्म, **तिरियं**-को बाँकी बिचको क्षेत्रलाई मानीलिनको लागि फेरि भिन्नै तरिकाले वर्णन गरिएको छ । जुनसुकै विधि अनुसार मानिएको भएपनि **सब्बलोक** प्राप्त भएको नै हुनाले दुवै विधि उचित नै छन् । बुद्ध तथागतले देशना गर्नुभएको समयमा उपदेश सुन्ने भिक्षुहरूमा पनि फरक फरक दृष्टि दुइटा नै रहेको हुन सक्छन् । तर **सब्बलोक**-लाई अभिप्रेत हो भनी बुझिने विषयमा समान दृष्टि नै रहेको हुनुपर्दछ ।

### असम्बाध

सिमाना परिमाण भएको ठाउँलाई **सम्बाध** (संकीर्ण भएको) भनी



Downloaded from http://www.dhamma.digital

भनिन्छ। सीमाना भङ्ग भयो भने मात्र विशाल र विस्तृत हुन्छ। यहाँ शत्रुलाई सीमा (=विभाजन) भनिएको छ। मैत्रीको क्षेत्रमा यो व्यक्ति त मेरो शत्रु हो भनेर मैत्री वृद्धि नगरी बाँकी छोड्यो भने सिमाना परिमाण खडा हुन जानाले संकीर्ण रहेको हुन्छ। **भिन्नसीम** (=विभाजन भंग) हुने गरी शत्रुलाई पनि बाँकी नराखी शत्रुप्रति पनि मैत्री पुग्नेगरी गर्नसक्यो भने भेद भंग भएर संकीर्णता रहित भई मैत्री क्षेत्र व्यापक भएर जानुलाई नै **असम्बाध** भनिएको हो।

अर्को तरिकाले भनियो भने-भावना परिपूर्ण नहुँदै सम्पूर्ण लोकभरी, मैत्री चित्त फिजाई वृद्धि गर्नको लागि अझै सजिलो नहुने भए पनि भावना पूर्ण भई बलवान हुँदै आउने बेलामा कुनै अवकाश लोक पनि बाँकी नछुट्ने किसिमले सारा ठाउँमा फिजाई वृद्धि गर्न सकिने हुन्छ। यसरी भूमिलोक सारा ठाउँमा फिजाई वृद्धि गर्न सकिने बेलामा मैत्री **असम्बाध**-हुनथाल्दछ। यस कथन अनुसार **असम्बाध** हुनलाई **भिन्नसीम** (=विभाजन भंग हुनेगरी गर्न सक्ने) हुने हुँदा भावना प्रबल भई आएमा मात्र हुनसक्ने सम्भावना छ। उपचार ध्यान अर्पणा ध्यान लाभ भएमा मात्र त्यस्तो हुन सक्छ। त्यसो हुनाले ती ध्यानलाभीहरूको मैत्रीलाई **असम्बाध** भनी भन्नु पर्ने कुरा जान्नुपर्दछ।

## सीमा सम्भेद

यहाँ **सीमा सम्भेद** हुने सम्बन्धमा बोल्ने अवसर आइपुगेको हुनाले *विशुद्धिमार्ग*मा उल्लिखित मैत्री वृद्धि तरिका कार्यप्रणाली संक्षिप्त मात्रलाई जोडेर उल्लेख गर्नेछु। मैत्री भावनाको क्षेत्रमा सबभन्दा पहिले मैत्री वृद्धि गर्न नहुनेहरू, वृद्धि गर्न हुनेहरू, बिल्कुलै वृद्धि गर्न नहुनेहरू रहेकाले अप्रिय व्यक्तिप्रति मैत्री 'प्रथमतः' वृद्धि गर्न हुँदैन। वृद्धि गऱ्यो भने द्वेष उत्पन्न हुन सक्ने हुनाले मैत्री उत्पन्न हुन गहारो हुन्छ। अति प्रिय व्यक्तिप्रति तृष्णा प्रेम रहने हुनाले सो व्यक्तिको सुख दुःखको निम्ति शोक आदि उत्पन्न हुनसक्ने



Downloaded from http://www.dhamma.digital

हुनाले मैत्री वृद्धि पक्ष सजिलो छैन। अप्रिय पनि होइन, प्रिय पनि होइन, मध्यस्थ व्यक्ति जसप्रति आफूले मन पराउनु र सम्मान गर्नु नरहेको हुनाले मन परेको र सम्मान गर्नु पर्नेको ठाउँमा राख्नु एउटा गाऱ्हो काम नै भयो। शत्रुप्रति त द्वेष उत्पन्न हुने भएकोले शुरुमा वृद्धि गर्नलाई झनै सजिलो छैन। तसर्थ यस्ता चारजना व्यक्तिहरूप्रति पहिले मैत्री वृद्धि गर्नु हुँदैन।

विपरीत लिङ्गीहरूप्रति राग उत्पन्न हुनसक्ने, मृतकप्रति वृद्धि गरियो भने अर्पणा ध्यान र उपचार ध्यान लाभ गर्न नसकिने हुनाले यस्ता दुई पक्ष प्रति त बिलकुल नै वृद्धि गर्न अयोग्य छन्। तसर्थ मैत्री वृद्धि कामी व्यक्तिले **'अहं सुखितो होमि निद्दुक्खो**=म सुखी होउँ, दुःख रहित होउँ' आदि भनेर आफूले आफैलाई पहिले वृद्धि गर्नुपर्दछ। आफूले आफैलाई वृद्धि गर्नु ध्यान लाभको लागि त हुन सक्दैन। तर म सुखी हुन चाहेजस्तै, म दुःखी हुन नचाहे जस्तै अरु अरु सत्वहरू पनि दुःखबाट मुक्त हुने इच्छा गर्दछन्; सुखी हुने इच्छा गर्दछन् भनेर-आफूलाई साक्षी प्रमाण राखेर अरु सत्वहरूप्रति हित कामना गर्ने, सुख कामना गर्ने प्रवृत्ति उत्पन्न हुनसक्ने हुनाले आफूले आफैलाई पहिले (मैत्री) वृद्धि गर्नुपर्दछ।

त्यसपछि आफूले मन पराई गौरव राख्नुपर्ने आचार्य, उपाध्याय आदिहरूप्रति उनीहरूका शील, श्रुतगुण, प्रेमनीय बोलीवचन र क्रियाकलाप आदि सम्माननीय, प्रसादनीय गुणहरू सम्झेर **'एस सप्पुरिसो सुखिनो होतु, निद्दुक्खो**=यिनी सत्पुरुष सुखी होउन; दुःख रहित होउन्'; आदि भनेर मैत्री वृद्धि गर्नुपर्दछ। त्यसरी आफ्नो हित कामना गरी गौरवनीय, सम्माननीय आचार्य आदिहरूप्रति वृद्धि गर्दै लगिएको मैत्री अभ्यास प्रबल हुँदै आउँदा अतिप्रिय साथी, अप्रिय पनि नभएको प्रिय पनि नभएको मध्यस्थको व्यक्ति र शत्रुहरूप्रति फेरिफेरि क्रमशः वृद्धि गर्दै लानुपर्दछ। अभ्यास भाविता वृद्धि गरिसकेपछि शत्रुप्रति पनि चित्त पुग्ने अवस्थामा शत्रुलाई समेत शत्रु भावमा नदेखी प्रिय पुद्गलको रूपमा आइपुग्ने हुन्छ।

**विपरीत लिंगिक, मृतकलाई; मैत्री वृद्धि गर्न हुँदैन।**



Downloaded from http://www.dhamma.digital

**अनि अप्रिय, अतिप्रिय र; मध्यस्थ, शत्रु व्यक्ति पनि।**
**गर्न वृद्धि मैत्रीभाव; पहिला हुदैनन् उनीहरूलाई पनि।**
**पहिला आफूलाई वृद्धि गर्नू मैत्री; त्यसपछि प्रिय, अतिप्रिय।**
**मध्यस्थ, शत्रुलाई पनि; गर्नुपर्छ वृद्धि क्रमशः।**

यसरी मैत्रीलाई बारबार वृद्धि गरिरहने व्यक्तिले आफू र आफूले मन पराउने सम्माननीय प्रिय पुद्गल, अप्रिय पनि नभएको, प्रिय पनि नभएको, मध्यस्थ पुद्गल, शत्रु भन्ने यी चार व्यक्तिप्रति चित्त समान रूपमा रहेका छैनन् भने **सीमा सम्भेद** (=विभाजन भंग) अझ हुँदैन। ती चार व्यक्तिप्रति हितकामी भएको मैत्री चित्त समान रूपमा उत्पन्न भयो भने मात्र **सीमा सम्भेद** हुन्छ। **'सीमा सम्भेद'** भन्नुमा गाउँहरूको सिमानाबाट एउटा गाउँबाट अर्को गाउँसँग छ्यासमिस नगरी अलग सीमित गरी स्थिर भइरहे जस्तै आफू आदि चार भावनाको पूर्व भागमा नमिसाइकन नै अलग्ग रहेको आकारबाट स्थिर भएका सिमानाहरू नै भए। भावनाको कारणबाट ती चार व्यक्तिप्रति एकै प्रकारको चित्त उत्पन्न भएर आउँदा सीमा सम्भेद भयो भनेर भन्नुपर्दछ।

उक्त **सीमा सम्भेद** लक्षणलाई यसरी देखाई राखेको छ। प्रिय, शत्रु, मध्यस्थ तीनजना आफूसँग एकै ठाउँमा बसिरहेको बेलामा चोरहरू आई भिक्षु एकजना दिनू भनी मागे। 'किन भनी' सोध्दा उसलाई मारेर उसको गर्दनको रगतद्वारा यज्ञ पूजा गर्नको लागि हो भनेर जवाफ दिए। त्यसबेला फलानोलाई लगे हुन्थ्यो भन्ने विचार उत्पन्न भयो भने सीमा सम्भेद अझै हुँदैन। किन नि ? कुनै एकजनालाई लिन लगाउनु त्यस व्यक्तिको अर्थ र हितलाई मन नपराउनु हुन्छ। चार मध्येमा कोही पनि दिन योग्य नदेखिने बेलामा चारैजना प्रति समान मनोवृत्ति भएको हुन्छ। उक्त अवस्थामा त **सीमा सम्भेद** गरिसकेको भइसक्ने अवस्था भयो।

यसरी **सीमा सम्भेद** भइसक्नासाथ उक्त व्यक्तिले निमित्त र उपचार



Downloaded from http://www.dhamma.digital

समाधि प्राप्त गर्नेछ । यहाँ निमित्त भने पनि पृथ्वी कसिण, आदि कर्मस्थानहरूको कारणले प्राप्त हुने प्रतिभाग निमित्त जस्ता प्रकट हुने त होइन; उपरोक्त **सीमा सम्भेद**लाई नै नीवरण रहित हुनुको कारण, उपचार ध्यान लाभको कारण हुनाले निमित्तसँग समान हुनाले निमित्त भनेर भनिएको हो । उक्त निमित्तलाई नै बारम्बार अभ्यास र वृद्धि गर्नाका कारणले गर्दा धेरै समय नबित्दै अर्पणा ध्यानमा पुग्दछन् ।

## शत्रुता, शत्रु छैन

**'अवेर'** मा **वेर**-को स्वरूप मैत्रीको आन्तरिक शत्रु द्वेषलाई भनिएको छ । उक्त द्वेष नभएको जस्तो मैत्री उत्पन्न हुने गरी वृद्धि गर्नुपर्दछ भन्ने भाव हो । मैत्री-मा त द्वेषयुक्त हुँदैन; भावनाको बिच-बिचमा कहिलेकहीं उत्पन्न हुने **वेर चेतना**(=द्वेष चित्त) उत्पन्न नहुने गरी गर्नुपर्छ भनी भनिएको छ । जस्तोसुकै भावना कार्यमा भए पनि समाधि शक्ति बलियो नभएसम्म पहिले पहिले अनुभव गरिआइएका आरम्मण प्रकट भएर आउन सक्छ । कहिलेकाहीं आफूलाई कसैले अनर्थ गरेको र अपमान गरेको शास्ति गरेको अहिले नै गरिरहेको जस्तो भई प्रकट हुन थाल्दछ । यस्तो अवस्थामा सहेर सहनै नसकिने गरी द्वेषचित्त उत्पन्न हुन सक्छ । मैत्री वृद्धि गरिरहँदा पनि बिच बिचमा **वेरचेतना** भनिने त्यस्ता द्वेष चित्त उत्पन्न हुन थाल्दा **सवेर**=द्वेष चित्तयुक्त मैत्री भनी भन्नुपर्दछ । बिच बिचमा त्यसरी द्वेष चित्त उत्पन्न नहुने गरी निरन्तर मैत्री हुनगएमा मात्र **अवेर** हुन्छ । तात्पर्य हो, त्यस्तो **वेर चेतना** समाधि बलियो नहुन्जेलसम्म मात्र उत्पन्न हुने हुनाले समाधि बलियो भएको भावनाले परिपूर्ण हुने बेलामा त उत्पन्न नहुने भइसकेको हुनाले **अवेर** हुने गरी वृद्धि गर्नुपर्दछ भन्ने कथनद्वारा समाधि सबभन्दा बलियो हुने अवस्थासम्म वृद्धि गर्नुपर्ने तथ्य निर्देशित गरिरहेको हो । यस कथनले **अवेर** उपचार ध्यान अर्पणा ध्यानयुक्त मैत्रीलाई देखाइरहेको शब्द भएको तथ्य जान्न पाइन्छ ।

त्यसरी सत्वहरूप्रति द्वेष चित्त नभएको; मैत्री धातु बलियो हुनेगरी



Downloaded from http://www.dhamma.digital

राख्नसक्नेलाई मानिसहरूले पनि प्यारो गरी देव यक्षहरूले पनि प्यारो गर्न योग्य हुने हुनाले शत्रु नरहने हुन्छ।। तसर्थ यस मैत्री चित्तलाई शत्रु नहुने अवस्थासम्म बल उत्पन्न हुने गरी वृद्धि गर्नुपर्ला भनी भनिएको हो। यस रूपमा व्यक्तिसँग शत्रुता नभएकोलाई **असपत्तं मानसं**=चित्तमा शत्रुता छैन भनी भनेकोले स्थान्यू-कारणूपचार भनेर मनमा लिनु पऱ्यो।

**टिप्पणी**

यहाँ **'असम्बाधं**=संकीर्णता नभएको; **अवेरं**=द्वेष भन्ने आन्तरिक शत्रु नभएको; **असपत्तं**=बाह्य शत्रु पनि नभएको; **मेत्तं मानसं**=मैत्री चित्तलाई' भनेर विशेषणको रूपमा पनि (अर्थ) दिन सकिन्छ। अर्थकथामा **'एवं भावेन्तो'पि च तं यथा असम्बाधं अवेरं असपत्तञ्च होति; तथा सम्बाध वेर सपत्तानं अभावं करोन्तो भावये'** भनी भनिराखेको अनुसार क्रिया विशेषण रूपमा कत्वा-राखेर अर्थ दिइआएको छु।

जुन आकार प्रकारद्वारा असम्बाध आदि हुने हो; उक्त आकार प्रकारले वृद्धि गर्नपर्नुलाई भनिराखेको कथन अनुसार कत्वा नराखिकन **'असम्बाधं**=असंकीर्ण नहुने ठाउँसम्म र; **अवेरं**=द्वेष शत्रु नहुने ठाउँसम्म र; **असपत्तं**=शत्रु नहुने ठाउँसम्म; **भावये**=भाविता र वृद्धि गर्नुपर्दछ' भनेर पनि अर्थ दिनुपर्दछ।

५६) **तिट्ठं चरं निसिन्नो व;**
**सयानो यावता'स्स वितमिद्धो।**
**एतं सतिं अधिट्ठेय्य;**
**ब्रह्म'मेत्तं विहार'मिध माहु।**

(५६) **तिट्ठं वा**=उभिइरहँदा वा; **चरं वा**=हिंडिरहँदा अथवा; **निसिन्नो वा**=बसिरहँदा वा; **सयानो वा**=सुतिरहँदा वा; **यावता**=जहाँसम्म; **वितमिद्धो**=सुत्ने इच्छा हुनु, उँघ्ने इच्छा हुनुबाट रहित भएको (जागा रहनु); **अस्स**=भई रहन्छ; **अथ**=उँघ्ने इच्छा रहित भएको उक्त अवस्थामा; **एतं सतिं**=यस मैत्रीयुक्त ध्यान स्मृतिलाई; **अधिट्ठेय्य**=बलियोसँग अधिष्ठान



Downloaded from http://www.dhamma.digital

गर्नुपर्दछ । **इध**=यस बुद्ध शासनमा; **एवं**=यस मैत्रीले रहित नभएको ध्यान उत्पन्न भइरहनुलाई; **ब्रह्मं**=प्रणीत भएको; **विहारं**=बस्नु भनेर; **आहु**=तथागतहरूले आज्ञा गर्नुभएको छ ।

## भावार्थ

उभिइरहँदा, हिंडिरहँदा, बसिरहँदा वा लेटिरहँदा निन्द्रा नलागेको जुनसुकै अवस्थामा मैत्री ध्यान स्मृतिलाई दरिलोसँग धारण र अधिष्ठान गर्नुपर्दछ । यस बुद्ध शासनमा यस मैत्री ध्यान स्मृतिद्वारा बास गरिबस्नुलाई **ब्रह्मविहार** (=प्रणीत, श्रेष्ठ विहार) भनी तथागतहरूले आज्ञा गर्नुभएको छ ।

## इर्यापथ अनुसार प्रशंसा

**'मेत्तञ्च'** आदि गाथाद्वारा मैत्री भावना भाविता गर्ने बताउनुभयो । अब फेरि उक्त मैत्री भावना वृद्धि गर्ने व्यक्तिको लागि कुनै कुनै कर्मस्थानहरूको लागि जस्तै इर्यापथ नियमित छैन; आफ्नो इच्छा अनुसारको इर्यापथमा बसेर वृद्धि गर्न सकिने भाव देखाई मैत्री विहार गर्नुलाई प्रशंसा गर्नको निम्ति **'तिट्ठं चरं'** आदि गाथा सँगै जोडेर नै बताउनुभएको हो ।

## आसनको नियम छैन

आनापान-को विषयमा **'निसीदति पल्लङ्कं आभुजित्वा, उजुं कायं पणिधाय'** आदि भनी पलेटी कसेर बस्न र शरीरको माथिल्लो भागलाई सोझो राख्नुपर्ने भनी निर्धारण गरी स्पष्ट रूपले बताउनुभए झैं यहाँ मैत्री भावनाको लागि निर्धारण गर्नुभएको छैन; आफूलाई जस्तो सुविस्ता हुन्छ जस्तो सजिलो हुन्छ, त्यस्तो इच्छा अनुसार जुनसुकै इर्यापथमा बसेर पनि मैत्री भावना वृद्धि गर्न सकिन्छ । उभेर ध्यान वृद्धि गर्दा गाह्रो भयो भने बस्ने आदि अरु अरु अवस्था पनि फेरेर मैत्री भावना वृद्धि गर्न सकिन्छ । त्यस्तै बसेर भाविता गर्दागर्दै थकाई लाग्यो भने लेट्नु, उभिनु



Downloaded from http://www.dhamma.digital

आदि इर्यापथ इच्छा अनुसार फेर्न मिल्ने, सकिने तथ्य **'तिट्ठं वा'** आदि द्वारा देखाउनुभएको छ ।

## निद्रा नलागेसम्म

जुनसुकै इर्यापथमा रहेर वृद्धि गरिएको भए पनि निन्द्रा लाग्यो भने भावनामा समाधि हुन सक्दैन, तसर्थ निन्द्रा रहित भइरहेको समय भयो भने उक्त मैत्री स्मृति अधिष्ठान गर्नुपर्दछ भनी अभिप्राय ग्रहण गर्नुपर्नेलाई **'यावता विगतमिद्धो अस्स अथ एवं मेत्ता भ्फानसतिं अधिट्ठेय्य'** भनी अर्थकथामा स्पष्ट गरिराखेको छ । **यावता विगतमिद्धो अस्स अथ**=सुत्न मन लागेकोबाट रहित भइरहेको समयमा (निन्द्रा नलागेको अवस्थामा) भन्ने अर्थ छ । तसर्थ गाथामा अर्थकथा अनुसार **यावता** अनियम-को नियम रूपमा **अथ**-लाई राखेर अर्थ दिएको छु । **तावता**-भनेर नियम राखिदिए पनि **यावता अस्स तावता**=निदाउने इच्छाबाट रहित हुञ्जेलसम्म' भनेर अर्थ भएको हुनाले उचित नै रहेको छ ।

## अर्को अर्थ

जुनसुकै कर्मस्थान भए पनि समाधि शक्ति बलियो नहुञ्जेलसम्म निदाउने इच्छा हुनु, भ्फुल्नु उत्पन्न भइआउनु रहिरहन्छ । समाधि शक्ति बलियो भएर सामर्थ्य उत्पन्न हुने बेलामा निदाउने इच्छा हुनु र भ्फुल्नु नभई अतिव प्रसन्न पूर्वक वृद्धि गर्न सकिन्छ । यस मैत्री भावनामा पनि अभ्यासले परिपक्व भई समाधि शक्ति भएका व्यक्तिको लागि जुनसुकै इर्यापथमा भए पनि वृद्धि गर्न मन लाग्ने बेलामा निदाउने इच्छा हुनुलाई हटाई प्रसन्न पूर्वक वृद्धि गर्न सकिने हुनाले **'तिट्ठं चरं'** आदि द्वारा उक्त वशीभाव सिद्ध भइरहेकोलाई देखाइएको हो । त्यसरी मैत्रीको क्षेत्रमा वशीभाव सिद्ध भइसकेका व्यक्तिको भावलाई देखाइएको हुनाले नै उक्त गाथाको प्रमुख अभिप्रेत अभिप्राय जुनसुकै इर्यापथमा वृद्धि गरेको भए पनि निदाउने



Downloaded from http://www.dhamma.digital

इच्छा नगरी अधिष्ठान र वृद्धि गर्न सकिन्छ भनिएको हो ।

उक्त अभिप्राय अनुसार अर्थ दिएमा **'तिट्ठं वा**=उभेर अथवा;...**सयानो वा**=सुतेर; **यावता**=जुन इर्यापथमा; **एतं सतिं**=उक्त मैत्री ध्यान स्मृतिलाई; **(अधिट्ठातुकामो**=अधिष्ठान गर्ने इच्छा भएको) **अस्स**=भई रहन्छ; **तावता**=उक्त इर्यापथमा; **वितमिद्धो**=निदाउनु र झुल्नुबाट रहित भएर; **अधिट्ठेय्य**=अधिष्ठान गर्न सक्ने हुनेछ' भन्ने रहेको छ। यहाँ **'अधिट्ठेय्य**=अधिष्ठान गर्नुपर्दछ' भनेको स्थिर बनाउनको लागि नै भनिएको हो । शील समादान गरिरह्यो भन्ने बेलामा आफूसँग शील स्थिर गर्नुलाई नै भनेको जस्तै हो । **अधिट्ठान** कुनै कुनै ठाउँमा **पतिट्ठापन** (=स्थिर बनाउनु) अर्थ देखिएको हुनाले **अधिट्ठेय्य**-मा पनि स्थिर गर्नु पर्दछ भनेर शब्दार्थ जान्नु योग्य छ ।

## ध्यानलाभीले मात्र

**'मेत्तानुस्सति अधिट्ठेय्य**=मैत्री ध्यानले युक्त भएको स्मृति अधिष्ठान गर्नुपर्दछ' भनेर अर्थकथाले भनिराखेको हुनाले **'तिट्ठं चरं'** आदि मैत्री ध्यान प्राप्त भइसकेको व्यक्तिको निम्ति निर्देशन फल निदर्शन भनी भन्नुपर्दछ । उत्तरोत्तर **'मेत्तञ्च'** आदि गाथाद्वारा मैत्री भावनालाई अर्पणा ध्यान प्राप्त हुने ठाउँसम्म पूर्ण रूपमा निर्देशन दिइसक्नुभएको हुनाले त्यसैले यस ठाउँमा मैत्री ध्यान स्मृतिलाई मात्र ग्रहण गरिराखिएको रहेछ । त्यसरी ध्यानलाभी व्यक्तिको अंश वा भाग भए पनि जुनसुकै इर्यापथमा भए पनि वृद्धि गर्नसकिने मैत्री भावना शुरुमा वृद्धि गर्ने अरु अरु व्यक्तिहरूसँग पनि सम्बन्ध भएको हुनाले ती व्यक्तिहरूले पनि आफ्नो इर्यापथमा वृद्धि गर्न सक्ने अनुमति छ ।

## श्रेष्ठ विहार

श्रेष्ठ प्रणीत व्यक्तिहरूको गुण वर्णन प्रशंसाले कुनैकुनै काम काजमा अभिरुचि राखी उद्योग गर्न अनुशरण गर्न मन लाग्ने हुन्छ । तसर्थ अति श्रेष्ठ, अति गौरवनीय अति सम्माननीय बुद्ध तथागतले योगीहरूलाई आकर्षित



Downloaded from http://www.dhamma.digital

गर्नको निम्ति मैत्रीलाई प्रशंसा गर्न चाहनुभएकोले **'ब्रह्ममेतं'** आदि फेरी आज्ञा गर्नुभएको हो। **'ब्रह्मं विहारं'**-मा उत्तम भएको हुनाले र द्वेषरहित भएको हुनाले **ब्रह्म** भनेर भन्नुपर्दछ। मैत्री बाहेकका अरु अरु कर्मस्थानहरू पूर्णरूपले व्यक्तिगत लाभको निम्ति भएका आचरणहरू हुन्। सत्वहरू सुखी होउन् भनेर वृद्धि गरिने यो मैत्री धेरै सत्वहरूको लागि अर्थ वा उपकार हुने आचरण हो। त्यसरी धेरैको अर्थ आचरण गर्नु हुनाले नै मैत्री उत्पन्न भईरहनुलाई **ब्रह्मविहार** (=उत्तम वास) भनी भन्नु पर्दछ।

त्यसपछि फेरि नीवरण हटिसकेका महाब्रह्माहरूको चित्त सधैं द्वेषरहित भई पूर्णरुपले निर्मल भइरहन्छ। त्यस्तै नै मैत्रीले बास गरिरहने योगीहरू पनि महाब्रह्महरू जस्तै समान भई द्वेषरहित भइसकेका नै हुन्छन्, त्यसरी द्वेषरहित हुनु अर्थ अनुसार पनि **'ब्रह्मविहार'** भनी भन्नु पर्दछ।

## चार थरी विहार

**विहार**=बस्नु भनेको चार थरी रहेकोले हिंड्नु, उठ्नु, बस्नु, लेट्नु भन्ने बस्ने इर्यापथ भन्नु जस्तो बस्नु भएकोले इर्यापथ विहार हो। ब्रह्मलोकमा उत्पन्न हुनु, बस्नु, ध्यान समापत्तिद्वारा बस्नु हो। तसर्थ ध्यान समापत्तिलाई **दिब्बविहार** (=ब्रह्मासँग भएको बास) भनेर भनिन्छ। मैत्रीद्वारा बस्नु उपरोक्त अर्थ अनुसार ब्रह्मविहार भनिन्छ। आर्यहरू फल समापत्तिमा समावेश हुने बानी छ। तसर्थ फल समापत्तिलाई **अरियविहार** (=आर्यहरूको बस्ने बास) भनेर भन्नु पर्दछ। यी चार विहारमध्येमा **ब्रह्मविहारलाई** ग्रहण गराउन चाहेकोले **'ब्रह्ममेतं'** भनेर आज्ञा गर्नुभएको हो।

(५७) **दिट्ठिञ्च अनुपगम्म;**
**सीलवा दस्सनेन सम्पन्नो।**
**कामेसु विनेय्य गेधं;**
**न हि जातु'गब्भसेय्यं पुनरेति।**



Downloaded from http://www.dhamma.digital

५७) **सो**=उक्त मैत्री ध्यान लाभ भइसकेका योगी पुद्गलले; **दिट्ठिञ्च**=आत्मदृष्टिमा पनि; **अनुपगम्म**=आशक्त नभई नटाँसिई; **सीलवा**=लोकुत्तर शील सम्पन्न भएका; **दस्सनेन**=स्रोतापत्ति मार्गज्ञान; **सम्पन्नो**=सम्पन्न भएका; (**समानो**=भएर) **कामेसु**=वस्तु आरम्मण काम गुणमा; **गेधं**=क्लेशद्वारा मुग्ध र आशक्त हुनुलाई; **विनेय्य**=छुटपुट केही पनि नरहने गरी बिल्कुल हटाइसकेर; **जातु**=निः सन्देह वास्तविक रूपले; **पुन**=फेरि एकपल्ट; **गब्भसेय्यं**=प्रतिसन्धि बस्नुपर्ने स्थितिमा; **न एति**=पुग्नु परेन ।

## भावार्थ

उक्त मैत्री ध्यान प्राप्त भइसकेका योगीले आफूमा आत्मदृष्टि उपादान नरहने पारेर लोकुत्तर शील भएको स्रोतापत्ति मार्ग ज्ञानले सम्पन्न भई बस्तु आरम्मण कामगुणमा क्लेशद्वारा आशक्त हुनुलाई बिल्कुल हटाइसकेर साँच्चै नै फेरि एक चोटी प्रतिसन्धि बस्नु नपर्ने भइसके ।

## ध्यानद्वारा मार्ग फलमा

मैत्री भावना भाविता र वृद्धि गर्ने ढंग अर्पणा ध्यानसम्म परिपूर्ण रूपले बताइसक्नुभयो । उक्त मैत्री भावना अर्पणा ध्यान प्राप्तिको लागि मात्र भएकोले मार्ग फलसम्म पुर्‍याईदिने शक्ति अझै हुँदैन । बुद्ध तथागतको अभिलाषा त सबैलाई मार्ग फल प्राप्त गराउनु मात्र नै हुनाले मैत्रीबाट माथि एक तह उक्ली आर्य हुनका निम्ति विधि र मार्ग निर्देशित गरेर देशनालाई अन्त गर्ने चाहना गर्नुभएकोले **'दिट्ठिञ्च'** आदिद्वारा आज्ञा गर्नुभएको हो ।

## आत्मदृष्टि ग्रहण

**'दिट्ठिसम्पदा दिट्ठिसम्पन्नो'** आदि कुनै कुनै क्षेत्रमा सम्पदा, **सम्पन्नो**- पदहरू अनुसार दृष्टि शब्दले सम्यकदृष्टि भनेको लौकिक ज्ञानलाई र



Downloaded from http://www.dhamma.digital

स्रोतापत्ति मार्ग ज्ञानलाई व्यक्त गर्ने गरिन्छ। यहाँ **अनुपगम्म**-को स्वरूप हटाई छुडाई हटाउनुपर्ने दृष्टि भएको हुनाले मिथ्यादृष्टिलाई लिएको भन्ने स्पष्ट नै छ। मिथ्यादृष्टि-मा पनि **'दस्सनेन सम्पन्नो'** लाई आधार मानेर मार्ग प्राप्त हुने अवस्थासम्म हटाउनुपर्ने दृष्टि भनी जान्नपाइने भएकोले आत्मदृष्टिलाई लिएको भनी ग्रहण गर्नुपर्‍यो। आत्मदृष्टि सबै दृष्टिहरुको मूलभूत भएको हुनाले आत्मदृष्टि भएका व्यक्तिसँग अरु कुनै पनि दृष्टिबाट पनि बिल्कुल रहित भइसके भनी भन्न नसकिने भयो; आत्म दृष्टिलाई उखेलेर फालिसकेपछि मात्र अरु कुनै पनि दृष्टि बाँकी रहँदैन।

फेरि आत्मदृष्टि हुनेसँग यथार्थ स्वभाव रूप, नामहरू देख्नसक्ने भइरहने हुनाले रूप, नामलाई देखेमा मात्र निर्वाण देख्ने हुनाले मार्ग लाभको क्षेत्रमा रूप, नामहरूलाई देख्नुबाट छेकिराखेको उक्त आत्म-उपादानलाई जतिसक्दो चाँडो हटाउनुपर्ने हुनाले दृष्टि-को स्वरूप आत्मदृष्टिलाई ग्रहण गर्नु समुचित रहेको छ। फेरि थप भन्छु; यहाँ मैत्री भावनाले सत्व प्रज्ञप्तिलाई आरम्मण गर्ने हुनाले आत्म दृष्टिसँग नजिकिएको पाइन्छ। त्यसो हुनाले मैत्री भावना बताइसक्नुभएपछि यस आत्म दृष्टिलाई हटाई काटी फाल्नको निम्ति **'दिट्ठिं च अनुपगम्म'** भनेर बताउनुभएको हुनाले **दिट्ठि**-को स्वरुप **अत्तदिट्ठि** (=आत्मदृष्टि) लिनुपर्ने स्पष्ट नै छ।

## विपश्यना प्रदर्शन

**'दिट्ठि**-द्वारा उपादिन्न र आशक्त नभई' भन्ने 'विपश्यना भावनाको सामर्थ्यद्वारा हटाउनुलाई भनेको हो। मैत्री ध्यानलाभी व्यक्तिले उक्त ध्यानबाट उठी ध्यानमा भएको वितर्क, विचार आदि नाम धर्महरूलाई र ती नाम धर्महरूको आधार हृदयवस्तु आदि रूप धर्महरूलाई भाविता र प्रत्यवेक्षण गर्नुबाट नाम रूप परिच्छेद ज्ञान दृष्टि बलियो भई आउने बेलामा स्कन्धकायमा सत्व आत्मलाई खोज्न मिल्दैन, संस्कार रूप, नाम समूह मात्र रहेछ भनी यथार्थ रूपमा देखेको हुनाले आत्मदृष्टि मिथ्या-उपादानमा पर्नजाने छैन।



Downloaded from http://www.dhamma.digital

अर्थकथामा ध्यानलाई पृष्ठभूमि गरेर विपश्यनामा उक्लने विधि मात्र देखाइराखेको छ । त्यसरी देखाइएको हुनाले मैत्री ध्यानलाई पृष्ठभूमि नबनाइकन नै अरु अरु प्रकट रूपले देखिएका रूप, नामहरूलाई प्रत्यवेक्षण गर्ने गर्नहुँदैन भनेर ठान्नु हुँदैन । ध्यानबाट अलग्ग अरु अरु रूप, नामहरू भाविता गर्न मन लागेमा भाविता गर्न सकिने अवसर छ ।

त्यसपछि फेरि मैत्रीलाई अर्पणा ध्यानसम्म वृद्धि नगरिकन नै उपचार ध्यान मात्रले वा उपचार नै प्राप्त नगरिकन परित्राण रक्षा बन्धनको लागि मात्र वृद्धि गर्नु मात्रले वृद्धि गर्ने व्यक्तिहरू पनि रूप, नामहरूलाई मात्र भाविता गर्नुद्वारा आत्मदृष्टि हटाई उखेली पठाउनसक्ने भावलाई पनि अर्थकथाले प्रतिरोध गरिरहेको छ भनेर ठान्नु हुँदैन । क्षेत्र अनुसार वर्णन गरेर देखाइराखेको मात्र हो ।

## विसुद्धि छवटा ग्रहण

यहाँ **'दिट्ठिञ्च अनुपगम्म'** द्वारा **दिट्ठि विसुद्धि** (=दृष्टि विशुद्धि) लाई भन्नु पर्दछ । तर आत्मदृष्टि मार्गमा पुगेपछि मात्र निरवशेष रूपमा छुट्दछ । **कङ्खावितरण विसुद्धि** आदि विशुद्धि पाँचैवटा नै रूप, नामहरूको कारण उत्पत्ति विनाश आकार प्रकारहरूलाई बारम्बार भाविता गरिरहनुपर्ने आत्मदृष्टिलाई निरवशेषरुपले हटाउनको लागि मात्र हो । तसर्थ **पटिपदा ञाणदस्सन विसुद्धि** सम्म ती पाँचवटा विशुद्धि पनि **'दिट्ठिञ्च अनुपगम्म'** द्वारा नै देखाइराखेको कुरा जान्नु पर्दछ । **वङ्कवुत्ति, नेय्यत्थ नय** भयो । यसमा दृष्टि विशुद्धि पालि अनुसार सिधा ग्रहण गर्नुपर्ने अर्थ, सोझै जान्नयोग्य भएको अर्थ भएकोले **उजुवुत्ति, नीतत्थ** भयो । अरु-अरु विशुद्धिहरू उत्पन्न नभई मार्ग प्राप्त नहुने हुनाले **उजुवुत्ति, नीतार्थ** भयो । अरु अरु विशुद्धिहरू उत्पन्न नभई मार्ग प्राप्त नहुने हुनाले ती विशुद्धिहरूलाई पनि समावेश गरी ग्रहण गर्नुपर्ने, घुमाउरो किसिमले ग्रहण गर्नुपर्ने अर्थ, अभिप्राय भएको अनुसार ग्रहण गरिलिनुपर्ने अर्थ भएकोले **वङ्कवुत्ति, नेय्यत्थ** भनिएको हो ।



Downloaded from http://www.dhamma.digital

## बिचको दुइटा मार्ग

**'सीलवा दस्सनेन सम्पन्नो'** दुइटा पदद्वारा स्रोतापत्ति मार्ग प्राप्त भइसकेका स्रोतापन्न पुद्गलको भाव देखाइएको हो । स्रोतापन्न भइसकेका व्यक्तिले उक्त भावनालाई नै वृद्धि गर्नाले सकृदागामि मार्गमा पुग्न पाउँछन् । त्यसबेला स्रोतापत्ति मार्गले हटाउन नसकिएको कामतृष्णा पातलिँदै कम हुँदै जान्छ । त्यसपछि एक तह माथि उक्ली फेरि वृद्धि गर्दै लाँदा फेरि अनागामि मार्ग प्राप्त हुन्छ । त्यसबेला कामराग निरवशेष रूपले हटिई सकेको हुन्छ । तसर्थ **'कामेसु विनेय्य गेधं'** द्वारा सकृदागामि, मार्ग दुवैमा पुगिसकेका सकृदागामि, अनागामि भाव देखाइरहेको छ ।

## अर्थकथाको भनाई

अनागामित्वमा पुगेका व्यक्तिले काम रागलाई हटाइसक्ने हुनाले यस मनुष्य भूमि सहित कामभूमि जति मध्ये कतै उत्पन्न हुने छैन । त्यसरी मनुष्य लोकमा उत्पन्न नहुने हुनाले **'न हि जातुग्गब्भसेय्यं पुनरेति**=फेरि दोहरो मातृगर्भमा प्रतिसन्धि बस्नुनपर्ने निश्चित भयो' भनेर बताउनु भयो । मातृ गर्भमा प्रतिसन्धि बस्नु परेन भनी भनिएकोले उक्त व्यक्ति यस मनुष्य भूमिबाट च्यूत हुनगए भने शुद्धावास भूमिमा उत्पन्न भइसकेर सम्बन्धित भूमिमा नै अरहत्त फल प्राप्त भई परिनिर्वाण हुनुहुने छ । यसरी अर्थकथामा गब्भसेय्यं-लाई जलाबुज प्रतिसन्धि रूपमा लिएर यस देशनालाई अनागामि मार्ग फलद्वारा यस मनुष्य भूमिको निम्ति अन्त गर्नुभएको हो ।

## एकथरी चिन्तन

तथागतको विचार अनुसार सकभर अरहत्त फलसम्म पनि सिद्ध गराइदिने इच्छा लागेको नै हुनसक्छ । यहाँ पनि उपदेश श्रोता भिक्षुहरूलाई यस जन्म अथवा यस क्षणको भित्रै अरहत्त फलमा पुग्ने गरी सिद्ध गर्नको निम्ति बताउनुभएको होला । त्यसो भयो भने **'कामेसु विनेय्य गेधं'** द्वारा



Downloaded from http://www.dhamma.digital

अनागामि फलमा पुग्नुसम्म देखाई **'न हि जातु गब्भसेय्यं पुनरेति'** द्वारा अरहत्त मार्ग प्राप्त भई अरहन्त भएको भाव देखाइराखिएको हो भनी ग्रहण गरियो भने तथागतको विचारसँग बढी सामीप्य हुने सम्भावना हुने हुन्छ भन्ने कल्पना हुन्छ। त्यसरी ग्रहण गरेको भए **गब्भसेय्यं**-लाई कसरी अर्थ दिनु पर्ला त ? ताड-पातबाट बनाइएकोलाई झैं अरु निगालो बाँस आदिका चोयाबाट बनाइएको पंखालाई समेत तालवण्ट भनी भन्दा रुढी शब्द भन्नुपरे जस्तै संसेदज, ओपपातिक, प्रतिसन्धिहरूलाई पनि गब्भसेय्य भनी ग्रहण गर्नुपर्ने यस ठाउँमा रुढी शब्दको रूपमा राखी चारैवटा प्रतिसन्धि प्राप्त गर्न सक्ने हुन्छ।

## अर्को तरिकाबाट

**'नाहं पुनपेस्सं गब्भसेय्यं'** *सुत्त निपात (२८३)* मा गब्भसेय्य द्वारा चारवटै प्रतिसन्धि लिनुपर्ने हुनाले त्यसरी प्राप्त हुने गरी अर्थकथा आचार्यले *(सुत्तनि. ट्ठ. १-३६)* कल्पना गरेको रहेछ। **'गब्भञ्च सेय्यञ्च गब्भसेय्यं'** भनेर द्वन्द (समास) गरिसकेपछि **'तत्थ गब्भग्गहणेन जलाबुजयोनि सेय्यग्गहणेन अवसेसा'**-*(सुत्तनि. ट्ठ. १-३६)* उक्त **गब्भसेय्य** भन्ने पदमा **गब्भ**-शब्दले बाकी प्रतिसन्धिहरूलाई ब्यक्त गरिएको हो' भनी आज्ञा गर्नुभएको छ। फेरि अर्को एक थरी कल्पना गरिएको पाइन्छ। **गब्भसेय्य** प्रधान नय अनुसार भनिएको हुनाले उक्त **गब्भसेय्य**- शब्दले नै चारवटै प्रतिसन्धिलाई ग्रहण गर्नसक्ने भावलाई **'गब्भसेय्यमुखेन वा सब्बापि ता वुत्ताति वेदितब्बा**=गब्भसेय्यलाई प्रधान गर्ने हिसाबले प्रतिसन्धि सबैलाई व्यक्त गरिसकेको तथ्य जान्नु पर्दछ।' भनेर दोहरो आज्ञा गरिराख्नुभएको हो।

जान्नुपर्ने अभिप्राय सहित
मैत्री सूत्र नयाँ निश्रय

समाप्त भयो।



Downloaded from http://www.dhamma.digital

५८) **सब्बासीविसजातीनं; दिब्बमन्तागदं विय ।**
**यं नासेति विसं घोरं; सेसञ्चापि परिस्सयं ।**
५९) **आणाक्खेत्तम्हि सब्बत्थ; सब्बदा सब्बपाणिनं ।**
**सब्बसोपि निवारेति; परित्तं तं भणाम हे ।**

(५८-५९) **हे**=हे सत्पुरुषहरू हो; **दिब्बमन्तागदं**=दिब्य-मन्त्र, दिब्य-औषधिले; **सब्बासी विसजातीनं**=तीब्र विष भएका सर्पजाति सबैको; **घोरं**=घोर र तीब्र भएको; **विसं**=विषलाई; **नासेति विय**=बिल्कुल नाश गरेझैं; **तथा**=त्यस्तै नै; **यं परित्तं**=जुन स्कन्ध सूत्र परित्राण; **सब्बत्थ**=सबैतिर; **आणाक्खेत्तम्हि**=आज्ञा क्षेत्र भित्र; **सब्बपाणिनं**=सम्पूर्ण सत्वहरूको; **घोरं**=अति तीब्र भएको; **विसं च**=विषलाई र; **सेसं**=विषबाहेक अरु बाँकी पनि; **परिस्सयञ्चापि**=अनेक भय उपद्रवलाई पनि; **सब्बदा**=सधैं; **सब्बसो पि**=छूटपूट नरहने गरी सबै नै; **निवारेति**=निवारण गरी हटाउँदछ; **तं परित्तं**=उक्त स्कन्ध सूत्र परित्राण; **मयं**=हामीले; (**मयं**=हामी, तिमी बाहेक); **भणाम**=पाठ गरौं ।

## भावार्थ

हे सत्पुरुषहरू हो; दिव्य-मन्त्र, दिव्य-औषधिले तीब्र विष भएका सर्पजाति सबैका तीब्र र घोर विष नाश गर्ने जस्तै स्कन्ध सूत्र परित्राणले आज्ञा क्षेत्र पूरैमा रहेका सम्पूर्ण सत्वहरूको तीब्र विषलाई र अरु बचेखुचेका अनेक भय-उपद्रवलाई सधैं-सधैंको लागि पूर्ण रूपले अन्त नै हुनेगरी निवारण गरी हटाउन सक्दछ । उक्त स्कन्ध सूत्र परित्राणलाई हामी पाठ गरौं ।

## परित्राण स्तुति

**'सब्बासीविसजातीनं'** आदि गाथाहरू बुद्धोपदेश होइनन् । पौराणिक



Downloaded from http://www.dhamma.digital

आचार्यहरूको कथन मात्र हो। स्कन्ध सूत्रको आनुभाव, सामर्थ्य कसरी र कस्तो छ भन्ने तथ्यलाई स्तुति गरिएको परित्राण-मंगलाचरण मात्र हो।

## निदान

तथागत श्रावस्ती नगरको जेतवन आराम विहारमा विहारगरी बस्नुहुँदा भिक्षु एकजनालाई सर्पले टोकेपछि सो कुरा निवेदन गर्दा उक्त भिक्षुले वि**रूप**पक्ख (विरूपाक्ष) आदि नागजातिलाई मैत्री वृद्धि नगरेको हुनाले टोकाई खप्नु परेको तथ्य र यदि मैत्री वृद्धि गरेको भए टोकाई खप्नु नपर्ने तथ्य आज्ञा गर्नुभई आफूले आफैलाई रक्षा गर्नको लागि आफ्नो सुरक्षा र आफ्नो संरक्षणको लागि परित्राण तारण राख्ने अनुमति दिनुभयो। त्यही आरक्षा तारण राख्ने तरिका **विरूपक्खेहि...** आदिद्वारा आज्ञा गर्नुभएको हो। *(अङ्गुत्तर प. ३१४; चूलवग्ग २४५)*

*जातक (दुक) अट्ठकथा*-मा पनि भिक्षु एकजनाले सर्पको टोकाई खप्नु परेकोलाई कारण बनाई आफू बोधिसत्व रहेको बेलामा स्कन्ध सूत्र परित्राण तारणद्वारा रक्षा गर्नको निम्ति विधि सिकाइदिएको कुरा आज्ञा गर्नुभयो।

बोधिसत्व ऋषि प्रव्रजित भई धेरै ऋषिहरूसँग हिमवन्तमा विहारगरी बस्नुभएको थियो। ऋषि एकजनालाई सर्पले टोकेपछि निवेदन गर्दा उक्त ऋषिले सर्पको टोकाई खप्नुपरेको र त्यसबाट मृत्यु हुनुपरेको सर्पहरूलाई मैत्री भावना नगरेको कारणले भएको कुरा आज्ञा गर्नुभई मैत्री वृद्धिगर्ने तरिकालाई विधि दिने रूपमा स्कन्ध सूत्र नै सिकाई दिनुभएको कुरा उद्धृत गरिएको छ। (विस्तृत कुरा *जातक द्व. २-१३२* हेर्नुहोस्।)

## आसीविस-

**सब्ब**=सम्पूर्ण; **आसीविस**=तीब्र विष भएका सर्पहरूको; **जाति**=जाति; **आसियं विसं एतस्साति आसीविसो। एतस्स**=यो सर्पको; **आसियं**=दाह्रामा; **विसं**=विष; **अत्थि**=छ; **इति**=त्यसैले; **आसीविसो**=आसीविस भनिन्छ। यो विग्रह अनुसार **आसीविस** शब्दले सामान्य सर्पलाई पनि व्यक्त गर्दछ। **'वरं ते मोघपुरिस**



Downloaded from http://www.dhamma.digital

**आसीविसस्स घोर विसस्स मुखे अङ्गजातं पक्खित्तं'** भन्ने *पाराजिक काण्ड पालि* मा अति तीव्र विष भएको सर्पलाई पनि व्यक्त गर्दछ। **आसु सीघं विसं एतस्साति आसीविसो**-गर्नुपर्दछ। **एतस्स**=यो सर्पको; **आसु सीघं**=तीव्र भएको; **विसं**=विष; **अत्थि**=छ; **इति**=तसर्थ; **आसीविसो**=आसीविस भनिन्छ। **आसुविस**-मा **आसु** निरुक्ति नयद्वारा आसी हुनुपरेको हो।

**'चत्तारोमे भिक्खवे आसीविसा घोरविसा'** आदि *सलायतन संयुक्त (३८१)*-मा पनि अति तीव्र र घोर विष भएको सर्प नै व्यक्त गरिएको हो। अर्थकथामा **आसित्तविस** (=पोख्नु पर्ने विष भएको सर्प) भनी अभिप्रेत भएपनि (त्त-लाई लोप गरी, 'इ' लाई दीर्घ गरी) आसीविस भएको रहेछ। **असितविस** (=खानुपर्ने विष भएको सर्प; खाएको सबै विष हुनु पर्ने रहेको भनी अभिप्रेत भएपनि निरुक्ति नय अनुसार **असित आसी** भएको रहेछ। **आसि सदिस विस** (=तलवार समान भएको विष भएको सर्प) भनी अभिप्रेत भएपनि साकपत्तिव गणिक भई बिचमा सदिस लोप भइरहेको रहेछ। यसरी आसीविसलाई तीन थरीले वर्णन गरिराखेका छन्। यहाँ **'घोरं विसं'** पदहरूलाई आधार लिएर सामान्य सर्पलाई ब्यक्त गर्दैन; अति तीक्ष्ण तीव्र भई वेगवान विष भएको सर्पलाई लिनु पर्दछ। ती सर्पहरूको विषलाई नै हटाउन सक्छ भने सामान्य विष भएका सर्पहरूको विष त केही भन्ने ठाउँ नै छैन भन्ने भाव ब्यक्त भएको छ।

## दिब्य मन्त्र र औषधि

**दिब्ब**=देवताहरूसँग भएको; **मन्त**=मन्त्र; **अगद**=औषधि; यस स्कन्ध सूत्रको शक्तिलाई दिब्य मन्त्र, दिब्य औषधिको उपमा दिइएको छ। देवताहरू **कम्मविपाकजिद्धि** (=कर्मको परिणामको कारणले उत्पन्न भएको ऋद्धि) युक्त भएको हुनाले शरीर लोप गर्नु, शरीर प्रकट गरी देखाउन सक्नु, अनेक प्रकारले निर्माण गरी देखाउन सक्नु, मानिसहरूले देख्न नसकिनेलाई देख्नु, मानिसहरूको भन्दा तीव्र ज्ञान हुनु आदि मानिसहरूभन्दा उच्च ऋद्धि भएका हुन्छन्। तसर्थ उनीहरूको औषधि र मन्त्रहरू पनि मानिसहरूको औषधि र मन्त्रभन्दा प्रभाव आनिशंस बढी हुने नै भएकोले यहाँ दिब्य मन्त्र औषधिसँग उपमा दिइएको हो।



Downloaded from http://www.dhamma.digital

## निको पार्न सक्दैन भन्ने छैन

यस परित्राणको प्रभाव आज्ञाक्षेत्र भित्र फैलिइरहने नै भएकोले **'आणाक्खेत्तम्हि'** भनी भनियो। कतै कतै 'फलाना ठाउँमा बस्ने, फलाना जातिका सर्पहरूले टोक्यो भने औषधिले छुँदैन भन्ने भनाइ छ। यो स्कन्ध सूत्रको प्रभाव त त्यसरी निको पार्न सक्दैन भन्ने प्रादेशिक अपवाद छैन; जस्तोसुकै ठाउँमा भएपनि निको नै पार्नसक्ने हुनाले **'सब्बत्थ'** भनियो। कुन दिन, कहिले टोक्यो भने औषधि गर्दा लाग्दैन भन्दछन्। फलाना समयमा औषधि गर्न जान हुन्न भनी सर्पले टोकेको औषधि गर्ने वैद्यहरूका निम्ति समयको परिधि राखिएका हुन्छन्। यस स्कन्ध सूत्रको त्यसरी समयको परिधि राख्नुपर्ने आवश्यकता छैन। जुनसुकै समयमा होस् जुनसुकै अवस्थामा होस् निको पार्नसक्ने भएकोले **'सब्बदा'** भनिएको हो। कुनै कुनै औषधि छुट्कारा पाउने गरी प्रभाव पार्न नसक्ने हुन्छन्; कतिपयले बाह्य प्रभावमा परिरह्यो, औषधि गरेर हुँदैन भन्दछन्। यस स्कन्धसूत्रले त बिल्कुल निर्मूल हुनेगरी निको पार्न सक्ने मात्र होइन उक्त बाह्य प्रभाव परिह्यो भन्ने क्षेत्रमा समेत दबाउन सक्ने, हटाउन सक्ने शक्ति रहेकोले **'सब्बसो'पि** भनियो।

Dhamma.Digital

## विभिन्न भय उपद्रव

यो सूत्र त मैत्री वृद्धि गर्नु; बुद्धगुण भाविता गर्नुद्वारा व्यवस्थित गरिएको बुद्धमन्त्र हो। सत्वहरूप्रति विशेषतः मैत्री प्रभाव पुग्राई बुद्धप्रति अत्याधिक श्रद्धा प्रसन्नता रहेकोले भरोसा लिनेहरूका निम्ति यो सूत्रको प्रभाव शक्ति र आनुभाव प्रत्यक्ष अनुभव गर्न पाइने नै हुन्छ। उनीहरूका लागि सर्प आदि सत्वहरूले शत्रुभाव नराखी बस्ने मात्र होइन कि सर्पबाट टोकिएको व्यक्तिलाई यो मन्त्र पढी, पाठ गरी उपचार गरिदिनाले विष हटाई निको पार्न सक्दछ।

सम्बुद्ध तथागतप्रति साँच्चै आस्था र श्रद्धा राख्नु मैत्री, करुणा भएका कुनै कुनै आचार्यहरूले सर्पबाट टोकिएको व्यक्तिको विषलाई यस सूत्रद्वारा



Downloaded from http://www.dhamma.digital

उपचार गरी प्रतिफल भोगेका छन् । सर्पलाई मात्र होईन सम्पूर्ण सत्वहरूप्रति मैत्री फैलाउनु त्रिरत्नको गुण आरम्मण गर्नु कारणले गर्दा नै यस सूत्रले सर्पको विषलाई मात्र नभई अरु अरु भय उपद्रव विभिन्न अन्तरायलाई आरक्षा गर्ने भएकोले प्रत्यक्ष परिणाम भोग्नेहरू कम छैनन् । त्यसैले **'सेसञ्चापि परिस्सयं'** भनी भनियो ।

**६०) विरूपक्खेहि मे मेत्तं; मेत्तं एरापथेहि मे ।**
**छब्यापुत्तेहि मे; मेत्तं कण्हागोतमकेहि च ।**

(६०) **विरूपक्खेहि**=विरुपक्ष जातका नागराजहरूसँग; **सद्धिं**=सँग; **मे**=मेरो; **मेत्तं**=मित्रभाव उत्पत्ति कारण असल मैत्री; **होतु**=होस् । **एरापथेहि**=एरापथ जातका नागराजसँग; **सद्धिं**=सँग; **मे**=मेरो; **मेत्तं**=मित्रभाव उत्पत्ति कारण असल मैत्री; **होतु**=होस् । **कण्हागोतमकेहि च**=कृष्णा गौतम जातका नागराजहरूसँग पनि; **सद्धिं**=सँग; **मे**=मेरो; **मेत्तं**=मित्रभाव उत्पत्ति कारण असल मैत्री; **होतु**=होस् ।

## भावार्थ

विरूपाक्ष जातका नागराजहरूसित मेरो मित्रभाव, मैत्रीस्नेह भइरहोस् । एरापथ जातका नागराजहरूसँग पनि मेरो मित्रभाव, मैत्रीस्नेह भइरहोस् । छब्यापुत्र जातका नागराजहरूसँग पनि मेरो मित्रभाव मैत्रीस्नेह भइरहोस् । कृष्णा गौतम जातका नागराजहरूसँग पनि मेरो मित्रभाव मैत्रीस्नेह भइरहोस् ।

## मैत्री वृद्धि तरिका

**'विरूपक्खेहि मे मेत्तं'** आदि नागराज जातिका जातिगत आफन्तहरूप्रति मैत्री वृद्धि गर्ने तरिका देखाइएको गाथा हो ।

## विभिन्न सर्प जाति

**विरूपक्ख**-आदि नागराजहरू हुन् । यी नागराजहरूसँग जातिगत



Downloaded from http://www.dhamma.digital

रूपमा समान रहेका नागराजहरू **विरूपक्ख** आदि नाम रहेका छन् । यहाँ सर्प जातिहरू बताउनु पर्दछ । (१)- काष्ठमुख सर्प=उक्त सर्पले टोकेको व्यक्तिको शरीर पूरै कस्सिएर, टन्किएर कडा हुनथाल्छ । (२)-पूतिमुख सर्प=उक्त सर्पले टोकेको व्यक्तिको मासु र छालाबाट तरल सुल्ल सुल्ल बगिरहन्छ । (३)-अग्निमुख सर्प=उक्त सर्पले टोकेको व्यक्तिको आगो लागेको जस्तै शरिरभरी दाह हुने गरी पोलीरहन्छ । (४)-शक्तिमुख सर्प=उक्त सर्पले टोकेको व्यक्तिको शरिरको भाग (मासु-छाला) टुक्रा-टुक्रा भई झर्छन् । ती चारथरिका सर्पहरूमध्ये प्रत्येकमा (१) दष्ट विष=टोकिनाले विष चढ्ने सर्प; (२)-दृष्ट विष=देख्नासाथ विष चढ्ने सर्प; (३)-स्पृष्ट  विष=छुनासाथ विष चढ्ने सर्प; ४) वात विष= हावा लाग्नाले विष चढ्ने सर्प भनी अझै चारचार थरीका छन् । यी सर्प जातिहरूमध्ये विरुपाक्ष आदि चारप्रकारका सर्पहरू दष्ट विष जातका सर्पहरू मात्र भएको तथ्य *अङ्गुत्तरट्ठकथा* मा वर्णन गरिएको छ ।
*(सं. ट्ठ. ३-५२, अं.ट्ठ. २-३१६)*

## उपसेन स्थविर

देख्नासाथ विष चढ्ने दृष्ट विष सर्प अति नै तीव्र विषालु हुन्छन् । यिनीहरूमध्ये दृष्ट विष र वात विषहरूको शक्ति थाहा नभएपनि स्पृष्ट विष (=छुनासाथ विष चढ्ने) सर्पहरू त *सलायतन संयुत्त उपसेन आसीविस सूत्र*मा उल्लेख भएको पाइन्छ । आयुष्मान सारिपुत्र महास्थविरका भाइ आयुष्मान उपसेन स्थविर चीवर सिइरहनुभएको बेलामा गुफाको छतमा खेलिरहेका दुइटा सर्पहरूमध्ये एउटा उहाँको काँधमा खसेछ । उक्त सर्प **फुट्ठविस** (=स्पृष्ट विष) जातको सर्प भएकोले विष फैलिएको सर्प आफूमा झरेको थाहाहुनासाथ उहाँले आफ्नो शरीरलाई ऋद्धिद्वारा गुफा भित्र बिग्रन नदिनको लागि अधिष्ठान गरिसकेपछि भिक्षुहरूलाई आफ्नो शरीर बिग्रनुभन्दा अगावै खाट्मा राखी बाहिर निकाल्न आज्ञा गर्नुभयो । भिक्षुहरूले निकाली बाहिर पुग्नासाथै खाटमाथि नै तिलको डल्लो झैं शरीर छरिन पुग्यो । *(सं. २-२६७)*



Downloaded from http://www.dhamma.digital

**(६१) अपादकेहि मे मेत्तं; मेत्तं द्विपादकेहि मे ।**
**चतुप्पदेहि मे मेत्तं; मेत्तं बहुप्पदेहि मे ।**

(६१) **अपादकेहि**=खुट्टा नहुने सत्वहरूसित; **मे**=मेरो; **मेत्तं**=मित्रभाव मैत्री स्नेह; **होतु**=भइरहोस् । **द्विपादकेहि**=दुइखुट्टा हुने सत्वहरूसित; **मे**=मेरो; **मेत्तं**=मित्रभाव मैत्री स्नेह; **होतु**=भइरहोस् । **चतुप्पदेहि**=चारखुट्टे सत्वहरूसित; **मे**= मेरो; **मेत्तं**=मित्रभाव मैत्री स्नेह; **होतु**=भइरहोस् । **बहुप्पदेहि**=धेरै खुट्टा हुने सत्वहरूसित; **मे**=मेरो; **मेत्तं**=मित्रभाव मैत्री स्नेह; **होतु**=भइरहोस् ।

## भावार्थ

खुट्टा नहुने सत्वहरूसित मेरो मित्रभाव मैत्री स्नेह भइरहोस् । दुइखुट्टा हुने सत्वहरूसित पनि मेरो मित्रभाव मैत्री स्नेह भइरहोस् । चारखुट्टा हुने सत्वहरूसित पनि मेरो मित्रभाव मैत्री स्नेह भइरहोस् । धेरै खुट्टा हुने सत्वहरूसित पनि मेरो मित्रभाव मैत्री स्नेह भइरहोस् ।

## सकल सत्वप्रति मैत्री वृद्धि

उपरोक्त गाथाद्वारा सर्पहरूलाई मात्र मैत्री वृद्धि गर्ने तरिका देखाइसकेपछि सर्पहरू मात्र होइनन् अरु अरु सबै सत्वहरूप्रति पनि मैत्री बृद्धि गर्ने तरिका देखाउनलाई **'अपादकेहि मे मेत्तं'** आदिद्वारा फेरि देखाउनुभएको हो ।

## स्वरूप ग्रहण

**मित्तस्स भावो मेत्तं । मित्तस्स**=मित्रको; **भावो**=उत्पतिको कारण हो; **मेत्तं**=मित्रको उत्पत्ति कारण मैत्रीलाई लिनुपर्दछ । मैत्रीसँग सम्प्रयुक्त भएको चित्तलाई भए पनि लिनुपर्दछ । अप्पादकको स्वरूप सर्पजाति सबैलाई र माछाहरूलाई पनि लिनुपर्दछ । द्विपादकको रूपमा मनुष्य र विभिन्न पंक्षी जाति भए । चतुप्पदको रूपमा घोडा, हात्ती, गाईगोरु, रांगा आदि भए । बहुप्पद-त बिच्छी, कनसुत्लो, भ्रुसिल्कीरा, माकुरा आदि भए ।



Downloaded from http://www.dhamma.digital

**(६२) मा मं अपादको हिंसि; मा मं हिंसि द्विपादको ।**
**मा मं चतुप्पदो हिंसि; मा मं हिंसि बहुप्पदो ।**

(६२) **अपादको**=खुट्टा नहुने सत्व जातिहरूले; **मं**=मलाई; **मा हिंसि**=कष्ट र शास्ति नदेउन्; **द्विपादको**=दुई खुट्टा हुने सत्व जातिहरूले; **मं**=मलाई; **मा हिंसि**=कष्ट र शास्ति नदेउन्; **चतुप्पदो**=चारखुट्टे चौपाया सत्व जातिहरूले; **मं**=मलाई; **मा हिंसि**=कष्ट र शास्ति नदेउन्; **बहुप्पदो**=धेरै खुट्टा हुने सत्व जातिहरूले; **मं**=मलाई; **मा हिंसि**=कष्ट र शास्ति नदेउन् ।

## भावार्थ

खुट्टा नहुने सत्व जातिहरूले मलाई शास्ति र हिंसा नगरुन् । दुई खुट्टा हुने सत्व जातिहरूले पनि मलाई शास्ति र हिंसा नगरुन् । चार खुट्टे (चौपाया) सत्व जातिहरूले पनि मलाई शास्ति र हिंसा नगरुन् । धेरै खुट्टा भएका सत्व जातिहरूले पनि मलाई शास्ति र हिंसा नगरुन् ।

## प्रार्थनाद्वारा वृद्धि

पहिलेका **'विरुपक्खेहि'** आदिले त मैत्रीलाई सिधा उल्लेख गरी मैत्री वृद्धिको तरिका देखाइरहेका छन् । फेरि प्रार्थना र आशीषद्वारा मैत्री राख्ने तरिकालाई **'मा मं अपादको हिंसि'** आदिद्वारा देखाउनुभएको हो ।

## मैत्री नै

'मलाई शास्ति र हिंसा नगरुन्' भन्ने प्रार्थना गर्नुअनुसार मैत्री वृद्धि गर्नु एउटा तरिका नै हो । सत्वहरूप्रति मनोवृति कडा हुने व्यक्तिहरूसँग ती सत्वहरूलाई आक्रमण गर्न, पिट्न, लात्ता हान्न, शास्ति गर्नको लागि इच्छा भइरहने हुनाले उनीहरूले यस्तो प्रार्थना कसरी गर्न सक्लान् र ? मलाई शास्ति र हिंसा नगरुन् भन्नु ती सत्वहरूले मैत्री राख्नमिल्ने बन्नको लागि अभिलाषा राख्नु आशीष नै भएकोले सत्वहरूप्रति मैत्रीले नुहेको स्वभाव,



Downloaded from http://www.dhamma.digital

सत्वहरूमा मनोवृत्ति कोमल भएको स्वभाव नै भयो। तसर्थ **'मा मं अपादको हिंसि'** आदि एक प्रकारको मैत्री भावना नै हो।

**६३) सब्बे सत्ता सब्बे पाणा; सब्बे भूता च केवला।**
**सब्बे भद्रानि पस्सन्तु; मा कञ्चि पाप'मागमा।**

६३) **सब्बे**=सबै; **सत्ता**=पञ्चस्कन्धमा टाँसिएका सत्वहरू; **सब्बे**=सबै; **पाणा**=स्वास फेर्ने प्राणीहरू र; **केवला**=छुटपुट नभएकाहरू ( भएभरका); **सब्बे**=सकल; **भूता**=उत्पन्न भई देखिनआएका प्राणीहरू र; **सब्बे**=सत्वहरू सबैले; **भद्रानि**=उत्तम प्रणीत भएको इष्टारम्मणलाई; **पस्सन्तु**= देखिरहन सकुन्। **कञ्चि**=कोही कसैले पनि; **पापं**=दुःख कष्ट; **मा अगमा**=भोग्न नपरोस्।

## भावार्थ

सम्पूर्ण सत्वहरू सबैले उत्तम प्रणीत भएको इष्टारम्मण अनुभव गर्न पाउन्; कोही पनि दुःख कष्ट भोग्न नपरोस्।

Dhamma.Digital

## अनोदिस्सक

उपरोक्त **'विरुपक्खेहि'** आदि पुद्गलहरूलाई उल्लेख गरी उद्देश्य राखी गर्नुपर्ने मैत्री भएकोले **ओदिस्सक** (=उद्देश्यद्वारा उत्पन्न भएको) मैत्री हो। त्यसरी व्यक्तिलाई विशेष रूपले उद्धृत गरी उद्देश्य नराखिकन सम्पूर्ण सत्वहरूलाई सामान्य रूपमा एकमुष्ठ गरी ती सम्पूर्ण सत्वहरूप्रति राखिने मैत्री **अनोदिस्सक** (=उद्देश्य नराखिकन उत्पन्न गरिने) मैत्री भनी भन्नुपर्दछ। त्यो **अनोदिस्सक** मैत्री भावना गर्ने तरिकालाई **'सब्बे सत्ता'** आदिद्वारा विधि दिनुभएको हो।



Downloaded from http://www.dhamma.digital

**६४) अप्पमाणो बुद्धो; अप्पमाणो धम्मो ।**
**अप्पमाणो संघो; पमाणवन्तानि सरीसपानि ।**
**अहि विच्छिका सतपदी; उण्णनाभी सरबू मूसिका ।**

६४) **बुद्धो**=बुद्ध, **अप्पमाणो**=गुणको हिसाबले तुलना गरी हेर्न नसकिने गरी परिमाण रहित भएका; **धम्मो**=लोकुत्तर धर्म नौ वटा; **अप्पमाणो**=गुणको हिसाबले यतिउति मात्र हो भनी देखाई तुलना गरी तौल गरी हेर्न नमिल्ने भई परिमाण रहित भएको; **संघो**=आर्य उत्तम संघ; **अप्पमाणो**=लोकुत्तर धर्म नौवटै एक समूह भई गुणको हिसाबले अवरोध रहित भई परिमाण रहित छ; **अहि**=सर्प; **विच्छिका**=बिच्छी; **सतपदी**=कनसुत्लो वा खुट्टा सयौंवटा भएका कीरा (हरू); **उण्णनाभी**=माकुरा; **सरबू**=छेपारो र; **मूसिका**=मुसा; **(इति इमानि) सरीसपानि**=छातीले टेकेर, घिस्रेर चल्ने यी सत्वहरू; **पमाणवन्तानि**=क्लेश भनी तुलना गरी तौल गरेर हेर्न मिल्ने परिमाण भएका प्राणीहरू हुन् ।

## भावार्थ

(उहाँ) तथागत गुणको हिसाबले परिमाण रहित भई अपरिमाणका हुनुहुन्छ । लोकुत्तर धर्म पनि गुणको हिसाबले परिमाण रहित भई अपरिमाण छन् । आर्य संघहरू पनि लोकुत्तर धर्म अनुसार अपरिमाण हुनुहुन्छ । सर्प, बिच्छी, कनसुत्लो, माकुरा, छेपारो, मुसा भन्नेहरू र छातीले टेकी घिस्रेर चल्ने प्राणीहरू त सिमाना राखी परिमाण राखिने क्लेशयुक्त भएका हुनाले परिमाणयुक्त हुनेहरू हुन् ।

## तारण राख्नु

उपरोक्त गाथाहरूद्वारा मैत्री भावना गर्ने तरिकाहरू दिइसक्नु भएपछि अब फेरि त्रिरत्नको गुणलाई ब्यक्त गरी अन्तराय दिने सत्वहरूबाट रक्षाबन्धन तारण राख्ने विधि देखाउने इच्छा भएकोले **'अप्पमाणो बुद्धो'** आदि आज्ञा हुनुभएको हो ।



Downloaded from http://www.dhamma.digital

## परिमाण रहित तरिका

**'बुद्धो ति बुद्धगुणा वेदितब्बा'** भन्ने *चतुकङ्गुत्तरअट्ठकथा (३१६)* मा बुद्धको स्वरूप बुद्धको गुणलाई लिनुपर्दछ भनी वर्णन गरिएको छ। **बुद्धो**=बुद्धगुण भनेर पनि अर्थ दिन सकिन्छ। परिमाण राखिने क्लेशहरू नभएको हुनाले र बुद्धका गुणको परिमाण नभएको हुनाले बुद्धरत्नलाई अपरिमाण भन्नुपर्दछ भनी *दुक जातकट्ठकथा (१३४)*-मा वर्णन गरिएको छ।

पछिल्लो अर्थलाई लिएर 'गुणको हिसाबले तौल गर्न नसकिने र नाप रहित भई परिमाण रहित छ' भनी दिएको छु। तथागतसँग भएको लोकुत्तर धर्मगुण नै जुनसुकै रूपमा पनि नापतौल गरी सिमाना राख्न नसकिने भई परिमाण रहित छ। लोकुत्तर धर्मको कारणले प्राप्त हुनआएको असंख्य र अपरिमेय्य गुणहरू अर्को एकजना तथागतले जीवनभरसम्म बताइरहनु भएपनि अन्त हुनसक्दैन भनी भनिराखिएको रहेकोले कसरी सीमित गर्न सकिएला र ? **'धम्मो'ति नव लोकुत्तर धम्मो'** भन्ने *दुकनिपात जातक अट्ठकथा (१३४)* अनुसार लोकुत्तर धर्म नौवटालाई **धम्म**-को स्वरूप अनुसार लिनुपर्दछ। लोकुत्तर धर्म **'गम्भीर**=गम्भीर रहेछ; **'दुद्दस**=देख्न गाह्रो रहेछ'; आदि भनी प्रशंसनीय भएकोले कसरी पो सीमित र परिमित गर्न सकिएला र ? यसरी परिमाण रहित भएको लोकुत्तर धर्म सम्पन्न भएको हुनाले संघ पनि अपरिमित हो।

## परिमाण राख्ने तरिका

परिमाण राख्ने क्लेश नभएको कारणले गर्दा अपरिमाण भनिएकोमा क्लेशहरूले परिमाण राख्ने तरिकालाई *(सलायतन, चित्तसंयुत्त अट्ठकथा* अनुसार) यसरी जान्नुपर्दछ। पर्वतको फाँटमा सडेगलेका रुखविरुवाका झारपात र बोक्राहरूले गर्दा कालो, मैलो फोहोर भएको पानी जम्मा रहेको हुन्छ। त्यो पानी देख्नेहरूले (उक्त ठाउँ) शयजिउ जति गहिरो छ होला भनी ठान्दछन्।



Downloaded from http://www.dhamma.digital

तर लट्ठीले वा डोरीले नापेर बुझेर हेऱ्योभने खुट्टाको कुर्कुचो पनि नडुबेको देख्दछन् । त्यस्तै नै राग आदि उत्पन्न हुनुभन्दा अगाडि श्रोतापन्न हो कि सकृदागामि हो कि अनागामि हो कि भनी अड्कल लगाइरहन्छन् । राग आदि उत्पन्न हुँदा मात्र **'रत्त**=रक्त हुने; **दुट्ठ**=रिसाउने; **मूल्ह**=मोहित हुने रहेछ भनी प्रकट हुन थाल्दछ । तसर्थ राग आदि 'यो ब्यक्ति यति मात्र हो' भनी नापेर निर्धारण गर्ने परिमाण राखिने धर्महरू हुन् । *(सं.द्व.३; गोदत्त सुत्त-१३६)*

## मतलब के हो ?

सर्प आदि सत्वहरू परिमाण (सिमाना) राख्ने क्लेशहरूले युक्त भएका हुनाले **पमाणवन्तानि**=परिमाण भएकाहरू हुन् भनिएको हो । यहाँ बुद्ध, धर्म, संघ अपरिमित भयो । सर्प आदि सत्वहरू परिमाण भएका भन्ने वचनद्वारा के भन्न खोजेको हो त ? बुद्ध, धर्म र संघका गुण प्रभाव अति महान छ । यी सत्वहरू हीन, नीच सत्व मात्र हुन् । **अप्पमाणो**- आदि द्वारा बुद्ध, धर्म, संघका गुणलाई सम्झिनाले उक्त त्रिरत्नको आनुभाव अनुसार ती सत्वहरूले केही पनि गर्न सक्दैनन् । ती सत्वहरूबाट आरक्षा प्राप्त हुने भयो भन्ने मतलब हो । त्यसैले सँगै जोडेर नै **'कता मे रक्खा**=मैले आरक्षा सुरक्षा बनाइसकें; **कतं मे परित्तं**=मैले तारण राखिसकें' भनी बताउनुभएको हो ।

**(६५) कता मे रक्खा; कतं मे परित्तं; पटिक्कमन्तु भूतानि ।**
**सो'हं नमो भगवतो; नमो सत्तन्नं सम्मासम्बुद्धानं ।**

(६५) **मे**=मैले; **रक्खा**=आरक्षा र सुरक्षा; **कता**=बनाई राखिसकें; **मे**=मैले; **परित्तं**=तारण; **कतं**=बनाई राखिसकें; **भूतानि**=अन्तराय पार्ने सत्वहरू; **पटिक्कमन्तु**=हटेर जाऊन् । **सो'हं**=मैले उहाँ; **भगवतो**=परिनिर्वाण भइसक्नुभएका भगवान् तथागतहरू सबैलाई नै; **नमो**=नमस्कार गर्ने काम (**करोमि**=गरिरहेको छु ।) **सत्तन्नं**=सातजना; **सम्मासम्बुद्धानं**=विपश्वी आदि तथागतहरूलाई; **नमो**=नमस्कार गर्ने काम (**करोमि**=गरिरहेको छु ।)



Downloaded from http://www.dhamma.digital

## भावार्थ

मैले आफूलाई आरक्षा सुरक्षा बनाई सकें। मैले तारण राखिसकें। सत्वहरूले रक्षा गरुन्। मैले उहाँ परिनिर्वाण भइसक्नुभएका पहिले पहिलेका तथागत भगवान्हरू सबैलाई नमस्कार गरिरहेको छु। विपश्वी आदि सातजना सम्यक् सम्बुद्धहरूलाई पनि नमस्कार गरिरहेको छु।

## पुनः आरक्षा व्यवस्था

**'अप्पमाणो'** आदिद्वारा आरक्षा र तारण राखिसकेपछि, उक्त आरक्षा व्यवस्थाद्वारा सत्वहरू हटेर जानको निम्ति अह्राई सकेपछि परिमाण मंगल आरक्षा एउटा फेरि व्यवस्था गर्नको निम्ति र निर्देशन दिनहुनको निम्ति **'कता मे रक्खा'** आदि आज्ञा हुनुभएको हो।

## दृढताको लागि

आरक्षा गरिसकेको हुनाले तिमीहरू हटेर जाऊ भनिसकेपछि **'सो'हं नमो भगवतो'** आदि फेरि भन्नुपर्ने 'गाँठोमा गाँठो थप्नु, कस्सिएकोलाई अझ कस्नु' भनेजस्तै बलियोसँग कस्सिएको आरक्षा झन बलियो बनाउनको निम्ति दोहऱ्याएर प्रणाम मंगलद्वारा अन्तिम निगमन तारण फेरि राख्नुभएको हो।

**भगवतो** भनी सामान्य रूपले भनिराखेको हुनाले अब धेरैजनाबाट शरण ग्रहण गरिएका गौतम तथागतलाई नै भन्नुपर्ने जस्तो भएको छ। तर गौतम तथागत **सत्तन्नं सम्मासम्बुद्धानं**- भनी विशेषरूपले उद्धृत गरी नमस्कार गरिराखिएका सातजना तथागतहरूको समूहमा समावेश भइसकेको हुनाले यस **भगवतो**-लाई परिनिर्वाण भइसक्नुभएका तथागतहरू सबैलाई ग्रहण गर्नको निम्ति **'अतीतस्स परिनिब्बुतस्स सब्बस्सापि भगवतो'** भनी *जातक अट्ठकथा*ले वर्णन गरिराखेको हो।



Downloaded from http://www.dhamma.digital

## भनाईमा एकरूपता छैन

**'अप्पमाणो बुद्धो'** देखि शुरु गरी पछिको देशनालाई गाथाहरू नै भन्ने र चुण्णिय (गद्य) रहेको भन्ने भनाई फरक रहेका छन्। त्यसमध्येमा **'कता मे रक्खा'** आदि पछिका देशनालाई **'इमं गाथमाह'** भनी अर्थकथाले गाथाको रूपमा अनुसन्धि व्यक्त गरिराखेको हुनाले उक्त देशना गाथा हो वा होइन भनी विवाद गरिरहनु उपयुक्त छैन। **'अप्पमादो'** आदि अगाडिको देशनालाई त अर्थकथा आचार्यले गाथाको रूपमा नभनी सामान्य अनुसन्धि व्यक्त गरिराखेको हुनाले अर्थकथा आचार्यले चुण्णिय (गद्य) हो भन्नलागेको हो कि भनी चिन्तन गरियो भने अझै गर्ने ठाउँ छ। तर जातकदेशना गाथा मात्र बताईराख्नु भएको देशना हुनाले गाथा नै भन्नु पर्ला। छन्दसँग मेल नखाएकोले आयुष्मान संघरक्खित स्थविरले सामान्य नाम दिनको निम्ति निर्देशन दिइराखिसकिएको हुनाले यस तथ्यद्वारा पनि गाथा होइन भनी भन्नसकिने स्थिति छैन।

जान्न योग्य अभिप्राय सहित
स्कन्ध सूत्र नयाँ निश्चय
समाप्त भयो।



Downloaded from http://www.dhamma.digital

# मोरसूत्र नयाँ निश्चय

(६६) **पूरेन्तं बोधिसम्भारे; निब्बत्तं मोरयोनियं ।**
**येन संविहितारक्खं; महासत्तं वनेचरा ।**
(६७) **चिरस्सं वायमन्तापि; नेव सक्खिंसु गण्हितुं ।**
**'ब्रह्ममन्त'न्ति अक्खातं; परित्तं तं भणाम हे ।**

(६६-६७) **हे**=हे सत्पुरुषहरू हो; **बोधिसम्भारे**=सर्वज्ञता ज्ञान प्राप्तिका निम्ति सहयोगी पारमी सम्भार; **पूरेन्तं**=पूर्ण गरिरहनुभएका; **मोरयोनियं**=मयूरको योनिमा; **निब्बत्तं**=जन्म लिनुभएका; **येन परित्तेन**=जुन मोरसूत्र परित्राणद्वारा; **संविहितारक्खं**=राम्ररी व्यवस्था गरिएको सुरक्षा र आरक्षा युक्त भएका; **महासत्तं**=बोधिसत्व मयूरराजलाई; **वनेचरा**=सात पुस्तासम्मका ब्याधाहरूले; **चिरस्सं**=सात शय वर्षको लामो समयसम्म; **वायमन्तापि**=कोसिस गरिआएको भएपनि; **गण्हितुं**=समात्न; **नेवसक्खिंस**=सक्दैसकेनन् । **ब्रह्ममन्तन्ति**=ब्रह्ममन्त्र (=उत्तम मन्त्र) भनेर; **अक्खातं**=तथागतबाट प्रशंसा गरिएको; **तं परित्तं**=उक्त मोर सूत्र परित्राण; (**मयं**=हामीले); **भणाम**=पाठ गरौं ।

Dhamma.Digital

## भावार्थ

सजिलै छ ।

## स्तुति

**'पूरेन्तं बोधिसम्भारे'** आदि मोर (मयूर) सूत्र परित्राण पाठ गर्ने, पढ्ने, सुन्ने, सिक्ने इच्छा वा छन्द प्रबल गराउनलाई मोर सूत्र परित्राणको शक्ति, गुणांग आनिशंस देखाई गुण वर्णन गरी प्रशंसा गरिएको परित्राणको स्तुति वा मंगलाचरण नै हो ।



Downloaded from http://www.dhamma.digital

## निदान

मोर सूत्रद्वारा आरक्षा गरिएको बोधिसत्व मयूरराजलाई ब्याधाहरूले समात्न सकेनन् भन्ने कुरा *दुकनिपात मोर जातक अर्थकथा*मा उल्लेख रहेको अर्थोत्पत्ति अनुसार *(जातक द्व. २-२९)* बोधिसत्व मयूरराज भएको बेलामा हिमालय पर्वतको दण्डक हिरण्य पर्वतमा बास गरिरहेका थिए । मयूरराजले सूर्य उदाउने समयमा सूर्यलाई हेरी **'उदेतयं'** आदि गाथा पढी चारा (खाना) खोज्नजाने र चारा खोजी फर्किने बेलामा पर्वतबाट ढल्की अस्ताउन लागेको धपक्क उज्यालो सूर्यलाई हेरी **'अपेतयं'** आदि गाथा पढ्दा रहेछन् । यस परित्राणको प्रभावले गर्दा बोधिसत्वमा डराउनु, थर्कमान हुनु, रौं ठाडो ठाडो हुनु जस्ता भयले रहित भएको रहेछ ।

वाराणसीको नजिकै रहेको ब्याधाहरूको गाउँबाट एउटा ब्याधा हिमालयको वनमा घुम्दाघुम्दै मयूरराजलाई देखेर फर्की आई उसले आफ्नो छोरालाई यो कुरा बताएर बितेर गयो । एकदिन वाराणसी राजाकी महारानी खेमादेवीले 'सुवर्ण मयूरराजले उपदेश दिएको सुन्न पाएँ भनी सपना देखेर सुवर्ण मयूरराजको उपदेश सुन्न मन लागेको कुरा राजालाई बिन्ती चढाइन् । राजाले ब्याधाहरू जम्मा गरी बुझी हेर्दा आफ्नो बुबाबाट सुनेको अनुसार ब्याधाले सुवर्ण मयूरराज दण्डक हिरण्य पर्वतमा रहेको कुरा निवेदन गर्दा उसलाई नै उक्त सुवर्ण मयूरराज समाती ल्याउने अभिभार दिई पठाइए ।

ब्याधाले हिमालयमा गई मयूरराजले चारा खोज्ने क्षेत्रको चारैतिर जाल फिजाई समात्न खोज्दै सातवर्ष बित्दा ब्याधा नै जंगलमा मर्न पुग्यो । मयूरराजलाई त समात्नै सकेन । खेमादेवी महारानी इच्छा गरेको नपुग्दै स्वर्गारोहण भइन् । महारानी विनाश भएकोले मयूरराजप्रति चित्त दुखेकोले राजाले 'हिमालयको दण्डक हिरण्य पर्वतमा रहेको सुवर्ण मयूरको मासु खानपाउने व्यक्ति बुढा-बुढी हुँदैन, कहिल्यै मर्दैन' भनी सुवर्ण पत्रमा अभिलेख कुँदाई राखेर धेरै समय नबित्दै राजा स्वर्गारोहण भए । उक्त अभिलेख देख्ने पछिपछिका राजाहरूले उक्त मयूर समात्न ब्याधाहरू पठाउँदा पनि समात्न



Downloaded from http://www.dhamma.digital

सकेनन्, राजाहरूको छ पुस्ता नाश भइसके। सातौं पुस्ताका राजाको पालामा पठाएको ब्याधाले विचार गरी तरुणी मयूरलाई तालिम दिई 'पोथी'को स्वरले कराउन लगायो। पोथी मयूरको स्वर सुनेका बोधिसत्वले परित्राण पाठ गर्नुमा होशै नगरी उतातिर गइएकोले जालोमा अल्झिन पुग्यो।

ब्याधाले मयूरराजलाई समातेर लिएर राजाकहाँ चढाउन लाँदा मयूरराजले आफूलाई समात्न पर्नुको कारण सोध्यो। मयूरराजको मासु खानपाए बुढा बुढी नहुने, मर्नु नपर्ने भनेकोले समातेको कुरा बताए। 'महाराज...., म मर्नु नपर्ने (अमर) हो त ?' मयूरराज आफैं त मर्नुपर्ने हुन्छ।' म मर्नुपर्ने भएपछि मेरो मासु खाने व्यक्ति कसरी नमरी बाँच्ला त ? मयूरराज सुवर्ण वर्णको भएकोले हो, भने। 'महाराज..., मसँग सुवर्ण वर्ण भएको बिना कारणले होइन; पहिले-पहिलेका जन्ममा चक्रवर्ती राजा भएको बेलामा आफूले पनि पञ्चशील पालन गरी सम्पूर्ण जनताहरूलाई पनि पालन गराई आएकोले हो' भनी बताई चक्रवर्ती राजा भएको बेलाको रथ यस मंगल पुष्करणीमा भएको कुरा बताई निकाल्न लगाई देखाउँदा राजा पनि विश्वस्त भए। त्यसपछि राजालाई उपदेश दिएर बोधिसत्व मयूर हिमालयमा नै फर्केर गयो।

Dhamma.Digital

## ब्याकरण अनुसार स्पष्टीकरण

(**महासत्त**-मा **'महा**=पवित्र भएको; **सत्त**=सत्व। **महा**=उत्तम सर्वज्ञता ज्ञानमा; **असत्त**=आशक्त र रक्त भएका भनी अर्थ दुइप्रकारका छन्। **महासत्त**=उत्तम पवित्र व्यक्ति भनेकोमा असल आचरण र उत्तम क्रियाकलाप भएका भन्ने मतलब हो। पारमी साँच्चै सत्पुरुषहरूका उत्तम व्यक्तिहरूका क्रिया भएकोले उक्त पारमी समूह कुशल कर्मले सम्पन्न भएका बोधिसत्व **महासत्त** (=उत्तम व्यक्ति) हुनुहुन्थ्यो।'

दोस्रो अर्थ अनुसार **महासत्त** सर्वज्ञता ज्ञानमा आशक्त र रक्त भएका व्यक्ति भएकोले सर्वज्ञता ज्ञानप्रति ठूलो इच्छा भएकोले उक्त ज्ञान लाभको निम्ति विधि, पद्धतिहरू प्रयत्न पूर्वक खोजी उद्योग र अभ्यास गरिरहेका व्यक्ति हुन्। सर्वज्ञता ज्ञान लाभको निम्ति विधि र पद्धतिहरू पारमीहरू नै भएकोले पारमीलाई



Downloaded from http://www.dhamma.digital

प्रयत्न पूर्वक संकलन गरिरहेका व्यक्ति भनी भन्नुपर्छ। यी दुईथरी अर्थ अनुसार पारमी पूर्ण गरिरहेका भन्ने अभिप्राय भएको **महासत्त**-को उक्त अभिप्राय स्वरूपलाई उद्धृत गर्न **'पूरेन्तं बोधिसम्भारे'** भनी आज्ञा हुनुभएको हो।

## बोधिसम्भार

**'बोधि'**-शब्द सर्वज्ञता ज्ञान, आर्य मार्ग, बोधि नाम, बोधिवृक्ष- मा प्रयोग भइरहेको हुनाले यहाँ **'बोधि'**-को स्वरूप सर्वज्ञता ज्ञानलाई लिनुपर्दछ। अथवा **'बोधि'**-भनेपनि महाबोधिलाई लिनुपर्दछ। **महाबोधि** भनेको अरहत्त मार्गज्ञान र सर्वज्ञता ज्ञान हो। तथागतमा हुने यी दुइटा ज्ञानहरू परस्पर सहयोगी हुन्। अरहत्त मार्गको कारणबाट सर्वज्ञता ज्ञान प्राप्त हुने हुन्छ। उक्त अरहत्त मार्ग सर्वज्ञता ज्ञानका कारणले अरु अरुका अरहत्त मार्गसँग समान नभई विशेषतायुक्त हुन्छ। अरहत्त मार्ग क्षणमा सर्वज्ञता ज्ञान पनि सिद्ध भैसक्ने हुनाले उक्त ज्ञान दुइटा परस्पर सहायक हुन्छन्। गाथामा सर्वज्ञता ज्ञानलाई **बोधि**-को स्वरूप अनुसार मानेर अर्थ दिएको छ। 'अरहत्त मार्ग ज्ञान, सर्वज्ञता ज्ञान-को सम्भार पारमीहरूलाई' भनेर पनि अर्थ्याउन सकिन्छ।

घर बन्नलाई संयुक्त हुनुपर्ने अंग प्रत्यंगहरूको समूह मिली संयुक्त भएमा मात्र घर बने झैं दान आदि पारमी अंग प्रत्यंगहरू एकसाथ समूह मिलेर संयुक्त भएपछि मात्र बोधि उत्पन्न हुने हुन्छ। तसर्थ घर बन्नको लागि चाहिने अंगप्रत्यंग समूहलाई **गेहसम्भार** (= घर बनाउने सामग्रीहरू) भनी भन्नुपरे झैं बोधि उत्पत्तिको लागि चाहिने पारमी समूहलाई **बोधिसम्भार** ( =बोधिका सामग्रीहरू) भनी भन्नुपर्दछ।

## मोर योनि

**'निब्बत्तं मोरयोनियं'** द्वारा गति-भनेको अस्थिर हुने हुनाले उतार चढाव, हीन प्रणीत, साटफेर हुनसक्ने संसारको स्वभावलाई देखाइरहेको छ।



Downloaded from http://www.dhamma.digital

बोधिसत्वहरू समेत यसरी गति स्थिर नभएका भई यताउती भौंतारिन पुग्दछन् भने साधारण मानिसहरू वा सामान्यजनहरूको निम्ति त भन्नु नै के बाँकी रहन्छ र ?

नियत ब्याकरण प्राप्त भइसकेका बोधिसत्वहरूमा यो गतिमा परिवर्तन हुनुले पारमिहरू पूर्णगर्ने एउटा अवसर फेरि प्राप्त भई गल्ती भई, बिग्री, विध्वंश नै हुन नसके पनि आफूहरू यस्तो हुनु पर्दा पछि सुगति भूमिमा उक्लनु कति गाह्रो रहेछ भन्ने कुरा *काणकच्छपोपम, नखसिखोपम सुत्तन्त* अनुसार स्पष्ट भएको पाइन्छ । तसर्थ मनुष्य पनि भएको, (बुद्ध) शासनसँग पनि समागम भएको महान उत्तम अवसरलाई नछल्ने गरी अपायको ढोका बन्द गर्ने मार्गफल प्राप्त हुने गरी ग्रहण गरी लिइराख्नुपर्ने तथ्यतिर पनि होश दिइरहेको कुरा जान्नु पर्दछ ।

## उस्तै ठान्नु हुँदैन

**'पूरेन्तं बोधिसम्भारे'** द्वारा बोधिसत्व सुवर्ण मयूरको स्थिति गुणको प्रभाव देखाएको हुनाले त्यस अवस्थाका बोधिसत्वले दान, शील, मैत्रीद्वारा सत्वहरूप्रति अर्थ र हितकामी रहेको चित्त भएको, प्रज्ञापारमी पूर्ण गरि आइसकेको हुनाले प्रज्ञाज्ञान परिपक्व रहेको, क्षान्ति, सत्य, उपेक्षा अनुसार मनोभावना अतिव प्रबल, परिपक्व र सुदृढ भइराखेको हुनाले एक विशिष्ट ब्यक्ति भएको हुनाले सामान्य तिरश्चीन पशु जातिहरू त के जनसाधारण सामान्य मानिसहरूसँग पनि समान स्तरमा राखी विचार गरियो भने त्यो विचार स्वाभाविक हुँदैन । तसर्थ 'तिरश्चीन मयूरले बुद्ध र धर्मबारे कसले बताएकोले जानेको हो ? मन्त्र बनाई पढ्न र पाठ गर्न सक्छ भनेको सत्य कुरा होला र ? उपदेश दिन सक्छ भनेको सम्भव हुन सक्दैन' आदि विचार र चिन्तनहरू ठीक ठाउँमा पर्दैनन् । त्यस्ता विचार र कल्पना हुनेले यो परित्राणको परिणाम अनुभव गर्न पाउँदैन । आस्था र विश्वास राखी आधार मानी पढ्ने, पाठ गर्ने गराउनेहरूले यस परित्राणको परिणाम अनुभव गरेका



Downloaded from http://www.dhamma.digital

छन्, अनुभव गरिरहेका छन् भविष्यमा पनि अनुभव गर्न पाउनेछन् नै ।

(६८) **उदेत'यं चक्खुमा एकराजा;**
**हरिस्सवण्णो पथविप्पभासो ।**
**तं तं नमस्सामि हरिस्सवण्णं पथविप्पभासं;**
**तया'ज्ज गुत्ता विहरेमु दिवसं ।**

(६८) **चक्खुमा**=विश्वनिवासी नरनारीहरूलाई दिइएका आँखा भएका; **एकराजा**=तेज प्रकाशमा प्रतिस्पर्धा रहित भएर एक्लो अग्रराजा रहेका; **हरिस्सवण्णो**=सुवर्णको जस्तो वर्ण भएका; **पथविप्पभासो**=सम्पूर्ण पृथ्वीलाई सबैतिर प्रज्ज्वलित र प्रभावित गर्ने; **अयं**=यिनी सूर्यराज; **उदेति**=उदय भइहेका छन् । **तं**-तस्मा=त्यसैले; **हरिस्सवण्णं**=सुवर्णको जस्तो वर्ण भएका; **पथविप्पभासं**=सम्पूर्ण पृथ्वीलाई सबैतिर प्रज्ज्वलित र प्रभासित गर्ने; **तं**=उक्त सूर्यराजलाई; **नमस्सामि**=नमस्कार गरिरहेका छौं । **तया**=हजुर सूर्यराजबाट; **अज्ज**=आज; **गुत्ता**=सुरक्षित हुन पाउने भई; **मयं**=हामीहरू; **दिवसं**=दिनभरि; **विहरेमु**=सुख पूर्वक बस्न पाउँ ।

## भावार्थ

विश्वनिवासी नरनारी प्राणीहरूलाई दिइएका आँखा भएका, तेज प्रकाशमा एक्लो राजा भएका; सुवर्णको जस्तो वर्ण भएका भई सम्पूर्ण पृथ्वीलाई प्रज्ज्वलित र प्रभासित गर्ने हजुर सूर्यराज उदाइरहनुभएको छ । त्यसैले सुवर्णको जस्तो वर्ण भएका सम्पूर्ण पृथ्वीलाई प्रज्ज्वलित र प्रभासित गर्ने हजुर सूर्यराजलाई म नमस्कार गर्दछु । हजुर सूर्यराजबाट सुरक्षा लाभ गरी हामी आज दिनभरी सुखपूर्वक बस्न पाउँ ।

## सूर्य नमस्कार

ब्रह्ममन्त्रलाई आबद्ध गरेका बोधिसत्व सुवर्ण मयूरराजले सर्वप्रथम **'उदेतयं'** आदि आबद्ध गरी सूर्यराजलाई नमस्कार गरिरहेको हो ।



Downloaded from http://www.dhamma.digital

## ब्याकरणबाट स्पष्टिकरण

(**चक्खु अस्स अत्थीति चक्खुमा। अस्स**=उनी सूर्यराजको; **चक्खु**=आँखा; **अत्थि**=रहेका छन्; **इति**=त्यसैले; **चक्खुमा**=चक्षुमान् भन्दछन्। सूर्यराजसँग आँखा कसरी रहेका छन् त ? **सकल चक्कवालवासीनं**=सम्पूर्ण चक्रवाल निवासीहरूको; **अन्धकारं विधमित्वा**=अँध्यारो हटाई; **चक्खुपटिलाभकरणेन**=आँखा लाभ गराइदिनुद्वारा; **तेन**=उहाँ सूर्यराजले; **तेसं**=ती विश्वनिवासी नर नारीहरूलाई; **यं चक्खुं**=जुन आँखा; **दिन्नं**=दिइएका छन्; **तेन चक्खुना**=ती विश्वनिवासी नरनारीहरूलाई दिइएका आँखाले; **चक्खुमा**=चक्षुमान रहेछन्। *(जातक-ट्ठ २-३०)*

यहाँ सूर्यराजले लोकनिवासीहरूलाई आँखा दिए भन्नुमा त्यो आँखा लोक निवासीहरूसँग मात्र हुनु पर्‍यो। त्यस्तो नभई सूर्यराजले दिएको आँखा सूर्यराजसँग छ भन्ने परिकल्पना मात्र हो। कल्पनाले आरुढ गरी भन्ने गर्दछन्। लोक धातुमा आँखायुक्त हुने स्वभावलाई सूर्यप्रति आरुढ गरिदिएको हो। **तद्धम्मूपचार** भनी भन्न सकिन्छ। यसरी नभई सूर्यको प्रकाशले गर्दा आँखाले देख्ने काम भईरहन्छन्। कारण प्रकाशयुक्त भईरहेकोलाई फल आँखाले देखिने रहेका छन् भनी भनिएको हुनाले **फलूपचार** भनी भनेमा हलुका र सरल हुनजानेछ। यस विचार अनुसार **चक्खुमा**=आँखा भएका भनेर नै (अर्थ) दिनुपर्दछ।

लोकमा तेज प्रकाश दिने चीज वस्तुहरू मध्येमा सूर्य सबभन्दा विशाल भएकोले सबभन्दा बढी विशेषता भएको मानिन्छ। तसर्थ **एकराजा**=एकमात्र राजा सर्वोत्कृष्ट भनी सूर्यलाई प्रशंसा गरिराखिएको हो।

**हरि**=सुनसँग; **स**=समान भएको; **वण्ण**=वर्ण भएका; समान रूपले उत्पन्न भएको 'स' हो। छन्दानुरक्षणको निम्ति द्वेभाव आगमन भएको छ।)

## मिथ्या हुन्छ कि ?

यहाँ बोधिसत्व सुवर्ण मयूरको सूर्यलाई नमस्कार गर्ने कुरा मिथ्या धारणा हो भनी यस परित्राणलाई कसै-कसैले स्वीकार गर्न मन पराउँदैनन्। सूर्यको प्रकाशले गर्दा रुखबिरुवा आदि निर्जीव पदार्थहरू; मनुष्य आदि सजीव प्राणीहरू जीवित भई वृद्धि भई बस्न पाएका छन्। सूर्यकिरण धातु प्राप्त नभएमा त्यसरी वृद्धि हुन सक्दैन; सूर्यले लोकलाई हित गरी सुरक्षा गरिराखेको



Downloaded from http://www.dhamma.digital

छ। **'तयाज्ज गुत्ता'** आदि यस तथ्यलाई उद्देश्य राखी भनिएको हुनसक्छ। तसर्थ सुवर्ण मयूरराजले लौकिक अर्थको निम्ति एउटा आधार र भरोसाको रूपमा सूर्यलाई नमस्कार गरिरहेका हुन्। त्यसपछि सांसारिक विषय धार्मिक विषयको निम्ति बुद्ध र धर्मलाई नमस्कार गरिरहेका हुन्। शरण गमनमा प्रतिष्ठित भइसकेका व्यक्तिले त्रिरत्न बाहेक अरु अरु तीर्थंकरहरू, राजा आदिहरूलाई कर्तव्यअनुसार, वा गुरु भएको कारणले गर्दा वा डरले नमस्कार गरेपनि शरण गमन बिग्रन्दैन भनी धेरै अर्थकथाहरूमा भनिराखिएका छन्। तसर्थ तथागतहरूलाई आधार भरोसा लिई नमस्कार गर्ने मयूरराजले लौकिक विषयको निम्ति एउटा आधार र भरोसा राखी सूर्यलाई नमस्कार गरिरहे पनि बोधिसत्वको शरणगमन नबिग्रेको हुनाले 'पूरै मिथ्या धारणा हो' भनी भन्न मिल्दैन। तसर्थ यस तथ्य मात्रले गर्दा पनि यस मयूर-परित्राणप्रति आस्था र विश्वास बिगार्नु उचित छैन।

**(६९) ये ब्राह्मणा वेदगू सब्बधम्मे;**
**ते मे नमो, ते च मं पालयन्तु।**
**नमत्थु बुद्धानं, नमत्थु बोधिया;**
**नमो विमुत्तानं, नमो विमुत्तिया।**
**इमं सो परित्तं कत्वा, मोरो चरति एसना।**

(६९) **ये ब्राह्मणा**=खराब जति सबै हटाइसकेका विशुद्ध ब्राह्मण भएका जो तथागतहरूले; **सब्बधम्मे**=सम्पूर्ण धर्मलाई; **वेदगू**=ज्ञान दृष्टिमा प्रकट गरी जानिसक्नुभयो। **ते ब्राह्मणा**=उहाँ तथागत बुद्धहरूले; **मे**=मेरो; **नमो**=नमस्कारलाई; **(पटिच्छन्तु**=स्वीकार गरी लिनुहोला।) **ते**=उहाँ तथागत बुद्धहरूले; **मं च**=मलाई पनि; **पालयन्तु**=सुरक्षा र पालन गर्नुहोला। **बुद्धानं**=तथागत बुद्धहरूलाई; **नमो**=नमस्कार; **अत्थु**=होस्। **बोधिया**=तथागतहरूका मार्ग-ज्ञान, फल-ज्ञानलाई; **नमो**=नमस्कार, **अत्थु**=होस्। **विमुत्तानं**=अरहत्त फल विमक्तिद्वारा क्लेशहरूबाट उन्मुक्त



Downloaded from http://www.dhamma.digital

हुनुभएका तथागत बुद्धहरूलाई; **नमो**=नमस्कार; **अत्थु**=होस् । **विमुत्तिया**=उहाँहरूका पाँच प्रकारका विमुक्तिलाई; **नमो**=नमस्कार; **अत्थु**=होस् । (**भिक्खवे**=भिक्षुहरू हो); **सो मोरो**=उक्त मयूरराजले; **इमं परित्तं**=यस परित्राण तारणलाई; **कत्वा**=बनाई; **एसना-एसनाय**=चारा खोज्नको निम्ति; **चरति**=घुमिरहन्थे ।

## भावार्थ

'विशुद्ध ब्राह्मण तथागत बुद्धहरूले सम्पूर्ण धर्मलाई जानिसक्नुभयो । उहाँ तथागत बुद्धहरूले मेरो नमस्कार स्वीकार गर्नुहोला । उहाँ तथागत बुद्धहरूले मलाई पनि सुरक्षा र पालन गर्नुहोला । तथागतहरूलाई नमस्कार गर्दछु । तथागतहरूका मार्गज्ञान र फलज्ञानलाई नमस्कार गर्दछु । क्लेशहरूबाट उन्मुक्त भइसक्नुभएका तथागतहरूलाई नमस्कार गर्दछु । उहाँ तथागतहरूका पाँच प्रकारका विमुक्तिलाई नमस्कार गर्दछु ।' भिक्षुहरू हो, उक्त मयूरराज यो परित्राण तारण बनाई चारा खोज्नको लागि विचरण गर्न जान्थे ।

## बुद्ध र धर्म प्रणाम

मयूरराजले सूर्यलाई नमस्कार गरिसकेपछि फेरि परिनिर्वाण भइसक्नुभएका पहिलेपहिलेका तथागतहरू र उहाँहरूका गुणांग धर्मलाई फेरि प्रणाम गर्ने गरेका गाथाहरू नै **'ये ब्राह्मणा'** आदि गाथाहरू हुन् ।

## ब्याकरण अनुसार स्पष्टिकरण

(**ब्राह्मण**-शब्द जात अनुसार ब्राह्मण भन्नुपर्ने जातिक ब्राह्मणमा पनि प्रयोग भइरहेका छन् । यी ब्राह्मण भनिने मानिसहरू भए । **ब्रह्मं अणतीति ब्राह्मणो**; **ब्रह्मं**=वेदलाई; **अणतीति**=पढी पाठ गर्न जान्ने भएकोले; **ब्राह्मणो**=ब्राह्मण भनिन्छ ।

क्लेशहरू हटाउनसक्ने गुण अनुसार ब्राह्मण भनी भन्नुपर्ने **विशुद्धि ब्राह्मण** (= क्लेशबाट परिशुद्ध भएका ब्राह्मण) अर्थमा पनि प्रयोग भइरहेका छन् । **'तमहं**



Downloaded from http://www.dhamma.digital

**ब्रूमि ब्राह्मणं'** आदिद्वारा तथागतले दिनुभएको नाम अनुसार 'ब्राह्मण' भन्नुपर्नेहरू बुद्ध अरहन्तहरू नै हुन्। **बाहिता अणा एतेसन्ति ब्राह्मणा। एतेसं**=यी व्यक्तिहरूमा, **बाहिता**=रोकेर हटाइसकिएका; **अणा**=क्लेशहरू; **सन्ति**=छन्; **इति**=त्यस कारणले; **ब्राह्मणा**=ब्राह्मणहरू भनिन्छन्। **'ब्राह्मण'** शब्दले बुद्ध अरहन्तहरूलाई व्यक्त गरेपनि **'सब्बधम्मे, वेदगू**-पदहरू अनुसार यहाँ तथागतहरूलाई मात्र व्यक्त गरिरहेको हो। गाथामा अरहन्तहरूलाई र प्रत्येक बुद्धहरूलाई पनि समेटी अर्थ दिइएको दोश्रो गाथा अनुसार **'अतीते परिनिब्बुते बुद्धे चेव बुद्धगुणे च नमस्सति'** भन्ने *दुक जातक अट्ठकथा*-को विचारसँग साम्यता छैन।

वेदगू-लाई **'अत्तनो ञाणस्स विदिते पाकटे कत्वा गता'** भन्ने *दुकनिपात जातक अट्ठकथा (३१)* अनुसार 'ज्ञान दृष्टिलाई प्रकट पारेर बस्ने अवस्थामा जानी लिनुहुने रहेछ भनी अर्थ दिएको छु। **वेदगू**-को मुख्य अर्थ जान्नु मात्र भएकोले जानी लिनुभयो भनेर पनि अर्थ दिन सकिन्छ।

**बोधि**-शब्दले अरु अरु क्षेत्रमा मार्ग ज्ञानलाई व्यक्त गर्ने भएतापनि यहाँ मार्ग र फल दुइटैलाई नै *जातकट्ठकथा*ले समेटेको छ। फललाई कारणूपचार अनुसार लिनुपर्दछ।

*जातकट्ठकथा*-मा **विमुत्तानं**-लाई **अरहत्तफल विमुत्तिया विमुत्तानं**='अरहत्त फल विमुक्तिद्वारा मुक्त हुनुभएकाहरू' भनी वर्णन गरिएको छ। त्यसो हुनाले **विमुत्तिया**-लाई पनि उक्त अरहत्त फल विमुक्तिलाई नै मान्न सकिन्छ। *जातकअट्ठकथा (३१)*-मा त विमुक्ति पाँचवटालाई नै लिइएको छ। उक्त वर्णन अनुसार अर्थ दिएको छु।

## पाँचओटा विमुक्ति

**१) तदङ्ग विमुत्ति**=दान, शील, विपश्यनाद्वारा सम्बन्धित विरोधी अकुशलबाट विमुक्त हुनु।

**२) विक्खम्भन विमुत्ति**=उपचार, अर्पणा ध्यानद्वारा वितर्क आदि विरोधी नीवरण धर्म विमुक्त हुनु।

**३) समुच्छेद विमुत्ति**=मार्गद्वारा क्लेशबाट विमुक्त हुनु।

**४) पटिपस्सद्धि विमुत्ति**=फलमा क्लेश शान्त हुनु भन्ने विमुक्ति।

**५) निस्सरण विमुत्ति**=संस्कारबाट विमुक्त भएको निर्वाण।



Downloaded from http://www.dhamma.digital

**बुद्ध भाषित मात्र**

यस गाथाको अन्तिम अंश **'इमं सो परित्तं कत्वा; मोरो चरति एसना'** मयूरराजले पाठ गरेको परित्राण होइन। **'नमो विमुत्तिया'** सम्म पाठ गरिसकेपछि मयूरराज चारा खोज्न जाने कुरा तथागतले जोडेर बताउनुभएको देशना हो। त्यसरी बुद्ध भइसक्नुभएपछि मात्र जोडेर बताउनु भएको देशना भएकोले उक्त देशनाको भाव प्रकट हुनेगरी *जातकट्ठकथा* मा **'भिक्खवे'** पद जोडी अर्थ दिइएको अनुसार यहाँ पनि **'भिक्खवे'**-पद जोडेर (अर्थ) दिएको छु।

**(७०) अपेत'यं चक्खुमा एकराजा;**
**हरिस्सवण्णो, पथविप्पभासो।**
**तं तं नमस्सामि हरिस्सवण्णं पथविप्पभासं;**
**तया'ज्ज गुत्ता विहरेमु रत्तिं।**

(७०) **चक्खुमा**=विश्वनिवासी नरनारीहरूलाई दिइएको आँखा भएका; **एकराज**=तेज प्रकाशहरू मध्यमा प्रतिस्पर्धा रहित भई एकै (अद्वितीय) राजा भएका; **हरिस्सवण्णो**=सुवर्णको जस्तो वर्ण भएका; **पथविप्पभासो**=सम्पूर्ण पृथ्वीलाई प्रज्ज्वलित र प्रभासित (=उज्यालो) गर्ने; **अयं**=उहाँ सूर्यराज; **अपेति**=अस्तंगमक पर्वतको टुप्पोबाट हराउँदै हुनुहुन्छ। **तं तस्मा**=तसर्थ; **हरिस्सवण्णं**=सुवर्णको जस्तो वर्ण भएका; **पथविप्पभासं**=सम्पूर्ण पृथ्वीलाई प्रज्ज्वलित र प्रभासित (=उज्यालो) गर्ने; **तं**=हजुर सूर्यराजलाई; **नमस्सामि**=नमस्कार गर्दछु। **तया**=हजुर सूर्यराजको; **अज्ज**=आज; **गुत्ता** =आरक्षा प्राप्त गरी; (**मयं**=म, हामीहरू); **रत्तिं**=रातभरि; **विहरेमु**=सुख पूर्वक बस्न पाउँ।



Downloaded from http://www.dhamma.digital

**(७१) ये ब्राह्मणा वेदगू सब्बधम्मे;**

**ते मे नमो, ते च मं पालयन्तु ।**

**नमत्थु बुद्धानं, नमत्थु बोधिया;**

**नमो विमुत्तानं, नमो विमुत्तिया ।**

**इमं सो परित्तं कत्वा, मोरो वास'मकप्पयि ।**

(७१) **ये ब्राह्मणा**=पाप हटाइसकेका र विशुद्ध ब्राह्मण भइसकेका जो तथागतहरूले; **सब्बधम्मे**=सम्पूर्ण धर्मलाई; **वेदगू**=ज्ञानदृष्टि प्रकट पारी बस्ने अवस्थामा बुझिसक्नुभयो; **ते ब्राह्मणा**=उहाँ तथागत बुद्धहरूले; **मे**=मेरो; **नमो**=नमस्कार; (**पटिच्छन्तु**=ग्रहण गर्नुहोला ।) **ते**=उहाँ तथागतहरूले; **मं च**=मलाई पनि; **पालयन्तु**=सुरक्षा र पालन गर्नुहोला । **बुद्धानं**=तथागत बुद्धहरूलाई; **नमो**=नमस्कार; **अत्थु**=होस्; **बोधिया**=तथागतहरूका मार्ग ज्ञान, फल ज्ञानलाई; **नमो**=नमस्कार; **अत्थु**=होस् । **विमुत्तानं**=अरहत्त फल विमुक्तिद्वारा क्लेशहरूबाट उन्मुक्त हुनुभएका तथागत बुद्धहरूलाई; **नमो**=नमस्कार; **अत्थु**=होस् । **विमुत्तिया**=उहाँहरूका पाँचप्रकारका विमुक्तिलाई; **नमो**=नमस्कार; **अत्थु**=होस् । (**भिक्खवे**=भिक्षुहरू हो); **सो मोरो**=उक्त मयूरराजले; **इमं परित्तं**=यस परित्राण तारणलाई; **कत्वा**=बनाई; **वासं**=रातमा निदाई बासबस्ने; **अकप्पयि**=गर्दथे ।

**भावार्थ** दिनुपर्ने विशेषता छैन ।

**'उदेतयं'** आदि गाथाहरू विहान सूर्य उदाउँदा पाठ गरिने मोर परित्राण तथा यो **'अपेतयं'** आदि गाथाहरू त राति सूर्य अस्ताउँदा पाठ गरिने मोर परित्राण हो । यी परित्राण दुइथरीमा पालि पदहरू विशेष केही नभएको हुनाले माथि बताइ सकिएको अनुसार अर्थ बुझिलिन सजिलो होला ।

जान्नु पर्ने अभिप्राय सहित

मोर सूत्र नयाँ निश्चय

समाप्त भयो ।



Downloaded from http://www.dhamma.digital

**(७२) पूरेन्तं बोधिसम्भारे; निब्बत्तं वट्टजातियं ।**
**यस्स तेजेन दावग्गि; महासत्तं विवज्जयि ।**

(७२) **हे**=हे सत्पुरुषहरू हो; **बोधिसम्भारे**=सर्वज्ञता ज्ञान प्राप्तिको लागि भरोसा भएको पारमी अंगउपाङ्ग सम्भार; **पूरेन्तं**=पूर्ण गरी संकलन गरिरहनुभएका; **वट्टजातियं**=सुगा योनिमा; **निब्बत्तं**=उत्पन्न हुनुभएका; **महासत्तं**=बोधिसत्व सुगालाई; **यस्स परित्तस्स**=जुन वट्टसूत्र परित्राणको; **तेजेन**=शक्ति सामर्थ्य आनुभावको कारणले; **दावग्गि**=जंगलमा लाग्ने आगोले; **विवज्जयि**=छोडेर गयो ।

**(७३) थेरस्स सारिपुत्तस्स; लोकनाथेन भासितं ।**
**कप्पट्ठायिं महातेजं; परित्तं तं भणाम हे ।**

(७३) **सारिपुत्तस्स**=सारिपुत्र नाम भएका; **थेरस्स**=स्थविरलाई; **लोकनाथेन**=लोकवासीहरूका आधार, भरोसा र शरण हुनुभएका तथागतद्वारा; **भासितं**=बताइएको; **कप्पट्ठायिं**=एक कल्पसम्म विनाश नभई दीर्घकालसम्म स्थिर हुने स्वभाव भएको; **महातेजं**=महान तेज र प्रभाव भएको; **तं परित्तं**=उक्त वट्टसूत्र परित्राणलाई; (**मयं**=मैले; हामीले) **भणाम**=पाठ गरौं ।

### भावार्थ

सजिलै छ ।

### स्तुति

**'पूरेन्तं बोधिसम्भारे'** आदि यी गाथाहरू पनि बुद्धभाषित होइनन् । पौराणिक आचार्यहरूले **वट्ट सुत्त** सिक्न, जान्न, सुन्न र पढ्न इच्छा जगाउन प्रशंसा गरिएको एकप्रकारको स्तुति मंगलाचरण परित्राण गाथा नै हो ।



Downloaded from http://www.dhamma.digital

## निदान

यो सूत्र आयुष्मान सारिपुत्रलाई बताउनुभएको हो भन्ने भनाईले *चरियापिटक* देशनालाई निर्देशित गरिएको छ। जातक देशना अनुसार अरु-अरु भिक्षुहरूलाई पनि बताउनुभएको भनी जान्न पाइन्छ। तर वट्ट सुत्तका सबै गाथाहरू बताउनुभएको त होइन। **'सन्ति पक्खा अपतना'** आदि सत्य-वचन गाथा एउटा मात्र बताउनुभएको हो।

एक समय तथागत भिक्षुहरूसँग मगध राष्ट्रमा देशचारिका गर्नुभएको बेलामा एउटा ठाउँमा ठूलो आगलागी भईरहेको भेटियो। उक्त महान अग्नि तथागतको अगाडि आइनपुगी तथागत रहनुभएको ठाउँबाट चारैतिर सोह्र करिष भएको ठाउँबाट छलेर छोडेर गएकोले भिक्षुहरूले आश्चर्यचकित भई प्रशंसा गरे। त्यसबेला तथागतले 'यस ठाउँलाई आगोले छलेर अर्कै बाटो गएको मेरो यस जन्मको प्रभावले होइन। मेरो पुरानो जन्मको सत्यको सामर्थ्यले मात्र हो। यो क्षेत्र एक कल्पपर्यन्त आगोले नजल्ने क्षेत्र भयो। कल्पस्थिति ऋद्धि प्रातिहार्य भयो' भनी आज्ञा गर्नुभई आफू सुगा जन्म भएको बेलामा यस क्षेत्रमा **वन दाह** (जंगलमा आगो लाग्दा) आमा-बुबाले छोडेर गएकोले आफू एक्लै अनाथ भएको बेलामा के गरुँ, के गरुँ भन्ने अवस्थामा परिरहेका बोधिसत्व सुगा राजले पछि मात्र भ्वाट्ट विचार आई **'सन्ति पक्खा अपतना'** आदि सत्य-वचन बोल्दा जंगलको आगो छलेर शान्त हुन गएको कुरा आज्ञा हुनुभयो। सुगा राजले सत्य-वचन बोलेर आगो शान्त हुन गएको क्षेत्र यस कल्पभित्र कहिल्यै पनि आगोले जल्दैन **'कप्पट्ठायिं महातेजं'** भनी प्रशंसा गर्नुभयो। *(जातक. ट्ठ. प. २२८)*

## चरियापिटक

**'अत्थि लोके'** आदि *चरियापिटक पालि (४१५)* बाट उत्पन्न भएको हुनाले धर्म सेनापति हुनुभएका आयुष्मान सारिपुत्र महास्थविरले सोधी निवेदन गर्नुभएको अनुसार तथागत बुद्धले *बुद्धवंश* देशना गर्नुभएपछि तथागतको



Downloaded from http://www.dhamma.digital

पारमी समूह; असल कारण रहेको तरिकालाई आरम्मण गरेर अतिव आश्वस्त र सन्तोष अनुभव गर्नुभएका आयुष्मान सारिपुत्र स्थविरले एकतह माथि उक्ली तथागतका गुणलाई विचार गर्नुहुँदा स्वयं आफू पनि महान प्रज्ञावान र गुणहरू पनि अनन्त रहेको हुनाले जतिखेर विचार गर्दा पनि प्रत्येक पटक प्रकट भई अथाह भइरहन्थ्यो। यसरी अतिव प्रहर्षित प्रीति सौमनस्य उत्पन्न भई तथागतको यो पारमी कुन जन्मदेखि परिपक्व भइआएको हो, कसरी परिपक्व भइआएको हो भन्ने कुरा देव मनुष्यहरूलाई प्रकट गर्नको निम्ति प्रार्थना र निवेदन गर्ने विचार गर्नुभयो। उहाँको निवेदन र प्रार्थना अनुसार यस भद्रकल्पभित्र अकित्ति पण्डित आदि सम्बन्धित जन्ममा पूर्ण गरी परिपक्व भइआएको चरिया (चर्या, आचरण) हरू देखाइएको *चारियापिटक* देशना बताउनुभयो। यस वट्ट सुत्त उक्त *चरियापिटक*मा समावेस रहेका चर्याहरूमध्येमा एउटा भएकोले **'थेरस्स सारिपुत्तस्स; लोकनाथेन भासितं-** भनी भनिएको हो।

## वट्ट सुत्त सम्पूर्ण

आयुष्मान सारिपुत्रलाई बताउनुभएकोमा **'अत्थि लोके सीलगुणो'** आदिदेखि बताउनु भएको होइन; **अत्थि लोके** पुग्न अगावैका सातवटा गाथा मात्र रहेका छन्। स्वभाव धर्महरू समेटिएकोले मुख्य वा प्रधान भनी ठानेर पौराणिक आचार्यहरूले कुनैकुनै मात्र रोजेर व्यवस्था गरेको हुनुपर्दछ। तसर्थ वट्ट सुत्त सम्पूर्णलाई जानेर पढ्नु पाठ गर्नुमा श्रद्धाराख्ने कामना हुनेहरूको निम्ति *चरियापिटक पालि (४१४)* बाट उद्धरण दिई उल्लेख गरी देखाउँछु।

**(१) पुनापरं यदा होमि; मगधे वट्टपोतको।**
**अजातपक्खो तरुणो; मंसपेसि कुलावके।**

**पुन**=फेरि; **अपरं**=अर्को आचरण (बताउँछु); **यदा**=जब; **अहं**=म; **मगधे**=मगध राष्ट्रको वनस्थलमा; **कुलावके**=गुँडमा; **अजातपक्खो**=पखेटा



Downloaded from http://www.dhamma.digital

उम्री नसकिएको; **तरुणो**=भरखर जन्मेको, कलिलो वा सानो; **मंसपेसि**=रौं उम्रन नपाई मासुको डल्लो अवस्थामा रहेको; **वट्टपोतको**=सानो सुगा; **होमि**=भएको थिएँ ।

**(२) मुखतुण्डकेनाहरित्वा; माता पोसति ममं ।**
**तस्स फस्सेन जीवामि; नत्थि मे कायिकं बलं ।**

(**तदा**=त्यस अवस्थामा); **माता**=मेरी आमाले; **मुख तुण्डकेन**=मुखको चुच्चोले; **आहरित्वा**=चारा ल्याई; **ममं**=मलाई; **पोसयति**=पोषण गर्दथिन् । **तस्सा**=उनै आमाको; **फस्सेन**=शरीरको वाफको स्पर्शद्वारा; **जीवामि**=म बाँचिरहेको थिएँ; **मे**=मसँग; **कायिकं बलं**=शारीरिक बल; **नत्थि**=थिएन ।

**(३) संवच्छरे गिम्हसमये; दवडाहो पदिप्पति ।**
**उपगच्छन्ति अम्हाकं; पावको कण्हवत्तनी ।**

**संवच्छरे**=वर्षैपिच्छे; **गिम्हसमये**=गृष्म अवस्थामा; **दवडाहो**=वनको आगो; **पदिप्पति**=बल्दथ्यो (लाग्थ्यो) । **कण्हवत्तनी**=कालो बाटो भएको; **पावको**=आगो; **अम्हाकं**=हाम्रो ठाउँमा; **उपगच्छति**=नजिक आइपुगेको थियो ।

**(४) धमधमा इति एवं; सद्दायन्तो महासिखी ।**
**अनुपुब्बेन झापेन्तो; अग्गि ममं उपागमि ।**

**धमधमा इति**=ड्वांग-ड्वांग आवाज; **एवं**=यस्तो; **सद्दायन्तो**=आवाज निकाली; **महासिखी**=ठूलो आगोको ज्वाला; **अग्गि**=जंगलको आगो; **अनुपुब्बेन**=क्रमशः; **झापेन्तो**= जलाउँदै; **ममं**=मकहाँ (हामीकहाँ) नजिक; **उपागमि**=आइपुग्यो ।

**(५) अग्गिवेगभया भीता; तसिता मातापिता मम ।**
**कुलावके मं छड्डेत्वा; अत्तानं परिमोचयुं ।**



Downloaded from http://www.dhamma.digital

**अग्गिवेगभया**=आगोको वेगको भयले; **भीता**=डराई; **तसिता**=त्रशित भएर; **मम**=मेरा; **मातापिता**=आमा बुबाले; **मं**=मलाई; **कुलावके**=गुँडमा; **छड्डेत्वा**=छोडेर; **अत्तानं**=आफू-आफूमात्र; **परिमोचयुं**=मुक्त भएर गए ।

**(६) पादे पक्खे पजहामि; नत्थि मे कायिकं बलं ।**
**सो'हं अगतिको तत्थ; एवं चिन्तेस'हं तदा ।**

**अहं**=मैले; **पादे**=खुट्टालाई र; **पक्खे**=प्वाँखलाई; **पजहामि**=आकाशमा उड्नको लागि भर्खर फिजाउने कोशिस गरेँ । **मे**=मसँग; **कायिकं बलं**=शारीरिक बल; **नत्थि**=छैन । **सो'हं**=र मैले; **तत्थ**=आमा बुबाबाट छोडिएको उक्त गुँडमा; **अगतिको**=उड्न नसक्ने, हिंड्न नसक्ने अनाथ भएर; **तदा**=त्यसबेला; **एवं चिन्तेसिं**=यस्तो विचार गरेँ ।

**(७) येसा'हं उपधावेय्यं; भीतो तसितवेधितो ।**
**ते मं ओहाय पक्कन्ता; कथं मे अज्ज कातवे ।**

**अहं**=म; **भीतो**=डराएको हुनाले; **तसितवेधितो**=त्रशित र प्रकम्पित भई; **येसं**=जो आमा बुबाका प्वाँखको माझमा; **उपधावेय्यं**=कुदेर गई भरोसा लिन्थेँ; **ते**=मैले भरोसा लिने आमा बुबाहरूले नै; **मं**=मलाई; **ओहाय**=त्यागेर; **पक्कन्ता**=छोडेर गइसके; **मे**=मैले; **अज्ज**=आज; **कथं**=कसरी; **कातवे**=गर्नुपर्ला ।

## विचार उठेको तरिका

आमा बुबाले छोडेर जानाले आफू एक्लो परी अनाथ हुनपुगेको ढंग विचार गर्दागर्दै के, कस्तो गर्नु पर्ला भन्ने विचार गर्न नजानी रहँदा भ्वाट्ट विचार उठ्यो । 'यस लोकमा शीलधर्म छ । सत्यधर्म पनि प्रकटरूपमा छ । फेरी पहिले पहिले प्रादुर्भाव हुनुभएका शील, समाधि, प्रज्ञा, मैत्री, करुणा, क्षान्ति धर्मले युक्त हुनुभएका सर्वज्ञ बुद्धहरूपनि हुनुहुन्छ । उहाँ तथागतहरूको



Downloaded from http://www.dhamma.digital

साँच्चै विमुक्त हुने धर्म पनि छन् । मसँग पनि साँच्चै प्रकट रूपमा उत्पन्न भइरहेको सत्य भन्ने स्वभाव धर्म रहेको छ । तसर्थ पहिलेका अतीत अवस्थामा प्रादुर्भाव हुनुभएका तथागतहरूलाई र, उहाँ तथागतहरूका धर्मगुणलाई पनि प्रत्यवेक्षण र अनुस्मरण गरिसकेपछि मसँग रहेको सत्य-धर्मलाई धारण गरेर सत्यवचन बोलेर आगोलाई शान्त पार्नुद्वारा म सहित सकल सत्वहरूलाई सुख हुने काम मैले गर्नुपर्ला ।' यस्तो विचार गरेका बोधिसत्व सुगा राजले त्यसरी उत्पन्न भएको विचार अनुसार बुद्धोपदेशलाई चिन्तन मनन गरी सत्य वचन बोल्नुभएको ढंगलाई **'अत्थि लोके सीलगुणो'** आदि दुइटा गाथाद्वारा देखाउनुभएको हो ।

**(७४) अत्थि लोके सीलगुणो; सच्चं सोचेय्य'नुद्दया ।**
**तेन सच्चेन काहामि; सच्चकिरिय'मुत्तमं ।**

(७४) **लोके**=लोकमा; **सीलगुणो**=शील गुणधर्म र; **सच्चं**=सत्य धर्म; **सोचेय्यं**=परिशुद्धता; **अनुद्दया**=मैत्री, करुणा; **अत्थि**=छन् । **तेन सच्चेन**=उक्त सत्य धर्मद्वारा; **उत्तमं**=उत्तम भएको; **सच्चकिरियं**=वास्तविकता प्रकट गरी सत्य-वचन बोल्ने काम; **काहामि**=गर्नेछु ।

**भावार्थ**

लोकमा शीलधर्म, सत्यधर्म, परिसुद्धता, मैत्री, करुणा धर्महरू रहेका छन् । यी धर्महरूमध्येको सत्य धर्मद्वारा म उत्तम सत्य-वचन बोल्ने काम गर्नलागेको छु ।

**(७५) आवज्जेत्वा धम्मबलं; सरित्वा पुब्बके जिने ।**
**सच्चबल'मवस्साय; सच्चकिरिय'मकास'हं ।**

(७५) **अहं**=मैले; **धम्मबलं**=धर्मको बल शक्ति आनुभावलाई; **आवज्जेत्वा**=निरीक्षण गरी; **पुब्बके**=पहिले पहिले उत्पन्न हुनुभएका;



Downloaded from http://www.dhamma.digital

**जिने**=पञ्चमार विजयी तथागतहरूलाई; **सरित्वा**=अनुस्मरण गरी; **सच्चबलं**=सत्यको बल शक्ति आनुभावलाई; **अवस्साय**=आधार भरोसा लिई; **सच्चकिरियं**=सत्य वचन बोल्ने काम; **अकासिं**=गरिसकेँ ।

## भावार्थ

मैले धर्मको बल शक्ति आनुभावलाई निरीक्षण गरिसकेपछि पहिले पहिले उत्पन्न हुनुभएका तथागतहरूलाई अनुस्मरण गरी सत्य बल शक्ति आनुभावलाई आधार लिई सत्य-वचन बोल्ने काम गरिसकेँ ।

## ब्याकरण अनुसार स्पष्टीकरण

(यी गाथाहरूमा अभिप्रेत अभिप्राय बताइसकेँ । **सीलगुण**-मा **गुण**-शब्द धम्म (धर्म) वाची हो । **सोचेय्य**-मा **सुचिनो**=शुद्धिको; **भावो**=उत्पत्ति कारण हो; **सोचेय्यं**=शुद्धिको कारण; **सोचेय्य** भनेको शुद्धिभाव-को स्वरूप **काय सोचेय्य**=कायद्वारमा शुद्धिको भाव; **वची सोचेय्य** (=वचीद्वारमा शुद्धिको भाव); **मनोसोचेय्य** (=मनोद्वारमा शुद्धिको भाव) भनी *तिकङ्गुत्तर (२७५)* मा उल्लिखित दुश्चरित्रबाट शुद्ध हुनुलाई लिनुपर्दछ ।)

Dhamma.Digital

**(७६) सन्ति पक्खा अपतना; सन्ति पादा अवञ्चना ।**
**माता पिता च निक्खन्ता; जातवेदपटिक्कम ।**

(७६) **मे**=मसँग; **पक्खा**=प्वाँखहरू; **सन्ति**=रहेका छन्; **अपतना**=उड्न भने सक्दिनँ; **मे**=मसँग; **पादा**=खुट्टाहरू; **सन्ति**=रहेका छन्; **अवञ्चना**=हिंड्न भने सक्दिनँ; **मातापिता च**=(मलाई लैजाने) आमा-बुबा पनि; **निक्खन्ता**=ज्यानको भयले गर्दा छलेर भागेर गइसके । **जातवेद**=हे वनको आगो; **पटिक्कम**=फर्केर जाऊ ।



Downloaded from http://www.dhamma.digital

**भावार्थ**

मसँग प्वाँखहरू छन्; उड्न भने सक्दिनँ। मसँग खुट्टाहरू छन्; हिंड्न भने सक्दिनँ। मेरा आमा-बुबाहरू पनि प्राण भयको कारणले छलेर भागिसके। हे वनको आगो, फर्केर हटेर जाऊ।

**सत्य कराल तरिका**

सत्य भनेको घटना जस्तोसुकै भए पनि सही स्वभाव हो, होइन भन्ने मात्र प्रधान भएकोले यहाँ बोधिसत्वका प्वाँख विद्यमान रहेको, उक्त प्वाँखद्वारा उड्न नसकेको, खुट्टाहरू रहेको, ती खुट्टाद्वारा हिंड्न नसकेको, आमा-बुबा दुवैले छोडेर भागेको यी सबै साँच्चै भइरहेको स्वभाव धर्महरू मात्र हुन्। ती सत्य स्वभावहरूलाई ग्रहण गरी सत्य-वचन बोल्नुको कारणले अभिलक्षित आगो शान्त हुने फल सिद्ध हुनसक्ने अवस्थासम्म शक्ति सामर्थ्य आनुभाव युक्त छ।

**(७७) सह सच्चे कते मय्हं; महापज्जलितो सिखी।**
**वज्जेसि सोलस करिसानि; उदकं पत्वा यथा सिखी।**
**सच्चेन मे समो नत्थि; एसा मे सच्चपारमी।**

(७७) **मय्हं**=म तथागतले; **सच्चे**=सत्य-वचन बोल्ने काम; **कते**=गर्ने हो भने; **सह**=सत्य वचन बोल्नासाथ तुरन्तै; **सिखी**=आगो; **उदकं**=पानीमा; **पत्वा**=पुग्दा; **वज्जेति यथा**=शान्त भई हराई हटेर जाने जस्तै; **तथा**=त्यस्तै नै; **महापज्जलितो**=ठूलो आगोको राप भएको; **सिखी**=जंगलको आगो; **सोलस-करिसानि**=सोह्र करीस टाढासम्म; **वज्जेसि**=बिल्कुल हटेर शान्त हुनगयो। **मे**=मेरो; **सच्चेन**=सत्य धर्मसँग; **समो**=समान भएको धर्म त; **नत्थि**=छैन। **एसा**=यस सत्य क्रिया; **मे**=म तथागतको; **सच्चपारमी**=शीर्षस्थमा पुगेको सत्य पारमी नै हो।



Downloaded from http://www.dhamma.digital

## भावार्थ

म तथागतले सत्य-वचन क्रिया गरे भने गर्नासाथै तुरन्तै पानीमा पुग्दा आगो शान्त हुने जस्तै महान आगोको ज्वाला र राप भएको जंगलको आगो सोह्र करीष टाढासम्म हटेर शान्त हुन गयो । मेरो यस सत्यसँग समान भएको धर्म त कुनै बाँकी रहेन । यस सत्य-क्रिया म तथागतको शीर्षस्थमा पुगेको सत्य पारमी नै हो ।

## वनदाह शान्त भएको तरिका

बोधिसत्व सुगा राजको सत्यको आनुभावको कारणले तत्क्षणमा आगो शान्त भएको, आफूले त्यस अवस्थामा बोलिआएको सत्य अरुसँग असाधारण भएकोले पारमी सिद्ध हुनेगरी उच्चस्थ स्थितिमा पुगेको सत्य भएको कुरालाई **'सह सच्चे कते मह्यं'** आदिद्वारा अन्तिम निगमनको रूपमा आज्ञा गर्नुभयो ।

## बुद्ध मात्र

यस वट्ट सुत्तमा **'अहं, मे, मह्यं'** भन्ने 'म' शब्दले तथागतलाई मात्र ग्रहण गरेको हो । सुगा राजको विचार, भनाई, क्रियाकलापहरू भएकोले बुद्ध-क्रिया होइन भन्ने ठाउँ छ । सुगाराज र बुद्ध व्यक्ति अनुसार फरक रहेको भएपनि रूप र नाम क्रमसन्तति अनुसार भन्ने हो भने एउटै क्रम वा एकै थरीको हो भन्न सकिन्छ। यस्तो भनाईलाई **एकत्त नय** भनिन्छ।... फरक रहे पनि एउटैको रूपमा भन्नुपर्ने नय हो । **अभेदोपचार** पनि भन्न सकिन्छ । फरक रहे पनि फरक नरहेको रूपमा चिन्तन गरी रुढी अनुसार भन्नु जस्तै भयो ।

## वज्जेसिसँग नै सम्बन्ध

(**'उदकं पत्वा यथा सिखी'** भन्ने उपमान वाक्यलाई उपमेय्यसँग एकैचोटी सम्बन्ध नराखी **निब्बुतो निब्बायि**- त थपेर विशेषरूपले छुट्टयाएर



Downloaded from http://www.dhamma.digital

सम्बन्ध राख्ने चलन रहेको छ। **वज्जेसि**=क्रिया उपमासँग सम्बन्ध राखी उत्पन्न हुँदैन भनी धारणा भएको कारणले हुनुपर्ने जस्तो छ। **वज्ज**-धातु **चाग**=त्याग गर्नु, हटेर जानुलाई व्यक्त गर्ने भएकोले आगो निभेर जाने आधारलाई त्याग गर्नु, आधार स्थलबाट हटेर जानु नै भएको कारणले गर्दा **वज्जन** नै हो भन्ने लागेकोले यहाँ **वज्जेसि** सँग नै सम्बन्ध राख्दै आएको हुँ। उपमान उपमेय्य-मा एकातिर क्रियालाई देखायो भने दुवैतिर सधैं सम्बन्ध राखीदिने स्वभाव र रीति भएको अनुसार यहाँ पनि त्यस विधि अनुसार सम्बन्ध राख्न लगाउने इच्छा भएकोले एकातिर मात्र देखाइएको हो भनी धारणा बनाउनु पर्दछ।)

## अरूसँग समान छैन

बोधिसत्व त्यस अवस्थामा तिरश्चीन पनि भएका थिए; फूल (अण्डा) बाट भर्खर निस्केका धेरै सानो कलिलो उमेरका पनि थिए। त्यस उमेर र त्यस स्थितिले गर्दा गरेको र बोलेको सत्य-क्रिया जो सुकैलाई पनि भेटिन्छ, पुग्छ भन्नु त धेरै टाढाको कुरा भयो। तसर्थ **'सच्चेन मे समो नत्थि एसा मे सच्चपारमी**=मेरो जस्तो सत्य अरुमा हुन सक्दैन; मेरो यो कार्य उच्च स्थितिमा पुगेको सत्य-पारमी थियो' भनी बताउनुभएको हो।

बोधिसत्वको यस घटनालाई विश्वास गर्ने ठाउँ छैन भनेमा भन्ने ठाउँ होला। मोर सुत्त वर्णनमा पूरेन्तं बोधिसम्भारे-द्वारा सामान्य तिरश्चीन नभएको कुरा र सामान्य तिरश्चीनसँग समानस्तरमा राखेर विचार गर्न अयोग्य भएको तथ्य उल्लेख गरिसकें। बोधिसत्व सुगा राजको जन्म बुद्ध हुनलाई धेरै नजिक पुगेको यस भद्रकल्प भित्रको जन्म क्रम हो। पारमीहरू पर्याप्त मात्रामा परिपक्व भएको अवस्था पनि भयो। लोकमा अवतारी भनिनेहरू रहेको हुनाले उक्त अवतारी अतीत जन्मका घटनाहरू सबैलाई जान्न सक्ने बताउन सक्ने हुन्छन्। जातिस्सर ज्ञान भएका उक्त अवतारीको पूर्वजन्मका घटनाहरू बोल्न, बताउन सक्नुलाई उक्त ज्ञान नभएकाहरूले विश्वास गर्न नसक्ने जस्तै हुने रहेछ। तर पहिलेका जन्मका आफन्त, इष्टमित्र, आमा-बुबा गुरुआचार्यहरूलाई नाम समेत बताउनसक्नु, पहिले-



Downloaded from http://www.dhamma.digital

पहिले गरिआएका काम-कुराहरू निश्चित रूपले सही रूपले बताउन सक्ने कारणले गर्दा विश्वास छैन भन्न पनि गहारो हुन्छ। बोधिसत्वले धेरै-धेरैजना बुद्धहरू भेट गरेका छन्। उपदेश पनि सुनेका छन्। स्वयम् आफूले पनि उक्त उपदेशलाई उद्योग र अभ्यास गरेका छन्। बुद्धोपदेशमा धेरै अनुभव बढाई आएका बोधिसत्वहरू **जातिस्सर** जस्ता ज्ञानले बुद्धहरूलाई स्मरण गर्ने धर्मलाई बारम्बार प्रत्यवेक्षण गर्नसक्ने हुन्छन्। त्यसैले ती सम्बन्धित धर्मलाई कसैको निर्देशन बिना नै शक्ति सामर्थ्य प्रयोग गरी आचरण गर्नसक्ने, बताउन वा सिकाउन सक्ने आदि हुन सक्दैन भनी बिल्कुल प्रतिकार गर्न योग्य छैन। बुद्धप्रति र धर्मप्रति विश्वास गर्नु र आश्वस्त हुने कुशल कर्म उत्पत्तिका कारण रहेको र धर्म अभिवृद्धिको कारण रहेको हुनाले विश्वास नगर्नु लाभ हुनयोग्य धर्महरू विनाश र भंग हुनुको कारण रहेको हुनाले श्रद्धा पूर्वगामि गरी बुद्धोपदेशलाई श्रद्धा राख्ने, वृद्धि गर्ने, उद्योग पूर्वक समावेश हुने कार्य गर्नसक्ने हुन सकोस्।

जान्न योग्य अभिप्राय सहित

वट्ट सुत्त नयाँ निश्रय

Dhamma Digital

समाप्त भयो।



Downloaded from http://www.dhamma.digital

# धजग्ग सुत्त नयाँ निश्रय

**(७८) यस्सा'नुस्सरणेनापि; अन्तलिक्खेपि पाणिनो ।**
**पतिट्ठ'मधिगच्छन्ति; भूमियं विय सब्बथा ।**
**(७९) सब्बुपद्दवजालम्हा; यक्खचोरादि सम्भवा ।**
**गणना न च मुत्तानं; परित्तं तं भणाम हे ।**

(७८-७९) **हे**=हे सत्पुरुषहरू हो; **यस्स परित्तस्स**=जुन धजग्ग सुत्त परित्राण; **अनुस्सरणेनापि**=अनुस्मरण मात्र गर्नाले पनि; **पाणिनो**=सत्वहरू; **अन्तलिक्खेपि**=आकाशमा नै पनि; **भूमियंविय**=पृथ्वीमा जस्तै; **सब्बथा**=सम्पूर्ण आकार प्रकारले; **पतिट्ठं**=प्रतिष्ठा; **अधिगच्छन्ति**=प्राप्त गर्दछन् । **यक्खचोरादि सम्भवा**=यक्ष, चोर आदिहरूको कारणले उत्पन्न हुने; **सब्बुपद्दवजालम्हा**=सम्पूर्ण भय उपद्रव जालले; **मुत्तानं**=मुक्त भएका व्यक्तिहरूको; **गणना च**=गन्ती नै, **न**=छैन । **तं परित्तं**=उक्त धजग्ग सुत्त परित्राणलाई; (**मयं**=हामीले); **भणाम**=पाठ गरौं ।

## भावार्थ

मंगलाचरण सजिलै छ ।

## धजग्ग सुत्त परिणाम

धजग्ग परित्राणलाई अनुस्मरण मात्र गर्नाले पनि आकाशमा नै भए पनि पृथ्वीमा जस्तै आधार भरोसा लाभ गर्न सकिन्छ भन्ने निदान वाक्य *सगाथावग्ग सक्कसंयुत्त अट्ठकथा (३१२) धजग्ग सुत्त वर्णन* कथावस्तु अनुसार नै भनिएको हो । श्री लंकाद्वीपको दीघवापी चैत्यमा बज्र प्लास्टर गरिरहेको बेलामा एकजना नवयुवक भिक्षु चैत्यको माथिल्लो तल्लाको बारबाट खसेर चैत्यको गर्भबाट गुल्टिंदै खसेको थियो । त... रहेका भिक्षुहरूले 'धजग्ग सुत्त



Downloaded from http://www.dhamma.digital

प्रत्यवेक्षण गर, आवुस' भनेर कराएपछि उक्त तल खसिरहेको भिक्षुले मरण भयबाट डराई त्राश लागेकोले **'धजग्गपरित्तं मं रक्खतु**=धजग्ग परित्राणले मलाइ रक्षा गरोस्' भनी भन्यो। त्यही क्षणमा नै तुरुन्त दुइटा ईंटा निस्केर आई भऱ्याङ्को खुड्किला भएर थामीराख्यो। माथि बसेका भिक्षुहरूले लता डोरीको भग्राङ् तल पठाइदिएपछि उक्त भऱ्याङमा त्यो भिक्षु बसिसक्नासाथ नै ती दुइवटा ईटाहरू यथावत आफ्नो मूल ठाउँमा नै पसेर बस्नगए।

धजग्ग परित्राणको कारणले भय अन्तरायबाट मुक्त भइगएकाहरूको संख्या अनगिन्ती रहेको भन्ने परिणाम निदर्शन पनि **'इदं आवज्जेत्वा हि यक्खभय-चोरभयादीहि दुक्खेहि मुत्तानं अन्तो नत्थि'** भन्ने उपरोक्त अर्थकथा अनुसार नै भनी राखेको हो।

## अर्थ दिने तरिका

यहाँ स्मरणमात्र गर्दा नै आकाशमा आधार प्राप्त भएको थियो। स्मरण मात्र गर्दा नै सम्पूर्ण भय समूहबाट मुक्त भएकाहरूको संख्या अनगिन्ती छ भन्ने **अनुस्सरणेनापि**- लाई दुवै मिलाई अर्थ लिनुपर्छ। त्यसरी लिन पर्नुलाई यो धजग्ग सुत्त प्रत्यवेक्षण गरी राक्षस भय, चोर भय आदि भय र दुःखबाट मुक्त भएकाहरू अन्त छैन' भनी भनिएको पहिलेको अर्थकथाको आधार लिई जान्नुपर्दछ।

## अपि-अर्थ

(**अनुस्सरणेनापि**- मा **अपि** शब्दले नीचा देखाउनु गरह अर्थलाई देखाइरहेको छ। तसर्थ उच्च पार्न योग्य सम्भावना अर्थलाई संग्रह गर्ने भयो। स्मरण मात्र गर्नाले नै आकाशमा आधार भरोसा पाइन्छ। पाठ नै गरेको भए त भन्ने ठाउँ नै छैन भन्ने भाव हो।

**अन्तलिक्खेपि**- मा अपि-शब्दले सम्भावनालाई देखाउँदछ। **गरह**-लाई संग्रह गर्ने भयो। आकाशमा नै पनि आधार भरोसा पाइनसक्छ। पृथ्वी आदिमा त भन्ने ठाउँ नै छैन भन्ने अभिप्राय हो।)



Downloaded from http://www.dhamma.digital

## धज्जग्ग सुत्त निदान

**(८०) एवं मे सुतं,**
**एकं समयं भगवा सावत्थियं विहरति**
**जेतवने अनाथपिण्डिकस्स आरामे ।**

(८०) **(भन्ते**=भन्ते); **मे**=मैले; **एवं**=यस्तो; **सुतं**=सुनेर याद राखेको छु । **एकं**=एक; **समयं**=समयमा; **भगवा**=भगवान; **सावत्थियं**=श्रावस्ती देशमा; **जेतवने**=जेतवन नाम भएको; **अनाथपिण्डिकस्स**=अनाथपिण्डिक महाजनको; **आरामे**=विहारमा; **विहरति**=विहार गरी बस्नुभएको थियो ।

**(८१) तत्र खो भगवा भिक्खू आमन्तेसि-**
**'भिक्खवो' ति । 'भदन्ते' ति ते भिक्खू भगवतो पच्चसोसुं । भगवा एतदवोच-**
**भूतपूब्बं भिक्खवे देवासुरसङ्गामो समुपब्यूल्हो अहोसि । अथ खो भिक्खवे सक्को देवानमिन्दो देवे तावतिंसे आमन्तेसि । 'सचे मारिसा देवानं सङ्गामगतानं उप्पज्जेय्य भयं वा छम्भितत्तं वा लोमहंसो वा; ममेव तस्मिं समये धजग्गं उल्लोकेय्याथ । ममं हि वो धजग्गं उल्लोकयतं यं भविस्सति भयं वा छम्भितत्तं वा लोमहंसो वा; सो पहीयिस्सति ।**

(८१) **तत्र खो**=उक्त जेतवन आराममा नै; **भगवा**=भगवान बुद्धले; **भिक्खू**=भिक्षुहरूलाई; **भिक्खवो'ति**=हे भिक्षुहरू हो भनी; **आमन्तेसि**=बोलाउनुभयो; **भदन्ते'ति**=भदन्त भनी; **ते भिक्खू**=ती भिक्षुहरूले; **भगवतो**=भगवान बुद्धको आमन्त्रणलाई; **पच्चस्सोसुं**=प्रत्युत्तर दिएर स्वीकार गरे । **भगवा**=भगवान बुद्धले; **एतं**=यस वचनलाई; **अवोच**=आज्ञा गर्नुभयो ।

**भिक्खवे**=भिक्षुहरू हो; **भूतपुब्बं**=पहिले कस्तो भएको थियो भने, **देवासुरसङ्गामो**=त्रयस्त्रिंशत् देवताहरू र असुरहरूको संग्राम;



Downloaded from http://www.dhamma.digital

**समुपब्यूल्हो**=तयार गरी भेला भइरहेको; **अहोसि**=थियो । **भिक्खवे**=भिक्षुहरू हो; **अथ खो**=त्यसबेला; **देवानमिन्दो**=देवताहरूका राजा इन्द्र; **सक्को**=शक्रराजले; **तावतिंसे देवे**=त्रयस्त्रिंशत् देवताहरूलाई; **आमन्तेसि**=आमन्त्रण गरे; **मारिसा**=दु:ख रहित देवपुत्रहरू हो; **सङ्गामगतानं**=युद्ध क्षेत्रमा पुगिरहेका; **देवानं**=देवताहरूलाई; **भयं वा**=भय अथवा; **छम्भितत्तं वा**=मुटु थर्केर शरीर काम्नु अथवा; **लोमहंसो वा**=डरले रौं ठाडो-ठाडो हुनु; **सचे उप्पज्जेय्य**=यदि उत्पन्न भयो भने; **तस्मिं समये**=त्यसबेला; **ममेव**=मेरै मात्र; **धजग्गं**=झण्डाको टुप्पोलाई; **उल्लोकेय्याथ**=शिर उठाएर हेरि राख्नू; **हि**=यस्तो गर्नाको कारण भन्नुपर्‍यो भने; **मम**=मेरो; **धजग्गं**=झण्डाको टुप्पोलाई; **उल्लोकयतं**=माथितिर हेरिरहनेहरू; **वो**=तिमीहरूलाई; **यं भयं वा**=जुन भय अथवा; **यं छम्भितत्तं वा**=जुन मुटु थर्केर शरीर काम्नु अथवा; **यं लोमहंसो वा**=जुन रौं ठाडो ठाडो हुनु; **भविस्सति**=हुनु हो; **सो**=उक्त भय, त्राश; रौं ठाडो ठाडो हुनु सम्पूर्णलाई; **पहीयिस्सति**=हटेर जानेछ ।

## आयुष्मान आनन्दको निवेदनको भावार्थ

भन्ते... ; मैले यस्तो सुनेर सम्झिराखेको छु । एक समय तथागत श्रावस्ती देशमा अनाथपिण्डिकको जेतवन आराममा विहार गरिबस्नुभएको थियो । उक्त जेतवन आराममा नै भिक्षुहरूलाई 'भिक्षुहरू हो' भनी बोलाउनु भएपछि भिक्षुहरूले 'भदन्त' भनी तथागतको आमन्त्रणलाई प्रत्यूत्तर दिई स्वीकार गरे । तथागतले यो बताउन लागेको वचन आज्ञा गर्नुभयो । 'भिक्षुहरू हो, पहिले कस्तो भएको थियो भने- त्रयस्त्रिंशत् देवताहरू र असुरहरू संग्राम गर्नको लागि तयार भई भेला भइरहेका थिए । त्यसबेला देवताहरूका अधिपति शक्रराजले त्रयस्त्रिंशत देवताहरूलाई भने- दु:ख नभएका हे देवपुत्रहरू; युद्ध क्षेत्रमा आइपुगेका तिमी देवताहरूलाई भय, त्राश र रौं ठाडो ठाडो हुन थाल्यो भने त्यसबेला मेरो झण्डाको टुप्पोलाई



Downloaded from http://www.dhamma.digital

मात्र हेरिराख्नू । कारण किनभने- मेरो झण्डाको टुप्पोलाई शिर उचाली हेरिरहने तिमीहरूलाई उत्पन्न हुने भय, त्राश र रौं ठाडो ठाडो हुनु हराएर सिद्धिने भएकोले नै हो ।'

## निदान

**'एवं मे सुतं'** आदि पाठ बुद्ध-वचन होइन । प्रथम संगायन गरेको बेलामा आयुष्मान आनन्दको निवेदनलाई निदानको रूपमा आरुढ गरिराखेको विवरण मात्र हो । अरु अरु परित्राणहरूमा सम्बन्धित कारण अर्थोत्पत्ति अनुसार बताउनुभएको भए पनि यो धजग्ग परित्राणमा त्यस्तो कारण छैन । भगवान्ले आफ्नो इच्छा अनुसार बताउनुभएको थियो । आफ्नो इच्छा अनुसार बताउनुभएको देशनामा शुरुमा **'भिक्खवो'** भनी बोलाउनुहुने बानी थियो । त्यसरी बोलाउनुभएको विचारमा, कल्पनामा डुबेर मन अन्यत्र पुगिरहेका भिक्षुहरू, भावना धर्म निरीक्षण गरिरहेका भिक्षुहरू, कर्मस्थान मनन गरिरहेका भिक्षुहरू हुनसक्ने हुनाले ती भिक्षुहरूलाई उपदेशमा स्मृति उत्पन्न गराउनको निम्ति नै हो ।

(**'भदन्तेति गारववचनमेतं'** अनुसार **भदन्ते**- तथागतलाई गौरव राख्ने वचन हो । लोकमा जेष्ठहरूले नाम काढेर बोलाउँदा **'हजुर'** भनी जवाफ दिने चलन छ । भिक्षुहरूले बोलाउँदा 'भन्ते' भनी जवाफ दिने गरिन्छ ।

यहाँ **भदन्ते**- गौरव वचन भए तापनि 'भिक्षुहरू हो' भनी तथागतले बोलाउनुभएकोलाई जवाफ दिइरहेको तथ्य हुनाले '**सत्थुनो पटिवचनदानं वा**=तथागतलाई प्रत्युत्तर दिई निवेदन गर्नु' भनी निदान *संयुत्त अट्ठकथा (२)* मा वर्णन गरिएको छ ।

**भगवतो पच्चस्सोसुं**- मा **भगवतो आमन्तनं पटिअस्सोसुं**- भन्ने अर्थकथाको मतिअनुसार षष्ठी (विभक्ति) हो । व्याकरणाचार्यहरूको मतिअनुसार सम्प्रदान मात्र हो । **'भगवतो**=तथागतलाई; **पच्चस्सोसुं**=जवाफ दिएर स्वीकार गरे' भनी अर्थ दिनुपर्छ । तर *मोग्गल्लान (२=२५)* मा त षष्ठी अपेक्षित गरिएको छ ।



Downloaded from http://www.dhamma.digital

**'भूतपुब्बं**-आदि पनि आयुष्मान आनन्दले निवेदन गर्नुभएको विवरण नै हो । तर तथागतले बताउनुभए अनुसार नै दोहरो निवेदन गर्नुभएको हुनाले बुद्ध-वचन नै भयो । त्रयस्त्रिंशत् देवलोकमा पुराना पुराना देवताहरू थिए । मगध राष्ट्रमा मचल गाउँका माघ (मघ) माणवक आफ्ना सहयोगी साथीहरू तेंत्तीस (३३) जनासँगै कुशल पुण्य गरिआएअनुसार त्रयस्त्रिंशतमा आइपुगे । पाहुनाहरू आइपुगे भनेर मूल (पहिलेदेखि बसिरहेका) देवताहरूले गन्धपान-भनिने सुगन्धित दिब्य सर्वतको व्यवस्था गरे । शक्रराजले आफ्ना सहयोगीहरूलाई त्यो सर्वत नखाइकन खाने जस्तो हाउभाव मात्र गर्न होश दिएको कारणले ती देवताहरूले खाएनन् । त्यस देशमा पहिलेदेखि रहेका देवताहरूले परिमाण नाघ्ने गरी खाएको हुनाले त्यस सर्वतले अम्मल लागेर लडी प्रमादी भइरहँदा उनीहरूको खुट्टा समाती तानेर मेरु पर्वतको फाँटमा फ्याकिदिए । उनीहरूका कर्म अनुसार मेरु पर्वतको फाँटमा असुर देवलोक उत्पन्न भयो । उनीहरूको शरीर वर्ण आदि देवलोकको स्थिति त्रयस्त्रिंशत् देवताहरूसँग समान भएकोले आफूहरू अर्कै देशमा अर्को राष्ट्रमा पुगेका छौं भन्ने थाहा नभएपनि पछि पारिजात फूल फुल्दा (फुल्ने ऋतु आउँदा) होश खुल्यो । '(यतिन्जेल) हाम्रो देशमा त पारिजात फूल फुल्छन्; (तर यहाँ फूलेनन् ।) यो देश हाम्रो होइन; हाम्रो देश लुटेर छलेर लिने त्यो बूढो शक्रलाई हमला गर्न जाऔं' भनी सैनिकहरूका अगाडि अगाडि आए । यसरी असुरहरू र त्रयस्त्रिंशत् देवताहरूको युद्ध भइरह्यो । परस्पर युद्ध गरिरहेपनि उनीहरूमा घायल हुनु, रगत बग्नु भन्ने छैन; डराउनु, थर्कमान हुनु मात्र हुने रहेछ । चाहे असुरहरूले जितेर त्रयस्त्रिंशत्मा आइपुगेको होस्, त्रयस्त्रिंशत्ले जितेर असुर-लोकसम्म नै पुगेको होस् नगरद्वार थुनिदिएपछि केही गर्न नसकी यी दुई देश **अयुज्झपुर** (=शत्रुले जित्न नसकिने देश) भनिने रहेछ । यसरी एक दुइ पल्ट (बारम्बार) युद्ध भएको हुनाले **'भूतपुब्बं भिक्खवे'** आदि भनी बताउनुभएको हो ।*(सं. ट्ठ. प. सक्कसंयुत्त ३०९)*



Downloaded from http://www.dhamma.digital

## समुपब्यूल्ह

(**समुपब्यूल्ह सं**+उप+वि+वह धातु; त प्रत्ययबाट सिद्ध भएको हो। त प्रत्यय लाई **ह** गर्ने हो। धात्वन्त-ह-लाई ल-गर्ने हो। वह- मा- **व**-लाई उ-गर्ने हो। उ-लाई दीर्घ गर्ने हो। वि-मा व-लाई ब; इ-लाई य गर्ने हो। **निग्गहीत** (शिरोबिन्दु) लाई म गर्ने हो। **समुपब्यूल्ह**-लाई *सगाथावग्ग सक्क संयुत्त अट्ठकथा (३११)* मा **'सम्पिण्डितो**=भेला गर्नुपर्ने; **रासिभूतो**=समूह भइरहेको' भनी वर्णन गरिएको छ। त्यसको टीकामा **सं**-को **सह** अर्थलाई र **ब्यूल्ह**-को **समागम** (=भेट्नु) अर्थलाई ग्रहण गरी **'उभिन्नं सह एव समागमो'** भनी वर्णन गरिएको छ। निवेसनं सँग भेटिरहेका छन् भनी (अर्थ) दिनुपर्छ। फेरि **उप**-को **भुस**-अर्थलाई **'भुसं वा, ब्यूल्हो ति अत्थो'** भनेर पनि एक थरी वर्णन गरिएको छ। अत्याधिक रूपले समागम भइरह्यो भनी अर्थ दिनु पर्छ। अत्याधिक रूपले समागम भई दुवैतिरका सैनिकहरू भेटेर जत्था-जत्था बनाई बसिरहेका हुनाले **'सम्पिण्डितो रासिभूतो'** भनी अर्थकथाले वर्णन गरिएको तथ्य बताइएको छ।

**ब्यूल्ह**-को अर्थलाई *अमरकोष*ले **'विन्यासित**=व्यवस्थित रूपमा तयार गरिराख्नु; **संहत**=बटुल्नु' दुइथरी अर्थ बताइएका छन्। *स्तोमनिधि* मा **'निवेसन विसेसेन**=मिलाउनु, विशेष ढंगले प्रवेश गर्नु; **ठिते**=स्थिर भइरहेको; **सेनादिम्हि**=सैन्य आदिमा र; **संहते**=समूह मा बाँधिनुमा र; **पुथुले**=बाक्लो भई ठूलो हुनुमा; **परिहिते**=( लुगा) लगाउनपर्नुमा र; **विवाहिते**=विवाह गर्नुमा रहेका छन्' भनी भनिएको छ। यहाँ **संहत**=अर्थ नै भयो। *मूलपण्णास महादुक्खक्खन्ध सुत्त (१२१)* मा **उभतोब्यूल्हं**-लाई त्यसको अर्थकथाले उभतो रासिभूतं' भनेर नै वर्णन गरिएको छ। टीका **'द्विन्नं सेनानं ब्यूहा संविधानेन वा उभतोब्यूल्हं'** भनिएको छ। दुइतिर सैन्यहरू युद्ध गरिरहेका पाइने भनी (अर्थ) दिनुपर्‍यो। यहाँ दुइतिर समागम भई समूहबद्ध भएर युद्ध गर्न व्यवस्था गरी भेला भइरहनु नै भएकोले 'व्यवस्था गरी समूहबद्ध भई बसेका छन्' भनेर अर्थ दिइ आएको हुँ। दुइतिरै आपसमा मुखामुख भई एकजुट भई समूहबद्ध भइरहेका छन्' भनेर पनि अर्थ दिन सकिन्छ।)

## मारिस

(**'देवतानं पियसमुदाचारवचनमेतं'** भन्ने *सगाथावग्ग देवता संयुत्त अट्ठकथा (१६)* अनुसार मारिस-देवताहरूको संबोधन गर्ने एक प्रकारको प्रियवचन नै



Downloaded from http://www.dhamma.digital

हो। **मारिस**-धातु, ण- प्रत्यय। **मारिस-सहन** अर्थमा भएकोले **सहन**-भनेको **खन्ती** (=सहनु); **अभिभवन** (=अभिभूत गर्नु, छोप्नु) अर्थ दुइथरी निस्कने हुनाले यहाँ अभिभवन अर्थलाई ग्रहण गर्नुपर्छ। तसर्थ **'मरिसनट्ठेन पापानं रोगादि अनत्थानं अभिभवनट्ठेन मारिसो'** भनी *संयुत्तटीका* मा वर्णन गरिएको छ। रोग आदि अनर्थक खराब धर्महरूलाई अभिभूत गरी विनाश गर्ने भएकोले 'मारिस' भनिन्छ। दुःख नभएका भन्ने भाव हो। त्यसैले **'निदुक्खाति वुत्तं होति'** भनी *संयुक्त अर्थकथा*मा वर्णन गरिएको हो।

दुःखीहरूलाई पनि **मारिस** भनी बोलाइने भएकोले रुढी शब्द भनी लिनुपर्छ। **'पोक्खरं अस्स अत्थीति पोक्खरणी'** अनुसार कमल फूल र पानी रहेकोले **पोक्खरणी** (पुष्करणी) नाम भइआएकोमा पानी नभएको, कमल फूल पनि नभएको पोखरीलाई पनि रुढी अनुसार **पोक्खरणी**-भनेर नै भन्ने गरिए जस्तै यो **मारिस**-शब्द पनि अतिव सुख समृद्धि सम्पन्न भएको युगमा आदिकल्पको व्यवहार भएकोले पछि पछि भने दुःखयुक्त भएको भए पनि, नभएको भए पनि रुढी अनुसार **'मारिस'** भन्न नै सकिन्छ' भनी उक्त *संयुत्त अर्थकथा*मा वर्णन गरिएको छ।

**'देवतानं पाटियेक्को वोहारो'** भन्ने *दीघनिकाय महावग्ग सक्कपञ्ह सुत्त अर्थकथा (२९१)* अनुसार **'मारिस'** देवताहरूको एक प्रकारको विशिष्ट व्यवहार हो भनी जान्न पाइन्छ। तर मनुष्यहरूमा पनि परस्पर **मारिस** भनी बोलाउने चलन भेटिन्छ। *जातक अर्थकथा तृतीय भागमा सब्बमंसलाभ जातक (४६)*-मा आफूकहाँ मासु माग्न आएको महाजन पुत्रलाई ब्याधाले **'मारिस परं किञ्चि याचन्तेन नाम पियवचनेन भवितब्बं'** भनी भन्यो। *सुत्तनिपात अट्ठकवग्ग तिस्स मेत्तेय्य सुत्त (४०६)* मा **'मेथुन' मनुयुत्तस्स विघातं बूहि मारिस'** भनी तिस्स मेत्तेय्यले तथागतलाई **मारिस** भन्ने नामले सम्बोधन गरेका थिए।

त्यसपछि फेरि **मारिस**लाई **'निद्दुक्ख**=दुःख नभएका; **निराबाध**=रोग नभएका' भनी धेरै जसो वर्णन गरिने भए पनि अर्को एउटा वर्णन पनि भेटिन्छ। *जातक-प-लोहकुम्भी जातक (१००)* मा-

**नत्थि अन्तो कुतो अन्तो; न अन्तो पटिदिस्सति।**
**तदा हि पकतं पापं; मम तुय्हञ्च मारिसा-**

भनी उल्लेख रहेको भेटिने भएकोले उक्त **'मारिस**-लाई त्यसको अर्थकथा मा



Downloaded from http://www.dhamma.digital

**'मारिसाति मया सदिसा; पियालपनमेतं एतेसं'** भनी वर्णन गरिएको छ। यसमा म समानका मेरा मानिस भन्ने व्यवहार एक प्रकारको प्रियवचन नै हो। *अमरकोष*-मा त मारिसलाई 'उत्तम व्यक्ति' भनी भनिएको छ। यस उत्तम व्यक्तिको अर्थ अनुसार **'मारिस' 'अय्य'** आर्यको पर्यायवाची भएकोले त्यसलाई 'आर्य, भन्ते' भनेर पनि अनुवाद गर्न मिल्छ। **'मारिसाति मया सदिसा'** भन्ने वर्णन अनुसार क्षेत्रलाई सुहाउने गरी मित्र भनेर पनि अनुवाद गर्न सकिन्छ होला। **रिस**-हिंसा (=शास्ति गर्नु) अर्थमा भएकोले प्रतिषेध अर्थ भएको **मा**-शब्दसँग समान रहेको छ भनी *स्तोमनिधी*मा भनिएको छ। **नत्थि रिसो एतस्साति मारिसो**- भनी सिद्ध गरिन्छ।)

## भय आदि

भयलाई चित्तुत्राश भनी वर्णन गरिराखेको हुनाले चित्तमा त्राश हुनु हो। डराउनु भनेको पनि चित्तको त्राश नै हो। **'थद्धभावकरभयाभावेन अछम्भी'** भन्ने *सुत्तनिपात खग्गविसाण सुत्त अर्थकथा (७८)* अनुसार भनिएमा **'छम्भी'** कस्सिनु, टम्म हुनु र स्थीर हुनु स्वभावयुक्त व्यक्ति हो । **थम्भ** मा रहेको थ 'छ' भएको हो। यो भनाई अनुसार **छम्भितत्तं**-लाई हात खुट्टा शरीर कस्सिएर टम्म भई, कडा भई, ठिङ्गरिङ्ग पर्नु भनी अनुवाद गर्नुपर्दछ। **'छम्भीति पवेधितकायो'** भन्ने *सगाथावग्ग कोसल संयुत्त अर्थकथा (१५२)*-मा **छम्भी**=(थर्कनु अर्थवाची हो। **छम्भितत्तं**-लाई **'कायिञ्जनं कायकम्पो हदयमंसचलनं'** भनी वर्णन गरिएको *पाराजिक सुदिन्न कण्ड अर्थकथा (१७६)*-को भनाई अनुसार पनि 'शरीर कम्प हुनु, मुटु थरथर काम्नु' भनी **छम्भी**-को थर्कनु अर्थ नै वर्णन गरिएको छ। तसर्थ यस वर्णनलाई ग्रहण गरी **छम्भितत्तं**=मुटु थरथर कामी शरीर कम्प हुनु हो भनी अर्थ दिएको छु।

## शिर उठाएर हेर्नू

**उल्लोकेय्याथ**=शिर उठाएर हेर्नू भनेको झण्डा अग्लो भएकोले हो। देवराज शक्रले चढ्ने वेजयन्त रथ चौगिर्दा हिसाबले पचास योजन,



Downloaded from http://www.dhamma.digital

अगाडि पछाडिको भाग पचास पचास योजन, लम्बाईतिर एकसयपचास योजन लामो रहेछ। रथमा ओछ्याइएको पलङ्क एकयोजन छ। पलङ्कको मास्तिर रहेको स्वेतछत्र तीनयोजन छ। बाँकी रहेका अलंकारहरूको त परिमाण छैन। झण्डा दुइसयपचास योजन अग्लो छ। (यो) *सगाथावग्ग संयुत्त अर्थकथा*को भनाई हो। *(सक्कसंयुत्त-३११)* यसरी झण्डा दुइसयसत्तरी योजन अग्लो भएकोले नै उल्लोकेय्याथ भनी भनिएको हो।

### नडराउनु

झण्डा हेर्नुद्वारा किन डर हराउँछ त ? आजकल आ-आफ्ना देशका सर्वोच्च रूपमा सहमति गरी बनाइएका झण्डाहरू रहेकामा उक्त झण्डा देख्नेहरूमा राष्ट्रिय भावना उत्तेजित पारे जस्तै देवराज शक्रको झण्डा देख्ने देवताहरू पनि 'हाम्रा राजा आइपुगे, लट्ठा-झैं स्थीरभई (बलियो गरी) उभिई बसिसकेका छन्; हामी कोदेखि डराउनु पर्छ र' भनी सुरा चित्त र सुरा अभिमान उत्पन्न हुने रहेछ भनी *सक्कसंयुत्त अट्ठकथा (३१२)*-मा वर्णन गरिएको छ।

### कर्म पद मात्र

**पहीयिस्सति**-प+हा धातु, कर्ममा य प्रत्यय, स्सति विभक्तिद्वारा सिद्ध भएको छ। कर्म रूप भएकोले **सो-पहीयिस्सति**को कर्म पद मात्र हो।

**(८२) नो चे मे धजग्गं उल्लोकय्याथ; अथ पजापतिस्स देवराजस्स धजग्गं उल्लोकेय्याथ। पजापतिस्स हि वो देवाराजस्स धजग्गं उल्लोकयतं यं भविस्सति भयं वा छम्भितत्तं वा लोमहंसो वा; सो पहीयिस्सति।**

(८२) **मे**=मेरो, **धजग्गं**=झण्डाको टुप्पोलाई; **नो चे उल्लोकेय्याथ**=यदि हेर्न भ्याएन भने; **अथ**=त्यसरी हेर्न नभ्याइने अवस्थामा; **पजापतिस्स**=प्रजापति नाम भएका; **देवराजस्स**=देवराजको;



Downloaded from http://www.dhamma.digital

**धजग्गं**=झण्डाको टुप्पोलाई; **उल्लोकेय्याथ**=शिर उठाएर हेर; **हि**=शिर उठाएर हेर्नपर्नुको कारण के हो भने; **पजापतिस्स**=प्रजापति नाम भएका; **देवाराजस्स**=देवराजको; **धजग्गं**=झण्डाको टुप्पोलाई; **उल्लोकयतं**=शिर उठाएर हेर्नेहरूलाई; **वो**=तिमीहरूलाई; **यं भयं वा**=जुन भय त्राश हुनु हो; **यं छम्भितत्तं वा**=जुन शरीर कम्प हुनु; **यो लोमहंसो वा**=जुन रौं ठाडो ठाडो हुनु; **भविस्सति**=हुन्छ; **सो**=त्यो डराउनु, काम्नु, रौं ठाडो-ठाडो हुनुलाई; **पहीयिस्सति**=हटेर जानेछ ।

**(८३) नो चे पजापतिस्स देवराजस्स धजग्गं उल्लोकेय्याथ; अथ वरुणस्स देवराजस्स धजग्गं उल्लोकेय्याथ । वरुणस्स हि वो देवराजस्स धजग्गं उल्लोकयतं यं भविस्सति भयं वा छम्भितत्तं वा लोमहंसो वा; सो पहीयिस्सति ।**

(८३) **पजापतिस्स**=प्रजापति नाम भएका; **देवराजस्स**=देवराजको; **धजग्गं**=झण्डाको टुप्पोलाई; **नो चे उल्लोकेय्याथ**=यदि शिर उचालेर हेर्न भ्याएन भने; **अथ**=त्यसरी शिर उचालेर हेर्न नभ्याउने अवस्थामा; **वरुणस्स**=वरुण नाम भएका; **देवराजस्स**=देवराजको; **धजग्गं**=झण्डाको टुप्पोलाई; **उल्लोकेय्याथ**=शिर उठाएर हेर्नू; **हि**=शिर उचालेर हेर्न पर्नुको कारण के हो भने; **वरुणस्स**=वरुण नाम भएको; **देवराजस्स**=देवराजको; **धजग्गं**=झण्डाको टुप्पोलाई; **उल्लोकयतं**=शिर उचालेर हेर्नेहरूलाई; **वो**=तिमीहरूलाई; **यं भयं वा**=जुन भय र त्राश; **यं छम्भितत्तं वा**=जुन शरीर कम्प हुनु; **यो लोमहसो वा**=जुन रौं ठाडो ठाडो हुनु; **भविस्सति**=हुन्छ; **सो**=त्यो डराउनु, काम्नु र रौं ठाडो ठाडो हुनु; **पहीयिस्सति**=हटेर जानेछ ।

**(८४) नो चे वरुणस्स देवराजस्स धजग्गं उल्लोकय्याथ; अथ ईसानस्स देवराजस्स धजग्गं उल्लोकेय्याथ । ईसानस्स हि वो देवराजस्स धजग्गं उल्लोकयतं यं भविस्सति भयं वा छम्भितत्तं वा लोमहंसो वा; सो पहीयिस्सतीति ।**



Downloaded from http://www.dhamma.digital

(८४) **वरुणस्स**=वरुण नामक; **देवराजस्स**=देवराजको; **धजग्गं**=झण्डाको टुप्पोलाई; **नो चे उल्लोकेय्याथ**=यदि शिर उठाई हेर्न भ्याएन भने; **अथ**=त्यसरी शिर उठाई हेर्न नभ्याइने अवस्थामा; **ईसानस्स**=ईषाण भन्ने; **देवराजस्स**=देवराजको; **धजग्गं**=झण्डाको टुप्पोलाई; **उल्लोकेय्याथ**=शिर उचाली हेर्नू; **हि**=शिर उचाली हेर्नुको कारण के हो भने; **ईसानस्स**=ईशाण भन्ने; **देवराजस्स**=देवराजको; **धजग्गं**=झण्डाको टुप्पोलाई; **उल्लोकयतं**=शिर उचाली हेर्नेहरूलाई; **वो**=तिमीहरूलाई; **यं भयं वा**=जुन भय र त्राश; **यं छम्भितत्तं वा**=जुन शरीर कम्प हुनु; **यो लोमहंसो वा**=जुन रौं ठाडो ठाडो हुनु; **भविस्सति**=हुन्छ; **सो**=उक्त डराउनु, काम्नु र रौं ठाडो ठाडो हुनु; **पहीयिस्सति**=हटेर जानेछ। (**इति**=यसरी; **आमन्तेसि**=आमन्त्रण गरे।)

## अरू अरू झण्डा हेर्नुको भावार्थ

शिर उठाई मेरो झण्डाको टुप्पोलाई हेर्न भ्याएन भने प्रजापति देवराजको झण्डाको टुप्पो हेर्नू। कारण, प्रजापति देवराजको झण्डाको टुप्पोलाई शिर उठाएर हेर्ने तिमीहरूलाई उत्पन्न हुने डराउनु, शरीर काम्नु, रौं ठाडो ठाडो हुनु हटेर खतम भएर जाने भएकोले हो। (बाँकी दुइटा पादमा पनि वरुण र ईषाण नाम मात्र फरक छ; बाकी अनुवाद समान रूपले नै हुन्छ।

## शक्र समान

प्रजापति, वरुण र ईषाण देवराजहरू तीनजना शक्र देवेन्द्रसँग रूपमा पनि समान, उमेरमा पनि समान भएका देवराजहरू हुन्। प्रजापति देवराज दोश्रोस्थान प्राप्त, वरुण देवराज तेश्रोस्थान प्राप्त, ईषाण देवराज चौथोस्थान प्राप्त भएकाहरू हुन्। त्यसरी देवराज शक्रसँग समान भएका देवताहरू भएकोले उनीहरूको झण्डाहरूले पनि देवताहरूको भयलाई हटाई शूर बीर गरिदिने हुन्छन्।



Downloaded from http://www.dhamma.digital

(८५) **तं खो पन भिक्खवे सक्कस्स वा देवानमिन्दस्स धजग्गं उल्लोकयतं, पजापतिस्स वा देवराजस्स धजग्गं उल्लोकयतं, वरुणस्स वा देवराजस्स धजग्गं उल्लोकयतं, ईसानस्स वा देवराजस्स धजग्गं उल्लोकयतं यं भविस्सति भयं वा छम्भितत्तं वा लोमहंसो वा; सो पहीय्येथापि नो पि पहीयेथ।**

(८५) **भिक्खवे**=भिक्षुहरू हो; **देवानमिन्दस्स**=देवताहरूका मालिक देवराज; **सक्कस्स**=शक्रका; **तं खो पन धजग्गं**=उक्त झण्डाको टुप्पोलाई; **उल्लोकयतं वा**=शिर उठाई हेरिरहेका देवताहरूलाई अथवा; **पजापतिस्स**=प्रजापति भन्ने; **देवराजस्स**=देवराजको; **तं खो पन धजग्गं**=उक्त झण्डाको टुप्पोलाई; **उल्लोकयतं वा**=शिर उठाएर हेरिरहने देवताहरूलाई अथवा; **वरुणस्स**=वरुण भन्ने; **देवराजस्स**=देवराजको; **तं खो पन धजग्गं**=उक्त झण्डाको टुप्पोलाई; **उल्लोकयतं वा**=शिर उठाएर हेरिरहेका देवताहरूलाई अथवा; **ईसानस्स**=ईषाण भन्ने; **देवराजस्स**=देवराजको; **तं खो पन धजग्गं**=उक्त झण्डाको टुप्पोलाई; **उल्लोकयतं वा**=शिर उठाएर हेरिरहने देवताहरूलाई; **यं भयं वा**=जुन भय र त्राश हुनु; **यं छम्भितत्तं वा**=जुन शरीर काम्नु; **यं लोमहंसो वा**=जुन रौं ठाडो ठाडो हुनु; **भविस्सति**=हुन्छ; **सो**=उक्त डराउनु, काम्नु, रौं ठाडो ठाडो हुनुलाई; **पहीयेथा पि**=हटाउन मिल्ने पनि हुनसक्छ; **नोपि पहीयेथ**=हटाउन नमिल्ने पनि हुनसक्छ। (हट्न पनि सक्छ; नहट्न पनि सक्छ।)

(८६) **तं किस्स हेतु ?**

**सक्को हि भिक्खवे देवानमिन्दो अवीतरागो अवीतदोसो अवीतमोहो भीरु छम्भी उत्रासी पलायीति।**

(८६) **तं**=उक्त डराउनु आदि हट्नु, नहट्नु दुई थरी हुनजानु; **किस्स हेतु**=के कारणले हो नि ? **भिक्खवे**=भिक्षुहरू हो; **हि यस्मा**=जुन कारणले; **देवानमिन्दो**=देवताहरूका मालिक राजा; **सक्को**=शक्र;



Downloaded from http://www.dhamma.digital

**अवीतरागो**=रागबाट अलग्ग नभएका हुन्; **अवीतदोसो**=द्वेषबाट अलग्ग नभएका हुन्; **अवीतमोहो**=मोहबाट अलग्ग नभएका हुन्; **भीरु**=डराउने रहेछन्; **छम्भी**=शरीर कम्प हुने रहेछन्; **उत्रासी**=त्राश मान्ने, थर्कमान हुने रहेछन्; **पलायी**=भाग्ने हुन्; **इति**=उक्त कारणले गर्दा नै हो ।

## भावार्थ

सजिलै छ ।

## प्रधान नय

यहाँ **'सक्को हि भिक्खवे देवानमिन्दो'** भनी शक्र एकजनालाई मात्र अवीतराग आदि द्वारा बताउनुभएको प्रधान नय हो । उत्कृष्ट निर्देश पनि भन्दछन् । शक्र देवेन्द्र नै पनि राग, द्वेष, मोहबाट अलग्ग छैनन् । डराउँछन्, थर्कमान हुन्छन्, भाग्ने हुन् भने बाँकी देवताहरूलाई भन्नु नै केही छैन भन्ने सिद्ध भएको छ ।

**(८७) अहञ्च खो भिक्खवे एवं वदामि; सचे तुम्हाकं भिक्खवे अरञ्ञगतानं वा रुक्खमूलगतानं वा सुञ्ञागारगतानं वा उप्पज्जेय्य भयं वा छम्भितत्तं वा लोमहंसो वा; ममेव तस्मिं समये अनुस्सरेय्याथ-**

(८७) **भिक्खवे**=भिक्षुहरू हो; **अहञ्च खो**=म तथागत त; **एवं**=यस्तो; **वदामि**=भन्दछु; **भिक्खवे**=भिक्षुहरू हो; **अरञ्ञगतानं वा**=अरण्य बासमा पनि गइरहेकाहरू; **रुक्खमूलगतानं वा**=रुखमुनि पनि गइरहेकाहरू; **सुञ्ञागारगतानं वा**=सुनसान ठाउँमा पनि बस्न गइरहेकाहरू; **तुम्हाकं**=तिमीहरूलाई; **भयं वा**=डराउनु, थर्कमान हुनु अथवा; **छम्भितत्तं वा**=शरीर काम्नु अथवा; **लोमहंसो वा**=रौं ठाडो ठाडो हुनु; **सचे उप्पज्जेय्य**=यदि उत्पन्न हुन थाल्यो भने; **तस्मिं समये**=त्यसबेला; **ममेव**=म तथागतलाई नै मात्र; **अनुस्सरेय्याथ**=बारम्बार याद गर्नुपर्छ, स्मरण गर्नुपर्छ ।



Downloaded from http://www.dhamma.digital

**(८८) 'इति पि सो भगवा अरहं, सम्मासम्बुद्धो, विज्जाचरण सम्पन्नो, सुगतो, लोकविदू, अनुत्तरो, पुरिसदम्मसारथि, सत्था देवमनुस्सानं, बुद्धो, भगवा'ति ।**

(८८) **सो भगवा**=छ वटा भाग्य प्रकट रहेको गुण सम्पन्न उहाँ तथागत सम्यक्सम्बुद्ध; **इति पि**=अरहत्त मार्ग अनुसार बुद्ध गुणांगले परिपूर्ण भई ब्रह्मा, देव, मनुष्य त्रिलोकमा रहेकाहरूका अनेक दान दातर्ब्य पूजा सबै नै ग्रहण गर्नयोग्य भएको, आकर्षक र सुन्दर यी कारणहरूले गर्दा पनि; **अरहं**=अरहं भनी सम्पूर्ण त्रिभुवनमा फैलिएको कीर्तिघोषयुक्त हुनुहुन्छ । (१)

**सो भगवा**=विशाल भाग्यवान उहाँ तथागत सम्यक्सम्बुद्ध; **इति पि**=यथार्थ रूपले गुरुले देखाउन नपर्ने गरी स्वभावद्वारा अनेक धर्म सम्पूर्ण गुणलाई पूर्णरूपले जानीलिनुभएको यस कारणले गर्दा पनि; **सम्मासम्बुद्धो**=सम्मासम्बुद्ध पदधारी भई सम्पूर्ण विश्वमा उज्ज्वल भई कीर्तिघोषयुक्त हुनुहुन्छ । (२)

**सो भगवा**=विशाल भाग्यवान उहाँ तथागत सम्यकसम्बुद्ध; **इति पि**=विद्या, ज्ञान र आचरण चरणले परिपूर्ण भई प्रशंसाभागी हुनुभएको यो कारणले गर्दा पनि; **विज्जाचरणसम्पन्नो**=विज्जाचरणसम्पन्न भनी सम्पूर्ण विश्वमा उज्ज्वल भई कीर्तिघोषयुक्त हुनुहुन्छ । (३)

**सो भगवा**=विशाल भाग्य, विशाल कर्म, विशाल ज्ञानवान उहाँ तथागत सम्यक्सम्बुद्ध; **इति पि**=असल वचनयुक्त भई निर्वाणमा पुगी बुद्ध हुने अवस्थासम्म पनि कुनै गल्ती नरहने गरी स्मृति सम्प्रजन्यद्वारा सदा युक्तभई राम्ररी आगमन गर्नुहुने, जान्नु र अनुभूति गर्न योग्य भएको यस कारणले गर्दा पनि; **सुगतो**=सुगत भनी पवित्र गुणको ध्वजा फहराई कीर्तिघोषयुक्त हुनुहुन्छ । (४)

**सो भगवा**=छओटा भाग्यका स्वामी उहाँ तथागत सम्यक्सम्बुद्ध; **इति पि**=अनेक सत्व, अनन्त भूमि र संस्कार भन्ने सम्पूर्ण लोक सबै जान्ने पवित्र गुण यस कारणले गर्दा पनि; **लोकविदू**=लोकविदू ध्वजा फहराई विश्वव्यापी रहेको कीर्तिघोषयुक्त हुनुहुन्छ । (५)



Downloaded from http://www.dhamma.digital

**सो भगवा**=देव, मनुष्यहरूबाट गौरब गरिनुभएका र उपसंक्रमण गर्नयोग्य उहाँ तथागत सम्यक्सम्बुद्ध; **इति पि**=शील आदि गुण विशिष्टताले जोडा लाग्ने कोही नभएकोले उहाँभन्दा अगाडि जाने कोही प्रकट नभएको र प्रशंसनीय भएको यस कारणले गर्दा पनि; **अनुत्तरो**=अनुत्तर पदयुक्त भएकोले सम्पूर्ण लोकमा उज्ज्वल भई कीर्तिघोषयुक्त हुनुहुन्छ। (६)

**सो भगवा**=विशाल भाग्यवान उहाँ तथागत सम्यक्सम्बुद्ध; **इति पि**=दमन गर्न योग्य देव मनुष्यहरूलाई प्रयोजनीय आचरण विधि भएभरका सबै उपदेश र अनुशासन गर्नुहुने, प्रशंसनीय भएको यस कारणले गर्दा पनि; **पुरिसदम्मसारथि**=पुरिसदम्मसारथि विद्यमान गुणद्वारा फैलिएको कीर्तिघोषयुक्त हुनुहुन्छ। (७)

**सो भगवा**=छवटा भाग्यका स्वामी उहाँ तथागत सम्यक्सम्बुद्ध; **इति पि**=सार्थवाह ब्यापारीहरूका नाइके समान सत्वहरूलाई सम्पूर्ण संसार कन्तार मार्गबाट मुक्त गरी स्वर्ण प्रासाद निर्वाणतिर तारेर लगी देव, मनुष्य, ब्रह्माहरूका उत्तम शास्ता भनी जान्नयोग्य प्रशंसनीय भएको, यस कारणले गर्दा पनि; **सत्था देवमनुस्सानं**=सत्था देवमनुस्सानं भनी सम्पूर्ण क्षेत्रलाई ढाक्ने गरी उद्घोष भएको कीर्तिघोषयुक्त हुनुहुन्छ। (८)

**सो भगवा**=विशाल भाग्यवान उहाँ तथागत सम्यक्सम्बुद्ध; **इति पि**=चारसत्य यथार्थ धर्मलाई स्वर्णज्ञान विशिष्टमार्ग र कृत्यले पहिले सृष्टि गरी आफूले देखी जानीसक्नुभएपछि देव, मनुष्यहरू सबैलाई देखाउने, बुझाउने विशिष्ट प्रणीत भएको यस कारणले गर्दा पनि; **बुद्धो**=बुद्ध नामले पद धारण गरी त्रिभुवनमा नै कीर्तिघोषयुक्त हुनुहुन्छ। (९)

**सो भगवा**=लोकका अग्र हुनुभएका उहाँ तथागत सम्यक्सम्बुद्ध; **इति पि**=**इस्सरिय** (ऐश्वर्य) आदि भाग्य छथुँगा फूलले झलमल परी बस्नुभएको यस कारणले गर्दा पनि; **भगवा**=भगवा भनी सबैले भन्न उचित हुनेगरी सम्पूर्ण लोकमा सधैं प्रकट भइरहेको कीर्तिघोषयुक्त हुनुहुन्छ। (१०)

**इति**=यसरी; **अनुस्सरेय्याथ**=बारम्बार होसपूर्वक अनुस्मरण गर्नू।



Downloaded from http://www.dhamma.digital

## **बुद्ध गुण भावार्थ**

विशाल भाग्यवान उहाँ तथागत **सम्यक्सम्बुद्ध** ब्रह्मा, देवमनुष्यहरूका पूजा विशेषलाई ग्रहण गरी लिन योग्य हुनुभएको कारणले गर्दा पनि **अरहं** नामधारी हुनुभयो। सम्पूर्ण धर्मलाई यथार्थ रूपले नै गुरुबिना बुझिलिनुभएको कारणले गर्दा पनि **सम्मासम्बुद्ध** नामधारी हुनुभयो। विद्या, ज्ञान, आचरण चरणले परिपूर्ण हुनुभएको कारणले गर्दा पनि **विज्जाचरणसम्पन्न** नामधारी हुनुभयो। असल राम्रो वचन बोल्न जान्नुभएको कारणले गर्दा पनि **सुगत** नामधारी हुनुभयो। त्रिलोकलाई बाँकी नछुट्ने गरी सबै जान्नुभएको कारणले गर्दा पनि **लोकविदू** नामधारी हुनुभयो। शीलादि गुण समूहले जोडा नहुने गरी सर्वोत्तम हुनुभएको कारणले गर्दा पनि **अनुत्तर** नामधारी हुनुभयो। दमनीय सत्वहरूलाई सुसभ्य र सुसंस्कृत हुनेगरी अववाद र अनुशासन गर्नुहुने भएको कारणले गर्दा पनि **पुरिसदम्मसारथि** नामधारी हुनुभयो। सार्थवाह ब्यापारीहरूका नाइके समान भई सत्वहरूलाई कन्तार मार्गबाट तारीदिनुहुने भएकोले गर्दा पनि **सत्था देवमनुस्सानं** नामधारी हुनुभयो। चार सत्य पवित्र धर्मलाई स्वयं आफूले पनि जानेर वेनेय्यहरूलाई पनि जानकारी दिनुहुने कारणले गर्दा **बुद्ध** नामधारी हुनुभयो। छ वटै भाग्यले सम्पन्न हुनुभएको कारणले गर्दा पनि **भगवा** नामधारी हुनुभयो। यसरी अनुस्मरण गर्नुपर्दछ।

Dhamma.Digital

## **नौ वटा गुण**

उपरोक्त अर्थ दसवटा गुण छुट्याउने किसिमको हो। नौ वटा गुण बनाउन चाहेमा अनुत्तरो र पुरिसदम्मसारथि-लाई जोडेर वर्णन गर्नुपर्दछ। **सो भगवा**=उनै विशाल भाग्यवान तथागत सम्यकसम्बुद्ध; **इति पि**=दमनीय सत्वहरूलाई उपदेश दिई अनुशासन गर्नुमा जोडा नहुनेगरी परमोत्तम गुणानिशंसयुक्त हुनुभएको यस कारणले गर्दा पनि; **अनुत्तरो पुरिसदम्मसारथि**=अनुत्तरो पुरिसदम्मसारथि नामधारी भई गुणको सुगन्ध सबैतिर फैलेर कीर्तिघोषयुक्त हुनुहुन्छ।



Downloaded from http://www.dhamma.digital

## टिप्पणी

यस धजग्ग सूत्रमा त्रिरत्नका गुणलाई श्रमण र गृहस्थ धेरैबाट स्वयम् पढ्ने मौका दिनको निम्ति सम्झी राख्नुपर्ने अभिप्रायहरू नाति संक्षिप्त, नाति विस्तृतरूपले लेखी समावेश गरेको हूँ।

# बुद्ध-गुण १० वटा

## १-अरहं गुण

## अरहं वर्णन

**अरहं**=पूजा विशेषलाई ग्रहण गर्न योग्य हुनुभएका। वर्ण राम्रो नभएको र सुगन्ध पनि नभएको फूललाई मानिसहरूले कहिल्यै मन पराउँदैनन्। वर्ण पनि राम्रो भएको र बास पनि राम्रो भएको फूललाई भने प्रत्येक व्यक्तिले नै मान्यता दिन्छन्। श्रीशोभा र गुण भएका श्रमणहरू वर्ण पनि राम्रो भई बास्ना पनि भएको फूल जस्तै धेरै धेरै मानिसहरूद्वारा मान्यता गर्न योग्य हुनपाइन्छ।

जति वर्णन गरे पनि नसिद्धिने गरी धेरै धेरै गुणका खानी र गुणका स्वामी तथागत धेरैजनाका पूजनीय हुन पाउनुभएको छ। साँच्चै हो; अरहन्तहरू **अग्गदक्खिणेय्य**=सर्वोत्तम दानलाई ग्रहण गर्न योग्यहरू, पूजा गर्न योग्यहरू र आयुष्मानहरू हुनुहुन्छ। त्यसरी भएको अरहत्त मार्गद्वारा क्लेशहरूलाई हनन गरी सफा गरिसकिएकोले गर्दा नै हो। तर अरहन्त आर्यहरूले वासनालाई त हटाउन सक्दैनन्। क्लेशहरू सकिए पनि क्लेशको आनुभाव, प्रभाव वा वासना त बाँकी नै हुने रहेछ।

## आयुष्मान पिलिन्दवच्छ

उहाँ आयुष्मान अरहन्त आर्य नै हुनुहुन्थ्यो। ब्राह्मण कोखमा जन्म भई वसल=वृषल भनी बोलीआएको बानी पाँचसय जन्मसम्म गरिआएकोले अरहन्त भइसके पनि उक्त वासना बाँकी रहेकोले **वसल**=वृषल भन्ने शब्दले व्यवहार गर्ने बानि रहि नै रहेको थियो। एकचोटी एउटा मानिसले कसुर एक



Downloaded from http://www.dhamma.digital

डालो लिएर आउँदा उहाँले 'ए वृषल, के के हो' भनी सोध्नुभयो । मलाई वृषल भन्न मिल्छ र भनी सोची उहाँको वचन अनुसार नै उल्टो वा छड्के जवाफ दिनुपर्‍यो भनी सोची 'मुसाको लिंड हो, भन्ते' भनी भने । 'ए मुसाको लिंड भए मुसाको लिंड नै हो नि' भनी आज्ञा गर्नुभयो । पछि स्थविर छुटेर गएपछि साँच्चै मुसाको लिंड नै बन्नपुग्यो ।

डालोमा रहेको कसुर मात्र होइन कि गाडामा हेर्दा गाडामा रहेका कसुरहरू पनि मुसाको लिंडमा परिणत भएको रहेछ । एकजना मानिसको सल्लाह अनुसार कसुर राखिएको डालो बोकेर स्थविरको अगाडि दोहरो जाँदा 'ए वृषल, के के हो' भनी फेरि सोघ्नुभयो । कसुर फलहरू नि भन्ते' भनी बिन्ती गरे । 'अँ ए कसुर भए कसुर नै भयो' भनी आज्ञा गर्नुभएपछि मात्र कसुरको रूपमा परिवर्तन भयो । *(अंगुत्तर ट्ठ. प. एतदग्ग वग्ग २१६)*

रक्सी फ्याँकीसकिए पनि रक्सीको गन्ध रक्सीको भाँडोमा टाँसिएर रहिरहने झैं अरहन्तहरूमा क्लेश खतम भइसके पनि आदत परिसकेको बानी वासनाको बाफ बाँकी रहन सक्छ । प्रत्येक बुद्धहरूमा पनि त्यस्तै नै हो । तथागत बुद्धहरू त त्यस्तो वासनालाई समेत बाँकी नरहनेगरी निर्मूल हुनेगरी हटाई हनन गर्नसक्नुहुने भएको हुनाले लोकमा सबभन्दा विशुद्ध र परिशुद्ध पवित्र पुद्‌गल हुनुहुन्छ । त्यसो हुनाले बुद्ध तथागतभन्दा उच्चतर पूजनीय व्यक्ति पूजा ग्रहणीय व्यक्ति इहलोक वा परलोक कुनै लोकमा पनि खोजेर भेटिंदैन ।

## विभिन्न विभेद

क्लेश हटाउनमा मात्र फरक रहेको होइन; अरहत्त मार्गको कारणले प्राप्त भइरहने फल गुणमा पनि फरक रहेको पाइन्छ । कुनै कुनै विशिष्ट पारमी भएका अरहन्त आर्यहरूसँग अरहत्त मार्गफल प्राप्त भइसक्नासाथै एकसाथ प्रतिसम्भिदा, अभिज्ञा र समापत्ति आदि ज्ञान ऋद्धिहरू समेत



Downloaded from http://www.dhamma.digital

एकसाथ प्राप्त हुनु सिद्ध हुन्छ । उक्त ज्ञान र ऋद्धिसिद्धिहरू केही केही अंशमात्र जानेको सिमित ऋद्धिसिद्धिहरू हुन् । तथागतले त अरहत्त मार्ग फल प्राप्त गरिसक्नासाथै एकसाथ सम्पूर्ण धर्मलाई जानेको सर्वज्ञता महाज्ञानलाई समेत प्राप्त गर्नुभयो । अरु अरु **आसयानुसय ञाण** (=आन्तरिक धातु स्वभाव क्लेश मूल जरा धातुहरू जानेको ज्ञान) आदि अरुसँग असाधारण भएको तथागतहरूले मात्र प्राप्त गर्नसक्ने ज्ञानहरूलाई पनि प्राप्त गरीलिनुभयो । तथागतहरूले मात्र प्राप्त गर्नसकिने **'आवेणिक'** भन्ने विशिष्ट गुणहरू हुन्छन् । ऋद्धिको क्षेत्रमा पनि सिमाना र परिधि नरहनेगरी अन्त नहुनेगरी जान्न देख्नसक्ने कसैले दाँज्न नमिल्ने शक्ति नै रहेछ ।

क्लेशले रहित भई सफा र चिल्लो परिशुद्ध भएको कारणले नै प्रकृति रूपमा सुवर्णवर्ण जस्तै पहेँलो, ज्वार्रर परी टल्केको शरीरबाट सुवर्ण रश्मिहरू निस्कीरहने मात्र होइन ती ठाउँ ठाउँहरूबाट नीलो, रातो, सेतो, झिलिक्क झिलिक्क निस्कने पुञ्जपुञ्ज रश्मिहरू तँछाड मछाड गरी रमाइलो हुनेगरी निस्की मनमोहक भई श्रद्धा प्रसन्न लाग्नेगरी उत्पन्न भइरहनु पनि अरु अरु व्यक्तिहरूभन्दा विशेषता भएको श्रीशोभा नै हो । त्यसैले उहाँको जीवन कालमा प्रत्यक्षदर्शी व्यक्तिहरूका **'अतुल**=अतुलनीय' व्यक्ति नै रहेछन्' भन्ने प्रशंसा शब्द आजसम्म पनि प्रतिध्वनित भइरहेको पाइन्छ । अनुमान प्रमाण लिन योग्य धर्म अनुसार र शासनिक मीमांशा अनुसार अहिलेका विद्वानहरूले पनि फेरि प्रशंसा गरिआएको हुनाले सधैं प्रतिध्वनित हुनैपर्ने भइरहेको हुनाले 'विद्वानहरूको चिन्तना आफूले हेर्नजानुभन्दा पनि सत्य हुन्छ' भन्ने भनाई अनुसार सन्देह गर्ने ठाउँ छैन ।

## सधैं पूजा गरिएको तरिका

तथागत सम्यक्सम्बुद्ध सुमेध ऋषि भई नियत भविष्यद् ब्याकरणरूपी फूलले सजिनुभएदेखि नै धेरै मानिसहरूका विशिष्ट पूजा ग्रहण गरिसक्नुभएका हुनुहुन्छ । त्यसपछि पारमीहरू पूरा गरिरहनुभएका बोधिसत्व जन्महरूमा



Downloaded from http://www.dhamma.digital

पनि पूजा पाइआउनुभएका हुनुहुन्छ। पारमी भनेको श्रेष्ठोत्तमहरू आजानेय्यहरूका क्रियाकलाप भएकोले उक्त क्रियाकलापका अधिकारी बोधसत्वले धेरैधेरै जन्ममा नै पूजा गराउन पाउनुभएको छ। तिरश्चीन हुनुभएका धेरै जीवनहरूमा समेत विशिष्ट विशिष्टरूपले पूजा पाउनुभएको पनि प्रकट नै रहेको छ। प्रतिसन्धि बस्नुभएको बेलामा देवताहरूबाट रक्षा गरिनुद्वारा पूजा गरिएको थियो। जन्म हुनुभएको अवस्थामा देवताहरूले मात्र होइन अरहन्त ब्रह्माहरूले समेत पूजा गर्न आए। कालदेविल ऋषि शुद्धोदन महाराजका गुरु हुन्। देवलोकमा पुग्दा देवताहरू हर्षोल्लास पूर्वक उफ्रीउफ्री नाचिरहेको देख्दा कारण सोद्धा बोधिसत्व जन्म भएको कुरा थाहा पाए।

त्यसैले शुद्धोदन महाराजको दरबारमा आई बोधिसत्वको दर्शन गर्ने इच्छा लागेको आज्ञा भएपछि बालक बोधिसत्व देखाई प्रणाम गराउँदा बोधिसत्वका दुबै पाउ उठेर ऋषिको शिरमा पर्नगयो। यस आश्चर्यलाई देखेको अवस्थामा ऋषिले प्रणाम गरे। शुद्धोदन महाराजले पनि बालक-पुत्रलाई प्रणाम गरे। हलो जोत्ने मंगलकार्य गर्दा धाईहरूले जामुन रुखको फेदमा बोधिसत्वलाई सुताई हलो जोतेको मंगल उत्सव हेरिरहिन्। बोधिसत्व पलेटी कसेर बसी प्रथम ध्यानमा प्रवेश भईबस्नुभयो। घाम सरेर गएपनि जामुन रुखको छायाँ नसरी बोधिसत्वलाई गर्मी हुनबाट बचाइ नै रहेको थियो। धाईहरूलाई सम्झना आई, होश आई, फर्केर आई हेर्दा उक्त आश्चर्य जनक अवस्था देखी महाराजलाई बिन्ती चढाउन गईन्। महाराजले पनि उक्त अवस्थामा दोश्रो पटक पुत्रलाई फेरि प्रणाम गरे। बुद्ध नहुँदै नै देव, मनुष्यहरूका पूजा ग्रहण गरिसकेका उहाँ बुद्ध भइसक्नुभएपछि त भन्ने ठाउँ नै छैन। त्यस युगमा पूजा पाउने मनुष्यराज, मनुष्याचार्य, पण्डितहरूद्वारा मात्र होइन देव, ब्रह्माहरूद्वारा समेत विशिष्ट विशिष्ट रूपमा गरिएका पूजा पाउनुभएका हुनाले पूजा ग्रहण गर्न पाउनेहरू मध्येमा शीर्षस्थसम्म नै पुग्न पाउनुभयो।



Downloaded from http://www.dhamma.digital

## अरु-अरु अर्थहरू

**अरहं**-का अरु अरु अर्थ पनि रहेको हुनाले केही अलिकति उल्लेख गरी देखाउँछु। अर+हं, अरि=शत्रु; हं=हनन गर्ने; अरि-व्याकरण विधि अनुसार 'अर' भएको हो। शत्रु भनेका क्लेशहरू हुन्। अनर्थक दुःख निर्माण गर्ने हुनाले र विकास पथमा रोकावट बिघ्न बाधा बन्ने भएकोले गर्दा क्लेशहरू शत्रुहरू भए। राजत्वको (राजा हुने) आकांक्षा गर्ने व्यक्तिले शत्रुहरूलाई हटाई दमन गर्न सकेर विजयी भएमा मात्र राजत्वमा पुग्न पाउँदछ। धर्मराजत्वलाई आकांक्षा राख्नुभएका तथागत बुद्धले पनि क्लेश शत्रुहरूलाई हनन गर्नसक्ने असल असल शस्त्रअस्त्र प्राप्तिको निम्ति प्राथमिक पारमीहरू पूर्ण गरी संकलन गर्नुपरेको थियो। पारमी, शमथ, विपश्यनारूपी शस्त्रअस्त्रद्वारा बारम्बार हमला गरेर अन्तमा अरहत्त मार्ग शस्त्र हातमा लिई सम्पूर्ण क्लेशहरूलाई चूर्णविचूर्ण पारी विजय प्राप्त गरिसकेपछि **अरहं** पद धारण गरी धर्मराजत्वमा पुग्नुभएका हुनुहुन्छ।

## अरहंको अर्को एउटा अर्थ

अर्को तरिकाबाट **अर**=आरहरू, **हं**=बिगार्ने हुन् भनेर पनि फेरि भन्नसकिन्छ। कुशल, अकुशल चेतनालाई संस्कार भनिन्छ। त्यो संस्कार रहिरहेमा **जाति** (=प्रतिसन्धि) उत्पन्न भई जरा मरणद्वारा एउटा जन्म अन्त गर्नुपर्ने निश्चित छ। त्यसैले प्रतीत्यसमुत्पाद अनुसार **भव**-लाई चक्रको रूपमा जोरजाम गर्दा संस्कारहरूलाई नाभि, आर भनेर र जरा मरणलाई पर्यन्त घुम्ने भन्नु पर्दछ। संस्कार उत्पत्ति हुनलाई अविद्या (=अज्ञान) र तृष्णा (=आशक्त हुनु) कारणहरू भएकोले ती दुई धर्महरूलाई संस्कार आरहरूले अडेस लिने **नाभि** स्थल भन्नुपर्दछ। चक्र (पाङ्ग्रा) को बिच भागमा भएका आरहरू बिगारिदियो भने किनारा घुम्ने र नाभिस्थलहरू प्रयोगमा आउँदैनन्; घुम्न सक्दैन। संस्कार आरहरू बिगार्नुभयो भनिएकोले भवमा दुःख-चक्र घुम्नुलाई हटाइसकिएको हुन्छ भन्ने भाव भयो। यो गुण पनि अरहत्त मार्गद्वारा



Downloaded from http://www.dhamma.digital

क्लेशहरूलाई हटाउन सकेको कारणले प्राप्त गरिलिनुभएको स्वकार्थ गुण नै हो ।

## अर्को थरि पदविच्छेद

अ+रहं । **अ**=छैन; **रह**=रहस्य । खराब कर्म गर्नमा गोप्यता वा रहस्य छैन । गोप्य स्थलमा पनि खराब कर्म गर्दैन भन्ने भाव हो । लोकमा प्रज्ञावान नामधारी कोहीकोही महान व्यक्तिहरूले नै प्रत्यक्ष रूपमा खराब कर्म नगरेपनि अप्रत्यक्ष रूपमा गर्छन् । तथागतले त गोप्य स्थलमा समेत गर्नुहुन्न । क्लेश रहित नभएकाहरूसँग मात्र अकुशल कर्म रहने भए पनि बिल्कुल क्लेश रहित हुनुभएका तथागतसँग कुनै पनि समयमा र स्थानमा अकुशल कर्म गर्ने अवस्था रहन सक्दैन । कसैकसैले शरीर र वचनमा संयम गर्न सके पनि मनमा त अकुशल नै भइरन्छन् । तथागतले त मनमा समेत अति नै निर्मल गरिसक्नुभएको हुन्छ । यो पनि अरहत्त मार्गको कारणले प्राप्त भएको कारण ब्युत्पत्ति नै भयो ।

बुद्ध भइसक्नुभएपछिको त कुरै छोडौं, बोधिसत्व भावमा दुष्करचर्या आचरण गरिरहनुहुँदा नै मनोवृत्ति अतिव परिशुद्ध रहेको थियो । मारले तथागतप्रति भुलचुक भेटाउन सातवर्षसम्म पाइला पाइलामा लगातार पिछा गरेर परीक्षण गरिहिंड्यो । अन्तमा बिल्कुल भेटाउनै नसकेपछि-

**सत्तवस्सानि भगवन्तं; अनबन्धिं पदापदं ।**
**ओतारं नाधिगच्छिस्सं; सम्बुद्धस्स सतीमतो ।**

*(सुत्तनिपात, पधान सुत्त ३४३)*

तथागतलाई सातवर्षसम्म पाइला पाइलामा लगातार पिछा गरी हिंड्दा पनि मैले विशाल स्मृतिका अधिकारी तथागतका अकुशल उत्पत्ति अवसर भुलचुक भेटाउन सकिनँ भनी दिक्क मानेर हार स्वीकार गरी गए । यतिसम्म परिशुद्ध हुनुहुन्छ तथागत । (यहाँ सातवर्षसम्म भनेको बुद्ध हुनुभन्दा पहिले दुष्कर चर्या आचरण गरिरहनुभएको अवधि छवर्ष र बुद्ध भइसक्नु भएपछिको एकवर्षलाई भनिएको हो ।)



Downloaded from http://www.dhamma.digital

## धेरै अर्थहरू

**अरहं**=लाई यति मात्र होइन प्रज्ञावान आचार्यहरूले विभिन्न रूपमा चिन्तन गरिराखिएका अझै धेरै धेरै छन् । लोकमा गुण नभएकाहरूमा सामान्य गुणवानहरूमा प्रशंसनीय भएका गुण भेटाउन गाऱ्हो भएपनि साँच्चै गुण धेरै भएका विशिष्ट व्यक्तिहरूमा त ज्ञान सबै खोज्न सजिलो भई नै रहन्छ । अनन्त गुणाधिकारी तथागतका निमित्त त **अरहं** भन्ने शब्दलाई जतासुकै दृष्टिपात गरी वर्णन गरिरहेपनि गुणहरू भित्रीरहनु कुनै आश्चर्यको कुरो रहेन ।

साँच्चै हो; उपालि गृहपति तीर्थंकराचार्य निर्ग्रन्थ नाटपुत्रका शिष्य थिए । पछि तथागतको उपदेश सुनेर तथागतका श्रावक-भावमा आइपुगे । निर्ग्रन्थ नाटपुत्र घरसम्मै आई 'तिमीलाई राजा सहित धेरै परिषदहरूले हाम्रा शिष्य हुन् भनी स्वीकार गरिआएका छन् । अब कसका शिष्य हुन् भनी मान्ने त' भनी सोधे । त्यसबेला आफू तथागतका श्रावक भएको तथ्य प्रष्ट गर्न बुद्धका गुणहरू गाएर प्रशंसा गरी देखाइएका गाथाहरू धेरै छन् । निर्ग्रन्थ नाटपुत्रले 'आजै मात्र श्रमण गौतमका शिष्य भयौ; कहिले मात्र श्रमण गौतमका यी गुणहरू संग्रह गरी माला गाँसिराखेको नि' भनी सोधे । 'विभिन्न फूलहरूले भरिपूर्ण भएको फूलको थुप्रो पायो भने मालीलाई फूलमाला गाँस्न गाऱ्हो हुँदैन । मनपर्ने छानीछानी मन लागेजस्तो फूलमाला गाँस्न पाइने जस्तै तथागतसँग धेरैधेरै गुणहरू युक्त भएकोले हामीलाई ती गुणहरू संग्रह गरी फूलमाला गाँस्न कुनै गाऱ्हो छैन, सजिलै छ । प्रशंसनीय व्यक्तिको प्रशंसा गर्न नसक्नेहरू हुँदैन' भनी जवाफ दिए । *(मज्झिमपण्णास; उपालि सुत्त ४४)*

# २-सम्मासम्बुद्ध गुण

## सम्मासम्बुद्ध वर्णन

**सम्मा**=सबभन्दा राम्ररी; **सं**=स्वयं आफैंले; **बुद्ध**=जान्नुभएका तथागत ।



Downloaded from http://www.dhamma.digital

**सम्बुद्ध**=स्वयं आफैंले जान्नुभयो भनेकोमा मार्ग निर्देशन दिने गुरु छैन, पारमीको सामर्थ्यले आफैंले खोजी, भेटाई जान्नुभएका भन्ने मतलब भयो। प्रत्येक बुद्धहरूले पनि गुरु बिना आफैंले जान्नुहुने हो। तर जान्नु समान हुँदैन, फरक रहेको तरिकालाई सम्मा द्वारा देखाइरहेको हो। सबभन्दा राम्ररी जानेको छ भन्नुमा गल्ती रहित भई सही रूपमा जान्दछ। नजानेको विषय छैन सबै जान्दछन् भन्ने मतलब हो। (यस तथ्यद्वारा सर्वज्ञता ज्ञानको सामर्थ्यलाई देखाइरहेको हो।) त्यसैले केहीकेही अंश मात्र जान्नुभएका प्रत्येक बुद्धहरूले **सम्मासम्बुद्ध** नाम ग्रहण गर्नपाउँदैनन्।

## प्रत्यक्ष दर्शनले मात्र कारण जान्दछ

लोकमा अति गम्भीर रहेको घनघोर जंगलमा नघुमेका व्यक्तिहरूले त्यस जंगलको स्थितिलाई जान्न सक्दैनन्, अनुमान गर्न सक्दैनन्। घुमिसकेकाहरूले मात्र जंगलको अति घनघोर स्वभावलाई र फूल, फलफूलहरूले भकिभकाउ भई रमाइलो रहेकोलाई जान्न सक्दछन्। त्यस्तै पिटकमा विचरण गरिसकेका प्रज्ञावानहरूले मात्र तथागतको ज्ञानलाई अनुमान गर्न सक्दछन्।

अभिधर्मको दृष्टि अनुसार लोकमा चीज पदार्थ सबै नै परिवर्तन नभई स्थीर भई रहन्छ भन्ने छैन। सामान्य मानिसको दृष्टिमा स्थीर भइरहेको छ भनी सम्भिने चीजपदार्थ धातुविभाग ज्ञान तीक्ष्ण र तीब्र भएका ज्ञानवानहरूको दृष्टिमा अटुट रूपमा उत्पत्ति विनाश भई तरंगको रूपमा विपरीत हुँदै गइरहेको विषय मात्र भइरहन्छन्। ती चीज पदार्थहरू अष्टकलाप रूप धातुहरू गणना नै गर्न नसकिनेगरी एक ढिक्का भई स्थिर भइरहेको विषय मात्र हुँदै गइरहेको छ। सधैं उत्पत्ति मात्र भइरहने अष्टकलाप रूप भन्ने एउटा पनि छैन। उत्पत्ति हुनासाथ नै हराएर गई निरोध भएर जानु पर्ने नै हुन्छ। हराएर निरोध भई जाने ठाउँमा सट्टाभर्ना बस्न आई नयाँ नयाँ कलापहरू मात्र फेरि फेरि अटुट रूपमा उत्पत्ति र निरोध भई गइरहेको छ। सानो रूप-कलाप एउटाको परिमाण पनि भन्नै



Downloaded from http://www.dhamma.digital

नसकिने रूपमा सानो छ। एउटा एउटा चीज पदार्थहरूमा उक्त स-साना रूप कलापहरूलाई भाग भाग छुटाई थरीथरी अलग अलग जान्न सकिन्छ; ती रूप कलापहरूको उत्पत्ति र विनाशलाई पनि छुट्टाछुट्टै गरी विभाग विभाग गरी जान्दछन् भन्दा उक्त ज्ञान कतिसम्म मुश्किलले उत्पत्ति हुने ज्ञान होला नि ? अरु अरु विद्वान प्रज्ञावानहरूको क्षेत्र वा विषय नै होइन। तथागतले त्यहाँसम्म जान्नुभएको हुनाले अतुलनीय ज्ञानाधिकारीको रूपमा स्वीकार गरिनु नै पर्दछ। त्यसैले नै त्यस्ता ज्ञान अनुसार अभिधर्ममा रूपधातुहरूलाई अनेक रूपमा छुट्टाछुट्टै गरी टुक्रा-टुक्रा गरी स्पष्ट हुने गरी, पूर्ण हुनेगरी बताउन सक्नुभएको रहेछ। सत्वहरूका स्कन्धकायमा आ-आफ्नो समूह अनुसार रूपकलापहरू उत्पन्न भइरहेको तरिकालाई र ती रूपकलापहरू बिना कारणले उत्पन्न भइरहेको नभई सम्बन्धित आ-आफ्ना कारण अनुसार उत्पन्न भइरहेको साथै कारण कलापहरूले पनि कार्य (फल) रूप कलापहरूलाई सम्बन्धित शक्तिद्वारा उपकार गरी सहयोग दिइरहेको तरिकालाई अनि एउटा रूप समूहमा रहेको रूपहरूले परस्परमा एकले अर्कालाई उपकार गरिरहेको तरिकालाई, ती रूप कलापहरूको आयु कति छ भन्ने कुरालाई र उत्पन्न भइसकेको रूप कलापहरू विनाश भई नयाँ नयाँ रूप कलापहरू लहरै गाँसिएर सट्टाभर्ना उत्पन्न भई उत्पत्ति र विनाश, उत्पति र विनाश भइरहने तरिकालाई धातु विभाजन गरी बताइराखिएकोमा कुनै कम्ति वा नपुग भन्ने छैन। ती तथ्यहरूलाई अनुसन्धान गरी हिंड्ने प्रज्ञावानहरूले अतिव नै जान्नुभएका रहेछन् भनी ज्ञानलाई अनुमान गरी सन्तुष्ट हुने गर्दछन्।

## अति दुष्कर क्रिया

त्यति मात्र होइन; द्रब्य पदार्थको रूपमा नरहेको नाम धर्महरूलाई पनि चित्त र चैतसिक जोडेर आआफ्नो समूहसँग उत्पन्न भइरहेकोलाई र, एउटा विनाश भयो, एउटा उत्पत्ति भयो यसप्रकार क्रम नटुट्नेगरी एकसँग



Downloaded from http://www.dhamma.digital

अर्को जोडिएर उत्पत्ति विनाश भइरहेकोलाई विभिन्न कारणहरूले गर्दा उत्पत्ति भइरहनुपर्ने तरिका, अगाडिको चित्तद्वारा पछाडिको चित्तलाई विभिन्न शक्तिद्वारा उपकार गरी सहयोग दिइरहेको तरिका, उत्पन्न भइआएको नाम धर्महरूले पनि रूप-कलापहरूलाई उत्पन्न भई देखापर्ने गरी देखापरिसकेका रूपहरू स्थीर भइरहन सक्नेगरी विभिन्न शक्तिद्वारा उपकार गरी सहयोग दिइरहेको तरिकालाई पनि तथागतले उपदेश दिइराख्नुभएको नपुग कमी भन्ने नहुने गरी सर्वांग पूर्ण रहेको छ ।

यी नामधर्महरूलाई विभाजन गरीराखिएको अति नै दुष्कर महान कार्य गर्नसक्नुभएको सामर्थ्य नै हो । आयुष्मान नागसेनले राजा मिलिन्दसँग सोधेको कस्तो भने 'गंगा-यमुना आदि महानदी पाँचवटाका पानी बगेर समुद्रको पानीमा मिसिएको उक्त पानीलाई यो पानी त गंगाको हो, यो पानी त यमुनाको हो आदि भनेर छुट्याउन सकिएला र' भन्ने थियो । राजाले 'अति नै गाऱ्हो हुन्छ' भनी निवेदन गरे । यो त स्पर्श हो, यो त वेदना हो आदि भनी नामधर्महरूलाई छुट्याउनुभएका तथागतले उक्त पानीलाई छुट्याउनुभन्दा दशगुना, सयगुना भन्दा बढी गाऱ्हो हुने कुरा विभाजन गर्नुभएको हुनाले साँच्चै दुष्कर र महान कार्य गर्नुभएको नै हो' भनी उहाँले (राजाले) प्रशंसा गर्नुभयो । *(मिलिन्द पञ्ह अरूपधम्म ववत्थान वग्ग ९४)* यी धर्महरूलाई पहिलेको युगमा र अहिलेको युगमा रहेका बुद्धहरूले बाहेक कसैले पनि नजानिएको र बताउन नसकिएको हुनाले तथागतको अतुलनीय महाप्रज्ञालाई उल्लेख गरिरहेको छ ।

## सुत्तन्त देशना

अभिधर्ममा व्यक्तिको मुख नहेरी धर्मस्वभाव सबै नै संयुक्त हुनेगरी स्पष्ट हुनेगरी बताउनुभएको भए पनि धर्माचरण सम्बन्धी सुत्तन्तको क्षेत्रमा धर्म श्रोतागणहरूको पारमी, धातु, संस्कार अनुसार जान्नयोग्य केही धर्मलाई उल्लेख गरी जान्न देख्न सजिलो, सुन्न मनोरम हुने गरी शब्द अर्थले सजाएर उपमा, उपचार आदिले सजाई बताइराख्नुभएकोले पनि धर्म जान्ने शब्द-



Downloaded from http://www.dhamma.digital

दक्षता भएका हुनुभएको कुरा स्पष्ट रहेको छ । परमार्थ प्रज्ञप्ति पूर्ण-रूपले सबै जान्नुभएको रहेछ भनी आश्चर्य मान्दै प्रशंसा गर्नुपर्ने रहेछ । यसरी पिटकद्वारा सर्वज्ञता ज्ञानलाई अनुमान गर्न सकिन्छ । साँच्चै हो; पृष्ठभूमि सही भएमा अनुमान ज्ञान पनि झूठो हुन सक्दैन, सहि नै हुन्छ ।

## आयुष्मान सारिपुत्रको अनुमान

आयुष्मान सारिपुत्र स्थविरले 'प्रज्ञा ज्ञानको क्षेत्रमा तथागतभन्दा उच्चतर त पहिले पनि थिएन, अहिले पनि छैन र पछि पनि हुने छैन । यस्तै हो भनी तथागतप्रति मैले श्रद्धा र आस्था व्यक्त गर्दछु' भनी निवेदन गरे । तथागतले 'सारिपुत्र, निश्चित रूपले, निर्भीक रूपले सिंहनाद गरी निवेदन गरिरहेका छौ नि । तथागतजति सबैका चित्तलाई जानेर हो र' भनी सोध्नुहुँदा अतीत, अनागत र वर्तमानका तथागतहरूलाई विभाजन गरी जान्नसक्ने **चेतोपरिय** ज्ञान ममा छैन । तर धर्म अनुमानलाई मैले जानिराखेको छु । उपमा कस्तो भने- राजाको प्रत्यन्त प्रदेशमा परेको शहर एउटा भएकोमा तोरण (द्वार), पर्खालहरूद्वारा बलियो गरी घेरिएको जहाँ एउटा बिरालोसम्म पनि छिर्ने ठाउँ छैन, त्यस्तो गरी सुरक्षित गरिराखिएको थियो । द्वार (ढोका) पनि एउटै मात्र थियो । उक्त शहरको द्वारपालले पनि यस शहरमा भित्र बाहिर आवत जावत गर्ने ठूला-ठूला सत्वहरू यसै द्वारबाट नै ओहरदोहर गर्ने हो भनी जान्न सक्दछ । त्यस्तै नै सम्पूर्ण तथागतहरूले सातवटा बोध्यंग बृद्धि गरी चार स्मृतिप्रस्थानमा चित्त दरिलोसँग राखी सर्वज्ञता ज्ञान प्राप्त गरिलिनुभएको हो भनी धर्म अनुमानलाई जानिराखेको कुरा निवेदन गरे । *(दीघनिकाय पाथिकवग्ग सम्पसादनीय सुत्त ८२.३)*

आयुष्मान सारिपुत्रको अनुमान सही धर्मलाई पृष्ठभूमि बनाई गर्नुभएको अनुमान हुनाले बेठीक भएन । ज्ञान हुनेले पदचिन्ह देख्दैमा सत्वलाई अनुमान गर्ने काम बेठीक हुन नसक्ने जस्तै नै कसैले बताउन नसकिएका र जान्न नसकिएका धर्महरूलाई देखी अतुलनीय ज्ञानाधिकारीको रूपमा अनुमान



Downloaded from http://www.dhamma.digital

गर्नुमा कसरी पो बेठीक हुनसक्ला र ?

यस क्षेत्रमा तथागत बाहेक सबभन्दा उच्चस्थ प्रज्ञावान आयुष्मान सारिपुत्रले नै तथागतहरूका चित्तलाई जानेको ज्ञान प्राप्त गर्नुभएन, अनुमान मात्र गर्न सके। बुद्ध-शासनमा उच्चस्थ प्रज्ञावान महाश्रावकले नै जान्न नसकिएको तथागतहरू सबैका चित्तलाई जान्नसक्नुभएकोले पनि तथागत अतुलनीय ज्ञानाधिकारीको रूपमा सन्तोष मानी श्रद्धा र आस्था व्यक्त गरिनुपर्ने हुनुभयो।

## अभय राजकुमार

सर्वज्ञता महान ज्ञानको कारणले नै शीर्षस्थ धेरै विद्वानहरूसँग र देव-ब्रह्माहरू जोसुकैले प्रश्न सोधेको भए पनि विचार गरिरहनु पर्ने भन्ने छैन; ढिलासुस्ति भन्ने छैन, डराउनु, थर्कमान हुनु भन्ने छैन; तुरुन्त नै जवाफ दिनसक्नुभएको पनि स्पष्ट नै रहेको छ। अभय राजकुमारले 'भगवान, क्षत्रिय, ब्राह्मण, गृहपति, श्रमण पण्डितहरूले प्रश्नहरू सोध्नआउने अवस्थामा अगावै 'कसरी जवाफ दिनुपर्ला भनी विचार गरिराख्नु पर्ने हो कि, अथवा तुरुन्त नै जवाफ दिन सक्नुभएको हो कि' भनी निवेदन गरे।

'राजकुमार..., यस विषयमा तिमीसँग नै सोध्नु पर्ला। रथका अंग-प्रत्यंगलाई तिमीले जानेका छौ, होइन र ?' भनी सोध्नुहुँदा आफूले जानेको कुरा निवेदन गरे। 'यदि कसैले तिमीसँग रथका अंगप्रत्यंगकाबारे सोध्यो भने अगावै नै मैले यस्तो जवाफ दिउँला भनी विचार गरिराख्नु पर्छ, कि तुरन्त नै जवाफ दिन सक्छौ ? भनी फेरि सोध्नुभएपछि 'म रथ हाँक्ने हुँ। रथका अंग-प्रत्यंगहरू सबै नै जानि-बुझिसकेको हुनाले विचार गरिराख्नु पर्दैन। तुरन्त नै बताउन सक्छु' भनी निवेदन गरे। 'राजकुमार..., म तथागतले सर्वज्ञता ज्ञानलाई प्रतिवेध गरी जानी बुझी राखिसकेको हुनाले धर्मका तथ्यहरू जानीसकेकोले म तथागतले अगावै विचार गर्नु पर्दैन; तुरन्त ज्ञानमा प्रकट हुन्छ' भनी आज्ञा गर्नुभयो। *(मज्झिमपण्णास; अभयराजकुमार सुत्त ५८)*



Downloaded from http://www.dhamma.digital

## कोशल राजाको बिन्ती

कोशल राजाले आफू तथागतको सम्यकसम्बुद्धत्वलाई के कारणले श्रद्धा, विश्वास र अनुमान गरी मान मर्यादा राख्ने र प्रसन्नता मान्ने गरेको हो भन्ने बारेमा धेरै कारणहरू निवेदन गरे। तिनमध्येमा एउटा कारण के भने- लोकमा क्षत्रिय प्रज्ञावान (विद्वान), श्रमण प्रज्ञावान, ब्राह्मण प्रज्ञावान, गृहपति प्रज्ञावानहरू छन्। ती प्रज्ञावानहरू आ-आफ्ना प्रज्ञाको सामर्थ्यले अरुको सिद्धान्तलाई चिरेर विनाश गर्नु झैं गर्दै घुमिरहन्छन्। उनीहरूले तथागत कुन ठाउँमा पुग्नुभएको छ भनी सुन्नासाथ 'तथागतले कसरी जवाफ दिएभने हामीले कसरी दोषारोपण गर्ने नि' भनी गाऱ्हा-गाऱ्हा प्रश्न र समस्याहरू अगावै व्यवस्था गरिराख्दा रहेछन्। तर तथागतकहाँ उनीहरू आइपुगेर तथागतले उपदेश गर्नुहुने बेलामा आफूहरूले सोध्नको निम्ति, दोषारोपण गर्नको निम्ति व्यवस्था गरी तयार राखिएका सिद्धान्तहरूलाई आरोप लगाउने र सोध्ने नगरीकन नै तथागतका शिष्य-श्रावकत्व ग्रहण गरिलिन्छन्। कोही भिक्षु बन्न जान्छन्। ती तथ्यहरूको कारणले गर्दा आफूले तथागतको सम्यकसम्बुद्ध भावलाई अनुमानले आस्था र विश्वास गरिआउन सकेको कुरा निवेदन गरे। *(मज्झिमपण्णास, धम्मचेतिय सुत्त ३२२)*

## कसैले ढाल्न नसकेको

कहिलेकाहीं वादारोपण गर्न आउने शीर्षस्थ पण्डितहरू पनि थिए। ती सबैजना पराजित नै हुन्थे। तथागत कहिलेकाहीं तैर्थीय परिब्राजकहरूका आश्रममा नै जानुभई उनीहरूका प्रश्नहरूको जवाफ दिने र उपदेश दिने बानी थियो। असन्तोषीहरू तथागतभन्दा बढी कुशल वक्ता कोही छैनन्। त्यो युग आत्मदृष्टि अति नै बलियो रहेको युग भएकोले तथागतले सहि धर्मलाई उल्लेख गरी देखाउन सक्नुभएको, बुझ्ने र सन्तोष हुनेगरी बताउन सक्नुभएको, अरुले प्रतिरोध गर्न नसक्ने गरी कारण तथ्यहरूलाई ठीकठीक ठाउँमा पर्नेगरी उल्लेख गरी देखाउन सक्नुभएको कारणले गर्दा तथागतको अनात्मवादलाई



Downloaded from http://www.dhamma.digital

उल्टोबाट घचेडी बिगार्न सक्ने कोही भएन। यसरी जस्तोसुकै परिषद, जस्तोसुकै व्यक्तिहरूसँग नै भेट्नुपरेपनि शूरवीरता-पूर्वक, स्पष्ट-स्पष्टरूपमा टुंगिने गरी तथागतले मात्र विजय प्राप्त गर्नुहुने र हात माथि पार्नुहुने सर्वज्ञता ज्ञानको कारणले गर्दा नै हो। यस ज्ञानका कारणले नै तथागतको **वेसारज्ज**=विशारद व्यक्तिको भाव प्रकट भएको हो। (**वेसारज्ज** ज्ञान चारवटाको बारेमा आटानाटिय सूत्रको सब्बे दसबलूपेता-गाथा वर्णन हेर्नुस्।

# ३-विज्जाचरणसम्पन्न गुण

## विज्जाचरणसम्पन्न वर्णन

**विज्जा** भनेको विद्या-प्रज्ञा-ज्ञान-प्रकाश हो। तथागतले बुद्ध हुने दिनको प्रथमयाममा पुर्वेनिवास-ज्ञान प्राप्त गरिलिनुभयो। यस ज्ञानले पहिले-पहिलेका जन्ममा उत्पन्न भइसकेका धेरै-धेरै जीवन-स्कन्धहरूलाई जानिलिनुभयो। मध्यम-याममा मध्यरातमा दिब्यचक्षु-ज्ञान प्राप्त गरिलिनुभयो। यस ज्ञानले टाढाका आरम्मण, सानो आरम्मण, थरी-थरी सत्व आदिलाई जानिलिनुभयो। प्रभातकालमा अन्तिम याममा आस्रवक्षय-ज्ञान प्राप्त गरिलिनुभयो। यो ज्ञान त क्लेशहरू नाश गर्ने अरहत्त-मार्ग-ज्ञान हो। 'पु.,दि.,आ.' भनी सम्भीराख्नु पर्ने यी ज्ञान तीनओटालाई तीनओटा विद्या भन्दछन्। (यी तीनवटा ज्ञान सहित आठवटा विद्या भनी अर्को थरी पनि छ। (सम्बन्धित शीर्षकको गुणवर्णन हेर्नुस्।)

## चरणको कारणले विद्या प्राप्ति

आर्यहरूले प्रतिपत्तिबाट अलग्ग रहेर मार्गफल प्राप्त गर्ने होइन। शील, समाधि र प्रज्ञा शिक्षाचरणद्वारा मार्गफल प्राप्त हुनुभैं तथागतले पनि आचरण प्रतिप्रत्तिद्वारा उपरोक्त विद्याहरू प्राप्त गर्नुभएको हुनाले ती सम्बन्धित आचरणहरूलाई चरण (=मार्गमा पुगिने कारण र निर्वाणमा पुगिने कारण



Downloaded from http://www.dhamma.digital

आचरण) भनी भन्नुपर्दछ । तथागतका विद्या-ज्ञानहरूले सर्वज्ञता ज्ञान परिपूर्ण गरिदियो । अवश्य हो, आस्रवक्षय भनेको अरहत्त मार्गज्ञान प्राप्त नभइकन सर्वज्ञता ज्ञान प्राप्त हुनसक्दैन । उक्त ज्ञान प्राप्त भएमा मात्र सर्वज्ञता ज्ञान प्राप्त भई विद्याद्वारा सर्वज्ञता ज्ञानलाई परिपूर्ण गरिदियो भन्न पाइन्छ । चरण धर्महरूले महाकरुणाले सम्पन्न गरिदिन्छ । तथागतको चरण धर्ममा करुणा भावना ध्यान पनि समावेश भएको हुनाले बुद्ध बन्नुहुँदा चरण धर्महरू सबभन्दा उच्चस्तरले शीर्षस्थमा पुगे झैं करुणा पनि **महाकरुणा** (=अति नै सर्वोत्तम करुणा) को रूपमा पुगेको हो ।

### चरण पन्ध्रवटा

**शील रक्षा, इन्द्रिय संयम; आहारमा पनि मात्रज्ञ ।**
**हुनु युक्त जागरण, ह्री, अत्रपा; श्रुत, प्रज्ञा, श्रद्धा फेरी ।**
**स्मृति, अनि वीर्य समूह; चार ध्यान प्र.,द्वि.,त.,च.।**
**जान्नुपर्‍यो स्पष्टरूपले; पन्ध्रवटा चरण यी भए ।**

## गुरु असल भए शिष्य असल

लोकमा प्रज्ञा ज्ञान मात्र भएर आचरण धर्म नभएका व्यक्तिले अरुअरुले अन्याय गरिरहे भने दयामाया राखी रक्षा गर्नुपर्दछ भनी जान्दैन । तारिदिन जान्दैन । प्रज्ञाज्ञान समेत छैन भने त भन्ने ठाउँ नै रहेन । प्रज्ञाज्ञान विद्या, आचरण चरण-युक्त भएका व्यक्ति त आफू धर्मयुक्त भएको हुनाले अरुले अनर्थ गरिरहे भने दया माया राख्न जान्दछ; उक्त अनर्थबाट तारेर अर्थ सिद्ध हुनेगरी संरक्षण र मरम्मत गरिदिन्छ । त्यसैले त्यस्ता व्यक्तिका शिष्यहरू असल शिष्यहरू हुन्छन् । यो विद्या चरण सम्पन्नहरूको धर्मता स्वभाव हो । सर्वश्रेष्ठ विद्या चरणाधिकारी तथागत त सर्वज्ञता ज्ञानले अर्थअनर्थलाई जानी महाकरुणाद्वारा सत्वहरूलाई अनर्थबाट तारेर अर्थमा विभिन्न विधिद्वारा पुऱ्याईदिनुभएको हुनाले खराब शिष्यहरू भन्ने नै छैन भने पनि हुन्छ । असल तरिकाले आचरण गर्ने



Downloaded from http://www.dhamma.digital

शिष्यहरू मात्र रहेकोले उहाँका पालाका आर्यहरू '२४ असंख्य ६० करोड १ लाख बलशैन्यहरू[1] भन्ने भनाई बनिसक्यो ।

## दु:ख सहन शक्ति

तथागत हलुकासँग, सजिलोसँग शान्ति र आनन्द पूर्वक विहारमा, आराममा विराजमान भई बस्नसक्ने भएपनि सत्वहरूको निम्ति आराम लिई विराजमान हुने फुर्सद लिनुभएन । खस्रो र कडा बाटोमा पनि हिंड्नुहुन्थ्यो । कडा मौसमको बेलामा जंगल वासमा पनि, रुखमुनि पनि विराजमान हुनुहुन्थ्यो । जस्तोसुकै ऋतु, जस्तोसुकै ठाउँ होस्, जुन भेटिए पनि पर्वाह गर्नुहुन्नथ्यो । बुद्ध भइसक्नुभएपछिको त कुरै छोडौं, बुद्ध हुनुभन्दापहिले छवर्षसम्म घना जंगल-भित्र रुखमुनि विचरण गर्नुभएको बेलामा पनि मनमा केही विस्मात गर्नुभएन । यो चरणहरूको सामर्थ्य नै हो । त्यसपछि फेरि जस्तो सुकै ठाउँमा बस्नु परेपनि दिब्य, ब्रह्म, आर्य, करुणा समापत्ति विहार भन्ने विमानमा रोजी रोजी विराजमान हुनुहुने भएकोले नै ती विमानहरूको सामर्थ्यले गर्दा पनि संरक्षण प्राप्त भई सधैं सुखानन्द भइरहेको छ भनी अझै भन्नुपर्दछ । क्लेश रहित नभएकाहरू मात्र ती दण्ड (कठिनाई) को निम्ति हलुका सजिलो नभई सहन-शक्ति अभाव भइरहने भएपनि तथागत क्लेश खतम भइसकेका भएकोले, सहन शक्तियुक्त हुनुभएकोले विद्याको सामर्थ्यले गर्दा हो भनेर पनि भन्न सकिन्छ ।

## हत्थालवक

एक समय तथागत आलवी देशमा सिंसपा वनमा गाईगोरुहरू हिंड्ने बाटोमा स्याउला-पातको आसनमा विराजमान हुनुभएको बेलामा हत्थालवक आइपुगेर 'कस्तो हो भगवान,... (हजुर) सुखले सुकुला हुनुभयो ?' भनी कुशलवार्ता गरे । 'अँ राजकुमार, म आरामसाथ सुतें; । राजकुमार,...यो लोकमा आरामसँग सुत्नपाउनेहरूमध्येमा म पनि एक हुँ' भनी आज्ञा गर्नुभएपछि 'तथागत,.. चिसो हेमन्त ऋतुको रात पनि हो; शीत पनि



Downloaded from http://www.dhamma.digital

झरिरहेको छ, भुँइ पनि कडा छ, स्याउला-पातको आसन पनि पातलो नै छ, रुखका पातहरूपनि चीराचीरा परेका छन्। चीवर पनि चिसो छ, चिसो जोरदार हावा चलिरहेको छ, तैपनि (हजुरले) सुखानन्दले सुत्न पाएको छु' भनी आज्ञा गर्नुहुन्छ भगवान्, भनी निवेदन गरे। 'त्यसो भए तिमी राजकुमारसँग नै सोध्नुपर्ला, भित्र-बाहिर प्लाष्टर गरेर लिउन लगाइएको र झ्यालका खापाहरू पनि थुनिएको धेरै तल्लाको र गजुर समेत भएको ठूलो घरको भित्र कार्पेटहरू बिछ्याइएको पलङ्मा चारजना पत्नीहरूबाट सेवा गराई सुत्ने व्यक्तिले सुखपूर्वक निदाउन पाउँछ कि पाउँदैन ?' भनी सोध्नुहुँदा 'सुखपूर्वक निदाउन पाउँछ, भन्ते' भनी निवेदन गरे। कस्तो हो त राजकुमार, उक्त व्यक्तिले रागको कारणले उत्पन्न हुने शारीरिक र मानसिक दाह सामना गर्नुपर्दा, द्वेष, मोहको कारणले उत्पन्न हुने शारीरिक र मानसिक दाह सामना गर्नुपर्दा दुःखपूर्वक सुत्नु नपर्ला र ?' भनी फेरि सोध्नुभएपछि 'हो भन्ते, हजुरले आज्ञा गर्नुभए जस्तै नै हुन्छ' भनी निवेदन गरे। 'दुःखपूर्वक सुत्नुपर्ने त्यस व्यक्तिको राग, द्वेष, मोह जस्ता कारण म तथागतले निर्मूलरूपले हटाइसकेको हुनाले म सदासदा नै सुखानन्दपूर्वक निदाउन पाउने हुँ' भनी आज्ञा गर्नुभयो। *(अ.१ देवदूत वग्ग; हत्थक सुत्त १३५)*

Dhamma.Digital

## संगत गरेपछि मात्र पहिचान

**'संवासेन सीलं वेदितब्बं**=संवासद्वारा मात्र शीललाई जान्न सकिन्छ' भन्ने पालि अनुसार नजिक नजिक सहवास र संगत गरिसकेका श्रावक-शिष्यहरूले तथागतको 'चरण' उपर श्रद्धा, प्रसन्नता र सन्तोषको अनुभूति गर्दथे। ब्रह्मायु भन्ने ब्राह्मण प्राध्यापकद्वारा परीक्षण गर्न पठाइएका उत्तर माणवकले तथागतलाई पछ्याउँदै छ महिनासम्म निरीक्षण र परीक्षण गरे। जानु, आउनु, हिंड्नु, बास बस्नु, उठ्नु, आसनमा बस्नु, खानु, पिउनु उपासक-उपासिकाहरूसँग व्यवहार गर्नु आदि तथागतका रहन-सहन सबै स्पष्टरूपले सुपरिवेक्षण गरे। गल्ती भूलचूक बिल्कुल देख्न नसकिने गरी चट्ट



Downloaded from http://www.dhamma.digital

परेर निन्दा गर्ने ठाउँ नै नरहने गरी सभ्य-सुसंस्कृत भएको शारीरिक क्रियाकलाप र वाचसिक क्रियाकलाप मात्र देखिएर आफूले देखे-सुनेको जति सबै तथागतका 'चरण'लाई आफ्ना आचार्यकहाँ फेरि प्रतिवेदन दिएको अवस्थामा (त्यो कुरा) सुनेका आचार्यले तथागतलाई देख्दै नदेखे पनि अत्याधिक प्रीति उत्पन्न हुन थाल्नाले प्रणाम अभिवादन नगरी बस्न नै नसक्ने हुनगएकोले **'नमो तस्स'** प्रणाम वाक्यद्वारा तथागत विराजमान भइबस्नुभएको दिशातर्फ नतमस्तक भई प्रणाम गरे। *(मज्झिमपण्णास, ब्रह्मायु सुत्त ३४१)* इत्यादि कुरालाई आधार लिएर तथागतको **'चरण'** शीर्षस्थानसम्म परिपूर्ण भएको तथ्य अनुमान गरी श्रद्धा र विश्वास उत्पन्न गर्न सकिन्छ।

## ४-सुगत गुण

### सुगत वर्णन

**सु**=असल वचन; **गत**=बोल्ने गर्नुहुन्छ। दोषयुक्त कुरा, अनर्थक वचन बोल्नुहुन्न; दोष नभएको अर्थयुक्त भएको वचन बोल्नुहुन्छ। निर्ग्रन्थ नाटपुत्रले अभय राजकुमारलाई तथागतप्रति वादारोपण गर्नको निम्ति सल्लाह दिए। उनले सल्लाह दिएको कस्तो हो भने 'तथागतले अरुहरूलाई आकर्षक नभएको र मन नपर्ने वचन बोल्नुहुन्छ कि ? भनी सोध। बोल्दछु भनेमा- त्यसो भए पृथग्जनहरूभन्दा के फरक भयो त ? भनी सोध। बोल्दिनँ भनेमा 'देवदत्त अपायगामी हो; नर्कगामी हो; एक कल्प-पर्यन्त नर्कमा बस्नुपर्ने हो; चिकित्सा गर्न नमिल्ने भइसक्यो' भनी देवदत्तलाई मन नपर्ने वचन के कारणले बोल्नुभएको हो त ?' भनी सोध। यसरी दुवैतिरबाट मुक्त नहुने प्रश्न सोधियो भने श्रमण गौतम दुईतिर धार भएको फलामको पान निलेका व्यक्तिझैं भई ओकल्न पनि नसक्ने र निल्न पनि नसक्ने अवस्थामा पर्नेछन् भन्ने थियो।

अभय राजकुमारले स्वीकार गरी आज भ्याउँदैन; भोलि मात्र सोध्नुपर्ला भनी तथागतलाई भोजनको निम्ति निमन्त्रणा दिए। बिहान तथागत घरमा आइपुग्नुभएको अवस्थामा उक्त समस्या निवेदन गरे। दुवैतिरबाट जाल



Downloaded from http://www.dhamma.digital

फिजाई फँसाउन लागेको तथ्य बुझ्नुभएका तथागतले 'यस विषयमा निश्चितरूपले भन्न अप्ठ्यारो छ, राजकुमार', भनी दुवै छेउलाई छलेर जवाफ दिनुहुँदा 'यस उत्तरद्वारा निर्ग्रन्थहरू विनाश भए, भगवान' भनी निवेदन गरे। 'वचन बोल्छु, बोल्दिनँ' एउटा मात्र बोल्नेछन्; त्यसरी बोल्यो भने श्रमण गौतमले कठिनाई सामना गर्नुपर्नेछ भन्ने उनीहरूको धारणा, उनीहरूको घमण्डपूर्ण कल्पनाबाट तथागतले आफूलाई मुक्त पारी छलेर जवाफ दिनुभएकोले भंग परेर फर्किनुपरेकोले 'निर्ग्रन्थहरू विनाश भए' भनी निवेदन गरेका हुन्। त्यसबेला 'निर्ग्रन्थहरू विनाश भए, भगवान' भनी निवेदन गर्नुपरेको कारण सोध्नुहुँदा 'आफूलाई निर्ग्रन्थनाटपुत्रले तथागतलाई वादारोपण गर्नको निम्ति सिकाई पठाएको तथ्य' निवेदन गरे। तथागतले निश्चितरूपले भन्न मिल्दैन' भन्ने आफ्नो कुरालाई फेरि स्पष्ट गर्ने इच्छा लागेकोले अभय राजकुमारको काखमा लिइराखिएको सानो बच्चालाई उदाहरण राखेर फेरि यस्तो आज्ञा गर्नुभयो-

'तिम्रो यो सानो छोरोले तिम्रो बेहोशीका कारणले होस्, धाई-आमाहरूको बेहोशीका कारणले होस्, छेस्को अथवा गिर्खा कुनै एउटा निल्नपुग्नाले घाँटीमा अड्कीरह्यो भने तिमी कसरी समाधान गर्छौ नि' भनी सोध्नुहुँदा 'मैले झिकिदिनु पर्ला; सामान्य तरिकाले सफल नभएमा चोरीऔंला बंग्याएर रगतै निस्कनेगरी तान्नु परे पनि तान्नै पर्ला। किन भने- मेरो छोराप्रति प्रेमको कारणले नै हो' भनी निवेदन गरे। 'राजकुमार, ...तथागतहरूले असत्य, अनर्थक, अरुलाई आकर्षक नभएको अप्रिय कुरा बोल्नुहुन्न। असत्य, अनर्थक भएमा अरुलाई मन पर्ने कुरा भए पनि गर्नुहुन्न। सत्य त हो, अर्थ नभएको, अरुलाई मन पर्दैन, यस्तो वचन पनि बोल्नुहुन्न; सत्य पनि हो, अर्थ पनि छ, अरुलाई मन पर्दैन; यस्तो वचन त अवस्था हेरी बोल्न योग्य अवस्थामा बोल्नुहुन्छ; सत्यता छ, अर्थ छ, अरुलाई मन पर्दछ; यस्ता कुरा भने गर्नुहुन्छ। कारण, सत्वहरूप्रति म तथागतको ममता भएकोले मन परेकोले हो' भनी आज्ञा हुनुभयो। *(मज्झिमपण्णास; अभय राजकुमार सुत्त ५७)*



Downloaded from http://www.dhamma.digital

## ज्ञान दुइथरी

यस देशनाद्वारा सत्य पनि भएको, फल पनि भएको, अरुलाई मन पनि पर्ने वचन सधैं बोल्दछु। सत्य भएको, अर्थयुक्त भएर पनि अरुलाई मन नपर्ने कुरा बच्चाको दु:ख र कष्टको वास्ता नराखी घाँटीमा अड्केको फलामे पान तानेर लिनु जस्तै बोल्न उचित अवसर पाइने अवस्थामा कहिलेकाहीं बोल्नुपर्ने हुन्छ भन्ने जानकारी पाइन्छ। असत्य, अनर्थक वचन क्लेश-रहित नभएकाहरूले मात्र सधैं बोल्ने हुन्छन्। तथागतले क्लेश-रहित भइसक्नुभएको हुनाले त्यस्ता कुरा गर्नुहुने छैन। यस तथ्यद्वारा अरहत्त मार्ग ज्ञान श्रद्धा प्रसन्न हुनयोग्य छ। अरुलाई प्रसन्न र प्रफुल्लित हुनेगरी, सन्तोष हुनेगरी कुरा गर्न जानेन भने त्यो वचन पनि राम्रो हुँदैन। वाद-विवाद गर्दा तथ्यगत वा बुँदागतरूपले उठाई ठीक-ठीक ठाउँमा पर्ने गरी कुरा गर्न जानिएन भने त्यो वचन पनि राम्रो हुँदैन। तथागत त अरुलाई सुन्न मन पर्ने गरी प्रफुल्लित हुनेगरी पनि बोल्न बताउन जान्नुहुन्छ; वादविवाद गर्न आउँदा पनि अरुले लडाउन नसक्ने गरी शिर नै निहुरनुपर्ने गरी ठीकठीक ठाउँमा पर्ने गरी बुँदागत रूपले पनि बोल्न जान्नुहुन्छ। यस्ता तथ्य त्रिपिटकमा धेरैधेरै नै भेटिन्छन्। यस अभय कथावस्तुमा नै तथागत वादको क्षेत्रमा कतिसम्म पटुता र दक्षता युक्त हुनुहुन्छ भन्ने कुरा जान्न सकिन्छ। यो सर्वज्ञता ज्ञानको सामर्थ्यको कारणले भएको हुनाले सुगत गुण अनुसार उक्त ज्ञानलाई पनि सन्तुष्ट भई फेरि श्रद्धा प्रसन्नता देखाउनुपर्‍यो।

## सुगतको अर्को अर्थ

**सु**=असल निर्वाणमा; **गत**=गमन गर्नुभएका तथागत। तथागतले बाहेक अरु अरु श्रावकहरू पनि निर्वाणमा पुग्नुहुन्छ। तर तथागतको गमन झन बढी प्रकट र प्रख्यात रहेको छ। साँच्चै हो, तथागत त निर्वाण मार्गलाई सबभन्दा पहिले भेटाई उक्त मार्गद्वारा निर्वाणमा सबभन्दा पहिले पुग्नुभएका हुनुहुन्छ। त्यसपछि तथागतले उक्त मार्गद्वारा नेतृत्व दिई साथमा लगेर निर्वाणमा पुग्नेहरू कम छैनन्। सबभन्दा पहिले पुग्नुभएका व्यक्तिको रूपमा;



Downloaded from http://www.dhamma.digital

अनि निर्वाण मार्ग निर्देशक नेता पथप्रदर्शक रूपमा, तथागतको निर्वाण गमन प्रकट र प्रख्यात रहेको छ। त्यसपछि फेरि निर्वाणमा पुग्नु समान भएपनि निर्वाणमा पुगीसकेपछि पछि लाभ भएको गुणको क्षेत्र त फरक रहेका छन्। जोतिक, जटिल आदि महाश्रेष्ठीहरूको 'श्रेष्ठी' पद स्वल्प मात्र, जीवनयापन मात्र सम्पत्ति हुनेहरूले ग्रहण गरे भने अनुचित र अयोग्य हुने हुनाले धेरै महाजनहरूले समर्थन गर्न सक्दैनन्। त्यस्तै नै केही अंश मात्र गुण समान हुँदैमा अतुल-गुणका अधिकारीको सुगत गुणांगलाई पनि बुद्ध-शासनमा कोही कसैले पनि ग्रहण र स्वीकार गर्ने आँट नलाग्ने ग्रहण गरे भने पनि त्यसलाई स्वीकार र समर्थन गर्न नसकिने हुन्छ।

## राम्ररी आगमन गर्नुभयो

**सु**=राम्ररी; **आगत**=आगमन गर्नुभएका। बुद्ध हुने अवस्थासम्म राम्ररी आगमन गर्नुभएका हुनुहुन्छ भन्ने भाव हो। लोकमा लक्ष्यसम्म पुग्नेलाई, पुग्न सक्नेलाई राम्ररी गमन गर्ने भन्नुपर्दछ; गल्ती मार्गमा वा छलिएको मार्गमा गएर लक्ष्यमा पुगेन भने आवत-जावत गर्न जान्ने हुनसक्दैन। संसार भनेको बाङ्गोटिङ्गो, भुलिने बाटोहरू धेरै भएको **महाकन्तार** (विशाल मरुभूमि) नै हो। सामान्यजनहरू अन्धाहरू समान हुनाले गल्ती बाटो धेरै भएको यस लोकमा सहि र असल बाटोमा पर्नजानेहरूभन्दा बाङ्गोटिङ्गो गल्ती बाटोमा पर्नजानेहरू नै धेरै हुन्छन्। चारअंसख्यको कुरा त एकातिर राखौं, एककल्प भित्र पनि बाटो भुलेर खाल्डोमा खसेर चुर्लुम्म डुबेर आउनुपरेका जीवनको गन्ति नै छैन। तथागतले नियत भविष्यद्-व्याकरण प्राप्त भएदेखि सर्वज्ञता प्राप्तिको उद्देश्य छोड्नु भएन। आँखा चिम्लनुभएन, सधैं-सधैं लक्ष्यमा नै दृष्टि लगाएर अगाडि बढ्नुभयो। उक्त महान ज्ञानको लागि धनद्रब्य, शरीरका अंग प्रत्यंगहरू मात्र होइन प्राण समेत खाल थाप्नको निम्ति सधैं तयार भइबस्नुभयो। त्यसैले कसैले विचार नै गर्न नआँट्ने गरी, थर्कमान हुनुपर्ने गरी सिद्धहस्त भई पराक्रम पूर्वक दश पारमितालाई तृप्त हुने गरी परिपूर्ण गर्न सक्नुभयो। उद्देशियत महान लक्ष्यमा



Downloaded from http://www.dhamma.digital

निरन्तर मन पनि, शरीर पनि अर्पण गरिराखिएको हुनाले गल्ती बाटोमा, घुमाउरो बाटोमा नपरी सधैं नै बाटो सिधा भइरह्यो । त्यसैले नै सबभन्दा पछि उद्देश्य पूर्ण भई सर्वज्ञता लक्ष्यसम्म नै पुग्नुभयो । **सुगत**-को यस अर्थ अनुसार तथागत बुद्धको कारण पारमी अति नै सुन्दर रहेको हुनाले र कारण सुन्दर भई फल **महाबोधि** (अरहत्त मार्ग ज्ञान सर्वज्ञता ज्ञान) को अति विशिष्टता भएको ढंगप्रति स्पष्ट हुनेगरी ध्यान दिई हेर्दा जहिले पनि अत्याधिक सन्तोष मानी श्रद्धा प्रसन्नता उत्पन्न भइरहन्छन् ।

# ५-लोकविदू गुण

## लोकविदू वर्णन

**लोक**=सम्पूर्ण लोकलाई; **विदू**=जान्नुभएका । लोकलाई जान्दछु भन्ने पुद्गलहरूमध्ये सबभन्दा उच्च स्तरले जान्नसक्ने ज्ञानाधिकारी विशिष्ट पुद्गल भन्ने मतलब हो । तीनलोकहरूमा विभिन्न सत्वहरूलाई सत्वलोक भन्दछन् । सत्वहरूको आधारस्थल भूमि क्षेत्रहरू ओकासलोक हो । सत्व, भूमि भनेको व्यवहार प्रज्ञप्तिको आधार नाम रूप धर्महरूलाई संस्कार लोक भन्नुपर्दछ । सत्वलोकलाई जान्नुमा मनुष्य, देव, ब्रह्मा, नैरयिकहरू, तिरश्चीन, प्रेत र विभिन्न असुरकायहरूलाई विभिन्न प्रकारले पूर्णरूपले जान्नुभयो । एक एक सत्वहरूको यो एउटा जन्मको घटनालाई मात्र नभई पहिले पहिले अनुभव गरिआइएका घटनाहरूलाई समेत जान्नुभयो । प्रभावशाली देव, ब्रह्मा, ऋषिमुनिहरू सहित श्रावकहरूले पनि त्यसरी जान्न त जान्दछन् तर उनीहरूले यति जन्मसम्म, यति कल्पसम्म मात्र भनी सिमाना राखी जान्ने हो । तथागतले त आदि र अन्त नै नहुने गरी जान्नु हुने विशिष्ट विशेषता नै हो ।

## बेजोडको ज्ञान

सत्व सम्बन्धी त्यस्ता ज्ञान अरु अरु व्यक्तिहरूले पनि मात्रा अनुसार जान्नसक्ने हुनाले केही विशेषता भएको होइन भनी भनेमा भन्न सकिन्छ ।



Downloaded from http://www.dhamma.digital

कसैले भेटाउन नसकिएको तथागतको ज्ञान पनि छ । त्यो ज्ञान त सत्वहरूको आन्तरिक चरित्र विभिन्न शक्तिलाई विभाजन गरी जान्नसक्ने ज्ञान नै हो । उपमा कस्तो भने- सर्वप्रथम बिरुवा उम्रँदा त्यसमा फल फलाइदिने स्वभाव शक्ति रहेको रुख र त्यस्तो शक्ति नभएर थारी परेको रुख भनी दुइथरी रहेकामा त्यो शक्ति छ, छैन भनी जान्ने विषय कतिसम्म गाऱ्हो हुन्छ होला । उक्त स्वभाव शक्तिलाई जान्नको निम्ति भौतिक-परीक्षण विधि त होला, हुनुपर्छ । सत्वहरूको आन्तरिक धातु स्वभावलाई थाहा पाउनको लागि त तथागत ज्ञान बाहेक अरु छैन । त्यसैले सत्वहरूलाई कस्ता धातु स्वभावहरू रहेका छन्, कस्ता अनुसय क्लेशहरू बढिरहेका छन्, कम भइरहेका छन्, कस्ता मनले रुचाउने आशा छन्द रहेका छन्, कस्ता चरित्र अत्याधिक भइरहे, कुन इन्द्रीयहरू परिपक्व भइसके, कुन अझै कोमल छ आदि भित्र पसेर हेरी सुनिश्चितरूपले देख्नेले जस्तै स्पष्टरूपले विभाजन गरी जान्न सक्दछ । उत्पादको रूपमा उत्पन्न भइरहेको स्वभाव धर्महरूलाई भित्रसम्म छुट्टाछुट्टै गरी थाहा पाउनु नै गाह्रो छ । अरुहरूको विषय होइन । उत्पन्न नै भइनसकेको धातु शक्तिको रूपमा मात्र रहेको उपरोक्त स्वभावहरू थाहापाउनु त सबभन्दा गाऱ्हो विषय भएकोले सर्वज्ञता ज्ञानाधिकारी बाहेक अरु कसले थाहा पाउन सक्ला र ? त्यसैले **आसयानुसञाण** (=आन्तरिक धातु, स्वभाव, क्लेश र बीजधातुहरू जानेको ज्ञान); **इन्द्रियपरोपरियत्तञाण** (=इन्द्रीय अपरिपक्व र परिपक्वलाई जानेको ज्ञान) र **असाधारण** (=अरु अरुसँग असम्बन्धित भएको तथागतसँग मात्र सम्बन्धित भएको ज्ञान) हुनुपर्दछ ।

## तथागत विषय

आन्तरिक धातु, स्वभाव र चरित्र आदि थाहापाउनु तथागतको मात्र विषय भएकोले आयुष्मान सारिपुत्र जस्ता शीर्षस्थ प्रज्ञावान महास्थविरहरूले समेत कर्मस्थान दिने विषयमा असफल भएका पनि पाइन्छन् । उहाँले आफ्ना शिष्य नवयुवक भिक्षु एकजनालाई 'कलिलो उमेरकाहरू राग उत्पन्न गरी बस्ने



Downloaded from http://www.dhamma.digital

सम्भावना धेरै छन्' भनी अशुभ कर्मस्थान दिनुभएकोमा निमित्त मात्र पनि प्रकट भएन, सिद्ध भएन । नवयुवक भिक्षुलाई तथागतकहाँ लगी कारण निवेदन गरेको अवस्थामा उक्त भिक्षुको धातु स्वभाव विचार गरी निरीक्षण गर्नुभएका तथागतले राम्राराम्रा कुरा मन पराउने स्वभावलाई देखेर अशुभ-भावनासँग अनुकूल नभएको तथ्य जान्नुभयो । साथै निरीक्षण गर्नुहुँदा पाँचसय जन्मसम्म सुनको काम गर्ने भइआएको देखेर उक्त धातु स्वभावलाई निर्णय गरी ठोकुवा गर्नसकेकोले सुनको कमलको फूल निर्माण गरी दिनुभएपछि लोहित कर्मस्थान भाविता गराउनुभएको अवस्थामा केही समयमा नै चतुर्थध्यानसम्म प्राप्त गरे । त्यसपछि कमलको फूल ओइलाएर रंग उडेर गएको स्थिति निर्माण गरी देखाउनुहुँदा अनित्य आदि स्वभाव प्रकट गरी मार्ग फल प्राप्त गरी अरहन्त हुन पाए । *(धम्मपद ट्ठ.२ मग्ग-वग्ग सुवण्णकारत्थेरवत्थु २६६)*

## तथागत ज्ञानको आनुभाव

आयुष्मान महापन्थक अरहन्त पुद्गल नै हुनुहुन्थ्यो । आफ्नो भाइ चूलपन्थकलाई चारमहिना बित्दा पनि एउटा गाथा पनि कण्ठ गर्न नसकेको भनी निकाली दिए । तथागतसँग भेट भएकोले त्यही बिहान प्रतिसम्भिदा ज्ञान सहित ध्यान र अभिज्ञाहरू प्राप्त गरी अरहन्त हुने कुरा जान्नुभएर कर्मस्थान दिनुहुँदा थोरै समयमै अरहन्त भए । *(अं.ट्ठ.१ एतदग्ग वग्ग १६८)* घाम झुल्केर फुल्नलागेको कमल फूलको कोपिला झैं इन्द्रीयहरू धेरै नै छिपेको तथ्य श्रावकहरूले ख्याल गर्न नपाएको तथागतले मात्र जान्नुहुने धातु स्वभाव थाहा पाउनुमा कोहीसँग जोडा नहुने गरी सामर्थ्ययुक्त हुनसकेको तथागतको ज्ञान शक्ति नै हो ।

## ओकास (लोक) जान्नु भएको तरिका

आजकल दृष्टान्त रूपले विभिन्न मनुष्यहरू बसोबास गरिरहेको (द्वीप) दक्षिणद्वीप मात्रै हो । मानिसहरू नपुगेको र नदेखिने पश्चिम द्वीप, पूर्व



Downloaded from http://www.dhamma.digital

द्वीप र उत्तर द्वीपहरू पनि छन् नै । ती चार द्वीपहरूका बिचमा मेरु पर्वत र परिवार पर्वतहरूको श्रृंखलाहरू सातवटा छन् । मेरु पर्वतलाई घेरेर रहेका सीदा समुद्रहरू पनि स्थित रहेका छन् । चार द्वीपहरूका आधार पृथ्वीलाई घेरेर चक्रवाल पर्वतले आवरण दिइरहेका छन् । मेरु राजको टुप्पोमा त्रयस्त्रिंशत् देवभूमि स्थित भई युगन्धर पर्वतको टुप्पोमा चातुर्महाराजिक देवभूमि रहेको छ । त्रयस्त्रिंशत्बाट माथि आकाशमा यामा आदि देवभूमि चारवटा क्रमैसित स्थित भइरहेको साथै बीसवटा ब्रह्मभूमि पनि रहेका छन् । पृथ्वीको मुनि आठतल्ला नर्कभूमि रहेका छन् । प्रेत, तिरश्चीन, असुरकायहरूलाई त अलग्ग भूमि भन्ने छैन । यी एकतीस भूमिको आधार एउटा पृथ्वी लोकलाई चक्रवाल भनिने हुनाले एक अर्कामा जोडिएर रहेका त्यस्ता चक्रवाल समूहहरूको संख्या अन्त छैन । यो पृथ्वी स्थित भइरहेको तरिकाको सारांश मात्र हो ।

तथागतले उपरोक्त चक्रवाल ओकास लोकहरूमा गएर हेर्नुपर्ने काम छैन; बसेर उठ्नु नै नपर्ने गरी इच्छा अनुसार देखिइरहने हुन्छ । कुनै कुनै ऋद्धिवानहरू र देव ब्रह्मा ऋषि श्रावकहरूले पनि देख्न त सक्ने रहेछन्; तर केही अंश मात्र हुन्छ । तथागतले जस्तै आदि अन्त नहुने गरी देख्दैनन् । तथागतले जस्तै विभाजन गरेर पनि भित्रसम्म एक एक गरी सबै जान्नसक्दैनन् । त्यसैले उहाँ भगवान ओकास लोकलाई जान्नुमा पनि अद्वितीय हुनुभयो ।

## संस्कार (लोक) जान्नुभएको तरिका

**सत्त, ओकास** भनेको प्रज्ञप्ति मात्र हो ।[1] साँच्चै प्रकट-रूपमा रहेको त होइन । साँच्चै प्रकट रूपमा रहेको परमार्थ सार धातु स्वभावलाई नाम राखी व्यवहार गरिराखिएको मात्र भयो । साँच्चैमा त रूप-कलाप समूह र नाम कलाप समूहहरू करौडौं-करोड समूह भइरहेको विषयलाई 'सत्व' भनी रूप कलाप मात्र समूह भएर रहेको विषयलाई 'ओकास' (भूमि) भनी भनिएको छ । **सत्तलोक, ओकासलोक**-लाई जान्नेहरू भनिने ऋद्धिवान व्यक्तिहरूसँग पनि **सङ्खार** लोकलाई जान्ने सामर्थ्य छैन । बुद्ध-शासनमा



Downloaded from http://www.dhamma.digital

तथागतको उपदेश ग्रहण गरी आचरण र अभ्यास गर्न पाएकोले विपश्यना ज्ञान तीब्र र तीक्ष्ण भएका योगी आर्यहरूले विपश्यनाको क्षणमा नाम र रूपहरूलाई जान्ने हुन्छन् । तर अति वेगले उत्पत्ति विनाश भइरहेको नाम र रूपहरूलाई नछुट्नेगरी एक-एक गरी सबैलाई देखिरहने होइन । प्रकट रूपमा उत्पत्ति भएका जति सबै नाम रूपहरूलाई मात्र जान्नुहुन्छ । सम्बन्धित नाम रूपमा पनि समूहात्मक भावले गहिराईसम्म जानिरहने पनि होइन । सबभन्दा विशिष्ट प्रकारको विपश्यनाको रूपमा आयुष्मान सारिपुत्रको **अनुपद विपस्सना** भनी *(म. ३-३५)* उल्लिखित रहेको तहतह ध्यानमा प्रवेश भई उक्त ध्यानहरूमा रहेका धर्महरूलाई क्रमिकरूपमा नछुट्नेगरी भाविता गर्न सकेको रहेछ भनिन्छ । तर नेवसञ्ञानासञ्ञायतन ध्यानमा त बुद्ध विषय मात्र भएकोले भाविता गर्न सकिंदैन । प्रकट भइरहेको भनिएको धर्म समूहमा नै वेदना आदि धर्म एउटा एउटालाई मात्र जानी नाम समूह सबैलाई जान्ने त होइन । तथागतपछि सर्वश्रेष्ठ बोधिज्ञानका अधिकारी प्रत्येक बुद्धहरूले नै नाम रूप केही अंशलाई मात्र जान्नुहुने रहेछ । उहाँहरूले त आफ्नो सन्तानमा रहेका धर्म समूहलाई मात्र जान्नुपर्ने जति मात्र जानी अरुको सन्तानमा भएका नाम-रूप र बाहिरिक-वन, पर्वत आदिमा रहेका रूपधातुहरूलाई त जान्नसक्नुहुन्न ।

तथागतले त एक-एकगरी सबैलाई अति वेगले उत्पत्ति-विनाश भइरहेको नाम रूप धर्महरू स्पष्ट स्पष्टरूपले छुट्टिनेगरी, विभाजन गरी जान्नसक्नुहुन्छ । **कलाप** समूह प्रत्येकमा रहेका रूपहरूलाई पनि विभाजन गरी जान्नसक्नुहुन्छ । अनेक कारणबाट विभिन्न शक्तिहरूलाई पूर्णरूपमा जान्नुहुन्छ । आफू र पराई नभनी, नछुट्याई, भित्र बाहिर, सजीव, निर्जीव नरोजीकन सम्पूर्ण नाना लोकधातुहरूलाई छुट्टाछुट्टै विभाजन गरी जान्नुहुन्छ । तथागतको *अभिधर्म पिटक*ले त तथागतको बेजोड रहेको धातुवेद (धातुशास्त्र) उत्तमाचार्य भाव देखाइरहेको छ । त्यसैले लोकलाई जान्दछन् भनिने ऋद्धिवान देव ब्रह्मा, श्रावकहरूले केही केही अंशलाई मात्र जानिने आफ्नो ज्ञानद्वारा



Downloaded from http://www.dhamma.digital

**लोकविदू** नाम ग्रहण गर्न चाहँदैनन्; आँट गर्दैनन् । तथागतको यो अरुसँग असाधारण रहेको व्यक्तिगत गुणांगकारूपमा घोषित गरी सन्तोष र गौरव पूर्वक पूजा गर्नु योग्य छ ।

# ६-अनुत्तर गुण

## अनुत्तर वर्णन

**अनुत्तर**=आफूभन्दा माथि कोही नभएका व्यक्ति । अनेक क्षेत्रमा आफू सबभन्दा उच्च, उत्तम व्यक्ति भई आफूभन्दा माथि कोही छैन भन्ने मतलब हो । तथागत लुम्बिनी उद्यानमा आमाको गर्भबाट जन्म हुनासाथै उत्तराभिमुख भई सातपाइला हिंडिसक्नुभएपछि लोकलाई हेर्नुहुँदा आफूभन्दा उच्च-व्यक्ति नदेख्नुभई **'अग्गो हमस्मिं लोकस्स**=म सम्पूर्ण लोकमा अग्र हुँ ।' **'सेट्ठो हमस्मिं लोकस्स**= म सम्पूर्ण लोकमा श्रेष्ठ हुँ ।' **जेट्ठो हमस्मिं लोकस्स**=म सम्पूर्ण लोकमा जेष्ठ हुँ ।' भनी तीनवटा वाक्य निर्भिकपूर्वक सिंहनाद गर्नुभयो । त्यस अवस्थामा देव ब्रह्माहरूले सर्वोत्तम रूपमा स्वीकार गरिएकोले मानिसहरूलाई पनि आश्चर्य-अद्भूत लागेको बोलेर साध्य छैन । अरहं गुणको वर्णनमा उल्लेख भएको जस्तै पछि-पछि पनि आश्चर्यचकित हुनुपर्ने घटनाहरू देखी अभिज्ञालाभी ऋद्धिमान कालदेवल ऋषिको अभिवादन ग्रहण गर्न पाउनुभएको मात्र होइन आफ्ना बुबा महाराजबाट समेत दुइपटकसम्म वन्दना पाउनुभयो । बुद्ध हुनुभन्दा पहिले नै बेजोड अद्भूत महापुरुष हुनुभएका उहाँ तथागत बुद्ध हुनुभएपछिको अवस्थामा बोलेर साध्य नहुने गरी पूरा आश्चर्य र अदभूत व्यक्ति नै हुनुभयो ।

## आश्चर्य-अदभूत तरिका

कसैले प्रतिस्पर्धा गर्न नसक्नेगरी पटुता र दक्षता पूर्वक गर्नसक्ने, देखाउन सक्ने विभिन्न ऋद्धिहरू देख्ने बेलामा आश्चर्य मान्नैपर्छ । कसैले



Downloaded from http://www.dhamma.digital

जित्न नसक्नेगरी निर्मल र शुद्ध भई शान्त, प्रणीत र शूक्ष्म **चरण** (शीलादि आचरण)हरू देख्ने बेलामा नजिकबाट संगम गरी सहचारी हुनपाएका शिष्य श्रावकहरू आश्चर्य-चकित भइरहन्छन् । विचार विमर्श गर्नुद्वारा कसैसँग पनि जोडा नहुने गरी जान्नसक्ने प्रज्ञा शक्तिलाई जान्न पाइने अवस्थामा पनि अझ अतिव आश्चर्य मान्नुपर्ने नै हुन्छ । हिजो-आज बुद्धोपदेश अध्ययन गर्नेहरूले समेत तथागतका ज्ञान शक्तिलाई अद्‌भुत मान्दछन् । उपदेश सुन्ने बेलामा बोली मिठो भइरहने ढंग, बोलीमा पटुता र दक्षता भएको तरिका, उपदेशको गम्भीरपन जस्ता अनेक कारणहरूले गर्दा नै अचम्म मान्दछन् । ठूला तथा साना अनेक लक्षणहरूले शोभायमान भएको सुवर्णवर्ण रूपकायबाट शरीरको चारैतिर फैलिएको प्रकाश, छ-प्रकारका रश्मिले सुशोभित भई झलमल भएका रश्मिहरू निस्की फिजिएर गइरहनु पनि जति हेरे पनि नपुग्ने; जति हेरे पनि नअघाइने गरी आश्चर्यजनक छन् ।

यसरी विभिन्न क्षेत्रमा अरुभन्दा उच्च हुनेगरी विशिष्टतायुक्त हुनुभएका तथागत बुद्धको कारक पारमीलाई विचार गर्दै लगेमा कसैसँग पनि जोडा नहुने गरी पराक्रमहरू देखाउनुभएको पनि अद्‌भूतभावले नै भरिएको छ । फेरि **अट्ठारस-बुद्धधम्म** (=तथागतले मात्र प्राप्त गर्नसक्ने अठारवटा गुण); **दसबल** (=दशबल बुद्धज्ञानहरू) (आटानाटिय-सुत्त वर्णन हेर्नुस्) आदि धर्महरू अरुसँग छैन, तथागतसँग मात्र रहेको देख्दा पनि आश्चर्य मान्नुपर्ने हुन्छ । यति सम्म पनि **अच्छरिय-पुग्गल** आश्चर्यले लबालब भरिएका हुनुभएको कारणले नै अनन्त चक्रवालहरू रहे पनि यस चक्रवालमा नै मात्र उत्पन्न भई यस चक्रवालमा पनि मनुष्य लोकमै मात्र, मनुष्यलोकमा पनि दक्षिण-द्वीप मध्यदेशमा नै अतुलनीय भएर नै एक मात्र विशिष्ट व्यक्ति भई उत्पन्न हुनुभएको हो ।



Downloaded from http://www.dhamma.digital

# ७-पुरिसदम्मसारथि गुण

## अथवा

## अनुत्तरो पुरिसदम्मसारथि गुण

### पुरिसदम्मसारथि वर्णन

**पुरिसदम्म**=दमन गर्न योग्य सत्वहरूलाई; **सारथि**=दमन गर्ने। यसमा दशओटा गुणको रूपमा अनुत्तरलाई अलग ग्रहण गरेको हुँ। नौवटा गुणको रूपमा भए अनुत्तरो पुरिसदम्मसारथि भनी दुबै पद जोडेर एउटै गुणको रूपमा लिनुपर्छ। सत्वहरूलाई सभ्य हुनेगरी दमन गर्नमा जोडा नभई उच्च भएका भन्ने भाव हो। लोकविदू गुण अनुसार लोकलाई जानिराख्नु यस अनुत्तरो पुरिसदम्मसारथि गुणलाई प्राप्त गर्नुको कारण नै हो। विशेषतः सत्वहरूका अनेकौं आन्तरिक स्वभाव-धातुलाई सुनिश्चित रूपले जान्नुभएकोले सत्वहरूलाई सभ्य हुनेगरी पद्धति देखाई दमन गर्नुमा अति नै उच्च दक्षता छ। साँच्चै हो, रोगको लक्षण थाहा नगरीकन औषधि दिइयो भने रोग एउटा औषधि अर्कै भई रोगीको रोग बिसेक नभई झन् बढ्न पनि सक्छ। रोगको लक्षण र रोगीको धातु स्वभाव जान्ने बैद्यले मात्र रोग र औषधि मिल्ने गरी औषधी दिन सक्दछ।

क्लेशहरू त साँच्चै नै रोगहरू हुन्। खराब कायकर्म, वचीकर्म र मनोकर्महरू उक्त क्लेश रोग रहेकोले उत्पन्न हुने विपरीत कार्यहरू हुन्। **'पुथुज्जनो उम्मत्तको'** अनुसार पृथग्जनहरू सबै नै बहुला-बहुली हुन् भन्ने भनाई चलिरहेको हुनाले उक्त बहुला-बहुली हुनु पनि क्लेश रोगद्वारा भएका विपरीत कार्यहरू नै हुन्। विभिन्न प्रकारका धर्मऔषधि हातमा लिनुभएका तथागत बुद्धले त क्लेश रोगहरूका जरा, टुसा, धेरै वा थोरै आदि आन्तरिक सही परिस्थितिलाई निश्चितरूपले जान्नुभएको हुनाले दिइएका जति सबै नै ठीक ठाउँमा परेर जस्तोसुकै जंगली व्यक्ति भएपनि सभ्य हुनैपर्ने हुन्छ। सत्वहरूको मूल धातु स्वभावलाई दक्षतापूर्वक नजानेका श्रावकहरूसँग कहिलेकाहीं धर्म र मूल धातु स्वभाव चरित्र ठीक नजोडिनाले छलिने अवस्था



Downloaded from http://www.dhamma.digital

हुने भएपनि (लोकविदू वर्णन हेर्नुस्) मूल धातु स्वभाव भित्रसम्म दक्षता पूर्वक जान्नुभएका तथागतमा त्यसरी छलिने भन्ने छैन। श्रावकहरूले उपदेश दिएर सही बाटोमा नपरेका व्यक्ति तथागतकहाँ पुग्दा सही बाटोमा पुगी सिद्ध हुनेगरी सभ्य हुन्छन्। त्यसैले **'अनुत्तरो पुरिसदम्मसारथि**=सत्वहरूलाई सभ्य हुनेगरी दमन गर्नुमा जोडा नहुने गरी सामर्थ्य सम्पन्न हुनुभएका व्यक्ति हुनुभयो। 'अहो धन्य' भनी सम्पूर्ण लोकले आश्चर्य मानी गौरव राखी शिरोपर गरी राख्न योग्य छ।

## विभिन्न रूपमा दमन

सत्वहरूलाई दमन गर्नमा नरम वा कडा वा नरम-कडा दुवै मिश्रित ढंगले यथायोग्य व्यवहार गरी दमन र अनुशासन गर्ने गर्नुहुन्छ। देवदत्तको निर्देशन अनुसार अजातशत्रु राजाले नालागिरि गजराजलाई रक्सी ख्वाई मदमत्त पारी शिष्य-श्रावकहरूसँग भिक्षाटन आइरहनुभएका तथागतकहाँ छोडेर ल्याउँदा तथागतको मैत्रीको सामर्थ्यको कारणले हात्ती तथागतको अगाडि घुँडा टेक्न पुग्यो। त्यसपछि तथागतले उपदेश दिनाले चण्ड हात्ती सुशील हुनपुग्यो। धेरै ठूलो जनसमुदायले आश्चर्य र अद्भूत मानी व्यक्त गर्ने गरेको उद्गार कस्तो हो भने 'लट्ठी, अंकुश, बेंतद्वारा पनि अरुले दमन गर्न नसकिएको गजराजलाई लट्ठी आदि शस्त्र-अस्त्र बिना नै सुशील र सभ्य हुने गरी दमन गर्नसक्नुभयो, धन्य-धन्य' थियो।

तथागतले सच्चक, अम्बट्ठ आदि अभिमानी कुनै-कुनै पण्डितहरूलाई दबाई हरेक तथ्यहरू प्रष्टरूपमा बोलेर दमन र अनुशासन गर्नुपरेको मौका पनि छ। वादविवाद गर्न आउने अवस्थामा कुनै-कुनै पण्डितहरूलाई उनीहरूको सिद्धान्त तल पर्ने गरी दबाइसकेपछि मात्र रमाइलो किसिमले कोमलतापूर्वक उपदेश दिनुभई दमन गर्नुपर्ने हुन्छ। बक ब्रह्मा आदि कुनै कुनै ऋद्धिमान देव ब्रह्माहरूलाई ऋद्धिमा प्रतिस्पर्धा गरेर दमन गर्नुपर्ने अवस्था पनि आयो। एकपटक केसि भन्ने घोडसवार एकजना तथागतकहाँ आइपुग्दा 'केसि, घोडाहरूलाई



Downloaded from http://www.dhamma.digital

(तिमी) कसरी दमन गर्छौ नि' भनी सोध्नुभयो । 'मैले नरम विधिद्वारा पनि दमन गर्छु कडा विधिद्वारा पनि दमन गर्छु नरम र कडा दुवै मिश्रित विधिद्वारा पनि दमन गर्छु कुनै पनि विधिद्वारा दमन गर्न नसकिने घोडालाई त मारिदिन्छु' भनी निवेदन गरिसकेपछि 'अनुत्तरो पुरिदम्मसारथि हुनुभएका हुँदा (हजुरले) सत्वहरूलाई कसरी दमन गर्नुहुन्छ नि' भनी बिन्ती गरे ।

'केसि,... म तथागत पनि सत्वहरूलाई नरम, कडा, नरम र कडा मिश्रित गरी तीनै थरीका विधिहरूद्वारा नै दमन गर्छु। यदि कुनै पनि विधिद्वारा दमन गर्न नसकिने भए भने त्यस्ता सत्वलाई त मार्नु नै पर्ने हुन्छ ।' भनी आज्ञा भएपछि 'भन्ते, हजुरले पाणातिपात कर्म गर्नु हुँदैन, होइन र' भनी निवेदन गर्दा 'अँ... हो, मैले दमन नगरिकन अनुशासन नगरिकन छोडिदिएमा उक्त व्यक्ति मरण भएको नै भनिन्छ' भनी आज्ञा गर्नुभयो । *(अ. १; केसि सुत्त ४२७)*

## उत्साहवर्द्धक परिषद

आजकल राम्रोसँग अनुशासन गर्ने गुरुका शिष्यहरू सुशील, सभ्य र कोमल भई चिटिक्क परेका हुन्छन्, ठीक ठाउँमा पर्दछन् । सभ्य शिष्य परिषद् देखिने भएमा गुरुको अनुशासन राम्रो तरिका देखी उत्साहित भइरहनु स्वाभाविक नै हो । तथागतका पालाका बुद्ध-परिषदहरू तथागतको अनुशासन ग्रहण गर्न पाएर अतिव सुसभ्य रहेका हुनाले त्यस्ता परिषद्हरू भेट्ने सबैले तथागतको अनुशासन अतिव राम्रो भएको तरिका जति बयान गरे पनि नसिद्धिने हुन्छ। अजातशत्रु राजाले बाबुलाई अपराध गरी बुद्धलाई पनि अपराध गरिसकेपछि पश्चाताप भई जीवक बैद्यको सल्लाह अनुसार एकदिन रातमा संघ परिषदहरू समागम भइरहँदा तथागतकहाँ आइपुगे। अतिव शान्त-दान्त संघ परिषद् देख्दा आफ्नो सानो बालक छोरोलाई सम्भे । 'मेरो सानो बालक छोरो उदयभद्र यस्तै सभ्य, यस्तै शान्त-दान्त र अनुशासनले युक्त स्वभावको होस्' भनी आशिका गरे । *(दी. १; सामञ्ञफल सुत्त ४७)*



Downloaded from http://www.dhamma.digital

## कन्दरक र पेस्स

चम्पा देशको गग्गर पोखरीको नजिकै भिक्षुसंघ सहित विहार गरिरहनुभएका तथागतकहाँ कन्दरक परिव्राजक र पेस्स नामक माहुतेका पुत्र आइपुगे। कन्दरकले शान्त-दान्तपूर्वक मौन धारण गरी चारैतिर उपस्थान गरिरहेका संघ परिषद्लाई देख्दा चारैतिर हेरिसकेपछि अतिव सन्तोष मानी आश्चर्यजनक घटनाको रूपमा प्रशंसा-वचन निवेदन गरे।

त्यसबेला तथागतले यी भिक्षुहरू सबै नै अरहन्त र शैक्ष आर्यहरू रहेको तथ्य, उनीहरूले स्मृतिप्रस्थान धर्म चारवटा दरिलोसँग ध्यान राखी दृढतापूर्ण चित्त बनाई बसेको तथ्य आज्ञा गर्नुभएपछि पेस्सले 'तथागत, चार स्मृतिप्रस्थान उपदेश गरिराख्नुभएको आश्चर्य नै हो; हामीले पनि कहिलेकाहीं यी चार स्मृतिप्रस्थानमा ध्यान दिई वृद्धि गरिरहेका छौं। नानाथरीका मिस्सिनाले दहि चिउरा छुटाउनु झैं जटिल हुनाले बुझ्न गाह्रो रहेका मानिसहरूलाई लाभ हुने नहुने उपदेशलाई तथागतले जान्नुबुझ्नु भएको साह्रै नै अद्भुत रहेको छ। मानिसहरू जान्न गाह्रो हुनेगरी बाङ्गाहरू, अस्पष्टहरू हुन्छन् भने तिरश्चीनहरू सिधासाधा र स्पष्ट हुन्छन्। हामी जंगली हात्तीहरूलाई बानी बस्ने गरी दमन गरी तालिम गर्नेहरू हौं। (हामी देख्दछौं कि) जंगली हात्तीले चम्पा देशमा आवत-जावत गर्ने बाटोमा उनीहरूले गर्नचाहेकोलाई नलुकाइकन छलकपट नगरिकन नै प्रकटरूपमा नै गर्दछन्। मानिसहरू त जटिल रहेछन्। तिरश्चीनहरू त स्पष्ट रहेछन्' भनी निवेदन गरे।

तिरश्चीनहरूले दिसा गर्नु परेपनि गर्ने, पिसाब गर्नु परेपनि गर्ने, उभिन मन लागे भने उभिने, एकातिर सर्न मन लागे भने सर्ने गर्नुद्वारा गर्न चाहेका सबै नै ढाकछोप नगरिकन नै प्रकट रूपमा नै गर्दछन्। मानिसहरू त अगाडि एउटा, पछाडि अर्को, मनमा एउटा, व्यवहारमा अर्कै गर्ने भएकोले अति जटिल र छ्यासमिस भएकाहरू हुन् भन्ने भाव हो। पृथग्जनहरू त सबै नै जटिलहरू हुन्छन्। आर्य भएमा जटिल नभई सिधा हुन्छन्। साँच्चै सिधा' सभ्य आर्यसंघ परिषद्हरूलाई दृष्टान्त हेर्न पाएका पेस्सले यी व्यक्तिहरू यी



Downloaded from http://www.dhamma.digital

स्मृतिप्रस्थान धर्मद्वारा सुसभ्य भएकाहरू रहेछन् भनी सन्तुष्ट भई बस्दाबस्दै असल धर्म हातमा पाउनाले सुसभ्य हुनेगरी अनुशासन र दमन गर्नसक्ने तथागतको अस्तित्वलाई श्रद्धा र प्रसन्न भाव जति राखे पनि नपुग्ने भई अद्भूत घटनाको रूपमा निवेदन गरे। *(मज्झिमपण्णास, कन्दरक सुत्त २)*

## कोशल राजाको निवेदन

परिषदलाई यतिसम्म सभ्य हुनेगरी दमन गर्नुभएको तरिका देखेर बेजोड-रूपमा दमन गर्नुहुने **अनुत्तरो पुरिसदम्मसारथि** भावलाई विश्वास गर्न सकिन्छ। यो तथ्य *मज्झिमपण्णास धम्मचेतिय सुत्त (३२४)*-मा कोशल राजाले निवेदन गरेको विषयद्वारा प्रकट हुन्छ। राजाले बिन्ती गरेको कस्तो हो भने- 'भगवान, म मार्न सक्ने, दण्ड दिनसक्ने, हुकुमधारी व्यक्ति हुँ। त्यसो भए पनि राजसभामा मैले कुरा गरिरहने बेलामा बिचबिचमा कुरा गर्ने व्यक्तिहरूलाई 'मैले बोलिरहेको बेलामा बिचबिचमा कुरा नगर' भनेपनि रोक्न सक्दिनँ। 'तथागतले सयौं श्रावक-शिष्य परिषदहरूको समूहमा उपदेश दिइरहने अवस्थामा सिंगान फालेको आवाज, खोकेको आवाज, हाछ्युँ गरेको आवाज समेत सुनिदैन, सुन्न पाइँदैन। एकचोटी हजुरले उपदेश दिइरहनुभएको बेलामा एकजना भिक्षुले खोक्दा सँगैको अर्को भिक्षुले घुँडाले विस्तारै घचेडी 'आयुष्मान, चुप लाग्नुहोस्, हल्ला गर्न भएन; तथागत उपदेश दिइरहनुभएको छ' भनी होश दिएको मैले देखेको छु। दण्ड बिना नै, अस्त्र-शस्त्र बिना नै पनि यतिसम्म शान्त-दान्त हुनेगरी दमन गर्न सक्नुभएको देखेर मलाई अद्भूत लागेर अतिव सन्तुष्ट भएँ। यतिसम्म सभ्य, कोमल, स्थिर, शान्त-दान्त भएको परिषद हजुरको शासनभन्दा बाहिर अर्को कुनै ठाउँमा पनि मैले देखेको छैन। त्यसैले 'हजुर साँच्चै-साँच्चै नै सुनिश्चित रूपले नै बुद्ध हुनुहुन्छ भन्ने तथ्यलाई अनुमान गरी श्रद्धा प्रसन्नता व्यक्त गर्न सकिन्छ' भनी निवेदन गरे।



Downloaded from http://www.dhamma.digital

## परिषद्प्रति सन्तोष

तथागतले परिनिर्वाण हुनलाग्दा समागम हुनआइरहेका श्रमण-परिषद्हरूलाई आज्ञा हुनुभएको कस्तो हो भने- 'भिक्षुहरू हो,...चाहे बुद्ध, धर्म, संघप्रति होस्, चाहे मार्गमा होस्, चाहे आचरणमा होस्, यदि शंका-संशय रहेको छ भने सोध्नुपर्ने सोध; तथागतलाई प्रत्यक्ष देखीबस्दा पनि मैले सोध्न पाइनँ, निवेदन गर्न पाइनँ भनी पछि पश्चाताप मानेर नबस्नू' भन्ने हो । कोही भिक्षुले पनि नसोधिकन बसिरहेको हुँदा 'म तथागतप्रति गौरवको कारणले, भयको कारणले सोध्ने आँट नलागेर बसेको हो भने आफ्ना छेउछाउमा बस्ने सहधर्मी भिक्षुलाई बताई उसबाट सोध्न लगाए पनि हुन्छ' भनी आज्ञा गर्नुहुँदा पनि कोही पनि भिक्षुले सोधेन, निवेदन गरेन ।

त्यस अवस्थामा आयुष्मान् आनन्दले 'यतिसम्म अत्याधिक ठूलो परिषद्मा कसैमा पनि बुद्ध, धर्म, संघ, मार्ग-प्रतिपत्तिमा शंका संशय छैन होला' भनी म विश्वास गर्दछु । आश्चर्य हो, अद्भूत हो भन्ते' भनी निवेदन गरेपछि 'आनन्द..., तिमीले त विश्वास अनुसार निवेदन गरेको हो । म तथागतले त यी भिक्षुहरू संशय नभएका हुन् भनी स्पष्टरूपले जान्दछु; यो परिषदमा सबभन्दा तलका भिक्षु नै स्रोतापन्न हुन्' भनी आज्ञा हुनुभयो ।
*(दी.२; महापरिनिर्वाण सूत्र १२७)*

तथागत परिनिर्वाण हुनलाग्दा आफ्नो परिषद्प्रति सन्तोष र तुष्ट हुनुभए झैं पहिलेका युगमा मात्र होइन कि यस वर्तमान युगमा समेत यस घटना सुन्ने-जान्ने सबैजनाले तथागत सम्यकसम्बुद्धको **'अनुत्तरो पुरिसदम्मसारथि'** भावप्रति गहिरोसित दृढतापूर्वक श्रद्धा प्रसन्नता उत्पन्न गरी सन्तोष मानिरहने गर्दछन् ।



Downloaded from http://www.dhamma.digital

# ८-सत्था देवमनुस्सानं गुण

## सत्था देवमनुस्सानं वर्णन

**देवमनुस्सानं**=देवता र मानिसहरूका; **सत्था**=शास्ता, गुरु । अनुत्तरो पुरिसदम्मसारथि गुण अनुसार सत्वहरूलाई सुसभ्य हुनेगरी दमन र अनुशासन गर्नसक्ने हुनुभएकोले नै **'सत्था देव-मुनस्सानं**='देवता र मनुष्यहरूका शास्ता' भन्ने महान गुण प्राप्त गर्नुभयो । तथागतको अनुशासन ग्रहण गर्न पाएर सभ्य भएका देव-ब्रह्माहरूले हाम्रा शास्ता नै हुनुहुन्छ भनी हृदयसम्म नै गडिने गरी गौरव-मान्यता राखी समर्थन गर्नथालेदेखि यो महान गुण विश्वमा प्रतिध्वनित हुने गरी प्रख्यात भइआएको हो । लौकिक र भौतिक आचार्यहरूबाट प्राप्तहुने प्रज्ञा एउटा जन्मको लागि मात्र हो । सांसारिक दुःख-चक्रबाट मुक्त गरिदिनसक्ने पनि होइन; धेरै धेरै कल्पदेखि बारम्बार प्राप्त गरेर आइएको जस्तै प्रज्ञा भएकोले केही विशेषतायुक्त पनि होइन । तथागतले दिनुभएको प्रज्ञा सांसारिक दुःख खत्तम पार्नको लागि शीतल, शान्त धातु स्वभाव प्राप्तिको कारण, अवबोधको कारण भएकोले धेरै धेरै जन्मदेखि कहिल्यै नभेटिएको उक्त शीतल, शान्त धातु स्वभावलाई देख्ने अवस्थामा कोही गुरुप्रति पनि नगरिएको विशिष्ट मान्यताद्वारा साँच्चैका शास्ता-गुरुको रूपमा मान्यता दिने गरिन्छ । लोकमा आफ्नो गुरु मनपरी गरी हिंड्ने भएमा हाम्रा गुरु यिनै हुन् भनी देखाउन गाह्रो मान्नसक्छ । गुरु शिक्षा दिनसक्ने भएर असल आचरण, असल गुणयुक्त भएभने आफ्नो गुरुको रूपमा निर्भिक पूर्वक व्यक्त गर्न सक्दछन् । तथागत बेजोडका मार्ग प्रदर्शक र निर्देशक हुनुभएको मात्र नभई अतुलनीय आचरण र गुणहरूद्वारा प्रसिद्ध भएका हुनुभएकोले उक्त युगमा श्रावक शिष्यहरूले शिर उचाली छाती फर्काई आफ्ना शास्ताको रूपमा निर्भिकपूर्वक प्रस्तुत गर्न सके । कारण, आमा-बाबुबाट झैं मैत्री करुणा पनि प्राप्त हुन्छ; धन सम्पत्ति अंश भन्दा पनि श्रेष्ठ पवित्र भएको प्रज्ञा अंश पनि लाभ गर्न पाइन्छ; लोकका शास्ता हुनुभएका



Downloaded from http://www.dhamma.digital

तथागतले त सत्वहरूको दुःखको कारण, दुःखको भाव सबैलाई ज्ञानले प्रवेश गरी निरीक्षण गरेर लिइने महाकरुणा समापत्तिमा बारम्बार धेरै पटक प्रवेश गरी करुणा फिजाई बस्नुभएका हुनाले कोही आचार्य, कोही आमाबुबाले पनि राख्न नसकिने मैत्री, करुणा पनि राख्नुहुने हुनुहुन्छ । कुनै समयमा कसैबाट पनि दिन नसकिने श्रेष्ठोत्तम भएको लोकुत्तर अंश पनि प्रदान गर्नु भएको छ । त्यसैले तथागतका श्रावक-श्राविकाहरू धेरै आर्यहरूले 'हामी तथागतका पुत्रहरू; हामी तथागतका पुत्रीहरू हौं है' भनी शिर उचाली देदिप्यमान भई फुर्तिसाथ व्यक्त गर्नसकेका हुन् ।

## गहकिलो आचार्यत्व

त्यसको अतिरिक्त तथागतको आचार्यत्व त अति नै गहकिलो छ । लौकिक आचार्यहरू लाभसत्कार, पूजा र यशकीर्तिको कामना हुनेहरू हुन्छन् । आफ्नो स्वार्थलाई हेर्नेहरू हुन्छन् । तथागतले त बोधिसत्वको जन्ममा पारमी पूरा गरिरहनु हुँदादेखि नै लाभादिको चाहना गर्नु भएन । धर्मलाई मात्र महत्व दिनुभयो । राजपाट, सुख र वैभव त्याग गरी महाभिनिष्क्रमण गर्नुभएदेखि कुनै लाभसत्कार, पूजा, सम्मान र यशकीर्ति फैलनुको समेत वास्ता राख्नुभएन । बुद्ध भइसक्नुभएपछि त कुरै छैन । बुद्ध-कृत्य सिद्ध भइसकेका हुनाले आफ्नो स्वार्थ भनेको बिल्कुल छैन । सत्वहरूको निम्ति मात्र लक्ष्य राख्नुभई रातदिन फुर्सद नहुने गरी कोशिस-पूर्वक निर्देशन दिनुमा मात्र समय खर्चनु भयो । लौकिक आचार्यहरूले त आफूकहाँ आउने शिष्यहरूलाई मात्र सिकाउने गर्नुहुन्छ । तथागतले त आफूकहाँ आउने शिष्यहरूलाई मात्र नभई एउटा देशबाट अर्को देश, एउटा गाउँबाट अर्को गाउँमा समेत चारिका गर्नुभई उपदेश र निर्देशन दिने गर्नुभयो । दिनहुँ मुक्त हुनसक्ने सत्वहरूलाई ध्यान राखी हेर्नुहुने बानी रहेछ । मुक्त हुनयोग्य सत्वहरू देखेमा जतिसुकै टाढा भएपनि, जुनसुकै ठाउँमा भएपनि, हद-से-हद मल-मूत्र त्याग्ने ठाउँ, मानिसहरू जान मन नपराउने ठाउँमा भए पनि जानुहुन्छ ।



Downloaded from http://www.dhamma.digital

कहिले काहीं ऋद्धिद्वारा र कहिले काहीं हिंडेर नै जानुहुन्छ। कुनै-कुनै मुक्त हुनको निम्ति नजिक परेका सत्वहरू भएमा नजिक नजिक बसी बडो स्नेहपूर्वक विधि देखाई रक्षा गर्ने गर्नुहुन्छ। कसैकसैलाई टाढैबाट प्रकाश फिजाएर उत्साह दिने गर्नुहुन्छ। टाढैबाट निर्देशन दिने गर्नुहुन्छ। झिसमिसे हुने समयमा केही क्षण मात्र विश्राम लिने समय भई बाँकी रात-दिन सत्वहरूलाई उपदेश दिनु, अनुशासन गर्नु र मार्ग प्रदर्शन गर्नुद्वारा ४५ वर्षसम्म प्रयास र प्रयत्न गर्नुभएका तथागत सम्यकसम्बुद्धको आचार्यत्व कसरी पो उत्साहवर्द्धक प्रशंसनीय, माननीय र गौरवनीय नहोला र!

## सत्थाको एकथरी अर्थ

**'सत्थ'** शब्दले ब्यापारीहरूका नाइके प्रमुख नेता भन्ने अर्थ पनि व्यक्त गर्दछ। उक्त ब्यापारीहरूका नाइके प्रमुख नेता सार्थवाह समान भएको कारणले गर्दा तथागतलाई सत्था (शास्ता) भन्नु पर्दछ। आउन-जान, बास बस्न गाह्रो मार्गलाई कन्तार (दुर्गम) भनिन्छ। उक्त कन्तार सिंह, बाघ, चितुवा आदि हिंस्रक वन्यजन्तुहरू धेरै भएको कन्तार; खाने-पिउने वस्तु अभाव रहेको कन्तार; भूत, प्रेत, राक्षस धेरै भएको कन्तार; चोर, डाँका धेरै भएको कन्तार भनी ४ थरी रहेकामा पहिले-पहिलेका ब्यापारीहरूलाई गाडाले सो कन्तार तरेर पार जानुपर्ने अवस्थामा दक्षता भएको प्रमुख नेता आवश्यक हुन्छ। प्रमुख-नेता दक्ष भएमा कन्तारको सामना गर्नु नपर्ने गरी अथवा व्यवस्थाले नै बाध्य भई सामना गर्नु परेपनि अनुयायीहरूलाई भय अन्तरायबाट मुक्त हुने गरी रक्षा र सुरक्षा गर्न जान्ने हुन्छ। जातकमा भावी देवदत्त ब्यापारी नाइकेले नेतृत्व गरी लगिएका पाँचसयवटा गाडा र बोधिसत्व ब्यापारी नाइकेले नेतृत्व गरी लगिएका पाँचसयवटा गाडा राक्षसहरू धेरै भएको कन्तारसँग सामना गर्नुपर्दा देवदत्तबाट नेतृत्व गरिएका पाँचसयवटा गाडाहरूमा रहेका ब्यापारीहरू र गोरुहरू समेत राक्षसहरूको आहार बन्नुपऱ्यो।

बोधिसत्वबाट नेतृत्व गरिएका पाँचसयवटा गाडाहरूका ब्यापारीहरू



Downloaded from http://www.dhamma.digital

सुखानन्द-पूर्वक भय अन्तराय नभएको क्षेत्रमा पुग्न पाए। त्यसरी नै संसार पनि प्रतिसन्धि बस्नु, बृद्ध हुनु, रोगी हुनु, मरण हुनु, अनेक भय, अनेक अन्तरायद्वारा बाक्लो हुनेगरी छोपिएको महान कन्तार हो। उक्त कन्तारमा विचरण गर्नुपर्ने सत्वहरू त अनेक भय, अनेक अन्तरायको सामना गरिरहनुपर्ने दुःखी पथिकहरू हुन्।

तथागतबाट नेतृत्व गरिएका सत्वहरूले त उक्त कन्तार नाघेर गई भय रहित भएको क्षेत्र शान्तिसुख निर्वाण धातुमा पुग्न पाउँछन्। त्यसैले तथागतलाई कन्तार तारी आरक्षा गरिदिने सार्थवाह नेता समान सम्झेर **'देवमनुस्सानं**=देव र मुनष्यहरूका; **सत्था**=नेतृत्व लिनुभएका प्रधान सार्थवाह समान हुनुभएका शास्ता' भनी प्रशंसा गरिराखिएको हो।

## ९-बुद्ध गुण

### बुद्ध वर्णन

**बुद्ध**=चार सत्य धर्म बुझ्ने, बुझाउने **'सब्ब धम्मे बुज्झतीति बुद्धो**=सम्पूर्ण धर्मलाई जान्नुभएका हुनाले **'बुद्ध'** भन्न सकिएको हो। तर **'चतुसच्चविनिमुत्तो धम्म नाम नत्थि**= चार सत्यबाट अलग्ग रहेको धर्म भन्ने छैन' भनिएको अनुसार धम्म सबै चार सत्यमा समावेश भइराखेकोले नै चार सत्यलाई जान्नु भन्नाले सम्पूर्ण धर्मलाई जान्नु भन्ने अर्थ पनि सिद्ध नै हुन्छ। सत्य नजानिकन आर्य, अरहन्त, प्रत्येक बुद्ध, बुद्ध भन्ने पाइनु सम्भव छैन। सम्पूर्ण सत्यलाई जान्नुले मात्र उत्पन्न हुन्छन्। सत्य जान्नुमा कसैकसैमा सत्यलाई जान्नु मात्र भएर कसै कसैमा प्रतिसम्भिदा, अभिज्ञा, समापत्ति आदि गुण विशेषताहरू पनि एकसाथ प्राप्त हुन्छन्। तथागतले सत्यलाई जानेको अरहत्त मार्ग र फलको अनन्तरमा नै सर्वज्ञता ज्ञानलाई पनि प्राप्त गर्नुभयो। दशबल भन्ने तथागत बल दशैवटामा पूर्णतामा पुग्नुभयो।

अरु-अरु असाधारण (=अरुसँग असम्बन्धित भएको) गुण, वैसारद्य



Downloaded from http://www.dhamma.digital

गुण आदि तथागतले मात्र प्राप्त गर्नुहुने सम्पूर्ण बुद्ध-गुणलाई पनि प्राप्त गर्नुभयो। त्यसैले नै सत्य जान्नाको कारणले प्राप्त गर्नुपर्ने गुण परस्परमा अति नै अन्तर रहेको हुनाले बुद्ध भन्ने नाम अरुअरु व्यक्तिहरूसँग असाधारण हुन्छ। अवश्य हो; बुद्ध भन्ने नाम आमा बुबाले राखीदिन मिल्ने नाम पनि होइन; दाजु, भाइ, दिदी, बहिनी, साथी-भाई, आफन्त, ज्ञातिबन्धु, श्रमण ब्राह्मण, देव-ब्रह्माहरूले राखीदिन मिल्ने नाम पनि होइन। अरहत्तमार्ग फलको अन्तमा उत्पन्न हुने सर्वज्ञता-ज्ञानलाई बोधिबृक्षको मूलमा प्राप्त हुनासाथ नै सम्पूर्ण धर्मलाई जानेको कारणले गर्दा उत्पन्न हुनआएको नाम प्रज्ञप्ति भएको कुरा देशना गर्नुभएको *महानिद्देस पालि (३६३)* मा उल्लिखित भएको छ। लोकमा धन सम्पत्ति धेरै धेरै हुनेलाई सेट्ठि (=श्रेष्ठि, साहु) भनेर र प्रज्ञावानलाई पण्डित भनी आफूले वा अरुले नाम राखीदिन नपर्नेगरी आ-आफ्ना गुणअनुसार ब्यवहार भइआउने झैं सर्वज्ञता महान ज्ञानको कारणले स्वतः ब्यवहार भइआएको नाम भएकोले सत्य जान्नु मात्रले गर्दा बुद्ध भन्ने नामलाई लोकले स्वीकार गर्ने होइन रहेछ।

## बुद्धको अर्को अर्थ

**बुद्ध**-का अर्थहरू अझै अरु अरु पनि छन्। 'बुध' शब्दले ब्याकरण-विधि अनुसार 'बुद्ध' भएकोले 'बुध' शब्दले जान्नु मात्र नभई जागृत हुनु अर्थलाई पनि व्यक्त गर्दछ। निन्द्रा अवस्थाबाट बिउँझेको भन्ने अभिप्राय रहेको छ। मोहबाट रहित नभएसम्म निद्रामग्न भएको व्यक्ति नै हुन्छ। निदाएको व्यक्तिले केही पनि चाल नपाउने जस्तै मोहयुक्त व्यक्तिले वास्तविक धर्म स्वभावलाई देख्न नपाउनुको कारणले साँच्चै भुसुक्क निदाइरहेको नै हो। तथागत त भुसुक्क निदाइरहेका लौकिक प्राणीहरूको समूहबाट अरहत्त मार्गद्वारा मोहलाई विनाश गर्न सकेको हुनाले सबभन्दा पहिले बिउँझनुभएका श्रेष्ठ व्यक्ति हुनुभयो।

लोकमा सँगै सुतिरहेका व्यक्तिहरूको समूहबाट पहिले उठेका व्यक्तिले अरु बाँकी व्यक्तिहरूलाई धेरैबेर सुती नबस्ने गरी उठाइदिनु जस्तै सबभन्दा



Downloaded from http://www.dhamma.digital

पहिले बिउँझनुभएका तथागतले भुसुक्क निदाइरहेका सत्वहरूलाई बिउँझाइदिनुभएको हुनाले निद्राबाट बिउँझेका व्यक्तिहरूको गिन्ती नै गर्न सकिँदैन। तथागतले बिउँझाउनुभएको कारणले उठेर आश्वस्त भइरहेका सत्वहरूले '**बुद्ध**=जाग्रत र श्रेष्ठ पुद्गल नै हुनुहुन्छ' भनी प्रशंसा गरी निस्केको उक्त नाम तथागत बुद्धप्रति नै मात्र व्यवहार भइआएकोमा पछि मात्र जाग्रत हुनेहरूले उक्त नाम धारण गर्ने आँट गर्दैनन्; सक्दैनन्।

## फक्रनुभयो

**बुध**-शब्दले **विकसन**=फक्रनु, फुल्नु अर्थ पनि व्यक्त गर्दछ। यस अर्थ अनुसार **बुद्ध**=फुल्नुभएका भन्ने मतलब हो। अरहत्त मार्ग, अरहत्त फल उत्पन्न हुनुलाई नै फुल्नु, फुलेको भन्नुपर्दछ। रुख बिरुवामा फुलाउने धातु शक्ति रहेका हुन्छन्। उक्त धातु शक्तिलाई उफार्ने शक्ति (उद्वेग), माटो, पानी, घाम आदिको सहयोगले क्रमशः विकसित हुँदै आएर अन्तमा फुल्नसक्ने गरी प्रभाव बलियो भई आउने बेलामा एकदिन पालुवा पलाई कोपिला निस्की फक्रनुपर्ने रहेछ। बोधिसत्वको जीवनबाट पारमीहरू पूर्ण गरिरहनपर्नु फक्रन मदत गर्ने धातुशक्ति उफार्ने शक्ति बृद्धि हुँदै आउने गरी मरम्मत गरिरहनु नै हो। अन्तिम जन्ममा सर्वशक्तिपूर्ण धातुशक्तिको प्रभावले पालुवा पलाएको नै हो। गृह त्याग गरी ध्यानको उद्योग र अभ्यास गर्नुभएको अवस्था त धेरै-धेरै कोपिला लागेको अवस्था नै हो। बोधिवृक्ष र अपराजित पल्लंकमा अरहत्त फल लाभ भएको त खुल्नेगरी गौरवपूर्ण रूपले फुलेको नै हो। तहतह पत्रपत्र बुद्ध गुणका पातहरूले घेरिएर शोभायमान भई फुलेको उक्त बुद्ध पुष्पको सुगन्ध दशसहस्र चक्रवालका देव ब्रह्माहरूको क्षेत्र क्षेत्रमा तत्क्षण तत्क्षणमा फिजिएर गएको हुनाले उनीहरू सबै सन्तोषको सिमाना नै नहुने गरी प्रसन्न, प्रमुदित, प्रफुल्लित भइरहेका थिए। विस्तारै-विस्तारै मनुष्य-लोकको क्षेत्र क्षेत्रमा फिजेर गएको हुनाले स्वयं आफू आफूहरूले दर्शन प्राप्त गरी धर्मप्रीति उत्पन्न गरेकाहरूले अतुलनीय विशाल पुष्प हो भनी नानाथरीले प्रशंसा गरी आस्था र विश्वास पूर्वक तृप्त हुनेगरी स्तुति गरिरहेका हुन्।



Downloaded from http://www.dhamma.digital

# १०-भगवा गुण

## भगवा वर्णन

**भग**=भाग्य; **वा**=युक्त हुनुभएका; अरुभन्दा अत्याधिक भाग्ययुक्त हुनुभएका बुद्ध भन्ने मतलब हो। पहिले-पहिलेका कुशल-कर्मको कारणले उत्पन्न भइरहेको आनिशंस गुणांगहरूलाई **भग**=भाग्य भनिन्छ। तथागतमा अतिव विशिष्टरूपले पूर्ण गरिराख्नुभएको पारमी समूह कुशल कर्मका कारणले अरु कोहीभन्दा पनि अत्यधिक रहेका भाग्यहरू प्राप्त भइरहेको हो। उक्त भाग्यहरूलाई 'इस्सरिय, धम्म, यस, सिरी, काम, पयत्त' भनी छथरी विभेद गरी देखाइएका छन्। तीमध्येमा **इस्सरिय** भनेको अधिकारयुक्त हुनु हो। तथागतले अशोभनीय आरम्मणलाई अशोभनीय नभएको किसिमले देख्न सक्नुहुन्छ। अशोभनीय नभएको आरम्मणलाई अशोभनीय किसिमले देख्न सक्नुहुन्छ। अशोभनीय, अशोभनीय नभएको आरम्मण सबैलाई नै उपेक्षा गरी मध्यस्थ किसिमले देख्नसक्नुहुन्छ। यसरी इष्ट, अनिष्ट विभिन्न आरम्मणहरूलाई आवश्यकता अनुसार देख्नको निम्ति आफ्नो चित्तलाई अति नै बसमा राख्नुहुन्छ। यसरी चित्तलाई अधिकारयुक्त गर्नुलाई पनि **'इस्सरिय'** भाग्य भनी भन्नुपर्दछ।

## भाग्य ८ वटा

त्यसका अतिरिक्त **'अणिमा'** आदि आठ वटा भाग्यलाई पनि **'इस्सरिय'** भाग्य नै भनिएको छ। परमाणु परिमाणले सानो हुनेगरी सृष्टि गर्नसक्ने ऋद्धि **'अणिमा'** ऋद्धि हो। अति सानो तोरीभित्रबाट परमाणु परिमाणको शरीर निर्माण गरी अष्टपरिष्कार धारणा गरी चंक्रमण गर्न सक्नुहुन्छ। वायुवेगले उडेर जाने कपास र पन्छीहरू जस्तै आनन्दले, हलुकारूपले र द्रुतगतिले आकाशमा हिंड्नसक्ने भएको आदि ऋद्धिलाई **'लघिमा'** भन्दछन्। यहाँ हलुका भएको तरिका बुझाइदिन चाहेकोले



Downloaded from http://www.dhamma.digital

पन्छीहरूसँग तुलना गरिराखे पनि बुद्ध सुगतको हलुकापनलाई कसैले दाँज्नसक्दैन । अभिज्ञा चित्तको कारणले उत्पन्न हुने ऋद्धि भएको हुनाले चित्त वेगवान भए जस्तै नै हलुका र वेगवान रहेको हो । इच्छित-स्थानमा तत्क्षणमा पुग्नसक्नुभएको ऋद्धिलाई **'पत्ति'** भनिन्छ । तथागत कहिलेकाहीं उत्तर कुरु द्वीपमा पनि भिक्षाटन गर्न जानुहुन्छ । देव-ब्रह्मलोकमा पनि जानुहुन्छ । अरु-अरु चक्रवालमा जानुभई सम्बन्धित क्षेत्रका राजाहरू समान ढंगले उपदेश दिनुहुने पनि रहेका छन् । जतिसुकै टाढा रहेको क्षेत्र भएपनि वेगले तत्क्षणमा पुग्न सक्नुहुन्छ । उहाँको अभिष्ट इच्छित भएको आकार संस्थान विभिन्न रूपरेखालाई इच्छाअनुसार निर्माण गर्ने र सिद्ध गर्ने ऋद्धिलाई **'पाकम्म'** भाग्य भनिन्छ । शरीरलाई ठूलो बनाउने इच्छा अनुसार ठूलो पारी निर्माण गर्न सक्नुलाई **'महिमा'** ऋद्धि भनिन्छ । **'ईसिता'** अधिनस्थ भाग्य हो । तथागतको छन्द त सत्वहरूलाई मार्ग, फल र निर्वाण प्राप्त गराउनु हो; प्राप्त गर्नुको निम्ति आचरण गराउने इच्छा हुनु हो; अनुशरण गराउने इच्छा हुनु हो; त्यस्तो स्थितिमा पुग्ने गरी उहाँको छन्द सिद्ध हुने गरी आकर्षण दिने काममा सिद्ध भएन भन्ने नै नहुने गरी छन्दानुकरण अवश्यमेव हुने नै हुनाले सत्वहरूलाई अत्यन्त अधीनस्थ गर्नसक्नुहुन्छ । ऋद्धिविध सम्बन्धी अनेक ऋद्धि निर्माण गर्नुमा अत्यन्त दक्षता भएको बसमा भएको भावलाई **'वसिता'** भाग्य भनिन्छ । आकाशमा उड्नु, पृथ्वीमा डुब्नु आदि कुनै एउटा कृत्य गर्ने बेलामा सिद्ध पार्ने इच्छा लाग्यो भने अनिश्चितता नहुने गरी सिद्ध गर्नसक्नुलाई **'यत्थकाम-वसायिता'** भाग्य भन्नुपर्दछ ।



Downloaded from http://www.dhamma.digital

# आठ-भाग्य बुद्ध-प्रणाम

**अणिमा लघिमा, पत्ति; पाकम्मं, महिमा तथा ।**
**ईसिता च वसिता च; यत्थकामवसायिता ।**
**इस्सरियगुणोपेतं; वन्दे अप्पटिपुग्गलं ।**

**अणिमा च**=परमाणु समान सानो आकार प्रकार हुनेगरी निर्माण गर्ने सामर्थ्य भएको **'अणिमा'** भन्ने भाग्य एकथरी; **लघिमा च**=हावामा उडेर जाने कपास समान वा पंक्षीहरू समान माथि आकाशमा द्रुतगतिले हिंड्नसक्ने सामर्थ्य भएको 'लघिमा' भन्ने भाग्य एकथरी; **पत्ति च**=अधिष्ठानद्वारा मनले चिताएको जस्तै इच्छित प्रदेशठाउँ सबैतिर तुरुन्त तत्क्षणमा नै पुग्नसक्ने हुनु **'पत्ति'** भन्ने भाग्य एक थरी; **पाकम्मं च**=तथागतको चित्तमा उत्पत्ति गर्न मन लागेको विभिन्न आकार प्रकार रूपरेखालाई मनले इच्छाए जस्तै व्यवस्था गरेको जति सबै सिद्ध गर्न पाउने **'पाकम्म'** भन्ने भाग्य एकथरी; **महिमा च**=तथागतको उत्तम शरीरलाई ठूलो गर्न चाहेको जति रूपसंस्थान निर्माण गर्नसक्ने सामर्थ्य भएको; **'महिमा'** भन्ने भाग्य एक थरी; तथा=सम्पूर्ण भाग्य जति सबैलाई त्यसपछि; **ईसिता च**= ब्रह्मा, देव, मनुष्य सत्वलाई आवश्यकता अनुसार अगाडि ल्याउनसक्ने गरी अधीनस्थ गर्नसक्ने शक्ति भएको **ईसिता** भन्ने भाग्य एकथरी; **वसिता च**=ऋद्धिविध वशिभावमा बेजोड हुने गरी सामर्थ्य भएको **'वसिता'** भन्ने भाग्य एकथरी; **यत्थकाम वसायिता च**=आकाशमा उड्नु, पृथ्वीमा डुब्नु आदि अनेकविध क्रिया-कलाप सबैमा सिद्ध गर्न चाहेमा सिद्ध नहुने भन्ने अवस्था नै नरहने गरी बिल्कुल सिद्ध गर्नसक्ने सामर्थ्य भएको **'यत्थकाम वसायिता'** भन्ने भाग्य एकथरी; **इति**=यसरी; **इस्सरियगुणोपेतं**=विभिन्न क्षेत्रमा अधिकार भएको **'इस्सरिय'** भन्ने आठजोडा गुणले सम्पन्न हुनुभएका; **अप्पटिपुग्गलं**=प्रतिस्पर्धा गर्ने कोही नभएका भई मानिसभन्दा पनि उत्तम, देवताभन्दा पनि श्रेष्ठ र ब्रह्माले समेत झुक्नुपर्ने शीर्षस्थ स्वामी तथागत बुद्धलाई; **वन्दे वन्दामि**=उत्तम



Downloaded from http://www.dhamma.digital

विशिष्ट आठजोर ऋद्धि प्रतिहार्य गुणमा आरम्मण गरी श्रद्धा वृद्धिद्वारा अति सम्मान गरी शिर निहुराई वन्दना गर्दैछु, हे तथागत !

## धर्म भाग्य

लोकुत्तर धर्मलाई **'धम्म'** भनिन्छ। नौवटा लोकुत्तर धर्म अतीत पारमी समूह कुशल कर्म गरी प्राप्त भएको अत्यावश्यक गुण भएकोले **'भग'** भाग्यमा समावेश हुनुपरेको हो । नौवटा लोकुत्तर धर्म लाभ बिना बुद्ध बन्दैन । नौवटा लोकुत्तर धर्म प्राप्ति कारणले सम्पूर्ण बुद्धगुणलाई बाँकी नछुट्ने गरी समावेश गरी अधीनस्थ गर्नुभएको लोकुत्तर धर्म नौवटा महत्वपूर्ण भएकोले एउटा भाग्यको रूपमा विशेष रूपले वर्णन गर्नुपरेको हो ।

## यश भाग्य

प्रख्याति र परिषदलाई **'यश'** भनिन्छ। तथागत बुद्धको कीर्ति गुणघोष विश्व लोकधातुमा अद्यापि प्रतिध्वनित भइरहेको छ। त्यसरी अटुटरूपले कीर्ति प्रतिध्वनित हुनपाएको विनाश नहुनेगरी दरिलो धेरै धर्म-स्तम्भहरूका कारणले नै हो ।

धेरै प्रज्ञावानहरूबाट सधैं सम्मान र गौरव प्राप्त गर्न पाएको पिटक धर्म रहेसम्म यस लोकमा बुद्धको कीर्ति अतिवेगले प्रतिध्वनित भइ नै रहनेछ । जीवित रहेको अवस्थादेखि धेरै प्रज्ञावान्हरूलाई स्वीकार गरी २,५०० वर्ष नाघिसकेको यस युगसम्ममा पनि स्थीर रहेको निस्सन्देह ऋजु र यथार्थ भएको हुनाले सारले सम्पन्न भएको हुनाले नै हो । समस्त विश्वका प्रज्ञावानहरूले पनि पहिलेभन्दा बढी स्वीकार गरी आस्था र विश्वास गरिआइरहेका देखिन्छन् ।

बुद्धकालीन अवस्थामा उहाँ तथागतको कीर्ति फैलिएको बारेमा त भन्नुपर्ने नै केही रहेन । मनुष्यका माझमा मात्र होइन, प्रत्येक देव-ब्रह्माहरूमा समेत प्रख्यात भएको हुनुपर्दछ । लोकमा परिषद् विस्तृत गरी निर्माण गर्नुद्वारा हुने प्रख्याति जस्ता प्रख्याति पनि छन् । तथागत त त्यसरी परिषद् जम्मा गरी



Downloaded from http://www.dhamma.digital

निर्माण गरिने, बढाइने प्रख्याति बिना नै सहि विधिद्वारा मात्र उत्पन्न भएको गुणद्वारा प्रख्यात हुनुभएका हुनुहुन्छ । तथागत बुद्धमा धर्म सुधर्मता, अतुलनीय गुणयुक्त भएकोले गर्दा बुद्धकालीन युगमा बुद्धको भन्दा ठूलो परिषद् हुने अरु कोही पनि शास्ता थिएन ।

उक्त युगमा महाराजाधिराजहरू समेत धेरै प्राचार्य प्रमुख, पण्डिताचार्यहरू बुद्ध श्रावकहरू नै बढी रहेको हुनुपर्दछ। मनुष्यहरूका माझमा मात्र होइन, देव-ब्रह्मा परिषद् समेतमा पनि अत्याधिक रूपले बहुसंख्या रहेको हुनाले आज पनि देव ब्रह्मलोकमा (ती) श्रावकहरू रहेका छन् । यसरी कीर्ति भएको परिषद् धेरै भएको एक प्रकारको भाग्य नै हो ।

## श्री भाग्य

शरीरको शोभालाई **'सिरी**=श्री' भनिन्छ । तथागतको रूप-काय शरीर ३२ वटा महालक्षणले सम्पन्न रहेको छ । यी लक्षणहरूले सम्पन्न भएका अरु विशिष्ट पुद्गलहरू पनि हुन सक्छन् । तर क्लेशबाट विमुक्त भई अति प्रसन्न प्रफुल्लित रहेको तथागतको श्रीलाई भेटाउन त कसैले पनि सक्दैन ।

त्यसपछि फेरि अस्सीवटा अनुब्यञ्जनद्वारा पनि अलंकृत भएको हुनाले जति हेरे पनि पुग्दैन; सन्तुष्टी भन्ने नै हुनसक्दैन । शरीर जति नै अग्लो सदा प्रज्ज्वलित भइरहने तेज प्रभा-मण्डलबाट र इच्छित अवस्थामा झिलिक्क झिलिक्क निस्किरहने छवर्ण रश्मिले गर्दा जति हेरे पनि नपुग्ने गरी शोभायमान रहेको श्री धारण गरिराख्नुभएको छ ।

तथागतका आँखिभौं दुइटाका ठीक बिचमा उण्णलोम भन्ने सजीव रौं पनि छ । उक्त रौं विशेष रूपले राम्रो र सेतो रहेको, तान्दा दुइ हातजति लामो हुने, दाहिनेबाट घुमिरहेकोले त्यसबाट उत्पन्न सेतो रश्मिले पनि अनुहार प्रष्ट हुनेगरी सजाइ राखिएको जस्तो भई धेरै दर्शकहरूको लागि जति हेरे पनि नपुग्ने पारिएको हुन्छ । शिरको माथि बिचमा रश्मिहरू पुञ्ज बनी माथितिर उठी उज्यालो भइरहेको केतुमाला भनिने एकप्रकारको रश्मि पनि



Downloaded from http://www.dhamma.digital

छ। यसरी मानिसहरूभन्दा पनि सौन्दर्य तेज प्रकाशमा उच्चस्तरका देव र महाब्रह्माहरूले समेत जति हेरे पनि नपुग्ने, सन्तुष्ट हुन नसक्ने गरी शोभायमान रहेको श्री धारण गरिराख्नुभएका तथागतको रूपकाय शरीरको श्री शोभालाई 'श्री भाग्य' भनिन्छ।

## काम भाग्य

तथागतले सर्वज्ञता भन्ने व्यक्तिगत लाभलाई पनि अपेक्षा राख्नुभएको छ। सत्वहरूलाई मुक्त गर्नु भनेको परार्थलाई पनि अपेक्षा राख्नुभएको छ। अपेक्षा राख्नुभएको सर्वज्ञता ज्ञानलाई पनि लाभ गरेर सत्वहरूलाई पनि मुक्त गर्न सक्नुहुन्छ। अपेक्षा राख्नुभएको स्व-अर्थ पर-अर्थ दुइथरीलाई सिद्ध गर्न सक्नुभएको भाग्यलाई 'काम भाग्य' भनिन्छ।

## प्रयत्न भाग्य

शीर्षस्थानमा पुगेको वीर्यलाई **'पयत्त**=प्रयत्न भाग्य' भनिन्छ। बुद्ध हुनुभन्दा पहिले धेरै धेरै जन्मदेखि नै उहाँको वीर्य साधारण मानिसहरूले नभेटिने गरी पराकाष्ठामा पुगिसकेको हुन्छ। अति वेगले विकास भइआएको उक्त वीर्य बुद्ध हुनुभएको अवस्थामा शिर्षस्थानमा पुगेको हो। त्यसैले नै विश्राम लिने समय नै नभ्याउने गरी सत्वहरूको निम्ति अटुटरूपले प्रयत्न पूर्वक उपदेश गर्नुभएको र उत्तीर्ण गर्नुभएकोलाई बहुसंख्यकहरूको निम्ति उद्योग गरिरहेको भनिने अरु कसैले पनि भेटाउन सक्दैन। यस महान वीर्यको लागि पनि मनुष्य, देव, ब्रह्माहरूको अत्याधिक आधार हुने गौरव र सम्मानलाई अतुलनीय रूपले धारण र लाभ प्राप्त गर्नुभयो।

**(८९) ममं हि वो भिक्खवे अनुस्सरतं यं भविस्सति भयं वा छम्भितत्तं वा लोमहंसो वा; सो पहीयिस्सति।**



Downloaded from http://www.dhamma.digital

(८९) **हि**=अनुस्मरण गर्नपर्नुको कारण के रहेछ भने; **भिक्खवे**=भिक्षुहरू हो; **ममं**=म तथागतलाई; **अनुस्सरतं**=बारम्बार स्मरण गरी बस्नेहरू; **वो**=तिमीहरूलाई; **यं भयं वा**=जुन भय अथवा; **यं छम्भितत्तं वा**=जुन शारीरिक कम्पन्न हुनु वा; **यो लोमहंसो वा**=जुन रौं ठाडो-ठाडो हुनु; **भविस्सति**=हुनेगर्दछ; **सो**=उक्त भय, कम्पन र रौं ठाडो ठाडो हुनुलाई; **पहीयिस्सति**=हटेर जानेछ ।

### (९०) नो चे मं अनुस्सरेय्याथ;
### अथ धम्मं अनुस्सरेय्याथ-

(९०) **मं**=म तथागतलाई; **नो चे अनुस्सरेय्याथ**=यदि अनुस्मरण नगर्ने भयौ भने; **अथ**=त्यसरी स्मरण नगरिने बेलामा; **धम्मं**=धर्मलाई; **अनुस्सरेय्याथ**=अनुस्मरण गर्नू ।

**(९१) 'स्वाक्खातो भगवता धम्मो, सन्दिट्ठिको, अकालिको, एहिपस्सिको, ओपनेय्यिको, पच्चत्तं वेदितब्बो विञ्ञूही'ति ।**

(९१) **भगवता**=त्रिलोकका अधिपति तथागत भगवानले; **धम्मो**=मार्ग, फल, निर्वाण, धर्मस्कन्ध परियत्ति गरी दशवटा उत्तम धर्मलाई; **स्वाक्खातो**=त्रिविध कल्याण समीकरण भई शब्द र अर्थ केवल परिपूर्ण रहेको प्रशंसनीय आचरण योग्य हुनेगरी राम्ररी देशना गरिराख्नुभएको । **भगवता**=त्रिलोकका अधिपति तथागत भगवानले; **स्वाक्खातो**=विभिन्न नय समीकरण गरी नियमितरूपले राम्ररी देशना गरिराख्नुभएको; **धम्मो**=मार्ग, फल, निर्वाण नौवटा निर्धारित उत्तम धर्म; **सन्दिट्ठिको**=जो पायो त्यसको भाषणमा आधारित भएकोले विश्वसनीय भएको होइन कि धर्मचारी सकल देव र मनुष्यहरूले स्वयम् आआफैले थरी थरी विभाजन गरी स्पष्टरूपले जान्न, देख्न योग्य पवित्र धर्म हो । **धम्मो**=मार्ग चारवटा धर्म; **अकालिको**=समय नफाली समय बित्नुभन्दा अगावै तुरुन्त नै फल दिने पवित्र धर्म हो ।



Downloaded from http://www.dhamma.digital

**धम्मो**=नौवटा लोकुत्तर धर्म; **एहिपस्सिको**='आऊ, यहाँ आई हेर भनी जसले पनि प्रेरणा दिई आमन्त्रण गर्न योग्य विशिष्ट गुणयुक्त पवित्र धर्म हो। **धम्मो**=नौवटा लोकुत्तर धर्म; **ओपनेयि्यको**=आफुले लगाइराखेको लुगामा आगो लाग्यो भने पनि, शिरमा आगो लाग्यो भने पनि आगो निबाउनुमा नलागेर पनि हत्तर पत्तर भावनाद्वारा मनमा गडिनेगरी सधैं धारण गर्न योग्य भएको हो। **धम्मो**=नौवटा धर्मलाई; **विञ्ञूहि**=धर्म देख्ने-बुझ्ने विद्वानवर्गहरूले; **पच्चत्तं**=आ-आफ्नो प्रत्यक्ष सन्तानमा; **वेदितब्बो**=मार्ग, फल, निर्वाण प्राप्ति तरिकालाई यथार्थरूपमा जान्न बुझ्न योग्य छ। **इति**=यसरी; **अनुसरेय्याथ**=बारम्बार स्मरण गरिरहनु पर्दछ।

### धर्म-गुणको भावार्थ

म तथागतलाई सम्झन सकेनौ भने धर्मलाई सम्झनू। तथागत भगवानले धर्मलाई राम्ररी देशना गरिराख्नुभएको छ। राम्ररी देशना गरिराख्नुभएको यो पवित्र धर्म स्वयं दृष्टान्त जान्न, देख्न मिल्ने धर्म हो। समय नबित्दै फल दिने हो। आउनुस्, आएर हेर्नुस् भनी डाकेर देखाउन मिल्ने धर्म हो। हतर-पतर मनमा गहिराईसम्म सदा धारणा गरी बस्नयोग्य छ। धर्म जान्ने, देख्ने प्रज्ञावानहरूले थरी-थरी तरिकाबाट आ-आफ्ना सन्तानमा जान्न-बुझ्न योग्य भएको हो। यसरी अनुस्मरण गर्नुपर्दछ।

## धर्मगुण छवटा

### १-स्वाक्खात गुण

### स्वाक्खात वर्णन

तथागत भगवानको धर्म सर्बोत्तमरूपबाट उपदेशित धर्म हो। तथागतको उपदेश धर्म सबै नै आदि कल्याण, मध्यकल्याण र पर्यवसा‌न (अन्तसम्म नै) कल्याण भनिने त्रिविध कल्याणद्वारा सम्पन्न छ। अकल्याण



Downloaded from http://www.dhamma.digital

भएको अंश भन्ने कुनै पनि छैन। त्यसरी कल्याण भएको पनि सम्पूर्ण देशनाहरू शब्द र अर्थ परिपूर्ण भएकोले नै हो। शब्द क्रमबद्ध छैन, विधि विधान नियम नीति नमिली जथाभावी भइरहेको भए वा मुख्य अभिप्राय अर्थाभिव्यक्ति पनि निरर्थक भइराखेको भए भने त्यस्तो धर्म अकल्याणकारी धर्ममात्र हुन्छ। तथागतको देशना त शब्द पनि प्रज्ञावानहरूले दोष नदेखिनेगरी प्रशंसनीय हुनेगरी क्रमबद्ध भई रमाइलो आकर्षक सर्लक्क परी अर्थ पनि साँच्चै नै हित शान्ति सुख उत्पादक मात्र भई अकल्याणकारी अंश छैन, कल्याणै कल्याणले मात्र भरिएको छ।

## अर्को तरिकाबाट त्रिविध कल्याण

तथागतका उपदेशमा त्रिविध कल्याण रहेको तरिकालाई यसरी पनि बुझ्न योग्य छ- उपदेशमा सुन्नु, आचरण गर्नु, लाभ हुनु भनी तीन पक्ष रहेकामा ती तीनैवटा पक्ष कल्याण नै कल्याणले मात्र भरिएको हुनाले पनि त्रिविध कल्याणले सम्पन्न छ भनी भन्नुपर्दछ। तथागतका उपदेश सुन्न पाइयो र सिक्न पाइयो भने धर्मलाई जान्नथाल्नु, अर्थलाई बुझ्नथाल्नुद्वारा विशेषरूपले प्रीति उत्पन्न हुने गर्छ। त्यसैले बुद्धकालीन अवस्थामा बुद्धोपदेश पवित्र भएको स्वरूपलाई प्रशंसा गरिने आवाज धाराप्रवाह चलिरहेको हो। (रतन-सुत्त, वरो वरञ्ञू वर्णन, *कारणपाली वत्थु , पृष्ठांक ३०* हेर्नुस्।)

मनलाई सुख दिने, शान्त पार्ने र प्रीतियुक्त गरिदिने धर्म भएकोले नै उक्त धर्म उपदेश सुन्नपाएको व्यक्ति शोक परिदेव आदि तापबाट रहित हुन्छ, रागबाट रहित हुन्छ र द्वेषबाट रहित हुन्छ। ताप रहित र मल रहित भएर पनि मनमा शान्ति, प्रीति र प्रश्रब्धि उत्पन्न हुने गर्दछ। आचरण गर्ने बेलामा त भन्ने ठाउँ नै छैन। शीलाचरण एउटा मात्रले पनि भय-रहित, उपद्रव रहित गरी कायिक सुख र मानसिक सुखले युक्त गरिदिन्छ। समाधि र प्रज्ञा आदि आचरणहरू आचरण गर्न पाइने बेलामा त जति-जति भावना माथि माथि पुग्यो उति उति नै प्रीति प्रश्रब्धि सुख समाधि स्पष्ट हुँदै आउनाले



Downloaded from http://www.dhamma.digital

बढ्दै गई जति रमाइलो माने पनि नपुग्ने रूपले झन-झन सुन्दर हुनथाल्दछ ।

भावना सिद्धभई इच्छित मार्गफल, अर्थलाभ हुने बेलामा त बताएर साध्य नै नहुने गरी खुशी हुनु, सुखको अनुभव हुने गर्दछ । त्यसपछि दुःखहरू पूर्णरूपले अन्तहुन लाग्यो भन्ने जान्न पाउँदा त विचार उठेपिच्छे खुशी हुनपाउने, फल समापत्ति महाविमानलाई अधीनस्थ गरी बस्न मन जहिले लाग्यो तहिले रमाइलो गरी सुखानन्द पूर्वक बस्नपाउनु आदिद्वारा सुखी हुन योग्यताले भरिएको हुने हुँदा पर्यवसान कल्याण उच्चस्थ शिखरमा पुग्ने हुन्छ । यी त्रिविध कल्याणलाई जान्न पाए भने तथागतका उपदेश कतिसम्म राम्ररी देशना गरिएको छ भन्ने कुरा जान्न सकिन्छ ।

## बटारेको सहनसक्ने धर्म

यतिसम्म पनि राम्रो भएको हुनाले नै प्रज्ञावानहरूको घात प्रत्याघात (खण्डनमण्डन) लाई खप्न सकेको हुनाले आजसम्म नै पनि विश्वमा प्रभाषित भई स्थीर रहन सकेको हो । अवश्य हो; जीव आत्म (=प्राण, पुतली, हंस, विज्ञान), परम आत्म (अनन्त ऋद्धिशाली अविनाशी विज्ञान) आदि वादहरू, शासनबाट बाहिरका अरु अरु मिथ्यावादहरू दृष्टान्त देखाउन सक्ने होइनन्, कल्पना चिन्तनाको आधारमा निर्देशित भएको हुनाले स्वाभाविकतालाई खोजीहिंड्ने प्रज्ञावानहरूको जबर्दस्त तर्क वितर्क परीक्षणलाई खप्न सक्दैनन् ।

बुद्ध धर्म त्यसरी कल्पनाको भरमा निराधार रूपमा निर्देशित गरिएको धर्म होइन कि कारणले गर्दा कार्य उत्पत्ति हुनुपरेकोलाई साक्षात देखाउन सकेको हुनाले जति बढि प्रज्ञा भयो उति बढी सन्तोष पाउनसकिने हुन्छ । यस विषय *मज्झिमपण्णास उपालि सुत्त*बाट उद्धृत गरी देखाउनेछु । उपालि तीर्थंकरहरूका विश्वासिला दाता थिए । उनका गुरु निर्ग्रन्थ नाटपुत्रको सल्लाह अनुसार बुद्धकहाँ वादारोपण गर्न आए । तथागतले उनले आरोपण गरेको वादलाई विभिन्न तथ्ययुक्त कारण देखाई निराकरण गर्नुहुँदा अतिव सन्तोष माने । त्यसपछि तथागतले उपदेश दिनुहुँदा स्रोतापन्न भए । बुद्ध-श्रावक



Downloaded from http://www.dhamma.digital

भएर फर्के भन्ने कुरा सुन्दा निर्ग्रन्थ नाटपुत्र आफ्‌ना पुराना दाता उपालिकहाँ आएर 'तिमी गौतमलाई वादारोपण गर्छु भनेर गएका अब श्रमण गौतमको वादको जालमा फँसेर बस्नुपर्‍यो। श्रमण गौतमको छल्ने मायाद्वारा तिमी छलियौ।' भनेर असह्य भएको अनुसार दोषारोपण गरेर बोले। त्यसबेला उपालिले 'तथागतको छल्ने माया असाध्यै असल छ। हाम्रा आफन्तहरू रइष्ट-मित्रहरू उक्त मायाद्वारा छलिन पाएमा सबैजना सुखी भएर बस्ने थिए। सारा विश्व नै छलिएर बस्न पाए भने पनि सारा विश्व नै सुखी हुनेथिए' भनेर बोली तीर्थंकरवाद र बुद्धवादबीचको अन्तरलाई नमुना उदाहरणद्वारा फेरि यस्तो भने-

## बाँदर रंगाउन पठाएको

पहिले एकजना बूढो ब्राह्मणकी जन्माउन लागेकी गर्भवती तरुणी स्वास्नी थिई। तिनले जन्मिन नै नभ्याउँदै तिनको सन्तानको लागि खेलौना बाँदर एउटा किन्न पठाई। 'पर्ख न, बच्चा जन्मेपछि मिल्ने किनौंला' भनी भन्दा पनि स्वास्नीले बारम्बार पिरेकोले बजार गएर बाँदर एउटा किनील्याइदिनु पर्‍यो। फेरि बाँदरलाई रंगाइदिन पिरेकोले रंजितकार (कपडा रंगाउनेहरू) का पसलमा गएर बाँदरलाई पिटेर नुहाइदिएर रंग लगाइदिन रंगाउनेलाई दिन लाँदा रंगाउनेले 'तिम्रो बाँदरले रंगाएको त सहन सक्ला। तर पिटेर नुहाईधुवाई गरिदिएको त सहन सक्दैन' भनी भन्यो। *(मज्झिम निकाय, उपालि सुत्त ३८-४६)* 'त्यस्तै नै निर्ग्रन्थहरूको वाद मुर्खहरूले ठूलो मान्ने गरी नक्कलीरूपमा रंगाएको त खप्नसक्ला। प्रज्ञावानहरूद्वारा जबर्दस्त तर्कवितर्क गरिनु, परामर्शन गरिनुलाई त खप्ने क्षमता छैन' भनी भने। उपालिले पहिले तीर्थंकरवादलाई मनमा गहिरोसँग घुसारी, स्वीकारी विश्वास र आस्था राखीआएको भए पनि बुद्धोपदेश सुन्न पाउँदा उक्त तीर्थंकरवादमा केही सार नभेटाई निरर्थक रहेको भावलाई स्पष्टरूपले जान्न सकेको, बुद्ध धर्ममा (त्यसमा) कुनै पनि बाहिरको शासनको धर्मसँग प्रतिस्पर्धामा जानसक्ने असल गुणहरू रहेको तथ्यलाई उल्लेख गरेको नै हो।



Downloaded from http://www.dhamma.digital

## सर्बोत्तम धर्म

गणक मोग्गल्लान ब्राह्मणले तथागतकहाँ प्रश्न सोध्दा तथागत बुद्धका विभिन्न धर्म सम्बन्धी जवाफ सुन्न पाएर अति प्रसन्न प्रफुल्लित भएकोले 'भो गौतम...जरा श्रीखण्ड जाति जतिमध्ये देवतरु-पाचेतनी सबभन्दा असल सबभन्दा श्रेष्ठ भन्नुपर्दछ। सार श्रीखण्ड जातिमा रक्त चन्दनलाई सबभन्दा विशिष्ट र सबभन्दा उत्तम भएको भन्नुपर्दछ। पुष्प श्रीखण्ड जातिमा मालती (जातिसुमना) पुष्पलाई सर्बोत्तम भन्नुपर्दछ। त्यस्तै नै आधुनिक युगमा उत्पन्न धर्म मध्येमा श्रमण गौतमको अववाद धर्म सबभन्दा राम्रो र सबभन्दा उत्तम धर्म रहेछ' भनेर प्रशंसा गरे। *(उपरिपण्णास, गणक मोग्गल्लान सुत्त ५७)*

# २-सन्दिट्ठिक गुण

## सन्दिट्ठिक वर्णन

**सन्दिट्ठिक**=स्वयं जान्न देख्न योग्य भएको धर्म। अर्काको भनाईद्वारा विश्वास र स्वीकार गर्नुपर्ने नभई प्रत्यक्ष दृष्टान्त हेर्न, देख्न र जान्न सकिने मार्ग, फल, निर्वाण धर्मलाई सन्दिट्ठिक भनिन्छ। मार्ग, फल, निर्वाणमा प्रत्यक्ष जान्नुपर्ने सन्दिट्ठिक गुण छ भनी भनिएकोले 'शासन बाहिरका सिद्धान्तवाद धर्ममा त्यसरी प्रत्यक्ष जान्नुद्वारा बुझ्ने अवसर नभई अर्काको भनाईद्वारा मात्र आशा लिईबस्नुपर्ने धर्महरू मात्र रहेको तथ्य जान्न पाइन्छ। ब्राह्मण मतमा ध्यान धर्महरू छन्। प्रत्यक्षीकृत पनि हुन्। तर उक्त ध्यान धर्महरू निर्वाण जस्तो सम्पूर्ण दुःखलाई शान्त गर्ने धातु होइन। ब्रह्मलोक पुग्ने कारण धर्महरू मात्र हुन्। ब्रह्मालाई उनीहरूले 'विश्व र सत्वहरू सृष्टि गर्ने, जीर्ण र मरण नभई सधैं स्थिर भई बस्ने' भनी भनिएको हुनाले ती ब्रह्माहरूको स्थल भूमिलाई उनीहरूको विचार अनुसार एक प्रकारको निर्वाण नै भन्नुपर्दछ। ब्रह्मालाई सधैं स्थिर रहेको भनी भनिएको उनीहरूको दृष्टान्त ज्ञान नभई



Downloaded from http://www.dhamma.digital

अर्काको भनाई मात्र हो । बुद्धवाद अनुसार वास्तविकता त उनीहरूले भने जस्तै नित्यधातु नभई रूपधातु, नामधातु नै भएकोले एकदिन मरण र विनाश भई अपायसम्म नै घोप्टोमुख परी खस्ने सम्भावना रहेका धातुहरू मात्र हुन् ।

बक ब्रह्माले आफूलाई आफैंले नित्य, विश्वलाई सृष्टि गर्ने हुँ ठानीरहे । ठनाई जस्तो यथार्थमा नभएको कुरा बुझ्नेगरी तथागत आउनुभई उपदेश दिनुभयो । कसैले स्वर्गमा विश्वलाई सृष्टि गर्ने नित्य र स्थीर रहेका अनन्त शक्तिशाली व्यक्ति छन् भनी विश्वास गरिरहेका छन् । उनका असल अनुयायीहरू उक्त शक्तिशालीकहाँ पुग्न पाउनेहरू हुन् भनी भनिरहेका छन् । ती अनन्त शक्तिशालीहरूको स्थान स्वर्गभूमि भनेको उनीहरूको विचार अनुसार एक प्रकारको निर्वाण नै हो । तर त्यस्तो निर्वाण बोल्नेले पनि अर्काको भनाईमा विश्वास गर्दै आई सुन्नेहरूले पनि बोलेको अनुसार मात्र जान्ने भइरहेकोले भनाई अनुसार मात्र रहेकोले साँच्चै नै देखिने गरी प्रत्यक्ष रूपले देखाउन नसकिएकोले प्रत्यक्ष जान्न पाइने यस बुद्ध शासनको निर्वाण जस्तो त होइन । अरु अरु विभिन्न मिथ्यावाद पनि मन गढन्त र काल्पनिक दृष्टि भ्रमहरू मात्र भएकोले त्यस्ताले कहाँबाट प्रत्यक्ष जान्नसक्ने गरी निर्देशन दिन सक्ला र ?

## सबै प्रत्यक्षीकृत मात्र

यस शासनमा रहेको निर्वाण धातु त प्रत्यक्ष जान्न देख्न पाइने र अनुभव गर्नपाइने धातु मात्र हो । उक्त निर्वाण शान्त धातुलाई देख्न जान्न पाइयो भने पछि पछि अनन्त रूपले अनुभव गर्नुपर्ने संसार दुःखहरू अन्त भई शान्त हुनजानुलाई पनि जान्न पाइन्छ । उक्त निर्वाणलाई देख्न सक्नु, मार्गधर्म, फलधर्महरू आफ्नो सन्तानमा (आफूमा) उत्पन्न भएर आएकोलाई प्रकट रूपले जान्न पाइन्छ । मार्ग, फल र निर्वाणलाई मात्र नभई उक्त मार्ग फल प्राप्ति कारण आचरणलाई आचरण गर्ने बेलामा पहिले पहिले ग्रन्थ र अर्काको



Downloaded from http://www.dhamma.digital

भनाई अनुसार मात्र जानी आएको नाम र रूपहरूको उत्पत्ति विनाश तरिकालाई विपश्यना ज्ञानद्वारा छुट्टाछुट्टै हुनेगरी विभेद गरी प्रत्यक्षरूपले नै देखिन थाल्छ। यसरी आचरण अवस्थादेखि निर्वाण पुग्ने अवस्थासम्म सम्पूर्ण साक्षात्कृत मात्र हुनाले कतिसम्म सन्तोषजनक रहेछ भन्ने ठाउँ नै छैन। पहिले आफूले शरण लिई आधार लिइआएको धर्ममा साँचो होला र यो भनी द्वन्द संशय हुन सक्छ। धर्ममा संशय भयो भने धर्माधिकारी बुद्धप्रति र उक्त धर्म रहेको संघप्रति पनि संशय हुने नै भयो। धर्मलाई प्रत्यक्षरूपले देख्ने अवस्थामा त योभन्दा राम्रो असल धर्म रहेनन्, यहि सवोत्तम धर्म हो भनी निर्धारित गरी निर्णय गरी आउनसकेको हुनाले धर्ममा बिल्कुल संशय रहित हुने हुन्छ; धर्ममा संशय नरहेपछि धर्माधिकारी बुद्ध साँच्चै बुद्ध भएको तथ्य र उक्त धर्म रहेको संघ साँच्चै संघ भएको तथ्य एकिन गरेर निर्धारित गरेर निर्णय गर्न सक्ने हुन्छ। यसरी निर्णय गर्न सक्ने हुनाले पहिले-पहिले आफूले शरण लिई आएको त्रिरत्नको सम्बन्धमा अरुले आघात गरी कुरा काटेपनि मेरो धर्म, मेरो बुद्ध उसले भने जस्तै पो हो कि, उसको धर्म पो यथार्थ हो कि आदि भनी डर भयको अवस्था रहे पनि प्रत्यक्ष जान्नपाएमा यहि धर्म मात्र असली हो, यस असली यथार्थ धर्म यो बुद्ध शासनमा मात्र रहेको छ शासनभन्दा बाहिर अरु अरु वादमतहरूमा छैन भनी ठोकेर निर्णय गर्न सक्ने भएकोले धर्मको सम्बन्धमा विशारदभावमा पुग्ने हुन्छ। त्यसैले धर्मलाई प्रत्यक्ष देखिसकेकाहरूले बुद्ध बाहेक शासनबाट बाहिर अरु शरण, अरु आधार, अरु विश्वास र अरु भरोसा भनी कसैलाई मान्दैन; बुद्धप्रति नै मात्र निरवशेष रूपले आस्था, विश्वास र भरोसा लिने गर्दछन्।

## धर्म देख्न नपाउनुको दोष

यो मार्ग, फल र निर्वाण धर्मलाई देख्न नभ्याएको बेलामा पृथग्जन जीवनमा अरु विशिष्ट जस्तो देखिने व्यक्तिलाई देख्ने बेलामा सन्तोष मान्न सक्छन्; आदर मान गर्न सक्छन्; गुरु नै बदल्न सक्छन्। सुनक्खत्त भिक्षु



Downloaded from http://www.dhamma.digital

तथागतका उपस्थापक शिष्य थिए । तथागतको श्रीशोभा र विभिन्न आचरण ऋद्धिसिद्धि ज्ञान देखेका, जानेका पनि थिए । त्यस्ता श्रीशोभा युक्त, भाग्यवान, ज्ञानवान, ऋद्धिमानको पछिपछि पात्र बोकी हिंड्नपाएको भएर पनि, अग्नि कुण्डको नजिक खरानीको रासमा सुत्ने कुकुर जस्तै चार हातखुट्टाले टेकी हिंड्ने कुकुर-व्रत धारण गरिरहेको श्रीविहीन रहेको कोरखत्तिय तीर्थंकरलाई अरहन्त भनी ठूलो ठाने । तथागतले थाहा पाउनुभई दोषारोपण गर्नुहुँदा तथागतलाई समेत झन व्यंग गरी देखाएको कस्तो हो भने- 'भन्ते..., अर्काको अरहत्त फललाई ईर्ष्या गर्नु उचित छैन' भनेका थिए । *(दी.३, पाथिक सुत्त ४)* धर्म नजानेको पृथग्जन जीवन कतिसम्म मन खिन्न लाग्दो छ, हेर त !

## कोशल राजाको निवेदन

प्रत्यक्षीकृत धर्म जान्न पाउनेले त तथागतभन्दा बढी गौरव गर्न योग्य, मान राख्न योग्य, पूजा गर्न योग्य भनी खोज्न नपर्ने हुन्छ । यो तथ्यमा *मज्झिमपण्णास धम्मचेतिय सुत्त (३२५)*- मा उल्लिखित रहेको कोशल राजाको निवेदनबाट उद्धृत अंश देखाउँछु । राजाले बिन्ती बिसाएको कस्तो हो भने 'भन्ते...,इसिदत्त र पुराण नाम भएका स्थापित (सिकर्मी) आचार्यहरू मैले रथ, ज्याला, जीविकोपार्जन, परिषद् दिइराखेका भए पनि हजुरलाई जति आदर गौरव राख्दछन्, त्यति मलाई नराख्नेहरू रहेछन् । एकचोटी युद्धको निम्ति बाहिर जानुपर्ने अवस्था आउँदा उनीहरूलाई परीक्षण गर्न मन लागेकोले एउटा सांघुरो ठाउँमा उनीहरूसँग सुतेर मैले निदाएको जस्तो स्वांग गरिरहें । उनीहरू दुबैजनाले अबेला रातसम्म धर्म छलफल गरिसकेपछि तथागततिर शिर पारी मतिर पाउ पारी सुते । त्यसबेला 'अहो आश्चर्य; यी इसिदत्त र पुराणहरूले रथ, ज्याला, परिषद्, जीविकोपार्जन सबै नै मबाट प्राप्त गरिरहेका हुँदा पनि तथागतलाई गौरव राखेजति मलाई गौरव राख्दैनन् । अवश्यमेव उनीहरूले विशिष्ट धर्मलाई उच्चतरतहसम्म पुगेको भन्दा पनि अझ उच्चतर



Downloaded from http://www.dhamma.digital

तहसम्म जानेकोले नै होला’ भनी आश्चर्य मानी विचार गरी सन्तोष मानेको छु। त्यसरी सन्तोषप्रद स्थिति देखिसकेको कारणले नै हजुर साँच्चैका बुद्ध हुनुभएको स्वभाव; धर्म उत्तम रहेको स्वभाव; यथार्थ संघ भएको स्वभावलाई अनुमानले प्रसन्नता उत्पन्न गर्न सकें’ भनी निवेदन गरे।

## ३-अकालिक गुण

### अकालिक वर्णन

**अकालिक**=समय नबित्दै फल दिने। यो गुण मार्गधर्म चारवटासँग मात्र सम्बन्धित भएको गुण हो। मार्ग चारवटा आफू उत्पन्न भइसक्नासाथ तदनन्तर फल भनिने परिणाम दिनेवाला हो। मार्ग कारण कुशल हो। फल परिणाम विपाक हो। मार्गले क्लेशहरूलाई हनन गरिदिन्छ। क्लेश शान्त र रहित हुने सुख फलले अनुभव गर्दछ। अरु-अरु कुशलहरूले पछिको जन्ममा मात्र फल दिन्छ। द्रुतगतिले फल दिने भनिने **दिट्ठधम्मवेदनीय** (दृष्टधर्म वेदनीय) कर्मले नै पनि पाँचदिन, सातदिन भएपछि मात्र फल दिने गर्छ। पुण्ण, काकवल्लिय आदि कसैकसैको कर्म दिनभरमा फल दिने त्यस्ता कर्महरू नै पनि कति-कति घडी बितेपछि मात्र फल दिन्छन्। मार्गधर्म अरु- अरु कुशल कर्म जस्तै समय पर्खेर नबसी तदनन्तर नै फल दिनसक्ने क्लेशहरूलाई एकै प्रयासमा छिनिने गरी हनन गर्न सक्ने अति-शक्तिशाली भएको आनुभावको कारणले नै हो। त्यस आनुभावको कारणले फल दिनुमा पनि अरु-अरु कुशलहरूको फलभन्दा उच्च भएको अतुलनीय भएको फल दिनसक्ने भएको हो। अरु-अरु कुशलहरूको फल क्लेश रहित नभएका र दुःख नहटेका फलहरू मात्र भएकोले क्लेश रहित भई दुःख हटेर गई शान्त शीतल भएको सुख अनुभव गर्न पाईने फल सुख परिणाम सम्पूर्ण सुखहरूको पनि शीर्षस्थ रहेको छ । यसरी द्रुतगतिले फल दिनसक्ने गरी आनुभाव प्रभाव हुने सर्वश्रेष्ठ फल दिनसक्ने भएको हुनाले मार्गको शक्ति आश्चर्यजनक रहेको छ। त्यसैले समय अन्तर नहुनेगरि तदनन्तर



Downloaded from http://www.dhamma.digital

नै फल दिनसक्ने त्यस सामर्थ्यलाई मार्गको विशिष्ट गुणको रूपमा **'अकालिको'** भनेर उच्चस्तरले प्रशंसा गरिएको हो। (रतनसुत्त, यं बुद्धसेट्ठो) आदि गाथा वर्णन (पेज २१७ पनि हेर्नू।)

## ४-एहिपस्सिक गुण

### एहिपस्सिक वर्णन

**एहिपस्सिक**=आएर आचरण गरी हेर्नू नि, भनेर आमन्त्रण गर्न योग्य भएको धर्म। प्रकट रूपमा रहिरहेको धर्म भएको कारणले र अति पवित्र परिशुद्ध रहेको कारणले आएर आचरण गरी हेर्नू भनी धेरैलाई आमन्त्रण गरी देखाउन योग्य भएको धर्म भन्ने मतलब हो। लोकमा प्रदर्शनी-गृह आदिमा प्रदर्शनी गरिएका केही पनि चीज छैन भने अथवा भएका चीजवस्तुहरू परिशुद्ध नभएको र अनाकर्षक भए भने धेरै मानिसहरूले हेर्न नरुचाउने हुनाले आमन्त्रण गरी बोलाई कसरी देखाउन योग्य होला र ! मार्ग, फल र निर्वाण धर्महरू त आफ्नो सन्तानमा प्रकट रूपमा देख्नसकिने भएकोले विद्यमान भएको धर्म पनि हो। बादल र धुवाँ रहित भई अतिव सफा भई पूरा चम्किरहेको पूर्ण चन्द्रमा झलमल उज्यालो भई जति हेरे पनि हेर्न नपुग्ने माणिक रत्न समान अति नै परिशुद्ध भई निर्दोष पनि रहेको हो। त्यसैले धेरैलाई डाकेर देखाउन सकिने गरी प्रभावकारी भएको हुनाले 'एहिपस्सिक' भन्नुपऱ्यो।

### अर्को तरिकाबाट डाक्न मिल्ने

मार्ग अरु अरु कुशलहरू जस्तै समय नतानिकन कालको अनन्तरमा नै तदनन्तर फल दिने अकालिक गुणले युक्त छ भनी भनेको छु। तुरन्त फल अनुभव गर्न पाइने, अनुभव भएको फल पनि शान्त, शीतल र सुखपूर्ण भएको निवृत्ति रस भएकोले कुनै पनि कुशलले दिन नसक्ने सर्वविशिष्ट फल पनि



Downloaded from http://www.dhamma.digital

हो । त्यसो हुनाले मार्गको यस अकालिक गुण अनुसार नै धेरैलाई पनि डाकेर देखाउन मिल्ने गुणांगले पूर्ण रहेको छ । त्यसपछि फेरि लोकमा अद्‌भूत कुरा भयो भने स्वयं आफूले पनि हेर्न मन पराउँछन् । साथिभाई र स्नेहपात्रहरूलाई पनि सन्तुष्ट हुनेगरी डाकेर देखाउने मन हुन्छ । अरु अरु धर्महरू धेरै धेरै जन्ममा बारम्बार जसले पनि प्राप्त गरिसकिएको हुनाले केही विशेषता रहेको होइन । त्यसैले अभूतपूर्व रूपमा अद्‌भूत रूपले यी धर्महरू उत्पन्न हुनआएको अवस्थामा पहिले अनुभव गर्न नपाएको किसिमले विशेषरूपले आश्चर्य मान्नु, आकर्षक मान्नु, प्रसन्न हुनु अनुभव गर्न पाउँदछन् । त्यसबेला यस्तो धर्म आफ्ना स्नेह-पात्रहरूलाई दिलाउन मन लाग्ने, सुनाउन तथा देखाउन मन लाग्ने आशा छन्दहरू जोडतोडले उत्पन्न भइआउने भएकोले आफूले पाएको जस्तै यो धर्म लाभ हुनेगरी उद्योग गर्नलाई, गराउनलाई प्रेरणा दिने, बोलाई देखाउने गर्दछन् ।

बुद्धकालीन अवस्थामा यसरी परस्पर आमन्त्रण गरेर आचरण गर्न लगाएकोले पनि आर्यहरू अचम्म तरिकाले बृद्धि भएको हो । यी तथ्यहरूद्वारा पनि धर्मको **'एहिपस्सिक'** गुण प्रकट भएको हो ।

Dhamma.Digital

## बुद्धको आमन्त्रण विधि

तथागतले पनि **'एहि पस्स**=आऊ, आचरण गरी हेर' भन्ने भावले बताउनुभएका उपदेशहरू धेरै-धेरै नै छन्; 'यो मेरो शासनमा मात्र प्रथम श्रमण स्रोतापन्न छ, द्वितीय श्रमण सकृदागामि, तृतीय श्रमण अनागामि, चतुर्थ श्रमण अरहन्त पनि यो मेरो शासनमा मात्र छ; मेरो शासनभन्दा बाहिरका अरु अरु सिद्धान्त र वादहरू त यी चारै श्रमणहरूबाट शून्य र रहित रहेका वादहरू हुन् ।' *(दी. २ ; महावग्ग; महापरिनिब्बान सुत्त १२४)* 'श्रमण हुने कारण मार्ग, फल र निर्वाण हो । मार्ग, फल र निर्वाण धर्महरू उक्त धर्म लाभका निम्ति आचरणहरू अरु ठाउँमा छैन; मेरो शासनमा मात्र छ; । आऊ, आचरण गरी हेर' भनी आज्ञा हुने इच्छा लागेकोले नै यस धर्मको **'एहिपस्सिक'**



Downloaded from http://www.dhamma.digital

गुण उल्लेख भएको हो। यस देशनाद्वारा मार्ग, फल र निर्वाण नभएको शासनभन्दा बाहिरका अरु अरु सिद्धान्त र वादमा **'एहि, पस्स'** भनी आमन्त्रण गर्न सकेको धर्म छैन; भनाई अनुसार मात्र विश्वास गर्नुपर्ने धर्महरू छन्। **'एहिपस्सिक'** गुणयुक्त हुन नसकेका धर्महरू मात्र हुन् भन्ने तथ्य जानकारी दिनुभएको हो।

## अरू तरिकाबाट आमन्त्रण विधि

**महासतिपट्ठान सुत्त**-मा 'दाह र सन्ताप हुनु, शोक, रोइ-कराई गरी हिंड्नु, परिदेवहरूलाई नाघ्नको निम्ति, शारीरिक दुःख, मानसिक कष्ट पूर्णतः निरोध र शान्त गर्नको निम्ति, आर्यमार्ग प्राप्त गर्नको निम्ति, निर्वाणलाई साक्षात-रूपले पुगेर जान्नको निम्ति एउटा मात्र बाटो, एउटा मात्र मार्ग छ। सो मार्ग स्मृतिप्रस्थान धर्म एउटा मात्र हो' भनी बताउनुभयो। उक्त देशनाद्वारा 'आऊ, स्मृतिप्रस्थानलाई आचरण गरी हेर। आचरण गऱ्यौ भने आर्यमार्ग लाभ हुन्छ, निर्वाणलाई प्रत्यक्ष जान्न पाउनेछौ, जान्यौ भने शोक परिदेव हराएर जानेछ, शारीरिक र मानसिक दुःख उत्पत्ति पूर्णतः बन्द हुन्छ। सुख मात्र उत्पत्ति हुन्छ' भनी आज्ञा हुने इच्छा मुख्य भएकोले आफ्नो धर्मको **'एहिपस्सिक'** गुणलाई देखाउनुभएको नै हो। यसरी **'एहिपस्सिक'** गुण देखाइएका देशनाहरू धेरै धेरै नै छन्।

# ५-ओपनेयि्यक गुण

## ओपनेयि्यक वर्णन

**ओपनेयि्यक**=आफ्नो मनको गहिराइसम्म धारण गरिराख्न योग्य भएको धर्म। आफ्नो निम्ति नभई नहुने प्रयत्न पूर्वक प्राप्त गरिलिनुपर्ने धर्महरू भन्ने भाव हो। मार्ग, फल र निर्वाण धर्महरू त दुःख निरोध र शान्त हुनुको कारण साँच्चैको सर्वश्रेष्ठ आत्महितकर र अर्थकर नै भएकोले ती



Downloaded from http://www.dhamma.digital

धर्महरूभन्दा प्राप्त गरीलिन गाऱ्हो अरु धर्महरू भन्ने कहाँ पाउला र ! त्यसैले ती धर्महरू उत्पन्न नगरी नहुनेगरी निरन्तर हतार हतार प्रयत्न गरी प्राप्त गरीलिनको निम्ति उत्तम भएका तथागतले बारम्बार दोहऱ्याई दोहऱ्याई धेरै पटक प्रेरणा दिइराख्नु भएको छ ।

छातीमा भालाले घोपिएको व्यक्तिले त्यो भाला झिक्नको लागि हतार-हतार प्रयत्न गर्नुपरे जस्तै नै, शिरमा आगलागी भएको व्यक्तिले त्यो आगो निबाउन हतार-हतार प्रयत्न गर्नुपरे जस्तै नै संसार भय देख्ने व्यक्तिले स्मृति धर्म दरिलोसँग राखी सत्कार्यदृष्टि निर्मूल हुने गरी उखेली फाल्नको निम्ति निरन्तर प्रयत्न गर्न योग्य छ। *(सगाथावग्ग देवतासंयुत्त १२)* यो त उहाँ तथागतको विशेष प्रेरणा नै हो। सत्कायदृष्टि रूप र नाम स्कन्धमा म भन्ने आत्मोपादान अनुसार चिप्लेर जानाले गल्ती रहेको सिद्धान्त भएकोले उक्त दृष्टि शाश्वत, उच्छेद आदि दृष्टि, ती विभिन्न अकुशलहरूको आधारभूत रहेको कारणले गर्दा संसार दुःखहरूलाई फुर्सद नदिई सम्बन्ध नटुटाई बारम्बार अन्त नहुने गरी अनुभव गर्नपर्नुको कारण बीज रहेको छ। उक्त दृष्टि हुनेहरूका निम्ति चार अपाय आफ्नो निजी घरजस्तै भइरहेको हुनाले नर्काग्निले पोलेको अनुभूति गरिरहनुपरेको, प्रेत भई खाने पिउने नपाई भोकै बस्नुपरेको, तिरश्चीन भई अनेक दुःख भोग गरिरहनुपरेको रूपमा रुक्दै नरुकिकन कष्ट भोग गरिरहनु पर्ने हुनाले कर्म सप्रेर सुगतिमा पुग्नपाउनु भनेको जीवन सातदिन सातरात कालो अन्धकारले छोपिएको वर्षातमा एक-दुइपल्ट केही सेकेन्डभरजति मात्र बिजुली चम्कनु जस्तो मात्र हो। यतिसम्म अन्त नहुने गरी भोग्नुपर्ने अनन्त दुःख पीडाको कारणले उक्त दृष्टिलाई हतर-पतर उखेली फाल्नको लागि प्रेरित गर्नुभएको हो।

## मुख्य अभिप्राय

यसमा मार्ग लाभ भएमा मात्र सत्कायदृष्टि निर्मूल हुनेगरी हटाउन सकिने भएकोले 'सत्काय दृष्टि हटाउन सकिने गरी उद्योग गर' भन्ने



Downloaded from http://www.dhamma.digital

भनाईद्वारा मार्ग, फल र निर्वाण लाभ हुनेगरी विपश्यना कार्यमा उद्योग गर भनी आज्ञा गर्नु नै मुख्य हो । छातीमा भालाले घोपिएको व्यक्ति, शिर जलिरहेको व्यक्तिको उपमा पनि अतिव मार्मिक छ । छातीमा भाला घोपिएको व्यक्तिलाई त्यो झिक्नुभन्दा अत्यावश्यक भएको काम काज अरु छैन । शिर जलिरहेको व्यक्तिलाई पनि त्यस्तै नै आगो निबाउनुभन्दा अत्यावश्यक भएको काम अरु कहाँबाट होला र ! (यो) उपमा सत्काय दृष्टिको तुलनामा साह्रै निम्नकोटीको उपमा मात्र हो । किनभने छातीमा भाला घोपिएको, शिरमा आगो लागेको व्यक्तिको दुःख एक जीवनको निम्ति मात्र हुने दुःख भएकोले अन्त नहुने गरी भोग गर्नुपर्ने सत्कायदृष्टिबाट हुने दुःखको तुलनामा केही पनि बोल्ने ठाउँ नभएको कारणले नै हो । त्यसो हुँदा त्यो भाला घोपिएको व्यक्तिले भाला झिक्न आवश्यक हुनुभन्दा पनि र शिरमा आगो लागेको व्यक्तिले आगो निबाउनु आवश्यक हुनुभन्दा पनि सत्काय-दृष्टि हटाउनुको लागि शयौंगुणा बढी झन आवश्यक रहेको छ । त्यसरी अत्यधिक रूपले आवश्यक भइरहेकोले नै छातीमा भाला घोपिएको व्यक्तिले भाला नझिकिकन नै, शिर आगोले जलिरहेको व्यक्तिले आगो ननिबाइकन नै सत्कायदृष्टिलाई हटाउनसक्ने गरी हतर-पतर काम गर्नुपर्छ भनी अभिप्राय ग्रहण गर्नुपर्दछ ।

## आवश्यकताको अर्को थरि

कुनै-कुनै पालिमा आगोले जलिरहेको शरीरको वस्त्रलाई र शिरलाई समेत वास्ता किस्ता राख्दैन; चिन्ता नलिइकन धर्म-लाभ हुनेतिर मात्र प्रयत्न गर्नको निम्ति बताइएको छ । बुद्धकालीन अवस्थामा कुनै कुनै आर्यहरूले तथागतको आकांक्षा अनुरूप हतर-पतर उद्योग गरे । जंगलमा भावना धर्म उद्योग गरिरहनुभएका तिस्स स्थविरलाई अंशभाग दिनुपर्ला भनी डराएका उहाँका भाइ-बुहारीले पाँचसय चोरहरू पठाई मार्न लगाईन् । रातभर मात्र पर्खिनको निम्ति उनीहरूसँग वचन मागी स्थविरले नजिकै रहेको एउटा



Downloaded from http://www.dhamma.digital

ढुँगाले आफ्ना दुबै घुँडा फुटाली हत्यारोको चित्त बुझाइदिनुपर्‍यो । त्यसपछि रगत खलखल आइरहेको त्यो भाँचिएको घुँडाबाट उत्पन्न भएको अति तीब्र दु:खाईको चिन्ता नलिई भावना धर्मलाई मात्र जोडतोडले उद्योग गरेर लग्दै अरुणोदय हुँदा अरहन्तत्वमा पुग्नुभयो । *(दी.ट्ठ. २; महासतिपट्ठान सुत्त ३३९)* किन यतिसम्म पनि दु:खलाई चिन्ता नराखी अति उत्साहित भई उद्योग गर्नुपरेको त ? यस शासनमा मात्र लाभ हुनसक्ने महान अवसरलाई छुटाउनुपर्‍यो भने विनिपात महाभयं टाँसिएर पछ्याउँदै आइरहने पृथग्जन जीवनले अनन्त दु:खहरू भोग गर्नुपर्ने स्थितिलाई विचार गरी राम्ररी देख्नुभएको कारणले नै हो ।

## नजिक पुगेपछि मात्र मरणबाट भयभीत

जरा भय, रोग भय, मरण-भय, अपाय-भय आदि संसार भयहरू त सत्वहरूकोनिम्ति अति भयानक भयहरू हुन् । विशेषत: मरण भयदेखि अति डराउँछन् । मार्ग, फल र निर्वाण त सम्पूर्ण भयहरूलाई पंछ्याई रोकेर हटाई खत्तम पार्नसक्ने हो भनेर तथागतले जीवन बिमा/सुरक्षा दिइराख्नुभएको ठोस धातु, सार-तत्व असल औषधि हो । मरण भयदेखि डराउने व्यक्तिहरूले उक्त तथागत भैषर्ज्य प्राप्त गर्नको निम्ति महत्व दिई उद्योग गर्दछन् । उक्त धर्म प्राप्तिको निम्ति बेहोशीहरू त मरण भयदेखि नडराएकोले होइन साह्रै प्रमत्त व्यक्तिहरू भएकाले मरण भयलाई नदेखेको मात्र हो । उनीहरू मरण हुन लाग्यो भनी जान्नासाथै अवर्णनीय किसिमले डराउने हुन्छन् । सम्राट अशोकका भाइ तिस्स राजकुमार एकदिन वनक्रीडामा गएको बेलामा मृगहरू देखी 'यी घाँस खाई बाँच्ने मृगहरू त रमाइलो मानी बस्न सक्छन् । मिठा मिठा, असल असल खाइपिई उच्चकोटीका शैय्यामा सुत्नपाएका भिक्षुहरूलाई त भन्ने ठाउँ नै के रहला र' भनी अयोग्य कुरा कल्पना गर्न पुगे । आफ्नो कल्पना दाजु सम्राटलाई निवेदन गर्दा उनलाई अनुशासन गर्ने इच्छा भएकोले 'भाइ, तिमीले सातदिनसम्म राजसुख भोग गर, सातदिनपछि भने तिमीलाई



Downloaded from http://www.dhamma.digital

मार्नु पर्ला' भनी हुकुम भयो । सातदिनपछि मर्नुपर्ने चिन्तनाले, शोकसन्तापले सन्त्रस्त भइरहेका राजकुमारले अतिव रमाइलो मान्नयोग्य राजसुख वैभवलाई कहाँ पो आकर्षक रमाइलो मान्न सक्थे र ?

सातदिन बितेपछि 'कस्तो हो नि भाइ, राजसुख अनुभव गर्नु रमाइलो छ कि ? भनी सोधे । 'दाजु, मरण भयले भयभीत र त्रसित रहेको हुँदा कहाँ रमाइलो मान्न सकियो र' भनी निवेदन गरेपछि 'अँ, मेरा भाइले सातदिनपछि मृत्य हुनुपर्नेछ भनेर थाहापाउँदा यतिसम्म रमाइलो, आकर्षक प्रसन्नता अनुभव गर्न सकेनन् भने भिक्षुहरूले स्वासप्रस्वास गर्दा समेत प्रत्येक पटक अटुटरूपमा मरणभय सँगै टाँसिरहेको जस्तो सम्भिरहेपछि कहाँ आनन्द र मज्जा मान्न सक्ला र' भनी आज्ञा गर्नुभयो । अनि मात्र बुद्धशासनप्रति अतिव श्रद्धालु र प्रसन्न भए । पछि भिक्षु भइसकेपछि अरहन्तत्वमा पुगे । (*वि.द्व.१; निदान ४१)* तिस्स राजकुमारलाई त पहिले मरण हुनपर्नुलाई भयभीत हुनुपर्ने विषय हो भन्ने सम्म पनि थाहा थिएन; अति प्रमत्त भइरहेका थिए । सातदिनपछि मार्छु भनेपछि मात्र मृत्यु डरलाग्ने रहेछ भन्ने थाहा भयो । त्यसपछि मात्र शासनमा मरण हुनुनपर्ने अमृत औषधि खोजी हेर्दा आफूले इच्छा गरेको मार्ग, फल र निर्वाण भन्ने अमृत औषधि लाभ भएको थियो । पछि त मरण भय जति अगाडि आए पनि मरण हुनुदेखि डर लागेन । यस जन्मको च्युतिको अनन्तरमा अनुपादिशेष निर्वाण धातुमा पुगेर सदा सुख अनुभव गरी बस्न पाउने हुन्छ । त्यसो हुने बेलामा योभन्दा बढी चित्तको भित्र नजिक राखेर धारण गरिराख्न योग्य अर्को धर्म कहाँ पो पाइएला त ?

## शासनिक असल खेत

अवश्य हो, माटो पनि लस्सा नभएको, लस्सा सुकेको, कडा रहेको, रंग फुस्रो भएको, बिउ पनि नक्कली भयो भने बिरुवा रोप्नेको प्रयास ठीक ठाउँमा नपरी असल बाली भित्र्याउन पाउँदैन । असल, लस्सादार र ओज सम्पन्न भएको (उर्वरायुक्त) माटोमा अतिव शुद्ध भएको ताजा र असल बिउ रोप्न पायो



Downloaded from http://www.dhamma.digital

भने धेरै असल बाली उत्पन्न गरिलिन पाउँछ । शासनबाट बाहिरका वादहरू त कडा माटो समान भई तिनका धर्म सिद्धान्तहरू पनि कुहेको, कीरा लागेको बिउ जस्तै भएकोले कहाँबाट पो यथार्थ सत्य रहेको आत्मार्थ बालीनाली उमार्न सकिएला र ! उहाँ तथागतको शासन त उपरोक्त गुणानुसार साह्रै ओजयुक्त (उर्वरायुक्त) भएको सारयुक्त भएको, आकर्षक, असल, यथार्थ भएको माटो समान रहेको छ । आचरण धर्महरू पनि साह्रै खुकुलो, साह्रै कस्सिएको, एउटा अन्ततिर ढल्किएको जस्तो आचरण होइन, मध्यम प्रतिपदा सर्लक्क, सोझो परेको आचरण भएकोले सडेगलेकोसँग नमिसिई कीराले खानुबाट पनि मुक्त रहेको अतिव शुद्ध र निर्दोष भएको शक्तिधातु पूरा भएको बिउ समान प्रयास गर्न योग्य मात्र रहेको छ । त्यसैले लोकमा सफल भएको रहेछ । समृद्ध भएको रहेछ; फलेफुलेको रहेछ भन्ने आचरण बीजको प्रभाव फलबालीहरू भन्दा पनि उच्च र बेजोड किसिमले अतिक्रमण हुनेगरी सुख धारण गर्ने, धारण गर्ने शक्ति भएको मार्ग, फल र निर्वाण भन्ने धर्मका फलहरूलाई उत्पन्न गर्न सक्ने, बनाउन सक्ने, अनुभव गराउनसक्ने भएकोले कुन शासनले, कुन धर्मले, कस्ता सिद्धान्त वा वादले प्रतिस्पर्धा गरी जित्न सक्ने होला नि ? बुद्धकालीन अवस्थामा गुण अनुसार श्रीपेज धारण गर्नसके जस्तै आजको युगमा पनि तुलना गर्न नसकिने गरी, प्रतिस्पर्धा गर्न नमिल्ने गरी उच्चस्थ स्थितिमा रहेको झण्डा फहराई श्रीपेच धारण गरी नै रहेका छन् ।

## संवेग जागेमा मात्र धर्म याद

उपरोक्त कारण अनुरूप तथागतको धर्म साँच्चै मनमा गडिने गरी धारण गर्न योग्य, लाभ गरिलिन योग्य तथा यथार्थ भएको सत्य धर्म हो । त्यतिसम्म लाभ गर्न योग्य सही धर्म रहेको तथ्य जाने पनि मानिसहरू रस-रंगमा रमाइलो मानी प्रमादी भइरहने बेलामा धर्म याद आउँदैन; संत्रस्त हुनथाल्दा मात्र सम्झना गर्दारहेछन् । एकचोटी शक्र देवेन्द्र तथागतकहाँ आएर **तण्हासंखयविमुत्त** (=तृष्णाबाट मुक्त भएको निर्वाणमा विमुक्त भई



Downloaded from http://www.dhamma.digital

बसेको) व्यक्ति हुने कारण धर्मको प्रश्न अगाडि सारी निवेदन गरेको अवस्थामा तथागतले आज्ञा गर्नुभयो । शक्र देवेन्द्र पनि अति नै प्रफुल्लित भई सन्तुष्ट भई अभिनन्दन गरी देवलोकमा फर्केर गए ।

त्यसबेला आयुष्मान मौद्गल्यायन देवेन्द्रको अभिनन्दन शब्द सुनेर देवेन्द्रकहाँ गई परीक्षण गर्ने विचार उठेकोले देवलोकमा जानुभयो । त्यसबेला देवेन्द्र एक पुण्डरीक भन्ने उद्यानमा बाजा बजाई, बंशी बजाई नाच्दै गीत गाइरहेका देव-अप्सराहरूसँग खुप रमाइलो गरी रसरंग गरिरहेको समय परेछ । आयुष्मान मौद्गल्यायन आउनुहुँदा गीत गाई, बाजा बजाइरहेको रोक्नलगाई स्वागत गरी कुशल-वार्ता गरेपछि आयुष्मानले तथागतबाट देवेन्द्रले सुनिआएको त्यो उपदेश आफूलाई बताउनको निम्ति आज्ञा गर्नुभयो । देवेन्द्रले सो धर्मकथा स्मरण गर्न नसकेको हुनाले कुरा छोप्ने हिसाबले आफू देवताहरूका ठूला साना मामिलाले गर्दा ब्यस्त रहेको हुनाले एक-दुइपल्ट सुनेका उपदेशहरू बिल्कुल नसम्भेको तथ्य निवेदन गरी उहाँलाई बेजयन्त प्रसादमा आमन्त्रण गरेर लगी वेजयन्त प्रासादको वर्णन सुनाइरहे ।

त्यसबेला मौद्गल्यायन भन्तेले 'साह्रै बिर्सने शक्र रहेछन्, थर्काउनु पर्‍यो' भनेर ऋद्धिले वेजयन्त प्रासादलाई बुढी औंलाको कापमा च्यापी लग लग हल्लाइदिनुभयो (भूकम्प पारिदिनुभयो ।) त्यसबेला मात्र आश्चर्य र स्तम्भित भई धर्म सम्भेर तथागतबाट सुनेर आएको उपदेश फेरि बताउन सके । *(मूलपण्णास चुलतण्हासंखय सुत्त ३१८)*

यस कथावस्तुद्वारा रमाइलो भइरहने बेलामा धर्म बिर्सने र त्रास लाग्ने बेलामा मात्र धर्म सम्भने रहेछ भनी जान्न पाइन्छ । त्यसैले संसार भय दुःखबाट त्राश लाग्नेगरी चित्तलाई पल्टाई ओपनेयि्यक गुणले सम्पन्न भई उत्तम रहेको तथागतको धर्मलाई प्राप्त हुने कारण उत्तम र पवित्र भएको मध्यम प्रतिपदा उत्तमाचरणलाई अत्याधिक रूपले चित्तको जोश प्रबल गरी जोडतोडले उद्योग प्रयत्न गर्न योग्य छ र गर्न सुहाउँछ ।



Downloaded from http://www.dhamma.digital

# ६-पच्चत्तं वेदितब्बो विञ्ञूहि गुण

## पच्चत्तं वेदितब्बो विञ्ञूहि वर्णन

**पच्चत्तं वेदितब्बो विञ्ञूहि**=विद्वद्‌जनहरूले प्रत्यक्ष स्वयं आ-आफैले आफ्नो सन्तानमा (मनसन्ततिमा) जान्नुपर्ने, अनुभव गर्नु पर्ने हो। ग्रन्थ, साहित्यको अध्ययन बहुश्रुत धेरै हुने विद्वानहरूलाई अरु-अरु क्षेत्रमा 'विञ्ञू' (=विज्ञ) भन्नु परेपनि यस **'पच्चत्तं वेदितब्ब'** गुण त ती विञ्ञू-हरूको क्षेत्र होइन। मार्ग जान्ने आर्यहरूलाई मात्र **'विञ्ञू'** भन्नुपर्दछ। ती विद्वान आर्यहरूले त प्रत्यवेक्षण ज्ञानद्वारा आफ्नो सन्तानमा मार्ग र फल उत्पन्न भइसकेको र आफूले निर्वाण साक्षात्कार गरिसकेको जान्दछन्। फल समापत्तिद्वारा निर्वाणधातुलाई देखी श्रेष्ठोत्तम भएको निवृत्ति रसलाई पनि अनुभव गर्दछन्। त्यसरी जानी अनुभव गर्नुमा पनि आफ्नो मार्ग, आफ्नो फल, आफ्नो निर्वाण थरीथरीलाई प्रत्यक्ष स्वयं आआफैले भेटाएर देखेर, अनुभव गर्न पाइने भएकोले **पच्चत्तं**=थरी थरी प्रत्यक्ष स्वयं आआफूले आफ्नो सन्तानमा; **वेदितब्बो**=जान्नुपर्ने अनुभव गर्नुपर्ने हो भनी भनिएको छ।

## साँच्चैको निजी धर्म

यी धर्महरू त आफूसँग मात्र सम्बन्धित रहेको साँच्चैको आफ्नो निजी धर्म हो। अवश्य नै हो, गुरुको मार्गले शिष्यको क्लेशहरूलाई हटाई-मेटाइ दिनसक्दैन। गुरुको फल समापत्तिद्वारा शिष्य सुखले बस्न सक्दैन। गुरुले प्रत्यक्ष-रूपमा साक्षात्कार गरिराखेको निर्वाणलाई शिष्यले साक्षात्कार गर्न सक्छ भन्ने छैन। यी धर्महरू त साँच्चै आफ्नो चित्तमा सुनिश्चित रूपले भेटाउनुपर्ने, देख्नुपर्ने विद्वत्‌जनले प्रत्यक्ष अनुभव गर्नुपर्ने धर्महरू मात्र हुन्। यहाँ **'विञ्ञूहि'**



Downloaded from http://www.dhamma.digital

को स्वरूप आर्य प्रज्ञावानहरू मात्र हो भनी अर्थ लिनुपर्ने भएकोले *विशुद्धि मार्ग (१-२१०)* मा **'बालानं पन अविसयो एस**=यी धर्महरू बाल (मूर्ख) हरूको क्षेत्र होइन, बालहरूसँग हुनु योग्य छैन ' भनी भनिएको हो ।

## फल परस्परमा विशिष्ट रूप

यस गुणले अरु अरु लौकिक कुशल फलहरूसँग फरक रहेको स्वरूप जान्न पाइन्छ । लौकिक कुशलका कारणले लाभ हुने फल अरु सबैलाई बाँड्न सकिने र अनुभव गराउन सकिने पनि हो । उपमा-कुशल कर्मको कारणले धन सम्पत्ति धेरै भएमा अरुलाई दिन सकिन्छ । राम्रो घर, राम्रो ओछ्यान, राम्रो ठाउँ पाइयो भने अरुलाई बसालेर सुख बाँड्दिन सकिन्छ । मार्ग कुशलको कारणले उत्पत्ति भएको फल परिणाम त त्यसरी अरुलाई बाँडेर दिएर पाइने फल होइन । आफ्नै फलले मात्र शान्त र शीतल हुने निवृत्ति रस अनुभव गर्न पाइन्छ । मार्ग र फल थरी थरी भए जस्तै निर्वाण पनि थरी थरी रहेकोले आआफ्ना निर्वाण आआफूले आरम्मण गरिबस्नु पर्छ ।

यसरी शरण लिन आउनेलाई सृष्टिकर्ता परमेश्वरले तारीदिनसक्छन् भन्ने धर्म जस्तो नभई आफ्नो सही आचरण, सत्य मार्गद्वारा बारम्बार गरिने कोसिस अनुसार स्वयम् आफैंले आचरण गरी स्वयम् आफैंले जान्न पाइने, अनुभव गर्नपाइने धर्म रहेको तथ्य यस गुणले देखाई राखेको हुनाले धर्मको यथार्थतः प्रकट रूपमा रहेको, उत्तम पवित्र भई सही रहेको, साँच्चै फल भएको आदि कारणले गर्दा शासनभन्दा बाहिरको धर्म भनिएकोसँग बिल्कुल असमान भई एउटै तालमा विशेषता भएको अति नै भरोसा लिई सम्मान गरिनुपर्ने विशेष भरोसा लिन योग्य धर्म भएको तथ्य राम्ररी जान्न सकिन्छ ।

**(९२) धम्मं हि वो भिक्खवे अनुस्सरतं यं भविस्सति भयं वा छम्भितत्तं वा लोमहंसो वा; सो पहीयिस्सति ।**

(९२) **हि**=सम्झनुपर्ने कारण के हो भने; **भिक्खवे**=भिक्षुहरू हो; **धम्मं**=धर्मलाई; अनुस्सरतं=बारम्बार सम्झनेहरू; **वो**=तिमीहरूलाई; **यं भयं**



Downloaded from http://www.dhamma.digital

**वा**=जुन भय; **यं छम्भितत्तं वा**=जुन शरीर काम्नु; **यो लोमहंसो वा**=जुन रौं ठाडो-ठाडो हुनु; **भविस्सति**=हुन्छन्; सो=उक्त डराउनु, शरीर काम्नु, रौं ठाडो-ठाडो हुनु; **पहीयिस्सति**=हटेर जानेछ।

**(९३) नो चे धम्मं अनुस्सरेय्याथ;**
**अथ संघं अनुस्सरेय्याथ-**

(९३) **धम्मं**=धर्मलाई; **नो चे अनुस्सरेय्याथ**=यदि सम्झेनौ भने; **अथ**=त्यसरी सम्झना गर्न नभ्याइने बेलामा; **संघं**=संघलाई; **अनुस्सरेय्याथ**=अनुस्मरण गर्नू।

**(९४) 'सुप्पटिपन्नो भगवतो सावकसंघो,**
**उजुप्पटिपन्नो भगवतो सावकसंघो,**
**ञायप्पटिपन्नो भगवतो सावकसंघो,**
**सामीचिप्पटिपन्नो भगवतो सावकसंघो,**
**यदिदं चत्तारि पुरिसयुगानि अट्ठ पुरिसपुग्गला;**
**एस भगवतो सावकसंघो,**
**आहुनेय्यो, पाहुनेय्यो,**
**दक्खिणेय्यो, अञ्जलीकरणीयो,**
**अनुत्तरं पुञ्ञक्खेत्तं लोकस्सा'ति।**

(९४) **भगवतो**=बुद्ध भगवानका; **सावकसंघो**=शिष्य श्रावक संघ; **सुप्पटिपन्नो**=तथागतको उपदेश ननाघ्ने गरी देखाइएको अनुसार मात्र सबभन्दा राम्ररी आचरण गर्नुहुन्छ; **भगवतो**=बुद्ध भगवानका; **सावकसंघो**=शिष्य श्रावक संघ; **उजुप्पटिपन्नो**=मध्यम प्रतिपदा आकर्षक मार्गमा राम्ररी पाइला चाली नबाँगिने गरी सिधा सिधा आचरण गर्नुहुने; **भगवतो**=बुद्ध भगवान्का; **सावकसंघो**=शिष्य श्रावक संघ; **ञायप्पटिपन्नो**=साँच्चैको सुख निर्वाणमा पुग्नुलाई महत्व दिएर आचरण



Downloaded from http://www.dhamma.digital

गर्ने; **भगवतो**=बुद्ध भगवानका; **सावकसंघो**=शिष्य श्रावक संघ; **सामीचिप्पटिपन्नो**=देव मुनष्यहरूले प्रसन्न मानी गौरव राख्न योग्य हुने गरी ग्रहण गर्न योग्य अवसर हुने गरी गुणांग बृद्धि गरी आचरण गर्ने; **यदिदं चत्तारि पुरिसयुगानि**=मार्ग र फल दुइथरी समभावले जोडा मिलेका जो पुद्गलसमूह चार जोडी; **अट्ठ पुरिसपुग्गला**=आठजना आर्य पुद्गल उत्तम पुरुषहरू; **होन्ति**=रहेका छन्; **भगवतो**=बुद्ध भगवानका; **एस सावकसंघो**=यी शिष्य श्रावक संघ; **आहुनेय्यो**=टाढादेखि नै आह्वान गरी बोलाई दिएको दातर्ब्य पदार्थलाई ग्रहण गरिलिन योग्य हुनुहुन्छ; **पाहुनेय्यो**=स्नेह र सम्मान राख्नयोग्य, आफन्त कल्याण मित्रहरूलाई भनी भब्यरूपले विशेष ब्यवस्था गरिराखिएको अतिथि पाहुना आगन्तक दानलाई सुनिश्चित रूपले ग्रहण गरिलिन योग्य हुनुहुन्छ। **दक्खिणेय्यो**=विभिन्न सुख फललाई उद्देश्य गरी दिइने सही दानलाई ग्रहण गरी लिन योग्य हुनुहुन्छ। **अञ्जलीकरणीयो**=असल प्रतिफल आशिका गरी दुबै हात शिरमा उचाली गरिएको साँच्चैको सही प्रणामलाई ग्रहण गरिलिन योग्य हुनुहुन्छ; **लोकस्स**=सम्पूर्ण लोकको; **अनुत्तर**=विशाल वैपुल्य प्रतिफल अनुसार तुलना नभएको बेजोडको; **पुञ्ञक्खेत्तं**=असल जातको बिउ रोपिने खेत समान अनर्घ अमूल्य असल यथार्थ भएको खेत हुनुहुन्छ; **इति**=यसरी; **अनुस्सरेय्याथ**=अनुस्मरण गर्नू।

## संघगुणको भावार्थ

धर्मको गुणलाई स्मरण गर्न भ्याएन भने संघगुणलाई स्मरण गर्नु। तथागतका शिष्य संघले राम्ररी आचरण गर्नुहुन्छ। सिधा सिधा आचरण गर्नुहुन्छ। निर्वाण प्राप्तिलाई महत्व दिई आचरण गर्नुहुन्छ। देव मनुष्यहरूका आदर गौरव ग्रहण गर्न सुहाउने गरी आचरण गर्नुहुन्छ। जोडा अनुसार चारजोर, छुट्टाछुट्टै अनुसार आठजना रहेका यी तथागत पुत्र संघहरू टाढाबाट बहन गरी ल्याइएको दान दक्षिणालाई पनि ग्रहण गरिलिन योग्य हुनुहुन्छ।



Downloaded from http://www.dhamma.digital

असल अतिथि पाहुनाहरूलाई भनी ब्यवस्था गरिराखिएका चीज पदार्थहरू पनि ग्रहण गरिलिन योग्य हुनुहुन्छ। असल सही रहेको दानलाई ग्रहण गर्नको निम्ति योग्य हुनुहुन्छ। हात जोडेर शिरमा बिसाई अभिवादन गर्न योग्यहरू हुनुहुन्छ। सम्पूर्ण लोकको बेजोडको असल बिउ रोपिने असल क्षेत्र अथवा खेत समान हुनुहुन्छ। यसरी अनुस्मरण गर्नू।

# संघगुण नौवटा

## १-सुप्पटिपन्न गुण

### सुप्पटिपन्न वर्णन

**सु**=राम्ररी; **पटिपन्न**=आचरण गर्ने व्यक्ति; प्रज्ञा ज्ञान, **'विद्या'** आचरण **'चरणं'** ले परिपूर्ण व्यक्तिहरूका शिष्य श्रावकहरू राम्ररी आचरण गर्ने शिष्यहरू मात्र हुने तथ्य बताइसकेको छु। **विज्जाचरण** गुण अनुसार बुद्ध तथागतका यी आर्यसंघहरू आचरण नराम्रा भन्ने कहाँ हुन सक्ला र ? सम्पूर्ण देव मनुष्यहरूका आकर्षक प्रसन्न लाग्न योग्य आचरण गुणले पूर्ण भई नै रहन्छन्। त्यसपछि फेरि उहाँ तथागत त **अनुत्तरो पुरिसदम्मसारथि**=अववाद अनुशासन गर्न योग्यहरूलाई सुसंस्कृत हुनेगरी अनुशासन गर्नमा अरुसँग असमान हुनेगरी सामर्थ्ययुक्त हुनुभएका उत्तम पुद्गल हुनाले **'सत्था देव मनुस्सानं'**=देव मनुष्यहरूका पवित्र शास्ता गुरु हुनुभएको हुनाले त्यस्ता उत्तम बुद्धका शिष्यहरूभन्दा सुसंस्कृतभाव पुष्ट भई साँच्चै आकर्षक प्रसन्न मान्न सकिने व्यक्तिहरू खोजेर पनि भेटिन सक्दैन।

### राम्रो पृष्ठभूमि भएको तरिका

लोकमा आर्थिक, शैक्षिक आदि क्षेत्रमा सबभन्दा उच्च हुनचाहनेले प्रज्ञा परिहानी हुनुको कारण र धन सम्पत्ति विनाश हुनुको कारण रहेका



Downloaded from http://www.dhamma.digital

रसरंग आदिमा नभुली राम्ररी पढाई लेखाई गरी सम्पत्ति कमाउन बारम्बार उद्योग गरी रहन्छन् नै । त्यस्तै नै आर्य श्रावक सम्यकसम्बुद्धका शिष्यहरू आस्रवहरू क्षय गर्नुलाई मात्र आशा र प्रार्थना गर्नेहरू हुनाले शुद्ध भएकाहरू असल आचरण मात्र हुनेहरू हुन्छन् । आस्रव क्षय कारण असल पृष्ठभूमिले परिपूर्ण व्यक्तिहरू हुन्छन् । यी पृष्ठभूमिहरू प्रधानियंग धर्महरू नै हुन् । *पञ्चङ्गुत्तर*मा तथागतका उपदेश तरिकाको सारांश आमातिरबाट र बुबातिरबाट दुवैतिरको सात पुस्तासम्मका आफन्तहरू समेत परिशुद्ध भएको जाति वंश भएको, रूप सम्पत्ति राम्रो भएको, आमा-बुबाको स्नेह सम्मान प्राप्त भइरहेको, निगम जनपदवासीहरूको स्नेह सम्मान प्राप्त भइरहेको, राजाहरूले सिक्नुपर्ने विभिन्न शिल्पहरू पूर्णरूपले जानेको र सिकेको हुनु; यी पाँच अंगले सम्पन्न भएका राजाको जेष्ठ पुत्रले राजाभाव प्रार्थना गरे जस्तै तथागतको मार्ग ज्ञानलाई विश्वास गर्नु, श्रद्धा हुनु; रोग व्याधिले मुक्त रही तीब्र मन्दभाव नभई समान-रूपले पचाउन सक्ने पाचक तेजशक्ति हुनु, माया, कुटिलता र वञ्चना रहित भई आफ्नो वास्तविकतालाई प्रकट गर्न जान्नु; कुशल धर्ममा अभिभारा ढिलो नपारी तीब्र प्रबल भएको वीर्य युक्त हुनु, चार सत्यलाई प्रतिवेध गरी निर्वाणमा पुग्नसक्ने घटनालाई देखेको प्रज्ञाले परिपूर्ण हुनु; यी पाँचवटा धर्मले परिपूर्ण भएका भिक्षुले आस्रवक्षय हुनुलाई प्रार्थना गर्दछु । *(अं. २-१३४)*

## बुद्ध-आज्ञा अतिक्रमण हुन्न

यतिसम्म दरिलो पृष्ठभूमि भएको हुनाले नै उहाँ आर्यहरूले तथागतले यो कार्य आपत्तिजनक छ, गर्नु हुँदैन भनेमा त्यस्ता कार्यलाई प्राण समेत त्याग गरी आरक्षा गर्नुहुने आश्चर्य अद्भूत मान्नुपर्ने गरेर नै पनि गर्दछन् । समाधि र प्रज्ञा आचरणमा पनि त्यस्तै हो । मार्ग, फल र निर्वाण धर्महरू त पुरुषहरूको बल वीर्यद्वारा मात्र लाभ गर्न सकिने धर्महरू भएकोले ती धर्महरू लाभ नभइकन वीर्यको सर्वश्रेष्ठ मूर्धन्य उपलब्धि हुन सक्दैन । छाला, नसा, हाड मात्र



Downloaded from http://www.dhamma.digital

बाँकि हुने अवस्था आए पनि र रगत, मासु सबै सिद्धिएर सुकेर गए पनि, उद्योग र प्रयत्न गर्नुपर्छ भनी तथागतले आज्ञा हुनुभयो भने त्यो आज्ञा अनुरूप सिद्धिएर सुकेर दुब्लाउनुको त कुरै नगरौं प्राण समेत त्याग गर्नु परे पनि आचरण गर्नसक्ने शक्ति भएको पुरुष आजानी, उत्तम र सिद्ध भएकाहरू हुनुहुन्छ । आर्य नहुँदा नै त्यतिसम्म निर्दोष र परिशुद्ध हुनेगरी सर्बोपरी रूपले आचरण गर्नुहुनेहरू उहाँ आर्य सत्पुरुषहरू क्लेश रहित भई अति नै परिशुद्ध भएका आर्यभावमा पुगेपछि त केही भन्ने ठाउँ नै नरहने गरी पूर्णरूपमा नै उत्तमहरू हुनुहुन्छ ।

## खराब आचरण मात्र

बुद्ध-शासनको बाहिर पनि अति तीव्ररूपमा आचरण गर्नेहरू हुने भएकोले उनीहरूलाई पनि **'सुप्पटिपन्न'** भन्नु पर्छ होइन र भनी भन्ने ठाउँ छ । तर उनीहरूको आचरण अति तीव्र, अति शिथिल अन्तबाट मुक्त नभएका आचरणहरू भएकोले यस शासनको निर्वाण जस्तो सर्बोत्तम सर्बनिश्चित लक्ष्य पनि नरहेकोले जतिसुकै आचरण गरे पनि इच्छित दु:ख शान्त हुने फल रहित भई **दुप्पटिपन्न**=खराब आचरण गर्नेहरू मात्र भए । यो शासनमा त (बुद्ध-गुण वर्णनमा देखाए जस्तै) बुद्ध पनि **सुबुद्ध**=अति उत्तम भएका साँच्चैका बुद्ध, (धर्म-गुण वर्णनमा देखाए जस्तै) धर्म पनि **सुधम्म**=प्रत्यक्ष साक्षात्कृत-रूपले पूर्णत: राम्ररी बताइराख्नुभएको साँच्चैको सही धर्म भएकोले उहाँ साँच्चैका बुद्धका शिष्य, बुद्धको सही धर्मको अंश लिनपाएका संघहरू पनि **सुसंघ**-सर्बोत्तम संघ हुन् । यसरी बुद्ध, धर्म र संघ सबै नै सर्बोत्तम रहेको नै बुद्धशासनको सम्पत्ति गुण भएकोले उक्त शासन त संसार भयदेखि डराउने, वास्तविक सुखको कामना गर्ने मनुष्य, देव, ब्रह्माहरूका आधार स्थल शीतल-शालाको रूपमा स्पष्ट-रूपले प्रतिष्ठित रहेको छ ।

## मित्र जस्तो आचरण गर्ने

तथागतले 'आनन्द, म तथागतलाई मित्रले जस्तो भावले आचरण



Downloaded from http://www.dhamma.digital

गर्नू, शत्रुले जस्तो भावले आचरण नगर्नू। त्यसरी शत्रुले जस्तो आचरण नगरी मित्रले जस्तो आचरण गर्ने तिमीहरूलाई लामो कालसम्म अर्थ हित लाभको लागि र सुख प्राप्तिको लागि हुन्छ' भनी आयुष्मान आनन्दलाई आज्ञा गरिसक्नुभएपछि शत्रुले जस्तो आचरण गर्नेहरू र मित्रले जस्तो आचरण गर्नेहरूलाई विभाजन गरी बताउनुभयो। सारांश अनुसार तथागतले 'यो धर्म तिमीहरूको निम्ति हित र सुख प्राप्तिको लागि हो' भनी निर्देशन दिनुहुने बेलामा राम्ररी कुरा नसुन्ने र आचरण नगर्ने व्यक्तिले तथागतप्रति शत्रुले जस्तो आचरण गरेको हुन्छ। राम्ररी कुरा सुनी आज्ञाअनुरूप व्यवहार र आचरण गर्ने व्यक्तिले तथागतप्रति मित्रले जस्तै आचरण गरेको हुन्छ। *(उपरिपण्णास, महासुञ्ञत सुत्त १५८)* यी आयुष्मान संघहरू त उत्तम बुद्धप्रति मित्रले जस्तो आचरण गर्ने असल शिष्यहरू भएको हुनाले दुप्पटिपन्न (=खराब आचरण गर्नेहरू) कहिले पो हुन सक्ला र ? सबै नै सुप्पटिपन्न (=तथागतका वचनलाई उल्लंघन नगरी आज्ञाअनुरूप समान-भावले आचरण गर्नेहरू सर्बोत्तम आचरण कर्ताहरू) मात्र हुनुहुन्छ।

## २-उजुप्पटिपन्न गुण

### उजुप्पटिपन्न वर्णन

**उजुप्पटिप्पन्न**=सिधा-सिधा आचरण गर्नुभयो। **'सुप्पटिपन्न'** गुण अनुसार सर्बोत्तम रूपमा आचरण गर्नुहुने आर्यपुद्गलहरूमा भुलेको र नमिलेको बाटोमा जानु र कुटिल, वंचक, मायाभावहरू कहाँबाट हुनसक्ला र ? अवश्य पनि हो; **'उजुप्पटिपन्न'** को अर्थ बाङ्गो, भुलेको बाटोबाट नगई सिधा बाटोअनुसार आचरण गर्ने र छल्नु, बाङ्गो गरी कपट व्यवहार गर्नुबाट रहित भई सिधा-साधा सोझो-सोझो आचरण गर्ने भनी दुइथरी अर्थ रहेका छन्। सुख शान्तिको निम्ति उद्देश्य राखी आचरण गरिने आचरणहरू मध्येमा कामगुण-सुख अनुभव गरिने आचरण, आफूलाई



Downloaded from http://www.dhamma.digital

आफूहरूले सास्ति र कष्ट दिई आचरण गरिने आचरण भनी दुइथरी छन् । पहिलो आचरणलाई खुकुलो आचरण र दोस्रो आचरणलाई कस्सिएको आचरण भन्नुपर्दछ । यसरी अति खुकुलो र अति कस्सिएको छेउतिरको अन्तमा खसेका आचरणहरू भएकोले नै अभिलक्षित सुख शान्ति र शीतलतामा पुग्न नसकी दुःख उत्पत्ति कारण मात्र भइरहन्छन् । त्यसैले ती बाटाहरू सुख शान्तिको लागि सिधा बाटो नभई बाङ्गो, भुलेको र छलिएका बाटाहरू मात्र हुन् ।

मार्गाङ्ग आठवटा धर्म महामार्ग त खुकुलो पनि होइन, कस्सिएको पनि होइन, बिचको मध्यम प्रतिपदा (बिचको आचरण) भएकोले निर्वाण धातुमा पुग्न यो बाहेक अर्कोथरी बाटो छैन । एउटै मात्र मार्ग छ । सम्पूर्ण अनेक बुद्धहरू र प्रत्येक बुद्ध, आर्य सबै नै यही बाटोबाट मात्र संसारको उता पारी पुग्ने काम सिद्ध भइरहन्छन् । यस तथ्यद्वारा साँच्चैको शान्ति, शीतलता, परिशुद्धतालाई यो मार्गाङ्ग मार्ग बाहेक (त्यहाँ) पुग्ने अर्को बाटो छैन भनी जान्नुपर्दछ । आर्य संघहरू त उपरोक्त बाङ्गो र गल्ती बाटोमा नगई यो मध्यम प्रतिपदाद्वारा सिधा-सिधा अनुकरण गर्नुभएको र आचरण गर्नुभएको हुनाले विशिष्ट धर्म, सही धर्म लाभ गरी शुद्ध विशुद्ध भएको (आर्य) नामले प्रकट भई देव, मनुष्य, ब्रह्माहरूको सम्मान र श्रद्धा प्राप्त भइरहन पाएको कारण असल भएकोले फल असल हुँदै आएकोले मात्र हो ।

## अर्कोथरी अर्थ

दोश्रो अर्थ बाङ्गो नभई सिधा साधा भएर सोझो-सोझो आचरण गरिरहेका छन् भन्ने हो । आफ्नो दोष छोप्नुलाई **माया** (=छल्नु) भनिन्छ । आफूसँग नभएको गुण भएको झैं स्वाँग पारेर खोलेर देखाउनुलाई **साठेय्य** (कपट) गर्नु भनिन्छ । आफूले आफैलाई अरुले ठूलो सम्झने गरी चीजवस्तु लाभ सत्कार, उपासक उपासिकाहरू धेरै हुनेगरी शील सम्पन्न नभए पनि भएको अभिनय गर्नु, पढाई लेखाई नभए पनि भएको जस्तो भाव देखाउनु



Downloaded from http://www.dhamma.digital

आदि विभिन्न प्रकारका छलकपट गर्नु नै हो । चीजवस्तुप्रति लोभ लालच र आशक्ति भएकाहरू, धर्मलाई गौरव नराख्ने, गौरव नराख्नेहरूसँग त्यस्तो छल गर्नु, कपट गर्नु जस्ता स्वभावहरू हुनसक्ने भए पनि धर्मलाई मात्र अभिलाषा राख्नेहरू उत्तम आर्यहरूसँग आर्य हुने कारण प्रतिपत्तिलाई आचरण गरेदेखि नै आफ्नो दोषलाई लुकाउनु, माया रहित हुनुले आर्य हुने अवस्थामा भन्ने ठाउँ नै रहेन । आफूसँग दोष रहेमा त्यसलाई लुकाएर र छोपेर नराखी उघारेर देखाउँछ नै । (रतन सुत्त, किञ्चापि सो कम्मं करोति पापकं- आदि गाथा वर्णन पेज २६५ हेर्नुस् ।) आर्य हुनुका कारण धर्महरूलाई मात्र लाभ नगरी नबस्ने गरी अतिव उद्योग गरिरहनेहरू उहाँ आर्यहरूमा मनोवृत्ति परिशुद्ध भइरहने हुनाले कहाँबाट अभिनय गर्नु, छलकपट गर्नु भन्ने रहिरहला र ! आर्य भएको अवस्थामा त्यस्ता कपट ब्यवहारहरू कहिल्यै पनि मनमा उत्पन्न नहुने गरी सफा हुनेगरी रहित भई अति नै सोझाहरू, ऋजुहरू हुने हुन्छन् । नक्कली ब्यवहार गर्नेहरूलाई बुद्धि बिबेक नहुनेहरूले ठूलो माने पनि जान्ने बुझ्ने गृहस्थी प्रज्ञावानहरूले सही हुनेगरी विभाजन गरी जान्न देख्न सक्दछन् । साँच्चै शील, समाधि र प्रज्ञा प्रकट भइरहेका आर्यहरूलाई त जति जति प्रज्ञा बढ्यो, उति-उति नै कारण जानी अतिव सम्मान गर्दछन् ।

## ३-ञायप्पटिपन्न गुण

### ञायप्पटिपन्न वर्णन

**ञायप्पटिपन्न**=निर्वाणको निम्ति आचरण गर्नेहरू हुन् । निर्वाणतिर चित्त पठाइबस्नेहरू हुनाले निर्वाण प्राप्तार्थ गौरवपूर्वक अविच्छिन्न रूपमा आचरण गर्नेहरू रहेछन् । उहाँ आर्यहरूले त निर्वाण प्राप्ति बाहेक अरु



Downloaded from http://www.dhamma.digital

कुनैलाई पनि आशा र अभिलाषा राख्दैनन्। निर्वाणको निम्ति आफ्नो सुख सुविधा सबैलाई नै पत्याग गर्न सक्दछन्। सबै प्रकारका दु:खहरू सहन सक्दछन्। लौकिक सुख-समृद्धिको निम्ति कुनै चीजको पनि अभिलाषा राख्नुहुन्न। निर्वाणलाई हेर्न छोडेर लौकिक सुख-समृद्धिलाई मात्र अभिलाषा राख्नेहरू लाभसत्कार र यशकीर्ति पाउनचाहनेहरू हुनुहुन्छ। उक्त अभिलाषाको कारणले गर्दा नै उचित छ, वा छैन नै नभनी (सम्पत्ति) खोजीहिंड्नु, पाउनुलाई सिद्ध गर्नको लागि विभिन्न किसिमले हठकण्डा अपनाई हिंड्नेहरू हुनाले शील-सदाचार भंग भइरहेको हुन्छ। समाधि, प्रज्ञालाई महत्व दिनुपर्छ भन्ने कुरा समेत थाहा छैन। त्रिविध शिक्षालाई मन पराउँदैनन्। यसरी मनोबल हीन र दुर्बल हुने व्यक्तिहरूमा दोष अपराधले गर्दा मलिनता रहेको हुनसक्ने भएपनि निर्वाण लाभको निम्ति त्रिविध शिक्षा खाली नहुने गरी अटुट-रूपमा दरिलो गरी उद्योग गरिरहने उहाँ आर्यहरू त निर्दोष हुनाले दाग लाग्ने भन्ने छैन। फोहर नदेखिने गरी अतिव शुद्ध विशुद्ध भइरहन्छन्। त्यसैले निर्दोष भएर अति विशुद्ध भएको आचरणद्वारा मात्र प्राप्त गर्नसकिने र पुग्न सकिने निर्वाणलाई आफूले अभिलाषा राखे अनुसार साक्षात्कार गरी आर्य भनी निर्मल परिशुद्धतामा पुग्नुभएका उहाँ आर्यहरू देव मनुष्यहरूका प्रशंसनीय, पूजनीय र माननीय एक प्रकारको रत्न हुनुहुन्छ।

## ४-सामीचिप्पटिपन्न गुण

### सामीचिप्पटिपन्न वर्णन

**सामीचिप्पटिपन्न**=आदर गौरवलाई सुहाउने गरी आचरण गर्नुहुन्छ। मानिसहरूले आफूले नै खाने आँट नगर्ने, लगाउने आँट नगर्ने, उपभोग गर्ने आँट नगर्ने किसिमका वस्त्र, खानापीना, आसन, वासस्थान आदि संघलाई



Downloaded from http://www.dhamma.digital

सम्मानपूर्वक मुक्त-त्यागी भई दान गर्दछन्। संघले आदर गौरव-पूर्वक दिएको दान प्रदानलाई योग्य हुनेगरी आचरण गर्नुभयो। आफ्नो गुण अभिवृद्धि भएमा मात्र उनीहरूका दानको प्रतिफल महान हुने हुनाले त्यसरी महान प्रतिफल हुने गरी आफ्नो गुणांगको प्रभावलाई उच्च बनाउनुलाई नै **सामीचिप्पटिपन्न** भन्दछन्।

मैत्री भावना वृद्धि गर्नुलाई **'अमोघं रट्ठपिण्डं भुञ्जति**=जनताहरूको भोजन निरर्थक नहुनेगरी सेवन गरेको हुन्छ' भनी बताउनुभयो। त्यस्तै नै ध्यान भावना र स्मृतिप्रस्थान भावना आदि भावनाहरू वृद्धि गरी बस्नुहुने उहाँ आर्यहरूले जनताहरूको भोजन निरर्थक नहुनेगरी, लाभदायक हुनेगरी सेवन गरेको हुन्छ भन्ने तथ्य पनि बताउनुभएको *एकङ्गुत्तर (४१)* मा उल्लेख छ। यस तथ्यद्वारा भावना कार्यहरू जनताहरूको भोजन महत्फल बनाउनलाई व्यक्तिको गुणांग प्रभाव उच्च बनाई गुण बढाई दिनु हो भनी जान्न पाइन्छ। भावना-कार्य बिना शीलले मात्र भोजनको महत्फल बृद्धि हुन सक्दैन भन्ने भाव हो। शील पनि भएन भने त राष्ट्रपिण्ड खेर फालिरहेकाहरू हुन् भन्ने पनि जान्न सकिन्छ। उहाँ आर्यहरू त **आरद्धविपस्सक** (=कर्मस्थानमा उद्योग गरिरहेका) भनिने योगी अवस्थादेखि नै राष्ट्रपिण्डलाई महत्फलदायी हुनेगरी (भाविता) गरी सेवन गर्नेहरू भएकोले आर्य भइसकेको अवस्थामा त सर्वश्रेष्ठ फल दिनेगरी गर्नुहुन्छ।

## भोजन गौरव

त्यसपछि फेरि वीर्यसम्बोध्यंग वर्णन सम्बन्धी सम्बन्धित अर्थकथामा उल्लिखित **पिण्डपातापचायन** (=भोजनलाई गौरव राख्नु) भनेको जनतालाई भोजनानिसंश धेरै-धेरै लाभ गराउनको निम्ति आफूलाई आफैले गुणात्मक दृष्टिले सर्बोच्चमा पुग्नेगरी प्रयत्नपूर्वक उच्च पार्नु नै हो। जनताहरूले आफ्नो लाभ र सुखको चिन्ता नलिई, वास्ता नराखी गौरव र प्रसन्नतापूर्वक निर्धक्क-



Downloaded from http://www.dhamma.digital

रूपले निर्भयी भई दान प्रदान गर्न सकेकोलाई देखिरहनु सामना गरिरहने अवस्थामा यो भोजन क्लेश-रहित नभएसम्म मैले सेवन गर्न योग्य छैन, क्लेश-रहित हुनेगरी उद्योग गर्छु आदि भनी भोजनानिसंश महान हुनेगरी प्रबल जोशले विशेष उद्योग गर्नुभयो। यसरी उद्योग गर्नुभएका *आर्यमित्र थेरवस्तु* सारांश रतन सुत्त 'ये पुग्गला' आदि गाथा वर्णन (पेज २५१) मा बताइसकेको छु।

यसरी भोजनलाई गौरव राख्नु, अरु-अरु आफ्नोप्रति गर्न गाह्रो कामकाज गरिदिनुलाई आदर राख्नु अनुसार निर्भीक-रूपमा डटेर उद्योग गर्नुभएका आर्यहरू पहिले पहिले कम थिएनन्। यसरी जनताले गौरवपूर्वक गरिएको दानमान र सेवाटहल आदिलाई सुहाउने गरी आफ्ना गुणहरूलाई सर्बोत्तम हुनेगरी उच्च बनाइरहनुभएका उहाँ आर्य संघहरूको देव मनुष्यहरूद्वारा सम्मान र पूजा प्राप्त गरिरहन पाएको असल माणिक खानीबाट निस्केको असल जातको भएकोले अवश्य मूल्यवान रहेको छ।

# ५-आहुनेय्य गुण

## आहुनेय्य वर्णन

Dhamma.Digital

**आहुनेय्य**=टाढादेखि ल्याई दिनुपर्ने दान ग्रहण गर्न योग्य हुनुहुन्छ। शील नभएको, समाधि खाली र प्रज्ञा शून्य भएका व्यक्तिले दानको फल महान हुनेगरी वहन सम्म पनि गर्न सक्दैन भने त्यस्ता व्यक्तिकहाँ दान ग्रहण गर्न योग्य होला र ? दान गर्ने व्यक्ति पनि जान्ने-बुझ्ने भएमा त्यस्ता व्यक्तिलाई दान गर्न मन पराउने छैनन्। उहाँ आर्यहरू माथि बताइएका गुण अनुसार दान महत्फलदायी हुने गरी वहन गर्ने हुनाले अरु अरु टाढा टाढाबाट समेत दुःख कष्ट गरी ल्याइएका दान दातर्ब्य चीज पदार्थहरू समेत ग्रहण गर्न योग्य हुनुहुन्छ। चन्दन, तगर, नीलोत्पल, जूही जस्ता यी सुगन्धित फूलका सुगन्धभन्दा पनि शीलको सुगन्ध बेजोड किसिमले विशिष्ट रहेको छ भनिन्छ। तगर फूल र श्रीखण्डको त सुगन्ध भन्न पनि नमिल्ने गरी स्वल्प



Downloaded from http://www.dhamma.digital

मात्र रहेको गन्ध हो। शीलवानहरूको गन्ध त देव ब्रह्मलोकसम्म पनि फैलिने सुगन्ध हो भनी बताइराख्नुभएको *धम्मपद (२१)* मा उल्लिखित भएको अनुसार उहाँ आर्यहरूको शीलगुण गन्धको कारणले गर्दा मनुष्यलोकमा टाढा टाढाबाट मात्र होइन देवलोकबाट समेत विशेष रूपले आएर दान गर्दछन्। पहिले एकपल्ट शक्र देवेन्द्रले बृद्ध गरीबको भेष धारण गरी महारानी सुजासँग आएर आयुष्मान महाकाश्यप स्थविरलाई भोजन दान गरेका थिए। *(धम्म.ट्ठ. १-२६८-९)*

## दर्शनीय तरिका

उहाँ आर्यहरू दान दिन मात्र होइन, मात्र दर्शनको निम्ति पनि टाढादेखि विशेष रूपले आएर दर्शन गर्न योग्य हुनुहुन्छ। एकपल्ट तथागत पूर्णिमाको उपोसथ दिनमा भिक्षुसंघद्वारा घेराई फाँटमा बसिरहनुभयो। त्यसबेला निःशब्द भई शान्त बसेका भिक्षुसंघलाई हेरेर सन्तोष लागेकोले आफ्ना शिष्य संघलाई प्रशंसा गर्ने रूपमा यो परिषद् खोक्रोपनबाट रहित भएको परिषद् हो, परिशुद्ध भई शीलादि सारमा प्रतिष्ठित रहेकोले निम्नस्तरको र खोक्रोपनबाट रहित भई मात्र असल गुणले पोटिला खालका ब्यक्तिहरूले युक्त परिषद् हो, अलिकति मात्र दान दिए पनि धेरै-धेरै फल प्राप्त हुने, धेरै धेरै दान दिइयो भने त अत्यधिक रूपले धेरै फल प्राप्त गराउने परिषद हो; लोकको निम्ति दर्शन दुर्लभ भएको परिषद् हो; हजारौं-हजार योजन टाढादेखि खाद्यान्नका पोका बोकेर दर्शनको लागि आउन योग्य भएका परिषद् हो भनी आज्ञा गर्नुभएको छ । त्यतिसम्म पनि आफूले प्रशंसा गर्न योग्य भएको कारण देखाउने इच्छा लागेकोले यस भिक्षुसंघमा अरहन्त, अनागामि, सकृदागामि, स्रोतापन्न र बोधिपक्षीयभावना, ब्रह्मविहार भावना, आनापानस्सति भावनाहरू उद्योग र अभ्यास गरिरहेका भिक्षुहरू थरी-थरी रहेको तथ्य पनि सँगै जोडेर नै आज्ञा गर्नुभयो। *(उपरिपण्णास, आनापानस्सति सुत्त ११३)*



Downloaded from http://www.dhamma.digital

## पाहुनेय्य वर्णन

**पाहुनेय्य**=पाहुनाहरूको लागि प्रबन्ध र व्यवस्था गरिराखिएका चीज पदार्थहरू ग्रहण गरिलिन योग्य हुनुहुन्छ। विभिन्न ठाउँहरूबाट आइपुगेका आफ्ना स्नेह र सम्मान गर्न योग्य आफन्त इष्टमित्रहरूलाई स्वागत गरी ख्वाउनु-पिलाउनु पऱ्यो भने थरी थरी किसिमले सजधज गरी राम्ररी व्यवस्था गर्नपर्नु स्वभाविक नै भयो। त्यसरी सबैभन्दा भव्यरूपले उत्तम स्तरले सजधज गरी व्यवस्था गरी राख्न योग्य मिठो-मिठो खाना पीनाहरू समेत यी आर्यहरू ग्रहण गरिलिन योग्य हुनुहुन्छ। किनभने अतिथि पाहुनाहरूलाई सेवा सत्कार गर्नुले यस जन्मको सामान्य प्रतिफल मात्र लाभ हुन्छ। पछिको जन्मको महान फल अनुभव गर्न पाँइदैन। दानको प्रतिफल महान र उत्तम गर्ने गुणयुक्त भएका उहाँ आर्यहरूलाई दिइएको दान त वर्णन गरेर साध्य नहुने किसिमले महान विपुल प्रतिफल अनुभव गर्न पाउनु सुनिश्चित छ। त्यसैले 'त्यस्ता आगन्तुक दानहरू अतिथि पाहुनाहरूका निम्ति विस्तारै जम्मा पारेर उहाँ आर्यहरूलाई नै दान गर्न योग्य छ।' भनी *विशुद्धि मार्ग (१-२१३)* मा भनिएको छ।

Dhamma.Digital

## अर्को एकथरी कारण

अतिथि पाहुनाहरूभन्दा बढी दान ग्रहण गर्नयोग्य रहेकोमा महान प्रतिफल पाइनु मात्र होइन, भेटिने संयोग जुटाउन गाह्रो हुनु पनि अर्को कारण हो। **सब्बसाभ्यागतो गुरु**=आफूकहाँ आइपुग्ने अतिथि पाहुनाहरू सबै नै गौरवनीय र हेरविचार गर्नुपर्नेहरू नै हुन्। संघहरू दाता-दाताआमाहरूका आश्रय लिई जीवन निर्वाह गर्नुपर्नेहरू हुनाले दाता-दाताआमाहरूकहाँ उपसंक्रमण गर्नुपर्ने (जानुपर्ने) हुनाले **'आगच्छतीति आगन्तुको**=आएका हुनाले आगन्तुक भनिन्छ' भन्ने अर्थ अनुसार अतिथि पाहुनाहरू नै भए। लौकिक अतिथि पाहुनाहरू बारम्बार भेटिरहने हुनाले त्यतिको विशेषतायुक्त



Downloaded from http://www.dhamma.digital

होइन । भेट्ने संयोग पाउन गाह्रो पनि छैन । संघहरू त तथागत प्रादुर्भाव हुने बेलामा मात्र देखापर्ने स्वभावयुक्त भएका हुनाले तथागतहरूसँग भेटिन गाऱ्हो भएजस्तै गाऱ्हो विश्व अतिथि पाहुना हुनुहुन्छ । गुणात्मक-रूपमा बोले पनि लौकिक-अतिथि पाहुनाहरूभन्दा प्रसन्न र प्रसादनीय धर्महरू युक्त भएका व्यक्तिहरू हुनुहुन्छ । त्यसैले **'संघसदिसो पाहुनको नाम नत्थि**=संघ समान अतिथि पाहुना भन्ने छैन' भनी *विशुद्धि मार्ग (१-२१३)* मा भनिएको छ । त्यसरी भेट्ने संयोग जुटाउन गाह्रो, प्रसन्न र प्रसादनीय गुण रहेको कारणले गर्दा लोकमा सर्बोत्तम रूपले (सम्मान) गर्नयोग्य शीर्षस्थ अतिथि पाहुनाहरूलाई समेत स्वागत गर्न छोडेर पनि बुद्ध-श्रावक यी आर्य संघहरूलाई नै दान प्रदान गर्न योग्य छन् ।

# ७-दक्खिणेय्य गुण

## दक्खिणेय्य वर्णन

Dhamma.Digital

**दक्खिणेय्य**=सही दान ग्रहण गर्न योग्य छन् । उसलाई दान गरेमा उसबाट कुनै एउटा लाभ प्राप्त हुनेछ भनी आशा राखेर दान दिइयो भने **दक्खिणा** (=सहि दान, उत्तम दान) भनिदैन । परलोकको सुखलाई उद्देश्य राखेर दिइने दानलाई मात्र **दक्खिणा** भन्नुपर्दछ । शीलादि गुणले रहितहरूले त आशा गरिने प्रतिफल नदिने हुनाले उक्त दान ग्रहण गर्न योग्य छैन । आर्यहरूले मात्र दाताहरूले इच्छा गरेको जति नै फल सिद्ध गरिदिन सक्ने हुनाले दक्खिणेय्य (=सहि दान, असल दान ग्रहण गरी थापिलिन योग्य) भनी भन्नुपर्दछ । (रतन सुत्त, ये पुग्गला गाथामा उल्लिखित दक्खिणेय्य वर्णन पेज सं. २४०-१ पनि हेर्नुस् ।

Downloaded from http://www.dhamma.digital

# ८-अञ्जलीकरणीय गुण

## अञ्जलीकरणीय वर्णन

**अञ्जलीकरणीय**=दुइहात जोडी नमस्कार गर्न योग्य हुनुहुन्छ। शील, समाधि र प्रज्ञाका शिक्षा र गुण शक्तिले सम्पन्न हुनुभएका हुनाले नै उहाँ उत्तम आर्यहरू सम्पूर्ण लोकवासी सबैबाट श्रद्धोन्नत भई गरिने गौरव र नमस्कारलाई ग्रहण गर्न योग्य हुनुहुन्छ। शील भंग भएका भिक्षु-श्रामणेरहरू गृहस्थीहरूको वन्दना प्रणाम आदिका कारणले अति गरुभार हुने हुनाले कसरी पो नमस्कार गर्न योग्य होला ! साँच्चै हो, दुवै खुट्टामा बलियो छालाको डोरीले बेरी घिस्रेर तानी छाला, मासु घिस्रिने गरी दुःख सहनपर्नु भन्दा पनि गृहस्थीहरूले नमस्कार गरेको कारणले उत्पन्न हुने शील हीन व्यक्तिको दुःख अत्याधिक हुन्छ। भालाले छातीमा घोपेकोभन्दा पनि गृहस्थीहरूले गरेको नमस्कार स्वीकार गर्नुपर्ने दुशील भिक्षुको दुःख अझ तीव्र हुन्छ। रातो हुनेगरी राकेको फलामपाताले शरीर ढाकेको दुःखभन्दा बढी दाताहरूले दिएको चीवर लगाउने शील-हीन भिक्षुको दुःख महान हुन्छ। रातो राकेको फलामको डल्लो खानुपर्नेको दुःखभन्दा बढी दाताहरूले दान दिएको भोजन सेवन गर्नुपर्ने कारणले उत्पत्ति हुने शील-भ्रष्ट भिक्षुको दुःख अत्याधिक कष्टकारक हुन्छ। हुरुक्क-हुरुक्क लपट उठिरहेको आगो बलिरहेको चुल्होमा बसालिएको खड्कुँलोमा बस्नपर्नुको दुःख भन्दा विहारमा बस्नु पर्ने शील-हीन भिक्षुको दुःख विशाल र अति दुःखदायी हुन्छ।

यी तथ्यहरू बताउनुभएको *अग्गिखन्धोपम सुत्त (अं २-४९५, विसुद्धि मग्ग १-५२)* मा उल्लेख छ। त्यसैले नमस्कार गर्नु आदिद्वारा गर्न योग्य सत्कार अति उच्चकोटीका क्रियाकलाप भएकोले शील नहुनेहरूलाई अति नै गरुभार हुन्छ। शीलवान आर्यहरूको निम्ति भने उक्त कार्य सबभन्दा उचित भएका, सुहाउन योग्य भएका क्रियाकलाप हुन्छन्। उहाँ आर्यहरू पनि त्यस्ता उचित, योग्य र सुहाउने व्यक्तिहरू हुनुहुन्छ।



Downloaded from http://www.dhamma.digital

# ९-अनुत्तरं पुञ्ञक्खेत्तं गुण

## अनुत्तरं पुञ्ञक्खेत्तं लोकस्स वर्णन

**अनुत्तरं पुञ्ञक्खेत्तं लोकस्स**=सम्पूर्ण लोकजनको असल कुशल बिउ रोप्नको लागि सर्बोत्तम खेत समान हुनुहुन्छ। कोशल राजाले कस्ता व्यक्तिहरूलाई दिइने दान महत्फलदायी हुन्छ भनी निवेदन गर्दा 'शीलवान व्यक्तिलाई दिइएको दान महत्फलदायी हुन्छ। शीलहीन व्यक्तिलाई दिइएको दान त्यसरी महत्फलदायी हुन्न' भनी तथागतले आज्ञा गर्नुभयो। *(सगाथावग्ग इस्सत्थ सुत्त ९९)*। निस्सन्देह; खराब माटो भएको खेतमा असल ताजा बिउ रोपिदैमा कहाँ बालीनाली राम्ररी प्राप्त गरिलिन सकिएला र! शीलहीन व्यक्ति त खराब खेत-बारी समान हो। त्यस व्यक्तिप्रति गरिएका असल कुशल-बीज कहाँ महत्फलदायी हुन सक्ला र!

माटो असल भई पानी पनि पुगेको असल खेतमा रोपिने बिउले मात्र प्रशस्त भनेजति बालिनालि उब्जाउ हुन्छ। तथाकथित गुणहरू अनुसार आर्यसंघहरूप्रति गरिएका जति सबै कुशल बीजहरू अतिसमृद्ध रहेको फल दिने भएकोले संघलाई **'अनुत्तर पुञ्ञक्खेत्त'** असल कुशल कर्म बीज रोपिने सर्बोत्तम खेत' भनी प्रशंसा गरिएको हो।

**(९५) संघं हि वो भिक्खवे अनुस्सरतं यं भविस्सति भयं वा छम्भितत्तं वा लोमहंसो वा सो पहीयिस्सति।**

(९५) **हि**=अनुस्मरण गर्नुको कारण के हो भने; **भिक्खवे**=भिक्षुहरू हो; **संघं**=संघलाई; **अनुस्सरतं**=बारम्बार सम्भी अनुस्मरण गर्नेहरू; **वो**=तिमीहरूलाई; **यं भयं वा**=जुन भय अथवा; **यं छम्भितत्तं वा**=जुन शरीर काम्नु अथवा; **यो लोमहंसो वा**=जुन रौं ठाडो-ठाडो हुनु; **भविस्सति**=हुन्छन्; **सो**=त्यो डराउनु, काम्नु, र रौं ठाडो-ठाडो हुनु; **पहीयिस्सति**=हटेर जानेछ।



Downloaded from http://www.dhamma.digital

**(९६) तं किस्स हेतु ?**

**तथागतो हि भिक्खवे अरहं सम्मासम्बुद्धो वीतरागो वीतदोसो वीतमोहो अभीरु अछम्भी अनुत्रासी अपलायीति ।**

(९६) **तं**=त्यो भय त्राश आदि हटेर जानु; **किस्स हेतु**=के कारणले हो त ? **भिक्खवे**=भिक्षुहरू हो; **हि यस्मा**=जुन कारणले; **अरहं**=पूजा विशेषलाई ग्रहण गरी लिन योग्य हुनुभएका; **सम्मासम्बुद्धो**=सम्पूर्ण धर्मलाई पूर्णरूपले निर्देशक गुरुबिना नै यथार्थ रूपले स्वयं जान्नुभएका; **तथागतो**=म तथागत; **वीतरागो**=रागरहित हुनुहुन्छ; **वीतदोसो**=द्वेष रहित हुनुहुन्छ; **वीतमोहो**=मोह रहित हुनुहुन्छ; **अभीरु**=डराउनु, थर्कनुबाट रहित हुनुहुन्छ, **अछम्भी**=शरीर थरथर नकाम्ने हुनुहुन्छ। **अनुत्रासी**=त्राश मान्नुबाट रहित हुनुहुन्छ; **अपलायी**=भाग्ने बानी रहित हुनुहुन्छ। **इति**=यहि कारणले गर्दा हो ।

**(९७) इदमवोच भगवा; इदं वत्वान सुगतो अथापरं एतदवोच सत्था ।**

(९७) **भगवा**=भगवान बुद्धले; **इदं**=यो **'सचे तुम्हाकं भिक्खवे'** आदि गद्य उत्तम देशना; **अवोच**=आज्ञा गर्नुभयो; **सुगतो**=असल कुरा गर्न जान्नुहुने तथागतले; **इदं**=यो गद्य देशनालाई; **वत्वान**=आज्ञा गरिसक्नुभएपछि; **अथ**=त्यसपछि; **सत्था**=देव मनुष्यहरूका शास्ता उहाँ तथागतले; **अपरं**=अर्को; **एतं**=यो गाथाबद्ध-पद्य धर्मदेशना; **अवोच**=आज्ञा गर्नुभयो ।

**(९८) अरञ्ञे रुक्खमूले वा; सुञ्ञागारे व भिक्खवो । अनुस्सरेथ सम्बुद्धं; भयं तुम्हाकं नो सिया ।**

(९८) **भिक्खवो**=भिक्षुहरू हो; **अरञ्ञे वा**=जंगलमा अथवा; **रुक्खमूले वा**=रुखमुनि अथवा; **सुञ्ञागारे**=सुनसान भएको पर्णशाला कुटी आदिमा; **सम्बुद्धं**=म तथागतलाई; **अनुस्सरेथ**=अनुस्मरण गर्नु; एवं=यस्तो अनुस्मरण गर्‍यौ भने; **तुम्हाकं**=तिमीहरूलाई; **भयं**=भय र त्रास; **नो सिया**=हुनेछैन ।



Downloaded from http://www.dhamma.digital

**(९९) नो चे बुद्धं सरेय्याथ; लोकजेट्ठं नरासभं ।**
**अथ धम्मं सरेय्याथ; निय्यानिकं सुदेसितं ।**

(९९) **लोकजेट्ठं**=लोकका जेष्ठ हुनु भएका; **नरासभं**=अतुलनीय पवित्र पुद्‌गल हुनुभएका; **बुद्धं**=म तथागत बुद्धलाई; **नो चे सरेय्याथ**=यदि सम्झन सकेनौ भने; **अथ**=त्यसरी नसम्झिने बेलामा; **निय्यानिकं**=संसार वर्त (चक्र) बाट निस्कने; **सुदेसितं**=राम्ररी बताइराखिएको; **धम्मं**=उत्तम धर्मलाई; **सरेय्याथ**=स्मरण गर्नू ।

**(१००) नो चे धम्मं सरेय्याथ; निय्यानिकं सुदेसितं ।**
**अथ संघं सरेय्याथ; पुञ्ञक्खेत्तं अनुत्तरं ।**

(१००) **निय्यानिकं**=संसार वर्तबाट निस्कने; **सुदेसितं**=राम्ररी बताइराख्नुभएको; **धम्मं**=उत्तम धर्मलाई; **नो चे सरेय्याथ**=यदि सम्झन सकेनौ भने; **अथ**=त्यसरी नसम्झिने बेलामा; **अनुत्तरं**=बेजोडको; **पुञ्ञक्खेत्तं**=असल जातको बिउ रोपिने असल खेतबारी समान भएको; **संघं**=संघलाई; सरेय्याथ=स्मरण गर्नू ।

**(१०१) एवं बुद्धं सरन्तानं; धम्मं संघञ्च भिक्खवो ।**
**भयं वा छम्भितत्तं वा; लोमहंसो न हेस्सति ।**

(१०१) **भिक्खवो**=भिक्षुहरू हो; **एवं**=यसरी (म तथागतले निर्देशन दिएको अनुरूप); **बुद्धञ्च**=म तथागत बुद्धलाई; **धम्मञ्च**=उत्तम धर्मलाई र; **संघञ्च**=उत्तम संघलाई; **सरन्तानं**=स्मरण गर्ने तिमीहरूलाई; **भयं वा**=डराउनु, थर्कनु; **छम्भितत्तं वा**=शरीर थरथर काम्नु; **लोमहंसो वा**=रौं ठाडो-ठाडो हुनु; **न हेस्सति**=हुने छैन ।

निगमन देशना गद्य-सजिलै छ ।
जान्नयोग्य अभिप्राय सहित
धजग्ग सुत्त नयाँ निश्चय
समाप्त भयो ।



Downloaded from http://www.dhamma.digital

# आटानाटिय सुत्त नयाँ निश्रय

**(१०२) अप्पसन्नेहि नाथस्स, सासने साधुसम्मते ।**
**अमनुस्सेहि चण्डेहि, सदा किब्बिसकारिभि ।**
**(१०३) परिसानं चतस्सन्नं, अहिंसाय च गुत्तिया ।**
**यं देसेसि महावीरो, परित्तं तं भणाम हे ।**

(१०२-३) **हे**=हे सत्पुरुषहरू हो; **नाथस्स**=तथागत नाथको; **साधुसम्मते**=असल उत्तम भएको भनी सम्मति दिइएको (मानिएको); **सासने**=बुद्ध-शासनमा; **अप्पसन्नेहि**=अप्रसन्नहरू; **चण्डेहि**=चण्ड स्वभावकाहरू; **सदा**=सधैं; **किब्बिसकारिभि**=खराब काम गर्ने बानी हुनेहरू; **अमनुस्सेहि**=यक्षहरूले; **चतस्सन्नं**=चारैवटा; **परिसानं**=परिषद्हरूलाई; **अहिंसाय च**=हिंसा नगराउनको निम्ति र; **गुत्तिया च**=आरक्षा र सुरक्षाको निम्ति; **महावीरो**=महान वीर्यवान तथागतले; **यं परित्तं**=जुन आटानाटिय परित्राण; **देसेसि**=बताउनुभयो; **तं परित्तं**=उक्त आटानाटिय परित्राण सूत्रलाई; (**मम**=हामीले); **भणाम**=पढौं, पाठ गरौं ।

## स्तुति भावार्थ

सजिलै छ ।

## निदान

'बुद्ध-शासनप्रति श्रद्धा प्रसन्नता नहुने यक्षहरूद्वारा चारैवटा परिषद्लाई सास्ति गरिनुबाट बचाई सुरक्षा गर्नको निम्ति आटानाटिय सूत्र तथागतले



Downloaded from http://www.dhamma.digital

बताउनुभयो' भनिएको तथ्य आटानाटिय सूत्र निदान अनुसार बताइएको हो । आटानाटिय सूत्र त वेश्रवण महाराजले तथागतलाई निवेदन गरेको तथ्य हो । तथागतले स्वीकार गरी लिनुभई भिक्षुहरूलाई फेरि बताउनुभएको हुँदा **'यं देसेसि महावीरो'** भनिएको हो । एकचोटी चतुर्महाराजिक देवताहरू चारैजना देवसैन्यहरूका साथमा राजगृह नगरको गृद्धकूट पर्वतमा विराजमान हुनुभएका तथागतकहाँ अर्धरात्रीमा आइपुगे । वेश्रवण महाराजले तथागतलाई यस्तो निवेदन गरे- 'भगवान्,... लोकमा तथागतप्रति श्रद्धा प्रसन्नता हुने देव यक्षहरू र श्रद्धा अभाव भई अप्रसन्न हुने देव यक्षहरू गरी विभिन्न प्रकारका छन् । श्रद्धा नभई अप्रसन्न हुने देव यक्षहरू नै बढी छन् । कारण, तथागतले पाणातिपात आदि खराब अकुशल कर्मबाट हटेर बस्ने शिक्षा दिनुहुन्छ । ती देव यक्षहरू भने त्यस्ता खराब अकुशल कर्मबाट हट्नेहरू होइनन् । खराब अकुशल कर्मबाट हट्ने शिक्षा उनीहरूलाई मन पर्दैन; खुशी लाग्दैन । त्यसो हुनाले घना जंगल, कुना काप्चा र कछार कछारमा रहेका विहारमा बस्ने भिक्षुहरूलाई ती ठाउँहरूमा बुद्ध-शासनप्रति श्रद्धारहित भई अप्रसन्न रहेका देव यक्षहरू हुने हुनाले ती यक्षहरूमा श्रद्धा प्रसन्नता उत्पन्न गर्नको लागि चारै परिषद्लाई सास्ति गर्नबाट जोगाई सुरक्षा गर्न आटानाटिय भन्ने आरक्षा सुरक्षा ग्रहण गर्नुहोस्' भनी निवेदन गरेपछि तथागतले स्वीकार गरिलिनुभयो । त्यसपछि वेश्रवण महाराजले **'विपस्सिस्स च नमत्थु'** आदि भनी निवेदन गरीसकेपछि फर्केर गए ।

### सबै बुद्धभाषित होइनन्

उक्त आटानाटिय सूत्र *दीघनिकाय पाथिकवग्ग-पालि* (१५९) मा उल्लिखित दुइ भाणवार (एक भाणवार=एकपटकमा पढिने पाठ) २५० वटा गाथा बराबर) **ति=**रहेको पालिबाट **'विपस्सिस्स च नमत्थु'** आदि छवटा गाथामात्र लिई अरु अरु बुद्ध-गुण देखाउने गाथाहरू आदि समावेश गरी पौराणिक आचार्यहरूले अर्के ढंगले व्यवस्था गरिराखिएको हो ।



Downloaded from http://www.dhamma.digital

**ब्याकरणबाट स्पष्टिकरण**

(**साधुसम्मते** मा '**सम्मत**=सम्मत गर्नुपर्ने' भन्ने अर्थलाई लिएर अर्थ लगाइआएको छु। सम्मत गर्नुपर्ने भनेको समर्थन गर्नुपर्ने भन्ने भाव हो। मत, अभिमत-शब्द-हरूले इच्छा गर्नयोग्य, सम्मान गर्न योग्य अर्थहरूलाई पनि व्यक्त गर्ने हुनाले यो सम्मत शब्दले पनि ती अर्थहरू व्यक्त गर्न सक्दछन्। ती अर्थ अनुसार बोलेमा '**साधुसम्मते**=सत्पुरुषहरूले इच्छा गर्नयोग्य, सम्मान गर्न योग्य' भनी अर्थ दिनुपर्दछ।

'**अहिंसाय गुत्तिया**' हरू त भाववाचक भएकोले '**अप्पसन्नेहि**' भनी तृतीया कर्ता र 'परिसानं' भनी षष्ठि कर्म हुनुपर्दछ।)

**(१०४) विपस्सिस्स च नमत्थु, चक्खुमन्तस्स सिरीमतो**
**सिखिस्स पि च नमत्थु, सब्बभूतानुकम्पिनो।**

(१०४) **चक्खुमन्तस्स**=पाँचप्रकारका आँखा ज्ञानदृष्टि सम्पन्न हुनुभएका; **सिरीमतो**=श्रीशोभा युक्त हुनुभएका; **विपस्सिस्स च**=विपस्सी नाम भएका तथागतलाई पनि; **मे**=मेरो; **नमो**=नमस्कार; **अत्थु**=होस्। **सब्बभूतानुकम्पिनो**=सम्पूर्ण सत्वहरूलाई अनुकम्पा राखी संरक्षण गर्नुहुने; **सिखिस्स पि च**=सिखी नाम भएका तथागतलाई पनि; **मे=मेरो**; **नमो**=नमस्कार; **अत्थु**=होस्।

Dhamma.Digital

**पाँचथरी आँखाहरू**

(१) **बुद्धचक्खु**=आसयानुशय ज्ञान, इन्द्रिय परोपरियत्त ज्ञान।

(२) **धम्मचक्खु**=तलका मार्ग तीनवटा र फल तीनवटा।

(३) **समन्तचक्खु**=सर्वज्ञता ज्ञान।

(४) **दिब्बचक्खु**=दिब्यचक्षु अभिज्ञा।

(५) **पञ्ञाचक्खु**=चारवटा सत्यलाई जानेको ज्ञान।

**'चक्खु वियाति चक्खु'**-अनुसार विशेष रूपले जान्ने देख्ने हुनाले ज्ञानलाई नै आँखा समान भन्ने अर्थ अनुसार चक्षुहरू भनी भन्नुपर्दछ।

**(१०५) वेस्सभुस्स च नमत्थु, न्हातकस्स तपस्सिनो।**



Downloaded from http://www.dhamma.digital

**नमत्थु ककुसन्धस्स, मारसेना पमद्दिनो ।**

(१०५) **न्हातकस्स**=मार्ग अरहत्तरूपी पवित्र पानीले क्लेश पखालिसक्नुभएका; **तपस्सिनो**=प्रशंसनीय भएको उत्तमाचरणयुक्त हुनुभएका; **वेस्सभुस्स च**=वेस्सभू नामका तथागतलाई पनि; **मे**=मेरो; **नमो**=नमस्कार; **अत्थु**=होस् । **मारसेनापमद्दिनो**=मारसैन्य समूहलाई दबाई प्रमर्दन गर्नुभएका; **ककुसन्धस्स च**=ककुसन्ध नामका तथागतलाई पनि; **मे**=मेरो; **नमो**=नमस्कार; **अत्थु**=होस् ।

**(१०६) कोणागमनस्स नमत्थु, ब्राह्मणस्स वुसीमतो ।**
**कस्सपस्स च नमत्थु, विप्पमुत्तस्स सब्बधि ।**

(१०६) **ब्राह्मण**=कर्म सबै निवारण भएर विशुद्ध ब्राह्मण हुनुभएका; **वुसीमतो**=आर्यमार्ग सबैलाई आचरण गरिसक्नुभई उत्तमाचरणले युक्त हुनुभएका; **कोणागमनस्स च**=कोणागमन नामका तथागतलाई पनि; **मे**=मेरो; **नमो**=नमस्कार; **अत्थु**=होस् ।

**सब्बधि**

**विप्पमुत्तोसि सब्बधीति सब्बेहि किलेसेहि सब्बस्मिं च संखारगते विप्पमुत्तो विसंयुत्तो असि भवसि ।** *एकनिपात उज्जयत्थेरगाथट्ठकथा* (१४९)-मा **'सब्बेहि किलेसेहि'** अनुसार **'सब्बधि**=सम्पूर्ण क्लेशहरूबाट' भनी अर्थ दिएको छु । **सब्बस्मिं च संखारगते'** अनुसार भएमा **'सब्बधि=सम्पूर्ण** संस्कार समूहमा' भनी अर्थ दिनुपर्दछ । संस्कारमा क्लेशले गर्दा आशक्ति भइरहनुलाई ती संस्कारबाट अलग्ग र मुक्त नभएका भनी भन्नुपर्ने भएकोले क्लेश रहितहरूमा त संस्कारमा आशक्त हुनु, टाँसिनु खत्तम भइसक्ने भएकोले संस्कारमा अलग्ग र मुक्त भइरहेका भनी भन्नुपर्दछ ।

'**सब्बधि विप्पमुत्तोति सब्बेसु खन्धायतनादीसु विप्पमुत्तो हुत्वा** भन्ने *सगाथावग्ग देवता संयुत्त मानकाम सुत्त वर्णन अर्थकथा (२६)*-को मनसाय अनुसार **'सब्बधि**=सम्पूर्ण स्कन्ध, आयतन, धातुमा' भनी अर्थ दिनु पर्दछ ।



Downloaded from http://www.dhamma.digital

**(१०७) अङ्गीरसस्स नमत्थ, सक्यपुत्तस्स सिरीमतो ।**
**यो इमं धम्मं देसेसि, सब्बदुक्खापनूदनं ।**

(१०७) **यो**=जो शाक्य राजकुमार गौतम तथागतले; **सब्बदुक्खापनूदनं**=सम्पूर्ण दुःखलाई शान्त गर्नसक्ने, हटाई उखेल्ने कारण रहेको; **इमं धम्मं**=यस उत्तम धर्मदेशना; **देसेसि**=बताउनुभयो । **अङ्गीरसस्स**=शरीरको अंगबाट फैलीई-फैलीई फक्रेर निस्कने प्रकाशले युक्त हुनुभएका; **तस्स सक्यपुत्तस्स**=उहाँ शाक्य राजपुत्र गौतम तथागतलाई; **मे**=मेरो; **नमो**=नमस्कार; **अत्थु**=होस् ।

## सातजना बुद्धहरूलाई मात्र प्रणाम

*दीघनिकाय महावग्ग महापदान सुत्त (४२)*-मा निगमनको रूपमा शुद्धावास मार्गक्रम देशना गर्नुभएकोमा ती शुद्धावास भूमिमा तथागत पुग्नुहुँदा विपस्सी आदि सातजना बुद्धहरूका शिष्य श्रावक ब्रह्माहरूले ती भिन्न भिन्न तथागतहरूका विषयवस्तु घटनाहरू निवेदन गरे । उक्त शुद्धावास मार्गक्रम देखाइने देशनामा समावेश गर्न मिल्ने बनाउनको लागि उक्त देशना अनुरूप सातजना तथागतहरूको पूर्वेनिवास मात्र बताउनुभएको हो । अरु अरु कारण प्रदर्शनहरू पनि छन् । *महापदान सुत्त टीका* हेर्नुस् ।)

त्यसरी सातजना बुद्धहरूका पहिलेका घटनाहरू मात्र बताइएको *महापदान सुत्त* अनुसार नै पछि सातजना बुद्धहरूलाई पूजा गर्ने चलन बन्नगयो । त्यसैले यस आटानाटिय सुत्त मा वेश्रवण महाराजले सातजना बुद्धहरूलाई नमस्कार गरेका हुन् । खन्ध परित्त-मा पनि सातजना बुद्धहरूलाई नमस्कार गर्ने तथ्य उल्लेख रहेको हुनाले उक्त सुत्त-मा भने महापदानलाई आधार लिएर होइन कि त्यो बेलामा बोधिसत्व ऋषिको ज्ञान अनुसारले थाहाभएको हो ।

**(१०८) ये चापि निब्बुता लोके, यथाभूतं विपस्सिसुं ।**
**ते जना अपिसुणा'थ, महन्ता वीत-सारदा ।**

(१०८) **लोके**=लोकमा; **ये चापि जना**=जो अरहन्त पुद्गलहरू पनि;



Downloaded from http://www.dhamma.digital

**निब्बुता**=क्लेश भन्ने ताप शान्त भइसकेकाहरू हुनाले; **यथाभूतं**=सहि रूपले जस्ताको तस्तै नै; **विपस्सिसुं**=विशिष्ट ज्ञान अनुसार जानिसक्नुभयो; **ते जना**=उहाँ अर्हन्त पुद्गलहरू; **अपिसुणा**=चुगली गर्नु, पछ्याडि कुरा काट्नुले रहित हुनुभयो; **अथ**=अनि फेरि; **महन्ता**=शीलादि गुणांग शक्ति सम्पन्न भई उत्तम र महान हुनुभयो; **वीतसारदा**=भय त्रासबाट बिल्कुल अलग्ग भएका हुनुभयो ।

**(१०९) हितं देव-मनुस्सानं, यं नमस्सन्ति गोतमं ।**
**विज्जाचरणसम्पन्नं, महन्तं वीतसारदं ।**

(१०९) **ते जना**=उहाँ अरहन्त पुद्गलहरू; **देवमनुस्सानं**=देव मनुष्यहरूको; **हितं**=हित गर्ने; **विज्जाचरणसम्पन्नं**=विद्याज्ञान, आचरण चरणले युक्त हुनुभएका; **महन्तं**;=गुण समूहद्वारा झिलिमिली भई उत्तम हुनुभएका; **वीतसारदं**=भय त्रास बिल्कुल खतम भइसकेका; **गोतमं**=गौतम तथागतलाई; **नमस्सन्ति**=नमस्कार गर्दछन्; (**तेसम्पि**=उहाँ अर्हन्त आर्यहरूलाई पनि; **मे**=मेरो; **नमो**=नमस्कार; **अत्थु**=होस् ।)

**ब्याकरण अनुसार स्पष्टीकरण**

(**'ते जनाति इध खीणासवा जनाति अधिप्पेता'** भन्ने *दी.ट्ठ. ३; आटानाटिय सुत्त (१४४)* अनुसार जना-द्वारा अरहन्तहरू लिनुपर्दछ ।

**'अपिसुणाथाति देसनासीमत्तमेतं; अमुसा अपिसुणा अफरुसा मन्तभाणिनो ति अत्थो'** भन्ने उपरोक्त *अर्थकथा (१४४)* अनुसार अपिसुणा देशनाको शीर्षक मात्र भएकोले असत्य बोल्दैनन्, चुगली गर्दैनन्, कडा वचन बोल्दैनन्, प्रज्ञाले नियमित गरेर मात्र बोल्दछन् भनी अर्थ पूरै लिनुपर्दछ । देसनासीसद्वारा निदस्सन (निदर्शन) उपलक्खण (उपलक्षण) नय-को भाव निर्देशन गरिएको छ ।

दोश्रो गाथामा **'यं नमस्सन्तीति एत्थ यन्ति निपातमत्तं'** भन्ने *दी. ट्ठ.३ (१४५)* अनुसार **यं**-त निपात मात्र हो, अर्थ छैन । यी गाथाहरूमा मैले दिइआएको *नयाँ अर्थकथा*को मति अनुसार हो । पुरानो अर्थकथाले **'ते जना'** को स्वरूप तथागतहरूलाई मात्र ग्रहण गरिएको तथ्य *पाथिक नयाँ आटानाटिय अर्थकथा* मा उल्लेख भएको छ । उक्त *पुरानो अर्थकथा* अनुसार दुइवटा गाथाको अर्थ बताउन बाँकी छ ।)



Downloaded from http://www.dhamma.digital

## महाअर्थकथा अनुसार अर्थ

**लोके**=लोकमा; **ये चापि जना**=जो तथागतहरू पनि; **निब्बुता**=क्लेश शान्त भइसक्नुभएका हुनाले; **यथाभूतं**=सहि धर्मलाई; **विपस्सिसुं**=विशिष्ट ज्ञानले जानिसक्नुभयो; **ते जना**=उहाँ तथागतहरू; **अपिसुणा**=चुगली गर्नुले रहित हुनुभएका हुनुहुन्छ; **अथ**=त्यसपछि फेरि; **महन्ता**=उत्तम र महान हुनुहुन्छ। **वीतसारदा**=भय त्राश बिल्कुल खत्तम भइसकेकाहरू हुनुहुन्छ।

**देवमनुस्सानं**=देव मनुष्यहरूका; **हितं**=हित गर्नुहुने; **विज्जाचरणसम्पन्नं**=विद्या, चरण धर्मले सम्पन्न हुनुभएका; **महन्तं**=उत्तम र महान हुनुभएका; **वीतसारदं**=भय त्रास बिल्कुल खत्तम भइसक्नुभएका; **यं गोतमं**=जो गौतम तथागतलाई; **नमस्सन्ति**=प्रज्ञावानहरूले नमस्कार गरिरहेका छन्; (**तस्स च**=उक्त गौतम तथागतलाई र; **तेसञ्च**=उहाँ पुराना छजना तथागतहरूलाई; **मे**=मेरो; **नमो**=नमस्कार; **अत्थु**=होस्।

## यस अर्थमा जान्नयोग्य

**'दुतियगाथाय गोतमन्ति देसनामुखमत्तमेतं'** भन्ने *दी.ट्ठ. ३;* अनुसार **गोतमं** देशनाको प्रारम्भ मात्र भएकोले बाँकी रहेका छ जना तथागतहरूलाई पनि ग्रहण गर्नु पर्दछ। सम्पूर्ण बुद्धहरूलाई ग्रहण गर्नुपर्ने ठाउँमा **गोतम** भनेर मात्र भन्दा **'गोतमं'** प्रारम्भिक लक्ष हुन्छ। प्रारम्भ भन्दा पछि अझै छ भनी जान्नुपर्ने स्वाभाविक भएकोले यहाँ **'गोतमं'** द्वारा अरु अरु तथागतहरूलाई समेत भनिएको हो भनी जानकारी पाइन्छ।

**(११०) एते चञ्ञे च सम्बुद्धा, अनेकसतकोटियो।**
**सब्बे बुद्धा'समसमा, सब्बे बुद्धा महिद्धिका।**

(११०) **एते सम्बुद्धा च**=उहाँ विपस्सी आदि ६ जना तथागतहरू र; **अञ्ञे**=छजना तथागतहरू बाहेक अरु; **अनेकसतकोटियो**=कोटानकोटी धेरै नै; **सम्बुद्धा च**=सम्बुद्धहरू; **सब्बे**=सम्पूर्ण; **बुद्धा**=तथागत बुद्धहरू;



Downloaded from http://www.dhamma.digital

**असमसमा**= दाँज्न नमिल्नेहरू;**सब्बे**=सम्पूर्ण; **बुद्धा**=तथागत बुद्धहरू; **महिद्धिका**=महान ऋद्धि सम्पन्नहरू हुनुहुन्छ ।

**(१११) सब्बे दसबलूपेता-वेसारज्जेहु'पागता ।**
**सब्बे ते पटिजानन्ति-आसभं ठान'मुत्तमं ।**

(१११) **सब्बे**=सम्पूर्ण तथागतहरू; **दसबलूपेता**=तथागतहरूका दशवटा ज्ञानबलले सम्पन्नहरू हुनुहुन्छ; **वेसारज्जेहि**=वेशारद्य ज्ञानले; **उपागता**=पूर्ण भएका हुनुहुन्छ; **सब्बे**=सम्पूर्ण; **ते=**उहाँ तथागतहरू; **उत्तमं**=उत्तम भएको; **आसभं ठानं**=विशिष्ट श्रेष्ठोत्तम बुद्धहरूको साँच्चैको निजी क्षेत्र सर्वज्ञतालाई; **पटिजानन्ति**=समर्थन गर्नेहरू हुनुहुन्छ । (स्वीकार र अधीनस्थ गरिसकेकाहरू हुनुहुन्छ ।)

## दशबल

**दसबलूपेता**-मा दशबल (=दशवटा बल) भनेको **'दस खो पनिमानि सारिपुत्त तथागतस्स तथागतबलानि'** आदि भनी *मूलपणास महासीहनाद सुत्त* (९९)-मा बताइराख्नुभएको तथागत बल भनेको दश ज्ञानबललाई नै भनिएको हो ।

## ती दश ज्ञानबलहरू

(१) **ठानाट्ठानञाण**=कारण हो होइन भन्ने थाहापाएको ज्ञान ।

(२) **कम्मविपाकञाण**=कर्मको परिणामलाई जानेको ज्ञान ।

(३) **सब्बत्थगामिनि-पटिपदाञाण**=विभिन्न भवहरूमा पुगिने कारण; निर्वाणमा पुगिनुको कारण आचरणलाई जानेको ज्ञान ।

(४) **अनेकधातु-नानाधातु-ञाण**=विभिन्न धातु स्वभावलाई जानेको ज्ञान ।

(५) **नानाधिमुत्तिकञाण**= सत्वहरूको मनोभावना अधिमुत्ति स्वभावलाई जानेको ज्ञान ।

(६) **इन्द्रिय-परोपरियत्त-ञाण**=सत्वहरूका इन्द्रीय तीक्ष्ण छ छैन लाई जानेको ज्ञान ।



Downloaded from http://www.dhamma.digital

(७) **झानादि-संकलिट्ठ-वोदान-वुट्ठान-ञाण**=ध्यान आदिको उन्नति, अवनति उत्थान-ध्यानबाट उठ्नु) लाई जानेको ज्ञान ।

(८) **पुब्बेनिवासानुस्सति-ञाण**=पहिले-पहिलेका जन्मका घटनाहरूलाई जानेको ज्ञान ।

(९) **चुतूपपात-ञाण**=सत्वहरूको च्युति प्रतिसन्धिलाई जानेको ज्ञान ।

(१०) **आसवक्खय-ञाण**=आश्रवक्षय भएको निर्वाणलाई जानेको ज्ञान ।

**कारणाकारण चरण समूह-मनोवृत्ति र धातु स्वभाव ।**
**इन्द्रीय ध्यानादि-तीत भव-च्युति प्रतिसन्धि क्षयाश्रव ।**
**यी नै हुन् दश बल-भनिन्छ तथागत बल पनि ।**

## कायबल

यस तथागतबल (=बुद्धहरूको शक्ति) को क्षेत्रमा कायबललाई पनि ती अर्थकथाहरूमा वर्णन गरिएका छन् ।

**कालावक र गंगेय्य - पण्डर तम्बपिंगल ।**
**गन्ध मंगल हेम अनि - दश हात्ति छद्दन्तुपोसथ ।**

यस कविता अनुसार कालावक आदि दश प्रकारका हात्तीहरू मध्येमा कालावक प्रकृति साधारण हात्ती जाति भएकोले १० जना पुरुषको बल हुन्छ । उक्त कालावक हात्ती १० जनाको बल गंगेय्य हात्ती एउटाको हुन्छ । यस विधि अनुसार दश दश हात्तीका बलहरू तह तह बढ्दै गएर उपोसथ हात्ती दशजनाको बल छद्दन्त हात्ती एकजनाको हुन्छ । छद्दन्त हात्ती दशजनाको बल तथागतको बल हो । त्यसो हुनाले तथागतको बल छद्दन्त हात्ती १० जनाको, सामान्य हात्तीको एकहजार करोड; पुरुष दशहजार कोटिको बल बराबर हुन्छ ।

## वैशारद्य ज्ञान चारवटा

वैशारद्य ज्ञान चारवटा बताउनुभएको *चतुक्कंगुत्तर भण्डगामवग्ग वेसारज्जसुत्त (३१५)*-मा उल्लिखित छ । सारांश (१) सम्यक्सम्बुद्ध तथागत हुँ



Downloaded from http://www.dhamma.digital

भनी स्वीकार गर्ने उहाँले यी धर्महरू जान्दैनन् भनी कारण पृष्ठभूमि सहित आलोचना गर्ने देव, मनुष्य, मार, ब्रह्मा कोही एकजनालाई पनि; त्यस्तै निर्देशित गरी आलोचना गरिने धर्मलाई पनि म तथागतले नदेखेको हुनाले शान्त शीतलतामा पुगी निर्भीकरूपले बस्छु। (२) त्यस्तै नै 'आस्रवक्षय भइसकेको हुँ भनी स्वीकार गर्नुभएका उहाँमा यी आस्रवहरू खत्तम भइसकेका छैनन्' भनेर; (३) 'अन्तराय गर्दछ भनी उहाँले बताइराखिएका धर्महरूले अन्तराय गर्दैन' भनेर र (४) 'संसार वर्त दु:ख अन्त गर्नको निम्ति भनी उहाँबाट बताइराखिएका धर्महरूले वर्त दु:खबाट मुक्त गर्दैन' भनी कारण पृष्ठभूमि सहित आलोचन गर्ने देव, मनुष्य, मार, ब्रह्मा कोही एकजनालाई पनि; त्यस्तै निर्देशन दिई आलोचना गरिने धर्मलाई पनि म तथागत देख्दिनँ, शान्त शीतलतामा पुगेर निर्भीक रूपमा बस्छु। यी चारवटा तथ्यहरूमा भय रहित भई निर्भीक हुनुभएको भाव बताउनुभयो।

**विसारदस्स भावो वेसारज्जं। विसारदस्स**=भय रहित भई निर्भीक व्यक्तिको; **भावो**=उत्पत्ति कारण हो; **वेसारज्जं**=निर्भीक हुन पाउनु ज्ञानले गर्दा नै हो। मेरो सिद्धान्त र मेरो काम सहि हो भनी निश्चित गरी निर्णय गर्नसक्ने ज्ञान हुने व्यक्तिमा भय हुँदैन। हो, कि होइन भनी आस्था र विश्वास नहुने मात्र डराउँदछ। त्यसैले **ब्यामोहवसेन सरणपरियेसनं सारज्जं**=प्रज्ञा ज्ञान नहुनाले सम्मोहित हुनेगरी आधार खोज्दै हिंड्नुलाई **सारज्ज** भनिन्छ' भनी *अंगुत्तर टीका* (२-२२६) आदिमा वर्णन गरिएको छ। 'मैले धर्म सबै जान्दछु; नजानेको धर्म छैन; साँच्चै नै सम्बुद्ध हुँ' भनी साँच्चै जान्नुहुने तथागतमा कहाँ **ब्यामोहभय** भनिने मोहित र भयभीत हुनु जस्तो अवस्था रहन सक्ला र! त्यसो हुनाले *मूलपण्णास ट्ठ. महासीहनाद सुत्त (३३८)*-मा चारवटा स्थानहरूमा आफू भयरहित भई निर्भीक रहेको भावलाई निरीक्षण गर्नुभएका तथागतलाई उत्पन्न भएको सौमनस्यसँग सम्प्रयुक्त भएको ज्ञानलाई **वेसारज्ज** भनिन्छ भनी वर्णन गरिएको छ। चारवटा स्थान भनेको पहिले *अंगुत्तर पालि* अनुसार बुद्धत्व, आस्रवक्षयको भाव, अन्तराय गर्ने धर्म, वर्तबाट



Downloaded from http://www.dhamma.digital

मुक्त हुने धर्म नै हुन्। ती चारवटा स्थानहरूलाई कारण गरी उत्पन्न हुने प्रत्यवेक्षण ज्ञानहरूलाई नै **वेसारज्ज** ज्ञान भनिन्छ।

### आसभं ठानं

(**'आसभं'** उत्तम अर्थवाची हो। **ठान**=क्षेत्र भनेको लोकमा राजाको भाव, मन्त्रीको भावलाई राजक्षेत्र, मन्त्री क्षेत्र भनिने जस्तै क्षेत्र, पदवी जस्तो क्षेत्र नै हो। तसर्थ तथागतको **आसभठान** (=उत्तम क्षेत्र वा स्थिति) भनेको सम्पूर्ण धर्मलाई सबै सबै नै जान्नुभएको सर्वज्ञ बुद्धत्वलाई नै भनिएको हो। तसर्थ **'सेट्ठानं सब्बञ्ञुतं'** भनी *ञाणविभंग मूलटीका* मा वर्णन गरिएको छ। (**आसभं ठानंन्ति सेट्ठानं उत्तमट्ठानं।** *विभङ्गट्ठकथा ३८१* आदि) **'आसभा वा पुब्बबुद्धा; तेसं ठानन्ति अत्थो'** भन्ने *ञाणविभङ्गट्ठकथा*- आदि अनुसार **आसभ**-शब्दले बुद्धलाई पनि ब्यक्ति गरिने हुनाले पहिले -पहिलेका बुद्धहरूको क्षेत्र भन्ने अर्थलाई पनि जान्नुपर्दछ। आसभ शब्दले कसरी बुद्धलाई व्यक्त गर्न सकेको हो नि ? **'पटिजाननवसेन सब्बञ्ञुतं अभिमुखं गच्छन्ति**; **अट्ठ वा परिसा उपसंकमन्तीति आसभा बुद्धा।' पटिजानन वसेन**=स्वीकार गरिने ढंगले; **सब्बञ्ञुतं**=सर्वज्ञ भावमा; **अभिमुखं**=अगाडि; **गच्छन्ति**=पुग्दछन्; **वा**=अथवा; **अट्ठ परिसा**=परिषद् आठवटातिर; **उपसंकमन्ति**=उपसंक्रमण गर्दछ; **इति**=त्यसो हुनाले; **आसभा**=आसभ भनिन्छ। **बुद्धा**=बुद्धहरू हुन्। (*ञाणविभंग मूलटीका १८९*) अभिमुखं द्वारा **आ**'लाई, गच्छन्ति उपसंकमन्ति द्वारा '**सभ'** लाई वर्णन गरिएको छ। सर्वज्ञ भावमा अभिमुख भई पुग्नु भनेको सर्वज्ञतालाई समर्थन गर्नु, स्वीकार गर्नु नै भएकोले **पटिजाननवसेन'** भनिन्छ। सर्वज्ञ होइनन् भने आठवटा परिषद्मा नजिक जाने आँट गर्दैनन्; नजिक जान सक्दैनन्; सर्वज्ञ भएकोले नै नजिक जानसक्ने भएकोले **'अट्ठपरिसा उपसंकमन्ति'** मा पनि **'सब्बञ्ञुतं पटिजाननवसेन'** भनी जोड्नुपर्दछ। **पटिजाननं**=समर्थन गर्नु भनेको उक्त **आसभट्ठान** भन्ने सर्वज्ञ स्थितिको नजिक पुग्नु, सर्वज्ञ भावलाई त्याग नगर्नु, सर्वज्ञ भावलाइ आफूप्रति आरुढ गरी खप्ट्याइदिनु नै हो। तसर्थ **'पटिजानन्ति उपगच्छति न पच्चक्खाति अत्तनि आरोपेति'** भनी *ञाणविभंग अर्थकथा (३८१)* आदिमा वर्णन गरिएको छ।)

**(११२) सीहनादं नदन्ते'ते - परिसासु विसारदा।**
**ब्रह्मचक्कं पवत्तेन्ति-लोके अप्पटिवत्तियं।**

(११२) **एते बुद्धा**=उहाँ तथागत बुद्धहरू; **परिसासु**=आठवटा परिषदमा;



Downloaded from http://www.dhamma.digital

**विसारदा**=डराउनुबाट रहित भई निर्भीक हुनुभएकाहरू हुनाले; **सीहनादं**=सिंहराजको घोष समान भएको धर्म घोषलाई; **नदन्ति**=नाद गर्नुभयो; **लोके**=लोकमा; (**केनचि =**ब्रह्मा देव मनुष्य कोही कसैले पनि); **अप्पटिवत्तियं=**विरोध गर्ने आँट नगरिएको; तिरस्कार गर्न नसकिएको; **ब्रह्मचक्कं**=उत्तम धर्मचक्रलाई; **पवत्तेन्ति**=उत्पन्न पार्नुभयो ।

## सीहनाद

**सीहनाद**-मा **सीह**-शब्द उत्तम वाची भएकोले उत्तम आवाज भन्नुपर्दछ । डराई डराई बोलिएको भनिएको आवाजलाई उत्तम भन्न मिल्दैन । नडराइकन निर्भीक रूपले बोलिने, भनिने जस्ता आवाज मात्र उत्तम आवाज हो । तसर्थ उत्तम आवाज भनेको नडराएको र निर्भय भएको आवाजलाई भनिएको तथ्य **'सीहनादं नदतीति सेट्ठनादं अभीतनादं नदति'** भनी *मूलपण्णासअट्ठकथा महासीहनाद सुत्त (३३२)*- मा वर्णन गरिएको छ । यस भनाई अनुसार '**सीहनादं**=डर नमान्ने उत्तम आवाजलाई' भनी (अर्थ) लगाउनुपर्दछ । संस्कृतमा त मुनिसीह आदि जस्तै पछाडिको सीहलाई मात्र उत्तमवाची भनिएको छ । अर्को ढंगले सीहलाई सिंह वाची भनी मानेर 'सिंहराजको जस्तो आवाजलाई' भनेर पनि भन्नसकिने तथ्यलाई **'सीहनादसदिसं वा नादं नदति'** भनी वर्णन गरिएको छ । सिंहराजले सिंहबल भनिने सिंहशक्ति युक्त भएकोले नडराई निर्भीक रूपले सिंह आवाज गर्जन गर्ने जस्तै तथागत सिंह हुनुभएका उहाँ बुद्धले पनि तथागत बल भनिने बुद्ध शक्ति ज्ञानहरू युक्त हुनाले आठवटा परिषद्मा नडराइकन निर्भीकरूपमा धर्म-शब्द भन्ने सिंहनाद गर्नुहुन्छ ।

यो सिंहनादलाई *खन्धवग्ग संयुत्त सीहनाद सुत्त* (७०), *चतुकंगुत्तर सीह सुत्त* (३४२) द्वारा जान्न सकिन्छ । उक्त सूत्रहरू बताउनुभएको ढंग सारांश 'सिंहराजले साँझतिर शिकार खोज्न जानलाग्दा निस्कन अगाडि सिंहनाद गर्जन गर्ने बानि छ । उक्त आवाज सुनेका तिरश्चीनहरू प्रायःगरी



Downloaded from http://www.dhamma.digital

थर्कने गर्दछन् । भागेर छल्ने गर्दछन् । त्यस्तै नै तथागतको सत्काय (स्कन्ध पाँचवटा) सँग सम्बन्धित भएको धर्म आवाज सुनेका देव ब्रह्माहरू नित्य ठानेर बसेको आआफ्ना अनित्यलाई जान्नपाएपछि थर्कने गर्दछन्' भनिन्छ ।

## आठवटा परिषद

पुरुषको शूर बीरता वा शक्ति घरमा बस्दा प्रकट हुँदैन; युद्धस्थलमा मात्र प्रकट हुन्छ । त्यस्तै नै तथागतको वैशारद्य ज्ञान शक्ति पनि प्रज्ञावान परिषद्मा अतिव प्रकट हुन्छ । त्यसो हुनाले सिंहनाद उत्पत्ति क्षेत्रलाई **'परिसासु'** भनी उल्लेख गरिएको हो । भिक्षु, भिक्षुणी, उपासक, उपासिका भनी चार परिषद् पनि रहेको हुनाले त्यो चार परिषद्लाई भनिएको होइन । यहाँ स्वयं तथागतले आफ्नो वैशारद्य भाव बताउनुभएको *महासीहनाद सुत्त*-मा उल्लिखित आठवटा परिषदलाई भनिएको हो । (चारपरिषद त आठपरिषदमा समावेश भइरहेकै छ ।) उक्त सूत्रमा बताउनुभएको सारांश 'सारिपुत्र, म तथागत राजा, ब्राह्मण, गृहपति, भिक्षु, चातुर्महाराजिक, त्रयस्त्रिंशत्, मार, ब्रह्मा परिषदमा उपसंक्रमण गरेको स्मरण छ । उक्त परिषद्मा समागम भएर ज्ञान बताउने, देखाउने गरिसकेको हुनाले उक्त तथ्यको कारणले डर ममा प्रवेश गरेको अवस्था म तथागतले भेटाएको छैन; त्यस्तो अनुभव नगरेका म तथागत शान्त र शीतलतामा पुगेर भयत्रास रहित भई बस्दछु' भन्ने हो ।

**राजा, ब्राह्मण, गृहपति, भिक्षु-चातुर्महाराज र त्रयस्त्रिंशत् ।**
**ब्रह्मा, मार सम्झिराख्नु- आठ परिषद् यी भए ।**

## ब्रह्मचक्क

**ब्रह्मचक्क**-मा **चक्क**-शब्द त **धम्मचक्क** भनिने धर्मचक्र वाची हो । धर्मचक्र भनिए पनि धर्म-देशनालाई भनिएको होइन । तथागतको प्रतिवेध ज्ञान र देशना ज्ञानहरूलाई भनिएको हो । आफ्नो आर्यबललाई उत्पन्न गर्नसक्ने अर्हत्त मार्ग ज्ञानलाई प्रतिवेध ज्ञान भनी भनेर श्रावकहरूको



Downloaded from http://www.dhamma.digital

आर्यबललाई उत्पन्न गर्ने महाक्रिया ज्ञानलाई देशना ज्ञान भनिन्छ।

**अप्पटिवत्तियं**=अरुले उत्पन्न पार्न नसकिएको भनी (अर्थ) दिने चलन छ। उक्त अर्थ '**उभयम्पि पनेतं अञ्ञेहि असाधारणं; बुद्धानं येव ओसरञाणं**=यी दुइटा ज्ञानहरू बुद्धबाहेक अरुसँग सम्बन्धित होइनन्; तथागतहरूको स्वर्ण हृदयबाट मात्र उत्पन्न हुने ज्ञानहरू' भन्ने (*म.ट्ठ. १-३३४*) सँग समान जस्तै रहेको छ। तर **अप्पटिवत्तियं**-मा **पटिवत्तन पवत्तेति**-मा **पवत्तन** सँग साम्यता छैन। **पटिवत्तन**- त रोक्ने अर्थवाची हो। यहाँ तथागतको धर्मचक्र दुइटालाई कसैले विरोध, प्रहीण र निवारण गर्न सक्दैन भनी अर्थ ग्रहण गर्नु उचित हुन्छ।

**अप्पटिवत्तियन्ति नयिदं तथाति पटिलोमं वत्तेतु असक्कुणेय्यं।** (*पटिसम्भिदामग्ग अट्ठकथा दुतियधम्मचक्क पवत्तन वार २१८*)

**अप्पटिवत्तियन्ति धम्मिस्सरस्स भगवतो सम्मासम्बुद्ध भावतो धम्मचक्कस्स च अनुत्तरभावतो अप्पटिसेधनीयं।** (*नेत्ति अट्ठकथा देसनाहारविभंग ५७*)

**(११३) उपेता बुद्धधम्मेहि; अट्ठारसहि नायका।**
**बात्तिंसलक्खणूपेता; सीतानुब्यञ्जनाधरा।**

(११३) **नायका**=लोकका नेता, प्रनेता, प्रमुख नायक तथागतहरू; **अट्ठारसहि=**अठारवटा; **बुद्धधम्मेहि=**तथागतहरूको मात्र अधिनस्थ गुणहरूले; **उपेता**=सम्पन्न भएका हुनुहुन्छ। **बात्तिंसलक्खणूपेता**=बत्तिस वटा महापुरुष लक्षणहरूले सम्पन्न हुनुहुन्छ। **असीतानुब्यञ्जनाधरा**=अस्सीवटा ससाना लक्षण अनुब्यञ्जन धारण गर्नुभएकाहरू हुनुहुन्छ।

### बुद्धधम्म मात्र

**बुद्धधम्म**-मा **धम्म**-शब्द गुणवाचक रहेकोले तथागतहरूका गुणहरू भए। ती गुणहरू अरु-अरु व्यक्तिहरूसँग सम्बन्धित छैनन्, उपलब्ध हुन



Downloaded from http://www.dhamma.digital

नसकिने गुणहरू भएकोले **'बुद्धानं येव धम्मा गुणा; न अञ्ञेसन्ति बुद्धधम्मा'** भनी *पाथिक संगीति सुत्त टीका*-मा वर्णन गरिएको छ। त्यसरी अरु व्यक्तिहरूसँग सम्बन्धित नभएको तथागतहरूले मात्र उपलब्ध गरिलिन सकिने विशिष्ट असाधारण गुणहरू भएकोले नै ती गुणहरूलाई **आवेणिक धम्म** (=आवेणिक गुणहरू) भनी भनिन्छ। (*दी. टी.३-१९७*) ती बुद्धधर्महरू यी हुन्-

१- अतीत अंशमा तथागतको प्रतिरोध नरहेको ज्ञान।

२- अनागत अंशमा तथागतको प्रतिबन्ध प्रतिरोध नरहेको ज्ञान।

३- वर्तमान अंशमा तथागतको प्रतिबन्ध प्रतिरोध नरहेको ज्ञान।

४- यी तीनवटा गुणले सम्पन्न हुनुभएका तथागतका कायिक कर्म सबैमा नै ज्ञान समावेश भइरहेको हुन्छ।

५- वाचिक कर्म सबैमा नै ज्ञान समावेश भइरहेको हुन्छ।

६- मानसिक कर्म सबैमा नै ज्ञान समावेश भइरहेको हुन्छ।

७- यी छवटा गुणहरूले सम्पन्न हुनुभएका तथागतसँग छन्द (=इच्छा) को परिहानी हुँदैन।

८ - धर्मदेशनाको परिहानी हुँदैन।

९- वीर्यको परिहानी हुँदैन।

१० -समाधिको परिहानी हुँदैन।

११ - प्रज्ञाको परिहानी हुँदैन।

१२ - विमुक्ति (=अरहत्त फल) को परिहानी हुँदैन।

१३ - यी बाह्रवटा गुणले सम्पन्न हुनुभएका तथागतमा खिसी गर्नु, निरर्थक पार्नु, दिल्लगी गर्नु, खेलवाड जस्तो गर्ने भावना जस्ता काम काज हुँदैनन्।

१४ - हत्तर पत्तर हडबडाई झ्वाट्ट गर्नु जस्तो काम कुरो हुँदैन। (गल्ती हुनेगरी टुटफुट रहने गरी असफल हुने गरी काम गर्नु भनेर पनि भनिएको छ।)

१५ - ज्ञानले नभ्याउने अपूर्ण रहेको अस्पष्ट रहेको क्षेत्र (=स्थिति) भन्ने हुँदैन।



Downloaded from http://www.dhamma.digital

१६ - हतार हतार काम कुरा गरिने हुँदैन ।

१७ - बिना विचारले त्यसै त्यसै उत्पन्न हुने चित्त निरर्थक भएको चित्त भन्नेजस्ता भाव हुँदैन ।

१८ - बिना दृष्टीले प्रतिसांख्या (प्रज्ञाज्ञान) रहित रहेको जस्तो भाव छैन । यी अठारवटा भए ।

## एकथरी विधि

उपरोक्त **बुद्धधम्म** अठारवटा *विभंग मूल टीका* बाट हो । त्यस मूल टीकामा नै 'धर्मदेशनाको परिहानी हुँदैन' भन्ने भनाईको सट्टामा 'शक्तिको परिहानी हुँदैन' भनी एकथरी पनि उल्लेख रहेको छ भनिएको छ । *दी. ट्ठ. ३; संगीति सुत्त* (१७६)-मा **बुद्धधम्म** अठारवटा अरु किसिमका उल्लेख भएका पनि छन् । तर दीघभाणकहरूको भनाई रहेको उक्त बुद्धधम्म छ्यासमिस भएको जस्तो रहेकोले छ्यासमिस नभएको भनाइलाई यसरी स्मरण गर्नु भनी उपरोक्त मूल टीका भनाई अनुसार *संगीति सुत्त टीका*चार्यले आज्ञा गर्नुभएको छ ।

## महालक्षण बत्तिसवटा

१- तथागतको पाइताला कुनै खाल्टो नपरी भुईमा राम्ररी टेकिने किसिमले सम्म परेर सफा छ ।

२- पाइतालामा चक्र लक्षणहरू छन् ।

३- कुर्कुच्चा खुट्टाको एकचौथाई लामो छ ।

४- हातका औंलाहरू फेदमा मोटो अनि टुप्पा सानो भई सर्लक्क परेर लामा लामा छन् ।

५- हात, खुट्टा नरम, कलिला र कोमल छन् ।

६- हातका औंलाहरू, खुट्टाका औंलाहरू समान छन् तथा एकआपसमा जाली जस्तोले जोडिएका छन् ।



Downloaded from http://www.dhamma.digital

७- गोली गाँठाहरू राम्ररी उभ्रेका छन् ।

८- खुट्टाका नलीहरू एणि मृगको जस्तो गोलो र सर्लक्क परेका छन् ।

९- शरीर ननिहुरिकन सोझो ठिंग उभेर नै हातले दुइटै घुँडाहरूलाई परामर्शन (मुसार्नु) गर्न सक्ने गरी माथिको भागमा र तलको भागमा समानता रहेका छन् ।

१० -पुरुष निमित्त (लिंग) छालाको कोष्ठमा डुबेको छ ।

११ - शरीरको छविवर्ण सुवर्णवर्ण रहेको छ ।

१२ - छाला नरम, कलिलो र कमलो छ ।

१३ - रौंहरू प्रत्येक प्वालमा एउटा एउटा मात्र उम्रेका छन् ।

१४ - ती रौंहरू काजलको वर्णका भई दाहिनेतिर घुम्रिएर टुप्पो माथितिर ठाडो परेका हुन्छन् ।

१५ - शरीर महाब्रह्माको जस्तो स्वच्छ भई सोझो र ठाडो रहेको छ ।

१६ - हत्केला, पाइतालाको माथिको भाग, दुबै काँध र गर्दन गरी सात ठाउँहरूमा हाड र नसाहरू नदेखिने गरी माँसलयुक्त भई हृष्टपुष्ट छन् ।

१७ - शरीरको माथिल्लो भाग सिंहराजको जस्तो गोल र पूर्ण पुष्ट भएको छ ।

१८ - बाहिरी हत्केला किनारा, हाड, नसा, आदि थाहा नपाइने गरी मांसल र हृष्टपुष्ट छन् ।

१९ - शरीर बाटुलो पिपल वृक्ष जस्तै उचाई र चौडाईको परिमाण समान छ ।

२०- घाँटी र गर्दन समभाग हुनेगरी गोलो परेको छ ।

२१- तथागतमा रस ग्रहण गर्नसक्ने नसाहरू सातहजार जति छन् ।

२२- तथागतको हनुका सिंहराजको जस्तो पुष्ट रहेको छ ।

२३- दाँतहरू पूरा चालीसवटा छन् ।

२४- दाँतहरू सबै नै लहरै परी मिलेका छन् ।

२५- दाँतहरू आपसमा छुट्टिनाले खालि परेर हुने प्वाल रहित भई एकढिक्का परेको छ ।



Downloaded from http://www.dhamma.digital

२६- दाह्राहरू पूर्णरूपले सेता छन् ।

२७- जिब्रो पातलो, लामो, फराकिलो र नरम छ ।

२८- स्वर महाब्रह्माको जस्तै अत्यन्तै सुरिलो छ ।

२९- आँखाका कालो भाग राम्ररी कालो परेका छन् ।

३०- आँखा भर्खर जन्मेको बाछीको जस्तो सफा छन् ।

३१- तथागतका दुइटा आँखिभौंको ठिक्क बीचमा सान्है नरम कपास जस्तो सेतो उण्णलोम सजीव केश छ ।

३२- मस्तक पगरी लगाएको जस्तो रहेको छ । (यो ३२ महापुरुष लक्षण खण्ड आचार्य भिक्षु अमृतानन्द रचित *बुद्धकालीन ब्राह्मण भाग १ पृष्ठांक १६८ सँग* तुलना गरौं । सम्पादक)

## अस्सिवटा अनुब्यञ्जन (साना साना लक्षणहरू)

१- तथागतका हात खुट्टाका औंलाहरू खाली ठाउँ नहुनेगरी खाल्टो रहित भई हृष्टपुष्ट भएको छ ।

२- ती एकातिरदेखि पोरटुप्पातिर सर्लक्क परेका छन् ।

३- औंलाहरू माझिएका सुनको खम्बा झैं गोला छन् ।

४- हात खुट्टाका नङहरू मणिमाणिकको वर्ण जस्तै राता छन् ।

५- नङहरू उभ्रेका छन् ।

६- नरम तथा पुष्ट छन् ।

७- खुट्टाका औंलाहरू सबै नै बराबर छन् ।

८- ?गोली गाँठाहरू डल्लो नझल्किने गरी पुष्ट र चिप्लो परेका छन् ।

९- गमन लीला हस्तिराजको जस्तो सुसंस्कृत छ ।

१० - सिंहराजको गमन जस्तै भव्य छ ।

११ - सुवर्ण हंसराजको गमन जस्तो विशेष शोभायमान छ ।

१२ - उसभराज जस्तै शोभायमान गमन छ ।

१३ - दायाँ खुट्टा पहिले चालेर गमन गरिन्छ ।



Downloaded from http://www.dhamma.digital

१४ - घुँडाको गाँठो लुकिने गरी चारैतिर गोलो परेको छ।
१५ - पुरुष निमित्त (लिंग) पुष्ट छ।
१६ - नाभी सुक्दैन र फुट्दैन पनि।
१७ - मोतीको बोक्रो जस्तै गहिरो छ।
१८ - दाहिनेबाट चक्र घुमेको आकर्षक र शोभायमान छ
१९ - तिघ्रा र भुजाहरू हात्तीको सुँड जस्तै सर्लक्क र सफा छन्।
२०- शरीर लम्बाई र चौडाई तल माथि नापेर बनाइएको जस्तो एकरूपता छ।
२१- छेउदेखि सम्म र सफा छ।
२२- चारैतिर पुष्ट र सफा छ।
२३- अग्लो होचो भन्ने नभई सबैतिर मिलेको छ।
२४- झुरी परेको वा काचकुच परेको छैन।
२५- दण्डिफोर, कोठी, पलाँसे ? दाद आदिले मुक्त छ।
२७- राम्ररी आगोमा पोलिएको सुन जस्तो परिशुद्ध छ।
२८- तथागतमा कालावक जातिका हात्ती हजारकोटि जना बराबरको बलशक्ति छ।
२९- नाक चुच्चो परेको सुवर्ण जस्तै पुष्ट भई स्पष्ट छ।
३०- गिजा पूरैको मासु रातो छ।
३१- दाँतहरू सफा र सेता छन्।
३२- दाँतहरू कोमल र पुष्ट छन्।
३३- इन्द्रीयहरू अति नै सफा छन्।
३४- दाऱ्हाहरू गोला छन्।
३५- ओँठ राता छन्।
३६- मुख लामो छ।
३७- हस्तरेखा लक्षणहरू गम्भीर छन्।
३८- हस्तरेखा लक्षणहरू लामा छन्।



Downloaded from http://www.dhamma.digital

३९- हस्तरेखा लक्षणहरू सिधासिधा छन् ।

४०- आकर्षक आकार छन् ।

४१- शरीरको वर्ण त सुडौल भई सम्म परेको छ ।

४२- गालाहरू पुष्ट भई सुन्दर छन् ।

४३- आँखा लामो र विस्तृत छन् ।

४४- आँखा पहेँलो सुवर्णको जस्तो वर्ण भएको, सेतो, रातो, कालो भन्ने पाँच वर्ण खुलेका छन् स्पष्ट छन् ।

४५- आँखाको परेला लहरै परी माथितिर बांगिएका छन् ।

४६- जिब्रो नरम, पातलो र रातो छ ।

४७- कान लामा र आकर्षक पनि छन् ।

४८- शिरमा कतै डल्लो उठेकोबाट रहित भई प्राकृतिक रूपले सुन्दर छ ।

४९- मैला छैनन् ।

५०- शिर छाता जस्तै बाटुलो छ ।

५१- निधार लाम्चो परेर शोभायुक्त छ ।

५२- आँखीभौं राम्रो शोभायमान भएको आकार संस्थानले युक्त छन् ।

५३-रौंहरू कोमल छन् ।

५४- शुरुदेखि सुलुक्क परी निहुरिएका छन् ।

५५- विस्तृत छन् ।

५६- लामा छन् ।

५७- शरीर नरम र कोमल छ ।

५८- अतिव शान्त दान्त छ ।

५९- मयल रहित छ ।

६०- अतिव उज्यालो छ ।

६१- च्यापच्याप हुँदैन ।

६२- कोमल र पुष्ट छ ।६३- असल गन्ध छ ।

६४- रौंका प्वालहरू लहर मिलेका भई प्रत्येक प्वालहरूमा कतै नछुट्ने गरी



Downloaded from http://www.dhamma.digital

रौं उम्रेका छन् ।

६५- स्निग्ध चिल्लो भई नीलो र कोमल छन् ।

६६- दाहिनेतिरबाट घुम्रिएका छन् ।

६७- विस्फोट भइरहेको अञ्जन पर्वतको शोभा जस्तै नीलो अँध्यारो रंगका छन् ।

६८- बांगोटिंगो परी गाँठो पर्नुबाट रहित भई सफा र पुष्ट छ ।

६९- शरीरबाट अतिव शुक्ष्म आश्वास प्रश्वास धारण गरिरहेको छ ।

७०- मुखबाट सुगन्ध बास्ना आउँछ ।

७१- टाउको पनि बास्ना आउँछ ।

७२- केश राम्ररी काला छन् ।

७३- दाहिनेतिरबाट घुम्रिएको छ ।

७४- राम्रा आकार संस्थान छन् ।

७५- बांगो टिंगो परी गाँठा परेकोबाट रहित भई सफा र पुष्ट छन् ।

७६- नरम र कोमल छन् ।

७७- आपसमा मिलेका छन् ।

७९- च्यापच्याप्ति नपरी स्निग्ध र चिल्ला छन् ।

८०- तालुमा केतुमाला प्रभारत्नले चित्रित भएको छ ।

**(११४) ब्यामप्पभाय सुप्पभा - सब्बे ते मुनिकुञ्जरा ।**
**बुद्धा सब्बञ्ञुनो एते - सब्बे खीणासवा जिना ।**

(११४) **सब्बे**=सम्पूर्ण; **ते मुनि कुञ्जरा**=शीर्षस्थ मुनि उहाँ तथागतहरू; **ब्यामप्पभाय=**ब्यामप्पभा (शरीरजत्रो प्रभाले) जाज्वल्यमान भएको प्रभामण्डलले; **सुप्पभा**=जाज्वल्यमान भई सुशोभित भएको प्रभायुक्त छ । **सब्बञ्ञुनो**=सम्पूर्ण धर्मलाई सबै जानी देखी सर्वज्ञ हुनुभएकाहरू; **सब्बे**=सम्पूर्ण; **एते बुद्धा**=उहाँ बुद्ध तथागतहरू; **खीणासवा**=आस्रवहरू क्षीण भइसकेका; **जिना**=पञ्चमार जितेर साँच्चै नै जिन हुनुभयो ।



Downloaded from http://www.dhamma.digital

**ब्यामप्पभा**

**'ब्यामप्पभाय'** लाई 'जिउजत्रो प्रभा' भनी अर्थ दिने चलन छ। गौतम तथागतको लागि भए संशय गर्नलाई ठाउँ नहुने भए पनि सम्पूर्ण तथागतहरूलाई भनिएको यो क्षेत्रमा त उक्त अर्थ ब्यापक हुँदैनन्। तथागतहरू एकअर्कोबाट परिमाण भिन्न भई फरक हुने **'वेमत्त'** हरू रहेका हुनाले **'रस्मिवेमत्त'** भनिने सदैव प्रभा प्रभामा फरक हुने भेदहरू पनि छन्। मंगल तथागतको प्रभा दशहजार लोकधातु पूरैमा फिजिएर झलमल रहेको थियो। पदुमुत्तर तथागतमा १८ योजन; विपस्सी तथागतमा सात योजन; सिखी तथागतमा ३ योजन, ककुसन्ध तथागतमा दश योजन, हाम्रा गौतम तथागतमा जिउजत्रो मात्र भनिने सदैव प्रभा फैलिईरहने परिमाण *बुद्धवंसट्ठकथा (१५८)*-मा उल्लिखित छ। त्यसो हुनाले 'ब्यामप्पभा' प्रभा भनेर सामान्यरूपले मात्र अर्थ लगाउन मिल्छ। त्यसो भए ब्यामप्पभा अर्थलाई कसरी बोल्ने नि ? जिउ जत्रो परिमाणमा मात्र प्रभा युक्त हुनुभएका तथागतको निम्ति 'ब्याममत्ता पभा ब्यामप्पभा' भनी (विग्रह) गर्ने हो। अरु अरु तथागतहरूको निम्ति *बुद्धवंसट्ठकथा* अनुरूप चिन्तन गर्नुपर्दछ।

**तस्स ब्यामप्पभा काया- निद्धावति दिसोदिसं।**
**निरन्तरं दिवारत्तिं-योजनं फरते सदा।**

यो *नारद बुद्धवंसपालि (३४३)* मा सधैं एकयोजन युक्त हुनुभएका नारद तथागतमा 'ब्यामप्पभा' प्रयोग रहेको हुनाले उक्त 'ब्यामप्पभा' लाई 'ब्यामप्पभा वियाति ब्यामप्पभा' भनी उपमा तद्धित गरी **'अम्हाकं भगवतो ब्यामप्पभा वियाति अत्थो'** भनी अभिप्राय उल्लेख रहेको हुनाले 'हाम्रा तथागतको ब्यामप्पभाजस्तो ब्यामप्पभा युक्त हुनुभएका' भनी अर्थ ग्रहण गर्नपर्दछ। यहाँ ब्यामप्पभा दुइटालाई एकसेस गरिएको भनी बुझ्नुपर्दछ।

**(११५) महापभा महातेजा - महापञ्ञा महब्बला।**
**महाकारुणिका धीरा - सब्बेसानं सुखावहा।**

(११५) **एते बुद्धा**=उहाँ बुद्ध तथागतहरू; **महापभा**=शरीर प्रभा ज्ञानप्रभा



Downloaded from http://www.dhamma.digital

जाज्वल्यमान भई विशिष्ट पवित्र प्रभा युक्त हुनुभयो; **महातेजा**=अनेक शक्ति महान तेजयुक्त हुनुभयो; **महापञ्ञा**=प्रशंसनीय भएको महान पवित्र प्रज्ञायुक्त हुनुभयो; **महब्बला**=काय ज्ञान दुबै बलमा महान सामर्थ्ययुक्त हुनुभयो; **महाकारुणिका**=सत्व धेरैप्रति अतिव दयायुक्त भएको महाकरुणायुक्त हुनुभयो; **धीरा**=अति दृढ भएको समाधियुक्त हुनुभयो; **सब्बेसानं**=सम्पूर्ण सत्वहरूका; **सुखावहा**=सुख वहन गर्नुभयो ।

**(११६) दीपा नाथा पतिट्ठा च - ताणा लेणा च पाणिनं ।**
**गती बन्धु महस्सासा - सरणा च हितेसिनो ।**

(११६) **एते बुद्धा**=उहाँ बुद्ध तथागतहरू; **पाणीनं**=सत्वहरूका; **दीपा च**=द्वीप समान आधार स्थल पनि हुनुभयो; **पतिट्ठा च**=प्रतिष्ठा पनि बन्नुभयो; **ताणा च**=वर्त दुःखबाट पनि तारेर त्राण (रक्षा) दिनुभयो; **लेणा च**=भय आइ नपुग्ने गरी छल्ने, लुक्ने क्षेत्र पनि हुनुभयो; **गती च**=देव मनुष्य धेरैका आश्रय स्थल पनि हुनुभयो; **बन्धु च**=असल इष्टमित्र पनि हुनुभयो; **महस्सासा च**=विशिष्ट उत्तम आश्रय, आधार टेक्ने अडेस लिने ठाउँ भरोसा र आश्वासन पनि हुनुभयो; **सरणा च**=दुःखलाई विनाश पनि गर्नुभयो; **हितेसिनो**=अर्थ हितलाई मात्र खोजी गर्ने बानि भएका हुनुभयो । **(महेस्सासा)** पुरानो प्रयोगमा ।

## महस्सासा

दोश्रो गाथामा **'महेस्सासा'** भनी परम्परा अनुसार पढ्ने चलन छ । *परित्राण टीका* मा **'महेस्सासाति तेसं इच्छितत्थसाधनतो सिवब्रह्मदेवराजेहि सदिसा**=शिव भन्ने देवता, ब्रह्मा भन्ने देवता, शक्र भन्ने देवता जस्तै हुनुहुन्छ' भनी अर्थ लगाउने गर्दछन् । **'महिस्सासाति पि पाठो । उत्तम-धनुग्गहसदिसाति अत्थो'** भनी अर्को एकथरिले पनि वर्णन रहेकोले 'उत्तम धनुर्धारी समान हुनुभएका' भनी अर्थ गर्नुपर्ने अवस्था छ । **महिस्सास**-मा **इस्सास**=धनुष, धनुर्धारी दुबै अर्थ लागदछ ।

यस गाथामा आधार, भरोसा वा आश्रय स्वभाव भएका गुणहरू मात्र



Downloaded from http://www.dhamma.digital

भएको हुनाले त्यसको बीचमा यो '**महेस्सासा**' उपरोक्त अर्थ भएको हुनाले अप्ठ्यारो रहेको छ। त्यसो हुनाले मूल गाथाभाणक आचार्यको विचारमा **'महेस्सासा, महिस्ससा'** हुँदैन जस्तो लाग्छ; '**महस्सासा**' भन्ने मात्र हुनुपर्ने देखिन्छ। **'अस्सास'** शब्दले अडेस, भरोसा, आश्रय अर्थ ब्यक्त गर्नसक्ने भएकोले महान आधार, अडेस, भरोसा हुनुभएका भन्ने अर्थ मात्र क्षेत्रसँग अनुकूल हुन्छ भन्ने विचार पनि छ।

**अस्सासा'ति अवस्सया पतिट्ठा।** *(तिकंगुत्तर अट्ठकथा केसमुत्ति सुत्त १८२-वर्णन)* **अस्सासोति अवस्सयो पतिट्ठा उपत्थम्भो;** *( मूलपण्णास अट्ठकगा, चूलसीहनाद सुत्त ३१३)*

**(११७) सदेवकस्स लोकस्स - सब्बे एते परायणा।**
**ते'साहं सिरसा पादे - वन्दामि पुरिसुत्तमे।**

(११७) **सब्बे**=सम्पूर्ण; **एते बुद्धा**=उहाँ बुद्ध तथागतहरू; **सदेवकस्स**=देव सहित भएको; **लोकस्स**=सत्व समूहको; **परायणा=**विशिष्ट उत्तम शरण र आधार हुनुभयो; **पुरिसुत्तमे**=विशिष्ट गुणवान उत्तम पुरुष हुनुभएका; (**ते**=उहाँ तथागतहरूलाई र,); **तेसं**=उहाँ तथागतहरूको; **पादे**=पाद चरणलाई; **अहं**=मैले; **सिरसा**=शिररत्न वा उत्तम अंगद्वारा; **वन्दामि**=वन्दना गर्दछु।

## टिप्पणी

**पुरिसुत्तमे**-लाई षष्ठि अर्थमा द्वितीया चिन्तन गरी टीकामा अर्थ व्यक्त गरिएको छ। उक्त अर्थ पनि उचित छ। यहाँ त त्यसरी चिन्तन नगरी यथावत् अर्थ अनुसार **'ते'** जोडेर उहाँ तथागतहरूलाई र उहाँ तथागतहरूका पादचरणहरूलाई भनी सम्बन्ध राखिदिए पनि अर्थ लाग्ने भएकोले त्यस्तै अर्थ दिएको छु।

**(११८) वचसा मनसा चेव - वन्दामे'ते तथागते।**
**सयने आसने ठाने - गमने चापि सब्बदा।**



Dhamma.Digital
Downloaded from http://www.dhamma.digital

(११८) **अहं**=मैले; **एते तथागते**=उहाँ तथागतहरूलाई; **सयने च**=सुत्दा पनि; **आसने च**=बस्दा पनि; **ठाने च**=उभिंदा पनि; **गमने चापि**=हिंड्दा पनि; **सब्बदा**=सदा नै; **वचसा चेव**=वचनले पनि; **मनसा च**=मनले पनि; **वन्दामि**=वन्दना गर्दछु ।

**(११९) सदा सुखेन रक्खन्तु - बुद्धा सन्तिकरा तुवं ।**
**तेहि त्वं रक्खितो सन्तो - मुत्तो सब्बभयेहि च ।**

(११९) **सन्तिकरा**=सम्पूर्ण दु:ख शान्त शीतल गर्नुभएका; **बुद्धा**=बुद्ध तथागतहरूले; **तुवं**=तिमीलाई; **सदा**=सधैं; **सुखेन**=सुखपूर्वक; **रक्खन्तु**=रक्षा गरुन्; **तेहि**=उहाँ तथागतहरूबाट; **रक्खितो**=रक्षा गरिएको; **सन्तो**=भएर; **त्वं**=तिमी; **सब्बभयेहि**=सम्पूर्ण भयबाट; **मुत्तो च**=मुक्त हुनपाएको पनि; ( **भव**=होस् ।)

**(१२०) सब्बरोगा विनीमुत्तो-सब्बसन्ताप-वज्जितो ।**
**सब्बवेर'मतिक्कन्तो - निब्बुतो च तुवं भव ।**

(१२०) **तुवं**=तिमी; **सब्बरोगा**=सम्पूर्ण रोगहरूबाट; **विनीमुत्तो च**=विशेषरूपले मुक्त भएका; **सब्बसन्ताप-वज्जितो च**=सम्पूर्ण शोक सन्तापबाट मुक्त भएका र; **सब्बवेरं**=सम्पूर्ण वैरलाई; **अतिक्कन्तो च**=नाघेर अतिक्रमण गर्ने; (**हुत्वा**=भएर); **निब्बुतो च**=शान्त शीतल भएको पनि; **भव**=होस् ।

**(१२१) तेसं सच्चेन सीलेन - खन्तिमेत्ताबलेन च ।**
**ते पि अम्हे'नुरक्खन्तु - अरोगेन सुखेन च ।**

(१२१) **तेसं**=उहाँ तथागतहरूका; **सच्चेन च**=सत्यले गर्दा; **सीलेन च**=शीलले गर्दा र; **खन्तिमेत्ताबलेन च**=क्षान्ति, मैत्री धर्महरूका बल शक्तिले गर्दा; **तेपि**=उहाँ तथागतहरूले; **अरोगेन**=रोगबाट अलगग हुने गरी र; **सुखेन च**=सुख हुने किसिमले; **अम्हे**=हामीलाई; **अनुरक्खन्तु**=सदा आरक्षा गरुन् ।



Downloaded from http://www.dhamma.digital

## तथागतहरूमा प्रार्थना भावार्थ

सम्पूर्ण दु:ख शान्त शीतल पार्ने तथागतहरूले तिमीलाई सदा सुखपूर्वक रक्षा गरुन्। उहाँ तथागतहरूबाट आरक्षा गरिएको हुनाले तिमी सम्पूर्ण भयहरूबाट मुक्त होस्। तिमी सम्पूर्ण रोगहरूबाट विशेषरूपले मुक्त भई सम्पूर्ण सन्ताप वर्जित पारी बस्नपाउने भई सम्पूर्ण वैरलाई अतिक्रमण गरी शान्त र शीतल पनि होस्। उहाँ तथागतहरूका सत्य, शील; क्षान्ति, मैत्रीको बल शक्ति अनुसार उहाँ तथागतहरूले हामीलाई पनि रोगबाट मुक्त हुने गरी सखपूर्वक सधैं आरक्षा गरुन्।

## टिप्पणी

**तेहि त्वं रक्खितो सन्तो**-मा **सन्तो**-लाई शान्त शीतल भएको भनी अर्थ दिने चलन छ। '**सन्तो सुन्दरो**' *परित्राण टीका*मा वर्णन गरिएको छ। यहाँ **सन्तो**-लाई **समानो**=भएको, भएकोले भनी अर्थ दिएको छु। यो अर्थ मात्र गाथाभाणकहरूले खोजेको हुनसक्छ। शान्त शीतल 'हुनु' को निम्ति त '**निब्बुतो च तुवं**' रहेकै छ।

**(१२२) पुरत्थिमस्मिं दिसाभागे - सन्ति भूता महिद्धिका।**
**ते पि अम्हे'नुरक्खन्तु - अरोगेन सुखेन च।**

(१२२) **पुरत्थिमस्मिं दिसाभागे**=पूर्व दिशामा; **महिद्धिका**=महान ऋद्धिमानहरू; **भूता**=गन्धर्व देवताहरू; **सन्ति**=रहेका छन्; **तेपि**=ती कुम्भाण्ड देवताहरूले पनि; **अम्हे**=हामीलाई; **अरोगेन च**=रोगबाट अलग्ग हुने किसिमले र; **सुखेन च**=सुख हुनेगरी; **अनुरक्खन्तु**=सधैं आरक्षा गरुन्।

**(१२३) दक्खिणस्मिं दिसाभागे - सन्ति देवा महिद्धिका।**
**ते पि अम्हे'नुरक्खन्तु - अरोगेन सुखेन च।**

(१२३) **दक्खिणस्मिं दिसाभागे**=दक्षिण तिरको दिशामा; **महिद्धिका**=महान् ऋद्धिमानहरू; **देवा**=कुम्भण्ड देवताहरू; **सन्ति**=रहेका छन्; **तेपि**=ती कुम्भाण्ड देवताहरूले पनि; **अम्हे**=हामीलाई; **अरोगेन च**=रोगबाट अलग्ग हुनेगरी र; **सुखेन च**=सुख हुने गरी; **अनुरक्खन्तु**=सदा आरक्षा गरुन्।



Downloaded from http://www.dhamma.digital

**(१२४) पच्छिमस्मिं दिसाभागे - सन्ति नागा महिद्धिका।**
**ते पि अम्हे'नुरक्खन्तु - अरोगेन सुखेन च।**

(१२४) **पच्छिमस्मिं दिसाभागे**=पश्चिम तिरको दिशामा; **महिद्धिका**=महान् ऋद्धिमानहरू; **नागा**=नागहरू; **सन्ति**=रहेका छन्; **तेपि**=ती नागहरूले पनि; **अम्हे**=हामीलाई; **अरोगेन च**=रोगहरूबाट अलग्ग हुनेगरी र; **सुखेन च**=सुख हुने गरी; **अनुरक्खन्तु**=सदा आरक्षा गरुन्।

**(१२५) उत्तरस्मिं दिसाभागे - सन्ति यक्खा महिद्धिका।**
**ते पि अम्हे'नुरक्खन्तु - अरोगेन सुखेन च।**

(१२५) **उत्तरस्मिं दिसाभागे**=उत्तर तिरको दिशामा; **महिद्धिका**=महान् ऋद्धिमानहरू; **यक्खा**=यक्षहरू; **सन्ति**=रहेका छन्; **तेपि**=ती यक्षहरूले पनि; **अम्हे**=हामीलाई; **अरोगेन च**=रोगबाट अलग्ग हुनेगरी र; **सुखेन च**=सुख हुने गरी; **अनुरक्खन्तु**=सदा आरक्षा गरुन्।

**(१२६) पुरत्थिमेन धतरट्ठो - दक्खिणेन विरुल्हको।**
**पच्छिमेन विरुपक्खो - कुवेरो उत्तरं दिसं।**

(१२६) **पुरत्थिमेन**=पूर्व दिशामा; **धतरट्ठो**=धृतराष्ट्र देवराज; **अत्थि**=रहेका छन्; **दक्खिणेन**=दक्षिण दिशामा; **विरुल्हको**=विरुढक देवराज; **अत्थि**=रहेका छन्; **पच्छिमेन**=पश्चिम दिशामा; **विरुपक्खो**=विरुपाक्ष देवराज; **अत्थि**=रहेका छन्; **उत्तरं दिसं**=उत्तर दिशामा; **कुवेरो**=कुवेर देवराज; **अत्थि**=रहेका छन्।

**(१२७) चत्तारो ते महाराजा - लोकपाला यसस्सिनो।**
**ते पि अम्हे'नुरक्खन्तु - अरोगेन सुखेन च।**

(२२७) **चत्तारो**=चार जना; **ते महाराजा**=ती महाराजहरू; **लोकपाला**=लोकलाई पालन गर्नेहरू; **यसस्सिनो**=धेरै यश परिवारयुक्तहरू हुन्; **तेपि**=ती चारजना लोकपाल देवराजहरूले पनि; **अम्हे**=हामीहरूलाई; **अरोगेन च**=रोगहरूबाट अलग्ग हुने गरी र; **सुखेन च**=सुख हुने गरी; **अनुरक्खन्त**=सदा आरक्षा गरुन्।



Downloaded from http://www.dhamma.digital

**(१२८) आकासट्ठा च भूमट्ठा - देवा नागा महिद्धिका।**
**ते पि अम्हे'नुरक्खन्तु - अरोगेन सुखेन च।**

(१२८) **आकासट्ठा**=आकाशमा स्थित रहेकाहरू; **महिद्धिका**=महान ऋद्धिमान रहेकाहरू; **इद्धिमन्तो**=अत्यधिक रूपले ऋद्धिमान रहेकाहरू; **देवा च**=देवताहरू र; **भूमट्ठा**=भूमिमा स्थितहरू; **महिद्धिका**=महान ऋद्धिमान रहेकाहरू; **देवा च**=देवताहरू र; **नागा च**=नागहरू; **सन्ति**=रहेका छन्; **तेपि**=ती देव नागहरूले पनि; **अम्हे**=हामीहरूलाई; **अरोगेन च**=रोगहरूबाट अलग्ग हुने गरेर र; **सुखेन च**=सुख हुने गरी; **अनुरक्खन्तु**=सदा आरक्षा गरुन्।

**(१२९) इद्धिमन्तो च ये देवा - वसन्ता इध सासने।**
**ते पि अम्हे'नुरक्खन्तु - अरोगेन सुखेन च।**

(१२९) **इध सासने**=यस तथागतको शासनमा; **वसन्ता**=बसिरहेकाहरू; **इद्धिमन्तो**=अत्याधिकरूपले ऋद्धिमान रहेकाहरू; **ये देवा च**=जो देवताहरू पनि; **सन्ति**=रहेका छन्; **तेपि**=ती देवताहरूले पनि; **अम्हे**=हामीहरूलाई; **अरोगेन च**=रोगबाट अलग्ग हुनेगरी र; **सुखेन च**=सुख हुने गरी; **अनुरक्खन्तु**=सदा आरक्षा गरुन्।

## टिप्पणी

यो 'पुरत्थिमस्मिं' आदि आठवटा गाथाहरूको भावार्थ सजिलै छ।

## विहार-बस्नु

यस शासनमा बसिरहेका देवताहरू भनिएकोमा कुन देवताहरूलाई अपेक्षा राखिएको हो त ? यहाँ 'बस्ने' भन्ने ब्यवहार (प्रयोग) घर आदिमा बस्ने 'मुख्य बास गरिने ठाउँ' जस्तो त होइन। उपचार (रुढी) ब्यवहार मात्र हो। शासनमा 'विहार=बस्नु' भनेको धेरै प्रयोग भइरहेका देख्दछौं।(मेत्त-सुत्त वर्णन पृष्ठांक ३७५ हेर्नुस्) **दिब्ब विहार**=ध्यान समापत्तिद्वारा बस्नु, **ब्रह्मविहार**=मैत्री आदिद्वारा बस्नु जस्ता बस्नु शासनबाट बाहिर पनि छन्।



Downloaded from http://www.dhamma.digital

तर शासनको भित्र त्यस्तो बस्नु ध्यानलाभी आर्यहरू र आर्यत्वमा पुग्नको लागि पृष्ठभूमि आचरणलाई आचरण गर्नेहरूमा उत्पन्न हुने हुँदा शासन विहार भनेर नै भन्नुपर्दछ । अरिय विहार त फल समापत्तिद्वारा बस्ने भएकोले साँच्चैको शासन विहार नै भयो । त्यसो हुनाले उक्त विहारलाई उद्देश्य गरी लिएमा 'आर्य देवताहरू' लाई भनी अर्थ लगाउन मिल्छ ।

## अरियावास दशवटा

त्यसपछि फेरि *अंगुत्तर अरियावास सुत्त -अं ३-२७९)*-मा अरियावास धर्म दशवटा बताउनुभएको उल्लेख छ । आर्यहरूको वासस्थान आर्य विमानहरू भन्ने भाव हो । उक्त विमानका अधिकारी व्यक्ति त पाँचवटा अंगहरूलाई हटाइसकेका हुन् । छवटा अंगले सम्पन्न छन् । आरक्षा एउटा पनि छ । आधार ४ वटा छन् । सबै अलग्ग रहेका सत्यहरूलाई हटाई उखेलिसकेको छ । पर्येषणा (खोज्नु) रहेन । विशुद्ध चिन्तन छ । कायसंस्कार शान्त भइसकेको छ । चित्त क्लेशबाट मुक्त रहेको छ । क्लेशबाट मुक्त हुने कारणलाई जानेको प्रज्ञा छ । पहिले पहिलेका आर्यहरू पनि बसिरहेका नै छन् । पछि उत्पन्न हुने आर्यहरू पनि यस विमानमा बस्नेछन् ।

**हटाई पाँच, छवटाले पूर्ण; एउटा रक्षा, आधार चारवटा ।**
**हटाउनुपर्ने सत्यहरु त; सबै नै थरिथरि रहेका छन् ।**
**अन्वेषण छैन, शुद्ध चिन्तन; कायसंस्कार शान्त छ ।**
**पाप मल क्लेश सबै; मुक्त चित्त पनि पायो ।**
**जान्दछ कारण मुक्तिको; आर्य विमान दश यी भए ।**
**रमाउन अति योग्य; शुद्ध स्वच्छ मनोरम ।**

## १-पाँचवटा हटाउनु

**'पाँचवटा हटाउनु'** भन्नुमा **कामच्छन्द, ब्यापाद, थिनमिद्ध, उद्धच्चकुक्कुच्च, विचिकिच्छा** भनिने नीवरण धर्म पाँचवटालाई भनिएको



Downloaded from http://www.dhamma.digital

हो । यहाँनिर अर्हन्तलाई आर्यभावमा वर्णन गरिएको छ । पूर्णरूपले बिल्कुल हटाई पन्छ्याइसकेको हुनाले सर्वन्तिम विधिको रूपमा वर्णन गरेको हो । तल तलका आर्यहरूलाई पनि योग्यता अनुसार उपलब्ध नै हुनसक्छ । उपमा कस्तो हो भने- स्रोतापन्न नाम रूपहरूलाई भाविता र निरीक्षण गरीरहेको विपश्यनाको क्षणमा नीवरणहरू अलग्ग र मुक्त रहेको हुनाले उक्त विमानमा विहार गरिरहेका नै भए ।

## २-पूर्णता छवटा

आँखाले रूपारम्मणलाई देख्ने बेलामा खुशी हुँदैन; बेखुशी हुँदैन । त्यस्तै नै कान, नाक, जिब्रो, शरीर, मनले शब्दारम्मणादिलाई सुनिने बेलामा, गन्ध पाउने बेलामा, स्वाद लिने बेलामा, छुने बेलामा खुशी हुँदैन, रिसाउँदैन । छवटा आरम्मणसँग सम्पर्कमा आउँदा स्मृति सम्प्रजन्यले समतामा राखी उपेक्षा गरिबस्न सक्दछ । यी छवटा पनि विपश्यना क्षणमा आर्य सबैजनाले सदा सम्पन्न भई बस्ने नै भयो ।

## ३-रक्षा १ वटा

नाम रूपहरूलाई स्मृतिले भाविता गरी अनुभूति गरिबस्ने व्यक्तिसँग स्मृति आरक्षा रहेको विमानमा बस्नपाउने आर्यले अरु अरु धेरै विमानहरू निर्माण गरिरहेका हुन्छन् ।

## ४-भरोसा ४ थरी

(क) प्रत्यवेक्षण (निरीक्षण) गरी सेवन गरिने (चीज वस्तु उपभोग वा सेवन गर्दा तृष्णा उत्पन हुन नदिनको लागि निरीक्षण र प्रत्यवेक्षण गरी उपभोग वा सेवन गरिन्छ ।)

(ख) निरीक्षण र प्रत्यवेक्षण गरी सहनु (चीसो तातो आदिसँग सम्पर्क हुँदा सहने शक्ति छ ।)



Downloaded from http://www.dhamma.digital

(ग) निरीक्षण र प्रत्यवेक्षण गरी विरत हुनु (हात्ती, घोडा, गाई, गोरु आदि काँढाको झाडी, अचानो आदिलाई होश राखी तिनबाट हट्नु जस्तै हो ।)
(घ) निरीक्षण र प्रत्यवेक्षण गरी खत्तम गरी, नाश गरी सिद्धयाउनु (काम वितर्क आदि उत्पन्न हुने बेलामा होशले चाल पाई खत्तम गरी पठाउनु हो ।)

## ५-पूरै थरी थरी सत्य

मेरो वाद, सिद्धान्त मात्र सही हो भनी सत्यको रूपमा ग्रहण गरी बसिने शाश्वत, उच्छेद आदि दृष्टिहरू हुन् । दृष्टि गल्ती रहेको भए पनि सही भनी धारणा बनाई बोली हिंड्नु अनुसार सत्य भनेको मिथ्या सिद्धान्तहरू नै हुन् । ती दृष्टि सत्यहरूलाई त आर्य सबैले नै मार्गबाट निर्मूल रूपमा हटाई सकिएको हुन्छ ।

## ६-खोज्नु पर्येषण

(क) कामलाई खोज्नु ।
(ख) भवलाई खोज्नु ।
(ग) ब्रह्मचरिय उत्तमाचरणलाई खोज्नु । यी खोज्नुलाई त अरहन्तले मात्र पूर्ण रुपमा हटाउन सक्दछ ।

## ७-विशुद्ध चिन्तन

काम वितर्क, ब्यापाद वितर्क, विहिंसा वितर्कलाई हटाइसकिएको हुनाले चिन्तन अस्पष्ट छैन, शुद्ध विशुद्ध रहेको छ । यस विमानमा अनागामि, अरहन्तहरू मात्र पूर्णरूपले उत्पन्न हुनसक्दछन् । तर अरु अरु आर्यहरूले त विपश्यनाको क्षणमा फलको क्षणमा लाभ गरी नै रहन्छन् ।

## ८-कायसंस्कार शान्त हुनु

चतुर्थ ध्यान लाभ भएपछि मात्र कायसंस्कार शान्त हुने भएकोले यो



Downloaded from http://www.dhamma.digital

विमान चतुर्थ ध्यान लाभी आर्यको निम्ति अलग्ग रहेको विमान नै हो।

## ९-क्लेशबाट मुक्त रहेको चित युक्त हुनु

अरहन्तमा मात्र पूर्ण रूपले उत्पन्न हुनसक्दछ। तर अरु अरु आर्यहरूमा पनि विपश्यनाको क्षणमा फलसमापत्ति क्षणमा त रहेकै हुन्छ।

## १०-मुक्ति कारण जानेको प्रज्ञा

म राग, द्वेष, मोहबाट मुक्त हुन पाएँ; तिंनलाई हटाइसकेँ भनी जानेको प्रत्यवेक्षण प्रज्ञा हो।

## आधिकारिक विमान र भाडाको विमान

अरियावास धर्म अनुसार भनियो भने यी आर्य विमानमा बास गरिरहेका आर्यहरूलाई मात्र शासनमा बसिरहेका भनी भन्न मिल्ने अवस्था फेरि पनि छ। तर यस्ता बासमा पृथग्जनहरू पनि बस्न सक्दछन्। विपश्यना भावना कार्य उद्योग र अभ्यास गरिरहेका पृथग्जनहरू पनि उनिहरू नीवरण हटाउनु आदि काम भइरहेकाहरू हुनाले उक्त विमानमा बसिरहेकाहरू नै भए। त्यसो भए पनि आर्यहरू मात्र साँच्चैका **बुद्धपुत्त**=तथागत बुद्धका पुत्र, **बुद्धधीता**=तथागत बुद्धका पुत्रीहरू हुनाले लोकुत्तर धर्म अंश लिइसकेका भई ती व्यक्तिहरू मात्र तथागतको शासन विमान निजी अधिकारमा रहेको रूपमा अधिकार गरी लिनसक्छन्। पृथग्जनहरू त अन्तमा नपुग्दै एकदिन छुटिएर जानुपर्ने हुनाले विमान भाडामा लिइबसेकाहरू नै भए।

## 'बस्नु' एकथरी वाक्य

त्यसपछि फेरि **ब्रह्मचरियवास**=ब्रह्मचर्य द्वारा बसिरहेका छन् भन्ने वाक्य पनि छ। शासन ब्रह्मचर्य, मार्ग ब्रह्मचर्य भनी दुइथरी रहेकामा त्रिविध शिक्षालाई शासन ब्रह्मचर्य भनी आर्यमार्गलाई मार्ग ब्रह्मचर्य भनिन्छ।



Downloaded from http://www.dhamma.digital

यस ब्रह्मचर्यद्वारा बसिरहेकोलाई शासनमा बसिरहेको भन्नुपर्दछ । **यो भाव** अनुसार त्रिविध शिक्षालाई अभ्यास र आचरण गरिरहेका कल्याण पृथग्जनहरू पनि ब्रह्मचर्य वास जस्ता बासद्वारा यस शासनमा बसिरहेका नै भए ।

**(१३०) सब्बीतियो विवज्जन्तु - सोको रोगो विनस्सतु ।**
**मा ते भवन्त्व'न्तरायो - सुखी दीघायुको भव ।**

(१३०) **सब्बीतियो**=सम्पूर्ण भय उपद्रव; **विवज्जन्तु**=विवर्जित होस्; **सोको**=शोक सन्ताप र; **रोगो**=रोग ब्याधिहरू; **विनस्सतु**=विनाश भइ जाओस्; **ते**=तिमीलाई; **अन्तराया**=भय उपद्रव अन्तरायलाई; **मा भवन्तु**=उत्पन्न नहोस्; **त्वं**=तिमी; **सुखी**=शारीरिक र मानसिक सुखयुक्त भई; **दीघायुको**=लामो आयु हुने; **भव**=होस् ।

## आशीष प्रार्थना एकथरी भावार्थ

भय उपद्रव सबै नै हटेर जाओस् । शोक सन्ताप र विभिन्न रोग बिल्कुल नलागी विनाश होस् । तिमीलाई अन्तराय उत्पन्न नहोस् । तिमी शारीरिक र मानसिकरूपले सुखी होस्; दीर्घायु होस् ।

**(१३१) अभिवादनसीलिस्स - निच्चं वुड्ढापचायिनो ।**
**चत्तारो धम्मा वड्ढन्ति - आयु वण्णो सुखं बलं ।**

(१३१) **अभिवादनसीलिस्स**=अभिवादन गर्ने अभ्यास भएका; **निच्चं**=सधैं; **वुड्ढापचायिनो**=उमेर शिक्षागुण महान र अत्याधिक हुनेहरूलाई आदर गौरव राख्ने बानि हुनेलाई; **आयु**=आयु; **वण्णो**=रूप लावण्य; **सुखं**=सुख र; **बलं**=बल शक्ति; **चत्तारो**=चारवटा; **धम्मा**=धर्महरू; **वड्ढन्ति**=वृद्धि हुने गर्दछन् ।

## भावार्थ

अभिवादन गर्ने अभ्यास हुनाले उमेर शिक्षा महान भएकाहरूलाई आदर गौरव राख्न जान्नेलाई आयु, रुप लावण्य, सुख र बल शक्ति चार प्रकारका परिणाम धर्म वृद्धि हुने गर्दछन् ।



Downloaded from http://www.dhamma.digital

## धर्मप्रीतिको प्रभाव

यो गाथा *धम्मपद सहस्सवग्ग (२९)* को हो । आटानाटिय निगमनको रूपमा यो गाथा व्यवस्था गरी समावेश गरिराख्नुको अभिप्राय छ । तथागतका उपदेश शब्द पनि सुन्दर छ । अर्थ पनि असल फल लाभको निम्ति मात्र भई अवश्यमेव आकर्षक छ । त्यसो हुनाले उपदेश पढ्न पाएको सुन्न पाएको व्यक्तिमा धर्मप्रीति उत्पन्न हुनसक्ने हुनाले उक्त प्रीतिको प्रभावले गर्दा नै अन्तराय निवारण हुने आदि हुनसक्ने नै भयो । त्यसो हुनाले भय, अन्तरायबाट मुक्त भई सुख हुने प्रार्थना समावेश भएमा मात्र होइन कि धर्मद्वारा नै उपरोक्त परिणामहरू प्राप्त हुन सक्दछन् । उपमा- बोध्यंग सूत्रमा (बुद्धभाषित बोज्भङ्ग सुत्तलाई उद्देश्य गरिएको हो ।) त्यस्ता प्रार्थनाहरू समावेश छैन । तर आयुष्मान महाकाश्यप, आयुष्मान मौद्‌गल्यायनहरूको रोग निको भई हराई गएको **धम्मतेजा** (=धर्मको प्रभाव र आनुभाव) को कारणले र **धम्मपीति** (=धर्मले गर्दा उत्पन्न हुने प्रीति) को आनुभावले गर्दा हो । (बोज्भङ्ग सुत्त वर्णन हेर्नुस्)

## फलप्राप्ति ढंग

यस आटानाटिय सुत्त-मा तथागतहरूका गुणहरूलाई धेरै धेरै वर्णन र उल्लेख गरिएको भिलिमिलि किसिमको छ । ती गुणहरूलाई वर्णन गरी बुद्ध तथागतहरूलाई अभिवादन गर्न पाएको प्रणाम चेतनाका कारणले लाभ गर्न पाइने फललाई देखाउने किसिमले यस गाथाद्वारा इतिश्री (समाप्ति) गरिराखिएको हो । तथागतहरूलाई अभिवादन गर्न पाइएकोले आयु, वर्ण, सुख र बल चारैवटा फलहरू लाभ हुनसक्दछन् । यी चारवटै फल प्राप्त हुनेसँग प्रज्ञा ज्ञान विकास हुने फल लाभ हुनु सुनिश्चित भई '**प्रतिभान**' फल पनि ग्रहण गरिसकिएको हुन्छ ।

उक्त गाथा बुद्धभाषित **मुखपाठ** भएकोले धर्मको प्रभावले पनि अन्तराय निवारण हुनु, स्वस्थ हुनु र सुख हुनु सम्भव छ । यी फलहरू प्राप्त



Downloaded from http://www.dhamma.digital

हुने रहेछन् भनी प्रसन्न र प्रफुल्लित हुनु धर्मप्रीति द्वारा पनि भय अन्तराय निवारण हुनु दीर्घायु हुनु, आदि हुन सक्छ ।

## आयुवड्डन

यो गाथा आयुवड्डन कुमारसँग सम्बन्धित भएको हुनाले बताइराख्नुभएको देशना हो । आयुवड्डन सातवर्ष मात्र आयु पाएका थिए । आगामी सातदिनपछि वेश्रवण देवराजबाट अनुमति प्राप्त गरिराखेको यक्ष एकजनाको आहार बन्नुपर्ने हो भनी भनिएको छ । तथागतको विचार र निर्देशन अनुसार संघहरूलाई आमन्त्रणा गरी सातदिन लगातार परित्राण श्रवण गरे । सातदिन पूरा हुने अर्थात् अन्तिम दिनमा स्वयम् तथागत आउनुभई परित्राण देशना गर्नुभयो । परित्राणको आनुभावले गर्दा देव, यक्षहरू नजिक आउन नसकी यक्षको आहार हुने अवधिबाट मुक्त हुन पाए । उक्त कुमार एकसयबिस वर्षसम्म दीर्घायु हुनपाए ।

यिनी कुमारको घटनासँग सम्बन्ध जोडी 'सातदिन बाँच्ने एकसय बीसवर्षसम्म दीर्घायु भए । सत्वहरू दीर्घायु हुने कारण हुनुपर्दछ' भनी छलफल गरिबस्दा तथागत आइपुग्नुभई दीर्घायु हुने सम्भावना छ  भनी यो गाथा आज्ञा गर्नुभयो । *(धम्म.ट्ठ. १-४२५)*

Dhamma.Digital

## रोगाहा हुनु, अल्पायु हुनुको कारण

अभिवादन गर्न योग्य भएकालाई आदर गौरव राख्नु, प्रणाम पूजा गर्नुद्वारा दीर्घायु हुनु आदि सम्भव भएको तथ्य 'गारवो च' वर्णन, **'पूजा च पूजनेय्यानं'** वर्णनमा कारण युक्तिद्वारा उल्लेख गरिसकें । आआफ्ना देशहरूमा पहिले पहिले मानिसहरू मरण हुन गाऱ्हो भई लाश भन्ने नै भेटाउन गाऱ्हो हुन्थ्यो । हिजोआज त चाँडै चाँडै नै मरण भइरहेका छन् । पहिले अस्वस्थहरू रोगीहरु पनि हतपती भेटिंदैनथे । हिजोआज त रोगहरू पनि नानाथरी भएजस्तै रोगीहरू पनि धेरै छन् । यस्तो हुनुपरेको धेरै मानिसहरूमा चारित्रिक धर्महरू हीन भइआएको नै मूल कारण रहेको छ भनी प्रज्ञावानहरूले टिप्पणी गरिरहेका छन् ।



Downloaded from http://www.dhamma.digital

## चारित्रिक धर्म असल हुनुपर्ने

वन्दना प्रणाम गर्ने आचरण अरु अरु चारित्रिक धर्मसँग पनि सम्बन्धित रहेको छ । सत्पुरुष धर्म विकास भई आएको युगमा यो अपचायन आचरण पनि विकास हुनु स्वाभाविक हो । कसैकसैले खानपीन अनेक प्रकारका उत्पन्न हुनाले मानिसहरू अस्वस्थ भए भनी भनिरहेका छन् । धर्म विकास भइरह्यो भने मानिसहरूमा आशा तृष्णाहरू कम भई खानाको कारणले पनि धर्म बिग्रिँदैन; स्वास्थ्य बिग्रिँदैन । त्यसो हुनाले सत्पुरुष धर्मलाई उद्योग गर्नु, आचरण र चिन्तन गर्नुमा आयु, वर्ण, सुख र बल भन्ने पौराणिक असल प्रतिफलहरू दोहरो देखाउन सक्नुपरेको छ ।

## वुड्ढापचायन

**वुड्ढ**=वृद्धहरूलाई; **अपचायन**=आदर गौरव राख्नु । आफूलाई आफैले कोमली बनाउने कामकाजलाई **'अपचायन'** भन्दछन् । ती कामकाजहरू वन्दना प्रणाम गर्नु, नमस्कार गर्नु, बाटोमा अगवानी गर्नु, ठाउँ छोडिदिनु आदिहरू नै हुन् । यहाँ **'वुड्ढ=वृद्ध'** भनेकोमा *धम्मपदअट्ठकथा* ले **गुणवुड्ढ** (=गुण अनुसार वृद्ध) लाई मात्र वर्णन गरिएको छ । मानिसहरूले आज मात्र प्रव्रजित भएका बालख श्रामणेरदेखि लिएर भिक्षु श्रमणहरूलाई, श्रमण भिक्षुहरूले पनि श्रामणेर भावमा भिक्षु भावमा आफूभन्दा जेष्ठहरू गुण अनुसार वृद्ध भएकाहरूलाई प्रणाम पूजा गर्नुलाई **'अपचायन'** भनिन्छ ।

**ये वुड्ढ'मपचायन्ति; नरा धम्मस्स कोविदा ।**
**दिट्ठेवधम्मे पासंसा; सम्पराये च सुग्गतिं ।**

(*जातक प. तित्तिर जातक ९*)

'गौरव राख्ने व्रताचरण धर्मलाई राम्रोसँग बुझी वृद्धहरूलाई आदर गौरव गर्नेहरू यस जन्ममा पनि प्रशंसा पाउँदछन् । पछिका जन्ममा पनि सुगतिमा जान पाउँछन्' भन्ने गाथा वर्णन अर्थकथामा **वुड्ढ** (=वृद्ध) तीनथरी गनिएका छन् । **जातिवुड्ढ** (=जाति वंश अनुसार जेष्ठ), **वयोवुड्ढ** (=वैंश



Downloaded from http://www.dhamma.digital

उमेर अनुसार जेष्ठ), **गुणवुड्ढ** (=शीलादि गुण अनुसार जेष्ठ) नै हुन् । ती मध्येमा वृद्धहरूलाई आदर गौरव राख्नुपर्दछ भनेको यस क्षेत्रमा गुणले सम्पन्न भई जेष्ठ भएकालाई भनिएको तथ्य वर्णन गरिएको छ । (*जातक ट्ठ. प. २३६*)

*सं.ट्ठ. १, सक्कसंयुत्त* (३१७) **'कुले जेट्ठापचायिनो**=कुल वंशमा जेष्ठहरूलाई आदर गौरव राख्नु' वर्णनमा **जेट्ठ** (=जेष्ठ) स्वरूपलाई ठूलो बुबा, काका, फुपु, छेमा, मामा, माइजु आदिहरू आदर गौरव राख्नुपर्नेहरू हुन् भनिएको छ । यहाँ गुणलाई व्यक्त गर्दैन । गुण रहित वयवृद्धहरूलाई पनि बाटोमा अगवानी गर्नु, ठाउँहरू मिलाइदिनु, कोमली हुनु, आदि गौरव राख्ने काम गर्नेको अनर्थ हुँदैन । तर आदर गौरव गरिने जेष्ठहरू शीलादि गुण सम्पन्न भएमा मात्र कनिष्ठहरूले पनि आदर गौरव राख्ने मन गर्ने हुनाले आफूहरू आदर गौरव राखिनुलाई ग्रहण गर्न योग्य गुणवानहरू हुनेगरी उद्योग गर्न योग्य छ ।

जान्नयोग्य अभिप्राय सहित
आटानाटिय सुत्त नयाँ निश्रय
समाप्त भयो ।

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# अंगुलिमाल सुत्त नयाँ निश्रय

**(१३२) परित्तं यं भणन्तस्स; निसिन्नट्ठानधोवनं ।**
**उदकम्पि विनासेति; सब्बमेव परिस्सयं ।**

(१३२) **हे**=हे सत्पुरुषहरू हो; **यं परित्तं**=जुन अंगुलिमाल परित्राणलाई; **भणन्तस्स**=पाठ गर्ने व्यक्तिको; **निसिन्नट्ठानधोवनं**=बस्ने ठाउँ धुने कारण रहेको; **उदकम्पि**=पानीले समेत; **सब्बमेव**=सम्पूर्ण नै रहेको; **परिस्सयं**=भय-अन्तरायलाई; **विनासेति**=विनाश गरिदिन्छ ।

**(१३३) सोत्थिना गब्भवुट्ठानं; यञ्च साधेति तङ्खणे ।**
**थेरस्स'ङ्गुलिमालस्स; लोकनाथेन भासितं ।**
**कप्पट्ठायिं महातेजं; परित्तं तं भणाम हे ।**

(१३३) **यं परित्तं**=जुन अंगुलिमाल परित्राण; **तङ्खणे**=पाठ गरिने उक्त क्षणमा नै; **सोत्थिना**=शान्ति स्वस्ति पूर्वक; **गब्भवुट्ठानञ्च**=गर्भ-उत्थान भई जन्म दिने कामलाई पनि; **साधेति**=सिद्ध गर्न सक्छ । **अंगुलिमालस्स**=अंगुलिमाल नाम भएका; **थेरस्स**=स्थविरलाई; **लोकनाथेन**=लोकनाथ तथागतले; **भासितं**=बताउनुभएको; **कप्पट्ठायिं**=कल्पको अन्तसम्म स्थीर हुने स्वभाव रहेको; **महातेजं**=महान शक्ति भएको; **तं परित्तं**=उक्त अंगुलिमाल सूत्र परित्राणलाई; **मयं**=हामीहरूले (हामीले) **भणाम**=पाठ गरौं ।

## स्तुति भावार्थ

सजिलै छ ।



Downloaded from http://www.dhamma.digital

## निदान

अंगुलिमाल स्थविर त कोशल राजाका पुरोहितकी पत्नी मन्ताणी ब्राह्मणीबाट जन्म भएका र बच्चाबेलाको नाम 'अहिंसक' थियो। उहाँ जन्मिंदा देशभरमा रहेका सम्पूर्ण शस्त्र-अस्त्रहरू एक्कासी झलमल चम्केकोले बाबु पुरोहितले चोर हुनेछ भनी निमित्त लक्षण अनुसार निधो गरे। उमेर बढेर आउँदा तक्षशिलाका आचार्यकहाँ गई विद्याध्ययन गरेपछि आचार्यले धेरै महत्व दिएको हुनाले शिष्यहरूलाई इर्ष्या भई गुरुपत्नीलाई अपराध गरिरहेको तथ्य उनीहरूले प्रचार गरिहिंडे। आचार्यले पहिले विश्वास नगरे पनि बारम्बार भनेपछि विश्वास लागेकोले अहिंसकलाई मार्न लगाउनको लागि योजना गरी एउटा उपाय द्वारा 'तिम्रो शिक्षा सिद्ध गर्नमा सहयोग गर्नलाई यात्रु मानिसहरू हजारजनालाई मार्नुपर्छ' भने। आफू अरुलाई सास्ति नगर्ने कुलमा जन्मेका हुनाले गर्न नसक्ने कुरा जिद्दि गरे पनि 'त्यसो गरेनौ भने तिमीले शिक्षाको प्रतिफल उपभोग गर्न पाउनेछैनौ' भनी भने। अहिंसकले जंगलभित्र पसेर मानिसहरू मारी हिंडे। कति जना मारें भनी सम्झिनु नसकेकोले उनीहरूको चोरि औंलाहरू काटेर लिइराखे। चोरि औंला हराउँदै गएपछि फेरि औंलाहरू माला गाँसी लगाई हिंडे। त्यसबेलादेखि अंगुलिमाल (चोरीऔंलाको माला लगाउने) नामले प्रसिद्ध भयो।

जंगलभित्र मानिसहरू जान डराएपछि रातमा गाउँमा पसी सुतिरहेका मानिसहरूलाई मारी तानेर लाने भएकोले गाउँ-शहरहरू त्राही-त्राही परी बस्नुपर्‍यो। आमा चाहिं सम्झाई बुझाई गरी कुरा गर्नको निम्ति जंगलमा जान निस्किन्। त्यस अवस्थामा भगवान बुद्धले लोकलाई हेर्नुहुँदा 'आज म गएँ भने अंगुलिमाललाई लाभ हुनेछ। म गइनँ भने आमालाई मारी तार्न नसकिने गरी हानी पुग्नेछ' भनी देख्नुभई जंगलभित्र पस्नुभयो। हजार पुऱ्याउनलाई एक जनामात्र कमी रहेको हुनाले पहिले भेटिएकोलाई मार्ने विचार गरी राखेका अंगुलिमालले भगवान बुद्धलाई देख्दा दगुरेर पिछा गर्न आए। तथागतको ऋद्धिले गर्दा पिछा गरेर भेट्न नसकिरहँदा साह्रै आश्चर्य



Downloaded from http://www.dhamma.digital

मानेर श्रमण,...रुक.. रुक...' भनी भने । 'म रुकिरहेको छु, अंगुलिमाल, बरु तिमी रुक' भनी भन्नुभएपछि 'श्रमणहरू साँचो कुरा बोल्नेहरू हुन्छन् । यो श्रमणले त गइरहेर पनि रुकिरहेको छु' भनिरहेको छ । कारण सोध्नुपर्‍यो' भनी निवेदन गरी सोधे । 'म सत्वप्राणीहरूलाई सास्ति गर्ने साधन भएका लट्ठी, शस्त्र-अस्त्रहरू छोडेर हटाएर पर सारेर बसेको हुनाले रुकिरहेको हुँ । तिमी त सत्वप्राणीहरूलाई सास्ति गरिरहेका हुनाले नरुकेको, दौड-धूप गरिरहेको भयौ' भनी बताउनुहुँदा स्मृति धर्म लाभ भई **उपसम्पन्न** भिक्षुभाव प्रार्थना गरे । तथागतको **'एहि भिक्खु'** सम्बोधन अनुसार उपसम्पन्न भए ।

एकदिन भिक्षाटन जानुहुँदा प्रसव-वेदनाले छटपटिरहेकी एउटी स्त्री देख्नुभएर करुणा चित्त उत्पन्न भई तथागतसँग निवेदन गरे । त्यसबेला तथागतले उक्त स्त्रीकहाँ गएर **'यतोहं भगिनी'** आदि भनी सत्य-वचन बोल्न सिकाउनुभएपछि तथागतको आज्ञा अनुसार गएर सत्य-वचन बोल्नाले उक्त स्त्रीको वेदना तुरुन्त शान्त भई सजिलै सुत्केरी भयो । यी तथ्यहरूलाई उद्देश्य गरी **'सोत्थिना गब्भवुट्ठानं; यञ्च साधेति तङ्खणे; थेरस्सङ्गुलिमालस्स; लोकनाथेन भासितं'** भनी भनिएको हो ।

## महापरित्राण

**'इमञ्च पन परित्तं न किञ्चि परिस्सयं न मद्दति; महापरित्तं नामेतन्ति वुत्तं**=यस परित्राणले विनाश गर्न नसक्ने भय उपद्रव भन्ने छैन; यस परित्राणलाई महापरित्राण भनिन्छ' भनी भन्नुपर्ने कुरा *मज्झिमपण्णासट्ठकथा (२३३)* मा उल्लेख गरिएको छ। अंगुलिमाल स्थविर बसेर सत्य-वचन बोल्नुभएको ठाउँमा डबली बनाई राखिएको छ। बच्चा पाउन गाह्रो भई प्रसव वेदना लागिरहेकी स्त्री-जाति तिरश्चीनलाई समेत लगेर उक्त डबलीमा बसाइयो भने तुरुन्तै प्रसब-वेदना शान्त भई बच्चा पाउन सक्छे । बल-शक्ति कमजोर हुनाले लान सकिएन भने उक्त डबली धोएको पानी लगी ब्यथा



Downloaded from http://www.dhamma.digital

भइरहेकीलाई टाउकोमा खन्याइदिएमा तुरुन्त नै सजिलै बच्चा जन्माउन सक्छे। त्यस्तै प्रसब मात्र होइन अरु अरु रोगहरू पनि निको पारी शान्त पार्दछ नै। यस *मज्झिमपण्णासट्ठकथा*को भनाइको आधारमा बस्ने पिड्का धोइएको पानीले समेत भय उपद्रव शान्त गरी खत्तम गरिदिन सक्ने तथ्य परित्राण स्तुतिमा आज्ञा गरिएको हो।

## एक कल्पसम्म स्थिर

आयुष्मान अंगुलिमालको एक-चोटी सत्य-वचन बोलिएको ठाउँ पछि सधैं औषधिको रूपमा भय उपद्रव आरक्षाको रूपमा प्रयोग भइरहने हुनाले **'याव कप्पा तिट्ठनकपाटिहारियं किरेतं**=यो सत्य वचन बोलिएको ठाउँको त्यस्तो निरन्तर आनुभाव प्रभाव भइरहने कल्प अन्त हुने अवस्थासम्म स्थीर भइरहने ऋद्धि-प्रातिहार्य भएको छ' भनी उल्लेख गरिएको *मज्झिमपण्णसट्ठकथा*लाई आधार लिई **'कप्पट्ठायिं महातेजं'** भनिएको हो।

**(१३४) यतोहं भगिनि अरियाय जातिया जातो, नाभिजानामि सञ्चिच्च पाणं जीविता वोरोपता; तेन सच्चेन सोत्थि ते होतु सोत्थि गब्भस्स।**

(१३४) **भगिनि**=ए बहिनी; **अहं**=म; **यतो**=जुनबेलादेखि; **अरियाय जातिया**=आर्य जातद्वारा; **जातो**=जन्म भएँ; **ततो**=त्यसबेलादेखि; **सञ्चिच्च**=जानकारी दिने चेतनाद्वारा उद्योग गरेर; **पाणं**=प्राणीलाई; **जीविता**=जीवितिन्द्रियद्वारा; **वोरोपेता**=मारी नाश गरेको भन्ने; **नाभिजानामि**=जान्दिनँ। **तेन सच्चेन**=उक्त सत्य वचनको कारणले; **ते**=तिमीलाई; **सोत्थि**=स्वस्ति सुख; **होतु**=होस्; **गब्भस्स**=गर्भमा रहेको बच्चालाई; **सोत्थि**=स्वस्ति सुख; **होतु**=होस्।



Downloaded from http://www.dhamma.digital

## सत्य वचन भावार्थ

ए बहिनी,...म आर्य जातद्वारा जन्म भएदेखि जानिने चेतनाद्वारा सत्वलाई कहिल्यै मारेको थाहाछैन । यस सत्य-वचनको कारणले गर्दा तिमी पनि शिशु पनि सुखी स्वस्ति होउन् ।

## आर्यजात

त्यसरी सत्य वचन बोल्दा आयुष्मानले मार्ग फल प्राप्त गरिसकेको थिएन । त्यसैले **'अरियाय जातिया'** भनिएको कसरी हो ? यहाँ भिक्षुभावलाई नै आर्य हुनुको कारण जाति भएकोले **'अरियाय जातिया'** भनेको हो । तथागतले पहिले **'अरियाय जातिया'** नराखिएको; **'यतोहं भगिनि जातो'** आदिद्वारा 'ए बहिनी,... म जन्म भएदेखि जानाजान सत्वलाई हत्या गरेको भन्ने छैन' भनेर सिकाइदिनुभएकोमा 'जन्मेदेखि' भनेको 'मानिस भई जन्म भएदेखि' भन्ने पनि अर्थ लाग्नसक्ने हुनाले आयुष्मान अंगुलिमालले 'त्यसो भएमा त मलाई मृषावाद हुन्छ; मैले धेरै धेरै सत्वहरूलाई मारिसकेको छु' भनी निवेदन गरे । 'अंगुलिमाल,...उक्त जन्म भएको जातिलाई तिमीले नमान; उक्त जाति त मानिस भएको अवस्था हो । मानिस भन्नेले पाणातिपात आदि गर्छ । अब तिम्रो जाति आर्य जाति हो । **'यतोहं भगिनि जातो'** भनी तिमीले बोल्नमा तिमीलाई कुक्कुच्च (संशय) भएमा **'अरियाय जातिया'** भनी भन' भनी फेरि सच्याई सत्य वचन बोल्ने तरिका आज्ञा गर्नुभएको थियो ।

## औषधि गर्नु होइन र ?

तथागतले यसरी सत्य वचन बोल्न लगाउनुभएको स्थविरलाई औषधि गर्न लगाउनुभएको जस्तो भएन र भनी भन्ने ठाउँ छ । **'न हि सच्च किरिया वेज्जकम्मं होति'** *मज्झिमपण्णासट्ठकथा (२३४)* अनुसार सत्य वचन बोल्नु औषधि गर्नु होइन । स्थविरलाई देख्नासाथ मानिसहरू डराउने भाग्ने हुनाले



Downloaded from http://www.dhamma.digital

स्थविरको निम्ति भिक्षाटन दुष्कर हुनाले भावना धर्म अभ्यास र उद्योग गर्न सकिरहेको थिएन । सत्य वचन बोली मानिसहरूलाई सुखी हुने गरिदिनुद्वारा मैत्री बढ्नाले आयुष्मानकहाँ उपसंक्रमण (आवत-जावत) गर्न आइरहँदा भिक्षाटन दुष्कर नभई भावना धर्म अभ्यास र उद्योग गर्न सक्नेछ भनी उद्देश्य गरेर स्थविरलाई संग्रह गर्ने इच्छाले सत्य वचन बोल्न लगाउनुभएको हो ।

त्यसको अतिरिक्त उहाँले कर्मस्थान भावना अभ्यास र उद्योग गरे पनि कर्मस्थानमा मन नलागी पहिले आफूले मानिसहरूलाई मारिआएको, त्यसबेला मर्नुदेखि डराएर मानिसहरूले बिन्तीभाव गरेको, हात खुट्टा अनुहारहरू बिरुप भइगएको दृष्य मात्र झल्झली आइरहेकोले बसेको ठाउँमा स्थीर हुननसकी बारम्बार उठ्ने गर्थे । त्यसैले आर्य जातिद्वारा सत्य वचन बोल्न लगाए भने पहिलेका घटनाहरूको चिन्ता नराखी विपश्यना वृद्धि गर्नसक्ने भई अरहन्त हुनेछ भनी जानी आर्य जातिद्वारा सत्य वचन बोल्न लगाउनुभएको तथ्य *मज्झिमपण्णासट्ठकथा (२३४)*-मा दुइवटा कारण वर्णन गरी देखाउनुभएको छ ।

स्मरणीय र जान्नयोग्य अभिप्राय सहित
अंगुलीमाल सुत्त नयाँ निश्चय
समाप्त भयो ।



Downloaded from http://www.dhamma.digital

# बोज्झङ्ग सुत्त नयाँ निश्रय

(१३५) संसारे संसरन्तानं; सब्बदुक्खविनासने ।
सत्त धम्मे च बोज्झङ्गे; मारसेनापमद्दने ।

(१३६) बुज्झित्वा येचि'मे सत्ता; तिभवा मुत्तकु'त्तमा ।
अजाति'मजरा' ब्याधिं अमतं निब्भयं गता ।

(१३७) एवमादिगुणूपेतं; अनेकगुणसङ्गहं ।
ओसधञ्च इमं मन्तं; बोज्झङ्गञ्च भणाम हे ।

(१३५-७) **हे**=हे सत्पुरुषहरू हो; **संसारे**=संसारमा; **संसरन्तानं**=घुमिघुमिरहेका सत्वप्राणिहरूको; **सब्बदुक्खविनासने**=सम्पूर्ण दुःखलाई विनाश गर्ने; **मारसेनापमद्दने**=मारसैन्य संगठनहरूलाई प्रमर्दन र नष्ट-भ्रष्ट गर्ने; **बोज्झङ्गे**=बोध्यंग नाम रहेका; **सत्त**=सातवटा; **ये धम्मे**=जुन धर्महरूलाई; **बुज्झित्वा**=बुझ्नाले; **उत्तमा**=उत्तम रहेका; **इमे सत्ता**=यी सत्वहरू; **तिभवा**=तीनवटा भवबाट; **मुत्तका**=मुक्त भएकाहरू; **अजातिं**=प्रतिसन्धि बस्न नपर्ने; **अजरं**=जीर्ण नहुने; **अब्याधिं**=रोग नहुने; **अमतं**=मरण नहुने; **निब्भयं**=भय नहुने; **निब्बानं**=निर्वाणमा; **गता**=पुगीसके । **एवमादिगुणूपेतं**=इत्यादि गुणानिशंसले भरिएको; **अनेकगुणसङ्गहं**=धेरै धेरै गुणहरू संचित भइरहेको; **ओसधञ्च**=रोग निको पार्ने विषयमा औषधि समान पनि भएको; **मन्तञ्च**=अन्तराय हटाउनमा मन्त्र समान भएको; **इमं बोज्झङ्गं**=यो बोध्यंग सूत्र परित्राण; **मयं**=हामि; **भणाम**=पाठ गरौं ।
(**भावार्थ** सजिलै छ ।)



Downloaded from http://www.dhamma.digital

**(१३८) बोज्झङ्गो सतिसंखातो; धम्मानं विचयो तथा।**
**वीरियं पीति पस्सद्धि; बोज्झङ्गा च तथा'परे।**

**(१३९) समाधुपेक्खा बोज्झङ्गा; सत्ते'ते सब्बदस्सिना।**
**मुनिना सम्मदक्खाता; भाविता बहुलिकता।**

**(१४०) संवत्तन्ति अभिञ्ञाय; निब्बानाय च बोधिया।**
**एतेन सच्चवज्जेन; सोत्थि ते होतु सब्बदा।**

(१३८-४०) **सतिसङ्खातो**=स्मृति भनिने; **बोज्झङ्गो च**=बोध्यंग; **धम्मानं विचयो च**=धर्मविचय बोध्यंग; **तथा**=फेरि अर्को; **वीरियं च**=वीर्य बोध्यंग; **पीति-पस्सद्धिबोज्झङ्गा च**=प्रीति बोध्यंग, प्रश्रब्धि बोध्यंग; **तथा**=फेरी अर्को; **अपरे**=अतिरिक्त भएको; **समाधुपेक्खा बोज्झङ्गा च**=समाधि बोध्यंग र उपेक्षा बोध्यंगहरू; **इति**=यसरी; **सब्बदस्सिना**=सम्पूर्ण धर्मलाई जान्नुभएका; **मुनिना**=मुनि-तथागतले; **सम्मदक्खाता**=राम्ररी बताइराख्नुभएको; **सत्त**=सातवटा; **एते**=यी बोध्यंग धर्महरूलाई; **भाविता**=वृद्धि गरिएमा; **बहुलीकता**=बारम्बार अभ्यास गर्दै लगियो भने; **अभिञ्ञाय च**=चार सत्यलाई बुझ्नको लागि; **निब्बानाय च**=निर्वाणको निम्ति; **बोधिया च**=मार्ग ज्ञान (बोध) को निम्ति पनि; **संवत्तन्ति**=हुन्छन्। **एतेन सच्चवज्जेन**=यस सत्य वचनका कारणले; **ते**=तिमीलाई; **सब्बदा**=सधैं; **सोत्थि**=सुखी स्वस्ति; **होतु**=होस्।

## सातवटा बोध्यंग भावार्थ

सम्पूर्ण धर्मलाई पूर्णरूपले जान्नुभएका तथागतले बताइराख्नुभएको स्मृति, धर्मविचय, वीर्य, प्रीति, प्रश्रब्धि, समाधि र उपेक्षा भन्ने सातवटा बोध्यंग यी धर्महरू अभ्यास र वृद्धि गरियो भने चार सत्य जान्नको निम्ति;



Downloaded from http://www.dhamma.digital

निर्वाण लाभको निम्ति; मार्ग प्राप्तिको निम्ति हुन्छन् । यस सत्य वचनका कारणले तिमीलाई सधैं सुखी स्वस्ति होस् ।

**(१४१) एकस्मिं समये नाथो; मोग्गल्लानञ्च कस्सपं ।**
**गिलाने दुक्खिते दिस्वा; बोज्झङ्गे सत्त देसयि ।**

(१४१) **एकस्मिं समये**=एक समयमा; **नाथो**=भगवान बुद्ध; **मोग्गल्लानञ्च**=मौद्गल्यायन स्थविरलाई र; **कस्सपञ्च**=काश्यप स्थविरलाई; **गिलाने**=बिरामी भइरहेकोलाई; **दुक्खिते**=दुःखी भइरहेकोलाई; **दिस्वा**=देख्नुभएर; **सत्तबोज्झङ्गे**=सातवटा बोध्यंग; **देसयि**=देशना गर्नुभयो ।

**(१४२) ते च तं अभिनन्दित्वा; रोगा मुच्चिंसु तङ्खणे ।**
**एतेन सच्चवज्जेन; सोत्थि ते होतु सब्बदा ।**

(१४२) **ते च**=ती स्थविरहरूले पनि; **तं**=ती सातवटा बोध्यंग उपदेशलाई; **अभिनन्दित्वा**=हर्षोल्लासपूर्वक ग्रहण गरी; **तङ्खणे**=त्यही क्षणमा; **रोगा**=रोगबाट; **मुच्चिंसु**=विसेक भई मुक्त भए । **एतेन सच्चवज्जेन**=यस सत्य वचनको कारणले; **ते**=तिमीलाई; **सब्बदा**=सधैं; **सोत्थि**=सुखी स्वस्ति; **होतु**=होस् ।
(**भावार्थ** सजिलै छ ।)

## बोध्यंग सूत्र उत्पत्ति ढंग

एक समय भगवान बुद्ध राजगृह नगरको वेलुवन विहारमा विराजमान भइरहनु हुँदा राजगृह नगरको नजिक पिप्पलि गुफामा बस्नुभएका आयुष्मान महाकाश्यप बिरामी भइरहेकोले तथागत जानुभई सात बोध्यंग धर्म उपदेश गर्नुभयो । उक्त उपदेशद्वारा नै आयुष्मानको रोग एक्कासि निको भयो । उक्त उपदेश सुन्नुभएका आयुष्मानलाई 'म उपसम्पन्न भई सात दिनमा सत्यलाई जान्नपाएको अवस्थामा यी बोध्यंग धर्महरू प्रकट रूपमा देखा परेको थियो ।



Downloaded from http://www.dhamma.digital

बुद्ध-शासन त साँच्चै संसार वर्त दुःखबाट मुक्त गरिदिने सही धर्म रहेछ नि' भनी विचार उत्पत्ति भएपछि शरीरको रगत परिशुद्ध हुनथालेकोले उपादा रूपहरू निर्मल सफा हुनथालेकोले कमलको पातबाट पानीको थोपा झर्नु जस्तै शरीरबाट रोग विसेक हुनगयो। त्यस्तै नै गृधकूट पर्वतमा बास गरिरहनुभएका आयुष्मान् मौद्गल्यायन स्थविर बिरामी हुँदा तथागतले त्यही बोध्यंग-सूत्र नै देशना गर्नुहुँदा आयुष्मानको रोग एक्कासी टिपेर फाल्नुजस्तै भई सन्चो हुनगएको थियो।

तर *महावग्ग संयुत्त बोज्झङ्ग सुत्त (७१)* गद्य मात्र भएकोले यस बोध्यंग परित्राणलाई गाथाको रूपमा पहिले पहिलेका आचार्यहरूले ब्यवस्था गरी लेखिराख्नुभएको रहेछ।

**(१४३) एकदा धम्मराजापि; गेलञ्ञेना'भिपीलितो।**
**चुन्दत्थेरेन तंयेव; भणापेत्वान सादरं।**
**(१४४) सम्मोदित्वान आबाधा; तम्हा वुट्ठासि ठानसो।**
**एतेन सच्चवज्जेन; सोत्थि ते होतु सब्बदा।**

(१४३-४४) **एकदा**=एक समयमा; **धम्मराजापि**=धर्मराज तथागत पनि; **गेलञ्ञेन**=रोग वेदनाबाट; **अभिपिलीतो**=तीब्र रूपमा पीडित गरिएकोले; **चुन्दत्थेरेन**= चुन्दस्थविरलाई; **तं येव**=त्यस बोध्यंग धर्मलाई नै; **सादरं**=आदर गौरव पूर्वक; **भणापेत्वान**=पाठ गराउनुभई; **सम्मोदित्वान**=खुशी प्रसन्न हुनुभएकोले; **ठानसो**=त्यही क्षणमा नै; **तम्हा आबाधा**=उक्त रोगबाट; **वुट्ठासि**=सन्चो भई उठ्नुभयो। **एतेन सच्चवज्जेन**=यस सत्य वचनको कारणले; **ते**=तिमीलाई; **सब्बदा**=सधैं नै; **सोत्थि**=सुखी स्वस्ति; **होतु**=होस्। (बोध्यंग प्रतिफल भावार्थ सजिलै छ।)

## तथागतको रोग

तथागत राजगृह नगरको वेलुवन विहारमा विराजमान भई बस्नुहुँदा अस्वस्थ हुनुभएकोले आयुष्मान चुन्दलाई बोध्यंग धर्म पाठ गर्न आज्ञा गर्नुभयो।



Downloaded from http://www.dhamma.digital

आयुष्मान महाकाश्यप आयुष्मान मौद्गल्यायनहरूलाई तथागतले बताउनुभएको बोध्यंग सूत्रलाई नै आयुष्मान चुन्दले पाठ गरी सुनाएको अवस्थामा तथागतको तीब्रवेदना तुरुन्त सन्चो भई हराएको थियो ।

**(१४५) पहीना ते च आबाधा; तिण्णन्नम्पि महेसीनं ।**

**मग्गाहता किलेसाव; पत्ता'नुप्पतिधम्मतं ।**

**एतेन सच्चवज्जेन; सोत्थि ते होतु सब्बदा ।**

(१४५) **मग्गाहता**=आर्य मार्ग धर्मद्वारा हटाई विनाश गरिएको; **किलेसा**=क्लेशहरू; **नुप्पत्तिधम्मतं**=फेरि दोहरिएर उत्पन्न नहुने स्वभाव भएको स्थितिमा; **पत्ता इव**= पुगेको जस्तो; **तथा**=त्यस्तै नै; **तिण्णन्नम्पि**=तीनैजना हुनुभएका; **महेसीनं**=शील स्कन्ध आदि खोज्नुभएका तथागत, दुइजना आयुष्मान स्थविरहरू; **पहीना**=बोध्यंग धर्मद्वारा सारेर हटाई सकिएको; **ते आबाधा च**=उक्त रोगहरू पनि; **अनुप्पत्तिधम्मतं**=फेरि दोहरिएर उत्पन्न नहुने स्वभाव भएको स्थितिमा; **पत्ता**=पुगिसके । **एतेन सच्चवज्जेन**=यस सत्य वचनको कारणले; **ते**=तिमीलाई; **सब्बदा**=सधैं; **सोत्थि**=सुखी श्वस्ति; **होतु**=होस् ।

## बिल्कुल रोग हराएको भावार्थ

मार्गद्वारा हटाइसकिएका क्लेशहरू फेरि दोहरो उत्पन्न नहुने जस्तै महर्षि तीन जनाको (=तथागत, आयुष्मान महाकश्यप र आयुष्मान मौद्गल्यायनहरूका) बोध्यंग धर्मद्वारा सारेर हटाइएका वेदनाहरू पनि पछि फेरि बिल्कुल उत्पत्ति नहुने स्थितिमा पुग्यो । यस सत्य वचनको कारणले तिमीलाई सधैं सुखी स्वस्ति होस् ।

स्मरणीय अभिप्राय सहित

बोध्यंग सूत्र नयाँ निश्रय

समाप्त भयो ।



Downloaded from http://www.dhamma.digital

# पुब्बण्ह सुत्त नयाँ निश्रय

**(१४६) यं दुन्निमित्तं अवमङ्गलञ्च,**
**यो चा'मनापो सकुणस्स सद्दो ।**
**पापग्गहो दुस्सुपिनं अकन्तं,**
**बुद्धानुभावेन विनास'मेन्तु ।**

(१४६) **यं दुन्निमित्तञ्च**=जुन नराम्रा निमित्त (दृष्य); **यं अवमङ्गलञ्च**=जुन अमङ्गल; **सकुणस्स**=पंछीहरूका; **अमनापो**=मन नपर्ने; **यो सद्दो च**=जुन शब्द र; **यो पापग्गहो च**=जुन पाप खराब ग्रह; **अकन्तं**=मन नपर्ने; **यो दुस्सुपिनञ्च**=जुन नराम्रा स्वप्न (**सन्ति**=रहेका छन्); **एते दुन्निमित्तादयो**=यी नराम्रा निमित्त आदिहरू; **बुद्धानुभावेन**=बुद्ध तथागतहरूको आनुभावले; **विनासं**=बिल्कुल आइनपुगी विनाश भई; **एन्तु**=जाओस् ।

**(१४७) यं दुन्निमित्तं अवमङ्गलञ्च,**
**यो चा'मनापो सकुणस्स सद्दो ।**
**पापग्गहो दुस्सुपिनं अकन्तं,**
**धम्मानुभावेन विनास'मेन्तु ।**

**(१४८) यं दुन्निमित्तं अवमङ्गगलञ्च,**
**यो चा'मनापो सकुणस्स सद्दो ।**
**पापग्गहो दुस्सुपिनं अकन्तं,**
**संघानुभावेन विनास'मेन्तु ।**

...**धम्मानुभावेन**=धर्मको आनुभावले...
...**संघानुभावेन**=संघको आनुभावले...



Downloaded from http://www.dhamma.digital

## आशीष भावार्थ

खराब निमित्त, अमंगल, मन नपर्ने खराब पंछीहरूका नमिठा शब्द; पापग्रह; नराम्रा दुस्वप्न जस्ता विभिन्न प्रकारहरू बुद्ध तथागतहरूको आनुभावले विनाश भई खत्तम भएर जाओस् । धर्मको आनुभावले..., ...संघको आनुभावले गर्दा विनाश भई खतम भएर जाओस् ।

## पुराना आचार्यहरूको व्यवस्था

यो पूर्वाण्ह सूत्रमा अन्तिम **'सुनक्खत्तं'** आदि साढेतीनवटा गाथा त ( *अं. १-२९९)* पुब्बण्ह सुत्त-मा उल्लिखित भएको बुद्धभाषित गाथाहरू हुन् । बाँकी गाथाहरूमध्यमा **'यं किञ्चि वित्तं'** आदि पहिलो गाथा पनि *सुत्तनिपात-रतनसुत्त* मा उल्लिखित रहेका बुद्धभाषित-गाथाहरू नै हुन् । अरु बाकी गाथाहरू त बुद्ध भाषित होइनन् । पुराना आचार्यहरूबाट व्यवस्था गरिराखिएका गाथाहरू हुन् । पुब्बण्ह सुत्त-मा रहेका गाथाहरूलाई कारण गरी सूत्र पूरैलाई पुब्बण्ह सुत्त भनी व्यवहार गर्ने गरिन्छ । पुब्बण्ह सुत्त भनेको नाम अनुरूप बिहान सबेरै पाठ गर्नको निम्ति निर्धारित गरिराखेको छ भन्ने चलन छ । तर बिहान मात्र पाठ गर्न योग्य, पाठ गर्नुपर्छ भनेर सुनिश्चित रूपले विश्वास गर्नुपर्दैन । जुनसुकै समयमा पनि मन लाग्यो भने पाठ गर्न सकिने र लाभकारी नै हुने गर्दछ भनी सोच्नुपर्दछ ।

## कारणको कारण

**'बुद्धानुभावेन**=बुद्ध गुणलाई आरम्मण गरेर उत्पन्न हुने कुशल चेतनाको आनुभाव शक्तिको कारणले' भनेर पनि अर्थ लगाउनु पर्दछ । तर बुद्ध गुणलाई आरम्मण गर्ने चेतनाको आनुभावलाई बुद्धको आनुभाव भन्न सकिन्छ । बुद्धलाई भरोसा लिएर उत्पत्ति भएको चेतना भएकोले कारणको कारणलाई पनि कारण भन्नुपर्ने लौकिक नीति नियम अनुरूप नै छ । **'तिणेहि भत्तं सिद्धं**=घाँसको कारणले भात सिद्ध भयो । **'चोरेहि दड्ढो**



Downloaded from http://www.dhamma.digital

**गामा**=चोरहरूको कारणले गाउँ जलाउने काम भयो ।' यी भनाईहरू जस्तै हुन् भनी सम्झनु पर्दछ ।

**(१४९) दुक्खपत्ता च निदुक्खा; भयप्पत्ता च निब्भया ।**
**सोकप्पत्ता च निस्सोका; होन्तु सब्बेपि पाणिनो ।**

(१४९) **दुक्खपत्ता**=दु:खमा परिरहेकाहरू; **सब्बेपि**=सबैजना नै; **पाणिनो**=सत्वप्राणीहरू; **निदुक्खा च**=दु:ख नभएकाहरू पनि; **होन्तु**=होउन् । **भयप्पत्ता**=भय अन्तरायमा परिरहेकाहरू; **सब्बेपि**=सबैजना पनि; **पाणिनो**=सत्वप्रणीहरू; **निब्भया च**=भय अन्तराय नभएकाहरू पनि; **होन्तु**=होउन्; **सोकप्पत्ता**=शोक सन्तापमा परिरहेकाहरू; **सब्बेपि**=सबैजना पनि; **पाणिनो**=सत्वप्राणीहरू; **निस्सोका च**=शोक सन्ताप नभएकाहरू पनि; **होन्तु**=होउन् ।

## मैत्री आशीष भावार्थ

दु:ख सामना गर्नु परिरहेका सबै सत्वप्राणीहरू दु:ख रहित होउन् । भय अन्तरायमा परिरहेका सबै प्राणीहरू भय अन्तराय मुक्त होउन् । शोक सन्तापमा परिरहेका सबै सत्वप्राणीहरू शोक सन्ताप रहित होउन् ।

**(१५०) एत्तावता च अम्हेहि; सम्भतं पुञ्ञसम्पदं ।**
**सब्बे देवा'नुमोदन्तु; सब्बसम्पत्ति सिद्धिया ।**

(१५०) **च**=पत्तिदानको कुरा प्रकाश गर्नेछु । **एत्तावता**=यति परिमाण भएको धर्मधार शब्द क्रमद्वारा; **अम्हेहि**=हामीले; **सम्भत्तं**=राम्ररी संचय गरेका; **पुञ्ञसम्पदं**=पुण्य सम्पदालाई; **सब्बे**=सम्पूर्ण; **देवा**=देवताहरूले; **सब्बसम्पत्ति सिद्धिया**=सम्पूर्ण सुख वैभव सम्पत्ति सिद्ध गर्नको निम्ति; **अनुमोदन्तु**=साधु साधु साधु भनेर अनुमोदन (स्वीकार) गरुन् ।



Downloaded from http://www.dhamma.digital

## पुण्य छोड्ने भावार्थ

यति परिमाण सम्म (यतिञ्जेलसम्म) हामीले राम्ररी संचय गरिराखेका कुशल कर्मका सम्पन्नतालाई सम्पूर्ण देवताहरूले सबै सुख ऐश्वर्य वैभव सम्पत्ति सिद्ध गर्नका निम्ति साधु अनुमोदन गरुन् ।

**(१५१) दान ददन्तु सद्धाय; सीलं रक्खन्तु सब्बदा ।**
**भावनाभिरता होन्तु; गच्छन्तु देवता'गता ।**

(१५१) **सद्धाय**=त्रिरत्न, कर्म र कर्मको फललाई मानेर श्रद्धा राखेर; **दानं**=दान; **ददन्तु**=दिउन् । **सब्बदा**=सधैं; **सीलं**=शीललाई; **रक्खन्तु**=रक्षा गरुन् । **भावनाभिरता**=समथ र विपश्यना दुवै भावनामा रमाउने; **होन्तु**=होउन् । **आगता**=परित्राण धर्म श्रवण गर्नको लागी आइपुगेका; **देवता**=देवताहरू; **गच्छन्तु**=आ-आफ्ना ठाउँमा फर्किउन् ।

## प्रेरणा अनुमति भावार्थ

त्रिरत्न, कर्म र कर्मको फललाई आस्था र विश्वास भएका भएर दान दिउन् । सधैं शील रक्षा गरुन् । समथ र विपश्यना भावनामा रमाउन् । उपदेश सुन्नलाई आएका देवताहरू आ-आफ्ना ठाउँमा फर्किउन् ।

**(१५२) सब्बे बुद्धा बलप्पत्ता; पच्चेकानञ्च यं बलं ।**
**अरहन्तानञ्च तेजेन; रक्खं बन्धामि सब्बसो ।**

(१५२) **बलप्पत्ता**=कायबल र ज्ञानबल शक्ति सामर्थ्य प्राप्त गरिलिने अधिकार सम्पन्न हुनुभएका; **सब्बे**=सम्पूर्ण; **ये बुद्धा**=जो तथागत बुद्धहरू; ( **सन्ति**=हुनुहुन्छ ।) **तेसञ्च**=उहाँ तथागत बुद्धहरूको र; **पच्चेकानञ्च**=प्रत्येक बुद्धहरूका; **यं बलं**=जुन आनुभाव शक्ति सामर्थ्य; **अत्थि**=रहेका छन्; **तेन बलेन च**=ती आनुभाव शक्ति सामर्थ्य; **अत्थि**=छ र; **अरहन्तानं**=अरहन्तहरूको; **तेजेन च**=तेज प्रतापले; **सब्बसो**=सधैं; **रक्खं**=रक्षा आरक्षालाई; **अहं**=मैले; **बन्धामि**=बाँधिरहेको छु ।



Downloaded from http://www.dhamma.digital

### रक्षाबन्धन भावार्थ

कायबल ज्ञानबल प्राप्त गरिलिने अधिकार सम्पन्न हुनुभएका तथागत बुद्धहरू र प्रत्येक बुद्धहरूका आनुभाव शक्ति सामर्थ्यद्वारा र अरहन्तहरूको तेज प्रतापले सधैं रक्षा र आरक्षालाई म बाँधिरहेको छु।

### टिप्पणी

**'सब्बे बुद्धा बलप्पत्ता'** लाई षष्ठि अर्थमा प्रथमाविभक्ति चिन्तन गरिन्छ। यहाँ त नियत अनियत तथा लिंगार्थमा प्रथमा विभक्ति भनेर नै चिन्तन गरिएको छ।

**(१५३) यंकिञ्चि वित्तं इध वा हुरं वा;**
**सग्गेसु वा यं रतनं पणीतं।**
**न नो समं अत्थि तथागतेन;**
**इदम्पि बुद्धे रतनं पणीतं।**
**एतेन सच्चेन सुवत्थि होतु।**

**(१५४) यंकिञ्चि वित्तं इध वा हुरं वा;**
**सग्गेसु वा यं रतनं पणीतं।**
**न नो समं अत्थि तथागतेन;**
**इदम्पि धम्मे रतनं पणीतं।**
**एतेन सच्चेन सुवत्थि होतु।**

**(१५५) यंकिञ्चि वित्तं इध वा हुरं वा;**
**सग्गेसु वा यं रतनं पणीतं।**
**न नो समं अत्थि तथागतेन;**
**इदम्पि संघे रतनं पणीत।**
**एतेन सच्चेन सुवत्थि होतु।**

**'यं किञ्चि वित्तं'** आदि गाथाहरू रतन सुत्त (पृ. २०३)-मा अर्थ दिइसकेको छु। दोश्रो गाथामा **तथागतेन**- मा धर्म सँगै भनी अर्थ दिई तेस्रो



Downloaded from http://www.dhamma.digital

गाथामा तथागतेन- संघसँग भनी अर्थ दिनुपर्दछ । तथागत-शब्दले बुद्ध, धर्म, संघ व्यक्त गर्ने तरिकालाई रतन सुत्त वर्णन (३०५-६-७)-मा वर्णन गरिसकेको छु ।

**(१५६) भवतु सब्बमङ्गलं; रक्खन्तु सब्बदेवता ।**
**सब्बबुद्धानुभावेन; सदा सुखी भवन्तु ते ।**

(१५६) **सब्बमङ्गलं**=असल मंगल समूह जति सबै; **भवतु**=उत्पन्न होस् । **सब्बदेवता**=सबै देवताहरूले; **रक्खन्तु**=रक्षा गरून् । **सब्बबुद्धानुभावेन**=सकल बुद्धहरूको आनुभाव प्रभावले; **ते**=ती सत्वप्राणीहरू; **सदा**=सधैं; **सुखी**=शरीर र मन दुवै सुख भएकाहरू; **भवन्तु**=होउन् ।

**(१५७) भवतु सब्बमङ्गलं; रक्खन्तु सब्बदेवता ।**
**सब्बधम्मानुभावेन; सदा सुखी भवन्तु ते ।**
**(१५८) भवतु सब्बमङ्गलं; रक्खन्तु सब्बदेवता ।**
**सब्बसंघानुभावेन; सदा सुखी भवन्तु ते ।**

**(१५७) सब्बधम्मानुभावेन**=सम्पूर्ण धर्मको आनुभाव प्रभावले... ।
**(१५८) सब्बसंघानुभावेन**=सम्पूर्ण संघको आनुभाव प्रभावले... ।

Dhamma.Digital

## प्रार्थना भावार्थ

सबै मंगल तिमीलाई होस्; सम्पूर्ण देवताहरूले रक्षा गरुन्; सम्पूर्ण बुद्धहरूको आनुभाव प्रभावले ती सत्वप्राणीहरू सधैं शरीर र मन दुवै सुखी होउन् ।

सम्पूर्ण धर्मका...। सम्पूर्ण संघका आनुभाव-प्रभावले ती सत्वप्राणीहरू सधैं शरीर र मन दुइटै सुखी होउन् ।

**(१५९) महाकारुणिको नाथो; हिताय सब्बपाणिनं ।**
**पूरेत्वा पारमी सब्बा; पत्तो सम्बोधिमुत्तमं ।**
**एतेन सच्चवज्जेन; सोत्थि ते होतु सब्बदा ।**



Downloaded from http://www.dhamma.digital

(१५९) **महाकारुणिको**=महान उत्तम करुणा भएका; **नाथो**=तथागतले; **सब्बपाणिनं**=सकल सत्वप्राणीहरूको; **हिताय**=हित र अर्थको निम्ति; **सब्बा**=सम्पूर्ण; **पारमी**=दानादि पारमीहरूलाई; **पूरेत्वा**=पूर्ण गर्नुभई; **उत्तम**=उत्तम भएको; **सम्बोधि**=अरहत्त मार्ग ज्ञान, सर्वज्ञता ज्ञानलाई; **पत्तो**=प्राप्त गरिलिइसक्नु भयो। **एतेन सच्चवज्जेन**=यस सत्य वचनको कारणले गर्दा; **ते**=तिमीलाई; **सब्बदा**=सधैं; **सोत्थि**=सुखी स्वस्ति; **होतु**=होस्।

## बुद्धगुणद्वारा सत्य वचन भावार्थ

महाकरुणा युक्त हुनुभएका तथागतले सकल सत्वप्राणीहरूको हित र अर्थका निम्ति सबै पारमी पूर्ण गरिसक्नुभएपछि अरहत्त मार्ग ज्ञान सर्वज्ञता ज्ञानलाई प्राप्त गरिलिनुभयो। यस सत्य वचनको कारणले तिमीलाई सधैं सुखी स्वस्ति होस्।

**(१६०) जयन्तो बोधिया मूले; सक्यानं नन्दिवड्ढनो।**
**एवमेव जयो होतु; जयस्सु जयमङ्गले।**

(१६०) **सक्यानं**=शाक्यवंशी राजाहरूका; **नन्दिवड्ढनो**=खुसी प्रसन्नता वृद्धि गरिदिनुभएका तथागतले; **बोधिया**=बोधिवृक्षको; **मूले**=मुनि, नजिकै रहेको अपराजित पल्लङ्कमा; **जयन्तो यथा**=पञ्चमारलाई जित्नुभए जस्तै; **एवमेव**=त्यस्तै नै; (**ते**=तिमीलाई); **जयो**=भय अन्तरायहरू सबै नै विजय हुने; **होतु**=होस्। **त्वं**=तिमीले; **जयमङ्गले**=विजय हुनुको कारण रहेको पवित्र मंगलहरूलाई; **जयस्सु**=सिद्ध हुनेगरी विजय होस्।

## विजय आशीष भावार्थ

शाक्यवंशी राजाहरूको खुशी प्रसन्नता वृद्धि गरिदिनुभएका तथागतले बोधिवृक्षको मुनि (नजिक) रहेको अपराजित पल्लङ्कमा पञ्चमारलाई जित्नुभए जस्तै नै तिमीले सम्पूर्ण भय अन्तरायहरूलाई जित्नसकोस्। विजयका कारण भएका मंगलहरूलाई तिमीले सिद्ध हुनेगरी जित्न सकोस्।



Downloaded from http://www.dhamma.digital

**(१६१) अपराजितपल्लङ्के; सीसे पुथुविपुक्खले ।**
**अभिसेके सब्बबुद्धानं; अग्गप्पत्तो पमोदति ।**

(१६१) **सब्बबुद्धानं**=सम्पूर्ण तथागत बुद्धहरूका; **अभिसेके**=बुद्धाभिषेक ग्रहण गर्ने स्थान भएको; **सीसे**=भूमिको शिखर भएको; **पुथुविपुक्खले**=शोभायमान भई विशिष्ट उत्तम भूमि रहेको; **अपराजितपल्लङ्के**=अपराजित नामभएको पल्लङ्कमा; **अग्गप्पत्तो**=उच्चस्थ स्थितिमा पुगेको बुद्ध भावमा पुग्नुभएका तथागत; **पमोदति**=अति प्रमुदित हुन पाउनुभयो । (**एवमेव**=त्यस्तै नै; **त्वं**=तिमी; **अग्गप्पत्तो**=उच्च स्थितिमा पुग्नसक्ने भएर; **पमोदस्सु**=प्रमुदित हुनपाओस् ।)

## आशीष भावार्थ

सम्पूर्ण तथागतहरूका बुद्धाभिषेक ग्रहण गर्ने क्षेत्र रहेको भूमिमध्ये सबैको शिखर रहेको; अति शोभायमान रहेको; पवित्र भूमि रहेको अपराजित पल्लङ्कमा उच्चस्थ स्थितिमा पुगेको बुद्धत्वमा पुग्नुभएका तथागत अति प्रमुदित हुन पाउनुभए जस्तै तिमी पनि उच्च स्थितिमा पुगेर प्रसन्न प्रमुदित हुन पाओस् ।

## पुक्खल को अर्थ

*स्तोमनिधी* मा **'पुक्खल'**-को अर्थ **सेट्ठ** (=श्रेष्ठ) अर्थ व्यक्त भएको छ । *अमरकोष*मा **सेय्य, सेट्ठ, पुक्खल,** सत्तम-शब्दहरू **अतिसोभन** ( =अति शोभायमान उत्तम) अर्थवाची रहेको कुरा व्यक्त भएको छ । *नेत्ति पालि* तिपुक्खल नय्य पुक्खल शब्द **सोभन** (शोभायुक्त) अर्थवाची रहेको तथ्य अर्थकथामा वर्णन गरिएको छ ।

**'तीहि अवयवेहि लोभादीहि संकिलेसपक्खे, अलोभादीहि च व वोदानपक्खे पुक्खलो सोभनोति तिपुक्खलो ।'** *(नेत्ति. द्व.उद्देसवार १७)*



Downloaded from http://www.dhamma.digital

यस पुथुविपुक्खल-मा पुक्खल त सोभन सामान्य होइन, अतिसोभन वाची हो भनी ग्रहण गर्नुपर्दछ। अति शोभायमान उत्तम भएको भूमि भन्ने अर्थ भएर पुक्खल भन्ने विशेषण पछाडि आइराखिएको विसेसनपरनिपात कर्मधारय हो।

**(१६२) सुनक्खत्तं सुमङ्गलं; सुप्पभातं सुहुट्ठितं।**
**सुखणो सुमुहुत्तो च; सुयिट्ठं ब्रह्मचारिसु।**

(१६२) (**यस्मिं दिवसे**=जुन दिनमा; **तयो सुचरितधम्मे**=तीनवटा सुचरित्र धर्मलाई; **परिपूरेन्ति**=परिपूर्ण गरिन्छ; **सो दिवसो**=उक्त दिन; **सुनक्खत्तं**=खराबले रहित रहेको असल मंगल मात्र रहेको नक्षत्र समूह हो; **सुमङ्गलं**=कहिल्यै अमंगल नहुने सबै नै मंगल मात्रै रहेको; **सुप्पभातं**=निर्दोष रहेको असल प्रभात मात्र हो; **सुहुट्ठितं**=आकर्षक रमाइलो परिशुद्ध भएको असल किसिमको बिउँभेर उठ्नु हो; **सुखणो**=प्रत्येक क्षण शुभ भइरहेको क्षण मात्र हो; **सुमुहुत्तो च**=पूरै शुभ मुहुर्त मात्र हुनु; (**तस्मिं दिवसे**=उक्त सुचरित्र आचरण गरिने दिनमा); **ब्रह्मचारिसु**=उत्तम आचरणलाई आचरण गर्ने बानि भएका पुद्गलहरूप्रति; **यिट्ठं**=दान गर्नु, पूजा गर्नु, त्याग गर्नु; **सुयिट्ठं**=निर्दोष भई उत्तम परिशुद्ध भएको पूजा गर्नु हो।

## आचरण राम्रो भए सबैथोक राम्रो भावार्थ

सुचरित्र आचरण गरिने दिन त असल नक्षत्र, शुभ-मंगल मात्र हो। सु-प्रभात; असल सुताईबाट जाग्नु; असल लक्षण; शुभ-मुहुर्त मात्र हो। त्यस दिनमा असल आचरण हुने व्यक्तिहरूप्रति गरिने दान असल दान र पूजा गर्नु हो।

## अर्को थरी अर्थ

**'सुनक्खत्तं**=असल लक्षण... ; **सुमुहुत्तो**=असल शुभ मुहुर्त; **ते**=तिमीलाई; **होतु**=होस्' भनी होतुसँग जोडेर आशीष रूपमा अर्थ दिने चलन रहेको छ। यो



Downloaded from http://www.dhamma.digital

गाथा उल्लेख भएको *तिकङ्गुत्तर पालि (२९८)*, त्यसको अर्थकथा (२४४) को विचारसँग मिल्दैन। पालिमा- 'भिक्षुहरू हो, जो सत्व प्राणीहरूले बिहान शरीरद्वारा सुचरित्रको आचरण गरिनु हो; वचनद्वारा सुचरित्र आचरण गरिनु हो; मनले सुचरित्र आचरण गरिनु हो; ती सत्वप्राणीहरूलाई त्यही शुभ-प्रभात हुन्छ। त्यस्तै नै मध्याण्ह र सन्ध्याकालमा पनि सुचरित्र आचरण गर्नेहरूलाई शुभ-मध्याण्ह र शुभ-सन्ध्या हुने तथ्य' बताउनुभएको हो। उक्त पालि अनुसार नै अर्थकथाले गाथा अर्थ वर्णन गरिराखेकोमा **'यस्मिं दिवसे तयो सुचरितधम्मे परिपूरेन्ति; सो दिवसो'** भनी पाठसेस थपेर अर्थ दिइएको छ। मुख्य अभिप्राय के हो भने सुचरित्र धर्म आचरण गर्नेहरूलाई शुभ-नक्षत्र, शुभ-मंगल, शुभ-समय, शुभ-मुहुर्त सबै नै शुभ मात्र भई अशुभ-नक्षत्र अमंगल समय नै छैन। नक्षत्र मंगल शुभ-मुहुर्तसँग जोड्न तारण राख्नु, स्थानीय क्षेत्रपालहरूलाई पूजा गर्नु, भूत पञ्छ्याउनु आदि मरम्मत (विधिविधान गर्नु) आवश्यक छैन। सद्धर्म आचरण गर्नु मात्र आवश्यक छ भन्ने मतलब हो।

## अर्को थरी

**ब्रह्मचारिसु**=उत्तम आचरणलाई आचरण गर्नेहरूप्रति; **सुनक्खत्तं**=असल नक्षत्र पनि हुने गर्दछ; ...**सुहुट्ठितं**=असल पूजा गर्नु पनि हुने गर्दछ। यसरी पाठसेस नथपी गाथामा भएजस्तो मात्रले पनि अर्थ लाग्छ। यस अर्थमा असल आचरण हुनेलाई शुभ-नक्षत्र, शुभ-मंगल, शुभ-समय मात्र हुन्छन् भन्ने अभिप्राय रहेको हुनाले पाठसेस नथपिए पनि पालि र अट्ठकथा-को भावसँग मिलिरहेको कारणले गर्दा उचित छ।

## क्षण आदि

**'सुखणो सुमुहुत्तो'** मा क्षण, मुहुर्तहरूको समय परिमाण जान्न योग्य छ। दश चुट्की बजाउने जति समयलाई क्षण भनिन्छ। उक्त दश क्षणको लय, दशलय क्षणलय, दशक्षणलय मुहुर्त; दश मुहुर्त क्षणमुहुर्त हो।



Downloaded from http://www.dhamma.digital

**(१६३) पदक्खिणं कायकम्मं; वाचाकम्मं पदक्खिणं ।**
**पदक्खिणं मनोकम्मं; पणीधि ते पदक्खिणे ।**

(१६३) (**तस्मिं दिवसे**=उक्त सुचरित्र आचरण गरिने दिनमा); **कायकम्मं**=उक्त व्यक्तिबाट गरिने कायिक कर्म सबै नै; **पदक्खिणं**=उन्नति वृद्धि कारण पवित्र उत्तम भएका मात्र हुन्छन् । **वचीकम्मं**=वाचिक कर्म सबै नै; **पदक्खिणं**=उन्नति वृद्धि कारण पवित्र उत्तम भएका मात्र हुन्छन्; **मनोकम्मं**=मानसिक कर्म पनि सबै नै; **पदक्खिणं**=उन्नति वृद्धि कारण पवित्र उत्तम भएका मात्र हुन् । **ते**=उक्त सुचरित्र आचरण गर्ने व्यक्तिका तीनवटा कर्महरू त; **पदक्खिणे**=उन्नति वृद्धि हुने कारण भएका कुशल कर्ममा; **पणीधि**=राख्नु भनिन्छ ।

## धर्माचरण गर्ने व्यक्तिमा सबै कर्महरू असल भावार्थ

सुचरित्र आचरण गर्ने दिनमा उक्त व्यक्तिको कायिक कर्म, वाचिक कर्म र मानसिक कर्म सबै नै उन्नति वृद्धिका कारण पवित्र उत्तम भएका मात्र हुन्छन् । उक्त सुचरित्र आचरण गर्ने व्यक्तिका तीनैवटा कर्महरू त उन्नति वृद्धिका कारण कुशल कर्ममा राख्नु भनिन्छ ।

## अर्थ्याउने अर्को तरिका

यस गाथामा पनि होतु-जोडेर आशीष-रूपमा अर्थ दिने चलन रहेको छ । यहाँ **'पदक्खिणं कायकम्मन्ति तं दिवसं तेन कतं कायकम्मं वड्ढिकायकम्मं नाम होति'** भन्ने *तिकङ्गुत्तरट्ठकथा (२४५)* अनुसार अर्थ दिएको छ ।

**'पणीधि ते पदक्खिणे'**-मा पनि **'पदक्खिणे**=उत्तम कर्ममा; **पणीधि**=प्रार्थना गर्नु; **ते**=तिमीलाई; **होतु**=होस्' भनी र; **'ते पणीधि**=ती प्रार्थनाहरू; **पदक्खिणे**=उत्तम प्रार्थनाहरू हुन्' भनी अर्थ दिने गरिन्छ ' सुचरित्र आचरण गर्ने व्यक्तिका कर्महरू सबै नै असल मात्रै हुन् । उक्त



Downloaded from http://www.dhamma.digital

व्यक्तिका कर्महरू कुशल कर्ममा राख्नु भनिन्छ भनी ते-लाई कर्म भनी लिनु भन अभिप्राय सोभ्को पर्ने हुनाले त्यसरी नै अर्थ दिएको छु। अट्ठकथा मा त विशेष वर्णन गरिएको छैन।

**(१६४) पदक्खिणानि कत्वान; लभन्त'त्थे पदक्खिणे।**
**ते अत्थलद्धा सुखिता; विरुल्हा बुद्धसासने।**
**अरोगा सुखिता होथ; सह सब्बेहि ञातिभि।**

(१६४) **पदक्खिणानि**=उन्नति वृद्धिका कारण कुशल कर्महरूलाई; **कत्वान**=गरेर; **पदक्खिणे**=उन्नत र उत्तम भएको; **अत्थे**=फलहरूलाई; **लभन्ति**=लाभ हुने गर्छन्। **ते** (**तुम्हे**)=तिमीहरू; **अत्थलद्धा**=लाभ भएका असल फल युक्त भएकाहरू; **सुखिता**=सुखमा पुगेकाहरू; **बुद्धसासने**=बुद्ध शासनमा; **विरुल्हा**=वृद्धि विरुढि विपुलता भएकाहरू; (**हुत्वा**=भएर); **सब्बेहि**=सबैजना; **ञातिभि**=आफन्त ज्ञातिबन्धुहरू; **सह**=सँग; **अरोगा**=रोग नभएकाहरू; **सुखिता**=सुखमा पुगेकाहरू; **होथ**=होउन्।

## आशीष भावार्थ

उन्नति वृद्धिका कारण उत्तम पवित्र रहेका तीन कर्म गरेर उत्तम फल लाभ हुने हुन्छन्। तिमीहरू असल फल लाभ भएकाहरू; सुख भएकाहरू; बुद्ध शासनमा उन्नति वृद्धि विरुढिहरू भएर आफन्त ज्ञातिहरूसँग निरोगीहरू सुखमा पुगेकाहरू होउन्।

## टिप्पणी

यहाँ **होथ**=रहेको पालि लिपि अनुसार अर्थ दिएको छु। **होथ**=रहेमा ते सँग, **योग**-नमिल्ने भएर **ते, तुम्हे**-भनिआएको हुँ। **'सो एवं समाहिते चित्ते**... **पुब्बे निवासं अनुस्सरामि'** भन्ने *पाराजिक पालि* आदिमा **सो**-सँग **अनुस्सरामि** योग ठिक नभएकोले **'सोति सो अहं'** भनी *पाराजिका कण्ड*



Downloaded from http://www.dhamma.digital

*अट्ठकथा* मा वर्णन गरेको जस्तै हो भनी मान्नु पर्दछ । **ते**-सँग मिल्ने गरी **'अरोगा सुखिता होन्तु'** भनेर पनि सच्याउने गर्दछन् । **होन्तु**-पनि उचित नै हो । कसैकसैले **होथ** लाई वर्तमान हो पनि भन्दछन् । तर पञ्चमी मानेमा अभिप्राय झन सोझो हुन्छ ।

स्मरणीय अभिप्राय सहित
पुब्बण्ह सुत्त नयाँ निश्चय
समाप्त भयो ।

यहाँनिर *परित्राण पालि* ११ वटा सूत्रका
भावार्थ अभिप्राय व्याख्यासहित
नयाँ निश्चय समाप्त भयो ।

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# नयाँ परित्राण निश्चयको निगमन

## ग्रन्थ उत्पत्ति

रूप लावण्य सफा सुघर भई सुन्दरी शुद्ध कन्याकुमारी प्रकृतिले नै स्वच्छ भएकी भए पनि वस्त्रालंकारले सजधज गर्नु अपुरो रहनाले र ठिक ठिक ठाउँमा नपर्नाले धेरै आकर्षक र मनमोहक हुँदैन; वस्त्रालंकारले पनि पूरा भएकी छे, सजधज गरिएको पनि ठीक ठीक ठाउँमा परेकी छे भने दर्शकहरूका मनमा पूर्णतः आकर्षक र मनमोहक हुन्छे। परित्राण धर्म पालि त शब्द, अर्थ ठीक-ठीक ठाउँमा परेर आकर्षक र मनमोहक छ। सजधज गर्नु आवश्यक रहेको हुनाले आकर्षक मान्नु, प्रसन्न मान्नु र स्वाद विशेषरूपले अनुभव गरिरहनु आवश्यक छैन। (सजधजको काम बाँकी नै रहेको हुनाले आकर्षक मान्नु, प्रसन्न मान्नु र स्वाद विशिष्टरूपले अनुभव गर्नुमा कमी रहको थियो।) यो धर्म व्याख्या गरेर साध्य नहुने गरी धेरै धेरै अर्थ, अभिप्राय धारण गरिरहेको पाइने हुनाले उक्त अभिप्रायलाई विस्तृत र व्यापक रूपले जान्नुद्वारा त्रिरत्न आरम्मणमा प्रसन्न प्रफुल्लित अनुभव गर्नु र प्रीतिरस विशिष्ट रूपले अनुभव गर्न पाउनु अवश्यम्भावी रहेको छ। त्यसरी अलंकारले अलंकृत गरिदिने काम जस्तो व्याख्याहरू आवश्यक रहि नै रहेको छ।

त्यसो हुनाले परित्राण धर्मको अर्थरसलाई परिपूर्ण रूपले अनुभव गराउन चाहेको, स्वाद थाहापाई प्रयास र प्रयत्नद्वारा परित्राण धर्मको प्रतिफल आनिशंसलाई विशिष्टरूपले उत्पन्न गराउन चाहेको, असल बनाउन चाहेको चेतना अति तीब्र र विशाल हुनुभएका मण्डले नगरका अग्गमहापण्डित विज्जालंकार सयादो महास्थविर ऊ विसुद्धले मसँग सहयोग माग्नुभयो। आफूसँग ज्ञानशक्ति र वीर्यशक्ति नै भए पनि त्यस्तो किसिमको चेतना भएन भने यो परित्राण व्याख्या प्रादुर्भाव हुनसक्दैनथ्यो। धेरैका अर्थअपेक्षी र कामी रहेको चेतनामा दोहरो चेतना प्रदान गर्नुभएका उहाँ सयादोको प्रेरणा र प्रार्थनालाई गौरव राखी लेख्दै आएको अनुसार आजको युगमा अति नै प्राप्त



Downloaded from http://www.dhamma.digital

गर्न गाऱ्हो यो *नयाँ परित्राण निश्चय* सम्पन्न हुनगयो। यो ग्रन्थको निगमन (परिसमाप्ति अन्तिम) मा नै परित्राणको प्रभाव, शक्ति, सामर्थ्यसँग सम्बन्ध राखेर यो धारणा प्रस्तुत गर्ने अवसर फेरि प्राप्त भएको छ।

## परित्राणको प्रभाव

भाग्य, कर्म, ज्ञान, ऋद्धि अति विशाल हुनुभएका तथागत सम्यक्सम्बुद्ध अति विशाल भएको तेज प्रभावयुक्त हुनुभएका अति विशष्ट महापुरुष हुनुहुन्छ। सांसारिक धेरै जन्मदेखि नछुटिकन सँग-सँगै पछ्याउँदै टाँसिएर आइरहेको सम्पूर्ण क्लेशलाई बिल्कुल हटाई उखेली बिल्कुल भाँच्नसकेको धर्मको प्रभाव पनि अतिव ठूलो रहेको छ। यतिसम्म प्रभावशाली धर्मको आधार संघहरूको प्रभावशक्ति पनि अवर्णनीय छ। अतिव असल जमीनमा रोपिने बिउ अतिव शक्तिशाली र वृद्धि हुनको लागि प्रभावकारी भइरहे जस्तै अतिप्रभावशाली रहेको त्रिरत्न भनिने विशिष्ट क्षेत्रमा प्रसन्न र सम्मान मानी एक किसिमका आधार भरोसा बनाइएको पूजा चेतना पुञ्ज प्रभावकारी नै रहिआएको छ। मैत्रीधातु, सत्यधातुको शक्ति सामर्थ्यलाई पनि योग्यता अनुरूपले वर्णन गरिसकेको छु। उक्त मैत्री, सत्य पुञ्जमा पनि विशिष्ट प्रभाव अवश्य रहेको छ। तसर्थ त्रिरत्नको गुण, मैत्री, सत्यको गुणद्वारा सिद्ध रहेको परित्राण धर्म अन्तरायबाट रक्षा गर्नु आदि विशिष्ट प्रतिफल सिद्ध गर्नसक्ने हुन्छ।

त्रिरत्नप्रति प्रसन्न र सम्मान अनुभव गरी मैत्री, सत्य सामर्थ्य शक्तिलाई आधार र विश्वास राखी परित्राण धर्मलाई दृढ रूपले पाठ गर्नुका कारणले सामना गर्नुपर्ने भयानक भय अन्तरायहरूबाट अद्‌भूत रूपले मुक्त हुनपाएकाहरू कम्ति छैनन्। अन्तराय निवारण गर्ने मात्र होइन कि श्रीशोभा, मंगल, अर्थहित र सुखवृद्धि हुनु पनि भेटिन्छन्। यी त चेतना, मैत्री, सत्य, आदि नामधातुहरूको शक्ति सामर्थ्य नै हुन्। सर्वज्ञता ज्ञानादि विभिन्न ज्ञानहरू; ऋद्धि अभिज्ञाहरूका अतिव आश्चर्य अद्‌भूत रहेको तथ्यलाई विचार



Downloaded from http://www.dhamma.digital

गरिएमा नामधातुहरूको विशाल र विशिष्ट रहेको शक्ति सामर्थ्यलाई जान्न सकिन्छ। त्यसो हुनाले भावना कार्य आदि सम्बन्धित नामधातुमा विशिष्ट प्रभाव शक्ति रहेको भाव स्पष्ट छ।

## ऋद्धिपादको सामर्थ्य

'आनन्द, चारवटा ऋद्धिपाद भाविता र अभिवृद्धि गरिसकेका व्यक्तिले उसले इच्छा गरेमा पूर्ण आयुकल्पसम्म होस्, आयुकल्प नाघेर होस्, स्थीर भइरहन सक्छ। म तथागतले त चारवटा ऋद्धिपादलाई अनवरत रूपले बारम्बार उद्योग गरी भाविता र वृद्धि गरिसकेको हुनाले इच्छा मात्र गरे भने पूरै आयुकल्प, अथवा आयुकल्प नाघेर पनि स्थीर भई बस्न सक्छु।' यो तथ्य बताउनुभएको *महापरिनिर्वाण सूत्र (दी. २-९६-९)* मा उल्लेख छ। यस बुद्धवचन अनुसार नामधातुहरूको विशिष्ट शक्ति सामर्थ्य रहने जानकारी पाइन्छ। ऋद्धिमा पुगेर सिद्धि प्राप्त हुनुको कारणले सबभन्दा असल रूपले राम्ररी अभ्यास गरिसकिएका विशिष्ट नामधातुहरूले मरणान्तक रोग अन्तरायहरूलाई समेत निवारण गरी रक्षा गरिराख्न सक्ने तथ्य यस देशनाले देखाइरहेको छ। स्वयं तथागत बुद्धले त्यसरी रक्षा गरेर छोड्नुभएको प्रकट रूपले देखिन्छ।

Dhamma.Digital

तथागत वेलुव ग्राममा वर्षावास बस्नुभएको अवस्थामा परिनिर्वाण नै हुने जस्तो गरी उहाँलाई तीब्र रोग लाग्यो। त्यसबेला यसरी प्रत्यवेक्षण र निरीक्षण गर्नुभयो। 'म तथागत भिक्षुसंघहरूलाई सूचना नदिई, सेवक सेविका, उपासक उपासिकाहरूलाई केही पनि नभनी परिनिर्वाण हुनु उचित छैन। मैले वीर्यद्वारा उक्त रोगलाई हटाई भगाएर पठाई प्राणलाई मरम्मत गर्ने समापत्ति अधिष्ठान गरिबस्नु उचित हुनेछ; यसरी विचार उत्पन्न भएअनुसार फल समापत्तिद्वारा बस्नुभएको अवस्थामा रोग बिल्कुल बिसेक भई हराई गयो। *(दी. २-८४)*

यस तथ्यसँग सम्बन्ध जोडी आयुष्मान आनन्दलाई आज्ञा गर्नुभएको



Downloaded from http://www.dhamma.digital

बिषय पनि छ। 'आनन्द, पुरानो भइसकेको गाडा टाल्नु, बाँध्नु, जोडजाड गर्नु, मरम्मत गर्नुले ढिक्का भएर स्थीर रहे जस्तै म तथागतको शरीर पनि टाल्नु, जोडजाड गरी मरम्मत गर्नुद्वारा ढिक्का पारी यापन गर्नु परिरहेको छ। जुन अवस्थामा म तथागतले रूप निमित्त आदि निमित्तहरूलाई मनन नगर्नाको कारणले, कुनै कुनै वेदनाहरू निरोध र शान्त हुने कारणले **अनिमित्त चेतो समाधि** (=फल समापत्ति) लाई परिपूर्ण गरेर बस्दछु; त्यस अवस्थामा म तथागतको शरीर साह्रै साह्रै नै आनन्द हुन्छ, हलुका हुन्छ। त्यसैले तिमीहरूले पनि आफूलाई आफैले भरोसा बनाउने गर। स्मृतिप्रस्थान चारवटा वृद्धि गरीबस' भनी आज्ञा हुनुभयो। *(दी. २-८५)* प्राणलाई मरम्मत गर्ने फलसमापत्तिलाई आयुसंस्कार भनिन्छ। उक्त आयुसंस्कारद्वारा मरणान्तक रोग उत्पन्न नभई दश महिनासम्म स्थीर भइबस्न सक्नुभयो। हिजोआज कर्मस्थान उद्योग र अभ्यास गरिरहने कतिपय व्यक्तिहरूमा दीर्घकालदेखि टाँसिएर आएको अनेक थरीका उपचारबाट पनि निको नभएका रोगहरू भावनाका सामर्थ्यका कारणले टिपेर फाल्नुजस्तै पूर्णरूपले निको भई शान्त भएको पाइन्छ। यो त विशिष्ट नामधातुहरूको आनुभाव प्रभाव शक्ति नै हो।

## सम्पूर्ण कार्य सिद्ध गर्ने धर्महरू

ऋद्धिपादमा रहेको छन्द, चित्त, वीर्य र वीमंसहरू भावनामा संयुक्त नभए पनि ती धर्महरू तीब्र र प्रबल जति-जति हुन्छ, त्यति-त्यति नै विभिन्न प्रतिफल सिद्ध गरिदिन्छ। उपमा कस्तो हो भने- यदि कुनै रोग लागेमा त्यसलाई निको पार्ने इच्छा छन्द पनि प्रबल हुनु; निको पार्नमा चित्त पनि प्रबल भइरहनु; निको पार्नको लागि उत्साहित भई उद्योग गरिनु; उचित अनुचित जोखेर विचार गर्नसक्ने विमंशन ज्ञान पनि अत्यधिक भइरहनु हुन्। त्यसरी हुने अवस्थामा रोग छिटै नै निको हुने गर्दछ। छन्द आदि सिथिल र कमजोर भइरह्यो भने रोग नै बढ्नसक्छ। शैक्षिक, आर्थिक आदि सबै नै कामकाजमा यी चारवटा धर्म महत्वपूर्ण छन्। यस परित्राणको क्षेत्रमा नै



Downloaded from http://www.dhamma.digital

१) त्रिरत्नप्रति श्रद्धा, प्रसन्नता र विश्वास राखी भरोसा लिनु, २) परित्राण प्रतिफल आनिशंसलाई विश्वास र आस्था राख्नुद्वारा परित्राण धर्ममा अतिव आकांक्षा हुनु; ३) आकांक्षा भएजस्तै परित्राण पाठ वा स्वाध्याय गर्नको निम्ति चित्त उत्साहित भइरहनु, व्रत नबिग्रने गरी दृढ र नित्यरूपले उद्योग गर्नु, ४) अर्थ अभिप्राय जान्नु, देख्नु; प्रतिफललाई देख्नजान्ने ज्ञान हुनु; यी चारैवटाले सम्पन्न व्यक्तिको परित्राण कसरी पो अर्थ सिद्ध नभई रहनसक्ला र ? परित्राणको प्रतिफल विशेषरूपले अनुभव गर्नपाएका व्यक्तिहरू यी चारवटा धर्म सम्पन्न भएका व्यक्तिहरू मात्र हुन् ।

## नामधर्मको प्रभाव पर्नु

साधारण नामधर्ममा नै विशिष्ट शक्ति रहेको देख्न सकिन्छ । *'चित्तेन नीयते लोको' (सं. १-३६)* चित्तले सम्पूर्ण लोकलाई आवश्यकता अनुसार सँगै लाने गर्दछ; चित्तविज्ञान बिल्कुल निरोध र शान्त भइसकेको मृतकको लाशलाई हेर्‍यौं भने विज्ञान महत्वपूर्ण रहेको तथ्य जान्न सकिन्छ । चित्त विज्ञानले डोरीको छेउ समाती प्रेरित गर्नु रोक्नु आदि गरिए अनुसार यस स्कन्ध शरीरका विभिन्न ब्यापार (प्रयास उद्योग) द्वारा ठिक-ठिक पर्नेगरी गतिसञ्चालन भइरहेको आश्चर्यजनक छ । जति जति चित्तधातु कस्सियो, त्यस कस्सिएको अनुपातमा र चित्तधातु खुकुलो भयो कि खुकुलो भएको अनुपातमा रूपस्कन्ध शरीरको उत्पत्ति तरिका स्पष्ट भइरहेको हुनाले चित्तको विशिष्टतालाई समर्थन गरी बस्नुपर्दछ । यस रूपस्कन्धमा शरीरलाई उत्तेजित र उत्साहित हुनेगरी, शिथिल र हतोत्साह हुने गरी, स्वस्थ हुनेगरी, रोगी हुनेगरी निर्माण गर्ने साथसाथै उक्त चित्तधातुले बाह्यस्थितिलाई पनि प्रभावित गर्ने गरेको देख्न सकिन्छ ।

विश्व नियाम (धुव सत्य) जस्तै रहेको परम्परा एउटा यो छ कि जति जति मानिसहरूको चित्तवृत्ति राम्रो हुने अवस्था हुन्छ; ती फरक फरक अवस्थामा मौसम, ऋतु, पानी र हावा शुद्ध र सही भई फलफूलहरू वृद्धि



Downloaded from http://www.dhamma.digital

हुन्छन् । ओजस् धातुले भरिपूर्ण हुन्छन् । धर्म बिग्रेर, धर्म नरहने बेलामा विश्व पृथ्वी रमाइलो हुन्न; ऋतु मौसम विपरीत हुनगई फलफूल कन्दमूल वृद्धि हुन्न; रसधातु ओजस् सुक्दछन् । मैत्रीले सफासुकिलो भएका व्यक्तिलाई देख्यो भने देख्नेको मन सीतल र हलुका हुन्छ । ममता र स्नेह प्रकट हुन्छ । द्वेष (रीस) उत्पत्ति गरिबस्नेलाई देख्यो भने देख्नासाथ घृणा हुन्छ; घृणा नै नभए पनि मन हलुका हुन्न । यो पनि प्रभावित हुनु नै हो ।

मानिसहरूलाई मात्र होइन कि तिरश्चीन पशुहरूलाई पनि प्रभाव पर्दछ, ती पनि प्रभावित हुन्छन् । मैत्री वृद्धि गर्नेहरूलाई रौद्र र हरामी तिरश्चीनहरूले समेत भयअन्तराय गर्दैनन् । महास्थविर सयादो ऊ सीललाई बाघ आदि सत्वप्राणीहरूले समेत भय अन्तराय नगरेको मैत्रीको आनुभाव परेर नै हो; अरु-अरु शील, भावना आदि विशिष्ट आचरण प्रतिपत्तिको प्रभाव पनि परेको हुनसक्छ । पहिले पहिलेका ऋषिमुनि सत्पुरुषहरू बाघ, हात्ती आदि सत्वहरूका माझमा बस्नुपरे पनि अन्तरायबाट मुक्त भइरहेको यस मैत्रीको प्रभाव परिरहेकोले नै हो ।

बुद्ध, धर्म र संघ त्रिरत्नको गुणप्रति श्रद्धाप्रसन्न मानी भाविता वृद्धि गरी, ओढेर, फिजाएर बस्ने व्यक्तिमा प्रभाव रहेको हुन्छ । उक्त प्रभावले पनि प्रभाव पर्नसक्छ । जंगली तिरश्चीन पशुहरूलाई पनि प्रभाव परिरहने हुनाले उक्त प्रभावका कारणले आगोको डल्लोको नजिक जाने आँट नगरिने जस्तै भव्यता रक्षा गरी एकातिर सरेर बस्नुपर्दछ । यस भावना पुञ्ज धर्मकार्यहरू सविज्ञानक (चैतन्य) हरू प्रति मात्र होइन कि अविज्ञानकहरू प्रति समेत प्रभाव पर्नु स्वभाव रहेको कारणले गर्दा विष, शस्त्रअस्त्र आदि सिद्ध भइरहने हुन्छ । यसरी परित्राण धर्ममा रहेको चेतना, मैत्री र सत्य प्रभावपूर्ण रहने हुनाले अध्यात्म र बाह्य दुवै स्थितिमा प्रभाव परिरहने हुनाले अध्यात्म (आफ्नो शरीरमा) रोग निको भई हराई जानु आदि प्रतिफल, बाह्यमा (अर्काका शरीरमा) शत्रुहरूले आक्रमण गर्न आउने ब्यहोर्न नपर्नु, आदि प्रतिफलहरू सिद्ध हुनसक्छन् ।



Downloaded from http://www.dhamma.digital

## धर्मको शक्ति सामर्थ्य

बुद्धोपदेश सबै नै विकास, शान्ति, सुख दिने धर्महरू मात्र हुनाले उक्त धर्मलाई पाठ गरिने बेलामा होस्, सुन्न पाइने बेलामा होस् **'लभति अत्थवेदं; लभति धम्मवेदं; लभति धम्मूपसंहितं पामोज्जं'** *(म. १-४६; म. २-२४२; अं. २५२; अं. ३-५३१)* भन्ने पालि अनुसार अर्थ निर्णय भएर, धर्म जानेर, धर्मको कारणले उत्पन्न हुने हर्ष, सन्तोष, प्रसन्नता प्राप्त हुने गर्दछ । त्यस प्रीतिले प्रभाव परेर रोग आदि निको भई हराएर जान्छन् । साह्रै -साह्रै अस्वस्थ हुनुभएका आयुष्मान महाकाश्यप, आयुष्मान महामौद्गल्यानहरू बोध्यंग धर्म सातवटा सुन्न पाउनासाथ तुरन्त निकालेर फालिनु जस्तै रोग निको हुन पुगी हराई गएको अवस्था पाउनु यस्ता प्रीतिको सामर्थ्यको कारणले नै हो ।

(बोध्यंग सूत्र वर्णना पृष्ठांक ५६८ हेर्नू)

एकचोटी आयुष्मान गिरिमानन्द साह्रै साह्रै बिरामी भइरहेको अवस्थामा आयुष्मान आनन्दले उक्त आयुष्मानकहाँ जानुको निम्ति तथागतलाई निवेदन र प्रार्थना गरे । त्यसबेला 'आनन्द, भिक्षु गिरिमानन्दलाई दशवटा संज्ञा धर्मको उपदेश दिइयो भने, दशवटा संज्ञा धर्मको उपदेश सुन्न पाइनाले रोग तुरन्त निको भई हराई जाने कारण छ' भनी आज्ञा गर्नुभई अनित्यसंज्ञा आदि दशवटा संज्ञाधर्म विस्तृतरूपले बताई सम्झाउनुभयो । आयुष्मान आनन्दले तथागतसँग सिकेर याद गरेर आइएको उक्त दशवटा संज्ञाधर्म उपदेश आयुष्मान गिरिमानन्दलाई बताउनुहुँदा उक्त उपदेश सुन्न पाएकोले उक्त आयुष्मानको रोग फेरि दोहरो उत्पन्न नहुने गरी बिल्कुल निको भई हराइगएको थियो । *(अं. ३-३४२)*

एक समयमा नकुलपिता गृहपति तीब्र रोगी भइरहेको बेलामा श्रीमती नकुलमाताले आफ्नो निम्ति लौकिक र धार्मिक क्षेत्रसँग सम्बन्ध राखी चिन्ता गर्नु र सुर्ता लिनु नपर्ने तथ्य; आशक्त रहनाले माया लाग्नुबाट विरत नभई मरण हुनु दुःखको निम्ति मात्र हुने तथ्य, त्यस्तो मरणलाई



Downloaded from http://www.dhamma.digital

तथागतले निन्दा गर्नुहुने तथ्य विस्तृतरूपले होश दिएर अनुशासन गरिन् । उक्त अनुशासन सुनिरहेका गृहपतिको रोग जरा समेत उखेलिएर तुरन्त निको भई हराइगयो । *(अं.इ-२६१)* त्यसको अर्थकथामा त सत्यक्रिया बोल्नुको कारणले निको भएको संचो भएको तथ्य आज्ञा गरिएको छ । इत्यादि किसिमले प्रीतिधातुले प्रभाव पारेर रोग बिसेक हुनगएको कारण धर्मका शक्तिहरू नै हुन् ।

## धर्मका प्रतिफलहरू

बुद्ध-धर्मले रोगादिलाई बिसेक पार्ने, निको पार्ने मात्र होइन कि श्रीशोभा, शुभमंगल, मानपदवी, सुखऐश्वर्य, लाभसत्कार र उन्नतिवृद्धि हुनुको कारण पनि रहेको छ । बुद्धप्रति श्रद्धा प्रसन्न हुने व्यक्ति धर्मलाई गौरव राख्ने व्यक्तिहरू प्रायशः शारिरिक, वाचसिक र मानसिक मनोवृत्ति विशिष्ट भएकाहरू, राम्रा भएकाहरू हुने हुँदा त्यो राम्रो हुनुमा धर्मप्रति उत्पन्न हुने श्रद्धा चेतनाका प्रभावहरू संयुक्त गरिदिने अवस्थामा विभिन्न प्रकारका श्रीशोभा विशिष्ट प्रतिफलहरूलाई आकर्षित गर्नसक्ने धातुको रूपमा विकास हुने हुन्छ ।

एकजना महास्थविर सयादोका सर्वज्ञता ज्ञानमा सन्तोष मानेर श्रद्धा प्रबल भई *पट्ठान पच्चय निद्देस पालि* लाई गौरव र सम्मान पूर्वक नित्यव्रतको रूपमा पाठ र स्वाध्याय गर्ने बानि रहेछ । त्यसरी पाठ गर्ने वा स्वाध्याय गर्ने गरेदेखि श्रद्धा राख्ने उपासक उपासिकाहरू वृद्धि हुन थालेको, चतुप्रत्यय प्रशस्त बढ्नथालेको, अन्तराय निवारण भई मानसिक सुख शान्ति भई सीतल हुनथालेको आदि प्रतिफलहरू भोग गर्न पाएर धर्मको शक्ति सामर्थ्य नै रहेछ भनी सन्तोष मानी श्रद्धा प्रसन्न भई जीवनभर नित्यव्रत नबिगारी स्वाध्याय गरी बिताए ।

धर्मचक्र त प्रथम उपदेश पनि भयो । पिटकको सार भन्नुपर्ने गरी पनि महत्वपूर्ण रहेको छ । त्यसो हुनाले उक्त धर्मप्रति श्रद्धा प्रसन्न हुनुद्वारा



Downloaded from http://www.dhamma.digital

पाठ गर्नेहरू कतिलाई सम्पत्ति लाभसत्कार वृद्धि भइआउनु, अन्तराय निवारण हुनु आदि प्रत्यक्ष प्रतिफलहरू लाभ हुने हुँदा धर्मचक्र पाठ नगरी बस्न नसक्ने गरी नित्यकर्मको रूपमा प्रतिदिन दरिलोसँग पाठ गरी श्रद्धापूर्वक वृद्धि गर्नेहरू रहेका छन् ।

कतिपयले महासमय सूत्र बुद्धभाषित होइन, धर्मस्वभाव छैन, देवताहरूका नाम मात्र रहेकोले प्रतिफल छैन भनी भन्दछन् । उनीहरूका निम्ति महासमय सूत्रबाट केही पनि विशेष लाभ हुनेछैन । महासमय सूत्रप्रति आस्था र श्रद्धा राख्ने व्यक्तिहरूका निम्ति भर्खर मात्र अर्हन्त भई क्लेशबाट परिशुद्धहरू अति नै शोभायमानहरू अरहन्तहरूबाट घेरिएर बस्नुभएका तथागतकहाँ अनगिन्ती देवब्रह्माहरू समागम हुनआई सेवा गरिरहेको, उक्त समागममा भगवान् बुद्धले उपदेश दिनुभएको स्थितिलाई आरम्मण गरी दिलचस्पी वृद्धि गरी आस्था र श्रद्धा राखी महासमयलाई पाठ गरी सन्तोष लिंदै कहिल्यै नअघाउने भइरहन्छन् । रोग हटेर जानु, दीर्घायु हुनु देवताहरूले चाहना गरी मानपदवी, धनसम्पत्ति, श्रीशोभा र आनुभावप्रभाव वृद्धि हुनु सम्भव छ भनी विश्वास गरिरहेका छन् । विश्वास गरिरहे जस्तै नै योग्यतानुरूप प्रतिफल भोग पनि गरिरहन्छन् । यसरी परित्राण धर्मको अन्तराय निवारण गर्ने स्वभाव, विभिन्न प्रकारका असल असल प्रतिफल शुभ मंगल गर्ने स्वभावलाई गौरव र आस्था राखी आधार भरोसा लिन योग्य छ ।

## श्रद्धारूपी हात आवश्यक

**तेजो अत्थि परित्तस्स; असद्धान'मगोचरं ।**
**नालं हत्थविहीना हि; रतनानि गहेतवे ।**

**परित्तस्स**=सम्पूर्ण सत्पुरुषहरूको मनोभावना समूह भई बारम्बार आसेवन गरी आरम्मण बलियो पारी सेवन गर्नको निम्ति साँच्चैको अनुकूल रहेको उत्तम धर्म परित्राणको; **तेजो**=विभिन्न अन्तराय र भयभैरव भाँचेर श्रीशोभाले युक्त गरी उन्नति गराउनको लागि पृष्ठभूमि, बीज, आनुभाव,



Downloaded from http://www.dhamma.digital

प्रभाव, तेजप्रकाश; **अत्थि**=चेतना र श्रद्धा हुने श्रमण गृहस्थीहरूका समूहमा धारण दृष्टि गल्ती नहुने गरी प्रकट भइरहेको छ। (**तं**=सत्पुरुषहरूका प्रयोगको निम्ति पूरै अनुकूल भएको र उचित रहेको उक्त उत्तम धर्म परित्राण); **असद्धानं**=कुशल उत्पत्ति हुनु, झन्-झन् टाढा पार्नुलाई कल्पना क्षेत्र व्यापक गर्नेहरू खराब स्थितिका तर्क श्रृष्टि गरी गलत विचार गरी श्रद्धा विहीनहरूको लागि; **अगोचरं**=श्रेष्ठोत्तम भएका विभिन्न गुणहरू जति भरिए पनि आरम्मण विक्षिप्त रहेकोले दृष्टि गलत हुनेहरू हिंड्ने गोचर होइन। **हि**=आफ्नो कमजोरी मात्र रहेका आरम्मण उत्पन्न गरी स्वरूपमा थरिथरि किसिमले युक्ति प्रमाण अगाडि सारी देखाइए भने, **हत्थविहीना**=दुवै हातहरू बिल्कुल अभाव रहनाले उपयोग गर्न सक्दैनन्, समात्न सजिलो नहुने गरी हात भाँचिएकाहरूले; **रतनानि**=गुणांगले भरिपूर्ण भई झलमल चम्केको, साँच्चै असल, अमूल्य रत्नहरूलाई; **गहेतवे**=आफूलाई साँच्चै पाइने सामर्थ्य सिद्ध हुनसक्ने गरी सोहरेर ग्रहण गर्नको निम्ति; **नालं न अलं**=हातका काममा हात नहुनाले गर्दा इच्छित सिद्धि पाउन सक्दैन।

### उपयोग गरेमा मात्र साँच्चै असल ज्ञान

**परित्तम्हिनुयुत्ता ये; विन्दन्तेव रसं फलं।**
**किं आहारं अभुत्तस्स; विपाकं च रसं विदू।**

**ये**=श्रद्धा र प्रज्ञा दुइटा संयुक्त भई दृष्टि सफा भई शुद्ध हुनेहरू, दृष्टि नबदलिने जो सत्पुरुषहरूले; **परित्तम्हि**=मैत्री, सत्य, त्रिरत्न संयुक्त उत्तम गुण भनी आरम्मण निमित्त पवित्र छाप भएको उत्तम धर्म परित्राणमा; **अनुयुत्ता**=अभिप्राय पूरैलाई समेटिने गरी अर्थ जानेर पालि कण्ठ गर्नमा महत्व दिई हर्ष प्रसन्न भई खुशीसाथ उद्योग र अभ्यास गरिरहेका छन्; **ते**=पवित्र परित्राणमा मनोवृत्ति बिसाएर अतिव उद्योगी धर्मेच्छुकहरू धारणा गलत नभएका ती सत्पुरुषहरूले; **रसं च**=अभिप्राय देखेर अर्थ बुझेर प्रमुदित चित्तले त्रिरत्न समूह उत्तम गुणमा आरम्मण ग्रहण गरी देखिन आउने श्रद्धा, प्रीति, समाधि र प्रश्रब्धि सुखादि धेरै स्वा



Downloaded from http://www.dhamma.digital

दहरूलाई र; **फलं च**=भय भैरव, अन्तराय टाढा हटेर गई स्वच्छ र सीतल हातभरी श्रीशोभाले भरिपूर्ण भई वैभवसम्पत्ति वृद्धि भई ती शक्तिहरू प्रभाव प्रतिफललाई; **विन्दन्तेव**=उत्तम धर्मको प्रभाव जोडदार हुनाले लाभ र अनुभव गर्न पाउन [illegible] अमिलो, पीरो, तीतो, टर्रो, नुनिलो यी छवटा रसमा [illegible] कुनै एकथरी आहार वा पेयलाई; [illegible], कमजोर [illegible] नचाहिँदा तकनी गरी खानपीन नगर्ने व्यक्तिहरूले; **अस्स**=खानपीन गर्न नभ्याएको उक्त आहारको **विपाकं** [illegible] शीतल हुनु, [illegible] हुनु, बलशक्ति हुनु नहुनु, विभिन्न प्रभाव आनुभाव प्रतिफललाई र; **रसं च**=गुलियो, अमिलो, पीरो, तीतो, टर्रो, नुनिलो [illegible] उत्पन्न हुने [illegible] नराखिकन अलग्ग बसेर दृष्टान्त अनुभव गर्न नपाएकाहरूले कहाँबाट पो जान्न सक्लान् र ?

## प्रज्ञाविद्हरूमा [illegible]

**इमिना अत्थमिच्छाम; साधूनं नो अनत्थकं ।**
**अभिक [illegible] अनत्थविसोधनं ।**

[illegible] अभिप्राय स्मरण योग्य भएकोले सजधज गरी, श्रृंगार गरी, जोरजाम गरिराखिएको उपयोग गर्न सहाउने [illegible] यो निश्चयद्वारा; [illegible], प्रज्ञा पनि भएकाहरू, स्मृति बलियो हुनेहरू, पवित्र पुद्गलसमूह सत्पुरुषहरूको; **अत्थं**=शब्द र **शोभित अभिप्राय** बाँकी नछुट्ने गरी सहि अर्थले [illegible] अभिवृद्धि गर्नको निम्ति प्रतिफल अर्थ धर्मलाई नै; **इच्छाम**=स्वार्थ छैन, बहुजनको लागि नै अति तीव्ररूपले कामना र प्रार्थना गर्दछु । **अनत्थकं**=अभिप्राय भंग भई अर्थ गलत भई ज्ञान भाँचिएर अनर्थक पार्न त; **नो इच्छाम**=साँच्चै अर्थ उत्पत्ति गराउने मैत्री मनोवृत्ति राख्नु धर्म अनुरूप कामना र प्रार्थना गर्दिनँ । (**तस्मा**=त्यसरी



Downloaded from http://www.dhamma.digital

लाभ मात्र गरी निर्दोष गर्ने स्थितिमा तीब्र गौरवले महत्व दिएर ·
प्रार्थना गरिरहेको हुनाले); **अत्र**=बहुजनको हित र अर्थ धर्म वृद्धिको
उद्योग र प्रयत्न पूर्वक लेखेर वर्णन [redacted]
निश्रयमा; **सन्तानं=करुणा** र मैत्री धर्म दिनहुँ वृद्धि गरी उच्च मनो[redacted]
हुनेहरू आजानेय्य सत्पुरुष [redacted]अभिप्राय [redacted]
भई अर्थ गल्ती भएर धर्म खण्डित भएर निरर्थक हुनुलाई सीधा सीधा पारी
अनुकूल हुने गरी धारण [redacted]
**अभिक्काम**=श्रमण गृहस्थ समूहलाई उपकार गर्ने मात्र एक पक्षमा बसिरहेको
हुनाले चेतना अनुसार कामना र [redacted]

[redacted]

नयाँ परित्राण निश्चय

(परित्राणको [redacted] तथा व्याख्या समेत)

भाग २

**समाप्त ।** [redacted]

**सिद्धिरस्तु !**

**सिद्धि** [redacted]



Downloaded from http://www.dhamma.digital



स्व. तुल्शीभक्त (तुल्सीबहादुर) लाखेमरू

जात : १९८१ माघ ८ ...

कामना



स्व. विष्णुकुमारी ला...

जात : १९८३ असोज ...

Downloaded from http://www.dhamma.digital

# निर्वाण कामना



स्व. कृष्णबहादुर बासी

जात : १९७४ भाद्र १२ गते

[illegible] चैत्र ८ गते



स्व. नानीबेती बासी (बोहजू)

जात : १९७६

मृत : २०४१ जेठ [illegible]

Downloaded from http://www.dhamma.digital